# गोपाल शाक्यका सङ्कलित रचनाहरू

सङ्कलन/सम्पादन

गोविन्दप्रसाद दुलाल

प्रकाशक

तुल्सीलाल स्मृति प्रतिष्ठन

# गोपाल शाक्यका सङ्कलित रचनाहरू


| | |
|---|---|
| कृति | : गोपाल शाक्यका सङ्कलित रचनाहरू |
| प्रकाशक | : तुल्सीलाल स्मृति प्रतिष्ठान |
| सङ्कलन/सम्पादन | : गोविन्दप्रसाद दुलाल, ९८५१००९०४८ |
| संस्करण | : वि.सं. २०८३, प्रथम |
| कम्प्युटर सेटिङ | : प्रमिला पोखेल, ९८४१७५६३४४ |
| प्रकाशित संख्या | : १००० प्रति |
| मूल्य | : ५००/- |
| मुद्रण | : सनातन प्रेस, बानेश्वर, काठमाडौं, ९८५११५६३४४, presssanatan@gmail .com |

# सम्पादकीय

संसारमा अहिले आगोमा खाना पकाएर सबैले खानछन तर आगोको आविस्कार ऐतिहासिक मात्र हैन, युगान्तकारी थियो । अहिले राजनीतिक झण्डा जसले पनि बोक्छन तर निर्दलीय पञ्चायती व्यवस्थाले राजनीतिक पार्टीमाथि प्रतिबन्ध लगाइएको अवस्थामा क्रानितकारी राजनीतिको थालनी कठोर ऐतिहासिक प्रसव पीडा थियो । नेपालमा  प्रजातन्त्रको पुनः स्थापनाका लागि राजनीतिक परिवर्तन को थालनी गर्ने अघिल्लो पुस्ताका अग्रणी नेताहरूमध्ये गोपाल शाक्य एक हुन् । गोपाल शाक्यका विभिन्न लेख रचनाहरूको संगालोको रूपमा यो पुस्तक प्रकाशनमा आएको छ ।

प्रकाशित यस पुस्तकले नेपाली राजनीतिक आन्दोलन, पार्टीभित्रका मतभेद, नेतृत्वको विकास र विचारधारात्मक बहसलाई केन्द्रमा राखेको छ। यसमा समावेश भएका विभिन्न खण्डहरूले त्यस समयको कालखण्डका संघर्ष, भूमिगत आन्दोलनका अनुभव, तथा पार्टीकार्य सम्बन्धी स्मरणहरू समेटिएका छन् । साथै, विभिन्न व्यक्तित्वहरूको योगदान, तिनीसँग जोडिएका संस्मरण र राष्ट्रिय-अन्तर्राष्ट्रिय सन्दर्भमा नेपाली समाजका समस्या तथा समाधानका सुझावहरू प्रस्तुत गरिएका छन् । समग्रमा, यस पुस्तकभित्र गोपाल शाक्यका राजनीतिक यात्रा, अनुभव र विचारको समग्र चित्र प्रस्तुत गरेको छ । पुस्तकलाई पुरै पढिसक्दा के लाग्छ भने गोपाल शाक्यले कम्युनिस्ट पार्टीभित्र कम्युनिस्ट आन्दोलनलाई अगाडि बढाउन राखेका विचारहरू पछि साबित हुँदै गएका र पार्टीले त्यसलाई अंगीकार गर्दै लगेको पनि देखिन्छ । पुस्तकभित्र गोपाल शाक्यको जीवनसँग सम्बन्धित विषयहरूमात्र सीमित छैन उनको बारेमा सामग्री तयार गर्दा तत्कालीन समयका कम्युनिस्ट आन्दोलन को घटनाक्रम भित्र उठेका तत्कालीन विषयहरू समेटिएका छन् ।

पुस्तक सम्पादन गर्दा गोपाल शाक्यका जीवन अत्यन्त सङ्घर्षमय रुपमा बितेको रहेछ भन्ने लाग्छ । गोपाल शाक्यको जीवन निरङ्कुश शासनविरुद्धको संघर्ष, कम्युनिष्ट आन्दोलनमा सक्रिय सहभागिता, जेल जीवन, र नेपालको लोकतान्त्रिक एवं कम्युनिस्ट आन्दोलन मार्फत परिवर्तनमा महत्त्वपूर्ण भूमिकाले भरिएको छ । गोपाल शाक्यको जीवनलाई फर्केर हेर्दा उनको जन्म काठमाडौंको झोछे टोलका मध्यमवर्गीय व्यापारी परिवारमा वि.सं. २०११ भदौ १२ (सन् १९५४

अगस्ट २८) मा भएको हो । परिवारको मुख्य पेशा सुन–चाँदी, हिरा, रत्न र क्यूरोको सामनहरूको व्यापारसँग सम्बन्धित भएकाले त्यसबेला वि.सं. २०३५ सालतिर विदेशी पर्यटकहरू आगमन झोछेतिर धेरै हुने गरेकाले बाल्यकालदेखि नै अंग्रेजी भाषा र बाह्य संसारसँग परिचय पाए । किशोरावस्थामा अध्ययन गर्दै गर्दा लेखकमा साहित्यिक तथा प्रगतिशील विचारधाराको विकास भयो । विशेष गरी नेपाली साहित्यकारहरू र क्रान्तिकारी विचारले उनलाई गहिरो प्रभाव पारे । त्यसपछि उनले कविता, लेख आदि लेख्न थाले र राजनीतिक चेतनामा वृद्धि हुँदै गयो। वि.सं. २०२८ सालतिर उनले सक्रिय रूपमा कम्युनिष्ट आन्दोलनमा प्रवेश गरे । विभिन्न अध्ययन समूह, संगठन निर्माण र वैचारिक गतिविधिमा संलग्न हुँदै उनले भूमिगत रूपमा राजनीतिक संघर्ष सञ्चालन गरे । निरंकुश पञ्चायती व्यवस्था र राजतन्त्रविरुद्ध जनआन्दोलन, वर्गसंघर्ष र क्रान्तिको पक्षमा सक्रिय भूमिका निर्वाह गरे ।

वि.सं. २०३३ सालमा "मुस्लो परिवार पर्चा काण्ड" मा संलग्न भएको आरोपमा गोपाल शाक्य पक्राउ परे । कठोर यातना पछि उनलाई १० वर्ष जेल सजाय र चार हजार जरिवाना सुनाइयो । जेल जीवनका क्रममा पनि उनले संगठन विस्तार, वैचारिक प्रचार र राजनीतिक गतिविधि निरन्तर जारी राखे । नख्खु जेलमा रहेका बेला सुरुङ खनेर भाग्ने ऐतिहासिक जेल ब्रेक घटनामा उनको महत्त्वपूर्ण भूमिका रहेको थियो । जेलबाट भागेपछि उनले भारत हुँदै पुनः नेपाल फर्केर पार्टी संगठन विस्तार, जनसंगठन निर्माण र क्रान्तिकारी गतिविधिमा सक्रिय योगदान दिए । विभिन्न जिल्लामा संगठन विस्तार, किसान आन्दोलन नेतृत्व तथा पार्टी निर्माणमा महत्त्वपूर्ण भूमिका खेले । पछिल्ला वर्षहरूमा उनी नेकपा (एमाले) मा सक्रिय रहे । पार्टीका विभिन्न पदहरूमा रहेर काम गरे । राष्ट्रिय राजनीतिमा योगदान दिदैँ उनी सांसद, मन्त्री (युवा तथा खेलकुद) लगायत विभिन्न जिम्मेवारीमा रहे । उनले खेलकुद क्षेत्रको विकास, नीति निर्माण तथा राष्ट्रिय स्तरका प्रतियोगिता सञ्चालनमा योगदान दिएका छन् । लामो समयसम्म पूर्णकालीन रूपमा राजनीतिमा समर्पित रहेर उनले देश र जनताको सेवामा जीवन व्यतीत गरेका छन् ।

मैले गोपाल शाक्यको नाम २०४६ सालको राजनीतिक परिवर्तनकै समयमा सुनेको भए तापनि २०७४ सालमा  मात्रै मेरो उहाँसँग भेट भयो । विक्रम सम्वत् २०७८ सालमा चितवनमा भएको नेकपा एमालेको दशौँ महाधिवेशन

हुँदा हामी महाधिवेशन प्रतिनिधिको रूपमा दुवै केन्द्रीय सल्लाहकार परिषद्मा थियौँ । गोपाल शाक्य नेकपा एमालेको अग्रज नेतृत्व मात्रै होइन, तुलसीलाल स्मृति प्रतिष्ठानको अध्यक्ष पनि हुनुहुन्छ । केन्द्रीय कमिटीको सदस्यका हिसाबले म केन्द्रीय कार्यालय गइराख्थे र गोपाल शाक्यसँग भेटघाट गरिराख्थे । उहाँको अनुरोधमा म तुलसीलाल स्मृति प्रतिष्ठानको आजीवन सदस्य भएँ । म टङ्कप्रसाद आचार्य प्रतिष्ठानको नेतृत्वमा रहेर काम गर्दा पनि हामी राष्ट्रिय सरोकारका विषयहरूमा तुलसीलाल प्रतिष्ठानसँग छलफल र कुराकानीहरू हुने गर्दथ्यो । उहाँको भद्र र मिलनसार स्वभावबाट हामी धेरै कुरा सिकिरहेका हुन्थ्यौ । यिनै सहकार्यहरू को प्रतिफल स्वरूप आज उहाँको पुस्तक सम्पादन गर्ने अवसर प्राप्त भयो। सर्वप्रथम पुस्तक सङ्कलन, सम्पादनको योग्य सम्झनु भएकोमा अग्रज गोपाल शाक्य र प्रकाशक संस्था तुल्सीलाल स्मृति प्रतिष्ठानप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । पुस्तक कस्तो भयो र कस्तो हुनुपर्दथ्यो ? यसको स्वस्थ समालोचना गर्ने जिम्मा पाठक वर्गलाई सुम्पदै पुस्तक प्रकाशनमा थुप्रै कमजोरी तथा गल्तीहरू हुन सक्छन् त्यसलाई दोस्रो संस्करणमा सच्याउने प्रतिबद्धता व्यक्त गर्दछु .।

गोविन्दप्रसाद दुलाल
सम्पादक

# प्रकाशकीय

नेपाली कम्युनिस्ट आन्दोलनको एउटा योद्धा गोपाल शाक्यको जीवनका विभिन्न कालखण्डमा उहाँले प्रस्तुत गर्नुभएको अभिव्यक्तिले उहाँको मात्र होइन सिंगो कम्युनिस्ट आन्दोलन कस्ता कस्ता उत्तरचढाबबाट गुज्रेर अगाडि बढ्दै आयो र अबका दिनमा कम्युनिस्ट आन्दोलनलाई आफ्नो लक्ष्यमा कसरी पुर्याउने भन्ने कुरामा मद्दत गर्दछ यसै अभिप्रायले हामीले यसपटक तुल्सीलाल स्मृति प्रतिष्ठानका अध्यक्ष तथा कम्युनिष्ट आन्दोलनका नेता गोपाल शाक्यका लेख रचनाको संगालो प्रकाशित गरेका छौं । पुस्तकले हामी सबैलाई आफ्नो जीवनको अगाडिका सफलता र असफलतालाई सम्झने र आगामी कामको लागि शिक्षा लिन सहयोग पुऱ्याउँछ भन्ने आशा लिएका छौं ।

गोपाल शाक्यका रचनाहरूलाई गोविन्दप्रसाद दुलालले आफ्नो संकलन र सम्पादनलाई चार भागमा विभाजन गर्नु भएको छ । बुधबार साप्ताहिकमा प्रकाशित स्मरण स्तम्भ, ती दिन पार्टी कामको स्मरणहरू, विभिन्न व्यक्तिहरू बारे स्मृति लेखहरू तथा दस्तावेज तथा प्रशिक्षण सामग्रीमा विभाजित गर्नुभएको छ ।

यस सामग्रीले राजनीतिक विचार प्रतिको गोपाल शाक्यको अडान र पार्टी निर्माणमा उहाँले निभाउनु भएको योगदानलाई राम्रोसँग बुझ्न सकिन्छ । कम्युनिष्ट विचारप्रतिको उहाँको दृढताको साथै नेपाली समाजमा यसको प्रयोगका बारे उहाँले पुर्याउनु भएको योगदानको आकलन गर्न सकिन्छ । यो त शाक्यको केहि लेखको संग्रहमात्र हो । यो संग्रहको प्रत्येक घटनाक्रमहरूले अनेकौँ वास्तविक कथाको छाँया रहेको छ । यसलाई कोट्याउँदा अरु धेरै कथा र स्मरणहरू आउन सक्छन् । यस पुस्तकले निस्वार्थी, निडर लडाकु

स्वभावका गोपाल शाक्यको जिवन झल्काउँछ । गोपाल शाक्यद्वारा आफ्नो र आफ्नो परिवारको सुख, सयलको जीवनलाई छोडेर नेपाल र नेपाली जनताको मुक्तिको लागि कम्युनिष्ट पार्टी निर्माण गर्ने आफ्नो सम्पुर्ण जीवन सुम्पिनु चानचुने कुरा थिएन । उहाँको जीवन कुनै पनि देशभक्त, क्रान्तिकारीको लागि प्रेरणाको स्रोत हुन सक्छ ।

गोपाल शाक्य र म राजनीतिमा नलाग्दा देखिकै व्यक्तिगत घनिष्ट साथी थियैाँ । कम्युनिष्ट विचारबाट हामी सँगसँगै प्रभावित भयौँ म विद्यार्थी आन्दोलनमा जेल पर्दाको बेला हामी काठमाडौँ उपत्यकामा आफ्नै पहलमा कम्युनिस्ट विचारको प्रचारप्रसार गर्ने गर्थ्यौं । हामी कुनै कम्युनिस्ट घटकसँग सम्पर्कीत थिएनौँ । म जेल पर्दा झापाली कमरेडहरू नरेश खरेल घनेन्द्र बस्नेत राधाकृष्ण मैनालीकै प्रेरणाले हामी झापा संघर्षमा जोडिन पुग्यौ त्यसपछि मुस्लो नामको संस्था बनाएर संगठित हुँदै झापा विद्रोहको धारमा गाँसिन पुग्यौ आफ्नो सिंगो जीवन नेपाल कम्युनिष्ट आन्दोलनको लागि र नेपालीको लागि निरन्तर लागि रह्यौँ ।

यो लामो कालखण्डमा उहाँले लुम्बिनी धौलागिरी, बागमती अञ्चल र प्रवासको समेत पार्टी प्रमुख भएर नेतृत्व गर्दाको कुराबाट नेकपा एमाले निर्माणमा उहाँको भूमिकाबारे बुझ्न सकिन्छ तर किन यस्ता व्यक्तिहरू विगत १० औँ वर्षदेखि पार्टीमा जिम्मेवारी विहीन भएर बस्नुपरेको, किन नेताहरूको वरिपरि घुम्नेले भूमिका पाउँछन्, ताली ठोक्नेहरूले मात्र जिम्मेवारी पाउने र कम्युनिष्ट आन्दोलनलाई भड्खालोमा हाल्नेहरूका लागि यो ज्ञानवर्धक चुनौती हो । यो सङ्कलित रचना प्रत्यक्ष रूपमा संगठन विकास र कार्यकर्ता निर्माणमा उहाँका तत्कालीन अभिव्यक्ति धारणाहरू अत्यन्त प्रेरणादायी देखिन्छन् । उहाँले प्रशिक्षणका लागि तयार पार्नुभएको पार्टीमा नेतृत्व विकास गर्दा दिनुपर्ने २० वटा बुँदाहरू वर्ग दृष्टिकोण र अडान हुनुपर्छ, सङ्घर्षशील र समर्पित हुनुपर्छ निस्वार्थ हुनुपर्छ, नीतिमा प्रष्ट प्रष्टता सृजनशीलता हुनुपर्छ, संगठन

र संगठनमा कुशलता हुनुपर्छ, दृढता हुनुपर्छ, व्याख्याता हुनुपर्छ, इमान्दार हुनुपर्छ, लगनशील हुनुपर्छ, योजना कार्यक्रम निर्माण गर्ने त्यसको परिधिभित्र रहेर काम गर्ने हुनुपर्छ, हिनता बोध हुनु हुँदैन, निर्भिकता हुनुपर्छ, जनप्रिय हुनुपर्छ, अनुशासित हुनुपर्छ, विनम्रता हुनुपर्छ, अध्ययनशील हुनुपर्छ भन्ने कुरा आज कम्युनिस्ट आन्दोलन खस्किएको अवस्थामा अत्यन्तै सान्दर्भिक लाग्छ ।

पार्टी खुल्ला भैसकेपछि पनि उहाँ राज्यका विभिन्न पदमा रहेर राजकीय काममा उहाँले पुऱ्याउनुभएका योगदानबारे एउटा खण्ड भएको भए अझ बढी लाभदायक हुन सक्थ्यो । जस्तो लाग्छ सलाम छ गोपाल शाक्यलाई अरु पनि आफ्नो स्मरणहरू आउँदा आउँदै जाओस् भोलिको पिढीका लागि कम्युनिस्टहरूलाई र कम्युनिष्ट पार्टीलाई जनतामा स्थापित गर्नको लागि सहयोगी भूमिका खेल्ने छ ।

यस्तो महत्त्वपूर्ण सामग्री सङ्कलन र सम्पादन गर्ने गोविन्दप्रसाद दुलाललाई गोपाल शाक्यको लुकेका इतिहासलाई खोज गरी जनसमक्ष ल्याउने काम गर्नुभएकोमा तुल्सीलाल स्मृति प्रतिष्ठान र मेरो आफ्नो तर्फबाट हार्दिक आभार प्रकट गर्न चाहन्छु आगामी दिनमा पनि यस्तो किसिमको सहयोगको अपेक्षा सहित धन्यवाद दिन चाहन्छु ।

माधव पौडेल
वरिष्ठ उपाध्यक्ष
तुलसीलाल स्मृति प्रतिष्ठान
२०८३/१/२१

# विषयसूची

## खण्ड – १

### बुधबार साप्ताहिकमा प्रकाशित स्मरण स्तम्भ 'ती दिन'


पार्टीमा १४ मतभेद राख्दा १
'तपाई पागल त हुनुभएन ?' ६
बस्न खान नदिन सबैतिर सर्कुलर ११
२०४० सालमै संविधानसभाको प्रस्ताव १७
झापालीहरू सीआईएबाट सञ्चालित ! २१
लगातार वार्ता २६
सबै कुरा पर्फेक्ट कहीँ हुँदैन २९
लामासँग लामो बहस ३४
देवघाटमा प्रस्तुत कार्यक्रम ३६
किशोर नेपालीसँग बहस ४४
उग्रवामपन्थीसँग लडाइँ ४७
बहसकै निरन्तरता ५१
कलकत्तामा वामपन्थी नेताहरूको भेला ५५
बोरामा हालेर फाल्ने पार्टी निर्णय ५९
काशी हिन्दु विश्वविद्यालय वाराणसीको यात्रा ६४
पुष्पलाल र गणेशमानको नीति ६७
काठमाडौँमा भूमिगत भेला ७१
वामपन्थी भेलाको निष्कर्ष ७५
पार्टीले त्यस विवादलाई फर्केर हेर्न सक्छ ? ७८


## खण्ड – २

### पार्टी कामका स्मरणहरू


मेरो जीवन यात्राःनंखु जेल विद्रोह अघि र पछि ८७
मेरो राजनीतिक कर्मथलो लुम्बिनी ११०

जनआन्दोलनको सेरोफेरोमा राप्ती अंचलमा पार्टी काम १३४
धौलागिरीमा पार्टी कार्य : मेरा केही स्मृतिहरू १५१
मेरो स्मृतिमा भारत प्रवासमा नेपाली जागरण अभियान १६०
नेकपा (एमाले) केन्द्रीय सम्पर्क विभागमा चार वर्ष १७६

## खण्ड – ३

## विभिन्न व्यक्तित्वहरू बारे स्मृति लेखहरू

नेपालको राजनीतिमा कमरेड तुल्सीलालका योगदानहरू १८१
मेरो सम्झनाका तरेलीहरूमा कमरेड साहना प्रधान १८९
पशुपति चौलागाईको तेस्रो स्मृति दिवसको सन्दर्भमा २००
निर्मल लामाको २४ औं स्मृति सभामा मन्तव्य २०१
मेरो स्मृतिमा जननेता मदन कुमार भण्डारी २०३
कमरेड सिद्धीनाथ ज्ञवाली मेरो स्मृतिमा २३१
मेरो सम्झनामा जीवराज आश्रित २४१
नेत्र लाल 'अभागी' को ४० औँ स्मृति दिवस सर्न्दभमा २५२
मेरो सम्झनामा डा. रबीन्द्र कुमार शाक्य २५५
क. सूर्य कन्दङ्वालाई श्रद्धाञ्जलि २५९
मेरो स्मृतिमा – सृजनशील बौद्धिक व्यक्तित्व विनय कुमार कसजु २६४

## खण्ड – ४

## दस्तावेज तथा प्रशिक्षण सामग्री

नेपाली जनआन्दोलनमा संयुक्त मोर्चाको सवाल २६९
कम्युनिष्ट पार्टीमा नेतृत्व विकास गर्दा ध्यान दिनुपर्ने केही कुराहरू २८४
भारतमा रहने नेपालीहरूको स्थिति, समस्या र समाधानका केही सुझावहरू २९९
मार्क्सवाद र यसको सिर्जनात्मक प्रयोग ३१०

# खण्ड – १

## बुधबार साप्ताहिकमा प्रकाशित स्मरण स्तम्भ 'ती दिन'

# पार्टीमा १४ मतभेद राख्दा

मैले नेकपा (माले) ले लुम्बिनी अञ्चलका छ जिल्ला समेटेर नामाकरण गरिएको तत्कालीन पश्चिम-दक्षिण क्षेत्रीय कमिटीमा पाटी काम गर्दै २०३७ देखि २०३९ का बीचमा पटकपटक गरी पार्टीमा १४ मनभेद राखेको थिएँ । २०३९ साउन १४ गते महासचिव चन्द्रप्रकाश मैनाली (सुवास) समक्ष लिखित र व्याख्यासहित औपचारिक रूपमा मैले उक्त प्रस्ताव राखेको थिएँ । त्यस अवसरमा कमरेड जीवराज आश्रित (समीर) पनि उपस्थिति हुनुहुन्थ्यो । नवलपरासीको तमासपुर गाउँमा कमरेड चन्द्रमणि खरालको घरमा हाम्रो भेट बैठक भएको थियो ।

### मैले राखेका १४ मतभेद

### १. सोभियत संघलाई हेर्ने दृष्टिकोण

सोभियत संघलाई पार्टीले सामाजिक साम्राज्यवाद र विश्वका जनताको एक नम्बर शत्रु भनेर व्याख्या गरिरहेको थियो । मेरो मत समाजवादी मुलुक र विश्व जनताको मित्र हो भन्नुपर्दछ भन्ने थियो ।

### २. विश्वको आधारभूत र प्रधान अन्तरविरोध

विश्वको आधारभूत अन्तरविरोध बारे, त्यसबखत पार्टीले अमेरिकी साम्राज्यवादसँग उत्पीडित राष्ट्रको अन्तरविरोधलाई प्रधान नभनी सोभियत संघलाई प्रधान शत्रु देख्ने नीति लिएको थियो । त्यो गलत हो भन्ने मेरो विचार थियो । समाजवाद र साम्राज्यवादबीच आधारभूत अन्तरविरोधको व्याख्यामा पनि मत भिन्नता थियो ।

### ३. विश्वको राजनीतिक शक्ति विभाजन

विश्वको राजनीतिक शक्ति विभाजन सम्बन्धमा पार्टीको दृष्टिकोण कमरेड माओले अघि सारेअनुरूप "तीन विश्वको सिद्धान्त" मा आधारित थियो । पहिलो विश्व- सोभियत संघ र अमेरिका, दोस्रो विश्व- युरोपेली साम्राज्यवादी देशहरू क्यानाडा, जापान र तेस्रो विश्व-जापान छाडेर एसियाका सबै देश, ल्याटिन अमेरिका र अफ्रिका । मैले वर्गीय दृष्टिकोणबाट हेर्दा विश्व दुई भागमा विभाजित छ भन्ने तर्क अघि सारे । एउटा- सर्वहारा वर्गको संसार- जसभित्र समाजवादी मुलुकहरू विश्व मजदुर आन्दोलन र उत्पीडित राष्ट्र जनता र अर्को- साम्राज्यवादी संसार, साम्राज्यवादी-प्रतिक्रियावादीहरू सबै पर्दछन् ।

### ४. अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको मूल्यांकन र इन्टरनेसनल निर्माण

संक्षिप्तमा भन्दा चीन र सोभियत संघ दुवैलाई कम्युनिष्ट मान्ने, चिनियाँ कम्युनिष्ट पार्टी र सोभियत कम्युनिष्ट पार्टी दुवैलाई पार्टीले समदूरी राखेर व्यवहार गर्नुपर्दछ भन्ने मेरो मत थियो । पार्टीको मत सोभियत खेमा सबैलाई कम्युनिष्ट नै नमान्ने र मेरो विचार चेकोस्लाभाकिया, अल्बानिया, पोल्यान्ड, युगोस्लाभिया, हंगेरी, रुमनिया, पूर्वी जर्मन, क्युवाका कम्युनिष्ट पार्टीलाई कम्युनिष्ट मान्नुपर्दछ भन्ने थियो । इन्टरनेसनल तुरुन्त निर्माण गर्न सकिन्न, तर हामीले पहल रहिरहनुपर्छ भन्ने मेरो विचार थियो भने पार्टीको विचार इन्टरनेसनल अब आवश्यक छैन भन्ने थियो ।

### ५. नेपाली क्रान्तिको आधारभूत सिद्धान्त/मार्गदर्शक सिद्धान्त

नेपाली क्रान्तिको आधारभूत सिद्धान्त- मार्गदर्शन सिद्धान्तमा माओत्सेतुङ विचारधारा राख्ने पार्टीको विचार थियो । मेरो विचार मार्क्सवाद लेनिनवाद मात्र राखे पुग्छ भन्ने थियो । आ-आफ्नो देशको मौलिक विशेषतामा आधारित क्रान्ति गर्ने सोच-विचारहरूको समष्टिलाई नै विचारधारा भनिन्छ । माओले मार्क्सवाद-लेनिनवादमा नयाँ वैज्ञानिक कुरा थप्नुभएको छैन, त्यसकारण माओवाद पनि होइन । माओ विचारधारा

चीनमा मार्क्सवाद-लेनिनवादको सिर्जनात्मक प्रयोगबाट जन्मिएको हो । त्यो चिनियाँ सच्चाइहरूमा आधारित छ । हाम्रो सच्चाइ आधारित हाम्रो विचार वा विचारधारा हुन्छ भन्ने मेरो विचार थियो ।

## ६. नेपाली क्रान्तिको आधारभूत र प्रधान अन्तरविरोध

नेपाली क्रान्तिको आधारभूत र प्रधान अन्तरविरोध बारेको मतभेदमा आधारभूत अर्न्तविरोधबाट सोभियत संघ हटाउनुपर्छ । भारतसँग अन्तरविरोध भए पनि विस्तारवादी भारत भनी शत्रु घोषित नगर्ने नवऔपनिवेशिक शोषणको विरोध गर्ने, सीमा मिचिएकोमा विरोध जनाउने भन्ने थियो । पार्टीको दृष्टिकोण भने नेपाली क्रान्तिको आधारभूत शत्रु सोभियत संघ र भारत दुवै हुन भन्ने थियो ।

## ७. नेपाली क्रान्तिको वर्तमान चरणको कार्यक्रम

पार्टीको कार्यक्रम नयाँ जनवादी थियो । मैले चिनियाँ वा सोभियत संघको नक्कल नगरी आफ्नै विशिष्ट विशेषतामा र सच्चाइहरूमा आधारित कार्यत्रम मौलिक हुनुपर्छ । त्यसको नाम राष्ट्रिय जनवादी कार्यक्रम भनौँ भन्ने मेरो तर्क र मत थियो । त्यसै बेला मैले बहुदलीय प्रतिस्पर्धाको कुरा पनि उठाएको थिएँ । कार्यत्रम देखाउने होइन लागू हुने चाहिन्छ भन्ने मेरो मत थियो र आज पनि छ ।

## ८. नेपालमा क्रान्तिमा राजनीतिक संयुक्त मोर्चा सम्बन्धी नीतिहरू

नेपाली क्रान्तिमा वर्गीय संयुक्त मोर्चा अवधारणामा मतभेद थिएन तर राजनीतिक पार्टी संगठन, संस्था, व्यक्ति आदिसँग मिलेर राजनीतिक एकता कायम गर्ने, बहुदलवादीहरूसँग मिलेर निरंकुश निर्दलीय पञ्चायती व्यवस्था र मतभेदलाई शत्रुतापूर्ण रूपमा होइन, मित्रतापूर्ण रूपले चलाउने प्रस्ताव राखेको थिएँ ।

## ९. विदेश नीति

क्रान्तिपूर्व पनि पार्टी सरकारमा जान सक्छ भन्ने अवधारणा राखेर चीन र भारतसँग समदूरी बनाउने, सोभियत संघ र अन्य समाजवादी मुलुकहरूलाई मित्रशक्ति मानेर विश्वमा हाम्रो मित्रहरू बढाउने नीति लिनुपर्दछ, भन्ने मेरो मत थियो । पार्टी नीतिले भने अमेरिका, भारत, सोभियत संघ र अन्य समाजवादी मुलुकहरूलाई पनि शत्रु देख्नुले हाम्रो विदेश नीति साँघुरो थियो । असंलग्न परराष्ट्र नीति भन्नेमा विवाद थिएन, त्यसका पाँच सिद्धान्त स्वीकार गर्ने कुरामा पनि विवाद थिएन ।

## १०. नेपाली कम्युनिष्ट आन्दोलनको मूल्यांकन

पार्टीको विचारमा नेकपा (मनमोहन समूह), नेकपा (सहाना-बलराम) समूह, नेकपा (मानन्धर वर्मा समूह), नेकपा (अमात्य समूह) सबै संशोधनवादी- दक्षिणपन्थीहरु थिए र उनीहरूलाई कम्युनिष्ट मान्न सकिन्न भन्ने थियो । मेरो विचार उनीहरूलाई पनि कम्युनिष्ट मान्नुपर्दछ । उनीहरूमा रहेका दक्षिणपन्थी कमीहरूलाई हटाउनुपर्दछ हामीमा रहेका उग्रवामपन्थी कमी-कमजोरी हटाएर एउटै नेपाल कम्युनिष्ट पार्टी निर्माण गर्नुपर्दछ भन्ने थियो ।

## ११. शान्ति क्षेत्र प्रस्तावप्रति दृष्टिकोण

मेरो विचारमा शान्ति क्षेत्र प्रस्तावको आलोचनात्मक समर्थन गर्न हुन्न निरंकश राजाले जनता भुक्याउन र क्रान्तिकारी शक्ति दवाउन विदेशीहरूका अगाडि शान्तिप्रिय भइरहने षड्यन्त्रअनुरूप ल्याएका हुन् भन्ने थियो । तर, पार्टीको विचार आलोचनात्मक समर्थन गर्नुपर्दछ भन्ने थियो ।

## १२. विदेशमा रहने नेपालीमाझ संगठन निर्माण (विशेषतः भारतमा कस्तो संगठन निर्माण गर्ने ?

विदेश विशेषतः भारतमा रहने नेपालीहरूलाई ''प्रवासी'' जोडेर संगठन बनाउँदा समस्या आउन सक्छ । त्यसकारण उक्त शब्द नजोडी

बनाऔँ भन्ने मेरो विचार - तर पार्टीको विचार जोडेर नै बनाउने रहेको थियो ।

## १३. जातीय संगठन निर्माण

जातीय संगठन निर्माणसम्बन्धी पार्टीमा कुनै नीतिगत स्पष्टता थिएन । त्यसकारण मैले त्यसबेला संसद्को माथिल्लो सदनलाई नेपालमा जाति/जनजातिहरूको राष्ट्रिय सदन बनाउने त्यसलाई राष्ट्रिय परिषद् भन्नुपर्ने कुरा राखेको थिएँ । पार्टीको भाषा नीति पनि स्पष्ट थिएन । त्यसकारण मैले त्यसबेला नेपाली भाषालाई सम्पर्क, राष्ट्रिय भाषा मानी सबै प्रमुख जातिका भाषाहरुलाई राष्ट्रिय भाषा नै मान्नुपर्दछ भन्ने विचार राखेको थिएँ । नेपाल एक धर्मनिरपेक्ष राज्य हुनुपर्नेमा भने दुवै पक्षबीच विवाद थिएन ।

## १४) पार्टीभित्रको जनवाद

मैले त्यतिबेला सोभियत संघका विषयलाई पार्टीमा विचाराधीन बनाऔँ र दुवै मतमाथि छलफल गर्न दिऔँ भन्ने प्रस्ताव गरेको थिएँ, तर केन्द्रीय नेतृत्वले त्यसलाई स्वीकार गरेन । मुलुकमा विभिन्न कम्युनिष्ट समूहहरू छन्, विचार दृष्टिकोणमा भिन्नता छ । यस्तो अवस्थामा पार्टीभित्रको जनवादलाई अलिक खुकुलो बनाउने र मतभेदलाई शत्रुतापूर्ण रूपमा होइन, मित्रतापूर्ण रूपले चलाउने प्रस्ताव राखेको थिएँ । मैले केन्द्रीयता नै नहोस् भनेको थिइन, केन्द्रीयताविना अराजकता जन्मिन सक्छ भने जनवादबिनाको केन्द्रीयता निरंकुश हुन्छ भन्ने विचार मैले राखेको थिएँ । त्यतिबेला यसलाई गम्भीरतापूर्वक लिइएन र अपमानजनक रुपमा अस्वीकार गरियो ।

# तपाईं पागल त हुनुभएन ?

नेकपा (माले) पश्चिम दक्षिण क्षेत्रीय कमिटी लुम्बिनी अञ्चलको सचिवका हैसियतले पार्टी केन्द्रीय कमिटीमा रिपोर्ट पठाउँदा आफ्नो विचार, सुझाव, आलोचना, सबै लेख्ने गरिन्थ्यो । त्यसबेला महासचिव चन्द्रप्रकाश मैनाली (सुवास)लाई पठाएका पत्रहरूमा पटक–पटक यी मैले मेरा १४ मतभेदहरूबारे पनि लेखेर पठाउने गरेको थिएँ । केही उत्तर पनि पाउँदै थिएँ । २०३९ साउन १० गते पार्टी च्यानलबाट मैले कमरेड समिर (जीवराज आश्रित) को पत्र प्राप्त गरेँ । त्यसमा लेखिएको थियो– 'कमरेड सुवास र म तपाईंसँग भेट्न आउँदैछौँ । मजदुर किसान संगठनको कमरेड, लेखनाथको घर नवलपरासी दलदले आउनु होला ।' मलाई साउन १४ बिहान बोलाइएको थियो । म समयमै पुगेँ । त्यहाँ मजदुर, किसान, संगठन विद्रोही समूहका नेता दुर्गाबहादुर सिंहसँग भेटघाट चलिरहेको थियो । त्यहाँ पुगेपछि जीवराज आश्रित समिरले भन्नुभयो– एकदिन र रातभरि बस्ने सुरक्षित ठाउँको व्यवस्था गर्नुपर्‍यो । कमरेड सुवास र म तपाईंसँग बसेर ढुक्कसँग कुरा गर्न चाहन्छौँ । मैले राजमार्गको नजिक नबसौँ तमासपुर चन्द्रमणिको घर जाऔँ भने । उहाँले हुन्छ भन्नुभयो । म लेखनाथको घरमा पुगेको तीन घन्टापछि खाना खाएर हामी तीनैजना तमासपुर लाग्यौँ । बाटो लामै थियो । बीच जंगलमा पुगेपछि मैले समिरसँग भनेँ– 'कुरा गर्दै जाऔँ ।' उहाँले भन्नुभयो– 'होइन सेल्टरमा नै पुगेर गरौँ । कमरेड चन्द्रमणी खरालको घर– तमासपुर पुग्दा करिब साँझ छ बजेको थियो । चिया, खाजापछि घरको माथिल्लो तलाको कोठामा हामी तीनजना बसेर कुराकानी थाल्यौँ । कोठा लालटिनको प्रकाशले उज्यालो थियो । कमरेड सीपीले कुरा सुरु गर्दै भन्नुभयो– तपाईंको पत्र पनि पाएँ, कमरेड आश्रित

र अन्य कमरेडहरू मार्फत पनि तपाईंको कुरा थाहा पाएँ । आज हामी पार्टी केन्द्रका तर्फबाट आएका छौँ । आज छिनोफानो गर्नुपर्छ । तपाईंको पार्टीसँगका वास्तविक मत भिन्नता के हुन् सुनौँ ।

अघिल्लो अङ्कमा तपाईंहरूले पढेका मेरा १४ मतहरूको संक्षिप्त व्याख्या सुनेपछि कमरेड– सीपीले भन्नुभयो– ''हाम्रो पार्टीको अडान, अटल, अचल र अविचारणीय छ । सामाजिक साम्राज्यवाद सोभियत संघलाई समाजवाद भन्ने र माओ विचारधारालाई आधारभूत सिद्धान्तबाट हटाउने कल्पनासम्म गर्न सकिन्न ।'' बीचैमा कमरेड जीवराज आश्रितले भन्नुभयो, तपाईं पागल त हुनु भएन ? यति सम्झाउँदा पनि नसुन्ने ? दक्षिणपन्थी संशोधनवादी विचार छाडिदिनुहोस् । मैले दुबैको जवाफ दिँदै भनेँ – म पागल भएको छैन । अद्वन्द्ववादी कुरा गर्दै हुनुहुन्छ । द्वन्द्वात्मक भौतिकवाद स्वीकार गर्ने हामी मार्क्सवादीहरूले अटल, अचल र अविचरणीय भन्ने कुरा गर्न मिल्छ ? मैले कमरेड सीपीतिर हेर्दै भने महासचिवको कुर्सीमा बसेर मनपरी बोल्ने ? अमार्क्सवादी कुरा भएन । सोभियत संघ समाजवादी मुलुक नै हो । त्यहाँभित्र कमजोरी छैन म भन्दिन कमजोरीहरू होलान् । फेरि सोभियत कम्युनिष्ट पार्टी पनि कम्युनिष्ट पार्टी हो । केही दक्षिण, केही उग्रवामपन्थी कमजोरीहरू हुन सक्छन, प्रवृत्तिगत कमजोरीलाई संशोधनवादको बिल्ला लगाइदिनु भएन । यसैबारे लामो प्रश्नोत्तर भयो । अन्त्यमा मैले भने सोभियत संघ विषय पार्टीभित्र विचारधीन बनाऔँ छलफल गरौँ । सीपीले भन्नुभयो– 'तपाईंको प्रस्ताव' हामी स्वीकार गर्न सक्दैनौ ।

साउन १५ गते बिहान उठेर फेरि कुराकानी गर्न बस्यौँ । कमरेड सीपीले कुरा सुरु गर्दै भन्नुभयो– 'पार्टी केन्द्रका तर्फबाट तपाईंलाई नेकपा (माले) पश्चिम दक्षिण क्षेत्रीय कमिटीको सचिव पदबाट मुक्त गर्छौं । पार्टी केन्द्रलाई विश्वासको संकट पनि छ तपाईंप्रति । तपाईंलाई हाम्रो दुई मुख्य चार्ज (आरोप) छ– (१) पार्टीको क्रान्तिकारी लाईन विपरित दक्षिणपन्थी संशोधनवादी लाईन लिएको । (२) पार्टी अनुशासन पद्धती तोडेर आफ्नो

लाईनको प्रचार तलतल लगेको । यो सुनेपछि मलाई मनमनै दुख लाग्यो र रिस पनि उठ्यो । सुन्नेबितिकै मैले भने, पार्टीमा आफूलाई लागेको विचार पनि राख्न नपाउने ? राख्ने बितिकै कारबाही भोग्नुपर्ने ? यो कस्तो न्याय हो ? मैले अनुशासन तोडे, पद्धति तोडे र आफ्नो विचार तल-तल लगेँ भन्ने कुरा झुट हो । यो तपाईंहरूको आरोप मात्र हो । मैले केन्द्रीय कमिटीका कमरेडहरू र आफ्नो कमिटीका कमरेडहरूसँग मात्र मत राखेको छु । बिचैमा कमरेड जीवराज आश्रितले भन्नुभयो- ''कमरेड भीमनारायणलाई राख्नु भएन ? मैले जवाफमा भने - ''उहाँ त मेरै कमिटीको कमरेड हो नि । फेरि आश्रितले भन्नुभयो - सचिव भयपछि राख्न मिल्छ ? मैले भने- म केन्द्रीय कमिटीमा छैन मेरो क्षेत्रीय कमिटीभित्र पनि राख्न नपाइने हो भने ठाउँ हुनुपर्‍यो नि कुरा राख्ने । उहाँले भन्नुभयो- ठाउँ यही हो अहिले राख्नुभयो नि त । यति हो मेरो जनवाद ? मैले भनेँ - लुम्बिनी अञ्चलमा ६ जिल्ला छन् ६ जिल्लाका पार्टी सदस्यहरूको भेला गरौँ म त्यहाँ आफ्ना कुरा राख्छु । मेरो बहुमत आएमा राष्ट्रव्यापी रुपमा लैजान र राष्ट्रिय सम्मेलन गरी मेरो मत राख्न पाउनुपर्छ । केन्द्रका तर्फबाट महासचिवले उक्त कुरा अस्वीकार गर्नुभयो । उहाँले भन्नुभयो, पार्टी केन्द्रले तोकेको यस क्षेत्रका कमरेडहरूको भेला बोलाउने त्यहाँ तपाईंले आफ्नो कुरा राख्ने चित्त नबुझे आफ्नो बाटो लाग्ने सीपीको जवाफ थियो । मैले भने ''बाटो लाग्ने भनेको के हो ?'' क. सीपीको जवाफ थियो- त्यो आफैँ बुझ्ने ''मैले माया, विश्वास र आस्था राखेका कमरेड सीपीबाट यस्तो कुरा सुनेर म धेरै दुःखी भए मैले उहाँलाई भने मलाई अन्तिम निवेदन गर्ने ठाउँ पनि दिनुभएन तपाईं स्वयं आएर कारबाही गर्नुभयो ।''

२०३९ साउन १४ र १५ गतेको तमासपुर बैठकपछि मैले पार्टी क्षेत्रीय कमिटीभन्दा तलका पार्टी सदस्यबीच पार्टी अनुशासन पद्धति तोडेर आफ्नो मत लगेँ । मैले सिद्धान्त र विचारलाई महत्व दिए तल लग्दा पनि मैले भनेको थिएँ मैले न्याय पाउँ । अन्याय भयो । म छ महिनासम्म पार्टी

सदस्यमा जान्छु त्यसबेलासम्म न्याय दिए पार्टी निर्देशन अनुरूप पद्धतीभित्र बसेर मतभेद चलाउँछु नेपालको कम्युनिष्ट पार्टीको इतिहासलाई केलाउने हो भने बारम्बार सिद्धान्त र विचारभन्दा संगठनले महत्त्व पाएको छ। विचारभन्दा पनि जसको संगठन बलियो हुन्छ उसले पार्टीलाई लिएर हिँडेको छ। मेरो सन्दर्भमा पनि त्यहीँ भयो।

वास्तवमा विचार र संगठनबीचको सन्तुलनले पार्टी अगाडि बढ्छ। आज पनि मलाई लाग्छ, विचार र सिद्धान्तले नै पार्टीलाई मार्गदर्शन गर्छ। लक्ष्य प्राप्तिका लागि पार्टी-संगठन, जनसंगठन, आदि निर्माण हुन्छन्, विघटन हुन्छन्। मेरो सम्बन्धमा मैले फर्केर मूल्यांकन गर्दा त्यसबखत पार्टी केन्द्रीय कमिटीलाई सफाई दिने, पत्र लेखेर पर्खिने धैर्यता राख्नु उचित हुन्थ्यो तर, सम्भावनाका हिसाबले त्यसबखत मेरो फरक विचार केन्द्रले स्वीकार्दैनथ्यो। तर पनि मैले त्यसो गरेको भए मलाई नै फाइदा हुने थियो।

०३९ भदौमा रुपन्देहीको खैरेनी नजिकै नयाँ-बंगाला थारू गाउँमा मैले कमरेड जीवराज आश्रितलाई पार्टीको निर्देशनअनुसार पश्चिम दक्षिण पार्टी क्षेत्रीय कमिटीको माइनोट र हिसाबकिताब इमानदारीसाथ बुझाएँ। बिदा भएर हिँड्ने बेला मैले भिरिरहेको चिनियाँ र्‍याक्जिनको सानो झोलातिर देखाउँदै कमरेड आश्रितले सोध्नुभयो- “त्यो ब्याग, पार्टीको होइन ? मैले भनेँ- ‘‘हो।’’ उहाँले भन्नुभयो- ‘त्यसो भए बुझाउनु पर्दैन, झोलाबाट लुंगी, डायरी, टर्चलाइट, कलम आदि झिकेर लुंगीमा पोको पारेर झोला आश्रितको हातमा थमाएर म बाहिरिए। कमरेड आश्रितको यस्तो व्यवहारले म दुःखी भएँ।

०३९ असोज २९ गते बुटवलमा कमरेड आश्रितसँग फेरि वार्ता भयो। त्यसबेलासम्म म पार्टी सदस्यभन्दा तल गएको थिइन्। तर, पार्टीबाटै जनसंगठनहरूभित्र विकाससँग सतर्क हुन्, उनले घातक संशोधनवादी लाइन लिएका छन् भनी प्रचार गरिएको थियो। उहाँले त्यस भेटमा

पनि पार्टीले सोभियत साम्राज्यवादलाई समाजवाद भन्न सक्दैन भन्ने कुरा दोहोऱ्याउनुभयो ।

०३९ पुस १ गते काठमाडौँमा कमरेड अनिल (झलनाथ खनाल) सँग वार्ता भयो । उहाँले मलाई पुस महिनाभरिमा दक्षिणपन्थी संशोधनवादी घातक विचार मत त्यागेर पार्टीभित्र काम गर्नु, नभए पार्टीले तपाईंलाई कारबाही गर्छ भन्ने चेतावनी दिनुभयो । मैले जवाफ दिए- पार्टी केन्द्रले कम्युनिष्ट आन्दोलनको एकताका लागि सोचोस्, यसरी कट्टर भएर उग्रवामपन्थी भूतलाई बोकेर नहिँडोस्/पार्टीले विवादलाई जनसंगठनसम्म लगेको छ । अब पार्टीमा फर्केर काम गर्ने गाह्रो हुन्छ मतभेदलाई मित्रतापूर्वक चलाउँदै जाऔँ ।

# बस्न खान नदिन सबैतिर सर्कुलर

मैले आफ्नो सैद्धान्तिक- वैचारिक अडान नछोडेपछि 'संशोधनवादी-दक्षिणपन्थी लाइन लिएको र पार्टी अनुशासन र पद्धति तोडेको आरोप लगाई नेकपा (माले) केन्द्रीय कमिटीले मलाई २०३९ चैतमा पार्टी सदस्यताबाट निष्कासन गरेको परिपत्र जारी गऱ्यो । नेकपा (माले) पश्चिम-दक्षिण क्षेत्रीय कमिटीले ०३९ असोजतिर मलाई बस्न खान नदिन पार्टी सर्कुलर जारी गरिसकेको थियो । १४ वर्ष जेल सजाय तोकिएकोमा म नख्खु जेलबाट सुरुङ खनेर ९ महिनामै जनतामाझ पुगेको पूर्णकालीन राजनीतिक कार्यकर्ता भएकाले खुला हिँड्ने स्थिति थिएन । नाम र भेष बदली बदली हिँड्नुपर्थ्यो । कडा वारेन्ट थियो । एक ठाउँबाट अर्को ठाउँमा जाँदा वा आश्रय लिँदा धेरै होसियार हुनुपर्थ्यो । मलाई याद भएसम्म मैले आश्रय लिएको कुनै पनि घरबाट कसैले पनि मलाई बस्न खान नदिई फर्काएनन् । म पुग्दा केही कमरेडहरू रुनु हुन्थ्यो । तपाईंलाई कसरी बस्न खान नदिने ? म गएको ठाउँमा मैले मेरो विचार लिन करकाप गरिन । तपाईंहरूलाई ठीक लागे पार्टीभित्र उठाइदिनुहोस्, पार्टीभित्र उठाउन दिइएन भने विद्रोह गरी मसँग हिँड्न सक्नुहुन्छ' भनेँ । त्यसबखत केही साथीहरूले पार्टीभित्र नै रहेर मेरो विचारका पक्षमा संघर्ष गर्नुभयो भने केही मसँग विद्रोह गरी हिँड्नुभयो । मलाई बस्न-खान दिने कमरेडहरूलाई पार्टीले शङ्काको दृष्टिले हेर्ने र नराम्रो व्यवहार गर्ने समेत गरेको थियो ।

फरक मत राख्ने कमरेडहरूलाई आरोपित र उनीहरूमाथि हातपातसम्म गरियो । 'संशोधनवादीहरूको घर भत्काउ' भनेर घर भत्काउन पनि बाँकी राखिएन । खुट्टा भाँचेर बोरामा हाली मिल्काउने योजनासम्म आफ्नै कमरेडहरूले बनाए । 'संशोधनवादीसँग नाता त्याग्नुपर्छ' भनी श्रीमान् श्रीमतीलाई छुट्टयाउन खोजियो, त्यसका लागि दबाब दिइयो । 'रूसी रूबलमा बिक्री भएका सोभियत दलाल विकासेका कुरा नसुन्न' निर्देशन भयो । विकासेले आफ्नो संशोधनवादी लाइन प्रचार गर्न पार्टी समर्थकहरूको पुस्तक पसलहरूमा सोभियत प्रकाशन बिक्री गर्न लगाएकाले बिक्रीमा रोक लगाउने निर्देशन भयो । 'संशोधनवादी खुश्चेवका सन्तानहरूलाई गाउँमा बस्न नदेऊ, खुट्टा भाँचीदेऊ, पार्टी फोड्डुवा, भड्डुवा विकासे राजाको सीआईडी हो । विकासेले सीसीएम बन्न नपाएर यो रडाको मच्चाएको हो, विक्रम थापा गद्दार हो, पार्टीभित्र घुसपैठ गराइएको रुसी जासुस हो, सतर्क हुनुहोला । त्यागी भनेको एक नम्बर स्वार्थी रहेछ' जस्ता अनेक आरोप मेराविरुद्धमा फैलाइयो । वास्तवमा आज स्मरण गर्दा ती आरोप मेरो चरित्रहत्या गर्ने नियतवश मात्रै लगाइएका थिए । आफ्नै कमरेडलाई हातखुट्टा भाँच्ने मात्र होइन, मार्नसमेत तत्पर हुने विचार उग्रवामपन्थी अराजकतावादी दृष्टिकोणबाट कसरी जन्मँदोरहेछ भन्ने मैले प्रत्यक्ष भोगेको छु, अनुभव गरेको छु ।

करिब पाँच वर्षको कारवाही अवधिमा म निष्क्रिय बसिनँ । कठिनाइहरू सहेर पनि भूमिगत राजनीतिक जीवन नै बिताएँ । मैले पार्टी नेता र कार्यकर्ताहरूको व्यक्तिगत विरोध गरिनँ । केही चित्त नबुझ्ने र विचार, दृष्टिकोणमा केही भिन्नता हुनेबित्तिकै गाली गलौजमा उत्रिहाल्ने नेपाली राजनीतिको गलत संस्कार तोड्न पनि मैले सचेतनतापूर्वक नयाँ राजनीतिक संस्कार स्थापित गर्ने उद्देश्य राखेर राजनीतिक, वैचारिक र सैद्धान्तिक विरोध मात्र गरेको थिएँ ।

नेकपा (माले) भित्र यस घटनापछि सीपी मैनाली प्रकरण भयो । सीपी र संस्थापनबीच जुन भनाभन, आक्षेप र व्यक्तिगत चरित्र हत्यासम्मका कुरा नाङ्गो रूपमा उठे, त्यसबखत मैले दुवै पक्षलाई राजनीतिक विवादलाई व्यक्तिविरोध र चरित्र हत्यामा लैजानु उचित हुँदैन भन्ने सुझाव दिएको थिएँ ।

राजनीतिक विवाद चलिरहँदा मैले राख्नुपर्ने गोपनीयता राखेँ, पार्टीका भूमिगत आश्रयस्थलहरू खुलाइनँ । प्रतिक्रियावादीहरूबाट पार्टी र कमरेडहरूलाई कुनै किसिमको खतरा नपुगोस् भनेर सधैँ सतर्क रहेँ । त्यसबखत अरू कम्युनिष्ट पार्टी-समूहहरूको नेतृत्वबाट नेकपा (माले) को नेतृत्वलाई झापालीहरू हत्यारा हुन् ।

अमेरिकी सीआईए र भारत 'र' सँग उनीहरूको सम्बन्ध छ भनेर गलत आरोप लगाएको सुन्दा मैले त्यसको खण्डन गरेँ । दुःखकष्ट सहँदै त्याग र बलिदानको भावना राखेर नेपालका शोषित- उत्पीडित मजदुर-किसानको हितका लागि नेकपा (माले) का नेता-कार्यकर्ताले काम गरिरहेको सत्यलाई मैले राखेँ । मालेमा विचार दृष्टिकोण उग्रवामपन्थी भए पनि व्यवहारमा त्यसबखतको अन्य कम्युनिष्ट समूहको तुलनामा क्रान्तिकारी नै देखेको थिएँ । यो वास्तविकता सत्य नै थियो । २०४०/०४१ बीच नेकपा (तुलसीलाल अमात्य समूह), नेकपा (मनमोहन समूह), नेकपा (बलराम सहाना समूह), नेकपा (मानन्धर समूह), नेकपा (कृष्णराज बर्मा समूह) सँग मैले भेटघाट, छलफल र वार्ता गरेको थिएँ । न्यूनतम कार्यक्रमका आधारमा वामपन्थी एकता, कम्युनिष्ट एकताका लागि पहलकदमी र कम्युनिष्टहरू एउटै मञ्चमा आएर अन्य निरंकुश तथा निर्दलीय पञ्चायती व्यवस्था विरोधी प्रजातान्त्रिक शक्तिहरूसँग मिलेर जानुपर्ने प्रस्ताव मैले राखेको थिएँ । नेकपा (माले) को नेतृत्वले कमरेड मनमोहन, तुलसीलाल, कृष्णराज बर्मा, विष्णुबहादुर मानन्धर आदिले नेतृत्व गरेका समूहलाई कम्युनिष्ट समूह मान्न

अस्वीकार गरेको थियो। त्यसबखत मेरो विश्लेषणमा उहाँहरूले नेतृत्व गरेका समूह पनि कम्युनिष्टहरू नै हुन् भन्ने थियो । शान्तिपूर्ण जनआन्दोलनको कार्यनीति लिएका यी कम्युनिष्ट समूहमा अलिक सुविधावादी प्रवृत्तिहरू थिए । नेपालमा राजतन्त्रको अन्त्यका लागि सशस्त्र विद्रोहको आवश्यकता हुन सक्छ भन्ने मेरो दृष्टिकोण अवधारणा रहेको हुँदा मेरो विश्लेषणमा पनि उहाँहरूभित्र केही दक्षिणपन्थी कमजोरी देखिन्थे ।

नेकपा (माले)बाट उग्रवामपन्थी चिन्तन, दृष्टिकोण र व्यवहार हटाउने र माथि उल्लिखित अन्य कम्युनिष्ट समूहभित्रका केही दक्षिणपन्थी चिन्तन दृष्टिकोण र व्यवहार हटाउने हो भने कम्युनिष्ट एकता सम्भव छ भन्ने मलाई लागेको थियो। त्यसबेला मैले पाटन पिया पोखरीस्थित चिरकाजी डंगोलको घरमा कमरेड निर्मल लामासँग भूमिगत भेटवार्ता गरेको थिएँ । नेपालमा शान्तिपूर्ण जनआन्दोलन र सशस्त्र विद्रोह गरेर नै राजतन्त्र अन्त्य गर्न सकिन्छ भन्ने हाम्रो समान धारणा थियो । विभिन्न कम्युनिष्टहरूसँग ०४१–४४ मा भएका भेटघाट र छलफलका रोचक प्रसँगहरूको पछि चर्चा गर्नेछु ।

नेकपा (माले) बाट विद्रोह गरेर हिँडेपछि म देशका विभिन्न जिल्ला र भारत प्रवासका केही सहरहरूमा पुगेँ । अन्य विचार, दृष्टिकोण मिल्ने वामपन्थीहरूसँग मिलेर ०४० वैशाख १ गते संयुक्त वक्तव्य जारी गरे । उक्त संयुक्त वक्तव्यको मस्यौदा चैत ४ र ५ गते दुई दिन लगाएर चितवनस्थित कमरेड नरबहादुर खाँडको घरमा बसेर लेखेको थिएँ। त्यो मस्यौदा लिएर म पोखरा काठमाडौँ आदि ठाउँमा पुगेँ। करिब २ सय कमरेडहरूको सहमतिमा उक्त संयुक्त वक्तव्य जारी गरिएको थियो । त्यसबखत नेपाली राजनीतिक वृत्तमा उक्त संयुक्त वक्तव्य धेरै चर्चित रह्यो, धेरैजसो पत्रपत्रिकाले चर्चा टिप्पणी गरेका थिए ।

पुस्तिका आकारमा २० पेज लामो संयुक्त वक्तव्यको सार म यहाँ संक्षिप्त रूपमा चर्चा गर्न चाहन्छु । उक्त वक्तव्यमा नेकपा (माले), नेकपा (चौथो महाधिवेशन) र सर्वहारा श्रमिक संगठनसँग मतभेद राख्ने साथीहरूका साथै पुष्पलाल समूहसँग ०३० देखि मतभेद राख्दै स्वतन्त्र मत राखी अलग भएका चितवनको र कास्की लगायत २५ जिल्लाका साथीहरूको हस्ताक्षर थियो ।

संयुक्त वक्तव्यको सुरुआत विश्वमा दिनप्रतिदिन बढ्दै गइरहेको हतियारको होड र आणविक युद्धको खतराले विश्व शान्तिलाई गम्भीर चुनौती दिइरहेको चर्चा गर्दै हामीले साम्राज्यवादी शक्तिहरू खास गरेर अमेरिकी साम्राज्यवाद विरोधमा केन्द्रित गरेका थियौँ । त्यसबखतको अमेरिकी साम्राज्यवाद हस्तक्षेप, आक्रमण गरिरहेका सबै मुलुकको विवरण दिएको थियो र विश्व साम्राज्यवादीहरूद्वारा गरिने व्याजे शोषण, प्राकृतिक सम्पदाहरूको लुट-खसोट, पुँजीवादी देशहरूको बेरोजगारी समस्याहरूलाई विश्वका गरिब मुलुकहरूमाथि थोपर्ने नीति, ऋण र सहयोगहरूमा साम्राज्यवादी, नव उपनिवेशवादी, सर्तबन्दी आदिले गर्दा एसिया, अफ्रिका, ल्याटिन अमेरिकी देशहरूमा गम्भीर आर्थिक संकट शोषण उत्पीडन परेको उल्लेख थियो ।

विश्वमा साम्प्रदायिक भेदभावको आडमा साम्राज्यवादीहरूले विभिन्न धर्म, जाति, भाषाबीचको भेदलाई बढाउँदै फुटालेर शोषण र शासन गर्ने नीति अख्तियार गरिरहेको, त्यसकारण विश्वका समानता, स्वतन्त्रता, न्यायका पक्षधर जनता यस्तो साम्राज्यवादी उपनिवेशवादी जातिवादी र रङ्गभेदवादी नीतिहरू कडा विरोध अगाडि बढिरहेकाले यस्तो स्थितिमा उनीहरूसँग हातेमालो गरेर अगाडि बढ्न आह्वान गरिएको थियो ।

विश्वका विभिन्न देशमा खुला र भूमिगत रूपमा कार्यरत कम्युनिष्ट पार्टी संगठनहरूलाई कम्युनिष्ट आन्दोलनमा देखापरेका मतभेदहरूलाई

सिंहावलोकन गर्न आह्वान, निकिता खुश्चेवको दक्षिण कार्यदिशा र माओत्सेतुङको उग्रवाम कार्यदिशा दुवैले क्षति पुगेको, सही मार्क्सवादी-लेनिनवादी कार्यदिशा लिनुपर्ने, समाजवादी चीन र समाजवादी सोभियत संघको एकतामा जोड दिइएको थियो । सोभियत संघ र चीन दुवै देशका कम्युनिष्ट पार्टीबीच एकतामा जोड दिँदै विश्व कम्युनिष्ट आन्दोलनभित्र अन्धभक्तिवाद, व्यक्तिपूजाको रोग, संकीर्ण राष्ट्रवादी चिन्तनविरुद्ध संघर्ष गर्न आह्वानका साथ मार्क्सवाद-लेनिनवादीको सिर्जनात्मक प्रयोग गर्दै काँधमा काँध मिलाएर अघि बढौं भन्ने आह्वान गरिएको थियो ।

देशमा ००७ सालको जनक्रान्तिलाई गलत दिशातिर मोड्न दिल्ली सम्झौतामा टुङ्ग्याएपछि ०१७ साल पुसमा सीमित जनअधिकारमाथि फौजी कवाज खेलेको, त्यसपछि शासक गुटका अनेकौँ भ्रमजाल, षड्यन्त्रहरू चर्चा ०३५/३६ मा जनविद्रोहबाट त्रसित भएर जनमत सङ्ग्रह घोषणा भएको, जनमत सङ्ग्रह, जनसंघर्ष र आन्दोलनकै उपज भएको जनमत सङ्ग्रहमा २० लाख जनताको भावना विचारलाई कदर नगरी जबर्जस्ती सबै नेपालीहरूलाई पञ्च घोषित गर्ने नीतिको विरोध गर्दै ०३७ सालको जनविरोधी संशोधित संविधानको आडमा राष्ट्रिय पञ्चायतको चुनाव गरिएको, पञ्चहरूले गरेको अन्याय, अत्याचार, भ्रष्टाचार, शोषण, उत्पीडन आदिको भण्डाफोर गरिएको थियो । पञ्चायती शासनको २२ वर्ष घोर जनविरोधी रहेको शब्द तस्बिर पेस गरिएको थियो- संयुक्त वक्तव्यमा ।

# २०४० सालमै संविधानसभाको प्रस्ताव

संयुक्त वक्तव्यमा त्यसबेला नेपाली कांग्रेसलाई यसरी सम्बोधन गरिएको थियो । वर्तमान तनाव, सङ्कट र भेदभावले भरिपूर्ण राष्ट्रिय परिस्थितिमा नेपाली कांग्रेसका दक्षिणपन्थी नेताहरू पञ्चायती शासक गुटलाई प्रहार केन्द्रित गर्नुभन्दा उग्र कम्युनिष्टविरोधी तथाकथित प्रतिक्रियावादी 'राष्ट्रिय मेलमिलाप' नारा लगाइरहेका छन् । नेपाली कांग्रेसका वास्तविक प्रजातन्त्र चाहने नेता र कार्यकर्ताहरूले गम्भीरतापूर्वक सोच्ने समय आएको छ । हामीलाई आशा छ, तपाईंहरूले सोच्नुहुनेछ र सही बाटो लिनुहुनेछ ।

वक्तव्यको अन्त्यमा वामपन्थी देशभक्त र जनवादी शक्तिहरूको एउटै मञ्चमा गोलबन्द हुन आह्वान गर्दै राष्ट्रिय जनवादी मोर्चा निर्माणका लागि न्यूनतम साझा कार्यक्रमको मस्यौदा पेस गरिएको थियो । त्यो ऐतिहासिक मस्यौदा, न्यूनतम कार्यक्रम जस्ताको त्यस्तै पेस गरिएको छ ।

**राजनीतिक क्षेत्र**

१. बोल्ने, लेख्ने, सभा प्रदर्शन गर्ने स्वतन्त्रताको पूर्ण ग्यारेन्टी ।

२. सङ्गठन र पार्टी स्वतन्त्रताको पूर्ण ग्यारेन्टी ।

३. निर्वाध आगमनको स्वतन्त्रता र पत्राचारको गोपनीयताको पूर्ण ग्यारेन्टी ।

४. सम्पूर्ण राजबन्दीहरूको बिना भेदभाव रिहाइ ।

५. निष्पक्ष, स्वतन्त्र न्यायालयको गठन ।

६. जवनविरोधी वर्तमान संविधान साथै काला कानुनहरूको खारेजी ।

७. जनताप्रति उत्तरदायी व्यवस्थापिका र सरकारको गठन ।

८. १८ वर्ष पुगेका नेपाली नागरिकहरूको प्रत्यक्ष जनसहभागितामा संविधानसभाद्वारा निर्मित मस्यौदा संविधानमाथि राष्ट्रियव्यापी छलफलद्वारा नयाँ संविधानको निर्माण ।

## आर्थिक क्षेत्र

१. देशको पछौटेपन हटाउन साम्राज्यवादी व्याजे सर्तबन्दी ऋणभन्दा समाजवादीहरूको निःस्वार्थ निःसर्त ऋण र सहयोगमा जोड दिने ।

२. संयुक्त परियोजनाहरूमा नेपाली पक्षको लाभ र हितको पूर्ण ग्यारेन्टी ।

३. विदेशी कालो पूँजीलाई बन्देज, राष्ट्रिय उद्योगलाई जोड दिने ग्यारेन्टी ।

४. उद्योगीहरूमा दलाल तथा नोकरशाहहरूको पुँजी र निजी क्षेत्रलाइ मात्र प्रोत्साहित गर्ने नीति अन्त्य गरी समाजवादमुखी उद्योग नीति स्थापना गर्ने

५. व्यक्तिगत स्वामित्वमा रहेका ठूला-ठूला बैङ्कहरूको राष्ट्रियकरण ।

७. किसानहरूको न्यूनतम मागहरू, जस्तै, सिंचाइ, मल, बीउ र ऋणको सुलभ व्यवस्था, मोहियानी हकको रक्षा सबै किसिमका किसानहरूमाथि हुने सामन्ती शोषणहरूको अन्त्य ।

८. सुकुम्वासीहरूमा निष्पक्ष छानबिन वास्तविक सुकुम्बासीहरूलाई जमिनको व्यवस्था, घर वास निर्माणका लागि सुलभ ऋणको व्यवस्था ।

९. सबैखाले मजदुरहरूको न्यूनतम आर्थिक मागको पूर्ति, मजदुरहरूको वेतन वृद्धिमा जोड । ८ घन्टा काम, कारखानामा मजदुरहरूको अधिकारको ग्यारेन्टी, मुनाफाको हिस्सा मजदुरहरूवीच बटवारा ।

१० सहरीया निम्नमध्यमः तथा मध्यम वर्गीय शिल्पकार, कालीगढ़, साना

व्यापारी आदिको पेसागत हित रक्षाको ग्यारेन्टी ।

११ विद्यार्थी, शिक्षक, कर्मचारी र प्राविधिकहरूको न्यायोचित आर्थिक मागहरूको पूर्ति ।

१२. महंगी, बेरोजगारी, भ्रष्टाचार, तस्करी र कालाबजारी, आदिको अन्त्यका लागि - पहल गर्न ।

१३. विद्यार्थी र शिक्षकहरूको न्यायोचित मागहरू पूर्ति ।

**सामाजिक क्षेत्र**

१. धार्मिक भेदभावको अन्त्य, धार्मिक स्वतन्त्रताको ग्यारेन्टी ।

२. जातिहरूबीच साम्प्रदायिक भावनाको विजारोपणको अन्त्य । आत्मनिर्णयको अधिकारको ग्यारेन्टी ।

३. भाषाभाषाबीच भेदभावको अन्त्य । सबै भाषाको समानता । अल्पसङ्ख्यक भाषाको कदर संरक्षण ।

४. अल्पसङ्ख्यक वा पिछडिएका जातिहरूको शिक्षा र नोकरीमा प्रोत्साहन ।

५. निम्न माध्यमिकस्तरसम्म निःशुल्क शिक्षाको ग्यारेनी साथै सुलभ वैज्ञानिक तथा व्यावहारिक शिक्षामा जोड़ ।

६. निःशुल्क प्राथमिक स्वास्थ्य उपचारको राम्रो व्यवस्था

७. सामाजिक जीवनको सबै क्षेत्रमा नारी पुरुष समान अधिकारको पूर्ण ग्यारेन्टी महिलाहरूमाथिको पितृसत्तात्मक सामन्ती बन्धनहरू र पुँजीवादी विकृत स्वतन्त्रताको अन्त्य ।

**सांस्कृतिक क्षेत्र**

१. सामन्ती, सामन्तवादी रुढीवादी कुरीतिपूर्ण सांस्कृतिक परम्पराहरूको अन्त्य

२. पुँजीबादी विकृतिहरूको उचित रोकथाम ग्यारेन्टी ।

३. प्रगतिशील कला साहित्यलाई प्रोत्साहन ।

४. सबै जातीय संस्कृतिको संरक्षण र प्रर्द्धधन

**राष्ट्रिय जनवादी मोर्चाले अन्तर्राष्ट्रिय क्षेत्रमा अपनाउनुपर्ने नीतिहरू**

१. समाजवादी देशहरू सोभियत सङ्घ र चीनलगायत सबैसँग मित्रतामा जोड दिने

२. राष्ट्रिय तथा जनमुक्ति आन्दोलनहरूलाई दृढ समर्थन र सहयोग

३. अलग-अलग समाज व्यवस्था भएका देशहरूसँग शान्तिपूर्ण सह-अस्तित्वको सिद्धान्तकै आधारमा सम्बन्ध विस्तार गर्ने

४. भारत र चीनसँग समान मित्रताको नीति लिने

५. साम्राज्यवादी शक्तिको विरोध गर्दै विश्वमा शान्ति स्वतन्त्रता र समानताको पक्षपोषण गर्ने,

# झापालीहरू सीआईएबाट सञ्चालित !

संयुक्त वक्तव्य दिने हामी स्वतन्त्र साथीहरूले २०४० पुस १ र २ गते तनहुँको देवघाटमा पहिलो भेला गऱ्यौँ । उक्त भेलामा देशका विभिन्न जिल्लाबाट २५ जना साथीहरू सहभागी थियौँ । भेलाको पहिलो एजेन्डा २०४० वैशाख १ गते पछि कामको समीक्षा थियो भने दोस्रो एजेन्डा पार्टी कार्यक्रमसम्बन्धी राजनीतिक प्रस्ताव थियो । धेरै साथीहरूले नयाँ पार्टी गठन गर्ने प्रस्ताव पनि ल्याउनुभयो । तर, मैले स्वीकार गरिन । अन्त्यमा छलफलपछि तेस्रो एजेन्डाका रूपमा वामपन्थी एकता आन्दोलनका सहभागीहरू अर्थात्, वाम-दबाब समूहका रूपमा काम गर्ने तय गरियो । भेलाको व्यवस्थापनको जिम्मेवारी कमरेड किरण पौडेल र डम्बरबहादुर रानाले लिनुभएको थियो । १० जना स्वयंसेवकको रेखदेखमा हाम्रो भेला दुई दिनसम्म चल्यो । अन्त्यमा व्यवस्थापन समितिले अन्तिममा, सप्तगण्डकी नदी किनारको जङ्गल दासढुङ्गाको ठीक पारिपट्टि खसी काटेर पिकनिक आयोजना गरेको थियो । त्यस भेलाको पहिलो एजेन्डा ०४० वैशाखदेखि ०४१ मंसिरसम्म गरिएका कामको समीक्षा थियो । त्यही समीक्षा प्रतिवेदनको नोटको आधार सम्झना भएसम्मका कुराहरू मैले यहाँ उल्लेख गरेको छु ।

### तुलसीलाल पनि तर्किनुभयो

नेकपा (तुलसीलाल समूह) का नेता कमरेड तुलसीलाल अमात्य र भीमप्रसाद उपाध्यायसँग पहिलो भेट भारतीय राजधानी दिल्लीको पूर्वी विनोदनगरमा भएको थियो । मेरा मित्र केदार शर्मा आचार्यले भेट्न मद्दत

गरेका थिए । उहाँहरूलाई कमरेड नरेश्वर ज्ञवाली र मैले भेटेका थियौँ । भेटघाटमा हात मिलाएर बसेपछि कमरेड टीएल (तुल्सीलाल) ले ''के कामले भेट्न खोज्नुभएको हो ?'' भनेर सोध्नुभयो । हामीले आफ्नो संक्षिप्त परिचय दियौँ । नेकपा (माले) सँग मतभिन्नता राखी अलग भएर कम्युनिष्ट र वामपन्थी एकताका लागि प्रयास प्रयत्न गरिरहेको चर्चा गर्दै नेकपाको तेस्रो महाधिवेशनलाई आधार बनाएर पार्टी एकता प्रस्ताव राख्यौँ । कमरेड स्वयम् नेकपाको तेस्रो महाधिवेशनपछिको महासचिव भएको हुँदा 'कम्युनिष्ट एकताको पहल गर्नुपर्छ' भन्ने कुरा हामीले गरेपछि कमरेड तुलसीलालले भन्नुभयो- ''माले-झापालीहरू वास्तवमा सीआईएद्वारा सञ्चालित छन् । उनीहरू नक्सलपन्थीहरूबाट हतियार लिएर व्यक्तिहत्याको बाटोमा हिँडेका छन् । तपाईंहरूले त्यो उग्रवादी पार्टी छाडेर ठीक गर्नुभयो । कम्युनिष्ट पार्टी एकजुट बनाउन मैले काम गरिरहेको छु । केही दिनपछि म देशभित्रै जाँदै छु । उतै भेटेर पनि कुरा गरौँला । अहिले केही पुस्तक लगेर पढ्नुहोला । उहाँले राष्ट्रिय प्रजातन्त्र कार्यक्रमसम्बन्धी पुस्तिका दिनुभयो । त्यो बोकेर हामी बिदा भयौँ ।

दिल्लीबाट फर्केपछि पुनः पाटनको पूर्णचन्डी ओलाटोलस्थित चन्द्रशेखर श्रेष्ठको घरमा कमरेड तुलसीलालसँग हाम्रो भेटघाट भयो । हामीले सार्वभौमसत्ता सम्पन्न संसद स्थापनाका लागि तेस्रो महाधिवेशनले अघि सारेको लाइन ठीक रहेको र शाही शासनको अन्त्य भनेर राजतन्त्र अन्त्यबारे स्पष्ट दृष्टिकोण नभएको गुनासो उहाँसमक्ष गर्‍यौँ । हामीले कमरेड तुलसीलाल समूहको कार्यनीति र सङ्गठनात्मक नीतिको आलोचना पनि गर्‍यौँ र भन्यौँ- शान्तिपूर्ण संघर्षलाई प्रमुखता दिनु ठीकै हो राजतन्त्रको अन्त्य र गणतन्त्रको प्राप्तिका लागि सशस्त्र विद्रोह पनि आवश्यकता पर्छ त्यसकारण दोहोरो कार्यनीति लिनुपर्दछ तर कमरेड तुलसीलालले हाम्रो कुरा स्वीकार गर्नु भएन । हामीले अघि सारेको सङ्गठनात्मक नीतिमा खुला भूमिगत दुवै तरीका अपनाउन दुवै सङ्गठन निर्माण गर्ने प्रस्ताव पनि

उहाले स्वीकार गर्नुभएन । मुख्य विवाद राजतन्त्र अन्यको नारा दिने प्रश्नमै रह्यो । उहाँले निरङ्कुश निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय व्यवस्था प्राप्तीको नारा स्वीकार गर्नुभयो । यसैमा साझा सहमति भयो । अन्त्यमा विदा हुने बेलामा मैले भने कमरेड खुला रहेर पार्टीका नेतृत्व गर्नुहोस् हामी भूमिगत रहेर पार्टी निर्माण गर्छौं । शाहीतन्त्र भन्नुहोस् वा राजतन्त्र अत्यका लागि यसो गर्न जरुरी छ । उहाँले भेट्दै जाऔँ पछि कुरा गरौँला भन्नुभयो । मेरो कुराबाट उहासँगै वार्तामा आउनुभएका उमेश श्रेष्ठ , हिमबहादुर क्षेत्री र हेमराज भण्डारी प्रभावित हुनु भएछ । उहाँहरूसँग पुनः भेटघाट र छलफल भयो । धेरै कुरामा सहमति समेत भयो ।

## मनमोहनले चश्मा खोल्नुभयो

हामीले नेकपा (मनमोहन समूह) का नेताहरूसँग पनि भेटघाट र वार्ता गरेका थियौँ । मनमोहन समूहको केन्द्रीय नेतृत्वमा रहनुभएका कमरेड खेमनारायण ढुङ्गाना र एमएस थापासँग पोखरा (उहाँहरूकै घर) मा दुइपल्ट कमरेड टेकनाथ बराल, बालकृष्ण सुवेदी, महेन्द्र कतिला, र मैले भेटवार्ता गरेका थियौँ । त्यसबखत हाम्रा बीचमा धेरै कुरा मिलेका पनि थिए । नेकपा (मनमोहन समुह) का नेता कमरेड मनमोहन अधिकारसँग पनि पहिलो भेट पाल्पाको सदरमुकाम तानसेनमा भयो । तर त्यस बेला वार्ता - छलफल गर्ने वातावरण नै बनेन । हात मिलाए मात्र फर्किए । मलाई लिएर जाने कमरेडले मनमोहनलाई मेरो भूमीगत अवस्थाबारे जानकारी नदिएको होकि ! उहाँले आफू बसेको घरको आँगनमा कुर्सी लगाएर ‘ल कुरा गरौँ विक्रमजी भन्नुभयो ।’ प्रतिउत्तरमा मैले उहाँलाई अलिक पर बोलाएर कानमा खुसुक्क भनेँ - “कमरेड म ०३३ सालमा नख्खु जेल तोडेर बाहिर निस्केको हुँ । अहिलेसम्म भूमिगत अवस्थामै छु । सायद तपाईलाई जानकारी भएन, म पछि पूनः भेट्छु ।” म कुरै नगरी हात मिलाएर हतार-हतार विदा भएँ ।

०४० जेठ-असारतिर कमरेड, मनमोहन अधिकारीसँग, पाटन गावहालमा उहाँकै डेरामा भेट भयो । म राति नौ बजे त्यहाँ पुगेँ । उहाँलाई

पहिले नै खबर भएको थियो । मैले आफूसँगै गएका दुईजना सुरक्षा स्वयंसेवकलाई डेरा नजिकै बाटोमा छाडेको थिएँ । कोठामा पस्नेवित्तिकै कमरेड मनमोहनले 'विक्रमजी, ल बस्नुहोस् भन्दै मेचतिर देखाउनुभयो ।' हात मिलाएर बसेँ । करिब साढे एक घन्टा कुराकानी भयो । छलफलका विषय वामपन्थी एकता, नेकपाको एकता, माओ विचारधारा, मुलुकको परिस्थिति, विश्व परिस्थिति सोभियत संघ, चीन, अमेरिका, भारत आदि थिए ।

कमरेड मनमोहनले कुरा सुरु गर्दै भन्नुभयो- तपाईंहरूको संयुक्त वक्तव्य पढे । माले झापालीहरूलाई छाडेर ठीक गर्नुभयो । उनीहरूको व्यक्तिहत्याको लाइनले नेपालको कम्युनिष्ट आन्दोलनलाई ड्यामेज गर्‍यो । मलाई शङ्का छ, उनीहरू कतैबाट सञ्चालित छन् । यो कुरा सुनेपछि मैले जवाफमा भने नेकपा (माले) का नेता-कार्यकर्ता उग्र वामपन्थी र अराजकतावादी विचार-दृष्टिकोण राख्छन् यसले नेपालको कम्युनिष्ट आन्दोलनमा क्षति पुगेको तपाईंको भनाइसँग म सहमत छु । तर, उनीहरू निःस्वार्थी र त्यागी नै छन् । उनीहरूमा बलिदानी भावना छ । म सँगै काम गरेर आइरहेको छु । कोही कोही खराब हुन सक्छन् । तर, धेरै साथीहरू ठीक छन् । शङ्का गर्न सकिन्छ । तर, यथार्थ र सत्य मैले भनेजस्तै हो । मेरो कुरा सुनेर कमरेड मनमोहनले, "चश्मा" खोल्नुभयो र एकछिन मतिर घुरेर हेर्नुभयो, मैले आफ्नो भनाइ जारी राखे- नेकपा (माले) भित्र मेरोजस्तै, विचार राख्नेहरू बढ्दै छन्, विस्तारै परिवर्तन हुँदै जाने आशा राख्न सकिन्छ । संयुक्त वक्तव्य दिने साथीहरूको प्रतिनिधिका हैसियतले म तपाईसँग केही निवेदन गर्न चाहिरहेको छु नेपाल कम्युनिष्ट पार्टी टुक्रा-टुक्रा भयो । यसलाई जोड्ने काममा तपाईको पहल आवश्यक छ । सबै कम्युनिष्ट समूह एकजुट हुन नसके पनि तुलसीलाल समूह, बलराम- साहना समूह, मानन्धर समूह र बर्मा समूहसँग पनि वार्ता छलफल गर्नुपर्दछ । मेरो प्रस्ताव सुनेपछि कमरेड, मनमोहनले भन्नुभयो "तपाईंको वामपन्थी कम्युनिष्ट एकताको प्रस्ताव ठीक छ विक्रमजी, तर यहाँ कोही

मिल्न तयार छैनन् ।"

मैले कमरेड मनमोहनसँग नेकपाको मार्गदर्शक सिद्धान्तमा माओ विचारधारालाई राख्ने वा नराख्ने बारेमा तपाईको सोच के छ ? भनेर सोधे । उहाँले भन्नुभयो- "माओ विचारधारा छलफलमा नै छ- मार्क्सवाद-लेनिनवाद मात्र भन्दा पनि मलाई आपत्ति छैन । मैले फस्ट कंग्रेसमा पनि मार्क्सवाद-लेनिनवाद मात्र भनेको थिएँ। कम्युनिष्टहरू फुटेको राम्रो होइन, मिलनविन्दु खोज्नुपर्दछ । सँगै मिलेर काम गर्दै जाऔँ, सम्पूर्ण इमानदार र अनुशासितहरू एक ठाउँमा आउँछन् आउँछन्, विक्रमजी ।"

हामी तपाईको पहलमा सहयोगी हुन्छौँ- मैले वचन दिए । अन्त्यमा निरङ्कुश निर्दलीय पञ्चायती व्यवस्था विरोधी बहुलवादी शक्तिहरूको एकता हुनुपर्ने र त्यस भन्दा अगाडि वामपन्थी शक्तिहरू एक ठाउँमा आउनुपर्दछ भन्ने कमरेड मनमोहनको प्रस्तावलाई हामीले स्वीकार गऱ्यौँ ।

# लगातार वार्ता

## मानन्धरले मान्नुभएन

त्यही अवधिमा नेकपा (मानन्धर समूह) का महासचिव कमरेड विष्णुबहादुर मानन्धरसँग चितवन र काठमाडौँमा छलफल भयो । वामपन्थी एकता मात्र नभनी वाम-प्रजातान्त्रिक एकता भन्नुपर्ने उहाँको प्रस्ताव उचित नै लागेर हामीले समर्थन गर्‍यौँ । साथै, हामीले चीनले नेपाललाई एकाबिहानै निल्ने वक्तव्य भारतको गोरखपुरबाट दिएर राष्ट्रिय मेलमिलापको नारा दिने उग्र कम्युनिष्ट विरोधी काङ्ग्रेसहरूबाट सतर्क रहनुपर्ने कुरा पनि हामीले राख्यौँ । वार्ताकै दौरानमा कमरेड मानन्धरले भन्नुभयो- चीनमा समाजवाद छ त्यहाँ कमजोरीहरू छन् । तर, चीनको कम्युनिष्ट पार्टी गलत छ, संशोधनवादी छ । हामीले सोध्यौँ- गलत र संशोधनवादी पार्टीको नेतृत्वमा चीनमा कसरी समाजवाद हुन सक्छ भन्ने प्रश्न हाम्रो थियो । उहाँले जवाफमा भन्नुभयो- त्यसैले चीनको समाजवादमा कमजोरीहरू छन् भनेको, बुझ्नुभयो । आधारभूत रूपमा हामीले प्रश्नको उत्तर पाएनौँ । हाम्रो तर्क थियो- चीनको कम्युनिष्ट पार्टीलाई गलत, 'संशोधनवादी' कल्की लगाइदिन हुन्न, शत्रुजस्तो व्यवहार गर्नुहुन्न, सोभियत संघ र चीनको कम्युनिष्ट पार्टीलाई समदूरीमा राख्नुपर्छ । भारतीय शासकहरूलाई हेर्ने दृष्टिकोणमा पनि भिन्नता थियो । भारतलाई सोभियत आँखाले होइन, हाम्रो आफनै आँखाले हेर्नुपर्छ, भारतको एकाधिकार पुँजीवादी शोषण र

सीमा हस्तक्षेपहरूलाई देख्नुपर्छ र त्यसप्रति आँखा चिम्लन हुँदैन भन्ने कुरा हामीले राख्यौँ । तर भारतलाई विस्तारवादी शत्रु घोषित गर्ने कुराका हामी विरोधी थियौँ । निरङ्कुश निर्दलीय पञ्चायती व्यवस्था विरोधी शान्तिपूर्ण जनआन्दोलनको कार्यनीतिमा भिन्नता भएन । तर, राजतन्त्रको पूर्ण अन्त्य र जनगणतन्त्र प्राप्तिका लागि सशस्त्र विद्रोह गर्ने हाम्रो दोहोरो कार्यनीति उहाँले स्वीकार गर्नुभएन । त्यसकारण संगठन निर्माणसम्बन्धी नीतिहरूमा भिन्नताहरू रहिरहे । वार्तामा हाम्रो तर्फबाट कमरेड नरबहादुर खाँड र म गएका थियौँ ।

## बर्मासँग घट्टेकुलोमा छलफल

नेकपा (वर्मा समूह) का कैलाश कार्की, शिवशरण कुँवर र हरि रोक्का लगायतका केन्द्रीय सदस्यहरू सक्रिय युवा विद्यार्थी नेताहरू हुनुहुन्थ्यो । काठमाडौँमा हरि रोक्का र शिवशरण बस्ने डेरा मेरो आश्रयस्थल नै भएको थियो । शिवशरण कुँवरको चितवनको घर पनि मेरो भूमिगत आश्रयस्थल नै भएको थियो । उहाँहरू तीनैजना वामपन्थी एकताका लागि सकरात्मक हुनुहुन्थ्यो । उहाँहरूले नै नेकपा (वर्मा समूह) का नेता कृष्णराज बर्मासँग घट्टेकुलोस्थित डेरामा ०४० मंसिरको अन्त्यमा भेट गराउनुभयो । म पुग्दा करिब रातको ७, ८ बजेको थियो । भेटेर परिचय गर्ने बित्तिकै बसेर कुराकानी सुरु गऱ्यौँ । कमरेड वर्माले कुरा सुरु गर्दै भन्नुभयो- संयुक्त वक्तव्य मैले पढेँ, बडो राम्रो लाग्यो । अरू के छ भन्नुहोस । त्यसपछि मैले भने- नेकपा (माले) को उग्रवामपन्थी दृष्टिकोण-विचारका विरुद्ध हामीले पार्टीभित्र र बाहिर संघर्ष गर्दैछौँ । यो वैचारिक संघर्ष तीव्र बन्दैछ, पार्टीभित्र मतभेद राख्न जनवादसमेत पाइएन । पार्टीले विचार राखेकै कारण दक्षिणपन्थी, संशोधनवादीको आरोप लगाएर कारबाही गरी निष्कासन गर्‍यो । म अहिले भूमिगत राजनीतिक कर्मीका रूपमा काम गरिरहेको छु । संयुक्त वक्तव्य दिने वामपन्थी साथीहरूको प्रतिनिधिको हैसियतले तपाईसँग वार्ता

छलफल, विचार आदानप्रदान गरौँ भनेर आएको हौँ । कम्युनिष्ट पार्टी विभाजित रहेको यस अवस्थामा तपाई पनि कम्युनिष्ट पार्टीको पुरानै नेता हुनुहुन्छ । कम्युनिष्ट समूहमध्ये मनमोहन, साहना-बलराम, तुलसीलाल, मानन्धर र तपाईहरू एकजुट हुन सक्ने आधार हामी देख्छौँ। तपाईंले पनि पहलकदमी लिनुपर्यो। हामीले कस्तो सहयोग पुऱ्याउनुपर्ने हो, तयार छौँ। यदि अहिले तत्कालै कम्युनिष्ट पार्टी एक नभए, वामपन्थी, देशभक्त जनवादी शक्तिहरूको एकताका रूपमा एउटा मोर्चा बनाउनुपर्छ भन्ने मान्यता हाम्रो हो । यस्तो मोर्चाले पञ्चायत विरोधी नेपाली काङ्ग्रेस लगायतसँग बृहत् बहुदलवादी एकता गर्न सक्छ। यसका लागि मिलेर काम गर्न हामी तयार छौँ। मेरा कुरा सुनेपछि कमरेड बर्माले भन्नुभयो- "तपाईले राखेका कुरामा मेरो असहमति छैन । मिल्न सक्ने समूह मिल्दै जानुपर्छ । सबै एकैपल्ट मिल्न पनि गाह्रो छ म अवश्य पनि यस पक्षमा ध्यान दिनेछु। हाम्रो पार्टीले यो प्रस्ताव गरेको छ। वामपन्थी- प्रजातन्त्रवादी शक्ति मिलेर नै पञ्चायत अन्त्य गर्न सकिन्छ । काम गर्दै जाऔँ ।" यति भनिसकेपछि फेरि उहाँले थप्नुभयो- 'अँ, तपाईंले माले पार्टीमा पनि संघर्षको कुरा गर्दै हुनुहुन्थ्यो । पार्टीभित्र कस्तो अवस्था छ जानकारी पाउन सकिन्छ ?' मैले नेकपा (माले)मा तीन वर्षबीचमा राखेका १४ मतभेदको संक्षिप्त जानकारी गराउदै भनेँ- मालेभित्र मेरो मतको समर्थन बढ्दै छ। हामी बाहिर आयो, पार्टीभित्र संघर्ष चल्दै छ। मालेबाहिर र भित्र दुवै ठाउँमा चल्दै छ। मेरो कुरा सुनेपछि कमरेड बर्माले भन्नुभयो- "यत्रो ठूलो वैचारिक भिन्नता तपाईहरूमा छ । के माले पार्टी परिवर्तन हुन्छ र खैर तपाईको उद्देश्य सोच विचार राम्रै लाग्यो ।" कमरेड बर्माले मलाई केही दस्तावेजहरू दिनुभयो- हाम्रो पार्टी दस्तावेजहरू पढ्नुहोला फेरि भेटघाट र कुराकानी गर्दै रहुँला । उहाँले दिएका दस्तावेजहरू मैले लगाइरहेको ठूलो ओभरकोटको खल्तीमा हालेर बिदा भएँ।

# सबै कुरा पर्फेक्ट कहीँ हुँदैन

नेकपा (बलराम - साहना समूह) का नेता कमरेड साहना प्रधानसँग पनि हाम्रो भेटवार्ता र कुराकानी भएको थियो, जुन कुरा मैले साथीहरूलाई उक्त बैठकमा बताएँ । कमरेड एकराज पाण्डे, तिलक पराजुली र बोधराज काफ्लेसँग मेरो पहिलेदेखि नै परिचय र उठबस थियो । त्यो भेटघाटको व्यवस्था कमरेड एकराजले मिलाउनुभएको थियो । मेरो भूमिगत अवस्थाले गर्दा म रात परेपछि मात्र सहरमा हिँड्थे । झमक्कै साँझ पर्नेबित्तिकै एकराज र म उहाँको ठमेलस्थित डेराबाट निस्केर कमरेड साहनाको ठहिँटीमा रहेको घरमा पुगेका थियौँ । पुग्नेबित्तिकै हाम्राबीचमा 'नमस्ते नमस्ते' मै अभिवादन आदान-प्रदान भयो ।

'भूमिगत हुनुहुन्छ भन्ने सुनेकी छु विक्रमजी, हिँड्न बस्न कठिनाइ छैन ?'- मलाई पहिलो प्रश्न कमरेड साहनाले गर्नुभयो । मैले जवाफमा भनें- 'कठिनाइ छ, कमरेडहरू र साथीभाइले मद्दत गर्नुभएको छ । ०३६ अगाडिभन्दा अहिले अलिक खुकुलो अवस्था छ । नाम र भेष बदलेर अनि स्थिति हेरेर हिँडिन्छ ।' त्यसपछि म विषयवस्तुमा प्रवेश गरेँ- 'हामीले संयुक्त वक्तव्य पठाएका थियौं । अध्ययन गर्नुभयो होला । म संयुक्त वक्तव्य दिने साथीहरूको प्रतिनिधिकै हैसियतले कमरेडसँग केही कुरा राख्न यहाँ आएको छु ।' मेरो कुरा सुनेपछि साहनाले भन्नुभयो- 'भन्नुहोस्, के कुरा छ ?' मैले कुरा सुरु गरेँ- कमरेड पुष्पलालको नेतृत्वमा नेकपा स्थापना

भयो अहिले पार्टी फुटेर टुक्रा-टुक्रा भएको छ । यो दुःखको कुरा हो । मैले नेकपा (माले) भित्र फुटेको पार्टी समूहलाई एकताबद्ध पार्नुपर्ने कुरा राखेँ । तर, सहमति हुन सकेन । उल्टै दक्षिणपन्थी संशोधनवादीको आरोपमा म पार्टीबाट निष्कासनमा परेको छु । अहिले हामी केही साथीहरू मिलेर सबै समूहका नेताहरूलाई भेटी वामपन्थी एकताका लागि दबाब दिइरहेका छौँ । मनमोहन, तुलसीलालसँग तपाईहरूको समूहको एकताको सम्भावना हामी देख्छौँ । अहिले केशरजङ्ग रायमाझीलाई छाडेर विष्णुबहादुर मानन्धर र कृष्णराज बर्मा समूह देखापरेका छन् । उनीहरूसँग पनि एकताको पहल हुनुपर्यो । निर्मल लामा, मोहनविक्रम समूह (चौथो महाधिवेशन) नेमकिपा (रोहित समूह) र शम्भुराम समूह सबैसँग एकता पहल गर्नु राम्रै हुन्छ । कम्युनिष्ट पार्टीस्तरमा एकता तत्काल नभए वामपन्थी मोर्चाका रूपमा एकता हुन जरुरी देख्छौं । कमरेड पुष्पलालको सपना साकार पार्न निरङ्कुश, निर्दलीय पञ्चायती व्यवस्थाविरोधी बहुदलवादी शक्ति र व्यक्तिहरूको बृहत् संयुक्त मोर्चा बनाउने पहलकदमी लिन जरुरी छ । यसो गरेमा कमरेड पुष्पलालको संयुक्त जनआन्दोलनको नीतिलाई व्यवहारमा उतार्न सकिन्छ । कमरेड पुष्पलालले भनेजस्तो नेपालको कम्युनिष्ट आन्दोलन नीतिमुखी नभई नेतामुखी हुँदै छ । यसो हुन दिनु भएन ।' मैले यी कुराहरूका साथै मालेभित्र आफूले राखेका १४ मतभेदका बारेमा पनि संक्षिप्त जानकारी दिएँ ।

मेरो कुराहरू गम्भीरतापूर्वक सुनेपछि कमरेड साहनाले भन्नुभयो– 'उग्र झापाली मालेसँग विद्रोह गरेर ठीक गर्नुभएको छ । तपाईंको साथमा हामी छौँ, काम गर्दै जानुहोस् । पार्टी एकताको जुन कुरा छ, त्यति सजिलो छैन, अप्ठ्यारो छ र यो तत्काल हुँदैन । वाममोर्चा र वाम - प्रजातान्त्रिक शक्तिहरूबीचको एकता आजको आवश्यकता हो, यसका लागि मिलेर काम गरौँ ।'

छलफलको प्रसङ्गमा चीन र सोभियत सङ्घको कम्युनिष्ट पार्टी र समाजवादी प्रणालीबारे पनि कुरा उठेको थियो । मैले कमरेड साहनासँग

सोधेँ– 'यी दुई देशको पार्टी र सरकारी व्यवस्थालाई कसरी हेर्ने ?' जवाफमा उहाँले भन्नुभयो– 'सोभियत संघको पार्टी संशोधनवादी– दक्षिणपन्थी लाइनमा खुस्चेवको पालादेखि नै छ । तर, सोभियत संघको व्यवस्था प्रणाली समाजवादी नै हो । चिनियाँ कम्युनिष्ट पार्टी हाम्रो मित्र पार्टी हो । चीनमा समाजवादी व्यवस्था नै छ, समाजवाद क्रमशः विकास हुँदै छ ।' उहाँको जवाफ सुनेपछि मैले फेरि प्रश्न गरेँ– 'सोभियत संघको कम्युनिष्ट पार्टीलाई संशोधनवादी भन्नुभयो । मैले बुझेअनुसार संशोधनवादी भन्नाले मार्क्सवादलाई बङ्ग्याएर मार्क्सवादविरोधी काम गर्नेहरूलाई भनिन्छ । यसो भन्न मिल्छ र ? अनि यस्तो मार्क्सवादविरोधी संशोधनवादी पार्टीले नेतृत्व गरेको व्यवस्था कसरी समाजवादी हुन्छ ? 'संशोधनवाद' को कल्की लगाइदिन उचित हुन्छ ? दक्षिणपन्थी– उग्रपन्थी वा अन्य कमजोरी छन् भन्नु र संशोधनवाद नै भन्नुमा फरक हुन्छ जस्तो लाग्छ । मेरा प्रश्नहरू सुनेर कमरेड साहना धेरैबेर एकोहोरिनुभयो, सोच्नुभयो र पुनः जवाफ दिनुभयो– 'सबै कुरा पर्फेक्ट कहीँ हुँदैन ।'

# लामासँग लामो बहस

त्यसपछि नेकपा (चौथो महाधिवेशन समूह) का नेता कमरेड निर्मल लामासँग भएको भेट वार्ताको बारेमा मैले साथीहरू समक्ष कुराहरू राखेँ। कमरेड निर्मल लामालाई कुनै सूत्रबाट भेट्ने प्रस्ताव पठाउँदा उहाहरूको जवाफमा हाम्रै सेल्टरमा भेट्ने उत्तर प्राप्त भयो। राती ९ बजे पियापोखरी, पाटनमा, चीरकाजी डंगोलको घरमा कमरेड निर्मल लामा एक सहयोगीका साथ आउनुभयो। बाहिर, दोबाटो, गल्ली, घर, ढोका आदिमा हाम्रा सुरक्षा स्वयंसेवकहरू तैनाथ थिए।

मैले कमरेड निर्मल लामासँग हात मिलाउँदै भने– "तपाइसँग मेरो पहिला भेट उहाँले पनि भन्नुभयो– तपाईसँग पनि, मेरो पहिलो नै भेट हो।" कुराकानी करिब दुई घण्टा चल्यो। संयुक्त वक्तव्य, नेकपा (माले) सँग मैले राखेका १४ मतभेदहरू नेपालको कम्युनिष्ट आन्दोलन, मुलुकको स्थिति, वामपन्थी एकता, देशभक्त जनतान्त्रिक शक्तिहरूको सरकार, राजतन्त्र अन्त्यका लागि संघर्षको रणनीति र कार्यनीतिबारे हाम्रा कुराकानीहरू केन्द्रित भए।

कुरा सुरु गर्दै कमरेड निर्मल लामाले संयुक्त वक्तव्यबारे टिप्पणी गर्नुभयो– वक्तव्यमा अरू ठीक छ, तर, राजतन्त्रबारे कुनै कुरा छैन। वामपन्थी एकताका नाममा दक्षिणपन्थीहरूलाई मात्र समेट्न खोजेजस्तो लाग्यो। मैले स्पष्टीकरण दिँदै भनेँ– नेपालमा अहिले हामी कम्युनिष्टहरूले दोहोरो कार्यनीति लिनुपर्ने स्थिति हामी देख्छौँ। एउटा निरङ्कुश निर्दलीय

पञ्चायती व्यवस्थाविरोधी बृहत संयुक्त मोर्चा (जो शान्तिपूर्ण जनसंघर्ष र जनआन्दोलनको नीतिअनुरूप अघि बढ्छ ।) र अर्को राजतन्त्रको अन्त्य (जो जनगणतन्त्र प्राप्तिका लागि सशस्त्र संघर्ष-जनविद्रोहको नीति अन्तर्गत चल्छ ।) अर्थात् एउटा अर्धखुला र अर्को भूमिगत रूपमा चल्छ । एउटा कानुनी हुन्छ अर्को गैरकानुनी हुन्छ । त्यसकारण नेपालमा अहिले कम्युनिष्ट पार्टीको सङ्गठनात्मक नीति पनि दोहोरो कार्यनीतिले निर्देशित गरिनुपर्दछ खुला सङ्गठन र भूमिगत सङ्गठन ।

मेरो कुरा सुनेपछि उहाँले भन्नुभयो- तपाईंको कुरो त ठ्याक्कै हामीसँग मिल्यो नि । सँगै काम गर्नुपर्छ कमरेड मैले जवाफमा भने- “दोहोरो कार्यनीति तपाइसँग मिलेकोमा म पनि खुसी छु । तर, तपाईले अघि सारेको देशभक्त जनतान्त्रिक शक्तिहरूको सरकार राजतन्त्रको अन्त्यपछिको सरकार हो, वा त्यसभन्दा अगाडिको म स्पष्ट भएको छैन । बुझ्न चाहन्छु । नेकपा (माले) भित्र मतभेद राख्दा मैले, माओत्सेतुङ विचारधारा मार्गदर्शक सिद्धान्तमा उल्लेख नगरेर मार्क्सवाद-लेनिनवाद मात्र उल्लेख गरे पुग्छ भनेको छु । यसबारेमा तपाईसँग पनि मेरो प्रस्ताव उही नै हो । फेरि सोभियत संघलाई हेर्ने दृष्टिकोणमा पनि तपाईसँग मेरो मतभिन्नता छ । मेरो कुरा सुनेपछि फेरि उहाँले भन्नुभयो- देशभक्त जनतान्त्रिक शक्तिको सरकार एउटा सङ्क्रमणकालीन सरकारको परिकल्पना हो । यो सामन्तवाद र साम्राज्यवादविरोधी क्रान्तिको विशिष्ट स्थितिमा निर्माण हुन्छ । नेपालमा त्यस्तो अवस्था आउन सक्छ । प्रतिक्रियावादीहरूको एउटा सरकार : कान्तिकारीहरूको अर्को सरकार, चीनसँग ऐनान सिंहानजस्तो राजतन्त्र एउटा भूभागमा हुँदैन, अर्कोतिर हुन सक्छ । उहाँले थप्नुभयो कमरेड विक्रम, तपाई सशस्त्र जनविद्रोह स्वीकार गर्नुहुन्छ । माओ विचारधारा स्वीकार गर्नुहुन्न भने कसरी क्रान्तिकारी विचारधारा निर्माण गर्नुहुन्छ सोच्नुहोस् । क्रान्तिकारी विचारधाराविना क्रान्ति र विद्रोह कसरी सफल हुन्छ : रह्यो सोभियत संघ र सोभियत संघको वोल्सेभिक कम्युनिष्ट पार्टीबाट धेरै सिक्न सकिन्छ तर खुश्चेवको दक्षिणपन्थी विचारदेखि ब्रेझनेभसम्मको विचार

अध्ययन गर्दा सोभियत संघ पतनतिर जादै छ । तपाईले राम्रो अध्ययन गर्नुहोस् ।

मैले जवाफमा भनैँ- अध्ययन म पनि गर्छ, तपाईले पनि गर्नुपर्ने देख्छु । कम्युनिष्ट पार्टी विभाजित भएको यो अवस्थामा हामीले यस्ता बिवादका मुद्दाहरूलाई माओ विचारधारा सोभियत संघ वा चिनको विषयमा फोरम चलाएर विवाद हल गर्ने बाटो लिन सक्छौँ । पार्टी महाधिवेशन गरेर अलगअलग दस्तावेज लिएर गएर हल गर्न सक्छौँ । पार्टी महाधिवेशन अघि फोरम चलाउने चलन कम्युनिष्ट आन्दोलनमा छ । अन्य मुलुकमा पनि यसरी विवादमा फोरम चलाउने चलन छ, हामी पनि प्रयोग गर्न सक्छौँ । उहाँको जवाफ थियो, फोरम चल्छ तर पार्टीले निर्णय गरेपछि ।

कमरेड निर्मल लामाले अन्तिममा मलाई सोध्नुभयो तपाईहरू अब के गर्नुहुन्छ ? जवाफ मैले भने हामी संयुक्त वक्तव्य दिनेहरू फुटेको कम्युनिष्ट पार्टीको एकता चाहन्छौँ । तुरुन्तै एकता हुने सम्भावना नदेख्दा तत्काल न्यूनतम कार्यक्रमका आधारमा वामपन्थी, देशभक्त, जनवादी शक्तिहरूका बीच एकता चाहन्छौँ । त्यसमा तपाईहरूको सहमति र सहयोग चाहिन्छ । त्यसपछि पञ्चायती व्यवस्था विरोधी राजनीतिक संयुक्त मोर्चा र बहुलवादी शक्तिहरूको एकता अर्कोतिर क्रान्तिकारी शक्तिलाई सुदृढ गर्दै जानुपर्छ ।

अन्त्यमा कमरेड निर्मल लामाले भन्नुभयो विचार आदानप्रदान गर्दै जाउँ । राम्रो कुरा भयो । खुसी लाग्यो फेरि भेट्नेछौँ । ल त बिदा उहाँले हात उठाएर हल्लाउनुभयो । मैले नमस्कार गरे । यो भेटघाट पनि २०४० कार्तिक मङ्सिरतिर भएको थियो ।

नेपाल मजदुर किसान पार्टीका नेता रोहितसँग उहाँहरूकै आश्रय स्थल भक्तपुरको तौमडीस्थित एक किसानको घरमा भेटघाट भयो । त्यस्तै शम्भुराम श्रेष्ठसँग भेटघाटको व्यवस्था परोपकार भीमसेन थानका कमरेड गोर्की श्रेष्ठले मिलाउनु भएको थियो । कमरेड रोहितले संयुक्त वक्तव्यलाई राम्रो छ भने प्रशंसा नै गर्नुभयो । उहाँ बहुदलवादी शक्तिहरूको बीचको

एकता वामपन्थी एकताको पक्षमा नै हुनुहुन्थ्यो । कमरेड शम्भुरामले भन्नुभयो सच्चा सर्वहारावादीहरूले विस्तारवादी शोषक तत्वको विरुद्ध एकता गर्न जरुरी छ । हामी अझै पूर्ण स्वतन्त्र छैनौँ । पूर्ण आत्मनिर्भर छैन । हिन्दुस्थानका शासकहरू हाम्रो बाधक बनेर खडा भएका छन् यसलाई हेर्ने देख्न सक्नुपर्दछ म वामपन्थी विरोधी होइन तर सच्चा कम्युनिष्टहरू बीच एकता हुनुपर्छ भन्ने पक्षमा छु । विक्रमजी भेट्दै जाउँ मैले फेरि भेट्ने बचन दिएर आएको रिपोर्ट पेश गरे । बामपन्थी नेता पदमरत्न तुलाधर भेट भएको रिपोर्ट मैले पेश गरे उहाँले संयुक्त वक्तव्यलाई सकारात्मक ढंगले हेर्नुभएको थियो । कमरेड कृष्णप्रसाद भण्डारी (वरिष्ठ अधिवक्ता) कमरेड मदनमणि दीक्षित (सम्पादक समीक्षा साप्ताहिक) सँग भेटवार्ता भएको संयुक्त वक्तव्यप्रति उहाँहरू सकारात्मक रहेको बाम प्रजातान्त्रिक एकताका लागि उहाँहरू दुवैले जोड दिएको रिपोर्ट भेलामा मैले पेश गरेको थिएँ ।

# देवघाटमा प्रस्तुत कार्यक्रम

देवघाट भेलाका सहभागीहरूमध्ये केही साथीहरूले छुट्टै कम्युनिष्ट पार्टी वा वामपन्थी सङ्गठन बनाएर जानुपर्ने विचार पनि राख्नुभएको थियो। भेलामा यसबारे गम्भीर छलफल पछि हामीले छुटै कम्युनिष्ट पार्टी निर्माण नगर्ने विभाजित नेपाल कम्युनिष्ट पार्टीलाई एकीकृत गर्ने उद्देश्य राखेर काम गर्ने र तत्कालै वामपन्थी एकताका लागि पहल गर्न वामपन्थी एकता आन्दोलनका सहभागीहरू भनी आफूलाई परिचित गराउने निर्णय रोज्यौँ। देवघाट भेलाले २०४० पुस १ गते मेरा (त्यसबेला विक्रम थापा) को संयोजकत्वमा वामपन्थी एकता आन्दोलनका सहभागीहरूको प्रथम राष्ट्रिय भेला आयोजक समिति निर्माण गरेको थियो।

२०४० पुस २ गते देवघाट भेलाले विभाजित कम्युनिष्ट पार्टीलाई एकीकृत गर्न न्यूनतम पार्टी कार्यक्रमसम्बन्धी एकता प्रस्ताव पारित गऱ्यो। हामी वामपन्थी एकता आन्दोलनमा सहभागी साथीहरूको वैचारिक–सैद्धान्तिक एकताको यो एकता प्रस्ताव, आधार पनि थियो। यो दस्तावेज मैले २०४० मंसिर २० र २१ गते कास्कीकों बैदाममा कमरेड टेकनाथ बरालको घरमा बसेर तयार पारेको थिएँ। त्यो ऐतिहासिक मस्यौदालाई आज यहाँहरू समक्ष जस्ताको तस्तै बुधवार मार्फत राख्दै छु।

**पार्टी कार्यक्रमसम्बन्धी राजनीतिक प्रस्ताव**

**१. राज्य चरित्र–** नेपालको राज्य चरित्र अर्धसामन्ती अर्धऔपनिवेशिक छ। सामन्ती, पृथकतावादी अवस्थालाई पार गरेपछि खास गरेर राणा शासनकाल (बि.स. १९३६) देखि यस देशले अर्धसामन्ती स्वरूप धारणा गर्दै आइरहेको

छ । अझ पनि विशाल ग्रामीण क्षेत्रहरूमा सामन्ती अर्थतन्त्र र धार्मिक परम्पराको समिश्रणबाट जन्मिएको सामाजिक अवस्थाका साथै हिन्दू धार्मिक परम्परामा आधारित राजतन्त्रात्मक सत्ता रहेको हुँदा मात्रात्मक रूपमा बढी सामन्ती प्रभुत्व नै विद्यमान छ । हाम्रो देशले १८१६ को अंग्रेज- भारत र नेपाल सरकारबीचको असमान सुगौली सन्धिपछि अर्ध- औपनिवेशिक रूप धारणा गरेको थियो । आज यस रूपलाई नवऔपनिवेशिक रूप पनि भन्न सकिन्छ ।

**२. आधारभूत अन्तरविरोध :** नेपाली जनतालाई आर्थिक-राजनीतिक, सामाजिक, सांस्कृतिक शोषण उत्पीडन गर्ने र गर्न सघाउने शक्तिहरू नै नेपाली जनताका आधारभूत शत्रु हुन् । नेपाली जनतालाई प्रत्यक्ष शोषण, दमन र बन्दीगृह सरह बनाएर राख्ने सामन्तवाद हाम्रो पहिलो आधाभूत शत्रु हो । अप्रत्यक्ष वा प्रत्यक्ष आर्थिक सामाजिक र सांस्कृतिक बाटोद्वारा प्रवेश गरी सामन्तवादी राजतन्त्रात्मक सत्तासँग राजनीतिक गठबन्धन जोडी नवऔपनिवेशिक पूँजीवाद शोषणको चक्करभित्र नेपाली जनतालाई पिस्न चाहने साम्राज्यवादी शक्तिहरू हाम्रो दोस्रो आधारभूत शत्रु हुन् । पहिलोको प्रतिनिधित्व राजतन्त्रात्मक पञ्चायती व्यवस्थाले गर्दछ भने दोस्रोको प्रतिनिधित्व भारतीय नवउपनिवेशवादी अमेरिकी साम्राज्यवाद, जापानलगायत पश्चिमा साम्राज्यवादी शक्तिहरूले संयुक्त रूपमा गरेका छन् ।

**३. जनताको परिभाषाः** नेपाली जनता भन्नाले मजदुर किसान निम्न मध्यम र मध्यमः राष्ट्रिय पुँजीपति वर्गहरू नै हुन् । नेपालमा रहेका सामन्ती, नोकरशाही. दलाल पुँजीपति वर्गहरू जनताको पक्तिमा पर्दैनन्, उनीहरू जनताका शत्रुमा गनिन्छन् । हाम्रो देशको आर्थिक-सामाजिक बनोटको गहिरो अनुसन्धान गरेर पार्टी कार्यक्रममा नेपाली समाजको वर्ग विश्लेषण समावेश हुनु जरुरी हुन्छ ।

**सत्ताको वर्गीय स्वरूप:** कुनै पनि सत्ताले दुई-तीन वर्गको संयुक्त प्रतिनिधित्व गर्दैन । एउटा सत्ताले एउटै वर्गको प्रतिनिधित्व गर्छ । हाम्रो देशमा राजतन्त्रात्मक-सामन्तवादको प्रतिनिधित्व गर्दछ । दलाल तथा नोकरशाही पुँजीपतिहरू सामन्तवादको सहयोगी वर्ग मित्र हुन् । दलाल तथा नोकरशाही पुँजीपति वर्गको बढ्दो भूमिकाले सत्ताको वर्गीय चरित्र-वर्ग प्रतिनिधित्वमा परिवर्तन आउने सम्भावनाहरू छन् ।

५. **नेपाली क्रान्तिको चरण :** नेपाली क्रान्ति तीन चरणमा हुनेछ, क) राष्ट्रिय जनवादी क्रान्ति । ख) समाजवादी क्रान्ति ग) साम्यवादी क्रान्ति । नेपाली क्रान्तिको अधिकतम कार्यक्रम समाजवाद र साम्यवाद हो र न्यूनतम कार्यक्रम राष्ट्रिय जनवादी कार्यकम हो । वर्तमान नेपाली क्रान्तिको चरण राष्ट्रिय जनवादी क्रान्तिको चरण हो । यसलाई अर्को शब्दमा सामन्तवाद र साम्राज्यवाद विरोधी क्रान्तिको चरण पनि भन्न सक्छौँ ।

६. **नेकपाभित्र कार्यक्रमसम्बन्धी विवाद र हाम्रो मत :** नेपाली राष्ट्रिय प्रजातान्त्रिक कार्यक्रम मान्ने वा नयाँ जनवादी कार्यक्रम मान्ने बारेमा गम्भीर विवाद चलेका छन् । हामीले कार्यक्रमको नाम वा रुपलाई लिएर विवाद गर्नुभन्दा सार वा सारतत्वपट्टि नै ध्यानकेन्द्रित गर्नुपर्छ । कार्यक्रमको नाम राष्ट्रिय प्रजातान्त्रिक, नयाँ जनवादी, क्रान्तिकारी जनवादी, नेपाली जनवादी, जनप्रजातान्त्रिक नै राखे पनि कार्यक्रममा निम्न कुराहरू हुनैपर्छ ।

क) मार्क्सवाद लेनिनवाद र सर्वहारा अन्तर्राष्ट्रियतावादलाई आधारभूत सिद्धान्त मानिनुपर्छ ।

ख) मजदुर वर्गको नेतृत्वमा मजदुर किसान एकताको आधारमा सबै क्रान्तिकारी वर्ग र तहका जनतालाई गोलबन्द गर्ने वर्गीय संयुक्त मोर्चाको नीति र सामन्तवाद साम्राज्यवादविरोधी सबै राजनीतिक शक्तिहरूलाई गोलबन्द गर्ने राजनीतिक संयुक्त मोर्चा राजनीतिक

पार्टीहरूबीचको सत्ता र व्यवस्थाविरोधी संयुक्त मोर्चाको निति लिइएको हुनुपर्छ । यस्ता संयुक्त मोर्चाका आधारमा मजदुर किसानका संयुक्त मोर्चाको नीति र जनताको जनवादी अधिनायकत्व भएको गणतन्त्र स्थापना गर्ने रणनीतिक उद्देश्य स्पष्ट हुनुपर्छ ।

ग) सामन्ती उत्पादन सम्बन्धहरू र शोषणको अन्त्य गरी, बिनामुआव्जा जमिन जोत्नेलाई दिने कृषि कार्यक्रम हुनैपर्छ । त्यस्तै देशको पछौटेपन हटाउन विकासको गैरपुजीवादी बाटो लिइएको हुनुपर्छ । अर्थात, उद्योग नीतिहरू पूँजीवादमुखी नभई समाजवादमुखी हनुपर्छ ।

घ) राष्ट्रिय तथा जनमुक्तिः आन्दोलनहरूलाई दृढ समर्थन र सहयोग हुनुपर्दछ । अलग–अलग समाज व्यवस्था भएका देशहरूसँग शान्तिपूर्ण सहअस्तित्वको पाँच सिद्धान्तको सम्बन्ध कायम गर्ने विदेश नीति निर्धारण हुनुपर्छ ।

ङ.) समाजवादी सोभियत संघ र चीनको एकतामा जोड दिँदै समाजवादी शक्तिहरूसँग एकता कायम गर्ने र साम्राज्यवाद विरुद्ध विश्व शान्ति र समाजवादी खेमाको रक्षाका निम्ति निरन्तर संघर्ष गर्ने बाटो स्पष्ट निर्धारण गरिनुपर्छ ।

यी पाँच सारभूत, कुराहरू स्वीकारेको कुनै पनि कार्यक्रमसँग हामी एकतामा पुग्न सक्छौं । जहाँसम्म कार्यनीति र सङ्गठनात्मक नीति पद्धति र शैलीहरूको सवाल छ, यी पाँच सारभूत कुराकै आधारमा छलफल गरी टुङ्गो लगाउन सकिने छ । कार्यक्रमका नामको सवालमा हाम्रो मत १९६० को मस्कोमा सम्पन्न ८१ देशका कम्युनिष्ट तथा मजदूर पार्टीहरूको सम्मेलनले निर्धारण गरेको नाम राष्ट्रिय जनवादी कार्यक्रमकै पक्षमा छौं ।

**७. आधारभूत सिद्धान्तका रूपमा माओत्सेतुङ विचारधारालाई ग्रहण गर्ने वा नगर्ने ?**

**क. माओत्सेतुङका बारेमा :** हामी कमरेड **माओत्सेतुङ**लाई चिनिया कम्यूनिष्ट

पार्टी र जनताको नेता विश्व सर्वहारा बर्गका एक मित्रका रुपमा हेर्न र स्वीकार्नुपर्छ भन्ने पक्षमा छौँ । हामी उहाँको क्रान्तीकारी जीवनबाट सिक्ने पक्षमा पनि छौँ । शिषशतः उहाँका असल कामहरूबाट प्रेरणा लिन्छौँ तर उहाँबाट भएका गल्ती र कमिबाट हामी टाढा रहन चाहान्छौँ । चीनको साँस्कृतिक क्रान्तिकालमा भएका कमरेड माओका गल्तीहरू र खुश्चेबको गलती कमी ठीक पहिचान नगरी गैरअनुशासित र उग्रवामपन्थी कार्यदिशाको वकालत गरेर कम्युनिष्ट आन्दोलनलाई टुक्रयाउने र समाजवादी खेमाको विरुद्ध जाने काम साँच्चै कमरेड माओबाट हुन नपर्ने कामहरू हुन् ।

व्यक्ति पूँजाको विरोध गर, नारा सँगसँगै आफ्नो व्यक्तिपूजालाई हुर्कन दिने, सर्वहारा अन्तराष्ट्रवादको नारा सँगसँगै चिनी सङ्कीर्ण अन्धराष्ट्रवादलाई हुर्काउने, गैरमार्क्सवादी-लेनिनवादी कार्यहरू कमरेड माओबाट नहुनुपर्ने थियो । यति हुँदाहुँदै पनि क माओले चीनियाँ कम्युनिष्ट सँगसँगै साम्राज्यवाद र सामन्तवादको पञ्जाबाट चीनलाई मुक्त गर्नुका साथै समाजवादी रूपान्तरणका अघिल्ला वर्षहरूमा उहाँले गर्नुभएका योगदानहरू चीनियाँ कम्युनिष्ट र हाम्रै निम्ति पनि कहिल्यै नभुलिने प्रेरणाका स्रोत हुन् ।

**ख. माओत्सेतुङ विचारधारा** - माओत्सेतुङ, विचारधारा चीनको कम्युनिष्ट पार्टीको सामूहिक विचारधारा र मार्गनिर्देशक सिद्धान्त हो । यसलाई सीपीसीले १९४५ को सातौँ महाधिवेशनमा स्थापित गरेको थियो । आठौँ महाधिवेशनमा व्यक्तिको नामसँग जोडेर विचारधारा, निर्माण गरिनु हुन्न भनी यसलाई हटाइयो । फेरि नवौँ महाधिवेशनमा स्थापित गरी अति मूल्याङ्कन समेत गरियो । सीपीसीको एघारौँ केन्द्रीय कमिटीको छैटो विस्तारित अधिवेशनद्वारा पारित सिंहावलोकन दस्तावेजले माओत्सेतुङ विचारधाराको अति मूल्याङ्कनलाई घटाएको छ । अहिले सीपीसीको भनाइ छ- माओत्सेतुङ विचारधारा चीनमा सिर्जनात्मक ढङ्गले गरिएको मार्क्सवाद-लेनिनवाद हो । चीनको आफनो विचारधारा हो, यो माओ **माओत्सेतुङ** एक्लैको देन नभई

चिनियाँ कम्युनिष्टहरूको सामूहिक बुद्धिको देन हो । चिनियाँ कम्युनिष्ट पार्टी (सीपीसी) को भनाइमा हामीलाई थप्नु वा घटाउनु छैन । थप्ने, घटाउने र हटाउने अधिकार सीपीसीसँग नै सुरक्षित छन् ।

माओ र माओत्सेतुङ विचारधारालाई हामी यसरी नै हेर्छौं । एकीकृत नेकपाले पनि भोलि यसरी नै हेर्नुपर्छ भन्ने मत हाम्रो छ । नेकपाको २००६ सालको घोषणापत्र, २०१० को प्रथम २०१४ को दोस्रो र २०१९ को तेस्रो महाधिवेशनको राजनीतिक रिपोर्ट तथा कार्यक्रमहरूले नेपाली राष्ट्रिय जनवादी क्रान्तिमा माओत्सेतुङ विचारधारालाई आधारभूत सिद्धान्तको रूपमा ग्रहण गरेको थिएन । त्यसपछि नेकपाको विभिन्न विभाजित समूहहरूले सम्मेलन र महाधिवेशन गरी आधारभूत सिद्धान्तका रूपमा ग्रहण गरे । कमरेड पुष्पलालको नेतृत्वमा भएको २०२५ सालको तेस्रो पार्टी सम्मेलनले सर्वप्रथम नेपाली नयाँ जनवादी क्रान्तिमा माओ विचारधारालाई आधारभूत सिद्धान्तका रूपमा ग्रहण गर्ने विचार बनायो र निर्णय गऱ्यो । त्यसबेला चीनमा पनि माओ र माओत्सेतुङ विचारधाराको अति मूल्याङ्कन गर्ने सांस्कृतिक क्रान्ति चलिरहेको थियो । त्यसको असर नेकपामा पऱ्यो । त्यसपछि अन्य नेतृत्वदायी कमरेडहरूले नेतृत्व गरेका नेकपा समूहहरूमा फैलियो । पार्टीको सङ्गठनात्मक सिद्धान्तलाई अनुशासित भएर पालन गर्ने हो भने महाधिवेशनको निर्णयलाई एक दुई नेता वा ग्रुपले बदल्दैमा बदलिदैन । त्यसकारण माओ विचारधारालाई आधारभूत सिद्धान्त मानेर नेकपाको एकता महाधिवेशन बोलाउन सकिन्न । नेकपाको घोषणापत्र वा तृतीय महाधिवेशन सम्मलाई आधार बनाएर नै बोलाउनुपर्ने हुन्छ, एकता महाधिवेशनमा माओत्सेतुङ विचारधारालाई आधारभूत सिद्धान्तका रूपमा ग्रहण गर्ने वा नगर्ने विषयमा एजेन्डा राखी छलफल गर्न सकिनेछ । महाधिवेशनको हलले गर्ने निर्णय हाम्रो निम्ति पनि मान्य हुनेछ ।

## ८. विभिन्न जातिका जनता, जातीय भाषाहरू र धार्मिक समुदायहरू बीच एकताका सवालमा हाम्रो मत

क. नेपाललाई हिन्दू अधिराज्य भन्नुको सट्टा धर्मनिरपेक्ष राज्य घोषणा गर्नुपर्छ । साथै धार्मिक भेदभावको अन्त्य गरी धर्म मान्ने वा नमान्ने धार्मिक स्वतन्त्रताको ग्यारेन्टी दिने स्पष्ट नीति तय गर्नुपर्छ ।

ख. नेपाली भाषालाई मूल राष्ट्रिय भाषाको मान्यता दिँदै सबै प्रमुख भाषाहरूलाई राष्ट्रिय भाषाकै मान्यता दिने । साथै, भाषाभाषी (अल्पसङ्ख्यक भाषाहरू लगायत) बीचको भेदभाव अन्त्य र समानतामा जोड दिने नीति तय गरिनुपर्छ ।

ग. जातीहरूबीच साम्प्रदायिक भावनाको विजारोषणको अन्त्य । जाती एकता, सम्मानमा जोड दिँदै सबै जातीका (अल्पसङ्ख्यक र पिछडिएका जातीहरूलगायत) प्रतिनिधीहरू सामेल भएको जातीय एकता राष्ट्रिय परिषद् गठन गर्नुपर्छ । उक्त परिषद्को व्यवस्थापिका र सरकारमा सहभागिताबारे स्पष्ट नीति तय गरिनु राष्ट्रिय एकता र अखण्डताका निम्ति आवश्यक छ ।

## ९. रणनीति र कार्यनीति

राष्ट्रिय जनवादी क्रान्तिको मूल उद्देश्य अथवा रणनीति सामन्तवाद र साम्राज्यवादको पञ्जाबाट नेपाली जनतालाई मुक्त गर्दै मजदुर किसानको अधिनायकत्व भएको प्रजातान्त्रिक सरकारको स्थापना गर्नु र समाजबादी रूपान्तणका निम्ति अघि बढ्नु हो । मूल उद्देश्यलाई ध्यानमा राखेर नै कार्यनीति, विशेष नीतिहरू, र कार्यनीतिक नारा तय गरिनुपर्छ । जनताको चेतना र मानसिकता तथा मागहरूलाई हेरेर नै जनसंघर्ष, जनआन्दोलनलाई पार्टीले उचित ढङ्गले अगाडि बढाउनुपर्छ । जनसंघर्ष र आन्दोलनकै क्रममा जनसङ्गठन, पार्टी संगठन, र सैनिक सङ्गठनहरूको निर्माण गर्दै जानुपर्छ ।

पार्टीले आफ्नो उद्देश्य र लक्ष्यहरू पूरा गर्न नहतारिकन योजनाबद्ध ढंगले कानुनी र गैरकानुनी, शान्तिपूर्ण संघर्ष र आन्दोलन, हिंसात्मक सशस्त्र संघर्ष र युद्ध सबै किसिम र रूपको संघर्षलाई उपयुक्त समयमा सञ्चालन गर्नुपर्छ । राजा आफूखुसी सिंहासनबाट ओर्लिने छैन । सशस्त्र संघर्ष बिना राजतन्त्रात्मक सत्ताको अन्त्य हुन्छ भनेर सोच्नु गल्ती हुनेछ । मार्क्सवाद-लेनिनवाद-सर्वहारा अन्तर्राष्ट्रियतावाद-जिन्दावाद

राष्ट्रिय जनवादी क्रान्तिः जिन्दावाद ।

नेपाल कम्युनिष्ट पार्टी - जिन्दावाद ।

देवघाट भेलामा २५ जिल्लाका ३५ जना साथीहरू थिए ।

# किशोर नेपालीसँग बहस

हामीले २०४० वैशाख १ गते जारी गरेको संयूक्त वक्तव्यको राष्ट्रिय जनवादी मोर्चा कि दक्षिणपन्थीहरूको गठबन्धन ? पुस्तिकामार्फत कमरेड किशोर नेपाली (बामदेव गौतम) ले खण्डन गर्नुभएको थियो । उक्त पुस्तिकाको अध्ययनपछि हामीले उग्रवामपन्थी किशोर नेपालीलाई खुलापत्र १ पुस्तिका लेखी जवाफ दियौँ ।

आधारभूत र प्रधान अन्तरविरोध, राजनीतिक संयुक्त मोर्चा, पार्टी कार्यक्रम र माओ र माओत्सेतुङ विचारधारा गरी चार विषय समेटेर खण्डनको प्रतिउत्तर दिएका थियौँ । त्यसमध्ये पाठकहरूलाई रुचिकर नै होला भनेर सन्दर्भ पनि मिल्ने भएको हुँदा माओ विचारधारालाई मार्गदर्शक सिद्धान्तमा राख्ने वा नराख्ने विषयको त्यसबखतको 'पत्र छलफल' प्रस्तुत गर्न गइरहेको छु ।

माओत्सेतुङ विचारधारालाई आधारभूत सिद्धान्त नमान्नेहरू कम्युनिष्ट नै हुन सक्दैनन्ः भन्ने हिम्मत तपाईहरूलाई नेकपाको कुन अनुशासनले दिन्छ ? नेकपाको इतिहासमा सैद्धान्तिक निर्णयहरूलाई आधार नबनाई हाम्रो कम्युनिष्ट आन्दोलन अगाडि बढाउन सकिन्छ ? हामीले कोके/माले समूहमा रहँदा यस्तै गैर अनुशासित हिम्मत गऱ्यौँ । त्यो हाम्रो गल्ती थियो । त्यसबेला हाम्रो अध्ययन निकै सतही भएको महसुस भएको छ । मेरो सुझाव छ– तपाईहरूले पनि यस्तो गैर अनुशासित हिम्मत नगर्नुहोस् ।

चीनको कम्युनिष्ट पार्टीको सामूहिक विचारधारा नेकपाको पनि सामूहिक विचारधाराका रूपमा लिनु कठमुल्लावादी नक्कलवादी गल्ती नै हुन्छ । बरु हामीले चिनियाँ कम्युनिष्ट आन्दोलन र क्रान्तिबाट सर्वहारा अन्तर्राष्ट्रियवादको आधारमा सिक्न र अनुभव ग्रहण गर्न सक्छौँ । चिनियाँ कम्युनिष्ट पार्टीले भारतीय कम्युनिष्ट पार्टी (मार्क्सवादी) सँग औपचारिक सम्बन्ध पुन कायम गरी यसै विवादको प्रसङ्गमा आफनो दृष्टिकोण स्पष्ट अगाडि सारेझैं हामीलाई लागेको छ । भाकपा (मार्क्सवादी) ले माओ विचारधारालाई मार्गदर्शक सिद्धान्तका रूपमा ग्रहण गर्ने गल्ती गरेको छैन । भारतमा पनि विनोद मिश्र, सत्यनारायण सिंह आदिले नेतृत्व गरेको कम्युनिष्ट समूहले माओ विचारधारालाई मार्गदर्शक सिद्धान्तका रूपमा ग्रहण गरेका छन् चिनियाँ कम्युनिष्ट पार्टीले ती कम्युनिष्ट समूहलाई किन औपचारिक सम्बन्ध राखेनन् कुरा स्पष्ट छ ती ग्रुपले पनि तपाईहरूले जस्तै माओ विचारधारा 'माओवादलाई' कठमुल्लावादी- नक्कलवादी तरिकाले लिने उग्रवामपन्थी गल्ती गरेका छन् । यसै प्रसङ्गमा चीनको सांस्कृतिक क्रान्तिको नक्कल गर्ने पोलपोट- नेतृत्वको कम्पुचियाको कम्युनिष्ट पाटीले समेत त्यसबेला माओ विचारधारालाई मार्गदर्शक सिद्धान्तका रूपमा राख्ने गल्ती चाहि गरेका थिएनन् हेर्नुस, कम्मुचियाको जनवादी क्रान्तिकालको कार्यक्रम सांस्कृतिक क्रान्तिकालको दौरान लिनप्याओले माओ विचारधारालाई माओवाद भन्दा कमरेड माओ स्वयम्ले इन्कार गरेको, चिनियाँ कम्युनिष्ट पार्टीले बारम्बार हाम्रो सन्दर्भसँग जोडिएको विचारधारा हाम्रो सामूहिक बुद्धिको देन, हाम्रो राष्ट्रिय चिन्तनधारा भनेबाट पनि स्पष्ट भएको छैन र ? जे होस, तपाईहरूले माओ विचारधारालाई मार्गदर्शक आधारभूत सिद्धान्तको रूपमा ग्रहण गर्नुपर्ने विचार र मत जुन तपाईहरूले राख्नुभएको छ, त्यतातिर पनि विचार गर्नुपर्ने हुन्छ । आउनुस, त्यसैबारे छलफल गरौँ ।

१. माओत्सेतुङ्गले नयाँ जनवादी कार्यक्रममा मजदुर बर्गको नेतृत्वमा मजदुर किसान एकताका आधारमा सहरीया निम्नमध्यम, मध्यम, राष्ट्रिय पुँजीपति वर्गको संयुक्त मोर्चाको आधारमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने सर्वहारा वर्गको नेतृत्वमा नयाँ पूँजीवादी जनवादी व्यवस्था र सरकार स्थापना गरी

समाजवादमा शान्तिपूर्ण सङ्क्रमण गर्न सकिने बाटो देखाइदिनु भयो । यो नै नयाँ कुरो (सिद्धान्त) दिएर मार्क्सवाद लेनिनवादलाई विकाससमेत गरेको हुँदा हामीले माओ विचारधारालाई मार्गदर्शक आधारभूत सिद्धान्तका रूपमा ग्रहण गर्नुपर्दछ । यो तपाईहरूको पहिलो तर्क हो । त्यसको जवाफ- माओले मार्क्सवाद-लेनिनवादको अध्ययनपछि चीनमा नयाँ बाटो यसरी नै देखाउनुभएको थियो । त्यो चिनियाँ क्रान्तिका लागि नयाँ नौलो बाटो पनि थियो । तर, के विश्वका अन्य देशका कम्युनिष्ट क्रान्तिकारीहरूका निम्ति पनि त्यो माओले देखाएको नयाँ बाटो थियो ? होइन, बिल्कुल होइन । लेनिनले १९०४ मा लेख्नुभएको रचना एक कदम अगाडि, दुई कदम पछाडि त्यस्तै १९०५ मा लेख्नुभएको जनवादी क्रान्तिमा सामाजिक जनवादीहरूको दुई कार्यनीति भन्ने लेखमा स्पष्टसँग मजदुर किसान एकताका आधारमा जनवादी क्रान्ति गर्नुपर्ने, मजदुर- किसानको संयुक्त अधिनायकत्व भएको जनताको गणतन्त्र स्थापना गर्ने बाटो देखाउनुभएको थियो । त्यस्तै, १९२१ मा कोमिन्टर्न-कम्युनिष्ट इन्टरनेसनलले राष्ट्रिय पुँजीपति वर्गको प्रगतिशील प्रवृत्तिलाई स्वीकार गर्ने र सामन्तवाद र साम्राज्यवादविरोधी मोर्चामा ल्याउने नीति स्वीकार गरेको थियो । पुँजीवादी जनवादीभन्दा समाजवादमुखी बाटो भन्नु राम्रो हुन्छ । यसलाई लेनिनले गैरपुँजीवादी बाटो भन्नुभएको थियो । कमरेड माओले लेनिन र कोमिन्टर्नको प्रस्तावलाई चीनमा सिर्जनात्मक ढङ्गले लागू गर्नुभएको मात्र हो । नयाँ सिद्धान्त विकास गर्नुभएको होइन र यो मार्क्सवाद- लेनिनवादको विकास पनि होइन ।

क्रान्ति गर्न दृढ अनुशासित लडाकु बोल्सेभिक पार्टीको आवश्यकता त्यस्तो पार्टीको नेतृत्वमा संयुक्त मोर्चा, पार्टी र संयुक्त मोर्चाको आधारमा सेनाजस्ता महत्त्वपूर्ण कुराहरू रुसी बोल्सेभिक पार्टी र लेनिनले सँग्रह गरेका अनुभव थिए । त्यसलाई तीन जादूमय हतियार भनी चिनियाँ क्रान्तिमा कमरेड माओले प्रस्तुत गर्नुभयो । पार्टी, संयुक्त मोर्चा र सेना आ-आफ्नो देशको विशिष्ट अवस्थामा आफ्नै संघर्ष र आन्दोलनका अनुभवबाट बन्छन् भन्ने कुरो पनि भुल्नुहुन्न ।

# उग्रवामपन्थीसँग लडाइँ

नयाँ जनवादी कार्यक्रममा माओले नै कृषि क्रान्तिको बाटो देखाईदिनु भयो । हाम्रो देशमा पनि सशस्त्र कृषि क्रान्ती गर्नुपर्ने भएको हुँदा यो बाटो ग्रहण गर्नुपर्ने हुन्छ । त्यसकारण, माओ विचारधारालाई मार्गदर्शक सिद्धान्तको रूपमा ग्रहण गर्नुपर्दछ । यो तपाईहरूको दोस्रो तर्क हो अब दोस्रो तर्कको जवाफतिर जाऔँ सामन्ती शोषण उत्पीडनमा परिरहेका सबै देशका किसानहरूसँगको पूराना सामन्ती उत्पादन सम्बन्धलाई खतम गरेर उत्पादनका साधनहरू किसानहरूको हातमा दिलाउने, वा जमिन जोत्नेलाई दिलाउने अन्य सामन्ती शोषण, उत्पीडन, दमनको अन्त्यका लागि कृषि क्रान्ति अनिवार्य हुन्छ । मजदुर, किसान एकताको आधारमा क्रान्ति गर्ने कम्युनिष्ट पार्टी वा जनवादी पार्टीले चीन - माओभन्दा अगाडि नै कृषि क्रान्तिकै आफ्नै अनुभवहरू सँग्रह गरेका छन् । मङ्गोलियाको लोक जनवादी पार्टी सुकेबाटोरले समेटेका अनुभवहरू मूल्यवान् छन् । भियतनाम र उत्तरकोरियाका अनुभवहरू पनि सिक्न लायककै छन् । कमरेड होची मिन्ह, र किम इल सुङले आफ्नो देशबाट सिकेर आफ्नो देशको वास्तविकता र विशिष्टताका आधारमा कृषि कार्यक्रम निर्माण गर्नुभएका अनुभवहरू छन् । हामीले पनि नक्कल नगरी सिक्नु उपयुक्त हुन्छ । हामीले निकारागुआ र इथोपियाका अनुभवहरूबाट पनि सिक्न सक्छौँ । नेपालको कृषि क्रान्ति नेपालकै वास्तविकता र विशिष्टतामा आधारित हुन्छ । कृषि क्रान्ति देशको क्रान्तिको सबैभन्दा महत्वपूर्ण अङ्ग हो । कृषि क्रान्तिलाई सफलताको चरणमा पुऱ्याउन हामीले साम्राज्यवादी तथा प्रतिक्रियावादीहरूले कृषि

क्षेत्रमा अपनाएको नयाँ शोषणका चालहरूलाई हाम्रो देशमा प्रतिक्रियावादी सरकारले अख्तियार गरेको कथित भूमिसुधार कार्यक्रम, साम्राज्यवादीहरूको साँठगाँठमा अपनाएको साना किसान, आयोजनाहरू एकीकृत ग्रामीण विकास आयोजनाहरूको राम्ररी जाँचपड्ताल र अध्ययन गरिनुपर्दछ । प्रतिक्रियावादी कृषि कार्यक्रमविरुद्ध नयाँ कृषि कार्यक्रम अगाडि सार्नुपर्दछ । हामीले सामन्तवाद र साम्राज्यवादविरोधी राष्ट्रिय जनवादी क्रान्तिको एउटा प्रमुख अङ्गको रूपमा कृषि क्रान्तिलाई लिनैपर्दछ । त्यो कृषि कार्यक्रमले नेपाली किसानहरूलाई शोषण उत्पीडनबाट मुक्ति दिने र उनीहरूको जीवनस्तरमा समृद्धी ल्याई उदाहरणीय हुनुपर्दछ ।

हामीले ५७-६० वर्ष अगाडीको चिनियाँ कृषि क्रान्ति हुनान किसान आन्दोलन चिङकाङ सान पर्वतको नक्कल गरेर कृषि क्रान्ति सम्पन्न गर्ने उग्रवामपन्थी गल्ती गर्न हुन्न । अर्कोतिर सामन्ती तत्वसँग किसानहरूको शत्रुतापूर्ण अन्तरविरोधलाई नदेख्ने ग्रामीण क्षेत्रमा किसानहरूको समस्याप्रति नगरिदिने, किसान संघर्षमा जोड नदिने दक्षिणपन्थी गल्तीबाट पनि जोगिएर मात्र सही ढंगले कृषी क्रान्ती अगाडि वढाउन सकिनेछ ।

कृषि क्रान्तिको रणनीति र कार्यनीति हाम्रो देशको किसानहरूको विशेषता विशिष्टताहरूको राम्रो अध्ययन गरेर तयार पार्नुपर्छ । ठोस, अवस्थाको ठोस विश्लेषण, तथ्यहरूको आधारमा सत्य नखोजी सतही रूपमा किसान, समस्याहरूको अध्ययन हुनाले नै किसान संघर्ष र आन्दोलनले नयाँ गती लिन नसकेको अनुभव हामी गरिरहेका छौँ । हामी नेपाली किसानहरूको चेतना र मानसिकताभन्दा अगाडि मनोवैज्ञानिक रूपमा उनीहरूको चेतना र मानसिकता पठाउने राम्रो प्रयत्न नगरी दौडिरहेका छौँ । किसानहरू माथि हुने आर्थिक शोषणका रुपहरू बारे धेरै साथीहरूले बोलेका छन् । तर त्यससँग जोडिएका सामाजिक, सांस्कृतिक, धार्मिक शोषणका रूपहरूबारे निकै सतही अध्ययन गरिरहेका

छौँ, जसले गर्दा किसान समस्याको ठोस विश्लेषण गर्न सकिरहेका छैनौँ। साम्राज्यवादीहरूसँग साँठगाँठ गरेर प्रतिक्रियावादीहरूले क्षणिक आर्थिक लाभदिने किसानहरूलाई मनोवैज्ञानिक रूपमा प्रभाव पार्ने, गरिब तथा भूमिहीन किसानहरूलाई अलग्याएर केही शिक्षित मध्येम किसानहरूलाई आफ्नो पक्षमा तान्ने सानो किसान आयोजनाको निहित षडयन्त्रको हामीले राम्रो भण्डाफोर गर्न सकेका छैनौँ। यसै पत्रमा किसान समस्याहरूको सबै विशेष : विशिष्ठ, पक्षहरूको छलफल गर्न सम्भव भएन । अरु कुनैबेला फेरि यसबारे छलफल गरौँला । मैले माथि अभिव्यक्त गर्न खोजेको कुराको सारांश हो । चीनको कृषि कार्यकमको नक्कल नगरी हामीले हाम्रै विशेषता र विशिष्टताहरूको अध्ययन गरी कृषि क्रान्तिलाई अगाडी बढाउनुपर्छ र कृषि कार्यक्रमको निर्माण गरिनुपर्दछ ।

कृषि क्रान्तिको बाटो, सशस्त्र, कृषि, क्रान्तिको बाटो अपनाउनुपर्ने भएको हुँदा माओ विचारधारालाई मार्गदर्शक सिद्धान्तको रूपमा दर्ज गरि नुपर्दछ भन्ने तर्कले हामी कृषि- क्रान्तिका विशेषता र विशिष्टताहरूलाई प्रत्यक्ष वा अप्रत्यक्ष अस्वीकार गर्ने कठमुल्लाबादी र नक्कलवादी प्रवृत्तिबाट जन्मिएका केटाकेटी तर्क मात्र हो

कमरेड माओले दीर्घकालीन जनयुद्धको बाटो देखाइदिनुभयो । आधार इलाका निर्माणि, गाउँले सहरलाई घेर्ने नीति दिनुभयो । हाम्रो देशमा पनि यही युद्धनीति अपनाउनुपर्ने भएको हुँदा माओ विचारधारालाई मार्गदर्शक सिद्धान्तका रूपमा ग्रहण गर्नुपर्दछ भन्ने तपाईहरूको तेस्रो महत्त्वपूर्ण तर्कतिर जाऔँ-

प्रत्येक देशको क्रान्ति दीर्घकालीन हुन्छ । आजसम्मको अनुभव यहीँ छ । जहाँसम्म, चिनियाँ दीर्घकालीन जनयुद्धको बाटोको सवाल छ त्यसबारेमा कमरेड माओको भनाइ ध्यान दिन योग्य छ। "युद्धबाट युद्धनीति तय गरिन्छ चीनको युद्धबाट चीनको युद्धनीति तय गरिएको हो ।" यही

भनाईलाई आत्मसात गर्ने हो भने पनि नेपालको युद्धबाट नेपालको युद्धनीति तय गरिनुपर्दछ । दीर्घकालीन जनयुद्धको चीनको आफ्नै प्रकारको अनुभव र ट्याक्टिसहरू थिए । त्यस्तै, भियतनाम र अनेकौँ विजयी क्रान्तिकारी जनताको आ-आफ्नै अनुभवमा आधारित रणनीति र कार्यनीतिहरू छन् ।

चीनमा त्यसबेला अपनाएको जनयुद्धसम्बन्धी ट्याक्टिकल लाइन, अहिले यहाँ पनि अपनाउन खोज्नु नक्कल गर्न खोजेसरह नै हो । हामीले भोलिका दिनमा यसबारे नीति तय गर्दा प्रतिक्रियावादीहरूले हामीप्रति अपनाउने नीतिहरूलाई नै ध्यानमा राख्दै उनीहरूको र हाम्रो जनशक्ति, सेना, र अन्य भौतिक शक्तिहरूको तुलनात्मक अध्ययन गरेर नै तय गर्नुपर्ने हुन्छ । ट्याक्टिस, (कार्यनीतिहरू) पनि प्रतिक्रियावादी शक्तिहरूका विरुद्ध आफ्नै प्रकारका हुन सक्छ समय नआउँदै ठूलठूला गफहरू हाँक्ने हामी आवश्यक ठान्दैनौँ । चीनमा जुन तरिकाले आधार इलाका युद्ध अञ्चलहरू कायम गरियो त्यही रणनीति कार्यनीति यहाँ अपनाउन खोज्नु नक्कलवादी भूल नै हुनेछ । सिक्ने सवालमा हामीले चीनबाट मात्र होइन, भियतनाम र निकारागुआबाट पनि सिक्न सक्छौँ । गाउँले सहरलाई घेर्ने वा सहरबाट गाउँतिर घेर्ने वा सहर कब्जा गर्ने यो पनि अहिले गफ ठोक्ने कुरा होइन बरु हाम्रो देशमा पनि बढी ग्रामीण क्षेत्रको कार्यमा जोड दिनुपर्छ, सहरीया क्षेत्रमा मजदुरहरूको बीचमा काममा जोड दिनुपर्छ । सहर क्षेत्रबाट कार्यकर्ता सङ्गठकहरू तयार पारेर गाउँमा पठाउने काममा अहिले हामीले विशेष ध्यान केन्द्रित गर्नुपर्छ । ग्रामीण क्षेत्रका प्रौढ किसानहरूलाई समर्थनमा ल्याउन विशेष जोड दिएर लाग्नुपर्छ । तपाईहरूको तेस्रो तर्कको आधारमा, माओ विचारधारालाई मार्गदर्शक सिद्धान्त मान्नु भनेको आफ्नै मौलिक रणनीति र कार्यनीति तय गर्ने स्वतन्त्र विचारमा अवरोध खडा गर्नु हुनेछ ।

# बहसकै निरन्तरता

"वर्तमान विश्वको सही विश्लेषण गरी कमरेड माओले तीन विश्वको सिद्धान्त प्रतिपादन गर्नुभयो। यो सिद्धान्त रणनीतिक महत्वको छ र मार्क्सवाद-लेनिनवादको भण्डारमा नयाँ रणनीति थपेर यसलाई विकास गर्नुभएको हुँदा माओ विचारधारालाई आधारभूत मार्गदर्शक सिद्धान्तको रूपमा मान्नुपर्दछ र लिनुपर्दछ।" यो तपाईहरूको चौथो तर्क हो-

अब उनको जवाफतिर जाऔँ। मार्क्सवाद-लेनिनवादको भण्डारमा नयाँ कुरा थपिएको रुपमा तीन विश्वको सिद्धान्तलाई तपाईहरूले पेस गर्नुभएको हुँदा यो निकै गम्भीर सवाल बनेको छ। हामीलाई के लाग्छ भने वास्तवमा तपाईहरूले सही ढंगले मार्क्सवाद-लेनिनवाद नबुझेको हुनाले तीन विश्वको सिद्धान्तलाई मार्क्सवाद-लेनिनवादमा विकास र नयाँ थपिएको कुरो भनेर स्वीकार गर्न पुग्नुभएको छ। त्यसकारण साथीहरू सबैभन्दा पहिला मार्क्सवाद-लेनिनवाद के हो, संक्षिप्तमा बुझौँ-हामीलाई लाग्छ मार्क्सवाद भनेको तीनवटा महत्वपूर्ण कुराको योग हो। (१) द्वन्द्वात्मक ऐतिहासिक भौतिकवाद (२) राजनीतिक अर्थशास्त्रको सिद्धान्त-अतिरिक्त मूल्यको सिद्धान्त ३) वैज्ञानिक समाजवादको सिद्धान्त (वर्ग संघर्षको सिद्धान्त)। यिनै महत्वपूर्ण कुरालाई व्याख्या विश्लेषण गर्न कार्ल मार्क्स फ्रेडरिक एंगेल्सले धेरै पुस्तक लेखहरू लेख्नुभयो। त्यस्तै, लेनिनवाद भनेको मार्क्सवादको भण्डारमा चौथो कुरा हो। पूँजीवादको विकसित रूप साम्राज्यवाद हो। विश्व सर्वहारा उत्पीडित राष्ट्रहरू र साम्राज्यवाद बिच अन्तरविरोधले

जन्माएको युग आजको युग हो । यसैलाई हामीले लेलीनवादीयुग भनेको हो । आज पनि सर्वहारा वर्ग र पुँजीपति वर्गबीच, समाजवादी र पूँजीवादी प्रणाली बिचको अन्तर्विरोधको युग नै हो । त्यसकारण यसलाई लेनिनवादीयुग नै भन्नुपर्छ । कहाँबाट आयो माओत्सेतुङ विचारधाराको नयाँ युग । विश्वका मार्क्सवादी-लेनिनवादीहरूलाई पत्तो समेत छैन । हालै सम्पन्न चिनियाँ कम्युनिष्ट पार्टीको १२ औँ पार्टी महाधिवेशनले तीन विश्वको सिद्धान्त उल्लेख समेत गर्न सकेन । तपाईंहरू भन्नुहुन्छ तीन विश्वको सिद्धान्त, नयाँ युगको सिद्धान्त हो । अब जाऔँ तपाइहरूको तर्कको जवाफतिर-- तीन विश्वको सिद्धान्तले लेनिनवाद विपरीत गएर विश्वलाई तीन भागमा विभाजन गरेको छ । जस्तै सोभियत संघ र अमेरिका पहिलो विश्वमा यूरोपका सबै मुलुकहरू क्यानडा र जापान दोस्रो विश्वमा, जापान छोडेर एसियाका सबै देशहरू अफ्रिका र ल्याटिन अमेरिकाको सबै देशहरू तेस्रो विश्वमा । के वर्गीय दृष्टिकोणले नै विश्व तीन भागमा विभाजित छ ? होइन, वर्गीय दृष्टिकोणले विश्व दुई भागमा विभाजित छ । सर्वहारा वर्गको संसार र साम्राज्यवादको संसार । सर्वहारा बर्गको संसार भित्र विश्वका सबै समाजवादी देशहरू विश्वका मजदुर आन्दोलनहरू, राष्टिय जनमुक्ति आन्दोनहरू शोषण उत्पीडनमा परेका सबै गरिब मुलुकहरू सबै देशभक्त क्रान्तिकारीहरू र प्रगतिशीलहरू । अर्कोतिर, साम्राज्यवादको संसारभित्र अमेरिका, पश्चिमा साम्राज्यवादी शक्तिहरू सबै शोषक प्रतिक्रियावादी तत्वहरू आदि पर्दछन् । यही नै विश्वको सही वर्गीय विभाजन हो । त्यसकारण, तीन विश्वको सिद्धान्तको आधारमा माओ विचारधारालाई मार्गदर्शक सिद्धान्तमा उल्लेख गर्ने कुरो बिलकुल गलत तर्क हो ।

आधुनिक खुश्चेवी संशोधनवादका विरुद्ध संघर्षको नेतृत्व गर्नु भई मार्क्सवाद-कम्युनिष्ट आन्दोलनलाई सही दिशा दिएको हुँदा माओ विचारधारालाई मार्ग दर्शक सिद्धान्तमा उल्लेख गर्नुपर्दछ भन्ने तपाईहरूको

पाँचौ तर्क हो । अब यो तर्कतिरको जवाफतिर जाऔँ ।

पाचौँ तर्क माथि छलफल गर्नु अगाडि चिनियाँ कम्युनिष्ट पाटीको एघारौँ केन्द्रीय कमिटीको छैटौँ बिस्तारित सम्मेलनद्वारा पारित पार्टी इतिहासका सवालबारे कमरेड माओको ऐतिहासिक भूमिका र माओ विचारधारासम्बन्धी मूल्याङ्कन लेख हेर्न आग्रह गर्दछु । चिनियाँ कम्युनिष्ट पार्टीले त्यस मुल्याङ्कनमा आधुनिक संशोधनवादविरोधी संघर्षमा माओ र माओ विचारधाराबारे केही बोल्न सकेको छैन (?) । हिजो निकै विश्लेषणकर्ता भएर आउने चिनियाँ कम्युनिष्ट पार्टी अहिले नबोल्नुको रहस्य के होला ? स्पष्ट छ, गैर अनुशासित ढङ्ले विश्व कम्युनिष्ट आन्दोलनमा मतभेद चलाउँदा पाएको दुख कष्टको अनुभवहरू विगतबाट चिनियाँ कम्युनिष्ट पार्टीले शिक्षा लिन चाहँदै छ ।

निकिता खुश्चेवका विचारहरू खुश्चेव एक्लैका थिएनन् । त्यो सोभियत संघको कम्युनिष्ट पार्टीको सामूहिक विचार थियो । माओका विचारहरू माओ एक्लैका विचार थिएनन् चिनियाँ कम्युनिष्ट पार्टीको सामूहिक विचार पनि थियो । पार्टीका दस्तावेजहरूमा आएका विचारहरू यसरी नै हेर्नु बुद्धिमानी हुन्छ । दुवै पाटीले मार्क्सवाद लेनिनवादको प्रयोग गर्दा वाम र दक्षिण प्रवृत्तिको त्रुटिहरू भएका थुप्रै ऐतिहासिक प्रमाणहरू छन् । दुवै पार्टीले स्वीकारेका पनि छन् । गैरअनुशासित ढङ्ले यी महान् पार्टीहरूलाई संशोधनवादी भनी आरोप लगाउनु गम्भीर भूल हुनेछ । दक्षिणपन्थी वा उग्रवामपन्थी प्रकृतिका त्रुटिहरू भए भन्नु र संशोधनवाद भनी लेबिल लगाईहाल्नु एउटै कुरा होइन । खुश्चेवको नेतृत्वमा सोभियत संघको कम्युनिष्ट पार्टीले केही दक्षिण प्रकृतिको गल्ती गरेको, केही उग्रवामपन्थी प्रकृतिको गल्ती पनि गरेको (देशभित्र) उदाहरण छ । सन् १९६४ मा निकिता, खुश्चेवलाई सोभियत कम्युनिष्ट पार्टीले हटाएर गल्ती त्रुटि सच्याउने प्रयास गर्दै छ त्यस्तै चिनियाँ कम्युनिष्ट पार्टीले पनि

आठौँ पार्टी महाधिवेशनका सही निर्णयहरू र प्रस्तावहरूद्वारा उग्रवामपन्थी गल्तीहरू सच्याउदै छ । हामी त्यो महसुस गर्दछौ ।

कम्युनिष्ट तथा मजदुर पार्टीहरूको सन् १९५७ को घोषणा र सन् १९६० को वक्तव्य आज पनि विश्व कम्युनिष्ट आन्दोलनमा मार्गदर्शक सिद्धान्त हुन सक्छ । यसका विरुद्ध कुन-कुन मजदुर र कम्युनिष्ट पार्टीहरू गए, त्यसको गम्भीर मूल्याङ्कन गरिनुपर्दछ ।

कम्युनिष्ट पार्टीहरूबिच भाइचारा सम्बन्धबाट विचलित हुँदै, कमरेड माओले सोभियत संघमा पुँजीवादको पुनःस्थापना भएको भन्दै समाजवादी खेमाविरुद्ध साम्राज्यवादी शक्तिहरूलाई प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग पुऱ्याउने तीन विश्वको सिद्धान्त अगाडि सार्नुभयो । यो माओको उग्रवामपन्थी गल्ती हो । तर, माओका उग्रवामपन्थी गल्तीको विरोध गर्दा उहाँका असल कार्यहरूलाई भुल्न मिल्दैन । तपाईहरूले दिनुभएको पाचौँ तर्कको आधारमा पनि माओ विचारधारालाई नेकपाको मार्गदर्शक सिद्धान्तमा दर्ज गर्न सकिन्न । कठमुल्लावाद र नक्कलवादको सम्मिश्रणबाट जन्मेको सङ्कीर्ण दृष्टिकोणले गर्दा तपाईहरूले माओ विचारधारालाई मार्गदर्शक सिद्धान्तको रूपमा ग्रहण गर्ने गल्ती गर्नुभएको हाम्रो ठम्याइ छ ।

अन्त्यमा तपाई र सबै साथीहरूको सुस्वास्थ्यको कामना गर्दै यसपालि यही कलम रोकौँ । अर्को पत्रमा भेटौला ।

# कलकत्तामा वामपन्थी नेताहरूको भेला

सन् १९८४ मई २६–२८ (२०४१ जेठ १३–१६) भारतको कलकत्तामा प्रथम अखिल भारत प्रवासी नेपाली सम्मेलन आयोजना गरिएको थियो । सम्मेलनको अवसरमा पारेर वामपन्थी नेताहरूलाई एउटै मञ्चमा ल्याएर छलफल गर्ने व्यवस्था मिलाइएको थियो । उक्त भेलामा मलाई पनि आमन्त्रण गरिएको थियो । त्यहाँ पुग्दा मैले कमरेड तुलसीलाल अमात्य भरतमोहन अधिकारी, चन्द्रप्रकाश मैनाली, पुष्पकमल दाहाल, झलनाथ खनाल, माधवकुमार नेपाल, जीवराज आश्रित, प्रदीप नेपाल, मोहन चापागाई, बद्री खतिवडा आदि देखेँ । अरू नेता साथीहरू पनि थिए । तर मेरो स्मृतिमा रहेन । त्यसबेलाको विद्यार्थी नेतामध्ये घनश्याम भुसाल वा टंक कार्की मध्ये कोही भए जस्तो लाग्छ ।

त्यहाँ सामूहिक र व्यक्तिगत रूपमा समेत अलग–अलग छलफल पनि भए । मसँग त्यसबखतको छलफलको कुनै नोट रहेनछ । अधुरो स्मृतिका भरमा केही कुरा राख्दै छु । मैले सबै कमरेडहरूसँगको भेटमा वामपन्थी एकता आन्दोलनका सहभागी (वाम दबाव समूह) का हैसियतले वाम एकताका लागि दबाब दिए । विभाजित नेकपाको एकता हुनुपर्ने एकता प्रस्ताव राखे । निर्दलीय पञ्चायती व्यवस्था विरोधी बहुदलवादी शक्तिहरूको बृहत् प्रजातान्त्रिक एकता नेपाली काङ्ग्रेस र वामपन्थीबीच न्युनतम निर्दलीय पञ्चायती व्यवस्थाविरोधी एकताका लागि पहल गर्न सबै नेतालाई आह्वान गरे । मेरो कुरालाई कमरेड तुल्सीलाल र भरतमोहनले समर्थन गर्नुभयो मैले पनि उहाँहरूको भनाइलाई त्यसबेला समर्थन गरेँ । नेकपा (माले)बाट विद्रोह गर्नपर्ने कारण आदि बताउँदै सोभियत संघको सम्बन्धमा

पुस्तिका, उग्रवामपन्थी किशोर नेपालीलाई खुल्लापत्र-१ (पुस्तिका), संयुक्त वक्तव्य-२०४० वैशाख पुस्तिका) नेकपाको एकता प्रस्ताव, अरूणोदय (हासीले त्यसबेला पोखराबाट कमरेड बालकृष्ण सुवेदीको सम्पादनमा निकाल्ने गरेको-१५ दिने पत्रिका) यी पाँच सामग्री केही वितरण गरेको, केही प्रवासी नेपालीहरूमाझ बिक्री समेत गरेको थिए। त्यही बिक्री गरेको केही रुपियाँ, मेरा निम्ति बाटो खर्चमा सहयोगी पनि भएको थियो।

त्यसबेला नेकपा (माले) भित्र पार्टी स्वतन्त्र र राजनीतिक स्वतन्त्रताको विवाद चलेको थियो। कमरेड सीपी मैनाली पार्टी स्वतन्त्रताका पक्षका र कमरेड झलनाथ खनाल, माधव नेपाल, जीवराज आश्रित आदि पार्टी बहुमत राजनितीक स्वतन्त्रताका पक्षमा हुनुहुन्थ्यो। उहाँहरूले राजनीतिक विवादलाई व्यक्तिगत लान्छना लगाउने अमर्यादित तहसम्म लगेको कुरा मलाई मन परेको थिएन। विवाद हुँदा स्वयमले लान्छना नलगाएका कुरा मैले चन्द्रप्रकाश मैनाली र प्रदीप नेपालसमक्ष रोखेको थिएँ। मैले त्यसबखत भनेको थिए - कम्युनिष्ट पार्टीमा विवाद मतभेद चलाउँदा राजनीतिक संस्कारमा ध्यान दिनुपर्ने हुन्छ। गालीगलौजको भाषा प्रयोग नगरी शिष्ट मर्यादित ढंगले मित्रतापूर्ण वातावरणमा विवाद चलाउनु उपयुक्त हुन्छ। पार्टी अनुशासन पद्धति भङ्ग गर्नुपर्दा पनि पार्टी गोपनीयताहरू प्रतिक्रियावादी शत्रुपक्षले थाहा पाउँदा क्षति हुने खालका छन् भने त्यो नबोल्दा नै राम्रो हुन्छ। म स्वयमले नेकपा (माले) सँगको त्यसबखतको विवाद मतभेदमा यो कुरा व्यवहारमा लागू गरेको थिए।

आफ्नो सैद्धान्तिक वैचारिक अडान कायम राख्न त्यसको रक्षा गर्न मैले पद्धति र अनुसासन तोडेको हुँ, पार्टीबाट विद्रोह गरेको हुँ। म नेकपा माले भित्र अल्पमतमा छु। तर नेकपा र नेपाली कम्युनिष्ट आन्दोलनको दायरामा जाने हो भने म बहुमतमा छु। मेरो विचारमा राजनितिक सैद्धान्तिक, वैचारिक विवाद मतभेदहरू मित्रता शान्ति र सिष्ट ढङ्गले गर्नु उपयुक्त हुन्छ। हाम्रो कम्युनिष्ट आन्दोलन भित्र अलिकति मतभेद हुने वित्तिकै कम्युनिष्ट नै नमान्ने संशोधनवादको बिल्ला लगाईदिई

हाल्ने गद्धार र एजेण्टको आरोप लगाईदिई हाल्ने संक्रीणवादी नराम्रो चलन हटाउनु पर्ने माग त्यँहा छलफलहरूमा मैले राखँ । त्यसबेला नेकपा मालेले माओ विचारधारा नमान्नेलाई कम्युनिष्ट नै नभन्ने, सोभियत संघलाई समाजवाद भन्ने र सामाजिक साम्राज्यवाद नभन्नेहरूलाई कम्युनिष्ट नमान्ने, देशभक्त जनवादी मात्र भन्ने दृष्टिकोण अगाडी राख्थ्यो ।

आफू रुसी दलाल र चीनियाँ दलाल नभएको आफ्नो मनमा लागेको क्रान्तिकारी विचार दृष्टिकोण इमान्दारीपूर्वक राख्दै आएको कुरा पनि कलकत्ता भेलाका सहभागिहरू कम्युनिष्ट क्रान्तिकारी वामपन्थी साथीहरूसँग राखेको थिएँ । मैले त्यसबेला राजनितिक स्वतन्त्रता बढी अमुर्त नारा भयो । त्यो भन्दा पार्टी स्वतन्त्त्रता मूर्त छ भनि कमरेड सीपीको नजिकमा विचार दिए तर मेरो आफ्नै प्रस्तावचाहि निरंकुश तथा निर्दलीय पञ्चायती व्यवस्थाविरुद्ध सम्पूर्ण बहुलवादी शक्तिहरूको एकता नै थियो । ०३७ जेष्ठको जनमतसँग्रह परिणामले जुन राजनीतिक ।'वीकरण मुलुकमा देखापरेको थियो । त्यसमा नेकपा (माले) ले विगतको गल्ती नदोहोऱ्याइकन बहुलवादी शक्ति-व्यक्तिहरूलाई समेट्नुपर्ने सुझाव मैले नेकपा (माले)लाई दिएको थिए ।

अखिल भारत प्रवासी नेपाली संघको प्रथम- कलकत्ता सम्मेलनले लक्ष्मण रायमाझीको अध्यक्षतामा तिल कार्की महासचिव रहेको अखिल भारत प्रवासी नेपाली संघ निर्माण गरेको थियो । सबै केन्द्रीय पदाधिकारीहरूको नाम अहिले स्मृतिमा नरहेकोमा क्षमा माग्दछु । सम्मेलनपछि कलकत्ता, पार्क एभिन्युमा भएको जनसभामा दिल साहनीले अंग्रेजी भाषामा सम्मेलनको प्रस्ताव र घोषणा वाचन गर्नुभएको थियो । सम्पूर्ण भारतमा रहेका प्रवासी नेपालीहरूलाई संघको झन्डामुनि गोलबन्द हुन आह्वान गर्दै प्रवासी नेपालीहरूमाथि हुने अन्याय अत्याचार, शोषण, उत्पीडन र दमनविरुद्ध न्यायपूर्ण संघर्ष गर्ने अठोटसाथ मुलुकभित्र राजतन्त्र त्यसको निर्दलीय पञ्चायती व्यवस्थाले प्रतिक्रियावादी दमन उत्पीडन, शोषण चलाइरहेको नेपाली जनता तडपिरहेको हुँदा सम्पूर्ण देशभक्त जनवादी शक्तिहरूलाई गोलबन्दी हुन आह्वान गरिएको थियो ।

कलकत्तामा प्रथम अखिल भारत प्रवासी सम्मेलनको पाहुना भएर जाँदा.. मलाई पार्क सर्कसमा कमरेड रामप्रसाद प्रधानको डेरामा राखिएको थियो उँहा भारतीय स्टेट बैंकमा काम गर्नुहुन्थ्यो । उहाँको परिवारसँग त्यसपछि मैले धेरैपल्ट भेटेँ। आज पनि म उहाँलाइ सम्झिरहन्छु। उहाँहरूको नेपाली जनवादी क्रान्तिप्रतिको निस्वार्थ सेवा र प्रेम म अझै सम्झन्छु ।

प्रथम अखिल भारत प्रवासी नेपाली सम्मेलनमा कलकत्ता जाँदा त्यो मेरो प्रथम कलकत्ता यात्रा थियो। त्यपछि म करिब ७ पटक कलकत्ता महानगरी पुगेको छु । पहिलोपल्ट कलकता पुग्दा जतातत्तै मान्छेको भीड देखेँ। हाउडा रेलवे स्टेशनमा ओर्लेर धर्मतल्ला आएर ट्राम चढेर पार्क सर्कस पुगेको थिएँ। त्यो मेरो पहिलो ट्राम यात्रा थियो। धर्म तल्लामा पहिलोपल्ट मैले मान्छेले रिक्सा तानेको देखेको थिएँ । उल्टो सुल्टो दुवैतिर बग्ने हुग्ली नदी पनि पहिलोपल्ट देखेको थिएँ। कलकत्ता बोटानिकल गार्डेनमा एसियाकै ठुलो बरको रुख देखेँ। कलकत्तामा प्रवासी नेपाली साथीहरूले हामी अतिथीहरूलाई भिक्टोरीया म्युजियम - एसियाकै ठूलो म्युजियम मध्येको एक र प्लेनोटोरीयम तारामण्डल, कलकत्ताको चीडियाखाना, नेशनल लाईब्रेरी, डाइमेन समुद्री किनार आदिको अवलोकन गराउनु भएको थियो। बंगालको खाडी नजिक डेल्टा हेर्न कागद्विप पनि पुगेका थियौँ । नेपाल कम्युनिष्ट पार्टी गठन गरिएको स्थान श्यामबजार इलाकाको २८ नम्बर गल्ली रविन सरकार लेन पनि हेर्न पुगेका थियौँ। यसरी प्रथम कलकता यात्राको अधुरो स्मृति अझै छ । त्यसवखत कलकत्तामा भेटका सक्रिय साथीहरू भानुप्रकाश श्रेष्ठ, जगनाथ भट्टराई, मुक्ति ढकाल लगायतका प्रवासी नेपाली क्रान्तिकारी साथीहरू म आज पनि सम्झन्छु । यो पंक्ति लेखिरहँदा फेरि मलाई भन्न मन लागेको छ- अखिल भारत प्रवासी नेपाली संघ जिन्दावाद, भारतमा रहने सबै नेपालीहरूको एकता- जिन्दाबाद !!

# बोरामा हालेर फाल्ने पार्टी निर्णय !

कलकत्ता भेलाबाट फर्केर म पोखरा पुगेँ । पोखरा नगरलाई केन्द्र बनाएर कास्कीका गाउँहरूमा भूमिगत सम्पर्कहरू बढाउन लागेँ । त्यसबेला पोखरा, नगर पञ्चायतमा कमरेड महेन्द्र कतिला, बालकृष्ण सुवेदी, टेकनाथ बराल, रामजी पहाड़ी वामपन्थी एकता आन्दोलनका सहभागीहरूका प्रतिनिधि नेताहरू हुनुहुन्थ्यो । वामपन्थी एकताः चाहने, बालकृष्ण उग्रताराले सहयोग पुऱ्याउनुभएको थियो । उहाँले बागलुङ्गतिर पनि सम्पर्क राख्नुभएको थियो । कमरेड तिलक आचार्यको डेबिट फल्सतिरको घर मेरो बस्ने सेन्टर नै थियो । उहाँ त्यतिबेलाको पोखराको चर्चित वाम बुद्धिजीवी हुनुहुन्थ्यो । उहाँले पनि पर्वततिर सम्पर्क बढाउनुभएको थियो । स्याम्जाका कमरेड जयप्रसाद बास्तोलाले पनि मैले त्यसबेला राखेका विचारलाई समर्थन दिनुभएको थियो । कमरेड सोमनाथ प्यासीको बाटुलीचौरको बाटुली घरमा मेरो आश्रयस्थल थियो । कमरेड राजेन्द्र रूपाकोट, कमरेड पुन्य नौडाँडा, पोखरा नगरका देवीप्रसाद पाण्डेले पनि त्यसबेला सहयोग पुऱ्याउनुभएको थियो । उहाँहरू इमान्दारीका साथ कम्युनिष्ट एकता चाहने हुनुहुन्थ्यो ।

पोखराबाट म स्याङ्जा वालिङतिर कमरेड जितः बर्देवाको घरमा पनि जाने गर्थे । भूमिगत आश्रयस्थल थियो । त्यस्तै, स्याङ्जामा अर्का नेता हेमराज भण्डारी (कुवाकोट), उहाँ गीतहरू लेख्ने, गायक र संस्कृतिकर्मी हुनुहुन्थ्यो । उहाँका क्रान्तिकारी गीतमध्ये "जालेमाकुरा" त्यसबेला प्रसिद्ध थियो । त्यस्तै, स्याङ्जाको नाउँडाडादेखि ज्याग्दीखोलासम्म धेरै ठाउँमा पुगेको थिएँ । अहिले सबै कुरा स्मृतिमा छैनन् । तनहुँको गुनादी, दमौली बजार भीरकोट आदि ठाउँमा पनि हाम्रो सम्पर्क थियो । यसरी गण्डकीमा

युवा-विद्यार्थी बुद्धिजीवी, मजदुर, किसानहरूबीच हाम्रो सम्पर्क विस्तार हुँदै थियो । विभाजित नेकपाको एकता हुनुपर्ने आवाज जतातत्तैबाट उठिरहेको थियो । नेकपा (माले) भित्र पनि हाम्रो विचारले जोड पकड्दै थियो । त्यसबेला हाम्रा मतभेदहरू कमरेड बालकृष्ण सुवेदीको प्रधान सम्पादकत्वमा निस्केको अरूणोदय पत्रिकामार्फत देशका विभिन्न ठाउँ र प्रवासमा समेत पोखराबाट जाने गर्दथ्यो । त्यस पत्रिकामा मैले धेरैवटा लेख लेखेको छु । आज मसँग एक अङ्क पनि छैन । संकलन गरेर नराख्ने मेरो बानीले गर्दा म पछुताइरहेको छु । कास्की, तनहुँ, स्याङ्जा, बागलुङ्, पर्वत आदि ठाउँमा हाम्रो सम्पर्क विस्तार हुँदै गएका बेला २०४१ सालको अन्त्यतिर नेकपा (माले) गण्डकीका केही नेतृत्वदायी साथीहरूले यो पार्टी फोड्ुवा, भड्ुवा, रूसी दलाल विक्रम थापालाई खुट्टा भाँचेर बोरामा हालेर सेती नदीमा फालिदिने निर्णय गर्नुभएछ । त्यसको कार्यान्वयन गर्ने जिम्मा पार्टीका एक जिम्मेवार कमरेड धर्मदत्त देवकोटालाई दिएका रहेछन् । उहाँले कार्यान्वयन नगरेर म बाँचेको कुरा कमरेड धर्मदत्तले दुई वर्षपछि बताउनुभयो । धेरै वर्षपछि कमरेड त्रिलोचन ढकाल, सोमनाथ प्यासीले पनि बताउनुभयो ।

यो निर्णय आफैमा नेकपा (माले)को त्यसबेलाको उग्रवामपन्थी दृष्टिकोणको एउटा नमुना हो । पार्टी बचाउने नाममा अपराध सम्म गर्न पछि नहट्ने, क्रान्तिकारी हुने नाममा उग्रबामपन्थी दृष्टिकोणबाट जन्मिएको व्यवहारले कम्युनिष्ट पार्टी र कम्युनिष्ट आन्दोलनलाई ठूलो क्षति पुऱ्याएको मात्र होइन, अपराधीहरूको डफ्फा जन्माउनसमेत मद्दत पुऱ्याएको छ । ठूलो क्षति पुऱ्याएको मात्र होइन, यसको गम्भीर सिंहावलोकन गरेर अपराधीहरूलाई दण्ड दिने तरिका नअपनाएर हलुका ढंगले लिने, हाम्रो कम्युनिष्ट नेताहरूको व्यवहारले भविष्यमा पनि ठूलो क्षति हुन सक्छ । होसियार हौँ सजग होऔँ । अपराधी उग्रवामपन्थी दृष्टिकोणबाट बचौँ । नेकपा (माले) भित्र वैचारिक, सैद्धान्तिक संघर्ष चलाउँदा त्यसबेला गालीगलौज र कुटपिट तथा घर भत्काउनेसम्म सामान्य रूपमा भोगियो । तर मान्छे मार्नसमेत पछि नहट्ने अपराध पनि त्यसबेलाको नेकपा (माले)का नेताहरूले सामान्य रूपमा लिनु

जो नेताहरू अझै पनि बाँचेकै छन्, एउटै पार्टीमा पनि छौँ ।

आज औपचारिक रूपमा पाटीभित्र आलोचना-आत्मालोचनाको आजसम्म, उचारण हँदैन । मलाई दुःख लागिरहेको छ- पार्टीले मैले राखेको विचारलाई पछि झापा विस्तारित बैठकले ग्रहण गर्यो । सोभियत संघलाई सामाजिक साम्राज्यवाद भन्नुको सट्टा, समाजवाद भन्यो पार्टीको ०४६ साल भदौमा भएको चौथो पार्टी महाधिवेशनले माओ विचारधारालाई मार्गदर्शकबाट हटाउने निर्णय गऱ्यो । त्यही विचार राखेबापत पार्टीबाट निष्कासनसमेत हुनुपऱ्यो । पटक-पटक अनुशासन पद्धति तोडेकोमा आत्मालोचित हुन पऱ्यो । पुनः परीक्षण अवधी पार गरेर पार्टीमा पूनः स्थापित पनि गरियो । तर पार्टीले मलाई त्यसबेला गरेको व्यवहारका लागि पार्टी नेताहरूले जो अहिले सम्म जिवीत छन, एकपटक अहिले सम्म आलोचना आलासोचनासम्म भएन । आफ्नो तर्फको गल्ती कमजोरी स्वीकार गर्नुभएन तर हालै प्रकाशित, लुम्बिनी सन्देश - लुम्बिनी अञ्चल समन्वय कमिटीको मुखपत्रमा पार्टी महासचिव कमरेड ईश्वर पोखरेलले त्यसबेलाको घटनामा मैले पाएको दुख कष्टको बयान गरेर सत्य उद्घाटन गर्नुभएको छ । त्यसका लागि महासचिवलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छु । पार्टी अध्यक्ष झलनाथ खनालले चालीसको दशकमा हाम्रो पार्टीले लिएको सद्धौन्तिक अडान ठीक रहेको विश्लेषणात्मक समीक्षा व्यक्त गर्नुभएको छ ।

उहाँ नेतृत्वमा हुँदा नै माओ विचारधारालाई मार्गदर्शक सिद्धान्तबाट हटाउने काम भयो । सोभियत संघलाई सामाजिक साम्राज्यवादको सट्टा समाजवाद भन्ने काम भयो । बाममोर्चा निर्माण पञ्चायतइतर बृहत बहुदलवादी शक्तिहरूको एकता संयुक्त जनआन्दोलनको तयारीका लागि काम पनि भयो । पार्टीलाई उग्रवामपन्थी दृष्टिकोणबाट मुक्त गरेर सही लाइनमा ल्याउन ४० को दशकमा कमरेड झलनाथ खनाल र मदन भण्डारीको नेतृत्वमा - पार्टीले महत्वपूर्ण पहल गरेको सत्य हो । तर उग्रबामपन्थी दृष्टिकोण हटाउन सैद्धान्तिक- वैचारिक पक्षमा योगदान गर्ने पार्टीभित्रका सानादेखि ठूला नेता-कार्यकर्ता ओझेलमा परे । नेपालको

कम्युनिष्ट आन्दोलनमा सिद्धान्त, विचारभन्दा सङ्गठनमा जोड दिने कुरो सुरुदेखि देखिन्छ । पुष्पलालको सही क्रान्तिकारी गणतन्त्रवादी लाइन पास हुने, दक्षिणपन्थी केशरजङ्ग रायमाझीहरूको केन्द्रीय कमिटीमा बहुमत हुने, सही लाइन दविनुपर्ने । त्यस्तै नेकपा (माले)मा पनि त्यसबेला सिद्धान्त, विचारभन्दा सङ्गठनलाई महत्व दिइयो ।

मेरो विचारमा सिद्धान्त र विचारले पार्टीलाई बाटो देखाउने हो । त्यो पहिला हुनुपर्ने हो मार्क्स एङ्गेल्स, लेनिनले पनि यहीँ कुरामा जोड दिएका थिए । तर नेपालमा सिद्धान्त विचार उग्रवामपन्थी भए पनि सङ्गठन बलियो बनाएर आफ्नो पकडमा राखेर वैचारिक नेतृत्वलाई कमजोर बनाउने र परास्त गर्ने काम भएको छ । कमरेड पुष्पलाल, मनमोहन, तुलसीलाल देखि अहिलेसम्म यस पक्षको गम्भीर सिंहावलोकन गरी तथ्यसत्य खोज्न म जरुरी र आवश्यक सम्झन्छु । कम्युनिष्ट पार्टीभित्र वैचारिक-सैद्धान्तिक मतभेद चलाउने, बहुमतलाई अल्पमतले मान्ने र बहुमतले अल्पमतको कदर गर्ने भनिन्छ, तर व्यवहारमा अल्पमतलाई दबाउने तरिका धेरै अपनाएको देखिन्छ । कुनैबेला असहमत रहेको गलत विचार भनी आलोचित भएकाहरू बहुमतमा पुग्दा उनीहरूलाई कदर गर्ने तरिका मैले नेपालको कम्युनिष्ट आन्दोलनमा देख्न पाइन । कार्यकर्ता पंक्तिबाट आएका विचारहरू कि दबिएका छन् कि स्रोतवालाबाट खोसिएर नयाँ शृंगारपटारका साथ अर्कै ठूलो नेताको विचार भएर अगाडि आएका छन् ।

वास्तवमा यो एक किसिमको राजनीतिक शोषण पनि हो, जालझेल पनि हो । विचारको स्रोतवाला ज्यूँदै छ, त्यही पार्टीमा उसको विचार बोकेर अर्को नेता बनिरहेको छ । फेरि विचारको स्रोत एउटा नेता छ अर्को नेतालाई सतही अध्ययनको भरमा उसको गुट पार्टीभित्र बलियो भएकै भरमा नेता भएका छन् । अब त रुपियाँ र गुन्डाको भरमा पनि कम्युनिष्ट पार्टीभित्र नेतृत्व हत्याउने चलन सुरु भइसक्यो । जुन नेता जति धेरै पुँजीवादी विकृति बोक्छ देखाउँछ त्यही नेता कम्युनिष्ट पार्टीको ठूलो नेता हुने चलन चल्दै छ । कम्युनिष्ट पार्टीभित्र लोकतान्त्रिक र जनवादीकरणको नाममा विचार नैतिकता, कमजोर हुँदै छ । त्यसकारण कम्युनिष्ट पार्टीको

नेतृत्व निर्माण गर्दा (१) मार्क्सवाद-लेनिनवादको सिर्जनात्मक प्रयोगबाट नयाँ विचार दिएको नदिएको हेर्ने सक्नुपर्दछ । (२) वर्ग संघर्षमा मजदुर, किसान, गरिब, शोषित, उत्पीडितको पक्षम व्यवहारमा नै उभिएको छ कि छैन ? कतै भित्रभित्रै शत्रुसँग साँठगाँठ गरिरहेको कि हेनुपर्ने हुन्छ । जनसंघर्ष र आन्दोलनहरूमा ठीक योजना बनाउँछ बनाउँदैन । संघर्ष नेतृत्व गर्छ गर्दैन हेर्नुपर्दछ । (२) संसद वा सरकारको मोर्चामा जाँदा पनि ठिक ढङ्गले नेतृत्व गर्न सक्यो, संकेन ? भ्रष्टाचार नातावादबाट टाढा रहन सको सकेन ? आदि हेर्नुपर्दछ । कम्युनिष्ट नेतृत्व व्यवहारिक र वैधानिक हुन सक्नुपर्दछ । इमानदार र अनुशासित अरुका लागि प्रेरणाको स्रोत हुन सक्नुपर्दछ । यसमा मुख्यतः समाजमा क्रान्तिकारी, प्रगतिशील तथा चेतनाको बाहक हुन सक्नुपर्दछ । नयाँ विचार दृष्टिकोणको स्रोत हुन सक्नु पर्दछ । कम्युनिष्ट पार्टीको नेतृत्व निर्माणको ६२ वर्षको अनुभव समेटेर नयाँ उचाइबाट सोच्न आवश्यक भएको कुरा यी पंक्ति लेखिरहँदा मलाई लागेको कुरा हो । कम्युनिष्ट नेतृत्वले आफ्नो समयको समाजको वैचारिक र व्यवहारिक ढङ्गले नेतृत्वबाट प्रेरणा स्रोत बनेकै हुनुपर्दछ । नेकपा (एमाले) ले यसतर्फ ध्यान दिने अपेक्षा मैले राखेको छु ।

चिनियाँ कम्युनिष्ट पार्टीको अनुभव समेटेर कमरेड माओत्सेतुङले, कम्युनिष्टले गर्न हुने र नहुने तीन काम नेपाली कम्युनिष्टहरूका लागि सान्दर्भिक छन् । ती हुन्, (१) मार्क्सबाद-लेनिनवादको सिर्जनात्मक प्रयोग गरौं- संशोधनवादको होइन । (२) खुला-खुलस्त इमान्दार होऔँ, छलकपट, जालझेल र षड्यन्त्र नगरौँ ३) एकता र एकताबद्ध होऔँ- गुटफुटतिर नलागौँ ।

हामी नेपाली कम्युनिष्टहरूले तीन गर्ने र तीन नगर्ने कुरालाई आत्मसात गर्नसके नयाँ नेपालको नेतृत्व गर्ने धेरै कम्युनिष्टहरू जन्मनेछन् । उनीहरू नेपाली जनताको प्रेरणाको स्रोत हुन्छन् । नेपाली माटोमा नेपालको निर्माण समृद्धिको विउ भएर उम्रिनेछन् फुल्नेछन् र फल्नेछन् ।

# काशी हिन्दू विश्वविद्यालय वाराणसीको यात्रा

अखिल भारत नेपाली स्वतन्त्र विद्यार्थी युनियनको दोस्रो अखिल भारत सम्मेलनको अवसर पारेर नेपाली जनआन्दोलनमा संयुक्त मोर्चाको सवाल विषयको विचार गोष्ठी आयोजना गरिने हुँदा उक्त विचार गोष्ठी र सम्मेलनमा अतिथि वक्ताका रूपमा मलाई पनि आमन्त्रण गरिएको थियो । सम्मेलन २०४१ चैत्र ४ र ६ गते हुनेवाला थियो । मैले माघमै निमन्त्रणा पाएको थिएँ । वाराणसी जाने तयारीका क्रममा मैले नेपाली जनआन्दोलनमा संयुक्त मोर्चाको सवाल : एक संक्षिप्त सिंहावलोकन लेख कमरेड नरेश्वर ज्ञवालीको कपिलवस्तु वठानपुरास्थित घरमा बसेर लेखेको थिए ।

वाराणसी जानुअघि वामपन्थी एकता आन्दोलनका सहभागी प्रतिनिधि नेताहरूको दोस्रो भूमिगत भेला रूपन्देहीको रोहनी नदीको किनारमा रहेको टढेरा गाउँमा २०४१ फागुनको दोस्रो हप्तातिर कमरेड नाथु कुमाल, मणि खनाल र ठाकुरजीको व्यवस्थापनमा कमरेड नाथु कुमालको घरमा सम्पन्न भएको थियो । भेला व्यवस्थापनमा रहेका साथीहरू लगायत गोपाल शाक्य, नरेश्वर ज्ञवाली, महेन्द्र कतिला, उमेश श्रेष्ठ, रामजी पहाड़ी, हिमबहादुर क्षेत्री, जित वर्देवा, जनार्दन दाहाल, टेकनाथ बराल, माधव पन्थ, बालकृष्ण सुवेदी मेरो अधुरो स्मृतिमा जति आयो त्यति लेखेँ लगायतको सहभागिता रहेको थियो । त्यसबेला नरबहादुर खाँडलगायत केही साथीहरू हामीबाट अलग्गिएर नेकपा (विष्णुबहादुर समूह) प्रवेश गरेका थिए । नेकपा (तुलसीलाल समूह) छाडेर तुलसीलालसँग मतभेद राखी असन्तुष्ट केही साथीहरूले वामपन्थी एकता आन्दोलनका सहयोगी रुपमा रहने निर्णय गरी वक्तव्य दिएका थिए । त्यसबाट असन्तुष्ट भएर कमरेड तुलसीलालले विक्रम

थापा (म) लाई सीआईडीको आरोप लगाए । मनमोहनः साहना समूहबीच एकता प्रक्रिया फेरि आरम्भ भएको शुभ खबर आयो । वामपन्थी एकताका लागि मन मोहन समूहको प्रयास निकै सकारात्मक रहेको थियो नेकपा माले भित्र पाटीमा संस्थापन पक्ष र चन्द्रप्रकाश स्वतन्त्र पक्षधरबीच मतभेद तीव्र बनेको थियो । हामीले राखेको विचारले पनि माले भित्र चन्द्रप्रकाश मैनाली, मोदनाथ प्रश्रित, मुकुन्द न्यौपाने आदि कमरेडहरूले सोभियत संघलाई समाजवाद भन्नुपर्ने र माओविचारलाई मार्गदर्शन सिद्धान्तबाट हटाए पनि हुने विचार आएको चर्चा भएको थियो । भेलामा वामपन्थीहरूको एकताका लागि हाम्रो दबाबले नेपालको राजनीतिमा सकारात्मक असर गरिरहेको मूल्याङ्कन गरिएको थियो ।

हामीले हाम्रो कार्ययोजना सम्बन्धमा छलफल गरेका थियौँ । तुरुन्त बृहत् वाम । एकता हुन नसके हाम्रो सम्पर्कमा रहेका करिब १५० देखि २०० नेता कायृकर्ता र ५/६ हजार समर्थकलाई कुनै सङ्गठनात्मक स्वरूप नदिई थामी राख्न नसक्ने, यस्तो अवस्थामा विनाविधान वा अनुशासन कुनै सीमारेखा नराखी यसरी लामो समयसम्म टिकिराख्न गाह्रो पर्ने निष्कर्ष भेलाले निकालेको थियो । हामीले विभाजित नेकपा अर्को समुह थप्ने काम गर्नुहुन्न, तर सङ्गठित र अनुशासित हुने उपाय खोज्नुपर्छ भनेर त्यसका लागि वामपन्थी एकता आन्दोलनका सहभागीहरूको प्रथम राष्ट्रिय भेला २०४२ जेष्ठ २ गते काठमाडौँमा बोलाउने निर्णय भेलाले गरेको थियो ।

रोहनी नदी किनारको टटेरा गाउँमा वामपन्थी एकता आन्दोलनका सहभागी प्रतिनिधि भेला भएको थियो । त्यसबेला मैले वाराणसीमा पेस गर्न तयार पारेको कार्यपत्र लेख नेपाली जनआन्दोलनमा संयुक्त मोर्चाको सवाल एक संक्षिप्त सिंहावलोकन वाचन गरेर सुनाएपछि भेलाले अनुमोदन पनि गरेको थियो ।

म पहिलो पटक वाराणसी २०३८ को अन्त्यतिर नौतुनवा, गोरखपुर हुँदै रेलबाट गएको थिएँ । दूधविनायक गल्लीको एउटा प्रेस ठेगानामा कमरेड समीर (जीवराज आश्रित) को पत्र लिएर कमरेड अनिल (झलनाथ खनाल) लाई भेट्न पुगेको थिए । म त्यसबेला पार्टीका दस्तावेजहरू लिन

गएको थिएँ । देशभरिका लागि गोप्य रूपमा वनारसमा दस्तावेज छाप्ने गरिएको थियो । कमरेड झलनाथ खनालसँग भेट्दा मलाई उहाँ झलनाथ हो भन्ने थाहा थिएन । पार्टीको कुनै जिम्मेवार कमरेड हुनुहुन्छ भन्ने मात्र थाहा भयो । कमरेड अनिल आफैँ दस्तावेजको बन्डल बनाएको राती रिक्सा चढाउन विनायक गल्ली हिँडेर आएको समेत मेरो स्मृतिमा अझै छ ।

दोस्रो पटक म भैरहवा, सुनौली हुँदै बसमा बनारस गएको थिएँ । बाटोमा बस बिग्रिएर तीन चार घन्टा ढिलो भयो । बस स्टेसनबाट अटो रिक्सा लिएर अखिल भारत नेपाली विद्यार्थी स्वतन्त्र युनियनको दोस्रो सम्मेलन हुने स्थल काशी हिन्दू विश्वविद्यालय पुगेँ । त्यहाँ पुगेर सम्मेलन भइरहेको ठाउँ खोज्न आधा घन्टा लाग्यो । हिन्दू विश्वविद्यालय भारतकै ठूलो विश्वविद्यालय थियो । धेरै संकाय र विभागहरू भएको ठूलो क्षेत्रफलमा फैलिएको थियो । रूखहरू र बगैँचाहरूले गर्मीमा पनि वातावरणलाई केही शीतल बनाएको थियो । सोध्दै-खोज्दै म प्रेक्षा गृहमा पुग्दा विचार गोष्ठीको कार्यक्रम सुरु भइसकेको थियो । विचार गोष्ठीका अध्यक्ष अभानेस्ववियुका नवनिर्वाचित केन्द्रीय अध्यक्ष श्रीमण गौतम हुनुहुन्थ्यो । वक्ता क्रममा पहिलो वक्ता तिल कार्की (केन्द्रीय सचिव, अभाप्रनेसङ्घ), दोस्रो म स्वयम्- वामपन्थी विचारक विक्रम थापा र तेस्रो, अनेरास्ववियुका महिला नेतृ सुश्री विष्णु घिमिरे थिए । यसपछि त्यस दिनको कार्यक्रम स्थगित भयो । दोस्रो दिन १९ मार्च १९८५ को विचार गोष्ठीको अध्यक्षता लक्ष्मण रायामाझीले गर्नुभएको थियो भने वक्ताका क्रममा राधा ज्ञवाली, खगराज अधिकारी, विनोद राय, मदनमणि दीक्षित, हितकाजी गुरुङ धिरेन कुमार झा, रघु पन्त, अवधेश राय र सुशील प्याकुरेल हुनुहुन्थ्यो । सुशील, खगराज, विष्णु घिमिरे र मैले लिखित कार्यपत्र पेस गरेका थियौँ । अर्को लिखित कार्यपत्र कृष्णराज वर्मा, कृष्णदास श्रेष्ठबाट आएको जानकारी गराइएको थियो । अरूले विषयवस्तुमा नोटकै आधारमा बोलेका थिए । मैले आफ्नो कार्यपत्र नेपाली जनआन्दोलनमा संयुक्त मोर्चाको सवाल प्रस्तुत् गर्नुअघि अभानेस्ववियुको प्रगतिको कामना गर्दै वामपन्थी एकता आन्दोलनका सहभागीहरूका तर्फबाट आफ्नो कार्यपत्र पेस गर्न गइरहेको जानकारी गराएको थिएँ-

# पुष्पलाल र गणेशमानको नीति

नेकपाको जन्मदेखि संयुक्त मोर्चाको आवश्यकता महसूस गरेर निरङ्कुश राणा शासकहरूविरुद्ध नेपालका मजदूर, किसान, महिला, युवा, विद्यार्थी, सिपाही पसिना चुहाउने समस्त नेपाली एक हुनुपर्ने माग गर्दै नागरिक अधिकार समिति निर्माण गरी अघि बढाइएको थियो । नेकपाले आफ्नो पहिलो घोषणापत्रमै १२ सूत्रीय कार्यक्रम प्राप्तिका लागि संयुक्त मोर्चा निर्माण गरी संघर्ष गर्ने घोषणा गरेको थियो । २०१० मा नेकपाद्वारा प्रथम महाधिवेशनमा पेस गरिएको प्रतिवेदनमा कमरेड मनमोहन अधिकारीले पेस गरेको संयुक्त मोर्चासम्बन्धी मूल्याङ्कन यसप्रकार थियो– "संयुक्त मोर्चामा हामीले विभिन्न थरिका गल्तीहरू गरेका छौँ । अरू जनवादी शक्तिहरूप्रति सङ्कीर्णवादी दृष्टिकोण लिनु संयुक्त मोर्चाको नाममा विलिनवादी नीति लिनु हो । संयुक्त मोर्चाको प्रयासलाई क्रान्तिको आवश्यक सिद्धान्त नसम्झी चालबाजी सम्झनु आदि गल्तीहरू रहेका छन् । फेरी संयुक्त मोर्चाको संघर्ष कसरी विकसित हुन्छ भन्ने कुरा स्पष्टता पनि हामीलाई थिएन । ३१ वर्ष बितिसक्दा पनि नेपालमा हामी कम्युनिष्टहरूले व्यवहारमा उस्तै कमजोरी–गल्तीहरू दोहोऱ्याइरहेका छौँ ।

२०१९ वैशाखमा वाराणसीमा सम्पन्न तेस्रो पार्टी महाधिवेशनमा कमरेड तुलसीलालले पेस गर्नुभएको प्रतिवेदनमा संयुक्त मोर्चासम्बन्धी दृष्टिकोण सही रहे पनि कार्यान्वयन गर्न सकिएन । कमरेड पुष्पलालले निरंकुश र निर्दलीय पञ्चायती व्यवस्था विरोधी सम्पूर्ण वामपन्थी र

प्रजातन्त्रवादी शक्तिहरूले एकता गरी संयुक्त जनआन्दोलन अगाडि बढाउन नीति दिनुभयो । तर काग्रेस र कम्युनिष्टहरूबीच एकता हुन नसक्दा पनि २०३५/०३६ मा स्वतस्फूर्त रूपमा उठेको जनआन्दोलनलाई संयुक्त मोर्चा बनाएर नेतृत्व गर्न नसक्दा जनमत सँग्रहमा धोका पाई हार्नुपर्‍यो । यही कुरा राख्दै मैले त्यहाँ सम्पूर्ण बहुलवादी शक्तिहरू मिलेर निरंकुश तथा निर्दलीय पञ्चायती व्यवस्था विरोधी राजनीतिक संयुक्त मोर्चा कायम गर्नुपर्ने आवश्यकतामा जोड दिएको थिएँ । मैले जोड दिएको नीति कमरेड पुष्पलालको संयुक्त जनआन्दोलन नीति नै थियो । त्यसबेला नेकपा (माले)को संयुक्त मोर्चा नीतिमा सङ्कीर्ण उग्रवाम दृष्टिकोण हावी थियो । वर्गीय संयुक्त मोर्चासम्बन्धी नीति ठीक रहे पनि राजनीतिक पार्टीहरू र संगठनहरूलाई एउटै मञ्चमा ल्याउन बाधक दृष्टिकोण माओ विचारधारा नमान्ने समूह कम्युनिष्ट नै होइन भन्दै उनीहरूप्रति नकारात्मक हुने नेपाली काङ्ग्रेसलाई सामन्त दलाल नोकरशाही पुँजीपति वर्गको पार्टीदेखि शत्रु मान्ने, उदार पुँजीवादी, प्रजातान्त्रिक समाजवादी र मध्यम वर्गीय हितको प्रतिनिधित्व गर्ने सामन्तवाद विरोधी पञ्चायत र निर्दलविरोधी तप्का नदेख्नु नेकपा (माले) को कमजोरी थिए । मैले कार्यक्रममा वामपन्थीहरूले आ-आफूले कमजोरी हटाएर एकता गरी निरङ्कुश निर्दलीय पञ्चायती व्यवस्था विरोधी बृहत् प्रजातान्त्रिक एकता-बहुलवादी राष्ट्रिय शक्तिमा जोड दिएको थिएँ । यो पंक्ति लेखिरहँदा मलाई भन्न मन लागेको छ- मैले त्यसबखत अघि गरेको सिहांवलोकन समीक्षा, मूल्याङ्कन संयुक्त मोर्चासम्बन्धी मार्गदर्शन ठीक थिए । ०४६ को जनआन्दोलनमा काङ्ग्रेस र कम्युनिष्ट एक भए नेपाली जनताले साथ दिए कमरेड पुष्पलाल संयुक्त जनआन्दोलन नीति नेपाली राजनीति को व्यवहारमा लागू भयो । काङ्ग्रेस भित्र पञ्चायत फाल्न कम्युनिष्टसँग पनि मिल्न पर्छ भनेर गणेशमान सिंहले राखेको नीति लागू भयो । तब मात्र निरंकुश तथा निर्दलीय पञ्चायती व्यवस्था अन्त्य भई प्रजातन्त्रको

पुर्नः आगमन भयो । ०४६ को संयुक्त जनआन्दोलनको सफलतामा नीतिगत सफलताको मूल्याङ्कन गर्दा पुष्पलाल र गणेशमानलाई भुल्न सकिन्न ।

नेपाली काङ्ग्रेस र कम्युनिष्टहरूबीच जन्मदेखि जुन विवाद पुष्पलालको राजतन्त्र अन्त्य र गणतन्त्रको लाइन र बीपीको संवैधानिक राजतन्त्रको लाइन थियो । ०६२/०६३ को संयुक्त जनआन्दोलनमा नेपाली काङ्ग्रेसले गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा संवैधानिक राजतन्त्रको सीमारेखा पार गरेपछि धेरै हदसम्म समाधान भएर गयो । ०६२ मंसिरमा दिल्लीमा सात राजनीतिक दल र माओवादी बीचको बाह्रबुँदे सम्झौता भएपछि नयाँ शक्ति सन्तुलनका कारण राजतन्त्र कमजोर भयो र सत्ता छोड्न पर्यो । सत्ताको शान्तिपूर्ण हस्तान्तरण पनि संयुक्त मोर्चाको सुझबुझपूर्ण राजनीति समझकै कारण सम्भव हुन सकेको थियो । नेपालको शान्तिपूर्ण जनक्रान्ति नेपाली राजनीति संयुक्त मोर्चाबाट नै सम्भव हुन सकेको हो । संविधानसभाको निर्वाचन संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको घोषणा, त्यसलाई संस्थागत गर्न नयाँ संविधान निर्माण कार्य साथै शान्ति प्रक्रियालाई टुङ्गो लगाउने बहुतै महत्वपूर्ण कार्य संयुक्त मोर्चा, बाह्रबुँदे सम्झौताको जगमा अनेकौँ बुँदे उपसम्झौताहरूका बीच हुँदै गएको छ । नेपाली जनता शान्ति प्रक्रियाको टुङ्गो लागि नयाँ संविधान बन्ने ठूलो आशा राखेर नयाँ समृद्ध नेपाल निर्माण थाल्न पर्खिरहेका छन् । यस्तो अवस्था आज पनि संयुक्त मोर्चालाई ठीक ढङ्गले बुझ्न नसक्दा आफ्नै आन्दोलनकारी क्रान्तिकारी मित्र शक्तिलाई शत्रु देख्ने- एकातिर काङ्ग्रेसलाई प्रमुख शत्रु देख्ने माओवादी दृष्टिकोण अर्कोतिर माओवादीलाई शत्रु मानी प्रमुख राजनीतिक विरोधको निसाना बनाउनु- यी दुवै हानिकारक दृष्टिकोणबाट बचेर अघि बढ्न सके मात्र नेपालका कम्युनिष्ट र काङ्ग्रेसले जनक्रान्तिका उपलब्धिको रक्षा गर्न सक्नेछन् ।

अन्त्यमा भन्नैपर्ने कुरा-

कमरेड मदन भण्डारीले सद्भावना पार्टीलाई त्यसबेला साम्प्रदायिक भन्नुभएको थियो । तराई–मधेसका नाममा साम्प्रदायिक राजनीतिले शिर उठाएकै छ । सत्ता टिकाउन नेपालका कम्युनिष्ट र काङ्ग्रेसले साम्प्रदायिक गल्ती गर्नेहरूलाई एकपछि अर्को प्रोत्साहन गरे । तर, अब उनीहरूसँग वैचारिक संघर्ष तेज गर्नु जरुरी छ । माओवादीले नेपालमा जातीय संयुक्त मोर्चाको नीति लिएर वर्गीय र राजनीतिक संयुक्त मोर्चालाई कमज़ोर बनाएको मात्र होइन ओझेल पार्दै लगिरहेको छ । जातिवाद र वंशवादले शिर उठाउने सम्भावना छ । नेकपा (एमाले) ले स्पष्ट दृष्टिकोण दिन नसकेको जनगुनासोप्रति पनि ध्यान दिन जरुरी छ । अझ आफैले निर्माण गरेका जातीय सङ्गठन र राज्य पुनःसंरचनासम्वन्धी नीतिगत निर्णयमा जातीय पहिचानका निम्ति पनि बाटो खोल्ने जुन काम नेकपा (एमाले) ले गरेको छ त्यसको समयमा नै उपचार खोज्न जरुरी र आवश्यक छ ।

# काठमाडौँमा भूमिगत भेला

त्यसबखत म पनि ३१ बर्षको थिए । हामीसँग रहेका डेढ/दुई सय साथीहरूमध्ये अधिकांश २० देखि ३० वर्षका युवा थिए । केहीले मात्र ३५/४० वर्ष काटेका थिए । ०४१ सालको अन्त्यदेखि नयाँ कम्युनिष्ट, समूह निर्माण गर्ने वा युवामोर्चा गठन गर्ने गम्भीर छलफलपछि हामीहरू प्रगतिशील नेपाली युवा एकता मोर्चा बनाउने टुंगोमा पुगिसकेका थियौँ । ३५/४० वर्ष नाघेका साथीहरू त्यही गठन गरिने युवामोर्चाका सल्लाहकार रहने सरसल्लाह पनि भइसकको थियो । यसैलाई कार्यान्वियन गर्ने उद्देश्यले ०४२ जेठ २ गते बामपन्थी एकता आन्दोलनका सहभागीहरूको प्रथम राष्ट्रिय भेला भूमिगत रूपमा कालिमाटी सोल्टीमोडमा महेन्द्र रन्जितकारको घरमा सम्पन्न भएको थियो । यसको व्यवस्थापनको जिम्मा कमरेड उमेश श्रेष्ठ, महेन्द्र रञ्जितकार, चीरकाजी डङ्गोल, श्याम डंगोल लगायतलाई दिइएको थियो । भेलामा बाग्मती, लुम्बिनी, नारायणी, गण्डकी, धौलागिरि र जनकपुर अञ्चलबाट करिव २५, ३० जना प्रतिनिधि आएका थिए । सबै जिल्ला र प्रतिनिधिहरू अहिले मेरो स्मृतिमा छैनन् । त्यही अधुरो सम्झनाको भरमा म पछि केही उल्लेख गर्नेछु ।

दुईदिने भेला गर्ने भनिएको पूर्वनिधारित कार्यक्रम छोट्याएर १२ घन्टामा सकेका थियौँ । त्यसो गर्नाको प्रमुख कारण– त्यसबखत् पञ्चायती व्यवस्था विरुद्ध ०४२ जेठ १० गते नेपाली काङ्ग्रेसले सुरु गरेको सत्याग्रहः आन्दोलन र त्यसको समर्थनमा पाँच वामपन्थीले नौसूत्रीय माग राखी गरेको

राजनीतिक आन्दोलनले केही नेता-कार्यकर्ता गिरफतार भएर राजनीतिक तनाव बढ्दै गएको थियो र अर्कोतिर पञ्चायती सरकारको गुप्तचर गतिविधि पनि बढ्दै गएको थियो ।

हाम्रो एकदिने भेलाले प्रगतिशील नेपाली युवा एकता मोर्चा केन्द्रीय तदर्थ समितिको घोषणापत्र, विधान र राष्ट्रिय-अन्तर्राष्ट्रिय प्रस्तावहरू पारित गरेको थियो । साथै भेलाले केन्द्रीय तदर्थ समिति पनि गठन गरेको थियो । त्यसको अध्यक्ष त्यसबखत विक्रम थापाका नामले म स्वयम् थिए भने उपाध्यक्ष-रामजी पहाडी (कास्की), महासचिव उमेश श्रेष्ठ (ललितपुर) तथा केन्द्रीय सदस्यहरूमा नरेश्वर ज्ञवाली (लुम्बिनी, कपिलवस्तु), महिन्द्र कतिला (कास्की, गण्डकी), शुभद्रा कोइराला (काठमाडौँ, उपत्यका), जनार्दन दाहाल (जनकपुर, सर्लाही), हिमबहादुर क्षेत्री (गुल्मी भारत प्रवास, बालकृष्ण सुवेदी अरूणोदय पत्रिका, प्रधान सम्पादक, प्रचार कार्य कास्की) जीत बर्देवा (स्याङ्जा), भक्त बराइली (काभ्रे), किरण पौडेल (तनहुँ), हरि (चितवन), भीमबहादुर कार्की (बागलुङ्), नाथु कुमाल (रूपन्देही) आदि थिए । मोर्चाका सल्लाहकारहरूमा कास्कीका टेकनाथ बराल, रूपन्देहीका माधव पन्थ, पर्वतका तिलक आचार्य आदि थिए ।

त्यसबखतको वास्तविकता बुझ्न सहयोग पुगोस भनेर घोषणापत्र र भेलाले पारित गरेका प्रस्तावका केही महत्वपूर्ण अंश यहाँ पेस गर्दैछु -

प्रगतिशील नेपाली एकता मोर्चा तदर्थ समितिको घोषणापत्रले विश्व परिस्थितिको विश्लेषण गर्दै भनेको थियो- आजको विश्वमा समाजवाद र साम्राज्यवादबीच आधारभूत अन्तरविरोध दिनप्रतिदिन तीव्र हुँदै छ । जति जति समाजवादी शक्तिहरूको प्रभाव बढ्दै जान्छ त्यति त्यति साम्राज्यवादीहरूको शोषण-उत्पीडनका ढोकाहरू बन्द हुदै जान्छन् । आजको विश्वमा साम्राज्यवाद नवउपनिवेशवाद, जातिभेद- रङ्गभेदविरुद्ध उत्पीडित राष्ट्रहरूको राष्ट्रिय आन्दोलन तथा जनमुक्ति आन्दोलनले तीव्रता

लिँदै आइरहेको छ साम्राज्यवादी पञ्जाबाट मुक्त भएका देशहरू एकपछि अर्को समाजवादी बाटोतिर अग्रसर भइरहेका छन् । यसले गर्दा समाजवादी शक्तिको वृद्धि भएको छ । त्यसकारण पुँजीवादी साम्राज्यवादीहरू झन क्रोधित र उद्दण्ड भएर समाजवादी तथा जनवादी शक्तिहरूमाथि आइलागिरहेका छन् । समाजवादी शक्तिहरूको रक्षा, सुरक्षाका निम्ति समयमा सोच्नु आइलाग्नेमाथि जाइलाग्नु, राष्ट्रिय तथा जनमुक्ति आन्दोलनमा सक्रिय भएका हामी सबैको कर्तव्य हो । संसारभरिकै मजदुर तथा उत्पीडित राष्ट्रहरू एकजुट हौँ भन्ने नारालाई व्यवहारमा आत्मसात गरौँ । हामी नेपाली प्रगतिशील युवा समुदायले पनि विश्वभरिकै प्रगतिशील युवा समुदायसँग मिलेर न्याय, समानता स्वतन्त्रता, शान्ति र प्रगतिका निम्ति, आफूसक्दो सबथोक गरौँ ।

त्यस्तै घोषणापत्रमा राष्ट्रिय परिस्थितिको विश्लेषण गर्दै २५ वर्षदेखि निरंकुश निर्दलीय पञ्चायती व्यवस्थाले नेपाली मजदुर, किसान, शोषित उतपिडित आम गरीब जनतामाथी महिला र युवाहरू माथि गरेका शोषण, उत्पिडन, दमन, अन्याय, अत्याचार, जेल नेल , हत्या अर्कोतिर बेरोजगारी, भ्रष्टचार अभाव, महंगी कालोबजारीयाको चपेटामा परेको नेपाल र नेपालीहरूको बास्तिविक तस्बिर पेश गरिएको थियो । त्यसमा भनिएको थियो- मुलुकको राजनीतिक तनाव, आर्थिक संकट, सामाजिक-सांस्कृतिक भेदभाव र विकृतिहरू कुरीतिहरू बढिरहेको यसको एक मात्र जिम्मेवार पञ्चायती शासक नै रहेको जनअसन्तुष्टिको हुरीले आँधीको रूप लिँदै छ । जहाँकहीँ आवाज गुञ्जिरहेको छ- निरंकुश तथा निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य हुनुपर्छ प्रजातान्त्रिक बहुदलीय व्यवस्था ल्याउनुपर्छ । अहिले हामी प्रगतिशील युवा समुदायले मजदुर, किसान, आम गरीब श्रमिक जनतासँग मिली दह्रो एकता कायम गर्दै प्रजातन्त्रको बहाली आन्दोलनसाथै सामन्तवाद र साम्राज्यवाद विरोधी जनसंघर्ष जनआन्दोलनलाई अझ

गहिराईसँग अगाडि बढाउनुपर्ने आवश्यकता छ ।

घोषणापत्रमा अगाडि भनिएको थियो- अहिलेको यस्तो अवस्थामा कम्युनिष्ट समूहसँग सम्बद्ध रहेका वा नरहेका सम्पूर्ण प्रगतिशील देशभक्त, प्रजातन्त्रवादी युवाहरू एकजुट भएर अगाडि बढ्नुपर्ने आवश्यकता हामी नेपाली वामपन्थी आन्दोलनका सहभागीहरूको प्रथम राष्ट्रिय भेलामा उपस्थित सबै साथीहरूले महसुस गरिरहेका छौँ हामीले अलग कम्युनिष्ट समूह बनाएर जाने विचार राखेनौँ । हाम्रो विचार र दृष्टिकोणसँग नजिक रहेका कम्युनिष्ट समूहबीच एकतामा जोड दिने नीति थियो र छ । हामीले ०४० मा संयुक्त वक्तव्य दिने र ०४१ सालको संयुक्त घोषणामा विभाजित कम्युनिष्ट समूहदीच एकताको चाहना राखेको न्यूनतम कार्यक्रमका आधारमा राष्ट्रिय जनवादी मोर्चा अर्थात् संयुक्त मोर्चामा जोड दिएका थियौँ । यस दुई बर्षवीचको घटना जनता, कार्यकर्तामा आएको जागरणले हाम्रो माग समयोचित भएको प्रमाणित गरिरहेको छ हामी फेरि जोड दिएर भन्न चाहन्छौँ- एक साझा प्रजातान्त्रिक मोर्चा निर्माण गर्न स-साना मतभेदलाई थाती राखौँ वा छाडिदिऔँ । सङ्कीर्णताको पर्दालाई च्यातिदिऔँ, काँधमा काँध मिलाउदै, इमानदारीपूर्वक हिँडौँ । पञ्चायतइतर शक्तिहरू एकजुट होऔँ ।

असङ्गठित रूपमा रहँदा हामीलाई अनुशासनको अभाव महसुस भयो । त्यसकारण सम्पूर्ण बहुदलीय व्यवस्था चाहने प्रजातन्त्रवादी वामपन्थी शक्तिहरूका साथमा र सामन्तवाद र साम्राज्यवादविरोधी जनक्रान्तिमा आफूसक्दो सक्रिय रहने संयुक्त जनआन्दोलनमा दृढताका साथ अघि बढ्ने वचनबद्धता व्यक्त गर्दै केन्द्रीय तदर्थ समिति प्रगतिशील नेपाली युवा एकता मोर्चा गठन भएको घोषणा साथै ११ सूत्रीय कार्यक्रमसहित एकता मोर्चाको घोषणा गरिएको थियो ।

# वामपन्थी भेलाको निष्कर्ष

अब म २०४२ जेठ ३२ गते भएको नेपाली वामपन्थी एकता आन्दोलनका सहभागीहरूको राष्ट्रिय भेलाले पारित गरेको १४ प्रस्तावहरूमध्ये केही महत्वपूर्ण प्रस्तावहरू तपाईहरू समक्ष राख्न चाहन्छु ।

- २५ वर्षअघि जनताको बोल्ने, लेख्ने, सभा-सङ्गठन गर्न मौलिक अधिकारहरूको हनन् गरी मुलुकमा स्थापित पञ्चायती व्यवस्था राजनीतिक आर्थिक साथै अन्य समस्याहरू समाधान गर्न अयोग्य सावित भएको छ । मुलुक आज यथास्थिति र परिवर्तनको दोसाधमा खडा छ । यस्तो स्थितिमा यो भेला निरंकुश तथा निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय प्रजातान्त्रिक व्यवस्था स्थापनाका लागि जेठ १० गतेदेखि प्र. नेपाली काङ्ग्रेसद्वारा सञ्चालित सत्याग्रह आन्दोलनप्रति सकारात्मक दृष्टि राख्दै २०४२ जेठ १४ गतेदेखि ५ कम्युनिष्ट तथा वामपन्थी समूहहरूको संयुक्त पहलकदमीमा ९ सूत्रीय माग राखी सञ्चालित राजनीतिक आन्दोलनप्रति दृढ समर्थन र सक्रिय सहयोग गर्ने वचनबद्धता व्यक्त गर्दै अन्य कम्युनिष्ट तथा वामपन्थी तथा कम्युनिष्ट समूहको सतप्रयासमा सम्मिलित हुन जोडदार आग्रह गर्दछ ।

- हालै सुरु गरिएको राजनीतिक आन्दोलनको क्रममा कम्युनिष्ट तथा वामपन्थी नेताहरू मनमोहन अधिकारी, तुलसीलाल अमात्य, कृष्णराज वर्मा, साहना प्रधान, विष्णुबहादुर मानन्धर, नारायणमान विजुक्छे (रोहित), केशरमणि पोखरेल तथा प्र.ने.का. का नेताहरू गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, सिके प्रसाई लगायत हजारौ अन्य नेता तथा कार्यकर्ता जेल र

पुलिस हिरासतमा बन्द गरिएको छ । गिरफ्तार गरिएका कैयौं नेता तथा कार्यकर्ताहरूलाई अत्यन्त अमानुषिक व्यवहार गरिएको, निर्ममतापूर्वक कुटेर हात भाँची अपाङ्ग पारेको नाङ्गै पारी तातो बालुवामा घस्रन बाध्य बनाइनुका साथै कैयौं शारीरिक र मानसिक यातना दिइएका समाचारहरू सार्वजनिक रूपमा नै प्रकाशमा आइरहेका छन् । पञ्चायती सरकारको यो घोर जनविरोधी, क्रूर दमनले पञ्चायती प्रजातन्त्र को मुकुन्डो, जनसमक्ष झन् उदाङ्गो भएको छ । पञ्चायती सरकारका यो जघन्य अपराधहरूपति हामी तीव्र निन्दा र रोष प्रकट नगरिरहन सक्दैनौँ । यो भेला गिरफ्तार गरिएका सबै राजनीतिक नेता र कार्यकतामाथिको दुर्व्यवहार एवम् दमनलाई तुरुन्त बन्द गर्न साथै यथाशीघ्र रिहाइको माग गर्दछ । यसै प्रसङ्गमा सर्वोच्च अदालतले रिहाइ गरिसकेका वामपन्थी नेता राधाकृष्ण मैनाली, मोदनाथ प्रश्रित, खड्ग ओली साथै वामपन्थी नेता मोहनचन्द्र अधिकारी लगायत सबै झापा हर्रेबर्रे, छिन्ताङ, जुगेडी र पिस्कर आदि काण्डमा जेल परेका राजबन्दीहरूलाई बिना सर्त तथा बिना भेदभाव रिहाइ गर्न जोडदार माग गर्दछ ।

प्रजातन्त्र प्राप्तिको महान कार्यमा मुलुकमा विद्यमान कुनै पनि राजनीतिक समूहले एक्लै प्राप्त गर्न सम्भव अहिले हामी देखिरहेका छैनौ । तसर्थ मुलुकले सङ्गठित संयुक्त जनआन्दोलनको माग गरिरहेको छ । यस्तो स्थितिमा पञ्चायतइतर शक्तिहरूको व्यापक प्रजातान्त्रिक एकता आवश्यक भएको छ । त्यसकारण यो भेला सबै पञ्चायतइत राजनीतिक समूह वा व्यक्तिहरूले सानातिना मतभेदलाई थाती राखेर वा छाडेर सङ्कीर्णतालाई त्यागेर प्रजातन्त्रको प्राप्ति साथै राष्ट्रियतालाई सुदृढ पार्नु साझा सवालमा एकता कायम गरी प्रजातान्त्रिक राष्ट्रिय एकता मोर्चा निर्माण गर्न गोलमेच सम्मेलन को प्रस्ताव राख्दछौँ ।

एकातिर विश्वमा करोडौँ जनता भोक कुपोषण, रोग, अशिक्षा र गरिबी आदिको सिकार भइरहेका छन् । अर्कोतिर विश्वमा हतियारको होडबाजीले गर्दा विश्वको कुल सैनिक खर्च १४४ अर्ब रुपियाँ भन्दा बढी

पुगिसकेको छ । हतियारको होडबाजीले शान्तिमाथि गम्भीर चुनौती मात्र होइन, मान्छेको बाँच्ने अधिकारसमेत खोसिदै छ । त्यसकारण यो भेला सबैखाले आणविक रासायनिक हतियार-युद्ध सामाग्री एकसाथ मिलेर नष्ट गर्न सबैसँग आग्रह गर्दछ । यसै प्रसङ्गमा 'तारा युद्ध' को योजना अघि सारेर अन्तरिक्षलाई समेत सैन्यीकरण गरी सैनिक श्रेष्ठता प्राप्त गरी आफ्नो हुकुम तल सबैलाई राख्न चाहने साम्राज्यवादी मनसुवाले गर्दा रेगन प्रशासन विश्व शान्ति मानव र मानव सभ्यतामाथि नै प्रहार गर्न चाहँदै छ । करोडौं शान्तिकामी जनताको मागलाई उपेक्षा गरेर जबर्जस्ती पश्चिम युरोप, ब्रिटिस, प. जर्मनी र स्पेनमा मध्यम दूरीको एमएक्स क्षेप्यास्त्र तैनाथ गरेर पूर्वी युरोपका समाजवादी देशहरूमाथि निशाना साँधेको छ, जसले गर्दा युरोप युद्धको मुखतिर उभिएको छ । यस्तो स्थितिमा समाजवादी समुदायले देखाएको संयम धैर्यतापूर्ण कार्यहरू खासगरी सोभियत संघले नाभिकीय शास्त्रास्त्रहरूको पहिलो उपयोग नगर्ने र अन्तरिक्षमा क्षेप्यास्त्र भेदक शास्त्रास्त्रको तैनाथी नगर्ने एकतर्फी वचनबद्धता र घोषणा साथै हालै पूर्वी युरोपमा मध्यम दूरीको क्षेप्यास्त्र तैनाथ गर्ने कामलाई केही महिनाका निम्ति स्थगित गर्ने सोभियत घोषणाहरूको अनुशरण गर्न अमेरिकालगायत सबै शक्ति, राष्ट्रहरूसँग अनुरोध गर्दछ ।

दुई महान् समाजवादी मित्र राष्ट्रहरू सोभियत संघ र चीनबीचको एकता विश्व कम्युनिष्ट आन्दोलन तथा संसारभरकै राष्ट्रिय तथा जनमुक्ति-आन्दोलनको साथै एसिया एवम्, विश्व शान्तिका लागि परम आवश्यक भएको हुँदा यी दुई समाजवादी मुलुकहरूबीचको एकता सुदृढ होस भन्ने अभिलाषा यो भेला राख्दछ । यसै प्रसङ्गमा हालै समाजवादी चीनले सोभियत संघलाई समाजवादी भनी एकतामा जोड दिएकोमा दुवै मुलुकबीच केही समययता राजनीतिक आर्थिक, वैज्ञानिक, र प्राविधिक क्षेत्रमा सम्बन्ध, विस्तार हुँदै गएकोमा खुसी व्यक्त गर्दै विभिन्न चरणहरूमा सम्पन्न हुने दुवै मुलुकका प्रतिनिधिहरूबीच आपसी वार्तालापद्वारा एकताको दिशामा ठोस पाइला चालियोस् भन्ने अनुरोध गर्दछ ।

# पार्टीले त्यस विवादलाई फर्केर हेर्न सक्छ ?

२०४२ असार साउनतिर कमरेड विवेक (माधव नेपाल) ले मसँग पुनः एउटा आत्मालोचना पत्र र आफूले २०३९ साल साउन यता गरेका गबै क्रियाकलापसम्बन्धी लिखित रिपोर्ट माग्नु भयो । मैले आत्मालोचना पत्र लेखेर दिएँ । त्यसमा मैले पार्टीमा राखेको सैद्धान्तिक वैचारिक अडान (१४, मतभेद) नेपालको कम्युनिष्ट आन्दोलन र सामन्तवाद र साम्राज्यविरोधी जनवादी क्रान्तिका लागि धेरै हदसम्म सही नै भएको आफ्नो सैद्धान्तिक वैचारिक अडान ठीक रहेको पार्टी पद्धती अनुशासन तोडेकोमा आत्मालोचित भएको, पार्टीबाट न्याय, माया र संरक्षण पाउने आशा समेत राखेको कुरा उल्लेख गरेको थिएँ । करिब दुई तीन वर्षको त्यस बखतको मेरा कृयाकलापको रिपोर्ट मैले पार्टीलाई बुझाएको थिएँ । त्यसमा मैले ०३९ साल साउन यताका मेरा सबै गतिविधि उल्लेख गरेको थिएँ । मलाई सम्झना भए अनुसार त्यस रिपोर्टमा लेखिएका केही कुरामा यस्ता थिए- व्यक्तिगत, पारिवारिक दुःखकष्ट सहेर नेपालको कम्युनिष्ट आन्दोलन र जनवादी क्रान्तिको हितमा आफूले निरन्तर पूर्णकालीन भई काम गरिरहेको सबै वामपन्थी र कम्युनिष्ट पार्टीका नेता-कार्यकर्ताहरूसँग सम्पर्क सम्बन्ध कायम गरेको, नेपालमा वामपन्थी एकता र बृहत पञ्चायतइतर शक्तिहरूबीच बाम-प्रजातान्त्रिक एकताको लागि वामपन्थी एकता आन्दोलनका सहभागीको रूपमा आन्दोलनमा सकृय रहेको, अर्को कम्युनिष्ट पार्टी वा समूह थप्ने

काम नगरेको, पछि पार्टी बनाउने कार्यकर्ताहरूबाट दबाब आएपछि नेपाली प्रगतिशील युवा एकता मोर्चा निर्माण गरी वामपन्थी एकता कम्युनिष्ट एकताका लागि निरन्तर काम गरिरहेको, निरंकुश निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्यका निम्ति संघर्ष गरिरहेको र नेकपा (माले) ले सबै बहुदलवादी शक्तिहरूलाई एकताबद्ध गर्न चाँडै नै पहल गर्नुपर्ने आदि । यस तीन वर्षबीच जन्डिस लागेर बिरामी भएर तीन महिना थला पर बाहेक अनेकौँ कठिनाइहरूसँग संघर्ष गर्दै व्यक्तिगतभन्दा कम्युनिष्ट आन्दोलन र मुलुकको जनवादी आन्दोलनकै निम्ति सक्रिय रहेको कुरा मैले उल्लेख गरेको थिएँ ।

त्यसपछि ०४३ सालको सुरुतिर कमरेड माधव नेपालले पार्टीको खुलामोर्चा प्रजातान्त्रिक राष्ट्रिय एकता मञ्च नेपालमा रहेर काम गर्न निर्देशन दिनुभयो । म मञ्चका अध्यक्ष बद्री खतिवडा र महासचिव सुशील प्याकुरेललाई भेटन गएँ । मेरो राजकाज मुद्दा र नख्खु जेल तोडेर भागेको मुद्दा बाँकी नै थियो । र, म भूमिगतबाट खुला हुने स्थिति थिएन । त्यसकारण उहाँहरूसँग सल्लाह गरेर भित्रभित्रै काम गर्न थालेँ । त्यसैबीच कमरेड मोहनचन्द्र अधिकारी, खड्ग ओली, राधाकृष्ण मैनाली, नारद वाग्ले आदि जेलबाट छुट्नुभयो । उहाँहरूसँग भेट हुँदा मैले पार्टीमा भएको मेरो विवादबारे बताउँदै कमरेड विवेकको पछिल्लो निर्देशनबारे पनि बताएँ । उहाँहरू सबैले पार्टीभित्र फर्केर काम गर्न सुझाव दिनुभयो ।

०४३, फागुन १-४ भारतको लखनऊमा दोस्रो अखिल भारत प्रवासी नेपाली सम्मेलनमा पुनः कमरेड चन्द्रप्रकाश मैनाली, राधाकृष्ण मैनाली, सुशील प्याकुरेल आदिसँग भेट भयो । उहाँहरू सबैले खुला मोर्चाभन्दा पार्टीभित्रै काम गर्न उपयुक्त हुने सुझाव दिनुभयो । वास्तवमा मलाई खुला मोर्चामा काम गर्ने पार्टी निर्देशन व्यावहारिक थिएन । किनभने मेरा राजनीतिक मुद्दा खारेज भएको थिएन । ०३६ सालपछि पहिलाभन्दा अलिक

खुकुलो अवस्था महसुस गरी नाम-ठेगाना बदलेर र कहिलेकाहीँ भेष बदलेर अपरिचित ठाउँमा हिँडे पनि परिचित ठाउँहरूमा म भूमिगत नै हिँडडुल गर्थें । ०४२-०४४ सम्म करिब तीन वर्ष पार्टीले मलाई अनावश्यक रूपमा पर्खायो र मैले कमरेड माधव नेपाल र अन्य नेतृत्वदायी कमरेडहरू समक्ष गुनासो पनि राखेको थिएँ । त्यसबेला पार्टी समक्ष मलाई खुला मोर्चामा काम गर्ने निर्देशन दिनु पनि व्यवहारिक र उपयुक्त नभएको गुनासो उहाँसग पनि गरेको थिएँ ।

०४४ असोजमा कमरेड माधव नेपाल कमरेड सुरेश कार्कीलाई लिएर मेरो बालाजुको सम्पर्कमा आउनुभयो र उहाँले भन्नुभयो- कमरेड सुरेश कार्कीसँग नुवाकोट गई पार्टी काम गर्नुस् । यो तपाईको परीक्षण अवधि हो । मलाई सिधै रिपोर्ट बुझाउनुहोला कमरेड सुरेश कार्की र म भेट भएको दोस्रो दिन नै नुवाकोट हिँड्यौँ । म पुन पार्टीमा आबद्ध भएँ । नेकपा (माले), नुवाकोट जिल्ला पार्टी सकृय दलमा सङ्गठित भए र सचिवको जिम्मेवारी लिएर काम सुरु गरे । उक्त जिल्ला पार्टी सक्रिय दलका सदस्यहरूमा, कमरेड नारायण खतिवडा, (तारुका), कृष्णदास श्रेष्ठ (चौथे) गणेश भट्टराई (चतुआले) र बुद्धि रेग्मी (विदुर) हुनुहुन्थ्यो ।

पार्टी सक्रिय दलको नेतृत्वमा ०४४ असोजदेखि ०४६ भदौसम्म चतुआले, तारुका, चौथे गाउँ र विदुर नगर पञ्चायतबाट पार्टी विस्तार भएर जिलिङ, खड्गभञ्ज्याङ, चारघरे, गोरुसिङ्गे, मदानपुर, गेरखुटार, तुप्चे, खरानीटार, शिखरबेसी, चौघोडा, थानसिंह, काउली, रानीपौवा, ओखरपौवा कागतीगाउँ, सामरी, विदुर नगर, त्रिशूली बजार केही गाउँ र ठाउँको नाम मेरो स्मृतिमा रहेन) गरी करिब ३७ गाउँ पञ्चायतमा पार्टी विस्तार भयो । तीन चारवटा इलाका कमिटी, १० / १२ वटा गाउँ कमिटी गठन भए भने जिल्ला पार्टी सक्रिय दल जिल्ला पार्टी सङ्गठन कमिटीमा रूपान्तरण भयो । नुवाकोटमा त्यसबेला पार्टी विस्तारमा शिक्षक,

कर्मचारी र विद्यार्थीको महत्वपूर्ण योगदान थियो । मेरो जीवनयात्राको लामो संस्मरणमध्ये नुवाकोटको विशेष स्थान छ । त्यसवेला सङ्गत-सहकार्य भएका कमरेडहरू र घर परिवारहरूबारे यहाँ स्थान अभावको कारण उल्लेख गर्न सकिन, पछि लेख्नेछु । नुवाकोटको प्रतिनिधिका हैसियतले मैले नेकपा (माले) ले आयोजना गरेको चौथो महाधिवेशन (०४६ भदौ ४-१९, सिरहा, विष्णुपुरकट्टी गाउँ पञ्चायतको राइराइनीमा भाग लिन पुगेको थिएँ ।

चौथो महाधिवेशनको पनि एउटा रोचक प्रसँग म यहाँ उल्लेख गर्न चाहन्छु । पार्टी कार्यनीतिका नारा प्रस्थान विन्दुबारे बड़ो गम्भीर छलफल भयो । मैले निरंकुश तथा निर्दलीय पञ्चायती व्यवस्थाविरुद्ध सम्पूर्ण बहुदलवादी शक्तिहरू एकजुट हुनुपर्ने र बहुदलीय व्यवस्था प्राप्तिका लागि संयुक्त जनआन्दोलनमा जानुपर्ने कुरा राखेको थिएँ । कमरेड चन्द्रप्रकाश मैनालीले बहुदलीय व्यवस्थाको नारा दिँदा जनवादी व्यवस्था खण्डित हुन्छ भनी पार्टी स्वतन्त्रताको नारा दिनुभएको थियो र कमरेड मोदनाथ प्रश्रितले संविधानसभा सहितको बहुदलीय व्यवस्था प्रस्थानविन्दु बनाउनुपर्ने कुरा राख्नुभएको थियो । छलफल हुँदै जाँदा मतदान भयो । मैले कमरेड प्रश्रितसँग सम्झौता गरेर मत दिएँ । तर हामी परास्त भयौँ । पार्टी कार्यक्रममा भएका नाराहरूमध्ये उपयुक्त समय र राजनीतिक शक्ति सन्तुलनलाई समेत ध्यानमा राखेर पार्टी केन्द्रले पछि निर्णय गर्ने सहमति भयो । बहुदलीय व्यवस्थाको नारा दिएबापत महाधिवेशन हलमा मलाई दक्षिणपन्थी भएको आरोप लाग्यो । म पार्टी केन्द्रीय कमिटीको पूर्ण सदस्यमा हारेँ र वैकल्पिक सदस्य बनाइएँ । ०४५ को अन्त्यतिर नेपाली प्रगतिशील युवा एकता मोर्चाका करिब डेढ सय साथीहरूले नेकपा (माले) मा सामेल भएको वक्तव्य दिए । ०४३ सालको सुरुमै पार्टीले युवा मोर्चालाई आफूमा समाहित गरेको भए ३०/४० जना सक्रिय ऊर्जाशील कमरेडहरू लाखापाखा लाग्ने थिएनन् । अहिले पनि त्यसबेलाका धेरै साथीहरू कम्युनिष्ट तथा प्रगतिशील

आन्दोलनमै छन् । कठिन दिनमा साथ दिने मेरा प्रिय कमरेडहरूलाई यो पङ्क्ति लेखिरहँदा हार्दिक धन्यवाद दिन चाहन्छु ।

म ०२८-०६८ अर्थात् करिब ४० वर्षदेखि नेपाल कम्युनिष्ट आन्दोलनमा सक्रिय रहेको छु । करिब ३६ वर्षको पूर्णकालीन पेसेवर राजनीतिक जीवनमा पार्टीबाट निष्कासन ०३९ चैत र पुनःस्थापना ०४५ कात्तिकसम्म करिब छ वर्ष कष्टकर थिए । एउटा कम्युनिष्टलाई खान, बस्न र लगाउन नपाउँदा त्यति धेरै दुःख हुँदो रहेनछ । तर स्वयमले निर्माण गरी जीवन अर्पण गरेको पार्टीबाट निष्कासनमा परेर पार्टी सदस्यतासमेत खोसिँदा न्याय र मायाको सट्टा अपमानपूर्ण व्यवहार र गालीगलौज पाउँदा मन, मुटु र दिमाग नै रिङ्ग्याउने कष्ट र वेदना हुँदोरहेछ, जुन मैले महसुस गरेँ र भोगेँ ।

०३९ सालमा पार्टीसमक्ष राखेका १४ मतभेदमध्ये अधिकांश सत्य सावित भए । विस्तृत व्याख्या यहाँ सम्भव छैन । तर, केही उदाहरण पेस गर्दैछु ।

१. ०४४ सालमा पार्टीको झापा विस्तारित बैठकले सोभियत संघलाई सामाजिक साम्राज्यवाद भन्नुको सट्टा समाजवाद भन्ने निर्णय गऱ्यो । यो निर्णयले नेपाली जनताकों आधारभूत शत्रुबाट सोभियत संघलाई हटायो । तीन विश्वको सिद्धान्त अनुरूप सोभियत संघ अमेरिकाभन्दा ठूलो साम्राज्यवादी - प्रभुत्ववादी शत्रु देख्ने दृष्टिकोणमा परिवर्तन आयो । मालेले नेपाली जनताको मित्रशक्तिका रूपमा सोभियत संघलाई हेर्न सुरु गऱ्यो ।

२. ०४६ साल भदौमा सम्पन्न पार्टीको चौथो महाधिवेशनले मार्गदर्शक सिद्धान्तबाट माओ विचारधारालाई हटायो र मार्क्सवाद-लेनिनवाद र सर्वहारा अन्तर्राष्ट्रवाद कायम गऱ्यो ।

३. ०४६ कात्तिकमा कास्कीमा बसेको नेकपा (माले) केन्द्रीय कमिटीको बैठकले पञ्चायतइतर बहुदलवादी शक्तिहरूसँग एकता गरी संयुक्त जनआन्दोलनमा जाने निर्णय गर्यो। निरंकुश तथा निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय व्यवस्था प्राप्तिको नारालाई स्वीकार गऱ्यो, जसका कारण मैले चौथो महाधिवेशनमा दक्षिणपन्थीको आरोप खेप्नुपरेको थियो ।

नेकपा (माले)लाई उग्रवामपन्थी राजनीतिक धारबाट मुक्त गरेर सही क्रान्तिकारी राजनीतिक धारउन्मुख गराउन मेरो त्यसबखतको सैद्धान्तिक - वैचारिक संघर्षले धेरैथोरै योगदान गरेको थियो । पार्टीले त्यसबखतको सैद्धान्तिक-वैचारिक संघषलाई एकपटक फर्केर हेर्न सक्छ ? पार्टीद्वारा अस्वीकृत, तिरस्कृत र अल्पमतमा परेका विचारहरू बहुमतमा बदलिँदा त्यस विचारका प्रस्तोता र बाहकहरूलाई पार्टीले न्याय दिनु पर्दैन र ?

मलाई निष्कासन र स्थापित गर्ने बारेको ‘कमरेड विकाससम्बन्धी परिपत्र’ पार्टीले औपचारिक रूपमा आजसम्म दिएको छैन। पछि सुनेँ- दुई सदस्यीय आयोग पनि बनेको थियो । उक्त आयोग मसँग आयोगकै रूपमा किन प्रस्तुत भएन ? कमरेड माधव नेपाल र कमरेड ईश्वर पोखरेलले मलाई माया - स्नेह दिएर कठिन स्थितिमा पार्टीमा पुनः फर्काउन मद्दत गर्नुभयो । तर, माथिका मेरा प्रश्नहरू उहाँहरूका साथै पार्टी केन्द्रीय कमिटीसँग अझै छन् ।

(०६८ कार्तिकदेखि चैत्रसम्म बुधबार साप्ताहिक विभिन्न अंकहरू प्रकाशित स्मरण लेखहरू नेपालका लोकतान्त्रिक एवं कम्युनिष्ट आन्दोलन अग्रणी नेता गोपाल शाक्यले लेख्नु भएको थियो । -सम्पादक)

# खण्ड २

## पार्टी कामका स्मरणहरू

# मेरो जीवन यात्राः नंखु जेल विद्रोह अघि र पछि

**विषय प्रवेशः**

२०७३ पौष १७ गते कमरेड विन्दा पाण्डेले प्रतिष्ठानमा आएर मलाई भन्नु भयो "तुल्सी लाल स्मृति प्रतिष्ठानले नंखु जेल ब्रेक गर्ने नेताहरूको भेला गर्न सक्छ ? तपाईहरूवाट प्रेरणा पाएर हामी लाग्यौ । पार्टीका नयाँ पुस्ताले पनि तपाईहरूको अनुभवहरूवाट सिक्न सकुन, नंखु जेल ब्रेक भएको २०७३ चैत्र १२ मा ४० वर्ष पुग्दैछ त्यस उपलक्ष्यमा संस्मरण लेखहरूको सँगालो प्रकाशन सँगै केही कार्यक्रम गरौं । जवाफमा मैले भने तुल्सी लाल स्मृति प्रतिष्ठान अन्तरगत नेपालको लोकतान्त्रिक एवं कम्युनिष्ट आन्दोलनको अध्ययन अनुसन्धान केन्द्र छ त्यस केन्द्रले नेपालमा भएका सवै ऐतिहासिक जेल विद्रोहीहरूको अध्ययन अनुसन्धान गर्ने विचार बनाएको छ, प्रतिष्ठान नंखु जेल विद्रोहीनेताहरूको भेला गर्न तयार छ । त्यस पछि २०७३ पौष १९ गते कमरेड प्रदीप नेपाल, माधव पौडेल, विन्दा पाण्डे र म बसेर छलफल गरयौ ब्यवस्थापनको जिम्मा प्रतिष्ठान र प्रकाशनको जिम्मा कमरेड प्रदीप नेपालले लिने संयोजनको जिम्मेवारी कमरेड विन्दालाई दिने निर्णय गरि २०७३ माघ ७ गते कमरेड चन्द्र प्रकाश मैनाली, धनेन्द्र बस्नेत, नरेश खरेल, प्रदीप नेपाल, माधव पौडेल, भिस्म धिमाल,जीवन मगर, नारद वाग्ले, गोपाल शाक्य-९ जना जेल ब्रेकर जम्मा भएर एउटा मूललेख संस्मरण कमरेड सी.पी ले तयार पार्ने सवैले हेरी अनुमोदन गरी छाप्ने, कमरेड विन्दा पाण्डले

तयार पारेको अनुभव लेखन सम्बन्धी सात वुदाँमा केन्द्रीय भएर संस्मरण लेख सवैले तयार पार्ने सम्झदारी बनेको र पुन माघ २१ गते कमरेड वीर बहादुर लामा समेत १० जना जेल ब्रेकरहरू भेला सम्म भई ४-५ घण्टा छलफल गरि पुन फागुन ७ गते बसी संस्मरण लेखहरू अध्ययन गरि अनुमोदन सहित प्रकाशनको लागि पठाउने निर्णय गरियो ।

मेरो यो नंखु जेल ब्रेक सम्बन्धी संस्मरण लेख कमरेड विन्दा पाण्डेको प्रस्ताव अनुरुप अनुभव लेखनको सात बुदाँकै सेरोफेरोमा केन्द्रीत भएर लेखको छु ।

## मेरो पारिवारिक पृष्ठभूमि

मेरो जन्म २०११ भाद्र १२ सन (1954 August 28) मा मेरी आमा पद्मावत्ती शाक्यको कोखबाट भएको थियो । मेरो वुवा पृथ्वी बहादुर शाक्य काठमाडौ झोछें टोलका एक उच्च मध्यम वर्गीय परिवारका थिए । हाम्रो पूर्खोली पेशा सुन चाँदी हिरा रत्नहरूको र क्यूरियो सामानहरूको व्यापार थियो मेरो वुवाले भने भारतको मुम्बई, असम, मणीपुर र नागालैण्ड सम्म पुगी कपडाको व्यापार पनि गर्नु हुन्थ्यो साथै होटल व्यावसायी पनि हुनुहुन्थ्यो । म पनि वाल्यकाल देखि व्यापारमा लागि करीव १०-१२ वर्ष हुदाँ मेरो ठुलो बुवा तीर्थ वहादुर शाक्य सँगै ज्याःसल (पसल) मा बस्ने गर्दथ्ये । काठमाण्डौ झोछे टोलमा २०२२/०२३ सालमा सबभन्दा ठुलो क्यूरियो पसल शिखर कला प्रा.लि. हाम्रै थियो त्यस बखत झोछे टोल विदेशी पर्यटक र हिम्पीहरूको आगमनको केन्द्र थियो । पसलमा बसेर विदेशीहरू सँग कुरा गर्दा गदै मैले १२-१३ वर्षको उमेरमा अग्रेजी भाषा बोल्न सिकेको थिए ।

## मेरो मानवतावादी चेतनाको विकास

२०२७ सालमा म १५-१६ वर्षको किशोर अवस्थामा काठमाण्डौको डिल्ली बजारमा विजय मेमोरियल हाई स्कूलमा ९ कक्षामा पढ्दा देखि नै मानवतावादी प्रगतिशील विचारवाट प्रभावित भएको थिए । विशेषतः महाकवी लक्ष्मी प्रशाद देवकोटाको यात्री कविता पढे पछि मैले पनि कविता, निबन्ध

आदि लेख्न थाले मेरो दाजु प्रमानन्द बज्राचार्यले युग कवि सिध्दीचरण श्रेष्ठसँग परिचय गराएका थिए । परिचयकै क्रममा मैले आत्मा कथा शिर्षकको कविता सुनाएपछि युगकवि सिध्दीचरण श्रेष्ठ धेरै खुशी भएका थिए । त्यसपछि वहाँले नै मलाई नेपाली साहित्य र नेपाली राजनीतिको वारेमा, राणा शासन विरुद्धको जन क्रान्ति वारे आफनो अनुभवहरू सुनाउदै धर्मभक्त माथेमा, शुक्रराज शास्त्री, दशरथचन्द्र , गंगालाल श्रेष्ठ शहिदहरूको त्याग र वलिदानले भरिएकाृ जीवन गाथा प्रजातन्त्र, न्याय र समान्ताको लागि नेपालका क्रान्तिकारीहरूले गरेका संघर्ष जेल जीवन आदि वारे सुनेपछि म धेरै प्रभावित भएको थिए ।

## स्वइच्छाले नेपालको लोकतान्त्रिक एवं कम्युनिष्ट आन्दोलनमा प्रवेश

२०२८ सालमा मैले प्रवेशीका एस.एल.सी पास गरे महेन्द्र रत्न कलेज र पछि त्रिचन्द्र कलेज पढ्न थाले यसै वर्ष भारतको असम, नागलैण्ड र मणीपुर तिर पुगे त्यहाँ मेरा साथीहरू लाल वीन क्षेत्री, गोपाल जैसी, धर्मलाल भुसाल र दिलु सुवेदी आदिले नेपाल कम्युनिष्ट पार्टी र पुष्पलाल वारे जानकारी गराएका थिए त्यसपछि मैले नेपाल आएर चीन, सोभियत संघ, मार्क्स,एंगेल्स, लेलिन, स्टालिन,माअेत्सेतुङ, किमईल सुङ्ग आदि वारे पुस्तकहरू पढे । कम्युनिष्टहरू असल मान्छे हुदाँ रहेछन भन्ने मेरो मन मस्तिकमा बस्यो । म आफनै पहलकदीमा नेपालको कम्युनिष्ट आन्दोलनमा २०२८ सालको अन्त्यतिरवाट सकृय हुन थाले ।

२०२९-३० सालमा निरंकुश राजतन्त्र तथा निर्दलीय पंचायती ब्यवस्था विरुद्ध प्रजातन्त्र र जनगणतन्त्र प्राप्तीका लागि भूमिगत र खुल्ला, कनुनी र गैरकानुनी, सशस्त्र र शान्तिपुर्ण तरिकाले जनसघर्ष, वर्गसघर्ष, र जन आन्दोलन परिस्थिति हेरेर गर्नुपर्दछ भन्ने हाम्रो राजनीति चेतनाको विकास भईसकेको थियो । राजतन्त्रको पुर्ण अन्त्य र जनगणतन्त्र नेपाल प्राप्तीको लागि शान्तीपुण सघर्षले मात्र होइन सशस्त्र जन क्रान्तिनै गर्नु पर्छ भन्ने हाम्रो मान्यता पनि विकास भएको थियो । तर म लगायत हामी

करवि ६०/७० जना साथीहरू कुनै पार्टीमा सँगठित थिएनौ क्रान्तिकारी पार्टी संगठनको खोजीमा थियौ ।

कमरेड माधव पौडेल, प्रदीप नेपाल र म तीन जनाको कुनै नाम नदिएको केन्द्र थियो । हामी बारम्बार बैठक बस्ने, सामुहिक अध्ययन गर्ने कार्ययोजना बनाउने र कार्यान्वियनको तह सम्म पनि गएका थियौ एक पल्ट हाम्रो कार्य विभाजन समेत भएको थियो- विद्यार्थी र किसानहरू वीच कमरेड माधव, वुद्धिजीवी, शिक्षक, सँगीतकारहरू वीच कमरेड प्रदीप नेपाल र मजदुर, साना व्यावसायी, साहित्यकार माझ कमरेड गोपाल शाक्यले सर्म्पक विस्तार गर्ने ।

२०२९-२०३२ साल विचमा हामीले १२-१५ वटा सम्म ५-७ जना सम्मको मार्क्सवादी अध्ययन मण्डलहरू सञ्चालन गरेका थियौ । अध्ययन कक्षाहरू रातीराती बालसेवा स्कूल (झोछे) नेपाल चीन मैत्री संघ (बसन्तपुर) होटेल क्रिस्टेल (जुध्द सडक) नेपाल कोरिया मैत्री समाज (दरवार मार्ग) नेपाल आदर्श स्कूल (भोटेवहाल नीर) आदि ठाउँमा चलाउने गर्दथ्यौ । अध्ययन कक्षामा मार्क्स एगेल्सको घोषणा पत्र देखि झापा विद्धोहपछि लिथो गरेर निकालेको पत्रिका गेरिल्ला युध्द सम्मका अध्ययन सामाग्रीहरू पुग्दथ्यो अध्ययन मण्डलहरू भूमिगत कार्यशैलीमा नै संचालित हुन्थ्यो ।

हाम्रो खुल्ला काम तर्फ मेरै अग्रसरतामा २०३०/३१ साल तिर साहित्य अध्ययन समिति निर्माण गरिएको थियो त्यसको अध्यक्ष विरेन्द्र शाक्य, उपाध्याक्ष सीरोसन्दाई महासचीव म स्वयम कोषाध्यक्ष अमुदा श्रेष्ठ हुनुहुन्थ्यो । अध्ययन समितिमा त्यसबखत ६६ जना सदस्यहरू बनेका थिए ।

साहित्य अध्ययन समितिले हदयचन्द्र सिंह प्रधान जयन्ती, लुमन र गोर्कीको सम्झनामा कार्यक्रम, कविता गोष्ठी, गाउँ गाउँ टोल टोलमा गीती कार्यक्रम पनि गर्ने गर्दथ्यो

त्यसमा सकृय हुने साथीहरू मेघराज मन्जुल, विक्रम सुब्बा, कुन्ता शर्मा, कान्ता ढकाल, विद्या ढकाल, रामेश श्रेष्ठ, श्याम तमोट, रामचन्द्र भट्टराई, मोहन दुवाल, केशवमान शाक्य, वुध्द्ध स्यामी,प्रतिसरा, लाल, अर्जुन श्रेष्ठ, राम कृण्ण दुवाल, राजु तुलाधर, वमदेवान, चीत्र निरौला, भरत प्रधान, धनी राम लामिछाने, सूर्य शर्मा, राजेन्द्र पाण्डे, सितराम, गया प्रशाद यादव, अशोक न्यौपाने, जागृत प्रशाद भेटवाल, सुरेन्द्र पाण्डे, सिताराम मास्के, राधिका मान्नधर, शशी शेरचन, गोर्की श्रेष्ठ, सुवास श्रेष्ठ, दिल बरदान– मेरो सर्म्पक नेपाल चीन मैत्री संघमा भाषा पढने साथीहरू माझ पनि थियो मेरो दिदि अष्टलक्ष्मी शाक्य, सुलोचना मान्नधर, प्रणय मान्नधर, सुमन श्रेष्ठ, शुसीला श्रेष्ठ, लक्ष्मी मानन्धर, पूर्णशोभा कविन्द्र नृपेन्द्र मास्के, शारदा कोइराला, शुभद्रा कोइराला, नैन वहादुर क्षेत्री, ठुली तामाङ्ग आदि साथीहरू थिए धेरै साथीहरूको नाम मेरो स्मृतिमा अहिले रहेन क्षमा गर्नुहोस ।

२०२८ सालवाट २०३३ साल करीव पाँच वर्ष नेपाल भारत मैत्री संघको पुस्तकालय, नेपाल चीन मैत्री संघको पुस्तकालय, नेपाल सोभियत मैत्री संघको पुस्तकालय, नेपाल कोरिया मैत्री समाजको पुस्तकालय, नयाँ सडकको अमेरिकन लाइब्रेरी, ब्रिटिस काउनसील पुस्तकालयको सदस्य भएर पुस्तकहरूको अध्ययन गरेको थिए मेरो चेतना र ज्ञानको विकासमा यी पुस्तकालयहरूको धेरै धेरै सहयोग रहेको थियो ।

२०३१ मा मैले आई.ए पास गरेर वि.ए पढदै थिए त्यसवेला हामीले वुर्जुवा शिक्षा वहिष्कार अभियान चलायौ आज फर्केर हेर्दा यो अभियान उग्रवाम विचारकै उपज थियो तर त्यसवखत व्यक्तिगत स्वार्थ त्याग गरेर क्रान्तिकारी वाटो हिडन यस अभियानले सहयोग पनि पुर्‍याएको थियो ।

२०३१ सालमा मेरो सर्म्पक भारतीय कम्युनिष्ट पार्टी (मार्क्सवादी–लेलिनवादी) केन्द्रीय संगठन कमिटी सदस्य कमरेड गोपाल जैसीसँग भएको थियो । वहाँसँग एक अर्का कमरेड पनि आउनु भएको

थियो दुई तीन दिन हाम्रो टिमसँग नेपाल र भारत साथै विश्वकै कम्युनिष्ट आन्दोलन वारेमा गंभीर छलफल अन्तरकृयाहरू भएका थिए । वहाँहरूलाई हामीले चीनियाँ कम्युनिष्ट पार्टीको सर्म्पकमा जान चीनको सीमान सम्म पुरयाएको र वहाँहरू चीन जानु भएको थियो ।

## मुश्लो परिवार पर्चा काण्ड र गिफ्रतारी

२०३३ साल वैशाष १९, मे दिवस–मजदुर दिवसको दिन नेपालको राजतन्त्र तथा निर्दलीय पंचायती व्यवस्था विरुद्ध जनगणतन्त्र नेपालको माग राखि मजदुर, किसान, युवा, विधार्थी, महिला लगायत नेपाली समाजको सवै देश भक्त र प्रगतिशील शक्ति एवं व्यक्तिहरूलाई एक जुट भएर अघि बढन आब्हन गदै, झापा किसान विद्रोहलाई समेत समर्थन गदै मुस्लो परिवार नामले लिथो गरेको पर्चा काठमाण्डौ, भक्तपुर, पाटनका सबै ठाउँमा ५०/६० जना युवा युवाती मिलेर राती १२ बजे सम्म साइकल, मोटरसाइकल प्रयोग गरेर घरघरमा, पसल पसलमा– टाँस्ने उपत्यकाबाट बाहिर जाने बस बसको सीट सीटमा राखिदिने, नारायणहिटी दरवार भित्र, सिंहदरवार भित्र फाल्ने टास्ने काम भएको थियो । मुस्लो परिवारको पर्चा ड्राफ माधव, प्रदीप र म स्वयमले सयुक्त रुपमा गरेका थियौ कमरेड वीर वहादुर लामाको सहयोग लिएर नेपाल कोरिया मैत्री समाजको लिथो मेशीनमा लिथो गरेका थियौं ।

हाम्रो पर्चापछि राजा विरेन्द्र र प्रधान मन्त्री तुल्सी गिरीको निर्देशनमा हाम्रो ब्यापक खोजी गरियो शुरुमा कमरेड माधव पौडेल त्यसपछि वीर वहादुर लामा लगायत १००/१५० जनालाई काठमाण्डौमा गिरफतार गरियो– र सोध पुछ पछि धेरै जसोलाई धरौटीमा छाडियो । यसै विच २०३३ जेठमा कमरेड प्रदीप नेपाल र गोपाल शाक्य धरानवाट गिरफतार गरि विराटनगर जेल राखि काठमाण्डौ ल्याएर हनुमान ढोका प्रहरी थानामा राखेर अञ्चलाधिश कार्यालय (रत्नपार्क) मा बयान लिइयो बयान क्रममा औला मा सियो रोप्ने, नाकवाट खुशार्नी पानी हाल्ने, लाठ्ठीले पैतलामा हिर्काउने आदि यातना दिएपछि राजा विरेन्द्रको राजगद्दी तोकेको आरोप

हामीलाई लगाएर गोपाल शाक्य, प्रदीप र माधव हामी तीन जनालाई १० वर्ष कैद र १० हजार जरिवानाको र कामरेड वीर वहादुर लामालाई ५ वर्ष कैद र ५ हजार जरिवानाको फैसला सुनाएर पहिला डिल्लीबजार खोर त्यसपछि सेन्ट्रल जेल लगेको थियो ।

यस पर्चा काण्डमा राम कृण्ण दुवाल, राजेन्द्र पाण्डे झिल्के, रुम्वा लगायत १००/१५० जनालाई मुद्दा लागेको थियो ।

## २०३३ जेठ वाट २०३३ चैत्र सम्म जेल जीवन

केन्द्रीय कारागार त्रिपूरेश्वरमा तीनवटा जेल छन एकातिर भद्रगोल जेल अर्कातिर सेन्ट्रल जेल सेन्ट्रलसँगै एउटा अर्को महिला जेल पनि छ । डिल्लीबजार खोरवाट हामीलाई सँगै ल्याएर जेल भित्रयाउदाँ प्रदीप र मलाई सेन्ट्रल तिर र माधव र वीर वहादुर लामालाई भद्रगोल तिर लगे । सेन्ट्रल जेल पुगेपछि त्याहाँ मोहन चन्द्र, केपी ओली, राधा कृण्ण मैनाली, छवीलाल राजवंशी, निमूसिंह राजवंशी सानो दुर्गा, ठुलो दुर्गा, हर्क खडका आदि साथीहरूसँग भेट भएको थियो त्यहाँ मेरो भेट नेपाली काँग्रेसका नेता भीम नारायण श्रेष्ठ (विराटनगर वमकाण्डमा परेका) र यज्ञ वहादर थापा कप्तान (ओखलढुङ्गा टुम्वुरे) काण्डमा परेका भएको थियो । वहाँहरूलाई लग्न दुई तीन दिन अघि म सँगको भेटमा वहाँहरूले भन्न भयो राजा राजतन्त्र रहेसम्म प्रजातन्त्र देशमा आउदैन हामीलाई मार्छ होला अब देश र जनता तपाईहरूको जिम्मा पछि वहाँ दुवैलाई अज्ञात ठाउँमा लगि गोलीहानी मारेको मैले सुने ।

जेल भित्र स-साना समूह ३/४ जनासम्मको बनाएर जेल वरिपरि डुल्दै वा बस्ने सिट सुत्ने ठाउँमा स साना स्वरले कुराकानी विचार आदान प्रदान गर्दथ्यौ । जेल भित्र हाम्रो दृढता र अठोट अझ वलियो भएको थियो जेल भित्र पनि अन्य वन्दीहरूलाई राजतन्त्र विरुद्ध नयाँ जनवादी गणतन्त्र ल्याउन सचेत, सँगठित, जागृत गर्ने काममा अरु कमरेडहरू सँगै मेरो पनि अग्रसता थियो ।

जेल भित्र मेरो जिम्मेवारी विशेष लेख्ने सार्ने काम थियो वाहिरबाट आएका सामाग्रीहरू सार्ने सारेर ग्रुप-ग्रुपमा पढ्न तयार पार्ने बाहिर पठाउने पत्र सामाग्रीहरू कागतीको रस कलममा भरेर लेख्ने जिम्मा पनि मैले पुरा गर्नुपर्दथ्यो । यो काम सर्तक भएर गोपनीयता राखेर गर्नुपर्दथ्यो ।सेन्ट्रल जेलमा २०३३ श्रावण ४ गते जेलको कोठा नं १ मा मैले अखिल नेपाल कम्युनिष्ट क्रान्तिकारी को-अर्डिनेसन कमिटी (मार्क्सवादी, लेलिनवादी) को सदस्यता लिए । म सँगै सदस्य सफथ ग्रहण गर्ने अन्य तीन सदस्य प्रदीप नेपाल, राजेन्द्र पाण्डे र सुवास नेवाङ्ग हुनुहुन्थ्यो । हामीलाई सफथ गराउने कमरेड धनेन्द्र बस्नेत हुनुहुन्थ्यो । जेल भित्र तिरवाट पर्खाल तल तल वरिपरि हिडदै डुल्दै सानो सानो स्वरले कम्युनिष्ट हुनुको महत्व वारे दिक्षित गदै वहाँले भन्नु भयो आज देखि तपाईहरूको नयाँ जीवन शुरु भयो ।

जेल भित्र चौकीदार, भाई चौकीदार र कोठामा कोठा सुचना दिने पहरेदारहरू, जेल प्रशासन प्रहरी मिलेर जेल भित्र नै अनेक शोषण उत्पीडन गर्ने काम गर्दथ्ये । सरकारले दिने रासन सिदा कम दिने, कम गुणस्तरको दिने, जेलको पसलमा कम गुणस्तरको सामान मंहगोमा विक्री गर्ने कमजोर बन्दीहरूलाई नोकर सरह व्यवहार गर्ने, भात पकाउन, मालिस गर्न लगाउने समलिंगी संभोग सम्म गर्न बाध्य बनाउने जुवा तास खेलाउने महंगो ब्याजमा ऋृण लगानी आदि शोषण उत्पीडनका नमुना हुन ।

चौकीदार पदको लागि जेलमा 'कु' पनि हुने गदथ्यो । हामी हुदाँ पनि कू भयो । कू गर्न राजनीतिक बन्दीहरूले भड्काएको आरोप लगाएर २०३३ कार्तिक मंसीर तिर हामीलाई नंखु जेल सरुवा गरेको थियो ।

नंखु जेलमा ४/५ महिना बितायौ । जेल भित्र तरकारी वारी पनि गरेका थियौ खरायो पनि पालेका थियौ २२ जना जतिको सामूहिक भान्सा मेस थियो त्यस मेसमा मोहन चन्द्र अधिकारी, केपी शर्मा ओली, राधा कृष्ण मैनाली, चन्द्र प्रकाश मैनाली, घनेन्द्र बस्नेत, नरेश खरेल, भीष्म धिमाल, हर्क खडका, जीवन मगर, निमू सिंह राजवंशी, अशोक न्यौपाने, नारद

वाग्ले, वीर वहादुर लामा, प्रदीप नेपाल, कामेश्वर हल्वाई, धर्म घिमिरे, सूर्य कन्देवा आदि थिए ।

नंखु जेलमा त्यसबखत नेपाली काँग्रेसको नेता मार्सल जुलुस शाक्य, भीम वहादुर तामाङ्ग कृष्णप्रसाद भट्टराई लगायत ३०/३५ जना थिए ।

## सुरुङ्ग खन्ने प्रकृयामा भूमिका

नंखु जेल कमिटकिो निर्णय अनुसार मलाई सुरुङ्ग खन्ने, सुरुङ्ग भित्र माटो ओसार्ने, माटो ढुङ्गा सुरुङ्गबाट बाहिर ल्याएर कोठामा सुत्ने सीट बनाउने भान्सामा राख्ने चुल्हो अलिक अग्लो बनाएर माटो खपत त्यत्ता पनि गर्ने तरकारी वारीमा खनेर ल्याएको देखाउने फेरि बाहिर लगेर पनि भित्र सुरुङ्गको माटो पुर्ने आदि काम गरिन्थ्यो ।

सुरुङ्ग खन्ने काम खरायोको खोरमा काठको धर्राको तलबाट शुरु गरियो खन्ने औजार फलामको छाताको रड, तरकारी वारीमा प्रयोग गर्ने कुटो, फलामको भात पकाउदा चलाउने पन्यौ यी तीन औजार थिए । खन्ने टीममा वीर वहादुर लामा, माधव पौडेल, जीवन मगर, गोपाल शाक्य, निमु सिंह राजवंशी, भिस्म धिमाल, नारद वाग्लेले धेरै पल्ट धेरै समय दिएका थिए पालै पालो सबै साथीहरू जानु हुन्थ्यो । खन्ने टीममा एकले खन्ने दोस्रोले माटो तह लगाउने जम्मा गर्ने अर्काले वोरामा राखेर तानेर सुरुङ्ग वाहिर ल्याउने काम गरिन्थ्यो ।

सुरुङ्ग ५/६ फिट तल गएपछि तेर्स्रो खनिएको थियो तीन चार हात खनेपछि बसेर फर्किने ठाउँ बनाएका थियौ । सुरुङ्ग भित्र पानी रसाएर हिलै हुन्थ्यो केही ठाउँ ओभानो पनि थियो । एकदिन सुरुङ्ग भस्कीयो हामीले भात पकाउन ल्याएको चिरुवा दाउराको टेको लगाएर भत्केको ठाउँमा दाउराकै टाइट लगायौ । खन्दा खन्दै एक दिन प्रहरी गार्ड डुल्ने वाटोमा प्वाँल पार्ने लागेका थियौ त्यसै वेला हिडेको आवाज सुनेर रोकियौ अन्त्यमा सुरुङ्ग आलु वारीमा चैत्र ११ गते पुग्यो त्यस दिन माधव खन्दै थिए म पछाडि

माटो ओसादै थिए –माधवले भने आलु भेटियो त्यस पछि सानो प्वाँल पारेर वाहिर हेरियो र वोरा राखि फेरि टालियो ।

सुरुङ्ग खनेको १०/१५ दिन पछि खरायो खोरवाट विद्युत तार प्रयोग गरि सुरुङ्ग भित्रै बत्ती पनि बालेका थियौ सुरुङ्गमा मट्टीतेल घिव्री राम्रो बाल्दैन थियो मैनवत्ती बल्थियो एक दिन सुरुङ्गको भित्र आगो पनि लाग्यो वोराले छोपेर निभायौ मेरो हात पनि जलेको थियो ।

सुरुङ्ग खन्न एक महिना दुई दिन लागेको थियो । सुरुङ्गको लम्बाई मेरो हातले नाप्दा ४२ हात थियो । कमरेड जीवन मगरले सुरुङ्गको मुखमा शुरु हुने ठाउँमा माओत्सेतुङ्गको फोटो पनि राख्नु भएको थियो ।

सुरुङ्ग खन्दा बाहिर आवाज नजाओस भनी सर्तक हुने गदथ्यौ तर पनि केही आवाज बाहिर जान्थ्यो बाहिर साथीहरूले सुनेर बस्नु हुन्थ्यो आवाज बढी आए गीत गाएर सर्तक हुने संकेत गर्नुहुन्थ्यो । गीतका बोलहरूले सर्तक हुन, आरामसँग खन्न, होसियार काम रोक आदि संकेत हुन्थ्यो ।

सूरुङ्ग खन्दा त्यता तिर नआउन भनी प्रहरी अन्य बन्दीहरूलाई चौकीदार पहरेदार सबैलाई जेल भित्रको चौतारामा गीत सँगीतले भूल्याउने काममा कमरेड प्रदीप नेपाल, हर्क खडका, नरेश खरेल, घनेन्द्र बस्नेतको टीम सकृय रहन्थ्ये । सबै कमरेडहरूको खुबी क्षमता, योग्यता अनुसार कामको जिम्मेवारी जेल कमिटीले लगाउने गर्दथ्यो । त्यस वखत कमरेड चन्द्र प्रकाश मैनाली) लगायत सवैको सामुहिक नेतृत्व, ठीक कार्यविभाजन र सवै कमरेडहरूको जेल ब्रेक गर्ने दृढताले नै जेल ब्रेक संभव भएको हो । नंखु जेल विद्रोह निर्दलीय पंचायती ब्यावस्था र राजतन्त्र विरुद्धको न्योचित विद्रोह थियो ।

### जेल ब्रेक पछि पार्टी सर्म्पकमा आउदाँ सम्मका संघर्षहरू

२०३३ चैत्र १२ गते ६/७ बजे साँझतिर ठुलो आँधी तुफान आयो वत्ती गयो एकघण्टा वत्ती नआएपछि जेल पार्टी कमिटीको निर्देशनमा हामी

सुरुङ्ग भित्र पस्यौ सुरुङ्गमा पसेको केही वेरमा नै वत्ती आयो हामीलाइ सुरुङ्ग वाहिर निस्कने आदेश भयो-कोठा कोठामा गयौ फेरि २०-२५ मिनेट पछि एउटा कोठामा जम्मा भएर हेर्दा कमरेड माधव पौडेल सुरुङ्गवाट निस्कीसकेको थाहा लाग्यो। हामी सारै गंभीर भयौ-आजै राती वत्ती निभाएर वा नभए वत्ती वलेको अवस्थमा पनि जेलवाट निस्कन पर्दछ भनी निर्णय गरेर बत्ती निभाउने दोस्रो तेस्रो प्रयासमा कमरेड नारद वाग्लेले टवाइलेटमा आएको नांगो तारमा फलामको रडले सट गर्दा ठुलो आवाजले वाहिर ट्रासमिटर पड्कियो। वत्ती निभ्यो। फेरि पहरेदार लाइट लालटीन आदि लिएर कोठा कोठामा हेर्ने आये एउटा सिरानीलाई मान्छे सुताए जस्तो बनाएर माधवजी टाउको दुख्यो भन्दै सुम सुमाएर बसेका थियौ हेर्न भने आएन ढोकाबाट पहरेदार फर्कियो। कमरेड माधव निस्कीएको करीव २ घण्टा पछि १०/११ बजे राति हामी फेरि सुरुङ्गमा पस्यौ र एक एक गदै निस्कियौ।

सुरुङ्गवाट निस्कीएपछि नंखु खोला र वागमतीको दोभानमा भेटने योजना थियो। अध्यारोमा छाम छुम गदै अलिक पर पुगेर बसेको थिए एउटा हातले मेरो हातमा समायो मैले को हो भने जवाफमा म नारद भन्नु भयो हामीले छाम छुम गदै त्यही दोभान आसपास साथीहरू खोज्यौ फेला पर्नु भएन-अन्दाजी आधा घण्टा पछि वागमती नदी तरेर हामी चोभार हात्तीवन तिर लाग्यौ अध्यारोले वाटो देखिएका थिएन हिडदै जादाँ एउटा काडाघारी भित्र पुगे छौ सिम सिम पानी परेको थियो रिम रिम उज्यालो भएपछि थाहा लाग्यो हामी हात्तीवनको ऐसेलुघारीमा रहेछौं। साथीहरू पक्का वीर वहादुर कमरेडकै घरगाउँ फाखेल तिर गएका होलान भनी अन्दाज काटेर हामी दुबैले त्यता जाने सल्लाह गर्‍यौ विहान ८/९ बजे फर्पिङ्ग गाउँ तल एउटा गाउँमा पुग्यौ, एउटा घरमा गएर सोध्यौ हामी “शिक्षक हौ बाटो विरायौ फाखेल कुन बाटो गए पुगिन्छ” तपाईहरू धेरै तल आउनु भयो माथि डाँडावाट तेर्सो गए हुन्छ भन्ने जवाफ आयो। त्यही वाटो कै घरमा मोही मकै मागेर खायौ केही मकै भुटेर झोलामा पनि हाल्यौ।

जेल भित्र वाट कम्मरमा वेरेर ल्याएको खरायोको मासु र रोटी कत्ता हरायो कत्ता हरायो थाहा नै भएन भोक लागे पछि त्यही वाटो सोधेको घर पुग्दा मासु रोटी पनि सम्झिएको थिए ।

फाखेल स्कूल निर पुगे पछि त्यो गाउँ नै साधा पोशाकका प्रहरीहरूले घरेको महसुस हामीहरूले गरयौ यता पनि उता पनि कालो टोपी लगाएका मान्छेहरू देख्यौ राम्रो याद छैन साहेद अमृत लामाको घर होकी पुग्यौ नआउनु भन्ने संकेत दिए हामी फर्किएर विस्तारै वन तिर लाग्यौ । जंगल जंगल मच्छेगाउँ डाँडा पुगिएछ । दुई तीन घण्टा त्यही बसेर साँझ पर्ने बेला मा मच्छे गाउँ हुदै बल्वु नीर मोटर सडकमा आइपुग्यौ थानकोट तिरवाट एउटा ट्याक्सी आयो सीम सीम पानी परिरहेको थियो मैले ट्याक्सी रोके ट्याक्सीमा बसेर हामी बालाजु वनस्थली स्कूल निर पुगेर ओर्लियौ र सोभाभगवती मन्दिर तिर लाग्यौ ।

सोभाभगवती मन्दिरमा केही समय बसेर मेरो साथी ललित लाल श्रेष्ठको घर (कमरेड पुष्पलालको भाई) डल्लु पुग्यौ । वहाँले आफनो कोठामा हामी लाई राखेर अर्का साथी सहदेव सापकोटालाई बोलाएर ल्याउनु भयो हामी चार भाई भएर सल्लाह गरयौ वहाहरूँले भन्नु भयो यहाँ बस्न खतरा हुन्छ बरु सहदेवको मामा घर देउराली धार्दिङ्ग जिल्लामा जान बेस हुन्छ त्यसपछि ललितले बाहिर होटेलवाट चीउरा तरकारी किनेर ल्याए हामीले खाएर राती २ बजे तिर हलचोक, सीतापाइला, भीमढुङ्गा हुदै बिहान छत्रदेउराउली-धार्दिङ्ग पुग्यौ । काठमाण्डौ शहरवाट डुल्न आएको वहाना सहदेवले मामाको घर भने एक दुई दिन बस्ने त्यही बस्ने निधो भयो ललित र सहदेव मेरो साइको घडी बिर्की गरेर रकम ल्याउने लाईट, नेपाल नक्सा आदि किनेर ल्याउने उद्देश्य साथ काठमाण्डौ फर्किए, दुई दिन मल बोकेर खेतमा राख्ने, हलो जोत्ने आदि काम गदै गाउँमा बस्यौ त्याहाँ पनि नयाँ मान्छेहरू हुन भन्ने चर्चा हुन थाल्यो नारद कमरेडले भन्नु भयो हामी सुरुक्षित हुन गाह्रो छ यो गाउँ म पूर्वतिर नै जान्छु एक साथ नहिडौं

त्यसपछि लाईट नक्सा, म सँग भएको सबै रुपियाँ नारद कमरेडलाई दिए वहाँ म सँग छुटिएर हिड्न भयो साहेद तेस्रो चौथो कुन दिन हो ललित, सहदेवले मंजुल रामेश सँग सर्म्पक गरि गोपाललाई काठमाण्डौमा राख्न सकिन्छ सकिन्न भन्दा वहाँहरू सबैको सल्लाह थियो अन्त जान वेस"- राख्न सकिन्न ।

क्षेत्रदेउरालीमा हलो जोत्न सिकाउने एक तामाङ्ग साथीसँग एक बोतल रक्सी र एउटा कुखुराको भाले राखेर मीत लगाए एकदिन मीतकै घर बसेर मैले मीतज्यूसँग प्रस्ताव राखे मलाई लेकतिर डुल्न मनछ, लेकतिर लिएर जानुहोस त्यसपछि मात्र काठमाण्डौ फर्किन्छु" भनेपछि मीतले भन्नु भयो हुन्छ हुन्छ मेरो मीत कुमरीको लेक छ त्यही भोली जायौ"-भोली पल्ट क्षेत्रदेउरालीवाट चौथे खोला झरयौ चौथे खोलामा एउटा चीया पसलमा मितज्यू उनका मित्रहरूसँग १२ बजे देखि तास खेल्न बसेका ५ बजे साँझ उठे मीतलाई रक्सी पनि लागेको थियो हामी कुमरीको लेक तर्फ लाग्यौ केही उकालो चडेपछि रक्सीले मातेको मितज्यूले वाक्ने छादने काम गरे । त्यही सुते दुई घण्टा पछि मीतलाई रक्सीले छाडयो र मीतज्यूको होस आयो हामी फेरि उकालो हिडयौ करीव विहान ४ बजेतिर मितको मितज्यूको घर पुग्यौ । मितिनीले जाड छान्नु भयो मितले सुकुटी पोले हामी दुबैले खायौ र सुत्यौ बिहान ९-१० बजेतिर उठेर खाना खाएर मीतज्यूसँग कुराकानी गदै लेक डुल्ने काम भयो । दुःख कुरा दुबै मीतको नाम मेरो स्मृतिमा छैन संम्झने कोशिस गर्दछु संम्झिन सकिन । नाम सम्झना नभएपनि जात भने दुवै मीतको तामाङ्ग थियो ।

दोस्रो दिन मीतज्यू सँग सल्लाह हुँदा "अब फर्किदा दुई पिपल बजार, गल्छी हुदै फर्किनु होला" भन्नुभयो म त्यही बाटो लागे दुई पिपल सानो बजार रहेछ त्यहाँ कपाल खौरे निधारको दाँगमा रातो टिका लाएर पूरानो इस्ट कोट फाँटेको टोपी खुकुरी कम्मरमा भिरेर ठुलावडा देखे जंघौ जंघौ भन्दै बाटो छोडदै कान्छा कामीको भेषमा हिडे गल्छी पुगेर मोटर

सडक पार गरी माथि माथि गाउँवाट गजुरी क्रस गरि मोटर सडकमा पुनः निस्कीए बाटो डिलमा एउटा भट्टी पसलमा पसेर कुखुराको मासु एक पेलेट र रक्सी एक गिलास मागेर एक छेउ बसेर केही खाए केहीदले एउटा ट्रक रोके र पछाडि डालीमा रक्सी खाएको एकटीङ्ग गरि घोप्टो पारेर सुते त्यतिकैमा वेणीघाट चौकीमा ट्रक रोकियो प्रहरी चढेर चेक गर्न लाग्यो प्रहरीले यो को हो भन्यो ? एक जान मान्छेले रक्सी खाएर मातेको छ हजुर भन्यो त्यतिकैमा प्रहरीले मेरो पछाडि पिठ्यूमा एकलात हिर्कायो र ट्रकवाट ओर्लियो ट्रक चल्यो मैले मनमनै त्यो प्रहरीलाई मेरो मुख नहेरेकोमा धन्यबाद दिए । म ट्रकवाट जोगीमारा हुक्दीखोलामा ओर्लिए ।

मैले कुमारीको लेकमा नै नेपालको नक्सामा जोगीमारा-हात्रीवाङ, शक्तीखोर-टाडी हुदै ठोरी पुगी भारत तिर जाने योजना बनाएको थिए । हुक्दीखोलामा दही चिउरा तरकारी आदि खाएपछि म जोगीमारा गाउँको उकालो लागे हात्तीवाड पुग्न अगाडि भीरवाट खसेछु होस आउदाँ दुवै खुट्टा चलेको थिएन जीऊ दुखेको थियो घस्रदै घस्रदै म हात्तीवाङ पुगे ।

त्यहाँ पुगेर एउटा ढोका ढक्ढकाए ढोका खोलेर लाल्टीन देखाएर एउटा मान्छेले भन्यो अहो के भयो तपाईलाई ? मैले भने भीरवाट लडेछु । मलाई सोध्ने मान्छे हात्तीवाङ्ग साभा पसलका ब्यावस्थापक रहेछन उनीले मलाई बास दिए नजिकै पसल खोल्न लगाई खाना बनाउन लगाए खुलाए एक बोतल कोदाको रक्सी दिदै भने यो आधी पिउनुहोस आघि जिउभरि दल्नुहोस् यसले औषधीको काम गर्छ मैले त्यसै गरे । भोलिपल्ट बिहान साभा व्यावस्थापक ज्यूलाई धन्यवाद दिएर खाने तेल, तोरीको तेल बोक्ने भरिया साथीहरूसँग खोच्याउँदै हिडे ।

शक्तिखोर पुग्न अगाडि डाडा देउरालीवाट तल खोलामा प्रहरी देखे फूली चम्केको देखे त्यसपछि मैले एक तेल बोक्ने भरिया साथीसँग दही खाएर मित लगाउने प्रस्ताव राखे उनले माने । ठेक्कीमा राखेको अर्का दुई तीन गिलास दही किनेर भाडामा राखेर तल खोलाको बगरमा पारि

खाना बनाएर खाने सल्लाह साथ हिडयौ । खोला पुगेपछि पूजा गरे झै गरेर मैले निधारको दागमा रातो सिन्दुरको टिका लगाए हत्तार हत्तार गरि खाएर मीतज्यूको डोको र खाली जर्किन बोके । मेरो झोला मीतज्यूले बोके । म अघी अघी हिडे मलाई प्रहरीले हेर्‍यो मात्र केही सोधेन । मीतज्यूलाई सोधपुछ गरयो-शक्तीखोर बजार पुगेर एक एक गिलास चिया पिएर मीतज्यू सँग विदा भएर टाडी बजार माथि राप्ती नदी किनारमा एउटा थारु गाउँमा वास वसी भोलि पल्ट ठोरीनीर भगवान्पुर गाउँमा बासवसी चुरे पर्वत क्रस गरि भारतको गाउँ हुदै बस चढेर नरकट्टिया गंज शहर पुगे । त्यही एउटा माडवारीको खाना होटलमा तीन चार दिन भाडा माझने काम गरि नेपाली मित्रहरू भेटेपछि मेरो लीको जाकेट भारु रु. ३५ मा विक्री गरि त्यही रुपियाँले रक्सोल शहर पुगे, त्यहाँ दुई दिन सम्म कोही चिनेका मान्छे खोज्दा नभन्दै आफनै साथी गया प्रशाद यादव (विरगंजका) भेटिए । साथी गयाले एकजना मुसलमान टेलर मास्टरसँग परिचय गराए उनी भाकपा (माले) सर्म्थक थिए । बस्दै गर्नुहोस म भोलि आउछु भनेर गएको साथी दुई हप्ता पनि फर्किएन, मेरो देश भित्र पार्टी सर्म्पकमा जाने मिसन पूरा भएन । म निरास भएर रक्सोलको सँगम होटेलमा भाडा माझ्ने काममा लागे म विरामी पनि भए ज्वरोआयो आऊ पर्‍यो पेट दुख्ने टाइफाइड भएको थियो । मैले मद्दतको लागि फुपू घर प्यूखा काठमाण्डौ पत्र लेखे पत्र पुगेपछि मेरो भाई नविन्द्र शाक्य र साथी देव वज्राचार्य रक्सोल सँगम होटेल आईपुगे मेरो अवस्था देखेर छक्क परे ट्वाल हेरे भेट्ने वितिकै सँगम होटेलवाट विदा भएर बसमा मोतीहारी हुदै मजफरपुर शहर पुगी होटेल दिपकमा बसे । त्यहाँवाट भाई र साथीलाई विदा गरि उनीहरूले ल्याएको कपडा जुत्ता सुटकेस भारु . ४००० । हजार लिएर म असम गुहाटी तिर लागे २०३३ वैशाष, जेठ अषाढ तीन महिना म भारतको पूर्वाअञ्चल असम, मेघालय नागलैण्ड, मणीपुर राज्यको धेरै शहर गाउँमा पुगेको थिए । त्यसको संस्मरण मैले छुटै लेख्नु राम्रो होला यहाँ समावेश गर्दा यो लेख लामो हुन्छ ।

२०३४ जेठ महिनामा असम गुहावटीमा कमरेड जीवराज आश्रित मोदनाथ प्रश्रित भेटेपछि वहाँहरूको हातमा मैले कमरेड प्रदीपलाई पत्र पठाए पत्रमा भने अनुसार नै २०३४ श्रावण १२ गते मलाई गोरखपुर रेल्वे स्टेसनमा लिन क. प्रदीप नेपाल पुग्नु भएको थियो वहाँसँगै गोरखपुर नौतनवा हुदै बुद्ध जन्मीएको भूमि लुम्बीनी टेक्दै देशको मोटोमा फेरि पार्टी काममा लागे ।

## जेल ब्रेकवाट बाहिर आएपछि पार्टी निर्माण र विकासमा भूमिका

२०३३ चैत्र १२ गते नंखु जेलवाट वाहिर आएपछि फालेख पुगेर क. वीर वहादुर लामा क. सीपी सँग सर्म्पक गर्ने प्रयास असफल भयो काठमाण्डौमा सेल्टर लिने प्रयास सर्म्पक गर्ने प्रयास पनि असफल भयो फेरि रक्सोलवाट वीरगंज हुदै देश भित्र पस्ने पार्टी सर्म्पकमा जाने प्रयास असफल भएपछि म भारतको पूर्वाअञ्चल असम, मेघालय, नागलैण्ड, मणीपुर, अरुणाअञ्चल, मिजोरम राज्यको गाउँ शहरमा २०३४ वैशाष, जेठ, अषाढ, तीन महिना अखिल नेपाल कम्युनिष्ट क्रान्तिकारीको-अर्डिनेशन कमिटी( मार्क्सवादी- लेलिनवादी) छोटकरीमा को.के.को राजनीतिक लाइनको प्रचार गदै त्यसको पक्षमा त्यहाँका नेपालीहरू, प्रवासी नेपालीहरूलाई ल्याउने काममा लागेका थिए । त्यस क्रममा कमरेड पुष्पलाल समर्थक पूर्वाअञ्चल भारतको सांस्कृति मोर्चा विघटन गर्न सचीव दिल साहनी सदस्यहरू राधा ज्ञावाली, मोहन शर्मा, तुल वहादुर (माले)मा लालवीन क्षेत्री, धर्मलाल भुसाल, अमर गिरीलाई सहमत गराई को.के.को राजनीतिक लाइनमा वहाँहरू पनि सहमत हुनुभएको थियो ।

यसै विच २०३४ जेठमा कमरेड जीवराज आश्रित र मोदनाथ प्रश्रित असम मेघालय पुग्नुभएको थियो । कमरेड पुष्पलाल सँग १३ वुँदेअसहमति राख्दै मुक्ती मोर्चा विद्रोही समुह सँगठित गर्ने उद्देश्य र त्यसपछि को.के सँग एकता र्गे प्रस्ताव समेत लिएर गएको खबर सुनेपछि म नागलैण्ड डिमापुरवाट गुहवाटी आएर भेटेको थिए । भेटवार्तापछि वहाँकै

हातमा कमरेड प्रदीप (सिन्धु) लाई पत्र लेखे पत्रमा भने अनुसार सिन्धु २०३४ श्रावण १२ गते गोरखपुर रेल्वे स्टेसन पुग्नु भएको थियो। कमरेड प्रदीपसँग म देश भित्र आएर रुपन्देही जिल्लामा अखिल नेपाल कम्युनिष्ट क्रान्तिकारी को-अर्डिनेशन कमिटी (मा.ले.) को त्यस बखत नीति अनुसार एक एरिया, एक युनिट एक्सन नीति अनुसार गेरिल्ला दल गठन तिर लागे।

– २०३४ श्रावणमा नै कमरेड सुवास (चन्द्र प्रकाश मैनाली) को.के.को महासचीवको निर्देशन पत्र प्राप्त भयो त्यसमा लेखिएको थियो "कमरेड सिन्धुसँग मिली मुक्ती मोर्चाका कमरेडहरूलाई को- अर्डिनेशन कमिटीमा सामेल गदै त्यत्तानैरहेर काम गर्नु होला। अरुकुरा सिन्धुसँग गर्नु होला।"
– २०३४ श्रावणमा कमरेड सिन्धुले रुपन्देही जिल्ला दक्षिण भेग र मैले जिल्लाको उत्तरी भेग हेर्ने गरि पहिलो कार्यविभाजन भएको थियो। छपिया चिलाहामा कमरेड अमरको घरमा देशी हलियाको भेषमा हलो जोत्ने, पाटा मिटने काम गर्दे श्रममा माग लिदै गोरिल्ला दल/अध्ययन दल बनाएर पार्टी संगठन कार्य शुरु गरियो त्यसबखत मेरो टेकनाम विक्रम थापा राख्ने कमरेड पनि प्रदीप नै थिए।
– २०३४ भाद्रमा मुक्ति मोर्चा समुह को.के मा सामेल गराउन जिम्मेवारी पूर्ण भूमिका निभाएको थिए।
– २०३४ कार्तिक, असोज तिर अखिल नेपाल कम्युनिष्ट क्रान्तिकारीको को-अर्डिनेशन कमिटी (मार्क्सवादी-लेलिनवादी) पश्चिम दक्षिण क्षेत्रीय कमिटी गठन भएको थियो रुपन्देही जिल्लावाट कमरेड प्रदीप नेपाल गुल्मी, पाल्पा सयुक्त संगठन कमिटीवाट जीवराज आश्रित, कपिलवस्तु अर्घाखाचीवाट मोदनाथ प्रश्रित, नवलपरासीवाट गोपाल शाक्य यसरी चार सदस्य कमिटीको सचीव कमरेड प्रदीप नेपाल थिए।
– २०३५ श्रावणमा को.के.को धनुषा सम्मेलन भागलिएको थिए म पश्चिम

दक्षिण क्षेत्रीय कमिटी सदस्य र नवलपरासी को प्रतिनिधी थिए ।

- २०३४/३५ मा सचीव विष्णु लामिछाने लगायत वहुमत जिल्ला कमिटी सदस्यहरू नेकपा (चौ.म) नवलपरासीलाई को.के.मा प्रवेश गरएको त्यसरी नै चितवन जिल्ला नेकपा (चौ.म) का नरबहादुर खाँड, विष्णु घिमिरे, ध्रुव घिमिरे लगायत साथीहरूलाई को.के प्रवेश गराई सदस्यता दिएको चितवनमा संगठन विस्तारमा भूमिका निर्वाह गरेको २०३५ साल पौषमा प्रथम राष्ट्रिय सम्मेलन द्धारा नेकपा (माले) को केन्द्रीय कमिटी निर्माण हुदाँ २२ जना उपस्थित प्रतिनिधि संस्थापक सदस्यहरू मध्य एक २०३५ सालमा दाङ्को सन्देश ग्रपलाई को.के/नेकपा (माले) मा सामेल गराउन भूमिका निर्वाह गरेको कमरेड नेत्रलाल पौडेल अभागी र शिवराज गौतमसँग दाङको लमही र रुपेन्दहीको बुटवलमा भेटघाट वार्ता गरेको थिए ।
- २०३५ सालमा नेकपा (माले ) पश्चिम दक्षिण क्षेत्रिय कमिटी सदस्य- त्यसवेला सचीव जीवराज आश्रित थिए । सदस्यहरूमा रुपन्देहीवाट प्रदीप नेपाल कपिलवस्तुबाट भीम नाारायण चौधरी अर्घाखाँचीवाट मोदनाथ, प्रश्रित गुल्मी पाल्पा आश्रितकै जिम्मा थियो ।
- २०३४ वाट २०३७ पौष सम्म नवलपरासी जिल्लाको पार्टीको सचीव भूमिकामा रहेर त्यहाँ सुकुमवासी किसान आन्दोलन नेतृत्व गदै पार्टी र जन संगठनहरूको निर्माण विस्तार र विकासमा विशेष भूमिका निर्वाह गरेको थिए ।
- २०३७ माघमा नेकपा (माले) पश्चिम दक्षिण क्षेत्रिय कमिटीको सचीव जिम्मेवारी वहन गरेको थिए ।
- २०३७ माधमा नै पाल्पा गुल्मी संयुक्त कमिटी फुटाएर अलग अलग कमिटी बनाएको पाल्पा जिल्ला संगठन कमिटी नेकपा (माले) को सचीव को भूमिका मैले नै निर्वाह गरेको थिए ।
- २०३८ वैशाष ३१ अखिल नेपाल महिला संघ काठमाण्डौ जिल्ला

उपाध्यक्ष, पार्टी कार्यकर्ता कमरेड शारदा कोइरालासँग पार्टीको आयोजनामा नवलपरासी दुम्कीवास नजिकै डाडाजोर गाउँमा मेरो विवाह सम्पन्न भएको थियो । प्रमुख अथिति पार्टी केन्द्रको तर्फवाट जीवराज आश्रित थिए ।

- २०३९ साल श्रावणमा पार्टीसँग १४ विषयमा, मतभेदहरू भएको पार्टीले दक्षिणपंन्थी संशोधन वादीको आरोपमा पार्टीवाट निस्कासन गरेको थियो ।
- २०४० वैशाख १ गते स्वतन्त्र वामपंन्थी रुपमा बक्तव्य
- २०४०/४४ सम्म वामपंन्थी एकता आन्दोलनका सहभागीहरूको नाममा सबै कम्युनिष्ट वामपंन्थीहरूको एकता लागि प्रेसर ग्रपको काम गरेको त्यही प्रेसर ग्रपको नेताको भूमिका निभाएको थिए ।

क. मनमोहन अधिकारी, साहना प्रधान, वलराम उपाध्याय, तुल्सी लाल, सिध्दी लाल, पद्यरत्न तुलाधर, लक्ष्मी उपाध्याय, शभुराम श्रेष्ठ, कृण्ण राज वर्मा, विण्णु वहादुर मान्नधर, निर्मल लामा भरत मोहन अधिकारी लगायत भेट गरेर कम्युनिष्ट पार्टी एउटै बनाउन आग्रह गरेको पार्टी एकता तुरुन्त नभए वामपंन्थी एकता गर्न आग्रह गरेको थिए ।

- २०४१ मा तनहुँको गाईघाटमा २५ जिल्लाका वामपंन्थी प्रतिनिधीहरूको भेला २०४२ सालमा प्रगतिशील युवाहरूको राष्ट्रिय भेला २०४३ साल रुपन्देही जिल्ला टटेरामा कमरेड नाथुकुमालको घरमा २६ जिल्लाका वामपंन्थी प्रतिनिधीहरूको भेलाको संयोजन एवं नेतृत्व गरेको थिए ।
- २०४४/४५ नेकपा (माले) ले मैले राखेको मतभेद मध्ये धेरै स्वीकार गरेपछि मलाई पार्टीले पुन फर्किएर काम गर्ने अवसर दियो यसै अवधीमा म नुवाकोट जिल्लाको पार्टी काममा लागे र सकृय दलको सचीवको भूमिका पनि रहे । २०४६ भाद्र महिनामा नेकपा -माले) ले आयोजना गरेको पार्टी चौथो महाधिवेशनमा नुवाकोट जिल्लावाट

प्रतिनिधित्व गरि पार्टी केन्द्रीय वैकल्पीक सदस्य निर्वाचीत भएको थिए ।

- २०४६ असोज देखि २०४७ कार्तिक सम्म राप्ती अञ्चल सचीव र दाङ्ग जिल्लाको पनि सचीव रुपमा रहेर राप्ती अञ्चलको दाङ, सल्यान, रुकुम र प्युठानमा पार्टी निर्माण, विस्तार र विकास भूमिका निर्वाह गरेर पार्टीको नेतृत्वमा हुने जनसर्घष, आन्दोलन र २०४६ को संयुक्त जनआन्दोलनमा नेतृत्वदाही भूमिका निर्वाह गदै यसै बिच २०४६ मा पार्टी केन्द्रीय ब्यूरो (राप्ती, गण्डकी र लुम्वीनीको) त्यसको सचिव कमरेड केपी ओली र सदस्यमा त्रिलोचन ढकाल र म थिए यस ब्यूरो मार्फत पनि हामीले संयुक्त आन्दोलनको नेतृत्व गरेका थियौ ।
- २०४७ कार्तिक-माघ सम्म नेकपा (माले) वागमती अञ्चल सचीवको जिम्मेवारी थिए ।
- २०४७ माघमा नेकपा (माले) र नेकपा (मार्क्सवादी) वीच एकता भयो त्यसपछि म नेकपा (एमाले) वगमती सचीवकै भूमिका रहे इन्चार्ज कमरेड सिध्दीलाल सिद्ध हुनु भएको थियो ।
- २०४८ अषाढ वाट २०५० अषाढ सम्म म मध्यामाञ्चलको प्रतिनिधीको रुपमा राष्ट्रिय सभा सदस्य (सांसद) को भूमिका रहेको थिए ।
- २०४९ माघमा सम्पन्न नेकपा (एमाले) को पाचौ राष्ट्रिय महाधिवेशनमा केन्द्रीय कमिटी सदस्य निर्वाचित भएपछि धवलागिरि अञ्चल इन्चार्ज रुपमा पार्टीको जिम्मेवारी पुरा गरेको मुस्ताङ्ग, म्याग्दी, वागलुङ्ग,पर्वतमा पार्टी विस्तार विकास सक्दो योगदान गरेको थिए ।
- २०५१/५२ मा पार्टीको निर्देशनमा सहकारी विकास वोर्डको सह-अध्यक्ष भएर नेपालको सहकारी आन्दोलनलाई जागृत गर्ने कार्यमा भूमिका निर्वाह गरेको थिए ।

– २०५२/५३ मा नेकपा (एमाले) पार्टी केन्द्रीय कमिटीले भारत प्रवास इन्चार्जको जिम्मेवारी दिएर पठाएको थियो भारत प्रवासको दशवटा पार्टी जिल्ला कमिटीहरूको निर्माण, विस्तार विकास सँगै प्रवासी नेपालीहरूको माग र समस्याहरूलाई दुबै सरकार समक्ष पुरयाउने कुरामा सक्दो भूमिका खेलेको थिए ।

– २०५४ सालमा उप-प्रधानमन्त्री वामदेव गौतमको प्रमुख राजनीतिक सल्लाहाकार रुपमा जिम्मेवारी निर्वाह गरेको थिए ।

– २०५५ सालमा फेरि पार्टी केन्द्रले भारत प्रवास इन्चार्ज रुपमा जिम्मेवारी दिएको थियो ।

– २०५६ मा पार्टी छैठो महाधिवेशनमा पार्टी विभाजन हुदाँ नेकपा (माले) केन्द्रीय कमिटी सदस्य, केन्द्रीय कार्यलय सचीवको भूमिका, केही समय आर्थिक विभाग प्रमुखको भूमिकामा पनि थिए ।

– २०५७ कमरेड राजेन्द्र श्रेष्ठ मन्त्री हुदाँ म केही समय नेकपा (माले) उपत्यका ब्यूरो इन्चार्ज जिम्मेवारी र भूमिकामा थिए ।

– २०५७ मा नै नेकपा (माले) पूर्वाञ्चल उप प्रमुख र २०५७/५८ मा नेकपा (माले) केन्द्रीय स्थानीय निकाय विभाग प्रमुखको जिम्मेवारीमा पनि रहेको थिए ।

– २०५८ मा नेकपा (माले) पुनः नेकपा (एमाले) मा सामेल भएर पार्टी एकता भएपछि नेकपा (एमाले) केन्द्रीय कमिटी सदस्य र केन्द्रीय निर्वाचन विभागको प्रमुखको जिम्मेवारीमा रहेको थिए पार्टीको निर्वाचन सम्बन्धी नीति, नियम, निर्देशनहरूलाई सुदृढ बनाउन सक्दो योगदान गरेको थिए ।

– २०५९ मा जनकपुर सम्पन्न पार्टी सातौ महाधिवेशनमा नेकपा (एमाले) को केन्द्रीय सदस्यमा निर्वाचीत भएको थिए ।

– २०६१ सालमा पार्टीले नेकपा (एमाले) केन्द्रीय सर्म्पक विभागको जिम्मेवारी दिएको यो जिम्मेवारीमा रहेर २०६५ साल भाद्र १५ सम्म

सर्म्पक मंचहरूलाई व्यवस्थित ढङ्गले परिचालन गदै पार्टी को तर्फबाट २०६२/६३ जनआन्दोलन र जनक्रान्तिमा नेतृत्वको अग्र भागमा रहेर भूमिका निर्वाह गरेको थिए र २०६२/६३ जनआन्दोलन, जनक्रान्ति दौरानमा पटक पटक गिरफ्तार भएर थुनामा परि रिहा भएको थिए ।

– २०६५ साल भाद्र १५ गते नेपाल सरकारको युवा तथा खेलकुद मन्त्रीको जिम्मेवारी दिएर पार्टीले सरकारमा पठाएपछि नेपाल सरकारको पूर्ण मन्त्रीको हैसियतले युवा र खेलकुदका समस्याहरू हल गर्न नीति निर्माणमा पहल गदै, विवादहरू हल गदै, ११ वर्ष देखि रोकिएको पाचौं राष्ट्रिय खेलकुद प्रतियोगिता गराउन सफल भएको र छोटो समयमा पार्टीको प्रतिष्ठा उठने गरी खेलाडी र युवाहरूमा रामै छवी छाडेको थिए ।
– २०६५ साल आठौ पार्टी महाधिवेशन पछि मैले पार्टी केन्द्रीय सल्लाहाकार परिषद सचीवको जिम्मेवारी निर्वाह गरेको थिए ।
– २०७१ अषाढ पछि म पार्टीको जिम्मेवारी छैन मात्र नेकपा (एमाले) को सँगठित सदस्य छु ।
– २०७१ भाद्रवाट तुल्सी लाल स्मृति प्रतिष्ठानको कार्यकारिणी सभापतिको जिम्मेवारी र भूमिकामा रहेको छु ।

नंखु जेल ब्रेकवाट बाहिर आएपछि २०३३ देखि २०७३ साल सम्म यो संस्मरण लेख लेखुन्जल सम्म मैले कुनै ब्यक्तिगत ब्यवसाय पेशा गरेको छैन । म पूर्णकाल राजनीतिमा देश र जनताको सेवामा नै लागिरहेको छु । म एउटा उच्च मध्य वर्गीय व्यापारी परिवारवाट नेपालको लोकतान्त्रिक एवं कम्युनिष्ट आन्दोलनमा स्वइच्छाले लागेको मान्छे अहिले मेरो पारिवारिक अवस्था निम्न मध्यम वर्गमा झरेको छ । मेरो श्रीमति शारदा २०६४ साल कार्तिक ९ गते क्यान्सर रोगको कारण निधन भएको थियो हाम्रो दाम्पतीय जीवन २६ वर्षको रहेको थियो मेरी एक छोरी प्रतिक्षा शाक्य र एक छोरा प्रतिक शाक्य दुवैको विवाह सम्पन्न भएको छ मेरो वुहारी स्मृति तुलाधर

र छोरी ज्वाँई रविन शाह हुन । अहिले छोरा र वुहारी मसँगै एउटै घरमा बस्दैछौ । छोरी ज्वाई तर्फवाट एक नाति पनि छ, नातिको नाम हो - अभिराज शाह ।

नंखु जेल ब्रेक पछि ४० वर्ष बितेका छन् यस विच नेपालमा दुई ठुला राजनीतिक परिवर्तन आएका छन् २०४६ सालको संयुक्त जनआन्दोलनवाट निरंकुश तथा निर्दलीय पंचायती व्यवस्थाको अन्त्य गरि वहुदलीय व्यवस्थको आगमन र २०६२/६३ को संयुक्त जनआन्दोलन र जन क्रान्तिले नेपालमा शाहवंशीय राजतन्त्रको अन्त्य र संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको आगमन भएको छ । अहिले नेपाली जनताले आफनै सार्वभौम अधिकार प्रयोग गरि निर्वाचन गरेका जनप्रतिनिधीहरू मार्फत नेपालको संविधान २०७२ जारी गरीसकेको छ नयाँ संविधानको कार्यान्वयन गर्दै समाजवाद उन्मुख नयाँ समृध्द नेपाल निर्माण तर्फ अघी बढनु छ । व्यक्तिवाद, जातीवाद, भ्रष्टचार, मंहगी, गरीबी, कुरिती, कुसंस्कृति, कुलत, विरुद्ध सवै देशभक्त नेपालीहरूको एकतामा जोड दिनु परेको छ राष्ट्रिय विखण्डन विरुद्ध उच्च सर्तकता आवश्यक छ ।

## अन्त्यमा नंखुजेल विद्रोहको सन्देश

नंखु जेल विद्रोह वास्तवमा निरंकुश राजतन्त्र र निर्दलीय पंचायती ब्यवस्था विरुध्दको जनविद्रोह, जनसधर्ष र आन्दोलनकै एउटा कडी हो यसले सामान्तवाद र साम्राज्यवाद विरोधी लोकतान्त्रिक जनक्रान्तिमा वर्ग-सघर्षमा जोड दिदै कम्युनिष्ट पार्टी र जन संगठनहरूलाई नयाँ उचाईमा एकतावध्द बनाएर अघी बढन् उर्जा प्रदान गरेको थियो । समग्रतामा हेर्दा नंखू जेल ब्रेकवाट सुरुङ्ग खनी निस्केका नेताहरूको माथि उल्लेखित नेपालको दुई ठुलो राजनीति परिवर्तनमा निकै महत्वपुर्ण भूमिका र योगदान रहेको तथ्य र सत्य हाम्रै, आफ्नै इतिहासले बोलिरहेको छ । अरु मुल्याकन तपाई पाठकहरू आफै गर्नुहोस ।

लेखेको मितिः- २०७३ फागुन ७

# मेरो राजनीतिक कर्मथलो लुम्बिनी

## भूमिका

'लुम्बिनी सन्देश प्रकाशनार्थ प्रेसमा छ । निकट भविष्यमा लुम्बिनीको पार्टी इतिहास पनि तयार पार्दछौं, त्यसको पूर्वाधार तयार पार्न सबै पार्टी पूर्व इन्चार्जहरूको संस्मरण लेख्न आग्रह गरेका छौं, कताबाट के भएर हो, तपाईंको संस्मरण लेख छुट्न गएछ । पूर्व इन्चार्ज कमरेड प्रदीप नेपाल, ईश्वर पोखरेलको लेख आइसक्यो तपाईंको नभई भएन । म तीन दिनपछि काठमाडौं आउँछु । संस्मरण लेख तयार रहने आशा राख्छु । कमरेड नेत्र पन्थको मोबाइल आग्रह २०६८ कात्तिक १५ साँझ ६ बजे भयो । त्यसपछि कमरेड खिमलाल भट्टराईले ताकेता गर्नुभयो । यति छोटो समयमा धेरै कुरा भुलिसकेको छु । त्यसबखतका काम गरेका जिल्ला गाउँ शहरहरूमा पुनः पुगेर पुराना जीवित साथीहरूसँग भेटेर पुराना सम्झनाका तरेलीहरूलाई पुनर्ताजगी गराएर यो संस्मरण लेख लेख्न पाएको भए त्यसबखत पार्टी कार्यकर्ता नेताहरूको त्याग र बलिदानका गाथाहरू, सुकुम्बासीहरू आन्दोलन-किसान आन्दोलन, संघर्ष, उत्पीडित जातीहरू र मजदुरहरूको संघर्ष, शिक्षक र विद्यार्थीहरूको आफ्नो माग र आन्दोलनसँगसँगै पार्टी निर्माणमा पुऱ्याएको योगदान, प्यारामेडिस कर्मचारी विशेष अहेव र कृषिको जेटी, जेटिएहरूले र अन्य कर्मचारीहरूले पार्टीको भूमिगत काममा आफ्नो जागिर जोखिममा राखेर कतिले त जागिर नै छाडेर पार्टी पूर्णकालीन कार्यकर्ता भएर कम्युनिस्ट आन्दोलन र निरंकुश निर्दलीय

पञ्चायती व्यवस्थाविरोधी प्रजातान्त्रिक आन्दोलन अगाडि लग्न पुऱ्याएको योगदानका कयौं गाथाहरू, सबै यस लेखमा पस्किन सक्दिन । पछि लामो पुस्तक आकारमा नै संस्मरण लेख्नुपर्ने हुन्छ । अहिले पनि धेरै महत्वपूर्ण कुरा छुट्न सक्छन्, धेरै कमरेड साथीहरूको नाम नै भुलेको छु । यस्तै हुँदोरहेछ, क्षमा गर्नुहोला । पछि सम्झेर आएको लेख्नेछु । कमरेड विष्णु पौडेल, प्रदीप ज्ञवाली, बेदुराम भुसालले मलाई पहिला नै बारम्बार संस्मरण लेख्न आग्रह गर्नुभएको हो । मेरै कमजोरी, मेख मारेर बसेको थिएँ । अहिले झस्केर केही लेख्दैछु । यो ३४ वर्ष अगाडिको कुरा, २०३४ साल साउन महिनामा कम्युनिस्ट आन्दोलनको सन्देश बोकेर पार्टी कामको जिम्मेवारी लिएर लुम्बिनीको धर्ती टेकेँ । लुम्बिनी मेरो राजनीतिक कर्मथलो संयोगले मेरो वंश शाक्यहरूको वंश थलो पनि हो ।

२०३३ चैतमा नख्खु जेलबाट सुरुङ खनेर हामी १५ जना कमरेडहरू बाहिर आएपछि काठमाडौँ र वीरगञ्जबाट कोअर्डिनेशनको सम्पर्क जाने मेरो प्रयत्न असफल भएपछि भारतको नरकटीयागञ्ज र रक्सोल बसाई छाडेर मेरो पुराना मित्रहरू आफन्तहरू भेट्न आसम मेघालय नागलैण्डतिर पुगेको थिए । ०३४ वैशाख जेठतिर कमरेड जीवराज आश्रित र मोदनाथ प्रश्रित नेकपा (पुष्पलाल समूह) बाट विद्रोह गरी अलग हुन मुक्ति मोर्चा विद्रोही समूह निर्माण गर्ने क्रममा गुहाटी र शिलाङ्ग पुग्नुभएको थियो । उहाँहरू पुग्नअघि शिलाङ्ग, गुहाटी र डिमापुर पुगिसकेको थिए । त्यहाँ पुगी शिलाङका कमरेड दिल साहनी, दिल सुवेदी, धर्मलाल भुसाल, राधा ज्ञवाली, तिल कार्की, दुर्गा, भुवन, असामका मोहन शर्मा, रोहित क्षेत्री, तिलबहादुर मालेमा, नागलैण्डका लालवीन क्षेत्री, जेपी क्षेत्री, कृष्ण भुसाल, अरुणाञ्चलका अमर आदिसँग त्यसबखतका कम्युनिस्ट आन्दोलनमा सरिक त्यसभेगका कमरेड साथीहरूको नामहरू हुन् । उहाँहरू धेरैजसो नेकपा पुष्पलाल समूह निकट हुनुहुन्थ्यो । अखिल नेपाल कम्युनिस्ट क्रान्तिकारी कोअर्डिनेशन कमिटी (माले) छोटकरीमा को.के.को समर्थनमा ल्याउन वार्ता छलफल चलाएका थिए । धेरै साथीहरू सहमत पनि भएका थिए । नेकपा (पीएल समूह) को पूर्वाञ्चल सांस्कृतिक मोर्चा गुहारीमा मिटिङ गरी विघटन

पनि गरिएको थियो । मेरा यी कामहरूले कमरेड मोदनाथ र जीवराजलाई सहयोग पुगेको थियो । किनभने उहाँहरू कोकेसँग वार्ता गरी कोके मुक्तिमोर्चा एकताकै अपिल लिएर आउनुभएको थियो । कमरेड जीवराज आश्रित र मोदनाथ प्रश्रितसँग मेरो पहिलो भेट आसमको राजधानी गुहाटी महानगरको तेल प्रसोधन गर्ने कारखानाका मजदुर साथी मोहन र टिकाराम शर्माको क्वाटरमा भएको हो । त्यस भेटमा हामीहरू विश्व र नेपालको कम्युनिस्ट आन्दोलन, जनवादी क्रान्तिबारे लामै कुरा गऱ्यौं । उहाँहरूले कोकेसँग एकता वार्ता भएको, कमरेड सुवास (सीपी मैनाली) भेटेको, कमरेड सिन्धु (प्रदीप नेपाल) लाई रुपन्देही ल्याएको संयुक्त रुपमा सङ्गठन कार्यहरू सुरु गरिएको जानकारी दिनुभयो । म धेरै खुसी भएँ । उहाँहरू पनि खुसी हुनुभएको थियो । हामी तीनैजनाले नेपालको कम्युनिस्ट आन्दोलन र जनवादी क्रान्ति सफल पार्न मिलेर काम गर्ने वचनवद्धता व्यक्त गयौँ । त्यसबेला खुबै प्रचलित कमरेड माओ त्सेतुङका तीन गर्नहुने र तीन गर्न नहुने कुराको पूर्णपालन गर्ने बचनबद्धता व्यक्त गरेका थियौं- (१) मार्क्सवाद-लेनिनवादको सिर्जनात्मक प्रयोग गर; संशोधनवाद होइन, (२) स्पष्ट र इमान्दार हौं, षड्यन्त्र र छलकपड नगर (३) गुट फुट होइन एकताबद्ध हौँ- एकजुट हौँ । मैले आश्रित र प्रश्रितसँगको भेटमा देशभित्र जान चाहेको आफ्नो पत्र कमरेड सिन्धु र कमरेड सुवाससमक्ष पुऱ्याइदिन आग्रह गरेँ । उहाँले नै मेरो सन्देश पुऱ्याइदिनुभयो । सन्देश पाएपछि कमरेड सिन्धुले सम्पर्कका लागि पत्र लेख्नुभयो र ०३४ साउन महिनामा गोरखपुर रेलवे स्टेसन लिन आउनुभयो । कमरेड सिन्धुसँग म विक्रम थापा (यो टेक नाम पनि त्यसैदिन कमरेड सिन्धुले जुराइदिनुभएको) गोरखपुर नौतवा हुँदै भारत नेपाल सीमा गाउँ डण्डानदी पार गर्दै नेपालको रुपन्देही जिल्लाको गाउँगाउँ खेत आली हुँदै गणसारी, सितापुर भाटा हुँदै छपिया चिलाहा कमरेड गणेशका घर पुगियो । त्यो घर हाम्रो भूमिगत सेल्टर थियो ।

सेल्टरमा पुगेपछि कमरेड सिन्धुले मलाई सुवासको पत्र दिनुभयो । त्यसपत्रमा मलाई कोकेको हेडक्वार्टरको आदेश थियो । कमरेड सिन्धुसँग

मिलेर त्यतै काम गर्ने विशेषतः मुक्तिमोर्चाका कमरेडहरूलाई कोकेमा गोलबन्द गर्न सिन्धुसँग मिलेर काम गर्ने निर्देशन थियो । मैले कोके निर्देशनअनुसार काम गर्ने बचनबद्धता फेरि सिन्धुसमक्ष राखेँ । उहाँले अहिले यही एरियामा मिलेर काम गरौं । केही दिनपछि योजना बनाएर एरिया छुट्याएर काम गरौंला भन्नुभयो ।

सिन्धुले तोकिदिएको छपिया चिलाहा आसपास गाउँहरू आधार मानेर लुम्बिनी अञ्चल रुपन्देही जिल्लामा कोकेको लाइनलाई सिर्जनात्मक ढङ्गले लागू गर्ने काममा लागेँ । त्यसबेला नयाँ जनवादी क्रान्ति, सशस्त्र कृषिक्रान्तिको लागि लाल आधार इलाका तयार पार्ने, गाउँले सहरलाई घेर्ने नीति प्रचार गर्दै एक एरिया, एक युनिट, एक स्क्वाड एक एक्सनको सङ्गठनात्मक नीति अनुसार एकबाट अनेक, अनेकबाट एक छानी एकलाई विकास गर्ने नीतिअनुसार कार्यकर्ता निर्माणका लागि मेहनतपूर्वक लागिन्थ्यो । गाउँमा काम थाल्दा पहिला सङ्गठकले गाउँको वर्ग विश्लेषण गर्नु अनिवार्य नै थियो । सेल्टर बनाउँदा विशेष जोड भूमिहीन, गरीब किसान, उत्पीडित जातीमा विशेष जोड दिने नीति थियो । त्यसपछि निम्न मध्यम, मध्यम किसान वर्गमा धनी किसान र जमिन्दारहरूको बीच सम्पर्क गर्दा धेरै सतर्कता अपनाएर जाँच पड्तालपछि प्रगतिकशीलहरू बीच जाने नीति थियो । त्यसबखत पार्टी नेता कार्यकर्ताले समय मिलाएर स्थिति हेरेर श्रममा भाग लिने नीति थियो । म देशी हरूवाको रुपमा चिनिएर कमरेड अमरको घर छपियामा पाटा पिट्ने, खेतबारीमा हल जोत्ने, हिङ्गा लगाउने काम गर्दथिएँ । घर परिवारहरूलाई सचेत बनाउन राजनीतिक वैचारिक सैद्धान्तिक कुराहरू राख्ने मात्र होइन, खाना पकाउने, घरभित्र सरसफाई गर्ने, भाडा माझ्ने, बच्चा, केटाकेटीहरू हेरिदिने काम पनि गरिन्थ्यो । हाम्रो व्यवहार देखेर बसेको ठाउँमा राम्ररी हाम्रो राजनीतिलाई आत्मसात गर्थे– अमरको परिवार, गणेशको परिवार । कमरेड तुलसा थापा मदेव त्यसबखत जेलमा थिए । मैले काम सुरु गर्दा सेल्टर लिएका यी घरहरू त्यहाँभित्र मसिनो स्वरले टुकी लालटिन बालेर मार्क्सवादी अध्ययन कक्ष, सक्रिय

दलका बैठकहरू बसेको सम्झना आज पनि मलाई आइरहेको छ । सक्रिय दल र अध्ययन कक्षाहरू ३/५ वा ७ जनासम्मको हुने गर्दथ्यो । यस्तो ससानो टिमलाई युनिट पनि भनिन्थ्यो । युनिटहरू जोडेर गाउँ शाखा वा युनिट, गाउँ शाखा युनिटहरू जोडेर एरिया बनाउने चलन थियो । गाउँ र एरियाका चुनिएका सचेत, अनुशासित, स्वास्थ्यले पनि सक्षम साथीहरू लिएर एक स्क्वाड, गोरिल्ला दल तयार पारिन्थ्यो । गोरिल्ला दल ५-७ जनासम्म हुन्थ्यो । एरियाका अनेक युनिटहरू जोडेर एरिया गोरिल्ला कमाण्ड तयार पारिन्थ्यो । त्यसलाई एक एक्सनमा लाने चलन थियो । रुपन्देहीमा पहिलो एक्सनमा वैदौली गाउँका एक जमिन्दारको घर आक्रमण गरेर गरेको अधुरो सम्झना छ । गोरिल्ला युनिट होस् वा गोरिल्ला एरिया कमाण्ड सबैमा कमाण्डर, उपकमाण्डर, एक राजनीतिक कमिसार पनि हुन्थ्यो । वैदौली गाउँको एक्सनमा राजनीतिक कमिसार सिन्धु हुनुहुन्थ्यो ।

०३४ साल भदौमा मुक्तिमोर्चा समूह कोकेमा एकीकृत हुने कार्यक्रम भेला छपिया नजिकै गाउँमा सम्पन्न भयो । यसबारे विस्तृत पछि लेख्नेछु । यो एकतापछि नयाँ उत्साहले संगठन भरियो । कमरेड सिन्धु जिल्लाको दक्षिणतिर र म उत्तरतिरको को-अर्डिनेशन कमिटी विस्तारमा लाग्यौं । भैरहवा र बुटवल शहरतिर पनि सम्पर्क संगठन विस्तार हुँदै गयो । मैले परहवा गाउँलाई केन्द्र बनाएर त्यस वरिपरी संगठन निर्माण सम्पर्क विस्तारमा लागेँ । खाती जमिन्दारहरूको शोषण उत्पीडनमा परेका भूमिहीन गरिब ५ जना किसानहरूलाई संलग्न गराएर एउटा गोरिल्ला दल बनाएको थिएँ । त्यसको राजनीतिक कमिसार म आफै थिएँ । सिमलार, मोतीपुर, बाँसटारी, रमापुर, हंसनापुर जहाँ कमरेड जीवराज आश्रित बुबाको परिवार थियो- गएको अधुरो सम्झना छ । गंजडी बजार थुम्काजस्तो ठाउँमा विश्वकर्मा परिवार नन्दलाल कमरेडको परिवार सम्झना छ । आफ्नो एरियामा काम गर्दा गर्दै मलाई मुटु दुख्ने र हल्लिने रोग लाग्यो । एक दुईपल्ट बेहोस भएँ । म परहवाबाट छपिया फर्के । छपिया अमरको घरमा बेहोस हुँदा सिन्धु पनि हुनुहुन्थ्यो । उहाँले मेरो होस् फर्किएपछि भन्नुभयो- यसरी नबसौं,

उपचारका लागि गोरखपुर जानुहोस्, म प्रबन्ध मिलाउँछु । उपचार प्रबन्धको पनि रोचक संस्मरण छ- हरियोबाँसको खटिया बनाएर मलाई मुर्दा सुतेझैं सुत्न लगाएर सेतो कपडा ढाकेर वैदोली-गणसारी गाउँ नजिक नजिकैबाट रामनाम सत्य है ! भन्दै ५-७ जनाले मलाई मुर्दा बनाएर डण्डानदी पार गराएर भारततिर सिमानामा पुऱ्याएर मलाई कमरेड गणेशले भन्नुभयो- ' उठौं कमरेड ! म उठेँ । आसपास खेतमा काम गरिरहेका किसानहरू अरे हो मुर्दा उठल भाइ, भाग भन्दै भागेको दृश्य म आज पनि सम्झिरहेको छु । कमरेड सिन्धुले गोरखपुरमा पाण्डेजीलाई पत्र लेख्नुभएको थियो । मित्र पाण्डेको सहयोगमा मैले होमियोपेथिक उपचार गरेँ । करिब १५-२० दिनपछि म फर्किएँ । मैले तीन महिना औषधि सेवन गरेँ । मेरो मुटु दुख्ने रोग अन्त्य भयो ।

कमरेड धर्म केसीसँग नवलपरासी को-अर्डिनेशन गर्ने जिम्मेवारी लिएर हिँडे,

०३४ फागुनमा कोकेको निर्देशनअनुसार म र कमरेड शेखर (धर्म केसी) टटेरा माकर हुँदै कीर्तिपुर हलदीयाँ चाँवी पुग्यौँ । म नवलपरासी टेक्दा त्यहाँ पार्टी संस्था थिएन- केही सम्पर्कहरूमात्र थिए । (कमरेड शेखरले भनेअनुसार नेकपा (पुष्पलाल समूह) को संगठन पहिला बुटवल-गैंडाकोट राजमार्ग ब्रिटिस सहयोगबाट बन्दाको समयमा मजदुरहरू सुकुम्बासीबीच राम्रै थियो । मछेडमारा सुकुम्वासीहरूको गाउँमा सुकुम्बासीलाई पञ्चायती सरकारले आगो लगाएर हात्तीले कुल्चेर दमन गरेपछि धेरै कार्यकर्ता गिरफ्तार भए । त्यसअगाडि परासीमा बचत फिर्ता गर्ने २०२९ किसान आन्दोलन दमनमा ठूलो धरपकड भएको थियो । त्यसपछि कम्युनिस्टहरूको सम्पर्कमा आउन जनता डराउँथे । एक किसिमले स्वेतआतङ्क प्रतिक्रियावादी आतङ्क फैलिरहेको अवस्थामा म पुगे । कीर्तिपुर गाउँमा प्रेम घर्ती, गणेश भट्टराई सम्पर्कमा थिए । उहाँहरूबाट त्यहाँको काम प्रारम्भ भयो । त्यसपछि बनकट्टीमा दिलबहादुर तिमिल्सिनासँग सम्पर्क भयो । पीएल समूहकै पालामा काम गरेका हल्दियाँ चाँवीका रामबहादुर

थापासँग पनि सम्पर्क भयो । दुई महिनाबीचमा सम्पर्क भएका कमरेडहरू परिवारसँग बस्ने नाम भेस बदलिएर स्थिति हेरी हलो पनि जोत्ने काम गरे । कमरेड गणेशलाई पढ्न लेख्न सिकाउने कामसँगै राजनीतिक चेतना दिने काम पनि गर्दै गए- कीर्तिपुर मार्क्सवादी अध्ययन कक्षा ३ जनाको अर्को ५ जना बन्यो । त्यसमध्येका छानिएका अनुशासित कमरेडहरूलाई लिएर एक गोरिल्ला दल- ५ सदस्य तयार गऱ्यौं । त्यस्तै वनकट्टी हल्दियाचाँवीमा पनि यसैबीच ४ सदस्य एउटा ५ सदस्य अर्को अध्ययन दल निर्माण भएको थियो । चैत पहिलो हप्ता वनकट्टीका कमरेड रामबहादुरको नेतृत्वमा अर्को गोरिल्ला दल बनाउने उद्देश्यले कमरेड शेखर र म कीर्तिपुरबाट हल्दीयाँचाँवी जाँदै थियौं । राती ८ बजेतिर वनकट्टीतिर शावसं (शाही वन संरक्षक) र प्रहरीहरूको एक हुलले हामीलाई रोक भन्दै रोके । हामीसँग पछाडि भिरेको भ्याजुते झोलाभित्र वर्गसङ्घर्ष, मुक्तिमोर्चा आदि दस्तावेज थिए । उनीहरूले सोध्यो- 'कहाँ जान लागेको ?' जवाफमा मैले भनें हल्दीयाचाँवी यत्तिकै एउटा शावसले भन्यो- यिनीहरू गाँजा चरेश व्यापारी हुन् । अर्कोले झोला खानतलास गऱ्यो । झोलाभित्रको वर्गसङ्घर्ष पुस्तकलाई लाइटले हेर्दै 'सर यिनीहरू त कम्युनिस्ट रहेछन् ।' पाता कस भनेर एक जनाले अडर गऱ्यो । मलाई दुई तीन जनाले समात्यो । बीचमै मैले गोप्य चिठीहरू चपाउँदै थिएँ । उनीहरूले आधा खोसे । त्यसैबेला कसोकसो गर्दा उनीहरूको खुकुरी मेरो हात लाग्यो । मैले खुकुरी नचाएँ । शेखरले पनि उनीहरूमाथि झम्टे । ५-७ मिनेट भीडन्त नै भयो । आमा आमा काट्यो काट्यो । माऱ्यो माऱ्यो आवाज आयो । अँध्यारोमा मैले अनुमान गरे उनीहरू ७-८ जना थिए । उनीहरूबाट खोसेको खुकुरी नचाउँदै म उम्किएर भागे । कमरेड शेखर स्थिति ज्ञात भएन । त्यसबखत अँध्यारो थियो । कमरेड शेखरलाई बाटो ज्ञान थियो । म नयाँ मलाई राम्रो ज्ञान थिएन । भागेर धोलोहरूमा लड्दै राजमार्ग क्रस गरेर उत्तरतिरको जङ्गलमा लागें ।

दुई तीन किलोमिटर जङ्गल हिँडेपछि एउटा गोठ फेला पारेँ । त्यहाँ मैले पानी पिउन मागेँ । लालटिन बोकेरपानीको अम्खरा दिँदै

पानी दिने मान्छेले भने- 'अहो, के भयो ? रगतको छिट्टा पुस्दै भने- भैंसी हरायो दाइ, खोज्दै हिँडेको, घोलमा लडेछु। केही चोट लागेको छ। पानी दिनुभयो, धन्यवाद भन्दै हिँडिहालेँ। बल्लबल्ल सोमनाथ खोल फेला पारेँ। खोलैखोला हिँडेपछि कीर्तिपुर गाउँ पुगिन्छ भन्ने अनुमान मनमा राखेर हिडिरहेँ। करिब ११ बजेतिर राजमार्ग पुलमा पुगेँ। त्यसपछि मैले कीर्तिपुर गाउँ ठम्याएँ। कमरेड प्रेमको घर पुगेँ, त्यहाँ पुगेपछि थाहा भयो कमरेड शेखर उम्किएर त्यहीँ आउनुभएछ। म नआएपछि मलाई गिरफ्तार गरेको शंखा गरिएछ। गाउँमा रहेको हाम्रो गोरिल्ला दलका साथीहरू मलाई छुटाउन शावस चौकीतिर हिँड्नुभएछ। बीचै बाटोमा शावस प्रहरीहरू कुरा गर्दै आएको वनतिर तर्केर कान थापेर सुन्नुभएछ- 'सालेले मेरो खुकुरी लगिदियो। कान पनि काटिदियो साबः टेरिङ्ग गरेको मान्छे जस्तो ज्यामनास्ट गरेर जुडो हान्यो सर 'अर्कोले भन्यो- यो थोत्रो राइफल पनि ताकेर हानेको सर पड्किएन, फायर नै खुलेन, दुवै भागे आदि कुरा सुनेपछि चौकी आक्रमण गर्ने र मलाई छुटाउने योजना क्यान्सिल गरेर गाउँ फर्केर बसेका रहेछन्। म पुगेपछि सबै साथीहरू खुसी भए। मैले भएको घटनाहरू सुनाएँ- त्यहाँ नबसी स्थानीय गोरिल्ला दललाई सतर्क हुन निर्देशन दिएर कमरेड शेखर साथमा लिएर राती १२ बजे जङ्गलको बाटो रुपन्देही रोहनी नदी किनारको गाउँ टेटेरामा बिहान ४ बजेतिर पुग्यौं। त्यहाँ कमरेड ठाकुरको घरमा सेल्टर लियौं। यो घटनाबारे त्यसबेलाको मुक्तमोर्चा राजनीतिक मुखपत्रमा छापिएको थियो। झापाली गोरिल्लाहरू र शावस प्रहरीहरूबीचको भीडन्तको खबर हावाझैँ फैलियो- यो घटनापछि हाम्रो भूमिगत सङ्गठन विस्तार गर्न अझ उत्साह थप्यो।

करिब १५ महिनाभित्र नवलपरासी जिल्लामा अखिल नेपाल कम्युनिस्ट क्रान्तिकारी को-अर्डिनेशन कमिटी (मार्क्सवादी-लेनिनवादी) सङ्गठन करिब ३० भन्दा बढी गाउँ पञ्चायतहरूमा विस्तार भएको थियो- ६४ जना अर्ध पेशेवर कार्यकर्ता तयार भएको थियो। म सचिव, उपसचिव

शेखर, सदस्य गणेश भट्टराई, रामबहादुर तिमिल्सिना रहेको नवलपरासी कोअर्डिनेशन कमिटी ०३५ साउनमा निर्माण गरिएको थियो। ०३५ असोजमा नेकपा (चौथो महाधिवेशन) नवलपरासी जिल्ला संगठन कमिटीको बहुमत सदस्यहरूसहित त्यसका सचिव कमरेड विष्णु लामिछाने नवलपरासी को अर्डिनेशन सामेल भएपछि कमरेड विष्णु लामिछाने पनि पूर्णकालीन हुनुभयो- उहाँलाई थपेर पाँचजना कमरेडहरूको जिल्ला नेतृत्व थियो। करिब १५ महिनाभित्र करिब १८० वटा गाउँस्तर प्रशिक्षण, १२ वटा एरियास्तर प्रशिक्षण, दुईवटा जिल्लास्तर प्रशिक्षण कक्षाहरू सञ्चालन गरिएको थियो। धेरै प्रशिक्षणहरूमा म स्वयम् पुगेको थिएँ। यी सबै प्रशिक्षणमध्ये द्वारदा-ढोडेनीमा ६४ जना अर्धपेशेवर कार्यकर्तालाई राजनीतिक साङ्गठानिक प्रशिक्षण १५ जनाको जिल्ला गोरिल्ला दललाई सैनिक-राजनीतिक तालिम भेला तीन दिन चल्यो। यो प्रशिक्षण र तालिम पछि नवलपरासी जिल्लाको राजनीतिक साङ्गठानिक कामले छलाङ नै मारेको थियो। कमरेड दिलबहादुर कमाण्डर रहेको १५ सदस्य गोरिल्ला कमाण्ड तयार पारेर तालिम गरियो। यो कमाण्डमा म नै राजनीतिक कमिसार थिएँ। ६४ जना कार्यकर्ता ५ जना जिल्ला नेतृत्व, १८ जना स्वयम् सेवकहरू जम्मा ८७ जनाको यस प्रशिक्षण तालिम भेला १५ सदस्य गोरिल्ला दलले बन्दुक, ग्रिनेट, भाला, खुकुरी, लाठी, कट्टा पेस्तोलसहित सुरक्षा प्रदान गरेको थियो।

०३४ फागुनदेखि ०३६ जेठसम्म करिब १५ महिनामा जमिन्दारहरूको बाली कब्जा सङ्घर्ष, जाली फटाहाविरोधी सङ्घर्ष, मजदुर, कृषि मजदुर सङ्घर्ष, सुकुम्वासी आन्दोलन- सङ्घर्षहरूमा सङ्घर्ष समिति न्यायप्रेमी जनता आदिको नामबाट हजारौं हजार पर्चा छापेर प्रचार गर्ने काम भएका थिए- त्यसबखत भएका सङ्घर्षहरूमध्ये सुनवलको बाली कब्जा सङ्घर्ष, सर्दीको गाजा कब्जा सङ्घर्ष, गोछडाको फटाहा शोषकविरुद्ध सङ्घर्ष, आरुङ्ग खोला जिल्लाव्यापी सुकुम्वासी आन्दोलन, वनकट्टी भिडन्त धेरै चर्चित रहेको थियो।

**पश्चिम-दक्षिण क्षेत्रीय पार्टी कमिटी गठन-पुनः गठन**

०३४ साल मुक्तिमोर्चा र कोकेबीच एकतापछि असोज-कात्तिकतिर लुम्बिनी अञ्चलको ६ वटा जिल्ला समेटेर अखिल नेपाल कम्युनिस्ट (क्रान्तिकारी) कोअर्डिनेशन कमिटी (माले) गठन कोकेले गऱ्यो- त्यस कमिटीका सचिव कमरेड प्रदीप नेपाल, सदस्य जीवराज आश्रित र गोपाल शाक्य रहेको एक दुई महिनापछि कमरेड मोदनाथ प्रश्रित थपिनुभयो । यसरी ४ सदस्य कमिटी बन्यो- हाम्रो कार्यविभाग सचिव प्रदीप-रुपन्देही-कपिलवस्तु, जीवराज आश्रित पाल्पा-गुल्मी, मोदनाथ प्रश्रित अर्घाखाँची, गोपाल शाक्य नवलपरासी थियो । ०३४ मा कोकेको धनुषा सम्मेलनपछि कमरेड जीवराज आश्रित कोकेको सदस्य एवं बीबीएम हुनुभयो, सम्मेलनलगत्तै पश्चिम-दक्षिणक्षेत्रीय कोअर्डिनेशन कमिटी (माले) मा बैठक बसी सचिव परिवर्तन भयो । कमिटी नयाँ सचिव कमरेड जीवराज आश्रित, उपसचिव प्रदीप नेपाल, सदस्यहरू मोदनाथ प्रश्रित र गोपाल शाक्य हुनुभयो ।

०३५ पुसमा नेकपा (माले) को प्रथम राष्ट्रिय सम्मेलनपछि पश्चिम-दक्षिण कोअर्डिनेशन कमिटीलाई नेपाल कम्युनिस्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) पश्चिम-दक्षिण क्षेत्रीय कमिटीमा रुपान्तरण गरियो । रुपान्तरित कमिटीमा सचिव जीवराज आश्रित, उपसचिव प्रदीप नेपाल, सदस्यहरूमा मोदनाथ प्रश्रित, गोपाल शाक्य र भीमनारायण थारु चौधरी रहनुभएको थियो । हाम्रो नयाँ कार्यविभाजन सचिव जीवराज आश्रित पाल्पा- गुल्मी, उपसचिव कमरेड प्रदीप नेपाल, रुपन्देही, सदस्य मोदनाथ प्रश्रित अर्घाखाँची, गोपाल शाक्य नवलपरासी, भीमनारायण कपिलवस्तु रहेको थियो ।

पूर्व इलाम जिल्लामा कमरेड रत्नकुमार बान्तवा सहिद हुनुभयो । त्यसपछि पार्टीकेन्द्रले कमरेड प्रदीप नेपाललाई मेचीको जिम्मेवारी दिएर पूर्व खटायो । उहाँ पश्चिम-दक्षिण पार्टी कमिटीबाट बिदा हुनुभयो । पार्टी केन्द्रीय कमिटीको निर्णयअनुसार कमरेड जीवराज आश्रित पनि पश्चिम

दक्षिण क्षेत्रबाट बिदा हुनुभयो । नयाँ पुनःगठित नेकपा (माले) पश्चिम-दक्षिण क्षेत्रीय कमिटीका सचिव कमरेड मोदनाथ प्रश्रित, उपसचिव गोपाल शाक्य, सदस्यहरू कमरेड सिद्धिनाथ ज्ञवाली, राघवेश ज्ञवाली, धर्म केसीको प्रस्ताव पठाएको छोटो समयमा अनुमोदन नभएसम्म होला । कमिटी सचिव, उपसचिव र भीमनारायण मात्र थियो । यसैबीच ०३७ मंसिरमा पार्टीको राजनीतिक मुखपत्र मुक्तिमोर्चा र अन्य प्रचार सामग्री छपाई गरी नौतनवा नजिकैबाट नेपाल-भारत सीमा क्रस गरेर नेपाली गाउँतिर आएपछि कमरेड मोदनाथ प्रश्रित गिरफ्तार हुनुभयो । भैरहवा कस्टडीमा राखेर उहाँलाई अनेक कष्टपूर्ण यातना दिइयो । प्रतिक्रियावादीहरूको अगाडि कमरेड मोदनाथ प्रश्रित झुक्नुभएन । भैरहवा जेल चलान गरियो । त्यसबखत उहाँसँग गिरफ्तार एक कार्यकर्ता प्रहरीको सिआइडी बन्यो- त्यसले प्रमुख आफूले थाहा पाएको सबै सेल्टरहरूमा प्रहरी लिएर पुग्न सुरु गयो । रुपन्देही जिल्लामा ठूलो प्रतिक्रियावादी दमन अभियान चल्यो । यसैबीच ०३७ पुस माघतिर कमरेड जीवराज आश्रित पार्टी केन्द्रबाट आएर नेकपा (माले) पश्चिम दक्षिण क्षेत्रीय कमिटी पुनःगठन गर्नुभयो । पुनःगठित कमिटीमा सचिव कमरेड गोपाल शाक्य, सदस्यहरू कमरेड भीमनारायण, सिद्धिनाथ ज्ञवाली, राजवंश ज्ञवाली, धर्म केसी रहनुभएको थियो । त्यस कमिटीका कार्यविभाजन सचिव गोपाल शाक्य पाल्पा र सबै जनसङ्गठनहरू । सिद्धिनाथ- गुल्मी, राघवेश ज्ञवाली- अर्घाखाँची, भीमनारायण रुपन्देही, धर्म केसी नवलपरासी । कपिलवस्तु कमरेड भीमनारायण र सचिवले संयुक्त हेर्ने थियो ।

मैले पश्चिम-दक्षिण क्षेत्रीय कमिटीको पार्टी जिम्मेवारी लिएको समय परिस्थितिको मूल्याङ्कन गर्दा हाम्रो पार्टीभित्र पुरानो सशस्त्र गोरिल्ला सङ्घर्ष गर्ने कार्यनीति छाडेर शान्तिपूर्ण जनसङ्घर्ष जनआन्दोलन कार्यनीति लिँदै सङ्गठन सङ्घर्ष नयाँ राजनीतिक मान्यताहरू क्रमिक विकास गर्दै थियो । एक प्रकारले पुरानो मान्यता भत्कदै थिए र नयाँ निर्माणक्रम सुरु भएको सङ्क्रमणकाल नै थियो ।

०३६ जनआन्दोलन, ०३७ जेष्ठ सम्पन्न जनमत सङ्ग्रहले नेपाली जनतामा निरंकुश निर्दलीय पञ्चायती व्यवस्था कमजोर हुँदै थियो। वन मासेर ठूलो धाँधली गरेर सुधारिएको पञ्चायती व्यवस्थाले २४ लाख मत आएको र बहुदलीय शासन व्यवस्था चाहनेहरूको २० लाख मत आएकोले ४ लाखको अन्तरलाई जनताले ठूलो अन्तर मानेको थिएनन् । हाम्रो पार्टीभित्र पनि आफ्नो कमजोरी गल्तीको मूल्याङ्कन सुरु भइसकेको थियो । बहुदलवादी शक्ति मिलेर जानुपर्ने कुरा जहाँ त्यही व्यापक रुपले उठ्न सुरु गरेको थियो । ०३६ सालबाट सुरु भएको शिक्षक आन्दोलनले ०३७ मा सङ्गठन विस्तार तीव्र रुपले गरिरहेको थियो । विद्यार्थी आन्दोलनको सङ्गठन विस्तारको बेग पनि तीव्र नै थियो। पार्टीको पश्चिम–दक्षिण क्षेत्रले त्यसबखत यो दुई क्षेत्रको कामलाई ठूलो महत्व दिएको थियो। नेकपा (माले) को पार्टी निर्माण विस्तारमा यो दुई आन्दोलन दुई सङ्गठनका योगदानलाई भुलेमा ठूलो अन्याय हुन्छ। पार्टीमा काम गर्दै शिक्षक आन्दोलनमा सक्रिय गुल्मीका युवराज ज्ञवाली (भोकुडुवा देउले अचले माविका प्रधानाध्यापक) टीकाराम (कोप्याङ्ग गुल्मी), कुलप्रसाद नेपाल, घनेन्द्र, झपेन्द्र जिसी, बस्याल (पाल्पा), जयबहादुर क्षेत्री, धर्म भुसाल (अर्घाखाँची), नविन अधिकारी र कृष्ण घिमिरे, दया सापकोटा, देवराज (नवलपरासी) धेरै नाम भुले रुपन्देहीमा गोपी गुरु, छविलाल आदि विद्यार्थी नेता घनश्याम, रामचन्द्र आचार्य, कृष्ण न्यौपाने, दुर्गा, धनराज ज्ञवाली, देवकोटा आदि र प्यारामेडिस कर्मचारी, कृषिका जेटी, जेटिए, बैङ्क कर्मचारी, सरकारी कर्मचारीहरूले त्यसबेला लुम्बिनी अञ्चलको पार्टी निर्माण विस्तारमा महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए । प्यारामेडिस कमरेड हिरा बस्याल, नरेश्वर ज्ञवाली, मणिजी आदि म आज पनि सम्झन्छु उहाँहरूले पेशेवर कार्यकर्ताले भन्दा धेरै सेवा पुऱ्याउनुभयो । त्यसबखत सक्रिय शिक्षक विद्यार्थी, कर्मचारीहरूको ठूलै संख्या राजनीतिमा सक्रिय रहिरहे। अहिले पनि पार्टी नेतृत्वमा ठूलै संख्यामा रहेको म देख्दैछु।

०३६ देखि ०३७ सुरुसम्म क्रान्तिकारी बुद्धिजीवी संगठन, क्रान्तिकारी महिला संगठन, क्रान्तिकारी किसान संगठन, क्रान्तिकारी युथ

लिग आदि संगठन बनाउने प्रचलन थियो । ०३७ सालदेखि अखिल नेपाल किसान सङ्घ, अखिल नेपाल महिला सङ्घ पुनः निर्माण आरम्भ भयो । सुरुमा केन्द्रीय नेतृत्वमा पश्चिम-दक्षिणबाट सहभागिता रह्यो । किसान सङ्घ तदर्थ केन्द्रीय समितिको अध्यक्ष माधव पन्थ (गुल्मी दिगाम, पछि रुपन्देही) । शान्ता मानवी र राधा ज्ञवालीले अनेमसङ्घ निर्माण गर्न सुरुमा महत्वपूर्ण नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएको मलाई सम्झना छ । उहाँ दुवै त्यसबेला पेशेवर पूर्णकालीन महिला कार्यकर्ता हुनुहुन्थ्यो । कमरेड तुलसा थापा (गौतम) पनि त्यसबेला एकपल्ट पूर्णकालीन हुनुभयो । कमरेड सीता खड्काले केही समय नवलपरासीमा पूर्वबाट आएर काम गर्नुभयो । उहाँ पेशेवर पूर्णकालीक साथै नेकपा (माले) स्थापना गर्ने संस्थापक २२ जनामध्येकै हुनुहुन्थ्यो । उहाँलाई गोछडा नजिकै गाउँमा (नवलपरासी जिल्ला) प्रहरी-सेनाले सेल्टर एक्स्पोज भएर घेरा हालेको र म स्वयम् गएर उहाँलाई पुरुषको भेषधारण गर्न लगाएर जङ्गलको बाटो हामी ५ जना गोरिल्लाहरूले संरक्षण दिएर छुटाएको घटना अधुरो सम्झना छ ।

त्यसबखतका पश्चिम दक्षिण क्षेत्रका किसान नेताहरू सिद्धिनाथ ज्ञवाली, माधव पन्थ, धनेश्वर पौडेल, कमल श्रेष्ठ (गुल्मी), जयप्रकाश किसान, गुणनिधि भुसाल, नन्दलाल विश्वकर्मा (अर्घाखाँची), घनश्याम (गर्धा), यमनाथ (दर्सा), मीनप्रसाद गैरे (खस्यौली), एकप्रसाद भण्डारी (मदन-पोखरा)- पाल्पा । कपिलवस्तु- नित्यानन्द ज्ञवाली, रुपन्देही भीमनारायण थारु, फागुन चौधरी थारु, ठाकुरजी, नाथु कुमाल, झिल्लुप्रसाद, अमर डिसी । नवलपरासी- ईश्वरी पाण्डे, चन्द्रमणि खरेल, मझीलाल थनेत, छत्र चौधरी, रामबहादुर थापा, गङ्गाबहादुर रानाभाट, माधव, कृष्ण ठकुरी हमाल, इन्द्र सुवेदी, चिलाहा नवलपुरका पङ्गेनी साथीहरू, खेम भट्टराई, लेखनाथ निर्मल सुवेदी... आदि ।

मजदुर साथीहरू क्षमा गर्नुहोला, त्यसबखत लुम्बिनी अञ्चलमा मजदुर मध्य यातायात मजदुरहरूको भलाई कोष स्थापनाका लागि भएको सङ्घर्ष, कपिलवस्तुको कृष्णनगरमा बिडी मजदुर सङ्घर्ष पाल्पामा ढाका

लुगा तान बुन्ने महिला मजदुरहरूको सङ्घर्ष, सडक मजदुरहरूको ज्याला वृद्धि सङ्घर्ष, मात्र यति सम्भन्छु । अरु पछि लेख्नेछु ।

**पाल्पा-पश्चिम-दक्षिण क्षेत्रको केन्द्र**

म पश्चिम दक्षिण क्षेत्र (लुम्बिनी) को पार्टी सचिव भएपछि पार्टी क्षेत्रीय हेडक्वार्टर सार्ने निर्णय गऱ्यौं । पार्टी हेडक्वार्टरको सबै सामग्रीहरू पाल्पा मदनपोखरा र चिदीपानीमा राखिएको थियो । हेडक्वार्टरको सम्पर्क तानसेन कायम गरिएको थियो ।

०३७ साल अन्त्यतिर नेकपा (माले) पाल्पा जिल्ला सङ्गठन कमिटी निर्माण गरियो । म सचिव, सदस्यमा कमरेड विष्णु पौडेल (रुपन्देहीबाट सरुवा गरी) कमरेड नरेश्वर ज्ञवाली (नवलपरासीबाट सरुवा गरी) त्यसबखत लक्ष्मण घिमिरे पनि पूर्णकालिन नै हुनुहुन्थ्यो । उहाँ जिल्ला सङ्गठन कमिटी रहनुभयो/भएन, राम्रो सम्भना आइरहेको छैन । पछि बिदा लिएर भेटनरी डाक्टर बन्न गएको याद छ ।

पाल्पा- गुल्मी संयुक्त रुपमा ०३४-०३७ अन्त्यसम्म रह्यो । कमरेड जीवराज आश्रित नेतृत्वमा कमरेड देवेन्द्र घिमिरे, सिद्धिनाथ ज्ञवाली, प्रदीप ज्ञवाली रहेको कमिटी कोअर्डिनेशन काल ०३४-०३५ पनि थियो । नेकपा (माले) बनेपछि पनि नेकपा (माले) पाल्पा- गुल्मी, संयुक्त सङ्गठन कमिटी ०३५ / ३६ मा बनेको थियो ।

०३७ अन्त्य र ०३८ सुरुमा यसबीच दुईतीन महिना अलगअलग जिल्ला पार्टी निर्माण हुनेक्रममा जिल्ला पार्टी सक्रिय दल बनेको थियो कि भन्ने भस्को छ- गुल्मी र पाल्पा दुवै ठाउँमा । यसको खोजविन गरियोस् । मलाई पूरा सम्भना आएन ।

जनसङ्गठनहरू विस्तार हुँदै गएको पार्टी कामको दायरा बढ्दै गएको अवस्थामा पार्टी जिल्ला सङ्गठनकमिटीमा पूर्णकालीन मात्र राख्ने मापदण्ड मलाई उचित लागिरहेको थिएन । मैले पार्टी केन्द्रमा अर्ध-पेशेवरहरूलाई पनि घर वा पेशा रहेर दिनको ५/६ घण्टा समय

दिने, पार्टी एरिया कमिटी परिचालन गर्न सक्ने, पार्टी कार्यक्रम, सिद्धान्त बुझेको र बुझाउन सक्ने अगुवा पार्टी कार्यकर्तालाई पार्टी जिल्ला सङ्गठन कमिटीमा राख्नुपर्ने माग गरे तर पार्टीले अनुमति दिएन त्यसबखत। त्यसकारण पूर्णकालीन तीन चारजना मात्र राखेर पाल्पा जिल्ला सङ्गठन कमिटी बनेको थियो।

०३७ अन्त्यदेखि ०३९ साउनसम्म मैले पार्टी पाल्पा जिल्ला सङ्गठनको नेतृत्व गर्दा कमरेड विष्णु र नरेश्वरले धेरै खटेर काम गर्नुभएको थियो। पूर्व भेग नरेश्वर र पश्चिम मध्यभेगमा विष्णु कमरेडले तुफानी बेगमा पार्टी सङ्गठननिर्माण विस्तार गर्नुभएको थियो। ४ एरिया कमिटी, २०–२५ वटा गाउँ पार्टी कमिटी / सक्रिय दल बनेका थिए। जनसङ्गठनहरूले पनि राम्रो विस्तार गरेको थियो। त्यसबेला सक्रिय कमरेडहरू केही त भूले, केहीलाई सम्झिरहेको छु। कूलप्रसाद नेपाल, मीनप्रसाद गैरे, लक्ष्मण घिमिरे, धनेन्द्र घिमिरे, एकराज भण्डारी, झपेन्द्र डिसी, चिदीपानी महिला... कमरेड अशोक शाही, शैलेन्द्र र सुमन (तानसेन), दर्शाका यमनाथ गल्धाको घनश्याम रामपुर भोजराज श्रेष्ठ– दलबहादुर राणामगर, बस्याल ... देवकोटा आदि। म कुसुम खोलादेखि गल्धासम्म पार्टी प्रशिक्षण कार्यक्रमहरू पुगेको छु। ५० भन्दा बढी प्रशिक्षण कार्यक्रम भाग लिएको अझै सम्झना छ। मेरो मूल्याङ्कनमा त्यसबखत पाल्पामा पार्टी सम्पर्क विस्तार सङ्गठन विस्तारमा महत्वपूर्ण कार्य भएको, निरंकुश निर्दलीय पञ्चायती व्यवस्थाविरुद्ध जनचेतना विस्तार, मार्क्सवादी–लेनिनवादी सैद्धान्तिक चेतना उठाउन, कार्यकर्ताहरूलाई कम्युनिस्ट बनाएर उभ्याउन एकहदसम्म काम भयो। पाल्पामा कम्युनिस्ट क्रान्तिकारीको ०१५ सालपछिको पुनःजागरण सुरु गरियो भन्दा पनि हुन्छ।

**गुल्मी यात्रा**

पश्चिम दक्षिण क्षेत्रको सचिवको हैसियत मेरो कार्यकालमा मैले दुईपटक गुल्मी पार्टी अनुगमन यात्रा गरे। पहिले यात्रा ०३७ अन्त्य वा ०३८ जेष्ठतिर थियो। कमरेड सिद्धिनाथ र म गुल्मी जिल्ला सङ्गठन

कमिटी बनाउने उद्देश्यले कमरेड युवराज ज्ञवालीको घर- भडकुवा पुग्यौं । कमरेड युवराज ज्ञवाली त्यसबखत देउले अर्चले पश्चिम पाल्पाको माविमा प्रधानअध्यापक हुनुहुन्थ्यो । उहाँलाई पार्टीको तर्फबाट पेशेवर पूर्णकालीन हुने प्रस्ताव लिएर गएका थियौं । उहाँले स्वीकार गर्नुभयो । त्यसपछि कमरेड सिद्धिनाथ ज्ञवाली सचिव रहेको नेकपा (माले) गुल्मी जिल्ला सङ्गठन कमिटी निर्माण गरियो । त्यस कमिटीका सदस्यहरू कमरेड युवराज ज्ञवाली, प्रदीप ज्ञवाली र कोसल पोखरेल हुनुहुन्थ्यो । गुल्मीमा अर्को एक पेशेवर कार्यकर्ता कमरेड धनेश्वर पौडेललाई त्यसबेला सामेल गर्न सकिएन । पछि सामेल गर्ने सोंच बनेको थियो ।

मेरो दोस्रो गुल्मी यात्रा, उद्देश्य पार्टी अनुगमन र प्रशिक्षण कार्यक्रमहरूमा भाग लिनु थियो । कमरेड सिद्धिनाथ र म ०३८ भदौ- असोजतिर रिडीबाट थोरगा हुँदै कमरेड कमल श्रेष्ठको घर पुग्यौं । कमरेड कमल त्यसबेला सक्रिय इमान्दार अनुशासित कार्यकर्ता हुनुहुन्थ्यो । उहाँकै घरमा तीन चारजनाबीच प्रशिक्षण कार्यक्रम चल्यायौं । त्यसपछि कमरेड एकदेव ज्ञवालीसँग भेट गर्न उहाँकै घर गयौं । उहाँ त्यसबेला पुष्पलाल समूहको केन्द्रीय नेतृत्वमा हुनुहुन्थ्यो । त्यहीं मधु गुरु (ज्ञवाली) सँग पनि भेट भयो । उहाँसँगको कुराकानीमा हामीले वामपन्थी शक्तिहरूबीच एकता हुनुपर्नेमा जोड गरेका थियौं । त्यसपछि हामी प्रयागलाल श्रेष्ठका घर गयौं । एकरात बसेर लामो छलफल गयौं । २००५-००६ सालतिर प्रयागलाल श्रेष्ठ कलकत्ता- बनारस पढ्न बस्दा गुल्मीमा त्यसबेला मार्क्सवाद, कम्युनिस्ट पार्टीको कुरा ल्याउने मान्छे हुन् । कमरेड सिद्धिनाथले मलाई भन्नुभयो- ‘ प्रयागलाल श्रेष्ठ गुल्मीको पहिलो कम्युनिस्ट वीऊ हुन् ।’

त्यसपछि हामी बलेटक्सार हुँदै ज्ञवा सिद्धिनाथ कमरेडको घर पुग्यौं । बले टेक्सारका कुलप्रसाद, जनक श्रेष्ठ, राजवेशसँग भेटी कुराकानी गरेर त्यही सिद्धिनाथको घरमा बास बसियो । कमरेड माया (श्रीमती जीवराज आश्रित) र छोरीसँग त्यहीँ भेटघाट दोस्रोपल्ट भयो । कमरेड सिद्धिनाथका छोरा उहाँले पनि पार्टी काम गर्नुहुन्थ्यो । इतिहासको अध्ययनको रुचि लिने

गलामा रेडियो झुन्ड्याएर बीबीसी सुन्दै भैंसी दुएको सम्झन्छु ।

झवाबाट हामी श्रृगा तेजप्रसाद कँडेलको घर गयौं । त्यहाँ एउटा इलाकास्तरको पार्टी प्रशिक्षण कार्यक्रम एक दिन चल्यो । त्यसपछि हामी दिमागमा अर्को इलाकास्तरको पार्टी प्रशिक्षण गयौं । साहेद कोसल पोखेलको घर हो । त्यहाँ पनि हामीले दुई दिन बसेर पार्टी प्रशिक्षण सञ्चालन गऱ्यौ । अर्को इलाकास्तर प्रशिक्षण छापचौरपार गुल्मी थियो- त्यहाँ नाम भुलेँ, अलि कुप्रो ठकुरी कमरेड हुनुहुन्थ्यो । उहाँकै घरमा पार्टी प्रशिक्षण दिनभरि चलायौं । त्यसपछि हामी कमरेड टीकारामको घर कोरेङ्ग गयौं । रामनाथ ढकालसँग मेरो पहिलो भेट उहाँकै गाउँमा भयो । कोरङ्गमा हामीले गाउँस्तरको प्रशिक्षण चलायौं । कोरेङ्गबाट फेरि शान्तिपुर हुँदै आमचौर गयौं । त्यहाँ पनि कुनै खराल कमरेडको घरमा इलाकास्तरको पार्टी प्रशिक्षण चलायौं । त्यसबखत आमचौरमा दुई दिन पार्टी प्रतिष्ठान चलाएर मजवा, टाटिम हुँदै फर्कियौं ।

पश्चिम गुल्मीमा कार्यक्रम हुन सकेन, सम्पर्क पनि साह्रै पातलो थियो । गुल्मी सदरमुकाम पुगी विद्यार्थी व्यापारी केही साथीहरू भेटघाट गऱ्यौं । गुल्मी सदरमुकाममा ०२९ साल कात्तिकतिर भएको बचत फिर्ता किसान आन्दोलन संस्मरण सिद्धिनाथ झवालीबाट सुन्दै हामी अर्घाखाँचीतिर लाग्यौं ।

## अर्घाखाँची यात्रा

कमरेड सिद्धिनाथ झवाली र म सूर्यथुम पुग्यौं । त्यहाँ धर्मलाल भुसाल र गङ्गा (भुसालजीको श्रीमती) सँग भेट भयो । उहाँहरूसँग मेरो चिनजान नागलैण्ड, डिमापुर नै भएको थियो । सूर्यथुम खन आसपासका युवा साथीहरू जम्मा गरेर धर्मलाल कमरेडकै घरमा प्रशिक्षण चलायौं । एउटा सक्रिय दल- ५ सदस्य निर्माण गयौँ । खनदेखि तल गाउँ नाम सम्झना छैन । शिक्षक जयबहादुर क्षेत्रीको घर गएर बस्यौं । त्यहाँ पनि प्रशिक्षण चल्यो । त्यसपछि सन्धिखर्क सदरमुकाम गएर गुणनिधि भुसालसँग

भेटघाट गरियो । खन फर्केर एकदिनभरि बसेर उहाँसँग पुराना हर्रेबर्रे सङ्घर्षबारे जानकारी लिएका थियौं ।

०३९ वैशाख जेष्ठतिर पुनः मैले अर्घाखाँचीको पार्टी अनुगमनयात्रा गरे । यस यात्रामा कमरेड राघवेश झवाली र सिद्धिनाथ हुनुहुन्थ्यो । खिदिम गाउँस्तरको पार्टी प्रशिक्षण पोखराथोक छविलाल गोविन्दजीको घरमा भयो । त्यसपछि हामीहरू हर्राबोट कमरेड प्रश्रित घर गयो । कमरेड प्रश्रित वा भाइ जयप्रकाश किसानले त्यहाँ बस्ने व्यवस्थापन गर्नुभएको थियो । राती बाटोमा जाँदाजाँदै एउटा उल्लू फेला पर्‍यो, त्यसलाई पक्रेर लग्यौ सुत्ने ठाउँमा बाँधेर राखेका थियौं । रातभरि उललुले घेरेर डरलाग्दो कोपरौंला भैं गर्‍यो, रातभरि कराएर सुत्नै दिएन । त्यो उल्लु म आज पनि सम्झन्छु तर जयप्रकाश किसानको घरमा जम्मा भएका सबै साथीहरूको चेहरा स्मृतिमा छैन । यस्तो किन हुन्छ ? हर्राबोटमा एउटा किसान भेला सम्पन्न भयो । अखिल नेपाल किसान सङ्घ जिल्ला तदर्थ समिति बनेको हुनुपर्दछ, राम्रो सम्झना छैन ।

हर्राबोटबाट हामीहरू ठूला खर्क चिदिका विश्वमणी झवालीको घर गयौं । त्यसबखत पाल्पा पढ्नुहुन्थ्यो । उहाँ र झविन्द्रजीले लिएको टक्सारको डेरा मेरो सेल्टर थियो । ठूला खर्कमा पार्टी समर्थकहरूको भेलामा प्रशिक्षण चलाएर बलकोट, पाली, मथुरा बेसी वाग्ला आदि ठाउँमा साथीहरूसँग भेट्दै पार्टी धारणा राख्दै सदरमुकाम सन्धिखर्क पुग्यौं । सन्धीखर्कमा जिल्लास्तरको एउटा पार्टी प्रशिक्षण रातभरि चलायौँ । सन्धिखर्कपछि अर्घातोस र क्षेत्रगञ्ज गएर साथीहरू भेटघाट गरेको सम्झना छ । क्षेत्रगञ्जमा कमरेड लक्ष्मण रायमाझी घरमा पसेका थियौं । त्यहाँ जिल्लामा काम गर्ने पूर्णकालीन एकजना मात्र गुल्मीबाट गएको राघवेश कमरेड थिए । अर्घाखाँची घर भएका कमरेड प्रश्रित, बेदुराम भुसाल जेलमा थिए । शान्त मानवी रुपन्देहीमा पेशेवर हुनुहुन्थ्यो । त्यसबेलाको अर्घाखाँचीमा हाम्रो भन्दा कांग्रसको प्रभाव थियो । हाम्रो सङ्गठन कमजोर नै थियो । भर्खरै प्रारम्भ अवस्था भने पनि हुने अवस्था थियो । पहिला नेकपा

पुष्पलाल समूहले मेहनत गरेर आर्जन गरेको जनसमर्थन केही थियो । तर हर्रेबर्रे काण्डले गर्दा कम्युनिस्टहरू त डाँका हुँदा रहेछन् भन्ने नकरात्मक प्रचार मैले त्यसबेला अर्घाखाँचीमा सुने ।

**कपिलवस्तु यात्रा**

०३८ सालमा रुपन्देही हरेवाबाट एउटा ठूलो बनपार गरेपछि आउने थारु गाउँमा कमरेड भीमनारायण थारु चौधरीले लिएर जानुभयो । त्यसपछि पिपरामा ५-७ जना युवा साथीहरू एउटा सक्रिय दल निर्माण गरी प्रशिक्षणसमेत गयौं । वैरीयो बठानपुरमा कमरेड नित्यनन्द ज्ञवाली, कुलप्रसाद ज्ञवाली, देवी ज्ञवाली, धनराज ज्ञवाली (अनेरास्ववियुका जिल्ला नेता थिए) मोतीपुर शान्ता मानवीको बहिनी गुणा पन्थीको घर सम्पर्क थियो । थरौली-कपिलवस्तु जिल्लाको दक्षिण पश्चिम भागमा । त्यहाँ कमरेड प्रश्रितको परिवारको बसाईं थियो । हामी पार्टीको तर्फबाट कमरेड कविता (श्रीमती प्रश्रित), छोराछोरी भेट्न जान्थ्यौं । कमरेड हिरा बस्याल र म गएको अझै सम्झन्छु । कोपुवामा ८-१० साथीहरूमाझ जयबहादुर क्षेत्रीको घरमा पार्टी प्रशिक्षण चलाएको पनि सम्झना छ । कपिलवस्तु जिल्लामा मेरो कार्यकालमा पार्टी र जनसङ्गठन दुबै काम साह्रै कमजोर थियो । जनसम्पर्क धेरै पातलो थियो । तौलिहवा सदरमुकाममा दुई तीन कर्मचारी सम्पर्क थिए । विद्यार्थी र शिक्षक सङ्गठनले सम्पर्क विस्तार गर्दै थियो, सङ्गठन कमजोर नै थियो ।

**मेरो विवाह :**

नेकपा (माले) पश्चिम-दक्षिण क्षेत्रीय कमिटी र नवलपरासी जिल्ला सङ्गठन कमिटीको संयुक्त आयोजनामा डाडाजोर गाउँमा विवाह समारोह ०३८ वैशाख ३१ गते सम्पन्न भएको थियो । पार्टी केन्द्रीय कमिटीको तर्फबाट कमरेड जीवराज आश्रितले प्रतिनिधित्व गर्नुभएको थियो । उहाँले नै काठमाडौँबाट दुहली शारदा कोइरालालाई साथमा लिएर आउनुभएको थियो । कार्यक्रम छोटो थियो- राती ८ बजे नवलपरासी पार्टी सचिव कमरेड

शेखरले उद्घोष गर्नुभयो । कमरेड सिद्धिनाथ ज्ञवालीले बरबधुलाई माला दिनुभयो- कमरेड जीवराज आश्रितले प्रगतिशील विवाहको आवश्यकता, महत्वबारे छोटो बोल्दै बरबधुलाई पार्टीको तर्फबाट सपथ खाउनुभयो । सपथपछि दुवैले माला एक आपसमा लगाइदिएपछि उपस्थित सबैले ताली पिटेर विवाह अनुमोदन गरे र शुभकामनाहरू दिएका थिए ।

मेरो विवाह कार्यक्रममा दाल, चामल, तरकारी सबै स्थानीय गाउँ पार्टीबाट ९२ रुपियाँको राँगाको मासु क्षेत्रीय कमिटीले जुटाएको थियो । त्यसैबाट विवाहभोज तयार भयो । २०/२५ जनाले भोज खायौं । विवाह सम्पन्न भइरहेको समयमा तल्लो गाउँमा प्रहरीहरू आएको सूचना आयो । स्वयम्सेवक र सुरक्षा दल सतर्क भए । रातभरि गार्ड बसेर सुरक्षा स्वयम् सेवकहरूले सुरक्षा दिए । प्रहरीहरू डराएर माथिल्लो गाउँमा आएन । त्यो सूचना हामीले पछि पायौं । यसरी भूमिगत कालमा मेरो विवाह सम्पन्न भयो ।

२०३८ जेठ १ बिहान ५ बजे डाडाजोरबाट हामी वनै वन अर्को गाउँतिर लाग्यौं । राती बुटवल कालिस्थान कमरेड गोमाको घरमा बास बस्यौं । कमरेड गोमाले (श्रीमती देवेन्द्र घिमिरे) मलाई र शारदालाई स्वागत गर्नुभयो । विवाहको लागि बधाई शुभकामना दिनुभयो । खान बस्न दिनुभयो । कमरेड गोमाको घर हाम्रो पार्टी एउटा महत्वपूर्ण सेल्टर थियो । उहाँलाई त्यसबखत पार्टी केन्द्रबाट आउने सूचनापत्रहरू पश्चिम-दक्षिण क्षेत्रको नवलपरासी, रुपन्देही र कपिलवस्तुको सूचना / पत्र आदि क्षेत्रीय हेडक्वार्टर पाल्पा पुऱ्याउने जिम्मा थियो । यो महत्वपूर्ण पार्टी काम कमरेड गोमाले सफलतापूर्वक गर्नुभएको थियो- आज पनि कमरेड गोमा तानसेन आएको-बुटवल फर्केको सम्झन्छु ।

जेठ २, ०३८ का दिन बिहान ४ बजे कमरेड गोमासँग बिदा भएर शारदा र म तानसेन गयौं । तानसेन टक्सार टोलमा अर्घाखाँचीबाट पाल्पा पढ्न बसेको विद्यार्थी साथीहरू विश्वमणि र झपेन्द्र ज्ञवालीको डेरामा

उहाँहरूको दिदी भिनाजुको रुपमा तीन दिन बस्यौं । कमरेड अशोक शाहीले तीन सदस्य पिकनिकको आयोजना कालिका मन्दिर तानसेन पश्चिमतिर सुनसान ठाउँमा गर्नुभयो । शारदा, म र अशोक शाहीले पिकनिक खाएर फोटो खिच्यौं । त्यो दिनका फोटो अझै मसँग सुरक्षित छ । ती दिनपछि कमरेड शारदा काठमाडौँ फर्किनुभयो । म पार्टी कामतिर लागेँ ।

## पार्टीसँग चौध मतभेद र पार्टीबाट कारबाही

लुम्बिनीको पार्टी कामको अनुभव त्यहाँको जनता पार्टी कार्यकर्ताको सङ्गतले मेरो राजनीतिक चेतना – मार्क्सवादी चेतना उठेको सत्य हो । त्यसकारण लुम्बिनी मेरो राजनीतिक कर्मथलो मात्र होइन, चेतना विकासको विश्वविद्यालय पनि हो । नेकपा (माले) पश्चिम दक्षिण क्षेत्रीय कमिटीको सचिवको हैसियतले ०३८/०३९ मा १४ मतभेदका कतिपय विषयहरू पार्टीमा राखेँ ।

(१) सोभियत सङ्घलाई हेर्ने दृष्टिकोण,

(२) विश्व आधारभूत र अन्तरविरोधबारे,

(३) विश्वको राजनीतिक शक्ति विभाजनबारे

(४) अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको मूल्याङ्कन र इन्टरनेशनल निर्माणबारे

(५) नेपाली क्रान्तिको आधार सिद्धान्त मार्गदर्शक सिद्धान्तबारे,

(६) नेपाली क्रान्तिको वर्तमान चरणको कार्यक्रमबारे,

(७) नेपाली क्रान्तिमा राजनीतिक संयुक्त मोर्चाबारे,

(८) विदेश नीतिवारे,

(९) नेपाल कम्युनिस्ट आन्दोलनको मूल्याङ्कनबारे,

(१०) 'शान्ति क्षेत्र प्रस्ताव' प्रतिको दृष्टिकोणवारे,

(११) विदेश रहने नेपाली विशेषतः भारतमा कस्तो सङ्गठन निर्माण गर्नेबारे,

(१२) जातीय सङ्गठन निर्माण गर्नेबारे,

(१३) नेपाली क्रान्तिको आधारभूत र प्रधान अन्तरविरोधबारे,

(१४) पार्टीभित्रको जनवादबारे ।

नवलपरासी जिल्ला तमासपुर गाउँमा कमरेड चन्द्रमणी खरालको घरमा ०३९ साउन १४ गते पार्टी महासचिव सुवास (सीपी मैनाली) र जीवराज आश्रित कमरेडसमक्ष व्याख्यासहित दस्तावेज पेस गरेपछि कमरेड सीपीले भन्नुभयो– 'हाम्रो पार्टीको अडान अटल, अचल, अविचारणीय हो, सामाजिक साम्राज्यवाद, सोभियत सङ्घलाई समाजवाद भन्ने र माओ त्सेतुङ विचारधारालाई आधारभूत सिद्धान्तबाट हटाउने कल्पनासम्म गर्न सक्दैन ।' बीचैमा कमरेड जीवराज आश्रितले भन्नुभयो– 'तपाईं पागल त हुनुभएन, यस्तो दक्षिणपन्थी संशोधनवादी विचार छाडिदिनुहोस् । मैले त्यहाँ दुवैको जवाफ दिँदै भने– म पागल भएको छैन । तपाईंहरू अद्वन्द्ववादी कुरा गर्दै हुनुहुन्छ । द्वन्द्वात्मक भौतिकवाद स्वीकार गर्ने हामी मार्क्सवादीहरूले अटल, अचल, अविचारनीय भन्ने कुरा गर्नु मिल्छ ? मैले कमरेड सीपीतिर हेर्दै भने– महासचिव कुर्सीमा बसेर अमार्क्सवादी कुरा मनपरी बोल्न मिल्छ ? मलाई तपाईले अन्तिम निवेदन गर्ने ठाउँ पनि दिनुभएन, तपाईं स्वयम् आएर कारवाही गर्ने ? वास्तवमा कमरेड सीपीप्रति मेरो अगाध माया विश्वास आस्था थियो, उहाँको त्यसदिनको कुरा र व्यवहारले म दुःखी भएँ ।

०३९ साल साउन १५ गते बिहान नेकपा (माले) पार्टी केन्द्रको तर्फबाट कमरेड महासचिव सुवास (सीपी मैनाली) ले दुईवटा चार्ज लगाएर मलाई नेकपा (माले) पश्चिम– दक्षिण क्षेत्रीय कमिटीको सचिव पद मुक्त गरियो । मलाई त्यसदिन लगाएको दुई चार्ज (१) पार्टी लाइनविपरीत दक्षिणपन्थी संशोधनवादी लाइन लिएको (२) पार्टी अनुशासन पद्धति तोडेर आफ्नो विचार तलतल लगेको ।

ममाथि लगाइएको चार्जको खण्डन गर्दै सफाई दिने प्रयास गर्दै मैले भनें– 'मैले दक्षिणपन्थी संशोधनवादी लाइन नलिएको, जानेबुझेसम्म

अध्ययन गरी क्रान्तिकारी लाइन नै लिएको, केन्द्रीय कमिटी सदस्य र आफ्नो कमिटीभित्र सदस्यहरूलाई मात्र आफ्नो मत राखेको स्पष्टीकरण सुनेपछि बीचैमा कमरेड जीवराज आश्रितले भन्नुभयो–

'तपाईंले कमरेड भीमनारायणसँग राख्नुभएन ?' मैले जवाफ दिए, हो राखेँ। उहाँ त मेरै कमिटीमा हुनुहुन्छ। आश्रितले प्रतिउत्तरमा भन्नुभयो– ' तपाईं सचिव भएपछि सदस्यहरूलाई राख्न मिल्छ ? कमिटीमा राख्न नपाउने हो भने मैले कहाँ राख्ने, आफ्नो फरक मत ? ठाउँ हुनुपर्‍यो । छलफलकै दौरानमा मैले राखें– मेरा कमिटी अन्तर्गत छ जिल्ला छन्, त्यसभित्र सबै पार्टी सदस्यहरूको भेला गरी मलाई मेरो मत राख्न दिनुहोस् । बहुमत मेरो पक्षमा आए। देशभरि मैले फरक मतको दस्तावेज राख्न पाउनुपर्दछ। मेरो माग कमरेड महासचिव सीपीले अस्वीकार गर्नुभयो। उहाँले भन्नुभयो– 'पार्टी केन्द्रले तोकेका यस क्षेत्रका कमरेडहरूको भेला बोलाउने त्यही आफ्नो कुरा राख्ने, चित्त नबुझे आफ्नो बाटो लाग्ने, त्यसबेला कमरेड सीपीलाई मैले सोधेँ, चित्त नबुझे आफ्नो बाटो लाग्ने भनेको के हो ? उहाँको जवाफ थियो– 'आफैँ बुझ्नुहोस् ।'

०३९ भदौमा नयाँ बंगला थारु गाउँको एकघरमा मैले कमरेड जीवराज आश्रितलाई पश्चिम-दक्षिण क्षेत्रीय कमिटीको पार्टी मैनोट हिसाबकिताब सबै इमान्दारिपूर्वक बुझाए । बुझाएर हिँड्ने बेलामा मैले भिरेको व्याग चिनियाँ रेक्गीन व्याग देखाउँदै आश्रित भन्नुभयो– 'त्यो पार्टीको होइन'– मैले भने– 'हो, उहाँले फेरि प्रश्न थप्नुभयो– 'नबुझाउने ? व्यागमा रहेको लुगी/लाईट, डायरी किताब सबै लुगीमा पोको पारेर व्याग पार्टीलाई बुझाएर म दुःखी भएर त्यो सेल्टरबाट निस्कें ।

०३९ चैतमा मलाई पार्टी सदस्यसमेतबाट कारवाही गरी पार्टीबाट निस्कासन गरेको परिपत्र पार्टीले जारी गर्‍यो। पछि पार्टीको झापा विस्तारित बैठकपछि सोभियत संघलाई समाजवाद भन्ने निर्णय गर्‍यो। पार्टीको चौथो महाधिवेशनले मार्गदर्शक सिद्धान्तबाट माओ त्सेतुङ विचारधारा पनि हटायो।

मैले राखेका धेरैजसो मतलाई पार्टीले ग्रहण गऱ्यो । पाँच वर्ष निस्कासनपछि ०४४ असोजमा पार्टीले पुनः परिपत्र गरी पार्टीमा प्रवेश गरायो ।

पश्चिम-दक्षिण लुम्बिनीको भूमिमा पार्टी काम गर्दा मैले पार्टीमा राखेका फरक मतहरू पछि धेरैजसो सही सत्य प्रमाणित भयो । पार्टीले ग्रहण पनि गऱ्यो, हिजो दुःखकष्ट गालीगलौज खेप्न परे पनि म आज खुसी छु । गौरव महसुस गर्छु । नेकपा (माले) लाई उग्रवामपन्थी विचार-दृष्टिकोण मुक्त गर्दै रुपान्तरण गरेर सही मार्गमा ल्याउन, नेपालको कम्युनिस्ट आन्दोलनलाई एकीकृत गर्न प्रत्यक्ष/अप्रत्यक्ष मैले पनि थोरै योगदान गरेँ । आज तपाईंको विक्रम थापा/विकास उग्रवामपन्थभन्दा पार्टीभित्र दक्षिणपन्थी प्रवृत्ति बढिरहेको देख्छ । कम्युनिस्टहरूको जीवन सङ्घर्षले भरिएको हुँदोरहेछ ।

लुम्बिनीको धर्ती, लुम्बिनीको नदीनाला, लुम्बिनीको डाँडाकाँडा मेरो स्मृतिमा जीवनभरि रहनेछ । मेरा राजनीतिक कार्यथलो त्यसबखतका सम्पूर्ण कमरेड साथीहरूलाई पुनः लालसलाम ! नमस्ते । त्यहाँको पार्टी र जनताले प्रगति र समृद्धि प्राप्त गर्दै जाओस्, मेरो शुभकामना, शुभकामना !!

*(शाक्य, नेकपा (एमाले) केन्द्रीय सल्लाहकार परिषद्का सचिव हुनुहुन्छ ।)*

# जनआन्दोलनको सेरोफेरोमा राप्ती अञ्चलमा पार्टी काम

२०४६ को संयुक्त जनआन्दोलन शुरु हुन बाँकी नै थियो। मुलुकभित्र राजीनीतक अन्तरविरोध तीब्र बन्दै गईरहेको थियो। निरंकुश तथा निर्दलीय पंचायती व्यवस्थाको तीस वर्षे कालरात्री अन्त्य हुने संभावनाहरू बढ्दै गईरहेको थियो । राजनीतिक पार्टीहरू बीच भित्र भित्र वृहत राजनीतिक संयुक्त मोर्चा निर्माण गर्न कुराकानीहरू चलिरहेको थियो । प्रजातान्त्रिक राष्ट्रिय एकता मंचले नेकपा (माले) को सहयोगी संगठनको रुपमा अन्य पार्टीहरूसँग कुराकानी वहस, छलफल चलाईरहेको थियो । हाम्रो पार्टी नेकपा (माले) भूमिगत नै थियो । २०३६ सालको 'जनमत सँग्रह' को घोषणा र २०३७ मा 'जनमत सँग्रह' को परिणाम पछि हामी भूमिगत रहेका नेता कार्यकर्ताहरूको भूमिगत कार्यशैली पहिला भन्दा अलिक खुकुलो भएको थियो। पंचायती धरपकड दमन जारी नै रहेको हुँदा भूमिगत पार्टी कार्यशैली अपनाउन जरुरी र आवश्यक थियो। पार्टी कार्यले एकठाउँबाट अर्को ठाउँ जाँदा होसियार हुनुपर्ने, सकभर बस-गाडि नचढ्ने, चढ्दापनि बस स्टफ वा भिडभाड भएको ठाउँबाट नचढ्ने, उज्यालोमा नहिँड्ने, रातपारेर मात्र हिँड्ने साथमा सहयोगी कमरेडहरू लिने, सकभरमूल बाटोको प्रयोग नगर्ने, सेल्टर भित्र पस्दा वा निस्कदा अरुले नदेखुन भनी विशेष सर्तकर्ता अपनाउने- एक ठाउँबाट अर्को ठाउँमा जाँदा भूमिगत नाम बदल्ने कार्यशैली अपनाई नै रहेको थियौं । यसै बीच ०४६ भाद्र ९-१४ सम्म

सिराहा जिल्लाको विष्णुपुर कट्टी गाउँमा भूमिगत रुपमा नेकपा (माले) ले आयोजना गरेको पार्टीको चौंथो राष्ट्रिय महाधिवेशन सम्पन्न भएको थियो । उक्त महाधिवेशनले राजनीतिक प्रतिवेदन, पार्टी कार्यक्रम-नयाँ जनवाद, मार्गदर्शक सिद्धान्त सम्बन्धी प्रस्ताव, पार्टी विधान, पार्टी स्थापना दिवस निर्धारण सम्बन्धमा प्रस्ताव, राष्ट्रिय अन्तराष्ट्रिय प्रस्तावहरू पास गरेको थियो । पार्टी विगतको उग्रवामपन्थी संकिर्ण दृष्टिकोणबाट धेरै मुक्त भएको थियो । नयाँ विश्वास-आत्मा विश्वासको साथ अघि बढ्ने प्रण र अठोट गरेको थियो । महाधिवेशनले नयाँ केन्द्रीय कमिटी निर्वाचित गरेको थियो । महाधिवेशन स्थलमा नै नवगठित केन्द्रीय कमिटीको प्रथम वैठक सम्पन्न भएको थियो । उक्त वैठकमा एक मतले पार्टी महासचिवमा क. मदन भण्डारीलाई निर्वाचित गरेको थियो । केन्द्रीय नेताहरूको जिम्मेवारी विभाजनमा मलाई राप्ती अंचल जिम्मा दिने निर्णय पार्टी केन्द्रीय कमिटीले गरेको थियो । त्यसबेलाको कार्य विभाजनमा क. युवराज ज्ञवालीलाई सेती अंचल परेको थियो । क.युवराज ज्ञवालीले पहिला दाङ-राप्तीको पार्टी काम गर्नुभएको थियो । वहाँले वैठक स्थलमा नै मलाई सहयोग गर्ने वचनवद्धता व्यक्त गर्नु भएको थियो । कमरेड बामदेव गौतम र जीवराज आश्रितले पनि राप्तीको पार्टी कामबारे जानकारी राख्नु हुन्थ्यो । उहाँहरूसँग राप्तीको पार्टी कामको अवस्थाबारे वैठकको दौरानमा सामान्य छलफल भएको थियो । वैठक सिद्धिएपछि कमरेड मदन र जिवराज आश्रितले मलाई विदाई गर्दै भन्नुभएका केही शब्दहरू मलाई आज प नि संझना आउँछ । कमरेड जिवराज आश्रितले दाङको सम्पर्क ठेगाना आदि दिँदै भन्नु भयो "कमरेड तपाईँले राप्तीको काम अवश्य अघि बढाउनु हुनेछ म विश्वस्त छु, राप्तीमा विशेष त दाङदेउखुरीमा कमरेड नेत्रको अभावलाई पुर्न नै तपाईलाई पठाउने निर्णय गरेको हो ।" कमरेड आश्रितको अभिव्यक्तिले म भावुक भए "कमरेड नेत्रलाई २०३६ सालमा रुपन्देहीमा भेटेदेखि कमरेड बामदेव गौतमले रिपोर्ट दिंदा भन्नु भएका शब्द जंगलको खोल्सी बीच खप्पर भेटियो, दाँतबाट मात्र क.नेत्रको भन्ने चिन्न सकियो ।" सरसर्ती संझिए

र मनमनै क. नेत्रलाल पौडेल ‘अभागी’ लाई श्रद्धाञ्जली दिएँ र मनभित्र अठोट गरे कमरेड नेत्रको अधुरो काम पूरा गर्नेछु। मैले गम्भीर हुँदै जीवराज आश्रित र मदन कमरेडलाई भने “तपाईँहरू सबैको, पार्टीको सहयोग भए निरास हुनु पर्ने छैन, म सक्दो गर्नेछु।” क. महासचिव, क. मदन भण्डारी र संगठन विभाग प्रमुख क. जीवराज आश्रितसँग हात मिलाएर हिँड्ने बेला क. मदनले ‘कार्य प्रगतिको कामना’ भन्नु भएको थियो। मैले धन्यवाद भने र लालसलाम गरेर विदा भएको थिए।

मिति मलाई याद छैन भाद्र अन्त्य तिर हो वा आश्विन शुरु तिर ०४६ मा दाङ पुगेके थिएँ। दाङ घोराही बजारमा एउटा लुगा सिउने पसलमा क. जितेन्द्र नेपालीलाई भेट्ने ठेगाना थियो। त्यसबेला केन्द्रीय कमिटीमा मेरो भूमिगत नाम रञ्जन थियो। दाङमा मैले आफ्नो नाम विजय राखे। विजयको नामले मेरो परिचय क. जितेन्द्रसँग भएको थियो। क. जितेन्द्रले मलाई अर्को एउटा सेल्टरमा पुर्‍याउनु भयो। खाना खाएपछि त्यहाँबाट मलाई क. अमरडाँगीको घरमा लगिएको थियो। घोराही बजारबाट करिब आधा घण्टा लगभग पश्चिम उत्तरतिर गएपछि कमरेड अमरडाँगीको घर सिवार वनगाउँ आउँछ। तल दलानमा पसल थियो। मलाई एक जना कमरेडले साँझतिर त्यहाँ पुऱ्याउनु भएको थियो। त्यहाँ कमरेड अमरडाँगी र वहाँका परिवारजनसँग परिचय भयो। केही समयपछि कमरेड यज्ञराज बाँस्तोला आउनु भयो। वहाँ त्यसबेला दाङ देउखुरी जिल्ला पार्टी कमिटीको सचिव हुनुहुन्थ्यो। त्यसैदिन हो कि दोस्रो दिन हो कमरेड शिवराज गौतमसँग पनि मेरो भेट भयो। त्यसबेला कमरेड शिवराज गौतमलाई पार्टी केन्द्रले प्रजातान्त्रिक राष्ट्रिय एकता मंचको नेतृत्वमा राखेको थियो। यो मंचले खुल्ला गतिविधि गर्ने अलि ठूलो दायरामा सामन्तवाद र साम्राज्यवाद विरोधी शक्ति व्यक्ति संस्थाहरूलाई गोलबन्द गर्ने काम गर्ने गर्दथ्यो। यो पार्टीको सहयोग मंच थियो। कमरेड यज्ञबाट एकसरो पार्टीकामको रिपोर्ट सुन्ने काम भयो। कमरेड यज्ञ र शिवसँग दाङको र राप्तीको कम्यूनिष्ट आन्दोलन सम्बन्धमा संक्षिप्त जानकारी लिने र सकृय निस्कृय र अन्य

कम्युनिष्ट बामपन्थी पार्टीको अवस्था बारेमा पनि बुझ्ने काम गरेको थिए। त्यसबेला कमरेड नेत्रको परिवारजनको अवस्थाबारे पनि जानकारी लिएका थिए। पुराना कमरेडहरू मेघराज र शोभाराम बस्नेतको स्थिति बारे पनि जानकारी लिएको थिए। मेघराज कमरेड सुदूरपश्चिम तिर पार्टी काममा जानु भएको र क.शोभाराम अलि असन्तुष्ट हुनुहुन्छ भन्ने कुरा मैले थहाँ पाएको थिएँ। कमरेड यज्ञ र शिवारज गौतमसँग बसेर पहिलो एकचरण सबै पूर्ण कालिन पार्टी कमरेडहरूसँग भेटघाट गर्ने त्यसपछि दाङ जिल्लाको पार्टीको वैठक बस्ने सम्झदारी एवं योजना बनाएका थियौं। कमरेड अमर र शिवलाई पहिलो पटक भेटेपछि मैले मनमनै सोचे "यी कमरेडहरू अनुभवी र पाका छन्। वहाँहरूसँग सहयोग लिनु राम्रो हुन्छ।" मनभित्रकै कुरा अभिव्यक्ति गर्दै मैले वहाँहरूलाई भने "मैले तपाईंहरूबाट सहयोगको अपेक्षा गरेको छु।" उहाँहरूको जवाफ सकारात्मक थियो।

अमरको घर नजिकै यज्ञले डेरा लिनुभएको रहेछ। त्यहाँ जिल्ला पार्टी हेड्क्वाटर पनि रहेछ। त्यस डेरामा सिमित जिम्मेवार कमरेडहरूलाई मात्र लिएर जाने र अरुलाई नलग्ने, जान अनुमति समेत नदिने गरिएको थियो। राती म त्यहाँ गए त्यहीँ पार्टीका रिपोर्ट, नोटहरू र मैनोट मैले अध्ययन गर्ने काम गरेको थिए। कमरेड यज्ञले पार्टी संगठन र सम्पर्कहरू, जनसंगठनहरूको अवस्था ने.का.। अन्य वामपन्थी कम्यूनिष्टहरूको अवस्था, पंचहरूको गतिविधि, स्थानीय प्रशासन, प्रशासनिक गतिविधि, प्रहरी सेनाको गतिविधि सबै रिपोर्ट आफूले बुझेजति बताउनु भएको थियो। मैले कमरेड यज्ञको परिवारजनहरू र वहाँको राजनीतिक जीवन यात्रा बारे सोधे बुझे, त्यसदिनसँगै विश्राम गर्‍यौं। कमरेड यज्ञ त्यसबेला उत्साहित, सकृय र इमान्दार नेता हुनुहुन्थ्यो। भेटको दोस्रो दिन साँझ हापूर क. शिवराज गौतमको घर पुग्यौं। क. गौतमले परिवारजनसँग परिचय गराउनु भयो। त्यसैरात त्यहाँ कमरेड मेनका पोखरेलसँग मेरो भेटघाट र परिचय भएको थियो। कमरेड मेनका पूर्णकालिन महिला कार्यकर्ता, दाङ जिल्ला पार्टीको नेतृत्वमा हुनुहुन्थ्यो। वहाँको सैद्धान्तिक पकड र सकृयता त्यसबेला राम्रो

थियो । कमरेड यज्ञ र मेनका पोखरेलसँग दाङ टेकेको तेस्रो दिन विजौरी पुगे र त्यहाँ भरतजीको घरमा सेल्टर लिएको थिएँ । विजौरी वा अर्को गाविस थाह छैन एउटा गोठमाथिको सेल्टरमा कमरेड छविलाल ओलीसँग मेरो भेटघाट र परिचय भएको थियो । त्यसबेला मेनका पनि साथै हुनुहुन्थ्यो । क. छविलाल ओली सकृय कार्यकर्ता र राम्रो संगठनकर्ता हुनुहुन्थ्यो । वहाँ पनि दाङ जिल्ला पार्टीको नेतृत्वमा हुनुहुन्थ्यो । दाङ जिल्ला भित्र त्यसबेला पार्टी पूर्णकालिन कार्यकर्ता जम्मा ५ जना थिए । क.यज्ञ, क.ओली, क.मेनका, क.शिवराज गौतम र जिल्ला कमिटी तल क. टिकाराम खड्का । कमरेड टिकाराम खड्का पनि खट्ने, अनुशासित कार्यकर्ता थिए । २०४६ असोज महिनामा दाङदेउखुरी जिल्ला संगठन कमिटी नेकपा (माले) को वैठक बसेको थियो । उक्त वैठकमा तीनवटा विषयसूची थिए-१, पार्टी चौंथो महाधिवेशन (०४६ भाद्र ९-१४) बाट पारित दस्तावेज- प्रस्तावहरू, साथै महाधिवेशन सम्बन्धी जानकारी । २. जिल्लाको रिर्पोटिङ, ३. अगामी कार्ययोजना ।

पहिलो एजेण्डमा बोल्न समय पाएपछि मैले नेकपा (माले) चौंथो महाधिवेशनद्वारा पारित राजनीतिक प्रतिवेदन, नेपाली क्रान्तिको वर्तमान कार्यक्रम, हाम्रो मार्गदर्शक सिद्धान्त, पार्टी विधान, संगठनात्मक प्रस्ताव, अन्तराष्ट्रिय प्रस्तावहरू, पार्टी स्थापना दिवस प्रंस्ताव सम्बन्धमा विस्तृत रुपमा वैठकलाई अवगत गराए । साथै ५६ जिल्लाको प्रतिनिधित्व रहेको, बाहुन, क्षेत्री, नेवार, राई, लिम्बु, गुरुङ, मगर, तामाङ, थारु, राजवंशी, सुनुवार, पासवान, राजधोवी लगायतका विभिन्न जाति जनजाति एवं मुस्लिम समुदायको पनि सहभागिता रहेको जानकारी गराएको थिए । महाधिवेशनमा अध्यक्ष मण्डलसँगै सचिवालय, सुरक्षा विभाग, अनुशासन विभाग, उपचार विभाग र व्यवस्थापन विभाग गठन गरेको थियो, हलमा पालन गर्नुपर्ने, महाधिवेशन अवधिभरि पालन गर्नुपर्ने अनुशासन, सर्तकता सम्बन्धी नियमहरू कडाईसाथ पालना गरेर-१० टोलीमा प्रतिनिधि, पर्यवेक्षकहरूलाई विभाजन गरेर प्रस्तावित दस्तावेजहरू माथि गम्भीर छलफल चलाएर, आलोचना

सुझाव दिई अन्यमा पारित गरेको, नयाँ केन्द्रीय कमिटी निर्वाचन आदि सबै शब्द चित्र वैठकमा राखेपछि अन्त्यमा पार्टी निर्देशनालाई सृजनात्मक ढंगले लागु गर्न र पार्टी केन्द्रीय कमिटी वरिपरि गोलवन्द भएर काम गर्न दाङ जिल्ला संगठन कमिटीलाई आव्हान पनि गरेको थिए । वैठकको दोस्रो एजेण्डा- रिपोर्ट थियो- सबै कमरेडहरूले आ-आफ्नो इलाका र अन्य जिम्मेवारी सम्बन्धी प्रतिवेदन पेश गर्नुभएको थियो । यस एजेण्डा अन्त्य गर्दै कमरेड यज्ञले भन्नु भयो -"अहिले दाङदेउखुरीमा सामन्ती प्रतिक्रियावादी पंच शक्ति बलियो छ, दोस्रो शक्तिको रुपमा बामशक्ति रहेपनि कम्युनिष्टहरू विभाजित छन् त्यसकारण राजनीति विश्लेषण गर्दा दोस्रो शक्ति नेपाली काँग्रेस रहेको छ, तेस्रो नेकपा (माले), चौंथो राजनीतिक शक्ति अन्य बामपन्थीहरू, देशभक्त जनवादी शक्तिहरू रहेका छन् । तेस्रो विषयसूची माथि छलफल गरी निम्न निर्णयहरू गरियो :- आश्विन कात्तिक दुई महिना पार्टी महाधिवेशनका निर्णयहरू, पार्टी निर्देशन, पार्टी इलाका, शाखा र पार्टी कमरेडहरू सबैका माझ लग्ने, जनसंगठन र जनता माझ पनि लग्ने निर्णय गरेका थियौं । आश्विन कार्तिक दुई महिना, पार्टी संगठन, जनसंगठनहरू सुदृढ गर्ने विशेष योजना बनेको थियो । वैठकको अध्यक्षता दाङदेउखुरीको पार्टी सचिव क.यज्ञ वास्तोलाले गर्नु भएको थियो । मेरो विशेष उपस्थिति थियो । पार्टी जिल्ला संगठन कमिटीको वैठकपछि तलका पार्टी जिम्मेवार कमरेडहरूलाई एक सरो भेटघाट गर्ने योजना बनाएको थिए । यस कार्ययोजना साथै राप्ती अंचलका अन्य जिल्लाहरूको कामलाई व्यवस्थित बनाउन पनि कार्ययोजनाहरू बनाईएको थियो ।

०४६ आश्विन २७-२८ गते दुई दिन दाङको घोराही बजार नजिक पचुरका गाउँमा नेकपा (माले) पोलिटब्यूरो सदस्य एवं संगठन विभागका प्रमुख कमरेड जीवराज आश्रितको उपस्थितिमा ४ सदस्यीय राप्ती क्षेत्रीय संगठन कमिटी नेकपा (माले) को गठन निर्माण गरिएको थियो । कमरेडहरूले एकमतले नेकपा (माले) राप्ती क्षेत्रीय संगठन कमिटीको सचिवमा मलाई चुन्नु भयो र सदस्यहरूमा कमरेड शिवराज गौतम, कमरेड यज्ञ वास्तोला,

कमरेड हरि पराजुली हुनुहुन्थ्यो । हाम्रो कार्य विभाजन यस प्रकार थियो - क. गोपाल शाक्य दाङ देउखुरी, महिला र मजदूर जनसंगठनहरू हेर्ने, क. हरि पराजुली सल्यान र रुकुम, क.यज्ञ वास्तोला- रोल्पा र प्यूठान, यूवा विद्यार्थी संगठन, क. शिवराज गौतम- किसान फाँट र प्रजातान्त्रिक राष्ट्रिय एकता मंच हेर्ने र दाङमा पनि विशेष सहयोग पुऱ्याउने जिम्मा थियो ।

मैले राप्ती अञ्चलमा पार्टी काम शुरु गर्दा दाङदेउखुरीमा मात्र जिल्ला स्तरीय संगठन थियो, अन्य जिल्लामा सम्पर्क र गाउँ स्तरका केही पार्टी सकृय दलहरू थिए । जनसंगठनहरू पनि कमजोर थिए । एक प्रकारले भन्दा हाम्रो संगठनात्मक कार्य प्रारम्भिक चरणमा थियो । त्यसबेला नेकपा चौंथो महाधिवेशन पातलो मसाल/मोटो मशलामा विभाजित भएको थियो । उनीहरू भित्रको फुट र गुटले हामीलाई संगठन विस्तार गर्न सहयोग पुगेको थियो । नेपाली काँग्रेस भित्र पनि परशुनारायण चौधरी गुट, खुम बहादुर खड्का गुट देखापरेका थिए । पंचहरू भित्र नेता पिछेका गुटहरू बन्दै थिए । विशेष गरेर निर्दल र वालिक मताधिकार सँगै जाननसक्ने र जानसक्ने विवाद खुव चर्चित भएको थियो । ०३७ जेष्ठमा वहुदलपट्टी २० लाख, निर्दल पट्टी २४ लाख मत परेपछि त्यस बेलादेखि वहुदल र निर्दल बीचको राजनीतिक द्वन्द्व ०४६ मा आइपुगेर वहुदल तिर पल्ला भारी हुने हवस्था सृजना हुँदै थियो । सामन्त दलाल नोरकशाही पूँजीपति वर्गको कट्टर हिस्सा र उदार हिस्सा बीच तिब्र अन्तरविरोध बढ्दै गईरहेको थियो र यो वर्गको अन्तरविरोधको छाँया दरवार भित्र स्पष्ट देख्न सकिन्थ्यो । श्री ५ धिरेन्द्रलाई शाही परिवारबाट हटाउने घटना, पंचायत भित्र कठोर हिंसाको दवदवा बढ्दे जानु भ्रष्ट्राचार, तस्कारी, अन्याय, अत्याचार, शोषण दमन पंचायतको पर्यायवाची भईसकेको थियो । अन्तराष्ट्रिय शक्ति केन्द्रहरू पनि पंचहरूको मानव अधिकार मखोल उडाउने कामहरूबाट असन्तुष्ट हुँदै गईरहेको थियो । भारतेली प्रभुत्ववादीहरू आर्थिक नाकाबन्दी गरेर पंचहरूको सट्टा नेकालाई सत्तामा ल्याउन प्रयत्न गर्दै थिए । यसरी हेर्दा निर्दल र बहुदल बीच अन्तरविरोध तिब्र बन्दै थियो । जनआन्दोलनलाई

कम्युनिष्ट र काँग्रेस मिलेर उठाउन जनदवाव बढ्दै गएको थियो ।

कमरेड पुष्पलाले राखेको संयुक्त जनआन्दोलनको नीति, नेपालमा कम्युनिष्ट र काँग्रेस मिलेर संयुक्त जनआन्दोलन गरेमा मात्र निर्दलीय पंचायती व्यवस्था अन्त्य गर्न सकिन्छ भन्ने सही कार्यनीतिप्रतिको जनदवावले हाम्रो पार्टी नेकपा (माले) मा पनि प्रभाव पार्दै लगिरहेको थियो । नेकपा (माले) भित्र उग्रवामपन्थी संकिर्ण दृष्टिकोण कमजोर हुँदै थियो । चौंथो महाधिवेशनबाट पारित कार्यक्रमको मार्गदर्शक सिद्धान्तबाट माओत्सेतुङ विचारधारा हटाउने, सोभियत संघलाई समाजवादी मित्रशक्ति मान्ने निर्णय, नयाँ जनवादी कार्यक्रम नै भने पनि कार्यक्रम भित्र "स्वतन्त्र, धर्म निरपेक्ष तथा कानूनी राजको स्थापना गर्ने एवं वहुदलिय जनवादी शासन प्रणाली स्थापना गर्ने ।" उल्लेख गरिएबाट हाम्रो दृष्टिकोण र सोचमा परिवर्तन आईरहेको स्पष्ट गरिरहेको थियो । ०४६ कार्तिकमा कास्कीमा सम्पन्न नेकपा (माले) को केन्द्रीय कमिटी वैठकले संयुक्त जनआन्दोलनमा जाने निर्णय लिएको थियो । त्यसपछि ललितपुरमा सम्पन्न पार्टी केन्द्रीय कमिटी वैठकले मूल नाराको सवालमा निरंकुश तथा निर्दलीय पंचायती व्यवस्था अन्त्य र वहुदलीय व्यवस्थाको स्थापना गर्ने 'माग' लाई नेकपा (माले) ले पनि स्वीकार गरेर स्पष्ट दृष्टिकोण अघि सारिरहेको थियो । यी महत्वपूर्ण निर्णयहरू सँगसँगै राप्ती अंचलमा पनि पार्टीको गतितेज भएको थियो । जनतामा पार्टी प्रभाव पनि बढ्दै गईरहेको थियो । जनसंघर्ष र जनआन्दोलनले नयाँ उचाई प्राप्त गर्दै गइरहेको स्पष्ट देख्न सकिन्थ्यो । यसैबीच २०४६ साल मंसिर, पुष र माघ तीन महिना राप्ती क्षेत्रीय संगठन कमिटीको नेतृत्वमा पाँचै जिल्लामा संगठन सुदृढीकरण गर्ने विशेष योजनाका साथ काम भएको थियो । मैले बढी समय दाङदेउखुरीमा लगाएपनि "भएको शक्तिलाई सुदृढ गर्दै राप्ती अंचलमा अरु शक्ति, संचय र विस्तार गर्ने योजनका साथ लागेका थियौं । बीच, बीचमा प्यूठान, रुकुम, रोल्पा, सल्यानको कामलाई पनि संयोजन गरिरहेको थिए । राप्तीको काम विस्तार गर्न क.हरी पराजुली, क. यज्ञ, क. ओली, क.गौतम, क.टिकाराम खड्का, क.मेनका खड्का, क.

गिरिराज के.सी., क.शोभाराम, क. बामदेव शर्मा साथै राममणि कमरेड आदि अन्य थुप्रै कमरेडहरूको सहयोग लिएको थिए ।

दाङ देउखुरीको कामलाई व्यवस्थित गर्न मानपूरका कमरेड टोपेन्द्र केसीको घरलाई पार्टी जिल्ला हेडक्वाटरको रुपमा प्रयोग गरेका थियौं । पहिले कमरेड यज्ञले खडा गरेको हेडक्वाटरलाई अंचल हेडक्वाटरको रुपमा प्रयोग गरिएको थियो । कमरेड टोपेन्द्र के.सी.को परिवार जनलाई आजपनि म संभन्छु - भूमिगत कमरेडहरूलाई कत्तिपनि कष्टनमानी रातरातभरी नसुती वहाँहरूले पार्टीलाई सहयोग गर्नु भएको थियो । त्यस्तै क. गिरीराज के.सी., क. पर्साराम देवकोटाको घर परिवारपनि संभन्छु । वहाँहरूकोमा मैले धेरै पटक सेल्टर लिएको छु, धेरै वटा पार्टीका मिटिङ वैठकहरू गराएको थिए ।

कमरेड अशोक चौधरी, जंगुलाल चौधरी, महेश चौधरी, मंगल चौधरी, लाल बहादुर चौधरी, गुरु चौधरी, सुन्दर प्रसाद, ज्ञान बहादुर र भागवत चौधरी अन्य धेरै थारु साथीहरू नाम मैले भूले क्षमा गर्नुहोस् वहाँहरूले धेरै महत्त्वपूर्ण वैठक भेलाहरू आयोजना गर्न, धेरै जनसंघर्ष, आन्दोलनहरू सँगठित गर्न, जनशक्ति परिचालन गर्न त्यसबेला आ-आफ्नो संगठनहरू भित्र बसेर काम गर्नु भएको संभन्छु । सेनराज शाह, लिला शाह, सौदीयारका, शिक्षक, बुद्धिजिवी वीच पार्टीलाई पुऱ्याउन वहाँहरूले खेल्नु भएको भूमिका, कमरेड धनराज ओलीको संगठनात्मक कार्यमा रहेको भूमिका मैले संभीरहेको छु ।

श्रीमणी आचार्यको घर र वहाँको परिवारजनले पनि त्यसबेला पार्टीको वैठक भेला आयोजना गर्न, लुकाएर हप्तौसम्म कमरेडहरूलाई राख्ने जस्ता सरसहयोग गरेर ठूलो गुन लगाउनु भएको थियो । वहाँकै घरमा नेपाली काँग्रेस र नेकपा (माले) वीच गुप्त जिल्ला स्तरीय जनआन्दोलनको संयन्त्र बनेको थियो । त्यसबेला मैले हाम्रो पार्टीको तर्फबाट देवेन्द्र नेपाली नामबाट हस्ताक्षर गरे । नेपाली काँग्रेसको तर्फबाट दिपक गिरी र केशव

आचार्य थिए । हाम्रो पार्टीको तर्फबाट अर्को हस्ताक्षर गर्ने नेता छविलाल ओली थिए ।

तुलसीपुर बजारमा जीवन के.सी. त्यसबेला पान पसल गरेर गुजारा गर्नुहुन्थ्यो जुन सेल्टरमा क. टिकाराम खड्काले लग्नु भएको थियो । पछि मैले धेरै पटक त्यो सेल्टर प्रयोग गरेको थिए । त्यस्तै तुलसीपुरमा बामदेव शर्माको घरमा पनि मैले सेल्टर लिएको थिए । त्यस्तै तुलसी भण्डारी एक व्यापारी साथी पश्चिम दाङको वहाँको सहयोग पनि संझी रहेको छु । साथै आज यि सम्पूर्ण साथीहलाई संझी रहेको छु । विजौरी गाविसको रनीयापुरका क. दामेदर रेग्मीको घरमा धेरै वैठक भेला भएको, वहाँ नजिकै अर्को हरिप्रसाद कमरेडको घर संझीरहेको छु । क. दामोदर रेग्मीले पूर्णकालिन सरह काम गर्नु भएको थियो । शुरुमा घोराहीमा अंचल कार्यालय खोल्दा पनि वहाँ र मैले पार्टी कार्यालयमा कुचो लगाएको याद छ मलाई । धेरै पटक विद्यार्थी युवासँग राप्ती घोराही/तुलसीपुरमा राती राती पोस्टर टाँस्न, पर्चा छर्न म र क.रेग्मी सँगै गएका थियौं । बुढा भइकन पनि वहाँमा यूवा जस्तै सकृयता थियो । मैले सुनेको छु वहाँ वित्नु भयो । यो पंक्ति लेखिरँदा वहाँलाई श्रद्धासुमन अपर्ण गर्न चाहन्छु । जाँगर र उत्साहका धनि क.रेग्मी अमर रहनु राप्तीका जनताले वहाँलाई युगयुग संझीरहने छन् । उत्तरी भेगका धेरै साथीहरू मैले संझना गर्न सकिन क. माधव अधिकारी, क. शम्भु गौतम, क. जितेन्द्र नेपाली, कमरेड नारायण आचार्य घोराहीका कमरेडहरू, अरुपनि धेरै कर्मचारी विद्यार्थी, युवाहरू वहाँहरूबाट धेरै सिकेको छु मैले । देउखुरी तिर आउँदा क. दामेदार अधिकारी, क. सुरेन्द्र धिताल (औषधी पसल भएको), रेवती रमण शर्मा, क. तिलक के.सी., सतवरीयाका मोहन गिरी, सोनपुरका साथीहरू सरस्वती गौतम, मदन गौतम, रामपुरका खुद्रा व्यापारी हरि रिजाल र वहाँको घरपरिवार, धर्ना सिरौपूर र कमरेड नेत्रको परिवार, धेरै गाविसको नाम, गाउँको नाम, मानिसहरूको नाम नै भूले । दाङमा २५ भन्दा बढी गाविसमा म गएको छु । दाङको प्रिय कमरेडहरू क्षमा चाहन्छु पछि संझिएर पुन लेख्नेछु ।

त्यसबेला राप्ती अंचल स्तरको पार्टी नेतृत्व विकास गर्न दाङबाट कमरेड छविलाल ओली, मेनका पोखरेल, गिरराज के.सी., सल्यानबाट कमरेड प्रकाश ज्वाला र उदय बोहरा, रोल्पाको निम्ति टिकाराम खड्का, कुलबहादुर बाठामगर, कुमार दसौंदी, रिमा नेपाली, प्यूठानबाट कमरेड वीरवहादुर सिंह, हरि बहादुर रुकुमबाट हस्तबहादुर के.सी.लाई पार्टी नेतृत्व विकासमा गर्न मैले सोचेको थिए । वहाँहरूलाई दुई वर्ष भित्र पूर्णकालिन नभएकाहरूलाई पूर्णकालिन निकाल्ने र पूर्णकालिन भएकाहरूलाई जिल्ला नेतृत्वबाट विकास गरेर अंचल पार्टी नेतृत्वमा ल्याउने मेरो विचार योजना थियो । विद्यार्थी नेतामा खेममान खड्का, सुस्मा शर्मा, युवा नेतृत्वमा शम्भु गौतमलाई विकास गर्ने कुरा सोचेको थिए । त्यस्तै किसानको नेतृत्वमा अशोक चौधरीलाई अंचलको नेता बनाउँदै केन्द्रमा पनि नेतृत्वमा लग्ने विचार थियो । कमरेड शिव राज गौतम र महेश चौधरीलाई खुल्ला मोर्चाको केन्द्रमा काम गर्ने नेतृत्वमा विकास गर्ने मेरो योजना थियो ।

०४६ फागुन ७ गतेबाट संयुक्त जनआन्दोलन शुरु भएको थियो । शुरुको सबै जिल्ला सदरमुकामहरूमा पार्टी झण्डा फहराउने कार्यक्रम थियो । त्यो दाङको घोराहीमा सम्पन्न भएको थियो म त्यस दिन घोराहीमा थिए । हामी भूमिगत पूर्णकालिन कार्यकर्ताहरूलाई खुलेर आन्दोलनमा जान पार्टीको निर्देशन आएको थिएन । बचेर नखुली भूमिगत रहेर आन्दोलनमा भित्री नेतृत्व प्रदान गर्न पार्टी निर्देशन थियो । कमरेड दामोदर रेग्मीलाई हसिया हथौडा अंकित झण्डा दिएर पठाएको थिए । कमरेड गिरिराज के.सी., क. रेग्मी लगायत १०-१५ जनाले झण्डा पहराएका थिए ।

फागुन ७ गते अगाडि नै ने.का. नेता खुमबहादुर खड्का र हाम्रो शिवराज गौतम गिरफ्तार भईसक्नु भएको थियो । पंचहरूले प्रतिकिार समिति बनाएर व्यापक धरपकड गरेका थिए । जसले गर्दा शुरुमा हामीले भने जस्तो आन्दोलनमा सफलता प्राप्त गर्न सकनौं । आंशिक मात्रामा सफलता मिलेको थियो । नेकाको धेरै नेताहरू भागेर भारतको सिमावर्ती

शहरहरूमा गएका थिए । संगठनात्मक तयारी राम्ररी पूरा नभई नेताहरू गिरफ्तार हुनु पनि एक प्रकारको कमजोरी भएको थियो । खुमबहादुर खड्का र शिवराज गौतम साथै गिरफ्तार नेता कार्यकर्ताहरूले ठूलो यातना भोग्नु परेको थियो । सजिलै गिरफ्तारी दिने कुरा हुनु पनि मेरो विचारबाट कमजोरी थियो होला । मूल्याङ्कनको विषय पनि हुनु पर्दछ । अलिक बढी सर्तकता अपनाएको भए नेताहरू त्यसबेला गिरफ्तार नहुन पनि सक्दथे ।

पाँचै जिल्ला राप्ती अञ्चलको समग्र तथ्य परक रिपोर्ट संकलन गरेर संयुक्त जनआन्दोलनको विस्तृत प्रतिवेदन मूल्याङ्कन प्रतिवेदन बनाउनु राम्रो हुन्छ । संयुक्त जनआन्दोलनमा राप्ती अंचलको भूमिकाको मूल्याङ्कन गर्दा अग्रणी रहन सकेन । आन्दोलनको केन्द्रको रुपमा चितवन, बुटवल, विराटनगर, पोखरा, काठमाडौं आदि विकसित भएको थियो । त्यसरी दाङको घोराही तुलसीपुर, लमही आदि स्थानहरू विकसित हुन सकेन । बन्द हड्ताल, भित्तेलेखन, पर्चा, पोस्टर वितरण, लेख्ने टाँस्ने आदि काममा पछाडि परेन । केन्द्रको कार्यक्रम अनुसार चैत्र २६ गते संविधान जलाउने कार्यक्रम थियो । चैत्र २४ राति नेताहरूलाई दरबारमा बोलाएको सूचना थाहा पाएपछि मैले २६ सट्टा चैत्र २५ मा नै संविधान जलाउने कार्यक्रम गर्न लगाएको थिए । परेनी डाँडामा संविधान जलाउने कार्यक्रमको नेतृत वगर्न र जनसभालाई सम्बोधन गर्न नेकपा (माले) को तर्फबाट कमरेड मेनका पोखरेललाई जान निर्देशन मैले नै दिएको थिए । संविधान जलाउने कार्यक्रम योजना अनुसा सफल नै रह्यो । पाँचै जिल्लामा आंशिक सफलता प्राप्त भएको थियो, संयुक्त जनआन्दोलनमा । हाम्ो पार्टीको राप्ती अंचल नेतृत्वले सबै पार्टी जिल्ला नेतृत्वले आफ्नो शक्ति क्षमता अनुसार काम गरेको थियो ।

पार्टी केन्द्रले परिवर्तित परिस्थितिमा पार्टी दृष्टिकोण, धारणाहरू, जनसमक्ष राख्न, स्पष्ट पार्न, पूर्व पश्चिम केन्द्रीय अभियान सञ्चालन भएको थियो । अभियान अन्तर्गत दाङको घोराहीमा प्रमुख अतिथि क. जिवराज

आश्रितको उपस्थितिमा मेरो अध्यक्षतामा विशाल जुलुश जससभा सम्पन्न भएको थियो। उक्त जनसभामा थारु महिला किसानहरूको ठूला सहभागिता थियो। किसान मजदूर, व्यापारी, बुद्धिजिवी महिलाहरूको राम्रो उपस्थिति थियो। दाङको जनसभामा पहिलो पटक १०-१५ हजार जनसमुदायको जुलुश निस्केको थियो। त्यही जनसभामा १४ वर्ष भूमिगत जीवनबाट म खुल्ला भएर गोपाल शाक्यको नामले परिचित भएको थिए। त्यो जनसभा वैशाख जेठ तिर भएको हो।

केन्द्रीय अभियानमा सरिक भएर मैले दाङपछि नेपालगंज, धनगढी र महेन्द्र नगरको जनसभालाई सम्बोधन गरेको थिए। अभियानले राप्ती, भेरी, सेती र महाकाली अंचलमा नेकपा (माले) लाई परिचय गराउन जनताको मनभित्र स्थापित गर्न ठूलो सहयोग पुगेको थियो।

०४६ वैशाख महिनामा रोल्पा जिल्लाको नुवागाउँ होल्लेरीमा जनसभाहरू, प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै सदरमुकाम लिवाङ पुगेको थिए। मेरो पार्टी जीवनको ऐतिहासिक पार्टी प्रशिक्षण लिवाङमा गरेको थिए। त्यहाँ मैले लगातार ४ घण्टा ४५ मिनेट बोलेको थिए। रोल्पाली जनताको नयाँ उत्साहमा पार्टीलाई स्थापित गर्न खुल्ला जनसभा र प्रशिक्षण एकैपल्ट भएको थियो। हलमा करिब ४०० जति र बाहिर चौरमा १५ सय जति जनताहरू थिए। हलमा चलाएको प्रशिक्षण कार्यक्रम बाहिर पनि सुनाइएको थियो। दुईवटा माइक राखेर प्रश्न उत्तर पनि चलेको थियो। त्यस कार्यक्रमा क.यज्ञ र मेनका पोखरेलले पनि बोल्नु भएको थियो। मैले सुन्ने गरेको छु। त्यस बेलाको त्यस प्रशिक्षण जनसभालाई अझै पनि रोल्पाका जनताहरू सम्झी रहनु भएको छ र मैले पनि सम्झिरहेको छु।

०४६ वैशाख जेठतिर नै रोल्पा जिल्ला पार्टी सक्रिय दलबाट जिल्ला संगठन कमिटी नेकपा (माले) गठन भएको थियो। जसको सचिव क. यज्ञ हुनुहुन्थ्यो। टिकाराम खड्का, कुमार दशौदी, कुल बहादुर। अन्य कमरेडको नाम सम्झना आएन। साथी नेतृत्वमा हुनुहुन्थ्यो। संयुक्त

जनआन्दोलनको सफलता पछि रोल्पाको पार्टी संगठन विस्तार तिब्र गतिमा भएको थियो ।

वैशाख जेठ तिर नै होला लिवाङबाट चुनवाङ हुँदै हामी रुकुम कमरेड हस्तबहादुर के.सी. को गाउँ पोखरा पुगेका थियौं । रुकुमको सदरमुकाम मुसिकोटमा जिल्ला स्तरीय कार्यकर्ता भेला र जनसभा सम्पन्न भएको थियो । रुकुममा जनता र कार्यकर्ताहरूको उत्साहलाई पार्टीको पक्षमा ल्याउन त्यस प्रशिक्षण कार्यक्रमले सहयोग पुऱ्याएको थियो । सदरमुकामबाट फर्केर पुन क. हस्त के.सी. गाउँमा प्रशिक्षण, जनसभा, वैठकहरू गरियो । रुकुमका सबै कार्यक्रममा क.मेनका पोखरेल, यज्ञ, हस्ता हुनुहुन्थ्यो । धेरै कमरेडहरूसँग रुकुममा परिचय भएको थियो । अहिले संभ्रुना आइरहेको छैन । पछि संभ्रेर लेख्छु ।

त्यही बेला कमरेड हस्त बहादुर के.सी.को नेतृत्वमा जिल्ला स्तरको पार्टी कमिटी पनि गठन गरिएको थियो । क. हस्तलाई पूर्णकालिन कार्यकर्ताको रुपमा विकास गर्ने सोँच पुरा भएको थियो । वहाँले शिक्षक पेशा छाडेर पार्टी काममा लागिसक्नु भएको थियो । रुकुममा पनि हाम्रो पार्टीको विकास र विस्तार ०४६ को संयुक्त जनआन्दोलन पछि तिब्र हुँदै थियो ।

प्यूठानमा ०४५ सालमा मंसिर महिना लुङ्ग गाउँमा कमरेड गोविन्द के.के को घरमा वीर बहादुर सिंह, हरी केसी, टिकारारम रिजाल, रणबहादुर विश्वकर्मा, बामदेव पौडेल लगायतको भूमिगत पार्टी भेला गरी २०४६ माघ तिर फेरी विजुवारमा अर्को भूमिगत पार्टी भेला गरि कमरेड विरबहादुर सिंह नेतृत्वमा नेकपा (माले) जिल्ला पार्टी सक्रियदल सिवथाना स्कुलमा गठन भएको थियो । वीरबहादुर सिंह सचिव, गोविन्द के.के हरि केसी, टिकाराम रिजाल, रणबहादुर विश्वकर्मा र बामदेव पौडेल उक्त जिल्ला सक्रिय दलमा रहेर काम गर्नु भएको थियो । प्युठानको पार्टी जनसंगठनहरूका कामहरू सुदृढ विस्तार गर्न कमरेड यज्ञराज बास्तोला र कमरेड हरि पराजुलीको

महत्त्वपूर्ण योगदानको स्मरण गर्न चाहन्छु । वहाँहरूसँगसगैँ बाुङ्गेशाल, जामुने हुँदै कोलवोट पुगेको झिमरुक परियोजनामा मजदुर साथीहरूसँग भेट भएको अधुरो सम्झना छ । माफ गर्नुहोस् मैले धेरै कुरा भुलेछु म बसेको सेल्टर कमरेड हरि केसीको घर बाढीले बगाएर लगेको र वहाँके दुखद निधनको खबरले म दुखी भएकोछु । कमरेड वीरबहादुर सिंहको निधन भएको छ । वहाँ दुवै प्ुठान जिल्लाको कम्युनिष्ट एवं लोकतान्त्रिक आन्दोलनको अग्रणी नेताका रुपमा सम्झना रहने प्रेरणादायी व्यक्तित्वहरू हुन । वहाहरू दुवै जना प्रति श्रद्धा अर्पण गर्दछु ।

सल्यान जिल्ला सदरमुकाम खलंगाको बालमन्दिर हलमा २०४७ जेठ ४ गतेको दिन नेकपा (माले) नेकपा (मशाल), नेमकिसंका करिब ७०-८० जना कार्यकर्ताहरूको भेलामा मैले बोलेको थिए । त्यसपछि उक्त भेलाले कम्युनिष्ट एकता मंच निर्माण गरेको थियो । त्यसैदिन छुट्टै नेकपा (माले) को कार्यकर्ता प्रशिक्षण भेला सम्पन्न भएको थियो । करिब ५० जना कार्यकर्ता थिए । ११ सदस्य जिल्ला स्तरीय पार्टी सकृय दलका सचिव प्रकाश ज्वाला छानिनु भएको थियो । जिल्लाका कार्यकर्ताहरूले त्यसबेला जिल्ला नेतृत्वमा पूर्णकालीन कार्यकर्ता हुनुपर्ने माग गरेका थिए । त्यस्को आवश्यकता पनि थियो । त्यसकारण राप्ती क्षेत्री संगठन कमिटी नेकपा (माले) २०४७ श्रावणमा कमरेड छविलाल ओलीलाई दाङबाट मुक्त गरी सल्यान सरुवा गरेको थियो । ०४७ भाद्रमा जिल्ला संगठन कमिटी सल्यान, नेकपा (माले) गठन भएको थियो । उक्त कमिटीमा सचिव छविलाल ओली र उपसचिवमा प्रकाश ज्वाला थिए । ०४६-०४७ मा सल्यानमा पार्टी विस्तार तिब्र गतिका साथ भएको थियो ।

नेकपा (माले) केन्द्रीय कमिटीको निर्देशन राप्ती क्षेत्रीय संगठन कमिटी नेकपा (माले) को सामूहिक नेतृत्व र मेहेनतले ०४६ आश्विनदेखि ०४७ कार्तिक सम्ममा तल उल्लेखित महत्वपूर्ण राजनीतिक एवं संगठनात्मक कार्यहरू भएका थिए ।

१. राप्ती अञ्चल पार्टी संगठन, नेकपा (माले) राप्ती क्षेत्रीय संगठन कमिटीको निर्माण भएको । त्यसपछि अंचल स्तरको नेतृत्व दिन सक्ने नेतृत्वदायी कमरेडहरूको एक राम्रो पक्ति तयार भएको थियो । जस्तै क. छविलाल ओली, मेनका पोखरेल, हस्त बहादुर के.सी., वीर बहादुर सिंह, प्रकाश ज्वाला, उदय बोहरा, टिकाराम खड्का, गिरिराज के.सी. आदि ।

२. राप्ती अंचलको पाँचै जिल्लामा स्तरको संगठन निर्माण भएको थियो । जिल्ला स्तरमा नेतृत्व गर्ने कमरेडहरू तयार हुनु भएको थियो तर स्तर विकास गर्नुपर्ने अवस्था थियो ।

३. पार्टी इलाका स्तरमा गाउँ स्तरमा उल्लेखनीय ढंगले विस्तार हुँदै थियो ।

४. पार्टी सदस्य विस्तार भएको थियो ।

५. पार्टी प्रवेश पत्र वितरण भएको थियो ।

६. पूर्णकालिन पेशेवर कार्यकर्ताको संख्या थपिदै थियो ।

७. जनसंगठनहरूको विस्तार भएपनि राम्ररी सुदृढा हुनसकेका थिएनन् ।

८. दाङको घोराहीमा राप्ती क्षेत्रीय पार्टी कार्यालय खुलेको थियो । सबै जिल्लामा पार्टी कार्यालय खुलेको थियो । प्रारम्भिक व्यवस्थापन समेत भएको थियो । दाङ देउखुरी पार्टी जिल्ला कार्यालयसँगै लमहीमा केही इलाका, गाउँमा समेत पार्टी कार्यालयहरू खुलेका थिए । अन्य चार जिल्लामा पनि केही इलाका/गाउँमा समेत कार्यालय खुलेको थियो ।

९. पाटी र जनताको नेतृत्व गर्नको निम्ति असल नेतृत्व पङ्क्ति तयार पार्ने काम भएको थियो ।

१०. जनतामा कम्युनिष्टहरूप्रति सकारात्मक धारणा विकास गर्ने, कम्युनिष्ट आन्दोलन बलियो बनाउने काम एकहदसम्म भएको थियो र राप्ती अंचल भित्र कम्युनिष्ट पार्टीहरू बीच वैचारिक संघर्षमा त्यसबेला उग्रवामपन्थी र दक्षिणपन्थी विचार-दृष्टिकोणलाई कमजोर पार्न र

आफ्नो पार्टीको विचारधारा र दृष्टिकोणलाई स्थापित गर्ने काम भएको थियो । कम्युनिष्ट आन्दोलनमा आएको विभाजनको कारण निष्कृय रहेका पूराना धेरै कमरेडहरूलाई पुनः सकृय बनाउने र पार्टीमा गोलबन्द गर्ने काम पनि भएको थियो ।

११. राप्ती अंचलमा नेकपा (माले) को राजनीतिक उपस्थिति र उल्लेखनीय जनप्रभाव रहेको देखाउन सकेको थियो ।

१२. पञ्चायती व्यवस्थाको अन्त्यपछि पंचहरूको भित्र देशभक्त र इमान्दार तत्वहरूलाई आफूतिर तान्ने सवालमा हामी अलिक पछाडि परेको थियौं । त्यसबेला यस सवालमा केन्द्रीय दृष्टिकोणमा कमि थियो । यस सवालमा राप्तीमा हामी भन्दा नेपाली काँग्रेस अगाडि रह्यो । त्यसो भएतापनि राप्ती अंचलमा राजनीतिक शक्ति सन्तुलन हिसाबले नेकपा (माले) र ने.का. झण्डै वराबरीको स्थितिमा पुगेको थियो ।

पार्टीका यिनै उपलब्धीहरू सँगालेर म राप्तीबाट विदा भएको थिए । मैले राप्ती अञ्चलको पार्टी नेतृत्व लिंदा मुलुकभित्र निरंकुश तथा निर्दलीय पंचायती व्यवस्था थियो । पार्टी भूमिगत अवस्थामा काम गरिरेहको थियो । तर मैले अंचलबाट विदा लिंदा संयुक्तजन आन्दोलन सफल भई बहुदलीय व्यवस्थाको आगमन भईसकेको थियो । राप्तीबाट फर्केपछि पार्टी केन्द्रले मलाई बागमती क्षेत्रको जिम्मेवारी दिएको थियो । म बागमती आएको दुई महिनापछि पुष २०४७ मा नेकपा (माले) र नेकपा (मार्क्सवादी) बीच पार्टी एकता भई (एमाले) निर्माण भएको थियो ।

२०६१ भाद्र १५ शंखमुल ललितपुर

पूनः लेखन २०८० फागुण १५ ललितपूर

# धौलागिरीमा पार्टी कार्य : मेरा केही स्मृतिहरू

नेकपा एमालेको पाँचौं राष्ट्रिय महाधिवेशनमा म पार्टी केन्द्रीय कमिटी सदस्यमा निर्वाचित भएपछि महासचिव मदन भण्डारीको प्रस्ताव र अनुरोधमा मलाई धौलागिरी अञ्चलको चार जिल्ला बाग्लुङ पर्वत म्याग्दी र मुस्ताङको पार्टी कार्य संयोजन गर्ने इन्चार्जको जिम्मेवारी पार्टी केन्द्रीय कमिटीले दिएको थियो। त्यसबेला म नेपालको संसदको माथिल्लो सदन राष्ट्रिय सभाको सदस्य र नेकपा एमाले संसदीय दलको सदस्यको जिम्मेवारीमा पनि थिए।

२०४९ साल माघ अन्त्यतिर काठमाडौँबाट बसमा पोखरा पुगी पोखरा बाग्लुङ सडक निर्माण कार्यमा चिनिया ठेकदार कम्पनीहरूले प्रयोग गर्ने ट्रकमा चढेर पर्वतको सदरमुकाम कुस्मा पुगेको थिए।

बाटो खन्ने पुलहरू निर्माणकार्य हुँदै थियो। राति ११ बजेपछि ट्रक चढेर बिहान ४ बजेतिर कमरेड थममाया थापाको साथमा तत्कालीन नेकपा एमालेको नेता एवं पर्वत क्षेत्र नम्बर १ का सांसद माननीय कृष्णप्रसाद भट्टराईको कुश्मा बजार स्थित डेरामा पुगेको थिए। भोलिपल्ट फेरि कुस्माबाट ट्रक चढी मालढुंगा पुगेँ। काली नदीमा पुल बन्दै थियो। काली नदी तरेर हिँडेर बाग्लुङ बजार पुगेथिएँ। यो कुरा आजभन्दा ३३ वर्ष अगाडिको हो।

बाग्लुङ सदरमुकामबाट मलाई मालढुङ्गामा स्वागत गर्न तत्कालीन

धौलागिरी अञ्चल नेकपा एमाले सचिव कमरेड प्रेमनारायण पौडेल बाग्लुङका पार्टी नेता कमरेड गोविन्द अधिकारी लगायत १०-१५ जना साथीहरू आउनुभएको थियो मसँगै कुस्माबाट माननीय कृष्णप्रसाद भट्टराई र थममाया थापा साथैमा हुनुहुन्थ्यो हामी सबै हिँडेर नै बाग्लुङ बजार पुग्यौ ।

२०४९ माघ र फागुन दुई महिनामा मैले अञ्चल जिल्ला पार्टी कमिटीहरूको बैठक राखी चारै जिल्लाको समग्र जानकारी लिए । चारै जिल्लाको भूगोल, जनसंख्या जाती, धर्म, जनताका मूल समस्याहरू प्रशासन र सुरक्षाको स्थिति, राजनीतिक शक्ति सन्तुलन, राजनीतिक पार्टीहरूको अवस्था आदि बुझ्ने जानकारी लिने काम गरी नेकपा एमालेको पाँचौं महाधिवेशनले निर्देशित गरेको जनताको बहुदलीय जनवाद कार्यक्रम त्यसको रणनीति र कार्यनीतिबारे तत्कालीन अञ्चल र जिल्ला पार्टीका नेतृत्व गर्ने कमरेडहरूलाई जानकारी गराए । जनसंगठनहरूका नेतृत्वहरूको अवस्था बुझ्ने काम सँगै २०५० साल भित्र धौलागिरी अञ्चल पार्टी र जिल्ला पार्टी संगठनहरू पुनर्गठन गर्ने नेतृत्व विकासका लागि पार्टी प्रशिक्षण भेलाहरू गर्ने अर्धवार्षिक र वार्षिक योजनाको खाकाको तयार पारेर महासचिव मदन भण्डारीसँग सरसल्लाह गर्न नेकपा (एमाले) केन्द्रीय कार्यालय काठमाडौँ बागबजार पुगेको थिएँ मिति अहिले मेरो स्मृतिमा छैन त्यस दिन १ बजेतिर सगरमाथा आरोहण गर्न जाने क्रममा पासाङ ल्हामु शेर्पा महासचिव मदन भण्डारीसँग भेट्न हाम्रो पार्टी केन्द्रीय कार्यालय आउनुभएको थियो। मदनले मेरै अगाडि पासाङ ल्हामुलाई सगरमाथा यात्रा सफल रहोस् भनी शुभकामना दिनुभयो । त्यसपछि एक घण्टा कमरेड मदनसँग धौलागिरीको पार्टी काम अगाडि बढाउने सम्बन्धमा छलफल र सरसल्लाह गरियो । धौलागिरीमा नेकपा (एमाले)लाई सुदृढ बलियो बनाउँदै जनतामाझ अझ लोकप्रिय बनाउन तपाईं सफल हुनुहुनेछ यही मेरो शुभकामना छ भन्दै बिदा हुने बेलामा कमरेड मदनले भन्नुभयो कमरेड आज हात मिलाएर होइन गला मिलाएर बिदा हौँ। हामी दुबैले गला मिलाएर

बिदा भयौं । त्यो बिदा नै मदनसँगको अन्तिम विदाई भयो आज पनि मेरो स्मृतिमा त्यो दिन घरिघरि आइरहन्छ ।

२०५० जेष्ठ ३ गते दासढुङ्गा दुर्घटनाको दुखद समाचार रेडियो नेपालबाट राति ११ बजेको समाचारमा माननीय कृष्णप्रसाद भट्टराईको डेरा कुस्मामा सुनी राति नै नेकपा एमाले केन्द्रीय कार्यालयमा फोन गरे कार्यालय सचिव प्रदिप नेपालले उठाउनुभयो दुखद समाचार पुष्टि गर्नुभयो तुरुन्त काठमाडौँ आउन मलाई पार्टी निर्देशन भयो म २०५० जेष्ठ ५ गते काठमाडौँ आइपुगेँ ।

## धवलागिरी पार्टी नेतृत्व निर्माण

२०५० साल वैशाख ३० गतेको दिन नेकपा एमाले धवलागिरी अञ्चल संगठन कमिटीलाई रूपान्तरण गरी समन्वय कमिटीमा पुनर्गठन गरियो कमिटीमा संयोजक गोपाल शाक्य सचिव प्रेमनारायण पौडेल (पर्वत सचिव) सदस्यमा केशव पौडेल म्याग्दी जिल्ला पार्टी सचिव, सदस्य गोविन्द राम अधिकारी बाग्लुङ जिल्ला सचिव हुनुहुन्थ्यो पर्वत जिल्लामा पार्टी अधिवेशनपछि यस कमिटीमा कमरेड देवबहादुर केसी र मुस्ताङ जिल्ला पार्टी कार्यको संयोजन गर्ने जिम्मेवारी पाएका कमरेड नवराज शर्मा पनि धौलागिरी अञ्चल स्तरीय पार्टी नेतृत्वमा हुनुहुन्थ्यो ।

## धवलागिरीमा जनसागर सम्मेलन

२०५०/१/ १७ मा नेकपा एमाले धवलागिरी अञ्चल जनसंगठन समन्वय कमिटी गठन गरिएको थियो कमिटीमा संयोजक गोपाल शाकी सदस्य कमरेड गणेश शर्मा पौडेल शिक्षक फाँट कमरेड थममाया थापा महिला फाँट कमरेड नील तिलजा मगर र कमरेड मेघनाथ सुवेदी युवा फाँट कमरेड कृष्ण केसी विद्यार्थी फाँट सदस्यहरू थिए ।

धौलागिरी अञ्चल पार्टी कामलाई संयोजन गर्न काठमाडौँ र पोखरामा रहेका सम्पर्क मञ्चहरूका तत्कालिन नेतृत्वदायी साथीहरू र

धौलागिरी सन्देश पत्रिका प्रकाशन वितरण गर्ने साथीहरूको योगदान म यहाँ स्मरण गर्न चाहन्छु ।

नेपाल स्वतन्त्र मजदुर युनियन, भूपू सैनिक संगठन, अखिल नेपाल किसान सङ्घ, अखिल नेपाल महिला सङ्घ, नेपाल शिक्षक संगठन, नेपाल रेडक्रस साथै अन्य सामाजिक संस्था संघ संस्थाका तत्कालीन नेतृत्वमा रहेका सक्रिय साथीहरू अन्य वामपन्थी देशभक्त प्रजातान्त्रवादी संयुक्त संघर्षका मोर्चामा सक्रिय साथीहरू आदिलाई २०५१ को निर्वाचनमा जनताका सच्चा प्रतिनिधिहरू सूर्य ध्वजावाहक घर चिन्नमा मतदान गर्ने जनसमुदायलाई ३२ वर्ष पछि धन्यवाद भन्न चाहन्छु ।

**धवलागिरीमा सर्वसत्तावाद विरुद्ध संघर्ष**

नेकपा (एमाले) पार्टी केन्द्रीय कमिटीको आकस्मिक बैठकले महासचिव मदन भण्डारी र पार्टी केन्द्रीय संगठन विभाग प्रमुख जिवराज आश्रितको षड्यन्त्रपूर्ण हत्या भएको आशंका गरी नेपाल सरकार समक्ष उच्चस्तरीय जाँच आयोग गठनको माग गरी देशव्यापी शोक सभा श्रद्धाञ्जली सभाहरू आयोजना गर्ने निर्णय कार्यान्वयन गर्दै नेकपा एमाले धवलागिरी अञ्चल समन्वय कमिटीको २०५० असार २६ गते बसेको बैठकमा मैले श्रद्धाञ्जली प्रस्ताव प्रस्तुत गरि जनर्याली जनसभाहरू चारै जिल्ला बाग्लुङ, पर्वत, म्याग्दी र मुस्ताङमा गरिएको थियो । शोकलाई शक्तिमा बदल्दै गिरिजा सरकारको सर्वसत्तावाद र कुशासन विरुद्ध देशव्यापी संघर्ष, जन आवाज तीव्र हुँदै आन्दोलनको रूप लिँदै गइरहेको थियो । यसै पृष्ठभूमिमा सत्ता चलाइरहेको दल नेपाली कांग्रेसभित्र अन्तरविरोधहरू बढ्दै थियो । काठमाडौँ क्षेत्र नम्बर १ को उपनिर्वाचनमा पूर्व प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति कृष्णप्रसाद भट्टराई नेकपा एमालेका उम्मेदवार विद्यादेवी भण्डारीसँग निर्वाचन हारेपछि गिरिजाप्रसाद कोइरालालाई अन्तर्घात गरेको आरोप सार्वजनिक भयो । गिरिजा सरकारको विरोध नेपाली कांग्रेस भित्रबाट हुन थाल्यो । अर्कोतिर हाम्रो पार्टीको पक्षमा जनमत र विश्वास देशभरि

बढ्दै गइरहेको थियो । धौलागिरी अञ्चलमा जनसर्मथन र सहयोग बढ्दै गईरहेको थियो चारै जिल्लाका संर्घष समितीहरू जिल्ला पार्टी सचिवहरू कै नेतृत्वमा सक्रिययथिए । चारै जिल्लामा मसाल जुलुस, गिरिजाका पुत्ला दहनसँगै बजार वन्दको कार्यक्रम भएका थिए । बाग्लुङ बजारमा पुतला जलाउने कार्यक्रम र जनर्याली जनसभामा भाग लिएको, कुस्मामा राके जुलुसमा भाग लिएको स्मरण आज पनि आईरहेको छ ।

२०५० श्रावण ४ गते बिहान मेरो उपस्थितिमा बाग्लुङ जिल्लामा संघर्ष समिति नेकपा एमाले गठन गरिएको थियो । उक्त समितिमा संयोजक गोविन्दराज अधिकारी सदस्यहरू विष्णु भण्डारी, जनक शर्मा के बी राणा, कृष्ण केसी, कृष्णराज अधिकारी इन्द्र सापकोटा शिव कंडेल तोपबहादुर खड्का कृष्ण पाठक हरि कार्की, खेम थापा रहनुभएको थियो ।

सङ्घर्षका विविध कार्यक्रमहरू साथै पार्टी संगठन जनसंगठनहरू, सुदृढ गर्न प्रशिक्षण भेलाहरू गाउँ, इलाका, निर्वाचन क्षेत्र, जिल्ला, र अञ्चल स्तरमा २०५० र २०५१ दुई वर्षमा धौलागिरी अञ्चल ४ जिल्लामा धेरै प्रशिक्षण बेलाहरूमा अञ्चल र जिल्ला पार्टीको नेतृत्वसँग पार्टी केन्द्रीय नेताहरू पार्टी अध्यक्ष मनमोहन अधिकारी महासचिव माधवकुमार नेपाल, स्थायी कमिटी सदस्य तुल्सीलाल अमात्य, स्थायी कमिटी सदस्य भरतमोहन अधिकारी, मोहनचन्द्र अधिकारी, झलनाथ खनाल, बाचस्पति देवकोटा, प्रदीप नेपाल, शान्ता मानवी आदी नेताहरू ध्वलागिरी अञ्चलको विभिनन जिल्लामा पनि पार्टी प्रशिक्षण र जनसभाहरूलाई संवोधन गर्नु भएको थियो । करिव ७५ वटा कार्यक्रमहरूमा म स्वयंम उपस्थित भएको थिएँ ।

**ध्वलागिरी चार जिल्ला पार्टी पुनर्गठन**

पर्वत : २०५० /२०५१ दुई वर्ष बीचमा धौलागिरी अञ्चलका चार जिल्लाका जिल्ला अधिवेशनहरू गरी पार्टी कमिटी पुनर्गठन गरियो, सुदृढ गरिएको थियो । नेकपा एमाले पर्वत जिल्लाको दोस्रो अधिवेशन २०५० माघ ३० गते निर्वाचित १६ सदस्य जिल्ला पार्टी कमिटीमा सचिव

देवबहादुर केसी (धुवाकोट), कमरेड मोती पौडेल (खानीगाउँ) सचिवालय सदस्य, कमरेड उदय सुवेदी (शालिजा) सचिवालय सदस्य, कमरेड राजु पौडेल (जोर काफल) सचिवालय सदस्य, कमरेड यज्ञ सुवेदी इलाका नम्बर १, कमरेड चन्द्रप्रकाश सुवेदी इलाका नम्बर २, कमरेड भीमबहादुर बिसी इलाका नम्बर ३, कमरेड तोयानाथ चालिसे इलाका नम्बर ४, कमरेड मेघनाथ सुवेदी इलाका नम्बर ५, कमरेड दयाल भुसाल इलाका नम्बर ६, कमरेड रामप्रसाद गुरुङ इलाक नम्बर ७ , कमरेड भुवन गुरुङ इलाका नम्बर ८, कमरेड टिकाराम भुसाल इलाका नम्बर ९, कमरेड मित्रालाल बस्याल इलाका नम्बर १०, कमरेड मानबहादुर केसी इलाका नम्बर ११, कमरेड भीमकुमारी शर्मा महिला फाँट

**मुस्ताङ :**

२०५१ साल वैशाख ३१ गते मुस्ताङ जिल्लामा नेकपा एमालेको प्रथम अधिवेशन ६२ जनाको उपस्थितिमा सम्पन्न भएको थियो । निर्वाचित जिल्ला कमिटीमा सचिव कमरेड नवराज शर्मा (पूर्णकालीन नेता), उपसचिव कमरेड श्रीमाया थकाली, सदस्य कमरेड चन्द्रबहादुर गुरुङ, सदस्य कमरेड चुडामणि शर्मा, सदस्य कमरेड विकास गौचन, सदस्य कमरेड सुभद्रा लामा, सदस्य कमरेड आशाबहादुर थकाली, सदस्य कमरेड चन्द्रमोहन गौचन र सदस्य कमरेड टंकलाल गौचन ।

**बाग्लुङ :** २०५१ बैशाख १७ गते राति नेकपा एमाले बाग्लुङ जिल्लाको दोस्रो जिल्ला अधिवेशनबाट सर्वसम्मतिले निर्वाचित जिल्ला कमिटी यस प्रकार रहेका थिए ।

सचिव कमरेड गोविन्द अधिकारी, सदस्य कमरेड रामजी शर्मा, सदस्य कमरेड कृष्ण पाठक, सदस्य कमरेड केपी राना मगर, सदस्य कमरेड विष्णु भण्डारी, सदस्य कमरेड मोहनलाल शर्मा, सदस्य कमरेड रामहरी भुसाल, सदस्य कमरेड सुनिल शेरचन, सदस्य कमरेड इन्द्रलाल सापकोटा, सदस्य कमरेड लक्ष्मी पौडेल र सदस्य कमरेड हरि कार्की

जिल्ला अधिवेशनबाट नै जिल्ला कमिटीसँगै तल उल्लेखित विभागहरूको निर्माण गरिएको थियो ।

**स्थानीय निकाय तथा विकास निर्माण विभाग**

कमरेड केपी रानामगर, कमरेड कृष्ण राजअधिकारी, कमरेड इन्द्र सापकोटा

**बुद्धिजीवी शिक्षक विभागमा**

ऋषिराज अधिकारी, शिव कडेल, बाबरी, बेगबहादुर पुन

**विद्यार्थी तथा युवा विभागमा**

बाबुलाल शाक्य, लक्ष्मी पौडेल, हरिदत्त, ईश्वरराम

**आर्थिक विभागमा**

नरबहादुर थापा, योगेन्द्र सापकोटा र रामहरी भुसाल

**किसान विभाग**

टोपबहादुर खड्का, तीर्थमणि भुसाल, शेरबहादुर काउचा, मोहनराज ऋधिकारी

**महिला विभागमा**

कृष्ण मैया, दुर्गा रेग्मी, सुशीला र रूपमाया थापा

**म्याग्दी :** २०५० चैत्र २६ र २७ २ दिन बेनी बजार सदरमुकाममा दोस्रो जिल्ला अधिवेशन सम्पन्न भएको थियो । बन्द सत्रको अध्यक्ष मण्डल मेरै अध्यक्षतामा कमरेड रामबहादुर कमरेड नरदेवी पुन कमरेड नवराज शर्मा कमरेड रामचन्द्र अधिकारी रहेको पाँच सदस्य रहेको थियो । नेकपा एमाले म्याग्दीको दोस्रो पार्टी महाधिवेशनबाट सर्वसहमतिले निर्वाचित जिल्ला कमिटीमा निम्न कमरेडहरू हुनुहुन्थ्यो ।

१. कमरेड केशव पौडेल सचिव २. कमरेड नील पुन सदस्य ३. कमरेड थममाया थापा, ४. सदस्य कमरेड भूमिराज पुन सदस्य, ५. कमरेड डम्बर पुर्जा सदस्य, ६. कमरेड तर्फबहादुर केसी सदस्य, ७. कमरेड भूपेन्द्र थापा सदस्य ८. कमरेड सोमबहादुर बोगटी सदस्य, ९. कमरेड लक्ष्मण बानिया सदस्य, १०. कमरेड धनबहादुर पाइजा सदस्य, ११. कमरेड रामबहादुर सुवेदी सदस्य, १२. कमरेड खुमनाथ सुवेदी सदस्य, १३. कमरेड कृष्ण

पौडेल सदस्य ।

**मध्यावधी निर्वाचन – २०५१ मा धवलागिरी अञ्चल**

२०५० असार २७ गते तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको सिफारिसमा राजा वीरेन्द्रले संसद प्रतिनिधि सभा विगठन गरी २०५१ साल कार्तिक २७ गते मध्यावधि निर्वाचन गर्ने घोषणा भएपछि नेकपा एमाले धवलागिरी अञ्चल समन्वय कमिटीले निर्वाचन केन्द्रित पार्टी योजना २०५१ श्रावण भदौमा तयार पारी चारै जिल्लामा जिल्ला स्तरीय निर्वाचन क्षेत्र स्तरको निर्वाचन परिचालन समितिहरू भित्र प्रचार समिति, आर्थिक व्यवस्थापन समिति स्वयंसेवक सुरक्षा समितिहरू निर्माण गरिएको थियो ।

धौलागिरी अञ्चलका चार जिल्लाको राजनीतिक शक्तिहरू ठोस विश्लेषण गरी बाग्लुङमा वामपन्थी शक्ति मसाल र एकता केन्द्रसँग सहकार्य गर्ने सोच बनाएर नेकपा (एमाले) ले निर्वाचन क्षेत्र नम्बर २ मा र ३ मा जनमोर्चा नेपाल र मसालसँग सहकार्य गरी नेपाली कांग्रेस हराउने कार्यनीति तयार गरियो ।

पर्वत जिल्लामा हाम्रो प्रमुख प्रतिद्वन्दी नेपाली कांग्रेसलाई हराउन दुवै सिटमा विजय प्राप्त गर्ने रणनीति सोच बनाएर वामपन्थी एकता गर्ने देशभक्त शक्ति र व्यक्तिहरूलाई नेकपा एमालेको पक्षमा ल्याउन, सबै सम्पर्क सम्बन्धहरू परिचालन गर्ने सोचका साथ काम गरिएको थियो ।

म्याग्दीमा राष्ट्रिय प्रजातन्त्र पार्टीका पुराना पञ्चहरू विरुद्ध सबै शक्तिलाई गोलबन्द गर्ने सोच बनाएर काम गरिएको थियो । विशेषत जनजाति मगर र उत्पीडित जातीका मतलाई सूर्य ध्वजावाहक तिर मोड्न सम्पूर्ण शक्तिका साथ संगठनहरू परिचालन गरिएको थियो ।

मुस्ताङमा हाम्रो संगठन निर्वाचन विजय हासिल गर्ने तहमा पुगिसकेको थिएन हाम्रो तुलनामा कांग्रेस र राप्रपा बढी थिया उनीहरू दुवैले धन वर्षा गराएर मत किन्ने चलन त्यहाँ हावी भएको सूचना मैले पाएको

थिए । नेकपा (एमाले) सुय ध्वजाबाहकलाई विजयी बनाउन कठिनाइहरू थिए त्यसकारण कांग्रेस राप्रपा जुधाएर बीचको मतहरूले जित्ने सोच बनाएर निर्वाचनमा सहभागी भएका थियौ ।

निर्वाचनमा विजय हासिल गर्न प्रत्येक निर्वाचन क्षेत्रका जनताका समस्याहरू बुझी तद् अनुरुप प्रतिबद्धता र संकल्प /घोषणापत्र तयार पारी प्रचार गरिएको, घर दैलोमा उम्मेदवार पुग्ने जनसभाहरू मार्फत प्रचार सामग्रीहरू मार्फत् जनमत आकर्षित गर्ने काम गरिएको थियो ।

## निर्वाचन परिणाम

२०५१ साल कार्तिक २७ को मध्यावधि निर्वाचनमा बाग्लुङ क्षेत्र नम्बर १ बाट श्री गोविन्द अधिकारी १४,४३७ मत ल्याएर त्यस्तै पर्वत क्षेत्र नम्बर २ बाट श्रीदेवबहादुर पौडेल १६,६८२ मत ल्याएर र म्याग्दीबाट श्री निलबहादुर तिलीजा मगर १५४८६ मत ल्याएर विजयी भएका थिए । सूर्य ध्वजावाहक तीनजना बाहेक बाग्लुङ क्षेत्र नम्बर ३ मा श्री परि थापा विजयी भएका थिए । बागलुङ क्षेत्र नम्बर २ मा हाम्रो समर्थनमा घर चिन्न श्री चित्रबहादुर केसीले २०६ मत कम पाएर मतबदरको कारण हारेका थिए उहाँले १५०८९ मत प्राप्त गरेका थिए । १५२८३ मत पाएर नेपाली कांग्रेसका श्री मिन प्रसाद विजयी भएका थिए । पर्वत क्षेत्र नम्बर १ मा नेपाली कांग्रेसका इन्दु शर्मा १३६२१ मत पाएर विजयी भएका थिए । हाम्रो सुर्य ध्वजाबाहक यम गुरुङले १२७६९ मत पाएका थिए । त्यसबेला पर्वतको निर्वाचनमा पाङ्को बुथ नेपाली काँग्रेसका गुण्डाहरूले कव्जा गरे कब्जा रोक्न नसक्नु मुल हारको कारण थियो । २८२ मतले हारेका थिए । मुस्ताङमा हाम्रो मत सुरक्षा गर्‍यौँ तर विजय प्राप्त गर्न सकेनौँ ।

धवलागिरी अञ्चलको चार जिल्लामा २०४८ को आम विर्चिनको तुलनामा २०५१ को मध्यवती निर्वाचनमा हाम्रो मत बढेको थियो ।

२०८२, फागुन १२
शंखमुल, ललितपुर

# मेरो स्मृतिमा भारत प्रवासमा नेपाली जागरण अभियान

५ मई १९६६ महान् देशभक्त क्रान्तिकारी एकदेव आलेको पहल र नेतृत्वमा प्रवासी नेपाली कल्याणकारी सङ्घ स्थापना भएको थियो । त्यसको ३० वर्षपछि ५ मई १९९६ को दिन प्रवासी नेपाली सङ्घ (भारत) केन्द्रीय समितिले एउटा अपिल जारी गरेको थियो । त्यो २२ बुँदे अपिल तयार पार्न, जारी गर्न, त्यसपछि ६ महिना भारत प्रवासको प्रवासी नेपाली जागरण अभियान सञ्चालन गर्न नेकपा (एमाले)को भारत-प्रवास इन्चार्ज प्रवासी नेपाली संघ भारतको प्रमुख सल्लाहकारको हैसियतले म स्वयं सक्रिय थिए । प्रवासी नेपाली जागरण अभियान किन त यसको औचित्य आवश्यकता यसको महत्त्वबारे म धेरै यहाँ व्याख्या विश्लेषण गर्न चाहन्न तल उल्लेखित २२ बुँदाहरू आफै बोल्छ ।

**प्रवासी नेपाली जागरण अभियान किन त ?**

१. संयुक्त राष्ट्रसंघको बडापत्र, मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणा तथा अन्तर्राष्ट्रिय श्रम कानून अनुसार भारतमा प्रवासी नेपालीहरूले अन्तर्राष्ट्रिय अधिकार पाउनु पर्छ भन्ने मान्यतामा आधारित भई अघि बढाइँदै आएको संघर्षलाई उच्च गति प्रदान गर्न;

२. भारतका विभिन्न राज्यमा छुट्टाछुट्टै ढङ्गले विकसित भैरहेका प्रवासी नेपालीहरूका समस्याहरू संकलन गरी सहि समाधान पत्तो

लगाउने प्रयासलाई अघि बढाउन;

३. नेपाल-भारतबीच रहि आएको युगौं पुरानो मैत्री सम्बन्धलाई अझ समुन्नत पार्नको निम्ति हामीले आम प्रवासी नेपाली जनसमुदायलाई व्यापकरुपमा जागृत पार्नु आवश्यक छ । प्रवासी नेपालीहरू नै दुईदेश बीच सम्बन्ध विकासका पुल हौं । प्रवासी नेपालीहरूको जागृतिले मात्र जनस्तरमा हाम्रो मैत्री सम्बन्ध विकसित र सुदृढ हुन सक्छ भन्ने वास्तविकता बोध गराउन ;

४. सन् १९५० को 'शान्ति र मैत्री' सन्धीद्वारा प्रदत्त अधिकारहरू प्राप्त गर्न ठोस उपायहरू अवलम्बन गर्दै, उपरोक्त सन्धिको समीक्षा गरी समय सापेक्ष, समानतामा आधारित, गतिशील मैत्री सम्बन्ध पुनर्स्थापित होस्, उक्त सन्धिलाई समीक्षा गर्न बनाइने जुनसुकै समिति वा आयोगमा प्रवासी नेपाली प्रतिनिधिलाई सामेल गरिनु पर्छ भन्ने पक्षमा जनमत तयार पार्न;

५. प्रवासी नेपालीहरूलाई शिपमूलक प्राविधिक कार्यमा लाग्न प्रोत्साहित गर्न;

६. देशभित्र शिक्षाको उज्यालो देख्नै नपाई, रोजगारिका निम्ति मुग्लान पस्न विवश निरक्षर, अशिक्षित प्रवासी नेपालीहरूबीच प्रौढशिक्षा सञ्चालन गरी साक्षरता र शिक्षा अभिवृद्धि गर्न;..

७. प्रवासी नेपालीहरूमाथि हुने गरेका अनेकौँ अन्याय-अत्याचार, अपमान, भेदभाव र तिरष्कारका विरुद्ध सामूहिक र सँगठित संघर्ष गर्नुपर्छ भन्ने भावना अभिवृद्धि गर्न;

८. पूर्वोतर भारतमा नेपालीभाषि जनसमुदायमाथि सरकारी र गैरसरकारी दुवैस्तरमा भैरहेका ज्यादतीहरू रोक्ने प्रभावी उपाय अघि बढाउँदै, जातीय भाषागत संगठनहरू निर्माण र सञ्चालन गराउन;

९. भारतमा नेपाली विद्यार्थीहरूका समस्याहरूको यथोचित समाधानका निम्ति भैरहेको विद्यार्थी आन्दोलनलाई बलप्रदान गर्न;

१०. नेपाली धर्मशाला, वाचनालय, पुस्तकालय, मन्दिर र नेपाली साहित्यिक साँस्कृतिक महत्वका प्रतिष्ठानहरू निर्माण गर्न, भएका त्यस्ता ठाउँहरूको संरक्षण र विकास गर्न;

११. भारतका विभिन्न वेश्यालयहरूमा नारकीय जिन्दगी विताउन विवश नेपाली चेलीबेटीहरूको उद्धार गरी स्वस्थ र सम्मानपूर्ण जीवनयापन गर्न पाउने अधिकार र वातावरण श्रृजना गराउन;

१२. विश्वका विभिन्न मुलुकमा रहेका प्रवासी नेपालीहरू र अन्य प्रवासीहरूको समस्या बुझ्न, उनीहरूका न्यायपूर्ण माँग, संषर्घ र आन्दोलनहरूबाट शिक्षा लिंदै विश्वका श्रमजीवि जनताका आन्दोलनबारे जानकारी प्राप्त गरी अन्तर्राष्ट्रिय समझदारी एवं ऐक्यबद्धता बढाउन;

१३. महिला तथा बालकहरूको अधिकार प्राप्ति र रक्षाको निम्ति विभिन्न योजना तर्जमा गरी कार्यान्वयन गराउन;

१४. पृथ्वी हाम्रो साझा घर हो । पृथ्वीको सुन्दर भविष्य तथा प्राणी जगतको रक्षाको निम्ति वातावरण संरक्षण अनिवार्य छ । वातावरणको रक्षा गर्नु एवं यस सम्बन्धमा जागृति ल्याउनु हामी सबैको समान र पवित्र दायित्व भएकोले प्रवासी नेपाली जनसमुदायलाई सरसफाई र वातावरण आन्दोलमा सरिक गराई फोहर मैला विरुद्ध स्वच्छ सभ्यताको पहिचान गराउन;

१५. शारिरीक स्वास्थ्य र मैत्री अभिवृद्धिको निम्ति खेलकूद क्षेत्रको महत्वपूर्ण भूमिका हुने भएकोले यस क्षेत्रलाई योजनाबद्ध तथा प्रभावकारी ढंगले अघि बढाउन;

१६. हाम्रो आफ्नो राष्ट्रिय हितका निम्ति भारतका सबै वर्ग, व्यवशाय र तहका व्यक्ति तथा संस्थाहरूसँग सांगठानिक र व्यक्तिगत स्तरमा समेत घनिष्ट मित्रता बढ़ाउन;

१७. प्रवासी नेपालीहरूमा, विशाल भारतको भाषिक–साँस्कृतिक –विविधता तथा विशेषतायुक्त कला, साहित्य, सँस्कृतिका असल पक्षबाट सिक्दै, हामी प्रवासी नेपालको असल परंपरा, रीतिरिवाज, जनसँस्कृति र साहित्यलाई अझ समुन्नत, अझ सुदृढ़ पार्नु पर्छ भन्ने प्रेरणा जागृत गर्न;

१८. मातृभूमि नेपालमा देशबन्धु आफन्तहरूले चलाइआएका गास, बास, कपास र जनजीविकाको ग्यारेन्टीका निम्ति, प्रतिगामी षड्यन्त्रको विरुद्ध प्राप्त प्रजातान्त्रिक अधिकारहरूको रक्षा र सुदृढीकरण एवं राष्ट्रघाती षडयन्त्रहरूका विरुद्ध, राष्ट्रिय हितहरूको संरक्षण सम्बर्द्धनको निम्ति न्यायपूर्ण संघर्षहरूमा योगदान सुनिश्चित गर्न;

१९. प्रवासी नेपाली आन्दोलन नेपालको जनवादी आन्दोलनको महत्वपूर्ण अंग भएको वास्तविकता स्वीकार गरी, अन्यायको विरुद्ध न्यायको निम्ति, समानता र समृद्धीको लागि, शोषण, उत्पीडन तथा भेदभावका विरुद्ध सामाजिक न्याय प्राप्तिको निम्ति जनताको बहुदलीय जनवादी कार्यक्रमलाई सहयोग समर्थन गर्दै आमूल सामाजिक परिवर्तनका पक्षमा योगदान गर्न र थप्न;

२०. ठूला, शक्तिशाली तथा समृद्ध मुलुकहरूद्वारा साना, कमजोर तथा निर्धन मुलुकहरूमाथि हुने हस्तक्षेप, दबाव, आक्रमण गर्ने नवउपनिवेशवाद, प्रभूत्व एवं साम्राज्यवाद विरुद्ध विश्वशान्ति, स्वतन्त्रता तथा प्रगतिशील समाज स्थापना गर्न प्रवासी नेपाली संघ (भारत) को योगदान सुनिश्चित गर्नः

२१. कुनै खास स्थिति आइपरेमा सम्पूर्ण प्रवासी नेपाली आन्दोलनमा सकृय शक्तिलाई मुलुकमा समेत परिचालित गर्नु परेमा सो को निम्ति प्रवासी नेपालीहरूलाई सजग गराउन;

२२. संगठन विस्तार र व्यापक सुदृढीकरण गर्न;आदि यिनै र जागरण अभियानका दौरान आवश्यक ठानिन सक्ने यस्ता अनेकौं पक्षमा

हामीले आम प्रवासी नेपाली जनसमुदायलाई जागृत पार्नु पर्दछ, सँगठित गर्नु पर्दछ र आफ्नै बलबूतो र पहलमा प्रवासी नेपालीहरूका तमाम समस्याहरूको । समाधान गर्न कम्मर कसेर लाग्नु पर्दछ ।

यो छ महिने जागरण अभियानको तयारी सन् १९९५ डिसेम्बरदेखि सुरु गरेका थियौँ । नेकपा (एमाले)को भारत प्रवास इन्चार्जको जिम्मेवारी लिएर म त्यसै समय पुगेको थिए । यो २२ बुँदे ऐतीहासिक अपील सन् १९९६ अप्रील २० मा चर्तुथ अखिल भारत प्रवासी नेपाली सम्मेलनबाट सन् १९९६ मे ५ देखि डिसेम्बर ५ सम्म ६ महिना प्रवासी नेपालीहरूलाई जागृत, सचेत र सँगठित गर्न र प्रवासी नेपाली संघ भारतको संगठन बिस्तार र सुदृढ गर्ने प्रस्ताव समेत पारित गरेका थियौँ । चर्तुथ सम्मेलनको निर्णय पछि प्रवासी नेपाली सङ्घ भारतको हरेक प्रान्त, राज्य, महानगर, गाउँहरूमा हरेक उत्पादन इकाईहरूमा प्रवासी नेपाली जागरण अभियान सञ्चालन गर्ने योजना बनेको थियो र पछि पुनः ६ महिना थप गरि १२ महनिा सञ्चालन गरिएको थियो ।

यो जागरण अभियानका मुख्य दुई उद्देश्यहरू थिए । एक प्रवासी र भारतीय नेपालीहरूलाई आफ्नो हक अधिकारबारे सचेत गराउने र नेपालको राष्ट्रिय लोकतान्त्रिक एवं कम्युनिष्ट आन्दोलनमा जोड्ने, दोस्रो प्रवासीहरू माझ नेपाली प्रवासी सङ्घ (भारत)को संगठन विस्तार सुदृढ गर्ने ।

५ मई १९९६ देखि संचालित हुने 'प्रवासी नेपाली जागरण अभियान लाई आवश्यक सरसहयोग पु-याउन सम्पूर्ण प्रवासी नेपाली जनसमुदाय, भारतमा अध्ययनरत नेपाली विद्यार्थीहरू, भारतीय बन्धुहरू सम्पूर्ण वर्ग, व्यवशाय र तहका व्यक्ति तथा संस्थाहरू समक्ष हामीले हार्दिक अपिल गरेका थियौँ ।

प्रवासी नेपाली जागरण अभियानलाई हामीले साँस्कृतिक कार्यत्रम, खेलकूद, साहित्यिक गतिविधि, आमसभा, पत्रकार सम्मेलन, शान्तिपूर्ण

जुलूस प्रभात फेरी, रक्तदान, सार्वजनिक स्थानहरूमा सामूहिक सरसफाई, घरदैलो भेटघाट, गोष्ठी, अन्तरक्रिया आदि विभिन्न कार्यक्रमहरू गरि सम्पन्न गर्ने योजना बनाएका थियौँ ।

यो अभियानलाई नेपालको राष्ट्रिय लोकतान्त्रिक एवं कम्युनिस्ट आन्दोलनसँग प्रवासी नेपालीहरूको आन्दोलनलाई घनिष्ठ रूपले जोड्न तत्काल देखापरेका समस्याहरू, मागहरू संकलन गरी दुवै देशका सरकार हरूलाई अवगत गराउने उद्देश्य लक्ष्य पनि जोडिएको थियो ।

यो जागरण अभियानको मूल नारा थियो सामाजिक न्याय, राष्ट्रिय स्वाभिमान, प्रवासी नेपाली सङ्घ भारतको अभियान, यही मूल नाराका साथ दुई खुकुरी बीच पाँचकुने ताराअंकित लालझण्डा बोकेर भारतको पूर्व मणिपुरदेखि पश्चिम पन्जाबसम्म उत्तर कश्मिर पठानकोटदेखि दक्षिण कन्याकुरी पाण्डेचेरीसम्म हामी हजारौं लाखौं प्रवासी नेपालीहरू परिचालित भएका थियौ ।

यस जागरण अभियानको नेतृत्व गर्न प्रवासी नेपाली संघ भारतका तत्कालीन अध्यक्ष रामलाल काफ्ले, उपाध्यक्ष प्रेम राहुल, महासचिव घनश्याम कोइराला लगायत केन्द्र राज्य महानगर नगर आदिका सम्पूर्ण नेतृत्व लगायत नेकपा (एमाले) भारत प्रवास समन्वय कमिटीका इन्चार्ज गोपाल शाक्य, सचिव झिल्लुप्रसाद तिवारी, सचिवालय सदस्यहरू रामलाल काफ्ले, तिल कार्की, घनश्याम कोइराला, राजेश कोइराला, तिलप्रसाद काफ्ले, खेमचन्द्र ढकाल सदस्यहरू खिमलाल पोखरेल, गुरुप्रसाद शर्मा, रामचन्द्र भण्डारी, कर्ण पुन, बसन्तराज अधिकारी, लोकनाथ भण्डारी, हरिप्रसाद घिमिरे, ओम प्रकाश लामिछाने, प्रेमबहादुर रावल, लिला थापा, उदयराज अधिकारी, मुक्ति ढकाल, गरिमा शाह, ईश्वरीप्रसाद खनाल, लालवीन क्षेत्री, टेकबहादुर केसीले भारतको सबै राज्यहरूमा कार्यविभाजन गरेर सक्रिय भूमिका रहेको स्मरण गर्न चाहन्छु । यस प्रवासी नेपाली जागरण अभियान सँगसँगै भित्री तहमा नेकपा (एमाले)को पार्टी शुद्धिकरण

र सुदृढीकरण अभियान पनि सञ्चालन गरिएको थियो ।

३१ वर्ष बितेछ मेरो पुराना डायरी र नोटहरू पल्टाएर हेरे त्यसबखत पश्चिम बङ्गालमा कलकत्ता महानगरलाई केन्द्र बनाएर १५० भन्दा बढी सभाभेला प्रशिक्षण कार्यक्रमहरू भएका थिए । अभियानको नेतृत्व ओम प्रकाश लामिछाने, रमेश श्रेष्ठ, मुक्ति ढकाल, गोपाल भित्रीकोटी, गोमबहादुर राणा, बुद्धि तामाङ, जगन्नाथ भट्टराई, कर्जंग गुरुङ, हेमराज, हेमारानी योन्जन, गौरीमाया, रामप्रसाद प्रधान, लक्ष्मी जोशी लगायत सयौं साथीहरूले नेतृत्व गर्नुभएको थियो । पश्चिम बङ्गालमा सिलगुडी दुर्गापूर औद्योगिक क्षेत्र २४ प्रशन्ना लगायत २५ वटा प्रशिक्षण भेला सभामा म स्वयं उपस्थित भएको थिए ।

पश्चिम बङ्गालपछि पूर्वी भारत असम, मेघालय, नागाल्याण्ड, मणिपुरमा जागरण अभियान सञ्चालन गर्न म स्वयम् पुगेको थिए । असम र मेघालयमा जागरण अभियान नेतृत्व तिल कार्की, प्रेम खनाल, ईश्वरी खनाल, प्रकाश शर्मा, रणबहादुर क्षेत्री, भुवानन्द पाण्डे, विष्णुमाया कार्की, दुर्गा कार्की, आरती कार्की, भिमा गुरुङ, सुनिता निरौला, सँगीता क्षेत्री, गङ्गा क्षेत्री, चुडामनी निरौला, चित्रबिर न्यौपाने, परशुराम आचार्य, रामचन्द्र आचार्यले शिलाङ सहरलाई केन्द्र बनाएर खिलरीघाट, ज्वाई, उम्राई, नयाँ बंगला त्यस्तै असमको गुहाटी महानगरलाई केन्द्र बनाएर दनङ्ग रङ्गियाँ, होजाई, लामदिङ, टिपु, मिकृ हिल, कोइला पहाड, बोकाज्यान, तीनसुकिया आदि नगर गाउँसम्म हजारौं अपिल हातमा बोकेर ५० भन्दा बढी जनसभा भेलाहरू सम्पन्न भएका थिए । असम मेघालयमा म स्वयं उपस्थित भएको सभा र प्रशिक्षण कार्यक्रम केही चर्चा गर्न चाहन्छु ।

सिलाङ जेलरोड सतिशचन्द्र मेमोरियल हलमा ४९ जना नेतृत्वदायी साथीहरू माझ प्रशिक्षण भेला २३ जुन १९९६ मा सम्पन्न भएको स्मृतिमा आइरहेको छ । त्यस्तै अर्को गुहाटी पल्टन बजारमा महादेव मन्दिर जन-सभा १०१ जना उपस्थिती त्यहाँ गुहाटीका बुद्धिजीवी साथीहरूसँग

भेटघाट अन्तरक्रिया पनि भएको थियो । तुलबहादुर मालेमा, गोपाल जैसी, गोपालबहादुर नेपाली, शिक्षक नव सापकोटा, पत्रकार नरबहादुर दाहाल, फिल्म डिस्ट्रिब्युटर पूर्ण क्षेत्री, राजेश ठकुरी, (मन्दिर कमिटीका मूल सचिव) अधिवक्ता रामप्रसाद शर्मा लगायतको उपस्थिति थियो । सभा र अन्तरक्रिया १९९६ जुन १७ तारिखमा भएको थियो । १९९६ जुन २० तारिख मेघालयको जयन्ती हिलमा पर्ने खिलारीघाट ज्वाई कोइराला खानीमा साथी प्रकाश शर्माको नेतृत्वमा ५० जना श्रमिक नेपालीहरूसँग भेटघाट सभा भएको थियो । नागालाइन र मणिपुर राज्यमा लालवीन क्षेत्री, केपी क्षेत्री, जेबी क्षेत्री, मोती क्षेत्री, अशोक राई, एमएलए माननीय किशोर थापा, गोपाल प्रधान, अमर प्रधानलगायत गोर्खाली-गोर्खा भाषी समितिले समर्थन सहयोग गरेका थिए । डीमापुर नेपाली बस्तीको जनसभा सम्पन्न गर्न लालविन र मोती क्षेत्रीको नेतृत्वदायी भूमिका थियो ७०/८० जना गोर्खा-नेपालीहरूको उपस्थिति थियो । हाम्रो अपिल हात हातमा बाँडियो । नागालैण्ड कोहिमामा गोपाल प्रधान र जुनो भोटो र मुकोकचुङ्ग जिल्लामा अशोक राई, लालबहादुर क्षेत्री, जेबी क्षेत्रीको पहलमा सम्पन्न भएको थियो ।

मणिपुर इम्फरलमा माननीय किशोर थापाजीकै घरमा गोर्खा नेपालीहरूको भेला सभा सम्पन्न भएको थियो । हाम्रो अपिलको २२ बुँदा चर्चा भयो, विश्लेषण भएको थियो ।

त्यहाँ प्रवासीको रूपमा परिचय दिँदा नेपालीलाई विदेशी भनी लखेट्न सजिलो हुन्छ । त्यसकारण हामी प्रवासी नेपाली भन्न रुचि राख्दैनौ । हाम्रो घर खेतीबारी यँही छ भोटलिस्टमा हाम्रो नाम छ । कसरी हामीले प्रवासी भनौं प्रवासी नेपाली र भारतीय गोर्खाली दुवैको भाषा संस्कृति धर्म एउटै हो । आदि चर्चा भएको थियो । मणिपुर र नागाल्यान्डका धेरै नेपालीहरू गोर्खाली नै भन्न रुचि राख्दा रहेछन् मैले बुझ्ने मौका पाएँ ।

आन्द्र प्रदेशमा प्रवासी नेपाली जागरण अभियानको नेतृत्वमा कर्णबहादुर पुन, हिमाल ढकाल, बुद्धबहादुर थापा, प्रेम गुरुङ, दुर्गादत्त

गौतम, टिकाराम ढकाल, दिपेन्द्र ढकाल, नीलबहादुर थापा, चिन्तामणि पौडेल, लगायत साथीहरूले हैदराबाद विजय वाडा, नालगुण्डा, आर्केपुरम विशाखापटनम् आदि केन्द्र बनाएर आन्ध्र प्रदेशभरि ५० भन्दा बढी प्रशिक्षण भेला जनसभाहरू भएका थिए । नेकपा एमाले मध्य पश्चिम समन्वय कमिटीको नौँ बैठक आरकेपुर कार्यालयमा सम्पन्न सम्पन्न हुनको साथै ३५ जना साथीहरूका विच पार्टी प्रशिक्षण भएको र आन्ध्र प्रदेशका सबै महानगर, नगर, कारखाना–उत्पादन क्षेत्रहरूमा प्रवासी नेपाली माझ पुग्ने योजना बनायौँ । पार्टी सदस्य ९३ बाट १५० पुर्याउने प्रवासी नेपाली संघको सदस्य ६३९ बाट १००० पुर्याउने योजना बनायौं । रुद्ररामको जनसभामा म स्वयं उपस्थित भएको थिएँ । त्यहाँ ५०/६० जना प्रवासी नेपालीहरू उपस्थित थिए । एउटा ठूलो पिपलबोट छहारीमा यो जनसभा भएको सम्झना अझै आइरहेको छ फोटो पनि रहेछ । लेख सँग संलग्न गरी पठाएको छु ।

बिहारमा पटना जमशेदपुर केन्द्र बनाएर नेकपा (एमाले) भारत समन्वय कमिटी सदस्य राजेश कोइरालाको नेतृत्वमा १० देखि १५ वटा जनसभा र प्रशिक्षण भेलाहरू सम्पन्न भएका थिए हाम्रो अपिल बिहारको पटना–महानगर, मजफरपुर, मोतिहारी, बेतीया, रक्सौल, नरकटीयागञ्ज, सोहनपूर र भागलपूरमा हाम्रो अपिल पुगेको थियो । १९९६ मे ३० देखि ३१ दुई दिन कमरेड राजेश र मैले बलभद्र दाहाल, कुलबहादुर गुरुङ, भुवन सिंह थापा, लिलाबहादुर पाण्डे, टेकबहादुर श्रेष्ठ, गणेश श्रेष्ठ, शमशेरबहादुर बोहरा, लोककृष्ण थापा, राजेन्द्र बोहरा, पदमकुमार गुरुङ, अशोक राज मल्ल, नरहरीनाथ भाट, टेकबहादुर श्रेष्ठ आदि करिब २० जना विच पार्टी प्रशिक्षण भएको थियो । टाटानगर जमशेदपुरमा २०० देखि ३०० जनाको उपस्थितिमा जनसभा सम्पन्न भएको थियो ।

तमिलनाडु र पाण्डेचेरीमा प्रवासी जागरण अभियानसँगै नेकपा एमालेको पार्टी शुद्धिकरण र सुदृढीकरण अभियान सञ्चालन गरिएको

थियो । १९९६ मे १ मा तामिलनाडु पाण्डेचेरी प्रवास राज्य संयुक्त समन्वय कमिटी नेकपा (एमाले)को गठन गरिएको थियो । उक्त पार्टी कमिटीका सचिव कमरेड गुरुप्रसाद शर्मा सदस्यहरू कमरेड हरिकृष्ण पौडेल, आर्थिक प्रमुख कामरेड कृष्ण आचार्य, कमरेड दुर्गा पौडेल, कमरेड राधा कृष्ण आचार्य, कमरेड बुक सिंह गुरुङ, कमरेड धर्मेन्द्र उजाडी गुरुङ, कमरेड रविन भण्डारी, कमरेड पूरण सिंह थापा, यही नौ सदस्य कमिटीले प्रवासी नेपाली जागरण अभियानको नेतृत्व समेत गरेको थियो । तामिलनाडुको मद्रास माधवनारायणमा पार्टी प्रशिक्षण भेला ४१ जनाको भएको थियो त्यसमा मैले प्रशिक्षकको भूमिका निभाएको थिए । पाण्डेचेरी र तामिलनाडुमा १५/२० वटा जनसभाहरू भएका थिए । त्यसको सबै विवरण अहिले मेरो स्मृतिमा छैन । दुई तीन हजारभन्दा बढी प्रवासी नेपालीहरू जागरण अभियानमा सक्रिय थिए ।

महाराष्ट्र र गुजरातमा प्रवासी जागरण अभियान सञ्चालनको तयारीकै क्रममा सन् १९९६ १ २८ मा महाराष्ट्र गुजरात प्रवास राज्य संयुक्त समन्वय कमिटी नेकपा (एमाले) गठन भएको थियो । उक्त समन्वय कमिटीका सचिव कमरेड बसन्तराज अधिकारी, सदस्यहरूमा होमनाथ सापकोटा, विष्णु गिरी, मदन भारती, रणजित रसाइली थिए । यस कमिटीले नै प्रवासी नेपाली जागरण अभियानको नेतृत्व गरेको थियो । प्रवासी नेपाली संघ भारतका महासचिव घनश्याम कोइराला केन्द्रबाट विशेष जिम्मेवारी लिएर जागरण अभियान सञ्चालन गर्न खटिनु भएको थियो । महाराष्ट्रको थानेमा CPI को अफिसमा प्रवासी नेपाली भेला सम्पन्न भएको थियो र कल्याणमा साथी विष्णु गिरीको घरमा २०/२५ जना साथीहरू भेटघाट प्रशिक्षण भेला सम्पन्न भएको थियो । कमरेड घनश्याम र म दुवै प्रशिक्षकको रूपमा उपस्थित थियौँ । मुम्बईलाई केन्द्र बनाएर प्रवासी नेपाली जागरण महाराष्ट्र र गुजरातमा सञ्चालन गरिएको थियो ।

मध्य प्रदेश प्रवास राज्य समन्वय कमिटी नेकपा (एमाले) पुनगर्ठन १९९६/१/१२ मा भएको थियो । उक्त कमिटीमा सचिव खेमानन्द लुइटेल सदस्यहरूमा कमरेड गणेश घिमिरे, कमरेड रवि तिमल्सिना, हरिप्रसाद अर्याल, लगायत आठ सदस्य थिए । यही कमिटीले प्रवासी नेपाली संघ मध्ये प्रदेशमा प्रवासी नेपाली जागरण अभियान सञ्चालन र नेतृत्व गरेको थियो । भुपालमा भएको प्रशिक्षण भेला र जागरणसभामा मेरो उपस्थिति रहेको थियो ।

कर्नाटक-केरला प्रवास राज्य संयुक्त समन्वय कमिटी नेकपा (एमाले) गठन सन् १९९६मे ७ मा भएको थियो उक्त कमिटीमा सचिव कमरेड रामचन्द्र भण्डारी सदस्यहरूमा कमरेड लक्ष्मीप्रसाद शर्मा, कमरेड नरबहादुर बिष्ट, यदुनाथ पौडेल, लक्ष्मण प्रसाद कडेल, यही ५ सदस्य कमिटीको नेतृत्वमा प्रवासी नेपाली संघ कर्नाटक र केरला राज्यमा प्रवासी नेपाली जागरण अभियान सञ्चालन र नेतृत्व गरेको थियो । केही प्रवासी जनसभाहरूमा मेरो उपस्थिति थियो बेङ्लोर महानगरमा नेपालको बजाङ्ग जिल्लाबाट आएका प्रवासी नेपालीहरूको ठूलो संख्या रहेको जानकारी पाएको थिएँ ।

पन्जाब हिमाञ्चलमा कमरेड हरिप्रसाद घिमिरे, शेरबहादुर खड्का, प्रेम सापकोटा, बसन्त कार्की, हिराकुल गोदार, भेषबहादुर खड्का र रामलाल प्रजापतिको नेतृत्वमा हजारौं प्रवासी नेपाली यो जागरण अभियानमा सक्रिय थिए । लुधियाना, होसियारपुर, चन्दिगढ, रापेड, घनौली-थर्मलप्लान्टमा भएको जनसभा र प्रशिक्षणमा पुगेको थिएँ । त्यसबखतका केही फोटोहरू यस लेखको साथ संलग्न गरेको छु ।

दिल्ली भारतको राजधानी महानगरमा दिल्ली प्रवास राज्य समन्वय कमिटी नेकपा (एमाले) सन् १९९६/ ४/३० मा गठन गरिएको थियो । उक्त कमिटी सचिव कमरेड जीवननारायण कोइराला र उपसचिव

कमरेड लोकनाथ भण्डारी सदस्यहरूमा कमरेड उदयराज अधिकारी, कमरेड रामप्रसाद पराजुली, कमरेड कमल खरेल, कमरेड गरिमा शाह, कमरेड विनमहादेव भट्टराईको नेतृत्वमा महानगरमा प्रवासी नेपाली जागरण अभियान योजना बनाएर कार्यान्वियन गरिएको थियो ।

पूर्वी दिल्लीको विनोदनगरमा कमरेड केदारनाथ उपाध्यायको घरमा साइन बोर्डबिनाको नेकपा (एमाले) भारत प्रवास समन्वय कमिटीको कार्यालय बसेको थियो । त्यहाँ दुईवटा कोठा हामीले भाडामा लिएका थियौँ । दिल्लीमा प्रवासी नेपाली जागरण अभियान कार्यक्रममा ४५ टिमले भाग लिएको खेलकुद प्रतियोगिता जसको उद्घाटन दिल्ली काल्कामा मैले गरेको थिएँ । दुई तिन हजार नेपालीहरूको उपस्थिति थियो । अर्को जमुनानदीको किनार बेलारोड महादेव मन्दिरमा तीजको कार्यक्रममा दुई तिन हजार नेपाली दाजुभाई दिदीबहिनी आमा केटाकेटीहरू कार्यक्रममा उपस्थित थिए । हात हातमा जागरण अभियानको २२ बुँदे अपिल बाँडेका थियौँ । मादल बजाएर, तीजको गीत गाएर नाचेको सम्झना यो पंक्तिहरू लेख्दा अझै पनि आइरहेको छ ।

प्रवासी नेपाली संघ-भारतको केन्द्रीय कार्यालय हरियाणा फरिदाबादको नेपाली महादेव मन्दिर परिसरमा थियो । हरियानामा कमरेड रामलाल काफ्ले, कमरेड प्रेम रावल, कमरेड खिमलाल पोखरेल, कमरेड छविलाल तिवारी, दुर्गा बहादुर राणा, रामप्रसाद भट्टराई, रुपा गुरुङ, यमलाल भुसाल, गोमा भुसाल, सावित्रा काफ्ले, दिपा पाण्डे, सुमित्रा आचार्य, हेमा गुरुङ, भीम गुरुङ, बलबहादुर ठकुरी लगायत साथीहरू चण्डिगढ कर्नाल पानीपथ हिमानी हिंसार, गुडगाउँ कुरुक्षेत्रमा हाम्रो जागरण अभियान सम्पन्न भएको थियो । चतुर्थ अखिल भारत प्रवासी नेपाली सम्मेलनको उद्घाटन तत्कालिन नेकपा (एमाले) केन्द्रीय संगठन विभाग प्रमुख अमृतकुमार बोहराले गर्नुभएको उहाँ प्रमुख अतिथि हुनुहुन्थयो । त्यस समय हरियाणको फरिदावादमा भारत प्रवास समन्वय कमिटी नेकपा (एमाले) को

आयोजनामा दुईदिने पार्टी प्रशिक्षण पनि सम्पन्न भएको थियो ।

उत्तर प्रदेशमा प्रवासी जागरण अभियान सञ्चालन गर्न नेकपा (एमाले) भारत प्रवास समन्वय कमिटीले सचिवालय सदस्य कमरेड तिलप्रसाद काफ्ले पूर्णकालीन नेतालाई उत्तर-प्रदेशको जिम्वेवारी दिने निर्णयपछि मेरो उपस्थितिमा १९९६ मे २५ को दिन नेकपा (एमाले) उत्तर प्रदेश राज्य समन्वय कमिटी गठन भएको थियो । उक्त कमिटीको सचिव कमरेड तिलप्रसाद काफ्ले सदस्यहरूमा लिला थापा, प्रेम श्रेष्ठ, मणीराम वन, बुद्धिराम कुम्भकार, कर्णबहादुर खड्का, दुर्गा भण्डारी सात सदस्य कमिटीले उत्तर प्रदेशमा प्रवासी नेपाली जागरण अभियानको नेतृत्व गर्ने जिम्मेवारी लिएको थियो ।

उत्तर प्रदेशमा पहिलो प्रवासी नेपाली जागरण सभा लखनौ क्याल्ट रोड सिंचाई भवन हलमा सम्पन्न भएको थियो । १९९६ मे २६ को दिन मङ्गलप्रसाद बन्जाडेको अध्यक्षतामा नन्दलाल बन्जाडे, टोपेन्द्र केसीले, सञ्चालन र स्वागत मन्तव्य दिएको सभामा वक्ताको रूपमा प्रेम प्रसाद श्रेष्ठ, तिलप्रसाद काफ्ले र म स्वयं थिए ।

उत्तर प्रदेशमा लखनौलाई केन्द्र बनाएर लीला थापा, बनारसलाई केन्द्र बनाएर दिनेश पन्थी, कानपुरलाई केन्द्र बनाएर मणिराम वन र प्रेम श्रेष्ठ, हरिद्वार ऋषिकेश देहरादुनलाई केन्द्र बनाएर तिलप्रसाद काफ्ले, खेमचन्द्र ढकाल, अचुत जोशी, दुर्गा भण्डारीको पहलमा प्रवासी नेपाली संघ भारत २२ बुँदे अपिल नेपालीहरूको हात हातमा पुगेको थियो । गोरखपुर, भदौही, बरेली, ओखरा, सोरदगढ, मसुरी, पिथौरागढ, अल्मोडा आदि सहर गाउँहरूमा प्रवासी अपिल पुगेको थियो । जागरण अभियानकै समयमा अखिल भारत स्वतन्त्र विद्यार्थी युनियनको बाह्रौं अखिल भारत सम्मेलन ऋषिकेशमा सम्पन्न भएको थियो र देहरादुनमा सांस्कृतिक साँझ र नालापानी यात्रा मेरो स्मृतिमा ताजै छ । ३१/३२ वर्ष बित्यो त्यो देशभक्त वीर बलभद्र र हाम्रो अज्ञात सहिदहरू आमाबुबा भाइ बहिनीले बलिदानी

कुरबानी दिएको नालापानी किल्ला देहरादुनको त्यो यात्रा हाम्रो प्रवासी नेपाली जागरण अभियानको सफलताको लागि संकल्प गर्दै सहिदहरू प्रति श्रद्धाञ्जली अर्पण गरेको सम्झना यो स्मृति लेख लेख्दा पनि आइरहेको छ ।

प्रवासी नेपाली संघ-भारत सँगसँगै अखिल भारत स्वतन्त्र विद्यार्थी युनियनका सयौं हजारौं विद्यार्थी साथीहरू यस जागरण अभियानमा सकृय थिए । तत्कालीन विद्यार्थी अध्यक्ष खेमचन्द्र ढकाल विद्यार्थी पार्टी फ्याक्सन सचिव तिल काफ्ले, गरिमा शाह, राम गौतम, दुर्गा भण्डारी, शालिग्राम पौडेल, दिनेश पन्थी, दिपक भट्ट लगायतका साथीहरूले प्रवासी र भारतीय नेपाली माझ भारतका धेरै प्रदेशहरूमा गएर हाम्रो अपिल विद्यालय विद्यालयमा, विश्वविद्यालयहरूमा पुर्याएको त्यसमाथि विचार विमर्श छलफल गर्ने अभियान नै चलाउनुभएको थियो ।

प्रवासी नेपाली संघ-भारत, अखिल भारत स्वतन्त्र विद्यार्थी युनियन सँगसँगै चेतना सांस्कृतिक परिवार कलकत्ता । नवोदय सांस्कृतिक परिवार-भूपाल । सांस्कृतिक परिवार-पानीपथ । सिर्जना सांस्कृतिक परिवार-दिल्ली । सिलाङ नेपाली कला मन्दिर । जनता सांस्कृतिक परिवार-गुहाटी असम । जनआवाज सांस्कृतिक परिवार-हैदराबाद । नवजागृति सांस्कृतिक परिवार-फरिदावाद । सम्झना सांस्कृतिक परिवार अमानेस्वावियु यस बाहेक केही सांस्कृतिक परिवारहरू सत्रिय थिए । नाम मेरो स्मृतिमा रहेन क्षमा गर्नुहोस् । प्रवासी नेपाली जागरण अभियानलाई यी सांस्कृतिक परिवारले अझ जागृत गराएको थियो, देशभक्त नेपालीहरूको पहिचान र सम्मानलाई अझ माथि उठाएको थियो ।

यी सांस्कृतिक परिवारहरूले आफ्नो राज्य-प्रदेश, महानगर, नगर, गाउँहरूमा मात्र होइन नेपालको राजधानी महानगर काठमाडौँको राष्ट्रिय सभा गृहमा २०५२ माघ २ गते प्रवासी नेपाली संघ भारतको आयोजनामा सांस्कृतिक साँझ भव्य र सफलतापूर्वक सम्पन्न गरेको थियो । उक्त सांस्कृतिक साँझका प्रमुख अतिथि माधवकुमार नेपाल तत्कालीन नेकपा

(एमाले) का महासचिव लगायत धेरै जना माननीय ज्यूहरूको उपस्थिति रहेको र काठमाडौँमा जनताले राम्रै स्वागत गरेका थिए । म स्वयं त्यस कार्यक्रममा उपस्थित थिएँ । भारत प्रवासका नेताहरू तिलप्रसाद काफ्ले, जीवननारायण कोइराला, पर्शु पाण्डे, गरिमा शाह साथै सांस्कृतिक कला नृत्य सँगीतकर्मी साथीहरू श्रीमती बगला राउत गुरुङ, सुश्री देवीराज भण्डारी, शकुन्तला देवकोटा, श्रीमती सीता राई, हेमराज बिक, रुद्र बिक, राजु श्रेष्ठ सुमन सन्तोषी, शिव गुरुङ रावल, हुनुहुन्थ्यो । काठमाडौँमा सम्पन्न सांस्कृतिक साँझले प्रवासी र देशबासीहरूलाई देशभक्तिपूर्ण प्रगतीशील लोकतान्त्रिक परिवर्तन तिर अग्रसर हुन आह्वान अपील गरेको थियो ।

प्रवासी नेपाल जागरण अभियान एक वर्ष चल्यो त्यस अभियानको दौरानमा मणिपुर, असम, नागालैण्ड, पश्चिम बङ्गाल, बिहार, उत्तर प्रदेश, दिल्ली, हरियाणा, पन्जाब, कर्नाटक, केरला, तमिलनाडु, पाण्डेरी राज्यहरूमा पुगेँ त्यहाँका महानगर, नगर, मात्र होइन गाउँ गाउँसम्म पुगेँ । प्रवासी नेपाली र भारतीयली नेपालीहरूसँग प्रत्यक्ष भेटघाट कुराकानी गर्ने मौका पाएँ । उहाँहरूको समस्या मागहरू सुन्ने बुझ्ने मौका पाएँ । प्रवासी नेपाली जागरण अभियानका कयौँ ठाउँहरूमा भारतीयली गोरखा जागरण अभियानको रुप पनि लियो । गोर्खा समाज, गोर्खा लिग, गोर्खा जागरण समाज, गोर्खा मन्दिर समितिहरू, भाषा समितिहरूले हाम्रो अपिल आह्वान सुनेँबुझेँ हामीहरूलाई सहयोग समर्थन गरेका थिए ।

प्रवासी नेपाली जागरण अभियानको दौरानमा भारतका पार्टीहरू विशेषत CPI (M), CPI, CPI (ML) ले हाम्रो जागरण अभियानलाई समर्थन दिएका थिए । मैले त्यस बखत पश्चिम बङ्गालका मुख्यमन्त्री ज्योतिवसु र स्वास्थ्यमन्त्री प्रशान्त सुरसँग भेटवार्ता गरेको थिए । CPI (M) का केन्द्रीय महासचिव हरकिसन सुरजित र विदेश विभाग प्रमुख सीताराम इचुरीजीसँग भेट वार्ता गरेको थिएँ । त्यस्तै CPI (ML) महासचिव विनोद मिश्र र विदेश विभाग प्रमुख स्वदेश भट्टाचार्यसँग भेटवार्ता गरेको थिएँ । CPI अफिसमा कमरेड D. RAJA र अन्य नेताहरूसँगे भेटवार्ता गरेको थिएँ । हाम्रो अपिलप्रति

उहाँहरू सकारात्मक हुनुहुन्थ्यो । उहाँहरूले अभियान सफलताको कामना गर्नुभएको थियो ।

यो १२ महिने प्रवासी नेपाली जागरण अभियानको समीक्षा विवेचना मूल्याङ्कन प्रवासी नेपाली संघ भारत र नेकपा (एमाले) भारतमा समन्वय कमिटीले गरेको छ छैन मलाई थाहा छैन मेरो विचारमा एकपटक फर्केर समीक्षा गर्नु राम्रो हुन्छ । भारतमा प्रवासी नेपाली र भारतीयली नेपालीहरूको जागरण आन्दोलन आज पनि जारी छ । नेपाल र भारतको देशभक्ति पूर्ण राष्ट्रिय लोकतान्त्रिक आन्दोलनसँग प्रवासी नेपाली र भारतीयली नेपालीहरूकै आन्दोलन घनिष्ठ रुपमा जोडिएका छन् सन् १९५० को नेपाल भारत मैत्री सन्धी समयको मागसँगै नवीकरण हुनुपर्दछ । दुवै देश नयाँ मैत्री सन्धीहरूको लागि तयार रहनुपर्दछ ।

भारतमा रहेका प्रवासी नेपाली र भारतेली नेपालीहरूबीच एकता अमर रहोस् । यो दुई मुटु जोडिएको एकता हो । अब त भारत मात्र होइन विश्वभरिकै प्रवासी नेपालीहरू विश्वभरिकै विभिन्न देशका नेपालीहरू बीच एकता र प्रगतिको बाटो खोज्न एकदेव आले प्रतिष्ठानले अग्रसरता लिनु आवश्यक छ । एकदेव आले प्रतिष्ठान विश्वभरिका नेपालीहरूको अध्ययन अनुसन्धान खोजको केन्द्र बनोस् । विश्वभरिका नेपालीहरूको जागरण अभियानको सन्देश बाहक बन्न सकोस् ।

२०८२ आषाढ ८

*(नोट : नेपालको लोकतान्त्रिक एवं कम्युनिष्ट आन्दोलका अग्रणी नेता, नेकपा (एमाले) भारत प्रवास पूर्व इन्चार्ज कमरेड गोपाल शाक्यले एकदेव आले प्रतिष्ठान रुपन्देहीको बिशेष आग्रहमा यो लेख लेखि प्रतिष्ठानमा उपलब्ध गराईदिनु भएको -सम्पादक )*

# नेकपा (एमाले) केन्द्रीय सम्पर्क विभागमा चार वर्ष

नेकपा (एमाले) को पार्टी स्थायी कमिटीको ४२ औँ बैठकले २०६१ श्रावण १५ गते मलाई पार्टी केन्द्रीय निर्वाचन विभाग प्रमुखबाट केन्द्रीय सम्पर्क विभाग प्रमुखको जिम्मेवारी तोकेको थियो । त्यस दिनबाट निरन्तर २०६५ भाद्रसम्म चार वर्ष एक महिना नेकपा एमाले केन्द्रीय सम्पर्क विभाग प्रमुखको जिम्मेवारीमा रहेको थिए । मैले यो पार्टी जिम्मेवारी सक्रियतापूर्वक, इमान्दारी र  अनुशासित भएर निर्वाह गरे ।

२०६५ भाद्र १५ पार्टी केन्द्रीय कमिटीको निर्णयअनुसार नेपाल सरकारको युवा तथा खेलकुद मन्त्री पदको शपथ लिएको थिए । त्यस दिनदेखि म औपचारिक रुपबाट नेकपा एमाले केन्द्रीय सम्पर्क विभागबाट बिदा भए ।

आज २० वर्षपछि ती दिनका अनुभवहरू सेयर गर्दैछु । मेरो पार्टी जीवनका ५० वर्षमा २० वर्ष केन्द्रीय कमिटीमा रहँदा मैले पार्टीको केन्द्रीय विभागमा स्थानीय निकाय, निर्वाचन विभाग, आर्थिक विभाग अनि केन्द्रीय कार्यालय सचिवको जिम्मेवारी, अञ्चलहरू तत्कालिन लुम्बिनी, राप्ती, बागमती, धौलागिरी, काठमाण्डौ उपत्यकाको विशेष पार्टी कमिटी, जिल्लाहरू तत्कालिन नवलपरासी, दाङ देउखुरी, पाल्पा र नुवाकोटको सचिवको रुपमा काम गरेको अनुभव साथै सम्पर्क विभाग पार्टी नेतृत्वको अनुभव मेरो निम्ति बिशेष महत्व राख्ने अविश्मरणीय मध्ये छ । यी हरेक ठाउँमा पार्टीले दिएको जिम्मेवारीपूर्ण काम गर्दा संगठनात्मक अनुभवहरू,

जनसंघर्ष र आन्दोलनहरू जनपरिचालन गर्दै पार्टी नेतृत्व स्थापित गर्न विशिष्ट अवस्थाहरूमा पार्टी विचार - नीति कार्यक्रमहरू सिर्जनात्मक रूपमा लागू गर्न र व्यवहारमा उतार्ने कार्यहरूले पार्टी संगठनलाई गुणात्मक रुपमा बलियो बनाउन र विस्तार गर्न जनसङ्घर्ष र आन्दोलनहरूबाट पार्टीको व्यवहार, विचार र नीति कार्यक्रम अझ उन्नत हुँदै नयाँ सिद्धान्त र विचारधाराको विकास हुँदै जान्छ । पार्टी नेतृत्वको सैद्धान्तिक वैचारिक चेतना अझ उन्नत विकसित हुँदै जान्छ मेरो स्वयंको अनुभव पनि यहि छ ।

मैले नेकपा (एमाले) केन्द्रीय सम्पर्क विभागको नेतृत्व गरिरहँदा नेपाल राष्ट्र र नेपाली जनता निकै ठूलो संकटहरू र समस्याहरूबाट गुज्रिरहेको थियो । एकातिर निरङ्कुशतावादी प्रतिक्रियावादीहरू प्राप्त प्रजातान्त्रिक जनअधिकार खोस्ने तयारी गर्दै थियो भने अर्कोतिर उग्रवादी-उग्रवामपन्थी नेकपा (माओवादी) शक्ति "जनयुद्ध" विस्तार गर्दै राष्ट्र, जनता र जनताको धनजनको ठूलो क्षति गर्दै अशान्ति हिंसाको- हिंसात्मक बाटोतिर अग्रसर थियो । यस्तो अवस्थामा पार्टी केन्द्रले काठमाडौँ उपत्यकामा विभिन्न पेशा व्यवसाय गरी बसेका आम जनताको जनसमस्या बुझ्न उनीहरूको न्यायोचित मागहरूको सम्बोधन गर्न-गराउन जनसम्पर्कहरू विविध क्षेत्रहरूमा विस्तार गरी पार्टी सम्पर्क, पार्टी नेतृत्वलाई परिस्थिति अनुरुप बलियो बनाउन र विस्तार गर्न पार्टी प्रशिक्षण, संगठन विस्तार, जनसंघर्ष र जनआन्दोलनमा सक्रिय जन सहभागिता परिचालन गर्ने प्रमुख नेतृत्व मैले पाएको थिए । त्यस अवस्थामा मैले तयार पारेका पार्टी प्रशिक्षण सामग्रीहरू, प्रतिवेदन-रिपोर्टहरू, वार्षिक कार्यक्रमहरू, जिल्ला सम्पर्क मञ्चहरूबाट प्रकाशित मुखपत्रमा लेख रचनाहरू त्यस बखतको प्रचार सामग्रीहरू थिए । सम्पर्क मञ्चहरूले संयुक्त जनआन्दोलनमा जनताको नेतृत्व गरेका थिए । दिनदिनै हुने प्रहरी ज्यादती, गिरफ्तारी, प्रहरी क्लव भृकुटीमण्डव, सशत्र प्रहरीको व्यारेकहरूमा वन्दी भएर विताएका दिनहरू स्मरण गर्दै संघर्षको मैदानहरूमा नेपालमा लोकतान्त्रिक गणतन्त्रको स्थापना र "जनयुद्ध" अन्त्य गरी शान्ति वार्ता गरी देशमा शान्ति स्थापना गर्ने आह्वान गर्दै काठमाडौँ

ललितपुर भक्तपुर सडकहरू मात्र होइन नेपालको ७१ जिल्लाहरूमा आफ्नो न्यायोचित मागहरू संघर्षका आवाजहरू सम्पर्कमञ्चहरूले विभिन्न माध्यमबाट जनजनमा पुऱ्याएको थियो । त्यस बखत जनजागृतिका लागि खेलेको भूमिका स्मरणीय मात्र होइन प्रशंसा योग्य रहेको थियो । त्यसकारण मैले त्यसबेला भनेको थिएँ सम्पर्क मञ्च भनेको नै जन आन्दोलनको नाम हो, सम्पर्क मञ्चहरू स्वयंमा जनसंर्घष-जन आन्दोलनको मञ्च हो ।

मेरो कार्यकालमा नेकपा (एमाले) केन्द्रीय कमिटी समक्ष सम्पर्क मञ्चहरूलाई अझ व्यवस्थित गरी परिचालन गर्न साथै उत्पादन भएका कार्यकर्ताहरूलाई अझ उत्साहित बनाउँदै पार्टी काममा अनुशासित ढङ्गले लगाउन मञ्चहरू मार्फत पार्टी प्रभाव जनता माझ विस्तार गर्न तत्काल नेकपा (एमाले) सम्पर्क मञ्च सञ्चालन निर्देशिका - २०६१ परिमार्जन र संशोधन आवश्यक परेको हुँदा यो निर्देशिकामा संशोधन प्रस्ताव पेश गरेको थिए ।

**प्रस्ताव यसप्रकार थिए : छोटकरी**

"जिल्ला, क्षेत्र सम्पर्क मञ्चहरूको संगठनात्मक ढाँचा यथावत राखी आवश्यक पर्दा गाउँ, नगर सम्पर्क मञ्चहरू निर्माण गर्न सक्ने व्यवस्था गरी अञ्चल सम्पर्क मञ्चभन्दा माथि विकास क्षेत्र सम्पर्कमञ्च निर्माण गर्ने व्यवस्था प्रस्ताव पेश गरेको छु ।

क्षेत्रीय सम्पर्क मञ्च भित्रको पार्टी फ्र्याक्सनलाई पार्टी शाखा कमिटी सरह, जिल्ला सम्पर्क मञ्च भित्रको पार्टी फ्र्याक्सनलाइ पार्टी निर्वाचन क्षेत्रीय कमिटी सरह र अञ्चल सम्पर्क मञ्चहरू सट्टा अञ्चल सम्पर्क कमिटी भन्ने र त्यसलाई पार्टी जिल्ला कमिटी सरह साथै विकास क्षेत्र सम्पर्क कमिटी सदस्यहरूलाई पार्टी अञ्चल कमिटी सदस्य सरह केन्द्रीय सम्पर्क विभाग सदस्यहरूलाई राष्ट्रिय परिषद् सदस्य सरह मान्यता दिने प्रस्ताव पेश गरेको छु ।"

"यो प्रस्ताव दुई तिन वर्षको लागि अल्पकालीन व्यवस्था

हो। मूलतः मुलुक संघीय गणतन्त्रको ढाँचामा गएपछि पार्टीको संगठनात्मक ढाँचा र सम्पर्क मञ्चहरूको ढाँचामा पनि परिवर्तन आउने कुरा निश्चित नै छ। तत्काले अरु पार्टीहरूको  प्रतिस्प्रधामा कार्यकर्ता शक्ति जोगाउन र पार्टी सम्पर्क र जनशक्ति वृद्धि गर्न यो संशोधन प्रस्ताव आवश्यक भएकोले सम्मानित पार्टी केन्द्रीय कमिटी समक्ष निवेदन गर्दछु।"

सम्पर्क मञ्चहरूको नेतृत्व गर्दै नेपालमा शान्ति स्थापना गर्न र लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न हाम्रो सक्रिय भुमिका प्रति आज पनि गौरव महसुस गर्दछु। त्यस बखत संयुक्त जनआन्दोलनमा सक्रियतापूर्वक लागि पर्ने सम्पर्क मञ्च, सम्पर्क विभागका नेतृत्वहरू प्रति सम्मान प्रकट गर्दछु। जनआन्दोलनका घाइतेहरू र सहिदहरू प्रति उच्च सम्मान प्रकट गर्दै यो लेखसँगै निम्न ऐतिहासिक सामग्रीहरू नेकपा (एमाले) केन्द्रीय सम्पर्क समन्वय कमिटीलाई पठाएको छु। यी सबै सामग्रीहरू अध्ययन गरौं त्यस बखतको अनुभवहरू तपाईहरूको अगाडि आउनेछ।

१. सिन्धुली आवाज शुभकामना र वर्तमान परिस्थितिमा सम्पर्क मञ्चको दायित्व लेख :-

२. शाही घोषणा विरुद्ध व्यापक संयुक्त मोर्चा लेखः-

३. रामेछाप सम्पर्क मञ्चको युग सन्देश पत्रिकामा शुभकामना र लोकतान्त्रिक गणतन्त्रको लागि जनअभियान लेख :-

४. २०६३/६४ को सम्पर्क मञ्चको प्रगति प्रतिवेदन पार्टी केन्द्रलाई बुझाइएको।

५. कमरेड महासचिवको प्रतिवेदनमाथि टिप्पणी र सुझाव।

६. राष्ट्रिय कार्यकर्ता भेलामा केन्द्रीय सम्पर्क विभाग तथा अञ्चल सम्पर्क मञ्चबाट सहभागीहरूको विवरण।

७. लोकतान्त्रिक गणतन्त्रका लागि जनअभियान सञ्चालन सम्बन्धी नेकपा एमाले केन्द्रीय सम्पर्क विभागको कार्ययोजना।

८. बर्दिया सन्देश पत्रिकालाई शुभकामना र मार्क्सवाद लेनिनवाद सिर्जनात्मक प्रयोग लेख :

९. पार्टीको रणनीति र त्यसको कार्यनीतिसँगको अन्तरसम्बन्धले :-

१०. उदयपुर सम्पर्क मञ्चको तेस्रो अङ्कलाई शुभकामना र कम्युनिष्ट पार्टीमा नेतृत्व विकास कसरी गर्ने सम्बन्धी लेख :-

११. कम्युनिष्ट पार्टीमा नेतृत्व विकास गर्दा ध्यान दिनुपर्ने केही कुराहरू लेख :-

१२. ओखलढुङ्गा सम्पर्क मञ्चद्वारा प्रकाशित ओखलढुङ्गा सन्देश पत्रिकालाई शुभकामना र वर्तमान सन्दर्भमा हाम्रो प्रस्ताव तथा आह्वान लेख

१३. पाल्पाली सन्देश मुखपत्रको लागि शुभकामना र क्रान्तिकारी कम्युनिष्ट नेतृत्व निर्माण र विकास गर्न ध्यान दिनुपर्ने केही कुराहरू सम्बन्धी लेख :-

१४. बाजुरा आवाज मुखपत्रको लागि शुभकामना र पार्टीको रणनीति र त्यसको कार्यनीतिसँगको अन्तरसम्बन्ध लेख :-

१५. धनकुटा आवाज मुखपत्रको लागि शुभकामना र मार्क्सवाद र यसको सिर्जनात्मक प्रयोग सम्बन्धी लेख :-

१६. धौलागिरी आवाज मुखपत्रको लागि शुभकामना

१७. २०६२ चैत्र २४ देखि २०६३ बैशाख ११ सम्मको जनआन्दोलनमा विभिन्न क्षेत्रमा खट्नु भएका केन्द्रीय सम्पर्क विभागका कमरेडहरू

मैले पठाएका, माथि उल्लेखित प्रतिवेदन, लेख रचनाहरू मध्यबाट नं. १,२,३,४,६,७ र १७ लाई प्रथामित्तामा राखि छाप्दा राम्रो हुन्छ ।

यी सबै प्रतिवेदन, लेख, रचनाहरूमा मैले त्यस बेलाको परिवर्तित परिस्थितीहरूको-वितरण, विश्लेषण मुल्याङ्कन समिक्षाको सार नै मेरा र हाम्रा अनुभवहरू हुन । राम्रा अनुभवबाट सिकौँ, नराम्राहरू हटाऔँ, शिक्षा ग्रहण गरौँ र हाम्रो ऐतिहासिक कार्यहरूको सिंहावलोकन गरौँ, इतिहास सुरक्षित राखौँ ।

२०८१ भाद्र १४

# खण्ड - ३

## विभिन्न व्यक्तित्वहरू बारे स्मृति लेखहरू

# नेपालको राजनीतिमा कमरेड तुल्सीलालका योगदानहरू

नेपाल कम्युनिस्ट पार्टीका पूर्वमहासचिव कमरेड तुल्सीलाल अमात्यको जन्म १९७३ साल जेठ १४ गते ललितपुर (पाटन) को को बहालमा भएको थियो भने निधन ०५४ साल साउन १७ गते मिगौला रोगसँग जुध्वाजुध्दै ग्वाचें पाटनमा भएको थियो । ८१ वर्षको जीवनकालमा उहाँको अधिकांश समय नेपाल राष्ट्र र नेपाली बहुसङ्ख्यक जनताको हितका लागि सङ्घर्ष र सेवामा नै समर्पित रहेको थियो । उहाँको सङ्घर्षशील जीवन, अनुशासन, त्याग, सिर्जनशीलता, अध्ययनशीलता हाम्रा लागि प्रेरणाको स्रोत हो । उहाँको विचार, दृष्टिकोण र सैद्धान्तिक अडानहरूले आज पनि हामीलाई मार्गदर्शन गरिरहेका छन् ।

पहिला निरङ्कुश राणा शासनविरुद्ध प्रजातन्त्र प्राप्तिका लागि ००७ देखि ०१७ सम्म देशीविदेशी षड्यन्त्रविरुद्ध प्रजातन्त्र सुदृढीकरण र जनताको गाँस र बासका लागि उहाँका सङ्घर्षहरू महत्त्वपूर्ण रहेका थिए । ०१७ सालमा राजा महेन्द्रले प्रजातन्त्रको गला रेटेपछि राजाको हुकुम शाहीविरुद्ध पुनः प्रजातन्त्र प्राप्तिको ३० वर्ष लामो सङ्घर्षमा नेपाल कम्युनिस्ट पार्टीका महासचिव र संयुक्त वाममोर्चाका मानार्थ अध्यक्षको हैसियतले संयुक्त जनआन्दोलन सुरुवात गर्दै ०४६ फागुन ७ गते हसियाँ हथौडा अङ्कित कम्युनिस्ट पार्टीको रातो झन्डा लिएर काठमाडौँबाट गिरफ्तारी दिने शान्तिपूर्ण संयुक्त जनआन्दोलनका जननायक तुल्सीलाल

अमात्य नै हुनुहुन्थ्यो ।

### १. निरङ्कुश जहानियाँ राणा शासनविरुद्ध तुल्सीलाल

सानो उमेरबाट गरिब, दुःखीप्रति दया र प्रेमभाव राख्ने तुल्सीलालको चेतनाको विकास आफनै कपडा व्यापारी मध्यमवर्गीय परिवार र बौद्ध विहार हरूमा बुद्धका जीवनगाथा, कथाहरू, अष्टशील, पञ्चशीलका कुराहरू सुनेर भएको थियो। त्यहींबाट बालक/किशोर तुल्सीलालको दिमागमा मानवतावादी चेतना प्रवेश भएको थियो । करिब १२ वर्षको उमेरमा तुल्सीमेहर, रुद्र मुल्मीसँग मिलेर पाटन शङ्खमूलमा बसी गान्धीका विचारहरू प्रचार गर्ने र खाँडीका लुगा लगाउने गरेका थिए। सादा जीवन र सादा पहिरन रुचाउने तुल्सीलाल अध्ययनमा बढी रुचि राख्नुहुन्थ्यो। २५ वर्षको उमेरमा त्रिचन्द्र कलेजबाट बीए पास गरी उहां एमए पढ्न भारतको लखनउ 'जानुभएको थियो। लखनउ विश्वविद्यालयबाट २००१ सालमा उहाँले अर्थशास्त्रमा एमए उत्तीर्ण गर्नुभएको थियो ।

सन् १९४२ मा लखनउ विश्वविद्यालयको विद्यार्थी रहेको अवस्थामा २८ वर्षका युवा तुल्सीलालले बेलायती साम्राज्यवादविरुद्ध भारतीय स्वतन्त्रता सङ्ग्राममा भारत छोडो आन्दोलनमा भाग लिनुभएको थियो। ००४ साउन ३१ गते बेलायती साम्राज्यवादविरुद्ध भारत स्वतन्त्र भएको समर्थनमा शङ्खमूलबाट मङ्गलबजार हुँदै टङ्गाल पुग्दा तुल्सीमेहर र तुल्सीलालले नेतृत्व गरेको जुलुसबाट उहाँहरू लगायत २५ जनालाई गिरफतार गरिएको थियो र पहिला हनुमानढोका खोरमा अनि भद्रगोल जेलमा चलान गरेको थियो । यो तुल्सीलालको प्रथम जेलयात्रा थियो। त्यसबखत राणा सरकारले उहाँको सर्वस्वहरण गरेको थियो ।

तुल्सीलालले २००५ सालमा राजा त्रिभुवनसँग उनका पुजारी शिव बाजेमार्फत सम्पर्क गरी नारायणहिटी दरवारको उत्तर- पश्चिम भागको पर्खाल चढी भेट्नुभएको थियो र राणाशासन अन्त्य गर्न हतियार उठाएर सङ्घर्ष गर्न ३ लाख रुपैयाँ सहयोग हुनुपर्‍यो भनी कुरा राख्नुभएको थियो। राजा त्रिभुवनबाट बीपी, दिल्लीरमण रेग्मी, सुवर्ण शमशेरलाई मिलाउन

आग्रह गरिनुका साथै राणाविरुद्ध सङ्घर्षमा सहयोग गर्ने वचन प्राप्त भएको थियो ।

२००५ सालमा कांग्रेस पार्टीमा रहँदा नै तुल्सीलालले नेपालको इतिहासमा पहिलोपल्ट मजदुर किसान सङ्घ रौटहट, बारा, सर्लाही जिल्लाका गाउँगाउँमा गठन गर्नुभएको थियो । मातृकाप्रसाद कोइरालासँग कार्यक्रम र सङ्गठन निर्माण र सञ्चालन आदिमा कुरा नमिलेपछि कांग्रेस पार्टीमा बसेर नेपालको मजदुर किसानको मुक्ति नहुने देखेपछि २००६ मा भारतको कलकत्तामा पुग्दा गौरीभक्त प्रधानले कमरेड पुष्पलालसँग भेट गराएपछि नेपाल कम्युनिस्ट पार्टीको सदस्यता लिनुभएको थियो । ००६ भाद्र ३१ गते (१९४९ सेप्टेम्बर १५) का दिन कलकत्तामा भारतीय कम्युनिस्ट पार्टीका नेता क. अयोध्याप्रसाद सिंहको उपस्थितिमा पुष्पलाल, मनमोहन अधिकारी, डीपी अधिकारी, शैलेन्द्रकुमार उपाध्याय र तुल्सीलाल रहेको नेपाल कम्युनिस्ट पार्टी, केन्द्रीय सङ्गठन कमिटीको गठन गरिएको थियो । त्यसै दिन नेकपाको घोषणापत्र पनि जारी गरिएको थियो ।

तुल्सीलाल २००६–०७ सालमा काठमाडौं, भक्तपुर र ललितपुरमा नेकपाको सम्पर्क र सङ्गठन विस्तारमा सक्रियतापूर्वक लाग्नुभएको थियो । जनतामा भित्रभित्रै राणा शासनविरुद्ध जागृति बढ्दै थियो ००७ कात्तिक २१ गते श्री ५ त्रिभुवन सपरिवार भारतीय दूतावासभित्र गई भारतको शरणमा गएपछि कात्तिक २२ गते नै नाबालक ज्ञानेन्द्रलाई श्री ५ घोषणा गरी राणाहरूले राजगद्दीमा बसालेका थिए ।

भारतकै दबाब र सहयोगमा कात्तिक २६ गते श्री ५ त्रिभुवन गोकर्ण हवाई अड्डाबाट हवाईजहाजमा दिल्ली पुगेका थिए । राजा त्रिभुवनले देश छाडेर राणाविरुद्ध खडा भएको खबरले देशभरि सनसनी फैलियो नेपाली काङ्ग्रेसले यही मौकाको उपयोग गरी राजा त्रिभुवनलाई स्वदेश फर्काएर प्रजातन्त्र ल्याउन राणा शासनविरुद्ध सशस्त्र जनक्रान्तिको घोषणा गरेका थिए । २००७ कात्तिक २४ गते हिमाल एयरवेज कम्पनीको हवाईजहाजबाट नेपालका विभिन्न ठाउँमा राणा सरकारको विरोधमा पर्चा छरियो । २००७

मंसिर-पुस- माघ तीन महिना नेपालका विभिन्न ठाउँमा राणा सरकारविरुद्ध जनसङ्घर्ष र जनविद्रोहहरू भए । उत्ता दिल्लीमा राजा राणा र काङ्ग्रेसका प्रतिनिधिहरू जम्मा भई नेहरूको रोहवरमा सम्झौता भयो र २००७ माघ १ गते (१४ जनवरी १९५१) का दिन युद्धविराम घोषणा भयो । ४ फागुन ००७ का दिन दिल्लीबाट राजा त्रिभुवन फर्किए र ००७ फगुन ७ गते शाही घोषणा गरे । उक्त शाही घोषणामा राजा त्रिभुवनले नेपाली जनतासमक्ष कबुल गरेका थिए 'हाम्रो प्रजाको शासन अब उप्रान्त निजहरूले निर्वाचन गरेको एक वैधानिक सभाले तर्जमा गरेको गणतन्त्रात्मक विधानअनुसार होओस् भन्ने अहिले हाम्रो इच्छा र निर्णय भएकाले...' त्यही शाही घोषणाबाट श्री ३ मोहन शमशेरको नेतृत्वमा १० सदस्यीय मन्त्रिमण्डल गठनसमेत गरेको थियो । उक्त मन्त्रिमण्डलमा १. श्री मोहन शमशेर प्रधानमन्त्री र परराष्ट्रमन्त्री २. बबरशमशेर उपप्रधानमन्त्री र रक्षामन्त्री ३. विश्वेश्वरप्रसाद कोइराला गृहमन्त्री ४ सुवर्ण शमशेर अर्थमन्त्री ५. चूडाराज र वनमन्त्री ६. गणेशमान सिंह उद्योग वाणिज्यमन्त्री ७. नृपजङ्ग राणा शिक्षामन्त्री भद्रकाली मिश्र यातायातमन्त्री ९. यज्ञवहादुर बस्न्यात स्वास्थ्य तथा स्वायत शासनमन्त्री १०. भरतमणि शर्मा खाद्य कृषिमन्त्री थिए ।

## २. २००७ देखि २०१७ सालसम्म तुल्सीलाल

२००८ देखि ०१२ सालसम्म नेपाल कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लागेको थियो । त्यसबखत तुल्सीलाल पनि भूमिगत कार्यशैली अप्नाएर अनेकिसङ्घ र नेकपाको सङ्गठन- कार्यको विस्तार र सङ्घर्षहरूको नेतृत्व गर्दै हुनुहुन्थ्यो । ००८ सालमा सम्पन्न नेकपाको प्रथम सम्मेलनमा भाग लिनुभएका उहाँ त्यसै वर्ष अखिल नेपाल किसान सङ्घको संस्थापक अध्यक्ष चयन हुनुभएको थियो । उहाँको अध्यक्षतामा अनेकिसङ्घले किसानहरूलाई सामन्त जमिन्दार, जाली फटाहाविरुद्ध सङ्घर्षमा देशभरि सङ्गठित गरेको थियो । ००९-११ सालमा रौटहट, बारा र सर्लाहीमा तुल्सीलाल स्वयम्ले किसान आन्दालनको नेतृत्व गर्नुभएको थियो र त्यहाँ ३ लाख किसानले भाग लिएका थिए । २० करोडभन्दा बढीका जाली तम्सुक जलाएका थिए । ०१० सालमा नेकपाको प्रथम महाधिवेशन पाटन सहर लुकसीमा भूमीगत

रूपमा सम्पन्न भएको थियो । मनमोहन अधिकारी महासचिव चुनिएको उक्त अधिवेशनवाट तुल्सीलाल पोलिटब्युरोमा चुनिनुभएको थियो ।

२०१४ सालमा नेकपाको दोस्रो महाधिवेशन खुला रूपमा काठमाडौंको फोहरा दरवारमा सम्पन्न भएको थियो, जसबाट डा. केशरजंग रायमाझी महासचिव भएका थिए । केन्द्रीय कमिटीमा रायमाझी समूह नै बलियो थियो । त्यसबखत पुष्पलाल र तुल्सीलालले महाधिवेशनमा संविधानसभा र गणतन्त्रको प्रस्ताव राख्नुभएको थियो । पुष्पलाल, तुल्सीलाल देशमा आमूल परिवर्तन र गणतन्त्र चाहनुहुन्थ्यो । ०१५ सालको आमचुनावमा पार्टीले भाग लिने निर्णय गरेको थियो र चार सिट जितेको थियो । ललितपुर निर्वाचन क्षेत्रबाट तुल्सीलाल स्वयम् रौटहटबाट सेख फर्मान र हरदयाल महतो अनि पाल्पाबाट कमलराज रेग्मी जनताको मत पाएर नेपालको पहिलो संसद्मा पुग्नुभएको थियो भने शम्भुराम श्रेष्ठलाई माथिल्लो सदन (महासभा) मा पठाइएको थियो । प्रमुख प्रतिपक्षमा गोरखा परिषद् भए पनि नेकपाको प्रस्तुतिले संसद्मा प्रमुख प्रतिपक्षकै भूमिका निर्वाह गरेको थियो । नेकपा संसदीय दलका नेता माननीय तुल्सीलालको तथ्य र तर्क काट्न नसकेर काङ्ग्रेस सरकारले डाल्डा घ्यू आयात र गण्डकी नदीको सम्झौता रोक्नुपरेको थियो । ०१७ पुस १ गते सैनिक 'कु' गरी राजा महेन्द्रले जननिर्वाचित संसद् र सरकार विघटन गर्नुका साथै पार्टीहरूमाथि प्रतिबन्ध लगाए । दोस्रोपटक त्यतिबेला तुल्सीलाल अमात्यको सर्वस्वहरण भएको थियो ।

## ३. पञ्चायती व्यवस्थाविरुद्ध तुल्सीलाल

२०१७ फागुनमा नेकपाको केन्द्रीय विस्तारित बैठक भारतको दरभङ्गा सहरमा सम्पन्न भएको थियो । उक्त दरभङ्गा लपेनममा नेपालका जम्मा ५२ जना कम्युनिट नेताहरूले भाग लिएका थिए । तीमध्ये तुल्सीलाल एक हुनुहुन्थ्यो ।

महेन्द्रको फौजी कु शाही सेना परिचालन, नेपाली काङ्ग्रेसको सरकार विघटन र जननिर्वाचित संसद् विघटनपछि मुलुकको राजनीतिक अवस्थाको मूल्याङ्कनसँगै पार्टीको भावी कार्यनीति रणनीति तय गर्ने र

पार्टीको सङ्गठनात्मक जिम्मेवारीहरू पनि नयाँ ढङ्गले तय गर्ने उद्देश्यले नेकपाको दरभङ्गा विस्तारित बैठक बोलाइएको थियो ।

नौ महिना बित्यो । दरभङ्गा विस्तारित बैठकको निर्णय कार्यान्वयन नभएपछि कमरेडहरू पुष्पलाल, तुल्सीलाल, भरतमोहन आदिको पहलमा पाँच अञ्चलको केन्द्रीय को- अडिनेसन कमिटी निर्माण गरी त्यसको सचिव सर्वसम्मतिले तुल्सीलाललाई चुनिएको थियो । २०१९ वैशाख महिनामा भारतको वाराणसी सहरमा पार्टीको तेस्रो महाधिवेशन सम्पन्न गरिएको थियो ।

तेस्रो पार्टी महाधिवेशनमा कमरेड तुल्सीलालले राजनीतिक प्रतिवेदन पेस गर्नुभयो । उक्त प्रतिवेदनमा नेपालको त्यसबखतको राजनीतिक शक्ति सन्तुलनको विश्लेषण, मजदुर, किसान, उत्पीडित जाति-जनजाति आम श्रमिक जनताको उत्पीडनको अवस्थाको चित्रण र उनीहरूलाई सामन्तवादी, साम्राज्यवादी शोषणबाट मुक्त स्वतन्त्र बनाउन राष्ट्रिय प्रजातन्त्रको कार्यक्रमको बाटो तय गरियो साथै, गैरपूँजीवादी, समाजवादी बाटो देखाउँदै हुकुमशाही निरङ्कुश प्रक्रियावादी सत्ताविरुद्ध प्रजातान्त्रिक शक्तिहरूबीच एकतामा जोड दिँदै पुँजीवादी प्रजातान्त्रिक शक्ति र राष्ट्रिय प्रजातान्त्रिक शक्तिबीच राजनीतिक मोर्चा बन्न सक्ने र लिनेबीच मिलनविन्दु खोज्न दुई प्रमुख नारा तय गरियो : १. राजाको हातबाट सम्पूर्ण शक्ति जनताको हातमा हस्तान्तरण गर्नुपर्ने २. सार्वभौम शक्ति सम्पन्न संसद्को स्थापना यी दुई नारा पूरा गर्ने सपना २०१९ मा कामरेड तुल्सीलान मनु भएको थियो । पहिलो विधानसभा ०६५ जेठ १५ गते राजाबाट सम्पूर्ण शक्ति जनतामा ल्याई नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा गऱ्यो भने दोस्रो संविधानसभाको ठूलो बहुमतले पारित गरी नेपालको संविधान २०७२ पारित गरी असोज ३ गते जारी गरी सकेको छ । संविधासभाबाट रूपान्तरित भएको संसद् सार्वभौम शक्ति सम्पन्न संसद् नै हो । अतः तुल्सीलालले २०१९ सालमा राखेको राजनीतिक प्रस्तावले आज मूर्तरूप लिएको छ ।

*(२०७६ श्रावण १७ गते सन्दर्भ : १९ औँ तुलसीलाल स्मृति दिवस)*

# मेरो सम्झनाका तरेलीहरूमा कमरेड साहना प्रधान

कामरेड राधिका खतिवडाले फोनमा आग्रह गर्दै भन्नु भयो तपाईले कामरेड साहना प्रधानको सम्झनामा केही लेखि दिन पऱ्यो तपाईको लामो सँगत थियो । मैले जिम्मा लिएको छु तपाई र का. सिद्धिलालबाट लेख लिने हप्ता दिन पछि सर्म्पक गर्छु लेख तयार पारिदिनु पऱ्यो । मैले भने "म कोसिस गर्छु ।" त्यसपछि मैले लेख्ने सोच बनाएर लेख्नु बसे धेरै कुरा भुलेछु तिथि मिति पनि नोट गरेर राखिको थिएन मनले दिमागमा धेरै जोड लगाए । पछि आएका सम्झनाका केही तरेलीहरू पाठक समक्ष राख्दैछु ।

त्यस बखत म टुक्रिएको नेपाल कम्युनिष्ट पार्टीको एकता लागि, वामपन्थी एकताको लागि दबाव सल्लाहहरू दिर्दै सबै पार्टीका नेताहरूलाई भेटीरहेको थिए । नेकपा (माले) को निस्कासित विद्रोही नेता विक्रम थापाको नामले परिचित थिए २०४० साल असोज महिनामा ठैटी काठमाण्डौ स्थित कामरेड साहना प्रधानको घरमा मेरो वहाँसँग पहिलो भेट भएको थियो । भेटघाटको व्यवस्थापन कामरेड तिलक पराजुली र एकराज पाण्डेले गर्नुभएको थियो । २०३६ साल पछि अलिक खुकुलो वातावरण भएपनि मेरो नंखुजेल तोडेर हिडेका लगायत वारेन्ट रद्ध भएको थिएन फेरि म काठमाण्डौ झोछेंमा घर भएको मान्छे भएको हुदाँ काठमाण्डौंमा अलिक बढी सर्तक हुनुपर्ने अवस्था पनि थियो भूमिगत पार्टी कार्यशैली अपनाउनु नै मेरो बाध्यता नै थियो । त्यो दिन, कामरेड तिलक र एकराज पाण्डेको ठमेल

भगवती वहाल नजिकैको डेरामा बसेर साँझ पख झम्क रात पर्न थाले पछि म भेस बदलेर म साहनाको घर पुगेको थिए । त्यो पहिलो भेटमा करीब १ घण्टा जति राजनीतिक विषयमा नै कुराकानी भएको थियो । सामान्य परिचय गरेपछि वहाँले कुरा शुरु गर्दै भन्नुभयो "मैले साथीहरूबाट तपाईको बारेमा सुनेको थिए प्रत्यक्ष भेट भयो, खुशी लाग्यो ।""अब कसरी अघि बढने विचार छ ?" माले पार्टीसँग तपाईको विद्रोह ठिक छ । व्यक्ति-हत्या आतंक र हिंसाको बाटो हिडेर नेपालमा क्रान्ति आन्दोलन सफल हुन्न ।" वहाँको कुराहरू सुनेपछि मैले कुरा शुरु गर्दै भने "हामी, कामरेड पुष्पलालले निर्माण गर्नुभएको नेकपा टुक्राटुक्रा भएकोमा दुखी छौं । त्यसकारण, पार्टी एकतामा जोड दिन चाहान्छौं । अहिले तत्कालै पार्टी एकता नभएको अवस्थामा वामपन्थी र देशभक्त शक्ति र व्यक्तिहरूलाई गोलबन्द गरी न्युन्तम कार्यक्रम र माग, नाराहरूको आधारमा एकता गर्नु आवश्यक छ । कामरेड पुष्पलालले देखाउनु भएको संयुक्त जनआन्दोलनको बाटो हिडेर निरंकुश निर्दलीय पंचायती ब्यवस्था विरोधी बहुलवादी शक्तिहरूलाई समेटर जानु आवश्यक संझीएका छौं । हामी चाहान्छौं पार्टी एकता र वाम एकताको लागि तपाइको नेतृत्व र पहल हुनु पर्‍यो । मेरो कुरा सुनेपछि जवाफमा उहाँले भन्नुभयो "तपाईको उद्देश्य राम्रो छ, हाम्रो पार्टीको तर्फबाट के गर्न सकिन्छ गर्ने छौं तर पार्टी एकता भन्ने बितिकै गर्न गाह्रो छ टुक्रिएको नेकपालाई एउटै बनाउने उद्देश्य हाम्रो पार्टीको पनि हो यसमा सैद्धान्तिक वैचारिक राजनीतिक सँगठानिक धेरै पक्षहरूमा छलफल सहमति चाहिन्छ ।" झापाली माले पार्टीसँग तपाईको के के कुरा नमिलेको ? भनी प्रश्न गर्नुभयो त्यसको जवाफमा मैले भन्न शुरु गरे-नेकपा (माले) स्थापना गर्ने २२ जना संस्थापक मध्य म पनि हुँ । पार्टी भित्र २०३७/०३९ बिच १४ मतभेदहरू लिखित राखे - त्यसमध्य माओविचार धारालाई आधारभूत मार्ग दर्शन सिद्धान्तमा उल्लेख नगर्ने, मार्क्सवाद लेनिनवाद मात्र उल्लेख गर्ने । सोभियत संघलाई सामाजिक साम्राज्यवाद नभनी समाजवाद भन्ने र शत्रु होइन मित्र कोटीमा राख्ने, वर्गीय संयुक्त मोर्चा मात्र होइन राजनीतिक

संयुक्त मोर्चाको आवश्यकता, टुक्रिएको नेकपालाई एकतावद्ध बनाउन- डा. केशर जंग रायमाझीगुट छोडी कमरेड मनमोहन, बलराम - साहना, तुल्सी लाल, रोहित आदिले नेतृत्व गरेको पार्टी ग्रुपहरूलाई कम्युनिष्ट स्वीकार गर्ने त्यस बखत नेकपा (माले) ले माओ विचारधारा मान्नेहरूलाई मात्र कम्युनिष्ट स्वीकार गर्ने मापदण्ड राखिएको थियो - कार्यनीतिमा मेरो भनाई निरंकुश तथा निर्दलीय पंचायती व्यवस्था विरोधी-व्यापक संयुक्त मोर्चा - वहुदलवादी शक्ति र व्यक्तिहरू बीच एकतामा जोड दिएको थिए - तर पार्टीले राजतन्त्र अन्त्य गर्ने जनवादी शक्तिहरू बीचको एकतामा जोड दिन्थ्यो मेरो दृष्टिकोणलाई दक्षिणपन्थी संसोधनवादी मान्दथ्यो आदि मैले विस्तार पूर्वक १४ मतभेद राखे वहाँले वडो धर्यका साथ सुन्नु भयो । फेरि अर्को प्रश्न गर्नुभयो के तपाइहरूको कुनै संगठन छ ? पार्टी छ ? मैले भने “छैन” - केही कमरेडहरू छुट्टै पार्टी बनाएर एकता अभियानमा जाऔं भन्नु भयो मैले मानिन र वनेन, ‘वामपन्थी एकता, आन्दोलनका सहभागीहरू’ भनी हामीले आफूलाई भन्ने गरेका छौं । करीब २५ जिल्लाका १५० सकृय कार्यकर्ता र नेताहरू, ३—४ हजार समर्थकहरू हाम्रो रहेछ । नेकपा (माले) भित्र हामीलाई समर्थक गर्ने पंक्ती पनि छ । वहाँहरूले पार्टी भित्र अन्तर संघर्ष गर्दैछन् । छलफल हुदै जादाँ सोभियत संघ र सोभियत संघका’ कम्युनिष्ट पार्टीलाई हेर्ने दृष्टिकोण बारेका मेरो एक प्रश्नको उत्तर दिदै कामरेड साहना प्रधानले भन्नु भयो - “सोभयित संघ समाजवादी बाटो हिडदैछ ।” ख्रुचेवको दक्षिणपन्थी लाइनको हाम्रो पार्टी विरोध गर्दछ ।” मैले फेरि प्रति प्रश्न गरे “मैले राम्ररी बुझीन संसोधावादी पार्टीले चलाएको शासन सत्ता कसरी समाजवादी हुन्छ ? त्यसकारण संसोधनवादी नभनी दक्षिणपन्थी भत्काउ वा उग्रवामपन्थी भड्काउ भन्नु उपयुक्त होला कि ? विचमा साहनाले सोध्नु भयो “उग्रवामपन्थी” किन जोडनु भएको ? मैले उत्तरमा भने कमरेड निकिता ख्रुचेवले सोभियत संघको कम्युनिष्ट पार्टीको २२ औं महाधिवेशनमा पेश गरेको कार्यक्रममा २० वर्ष भित्र साम्यवाद ल्याउने घोषणा गरेका थिए समय भन्दा अगाडि नहुने कुराहरू गरेको हुदाँ

मैले उग्रवाम भनेको त्यसपछि केही वेर गम्भीर भएर सोच्दै मेरो अघिल्लो प्रश्नको सुझावको उत्तर दिदै वहाँले भन्नु भयो – "हाम्रो पार्टी अडान त्यँही नै हो । हेर्दै जाऔं ।" आफ्नो पार्टीको सामुहिक निर्णय र अडानमा रहने दृढता र पार्टी अनुशासन भित्र रहेर कुराकानी गर्ने वहाँको कार्यशैलीबाट म त्यसबखत प्रभावित भएको थिए र वहाँ स्पष्ट वक्ता भएको मैले महशुस गरे र वहाँको व्यक्तित्वबाट पनि म प्रभावित भएको थिए ।

कामरेड साहना प्रधानसँग पहिलो भेटपछि मेरो दोस्रो भेट २०४७ माघमा नेकपा (माले) र नेकपा (मार्क्सवादी) बिच एकता गर्न दुबै पार्टी केन्द्रीय कमिटीको संयुक्त एकिकरण बैठकमा (पाटनमा) भएको थियो । करीब ७ वर्ष ४ महिना पछि भेट्दा मेरो पहिलो भेटको दुई अनुरोध र इच्छा; वामएकता र टुक्रिएको पार्टीको एकता लागि वहाँले पहल पनि गर्नु भयो र नेतृत्व पनि गर्नुभयो । २०४६ माघ २ गते काठमाण्डौंमा गठन भएको २१ सदस्यमा संयुक्त वाम मोर्चा वामपन्थी कम्युनिष्ट पार्टीका प्रतिनिधिहरू र केही स्वतन्त्र व्यक्ति समेत सँगलन थिए । सर्वसम्मतीले कमरेड साहना प्रधानलाई अध्यक्ष, मानार्थ अध्यक्षमा, कामरेड तुल्सी लाल अमात्य अन्य सदस्यहरूमा कामरेड विष्णु बहादुर मान्नधर, कामरेड कृष्णराज वर्मा, कामरेड राधाकृष्ण मैनाली, कामरेड भरतमोहन अधिकारी, निलाम्बर आचार्य, नरबहादुर कर्माचार्य, सिद्धिलाल सिंह, नारायणमान विजुक्छे. (रोहित), शिवराज गौतम, दिप कुमार श्रेष्ठ, लक्ष्मीभक्त उपाध्याय, सर्वोत्तम डंगोल, पद्मरत्न तुलाधर, सुशील प्याकुरेल, प्रहल्लाद प्रसाद न्यौपाने, श्याम कृष्ण कोजु, रामकृष्ण थापा, लिलामणी पोखरेल, केशव कोइराला – सात सदस्य सचिवालय पनि साहना प्रधानको नेतृत्व बनेको थियो । अन्य सचिवालय सदस्यहरूमा कमरेड तुल्सी लाल अमात्य, निलम्बर आचार्य, राधाकृष्ण मैनाली, प्रहल्लाद प्रसाद न्यौपाने, लिलामणी पोखरेल, श्यामकृष्ण कोजु हुनुहुन्थ्यो । संयुक्त वाममोर्चाको तर्फबाट कामरेड साहना प्रधान नेतृत्वमा नेपाली काग्रेसको नेता गणेशमान सिंहसँग भेट वार्ता गरि २०४६ फागुन ७ गते देखि संयुक्त जनआन्दोलन गर्ने सम्झदारी बनेको थियो । सर्वोच्च कमाण्डर गणेशमान सिंह सर्वोच्च दोश्रो

कमाण्डर साहना प्रधान नै हुनुहुन्थ्यो -४९ दिन संयुक्त जनआन्दोलनको नेतृत्व गरि कमरेड साहनाले संयुक्त जनआन्दोलनलाई सफलातमा पुऱ्याई प्रजातान्त्रिक बहुदलीय व्यवस्थाको पुनस्थापना गराउने काम गर्नु भयो अन्त्यमा "पंचायती बहुदलीय व्यवस्था" भनौं भनी तत्कालीन प्रधानमन्त्री लोकेन्द्र बहादुर चन्दले राखेको षड्यन्त्र पूर्ण प्रस्तावलाई अस्वीकार गर्दै वार्तामा साहनाले भन्नु भएको थियो - जनताको चाहना पंचायती बहुदल होइन प्रजातान्त्रिक वहुदलीय शासन व्यवस्था हो ।" त्यसबखत राजा पञ्चहरूको षड्यन्त्र सफल हुन सकेन त्यसको प्रथम श्रय क. साहनालाई जानुपर्दछ । कामरेड साहनाले संयुक्त जनआन्दोलनको सफल नेतृत्व गरेर कामरेड पुष्पलालको संयुक्त जनआन्दोलनको नीतिलाई व्यवहारमा उर्तानु भएको थियो । त्यस बखत यो ठूलो राजनीतिक उपलब्धी थियो ।

२०४६ चैत्र २६ गते राजासँग सम्झौता गरि प्रजातन्त्रको पुनः वहालीसँगै त्यसलाई संस्थागत गर्न-नयाँ संविधान आवश्यकता थियो - नयाँ संविधान निर्माण गर्ने दायित्व सहित अन्तरिम मन्त्री परिषद् गठन हुने क्रममा राजाले गणेशमान सिंहलाई प्रधानमन्त्री हुन आग्रह गरे तर गणेशमान सिंहले नेपाली काँग्रेसका अर्का नेता कृष्णप्रसाद भट्टराईलाई प्रधानमन्त्रीमा सिफारिस गरे त्यसपछि २०४७ साल बैशाख ३ गते प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको नेतृत्वमा संयुक्त वाममोर्चा, नेपाली काँग्रेस र राजाका प्रतिनिधि रहेको अन्तरिम मन्त्री परिषद् गठन भएको थियो - त्यसमा क. साहना प्रधान उद्योग वाणिज्य मन्त्री हुनुभएको थियो । उपप्रधानमन्त्री दिने कुरामा नेपाली काग्रेसले कन्जुसाई गऱ्यो -त्यसपछि वाममोर्चा तर्फबाट कामरेड झलनाथ खनाल । निलाम्बर आचार्य पनि मन्त्री हुनु भएको थियो । उक्त सरकारको सिफारिसमा २०४७ साल जेठ १६ गते गठन गरिएको संविधान सुझावमा आयोगमा संयुक्त वाममोर्चा तर्फबाट कामरेड भरतमोहन अधिकारी, माधव नेपाल र निर्मल लामा नियुक्त हुनु भएको थियो । संविधान सुझाव आयोगले देश व्यापी सुझाव संकलन गरि ३ महिनामा मस्यौदा संविधान तयार पारेको थियो ।

२०४७ सालको नेपाल अधिराज्यको संविधानले २०१९ को पंचायती संविधानलाई विस्तारित गरे पछि २०४८ बैशाखमा भएको आम निर्वाचनमा कामरेड साहनाले प्रधानले काठमाण्डौबाट सबैभन्दा बढी मत ल्याएर विजय हुनु भएको थियो । निर्वाचन पछि गठन भएको संसदमा प्रतिनिधि सभामा कामरेड साहना, मनमोहन अधिकारी, मदन भण्डारी, झलनाथ खनाल, केपी ओली सँगै अघिल्लो वेच्च कै हकदार हुनुहुन्थ्यो कामरेड माधव नेपाल राष्ट्रिय सभामा विपक्ष दलको नेता हुनुहुन्थ्यो म पनि माथिल्लो सदन राष्ट्रिय सभाको सदस्य भएको थिए । सांसद हुदाँको एउटा प्रसँग छ - सांसदहरूले प्रयोग गर्ने लोगोमा राजाको श्रीपेच राखिएको थियो त्यो मलाई लगाउन मनलागेन खल्तीमा बोकेर हिड्थे एकदिन कामरेड मदन भण्डारीले मेरो कोटतिर हेर्दै - लोगो खोई भन्नु भयो मैले वहाँलाई भने लगाउन मनलाग्दैन मदन र मेरो कुरा कामरेड साहनाले नजिकैबाट सुनिरहनु भएको थियो केही छिनपछि मलाई वहाँले इसारा गरेर संसदको लवीमा बोलाउनु भयो र भन्नु भयो “के केटाकेटी जस्तो कुरा गर्न भएको, क्रान्तिकारी हुनुपर्छ, परिस्थिति पनि बुझनु र हेर्न सक्नु पर्छ ।” खोइ त्यो लागो ल्याउनुहोस् मेरो हातबाट लोगो लिएर मेरो कोटमा लगाईदिनु भयो वहाँले लोगो लगाई दिईरहदाँ मैले चाँहि कामरेड मनमोहन अधिकारीले एक वर्ष अगाडि भनेको कुरा सम्झीरहेको थिए । “दौरा सुरुवाल टोपी कालो कोट लगाएर संसदमा प्रवेश गरेपछि तपाईको क्रान्तिकारी कुरा कहाँ जान्छ हेरौंला । वास्तवमा म त्यसबेला देखौवाँ क्रान्तिकारी सोचेको शिकार भएको थिए । आजपनि कामरेड साहनाको यी शब्दहरू - “क्रान्तिकारी हुनुपर्छ, परिस्थिति पनि बुझन र हेर्न सक्नुपर्छ “मेरो मानसपटलमा आइरहन्छ ।

२०४९ साल माघमा नेकपा (एमाले) को पाँचौं राष्ट्रिय महाधिवेशन काठमाण्डौको प्रज्ञा भवन कमलादीमा सम्पन्न भएको थियो । पार्टी कार्यक्रम जनताको वहुदलीय जनवाद, परिमार्जित नौलो जनवाद, पुरानै नयाँ जनवाद आदि प्रस्तावहरूमा छलफलहरू भएका थिए । कामरेड साहना, मनमोहन अधिकारी, सिद्धिलाल सिंह र म नामैमा ठूलो विवाद नगरौं

–नेपाली जनताको जनवादी कार्यक्रम भनेर जानु सकिन्छ भन्ने थियो त्यस्तै पार्टीको संयुक्त मोर्चा, पार्टी कार्यनीति र रणनीति, पार्टी कार्यक्रम रहेको १४ विशेषताहरू, क्रान्तिकारी भूमिसुधार लागु गर्दा मुआवजा दिने वा नदिने सवाल, पार्टी निर्माण र पार्टी सदस्यता, माओविचारधारा आदि केही मतभेदहरूमा छलफल भएका थिए । धेरै कुरामा साहना र मेरो दृष्टीकोण मिल्दो जुल्दो थियो ।

मैले कामरेड मदन भण्डरीसँग छुटै भेटेर वहुलवाद शब्द नराख्नु, १४ विशेषतामा संविधानको सर्वोच्चताको व्याख्यामा जनताको सर्वोच्चतालाई पनि जोडेर सार्वभौमसत्ता सवालमा जनताको सर्वोच्चता र शासन सत्ताको सवालमा संविधानको सवोच्चता भनि उल्लेख हुन राम्रो हुन्छ भनेको थिए । भूमिसुधार गर्दा बिना मुआवजाको नीति लिनु पर्ने, पार्टी सदस्यता ‘साधारण’ र ‘सँगठित’ नभनी एउटै सदस्यता कायम गर्ने, पार्टीले निर्वाचन जित्नुपर्छ – सरकार बनाउनु पर्छ त्यता तिर केन्द्रीत भएर वर्ग र वर्गसघर्षलाई भुल्ने काम गर्नुहुन्न । कम्युनिष्ट पार्टीले कामरेड पुष्पलालको ‘तीन स’ को सिद्धान्त – संगठन – संघर्षको चक्रे नीति लिएर पार्टी निर्माण गर्दै जानुपर्दछ । आदि मेरो सुझावहरू सुनेपछि कामरेड मदनले भन्नु भयो “आधारभूत रुपमा म तपाईसँग असहमत छैन तर अहिले जे छ त्यही रहोस् गल्ती कमजोरी भए फेरि सच्याउला” अन्त्यमा कामरेड मदनलाई भने – म तपाईले प्रस्ताव गरेको कार्यक्रमको विरोध गर्दिन अहिले फरक मत पनि दर्ज गर्दिन तर चित बुझेको छैन । मदनसँग पाँचौं महाधिवेशन पूर्व मेरो यँही सम्झदारी भएको थियो ।

कामरेड साहना प्रधानलाई केही कुरा चित्त बुझेको थिएन, कार्यक्रम विषयमा हल नभएपछि मतदान हुदाँ ३५ जना तटस्थ बसेका थियौ । त्यसमा साहनासँगै म पनि थिए । पार्टी पाचौं महाधिवेशनको हलबाट वहुमतले कामरेड मदन भण्डारीद्वारा प्रस्ताव गरिएको नेपाली जनताको कार्यक्रम जनताको वहुदलीय जनवाद पारित गरेको थियो । पार्टी महाधिवेशनले पारित गरेपछि कामरेड साहनाले जवजको विरोधमा कहिले सार्वजनिक

रुपमा बोल्नु भएन बरु समर्थन नै दिनु भयो मैले पनि आज सम्म त्यँही नै गरि रहेको छु । मैले पार्टी अनुशासन र नैतिक दायित्व कै रुपमा यस विषयलाई लिएको छु । पार्टी सातौं महाधिवेशनबाट नवौं सम्म आउँदा पार्टीले जवजलाई मार्गदर्शक सिद्धान्त स्वीकार गरेको छ । आठौं महाधिवेशन देखि जवजमा संघीयता, समानुपातिक निर्वाचन प्रणाली, समावेशी प्रतिनिधित्व (वर्ग, लिङ्ग, जाती, जनजाती क्षेत्र आदिको) थप गरिएको छ । जवज लगायत नेकपाको कार्यक्रम सम्बन्धी विवादको लेखा जोखा हुने नै छ ।

पार्टी पाचौं महाधिवेशनसँग सम्बन्धी कामरेड साहना प्रधानलाई सम्झीरहने अर्को एउटा प्रसँग पनि थियो त्यो प्रसँग कामरेड मनमोहन अधिकारीसँग जोडिएको छ । कामरेड मनमोहनले महाधिवेशनको हलमा कामरेड मदन, सिपी, मोहन चन्द्र सबैलाई एक भएर जान अपिल गर्नुभयो, महाधिवेशनको पक्षधर, फरकमत पक्षधरहरू सबैलाई मिलाएर केन्द्रीय नेतृत्व निर्माण गर्ने सोच मनमोहन थियो तर बहुमत पक्षधर केही कामरेडहरूले प्यानल लिस्ट प्रचारमा ल्याउन भयो हल बाहिर बाडियो र कामरेड मनमोहन बोल्दा बहुमतपक्षधरहरूले हुटिङ्ग सम्म गरे त्यसबाट मनमोहन धेरै दुखी भएका थिए । त्यसकारण, पार्टी नेतृत्वको निर्वाचनमा उम्मेदवारी नै नदिने अडान लिएर बस्नु भयो पछि कार्यकर्ताहरूको दबावमा कामरेड मदनको निर्वाचन सम्बन्धी प्यानल लिस्ट केही परिवर्तन भयो - म पनि सबै पक्षलाई मिलाएर नेतृत्व निर्माण गर्नुपर्छ भन्ने पक्षमा थिए कामरेड साहना पनि त्यस्तै विचार राख्नु हुन्थ्यो - सहमतिमा एउटा लिस्ट तयार भएपछि मैले कामरेड मनमोहनलाई भने “फारम भर्नु पर्‍यो उम्मेदवारी दिनु पर्‍यो कामरेड” म फारम र पेन लिएर कामरेड मनमोहनको नजिकै उभ्भीएको थिए मानिरहनु भएको थिएन, त्यसै बिच कामरेड साहनाले मेरो हातबाट पेन लिएर मनमोहनलाई दिदै भन्नु भयो “उम्मेदवारी नदिएर हुन्छ सबैलाई एक-एक गरेर तपाईले भने झै लाने हो - सही गर्नुहोस्” -मनमोहनले साहनातिर केही-छिन घोरिएर हेर्नुभयो र सही गर्नु भयो ।” - कामरेड मदन भण्डारी पनि खुशी हुनु भयो - निरास र लम्सार पेरेर सुतेको । कामरेड मोदनाथ

प्रक्षित उठनु भयो खुशी हुनु भयो हलबाट नेतृत्व निर्माणमा हस्तक्षेप गर्नु मञ्च भित्र आएका केही युवा नेताहरू कामरेड भीम आचार्य सम्भिन्छु अरु मेरो स्मृति अरु आएन, माफ गर्नुहोस् । खुशी हुदैं मञ्चबाट हलतिर जानु भयो "लौ एकता भयो ।" हलमा नारा लाग्यो पार्टी एकता जिन्दावाद ! नेकपा (एमाले) जिन्दावाद !"

महाकाली सन्धी विवाद लिएर नेपालको संसदको दुवै सदन तातेको थियो । तल्लो सदनमा मनमोहन, मदन भण्डारी, साहना, झलनाथ, केपी ओली आदिको नेतृत्वमा र माथिल्लो सदनमा क. माधव नेपालको नेतृत्वमा हामीले धेरै पटक संसद अवरोध गऱ्यौ - एकपटक त आठघण्टा लगातार नारा लाग्यो संसद भित्र । महाकली विकास सम्बन्धी सन्धीलाई ७५ वर्षको लागि हाम्रो दुवै सदनको संयुक्त बैठकले (संसदले) २०५४ सालमा पास गरेपछि त्यँही विषय र अमेरिकी साम्राज्यवादलाई हेर्न दृष्टिकोण र पार्टी भित्रको जनवाद आदि विषयहरूलाई आधार बनाएर पार्टी विभाजन भएको थियो । कामरेड साहना प्रधानले पार्टी विभाजन नहोस् भनी धेरै प्रयत्न गर्नु भएको थियो वहाँले मनमोहन अन्य केही नेता कार्यकर्ताहरूसँग कुरा गरेका मलाई पनि जानकारी थियो । वहांसँग मैले पनि पार्टी विभाजन नहोस् भनी अन्तिम सम्म प्रयत्न गरे - कामरेड मनमोहनले मलाई भन्नु भयो "म लौरो लगाएर भएपनि पार्टी फुटन दिन्न" - त्यसबेला मेरो पार्टी जिम्मेवारी भारत प्रवासमा थियो । भारत प्रवासबाट महाधिवेशन प्रतिनिधिहरू सबैसँग सल्लाह गरि तथस्ट नै ल्याए म मतले फरक मत पक्षधर थिए । मेरो अगाडि महाधिवेशन हल चौरमा कामरेड साहनाले कामरेड मनमोहनलाई भन्नु भयो - "खोई तपाईको लौरो" - त्यसबखत संस्थापन पक्षका नेताहरूले अलिक ठूलो हृदय बनाएको भए पार्टी विभाजन रोक्न सकिन्थ्यो निस्पक्ष मुल्याङ्कन सिंहावलोकन आवश्यक छ । पछि २०५८ सालमा कामरेड माधव नेपाल लगायत संस्थापन पक्षका नेताहरूले अलिक ठूलो हृदय बनाएको हुदाँ पार्टी एकता सम्भव भएको थियो । नेकपा (माले) तर्फबाट कामरेड साहना र म दुबै पार्टी एकता पक्षमा दृढतापूर्वक उभ्भीएका थियौ । हामी विच सरसल्लाह

पनि हुने गरेको थियो। कामरेड अशोक राई, सिद्धिलाल सिंह लगायत केही नेताहरू एकताका लागि हतारो नगरौं भनी एकता लागि तयार हुनुभएको थिएन कामरेड साहनाले नै वहाँलाई मनाउन ठूलो भूमिका निर्वाह गर्नु भएको थियो मैले पनि वहाँलाई साथ दिएको थिए।

नेपालको राजनीतिक इतिहासका पानाहरूमा दर्ज भएका कामरेड साहना प्रधानको स्मृतिका केही कुराहरू चर्चा नगरी मेरो यो लेख पूर्ण हुन सक्दैन।

कामरेड साहना प्रधान वि.स. १९८४ असार २७ गते काठमाण्डौको असनमा एक मध्य वर्गीय व्यापारी (काठ र फोटो खिच्ने) परिवारमा जन्मनु भई ८७ वर्षको उमेर ह्दयगती बन्द भएर २०७१ असोज ६ गते काठमाण्डौको वल्खु स्थीत योसोधा अस्पतालमा वहाँको मृत्यु भएको थियो। सानै उमेरमा आमाको टि.भी रोगबाट निधन भएपछि हजुरआमा सानी नानी र बुवा शंखरलाल प्रधानसँगै ५ वर्षको उमेरमा वर्मा प्रवास पुग्नु भएको त्यँही नेपाली स्कूलबाट प्रारम्भीक शिक्षा शुरु गरि ७/८ कक्षा पुग्दा दोस्रो विश्व युद्ध चलिरहेकै बेला मृत्युसँग जुद्धै धेरै कठिनाईहरूको सामना गर्दै पुनः नेपाल फर्किएका २००४ सालमा एस.एल.सी पास गरेर लखनऊ भारतबाट आई ए पास गरि नेपालबाट नै बि.ए. पास गर्ने नेपाल कै प्रथम महिला - साहना हुनुहुन्थ्यो। २००४ सालमा राणा शासन विरुद्ध जुलुस प्रर्दशनमा भाग लिएको थुनामा परेको त्यसपछि श्री ३ पदम शमशेर समक्ष - नेपाली महिलाहरूले पनि पढन लेख्न पाउन पर्ने कन्या पाठशाला खुल्नु पर्ने माग सर्वप्रथम वहाँले नै राख्नुभएको थियो। नेपाली महिलाहरूलाई शिक्षाको ज्योति दिई उनीहरूलाई सामन्ती पितृ सतात्मक शोषण उत्पीडनबाट मुक्त गर्ने - महिला आन्दोलनको अग्रीण नेतृत्वहरू मध्य वहाँ पनि हुनुहुन्थ्यो। महिला आन्दोलन र सघर्षहरूमा २००४ देखि अन्तराष्ट्रिय महिला सम्मेलन बेजिङ्ग-चीन सम्मको यात्रामा वहाँको विशिष्ट योगदानहरूको छुटै गाथा-कथा लेखिनुपर्दछ।

नेपालको लोकतान्त्रिक एवं कम्युनिष्ट आन्दोलनमा एक महिला हैसियतले वहाँको भूमिका अग्रणी मध्य पनि प्रथम अग्रणीमा पर्दछ । २०३२ सालमा पंचयती शासकहरूले विश्व विद्यालयको प्रध्यापकबाट निलम्वन निस्कान गर्दा, २०४२ सालको निरंकुश तथा निर्दलीय पंचायती व्यवस्था विरुद्ध सत्याग्रह आन्दोलनमा जेल पर्दा, २०४६ को संयुक्त जनआन्दोलनमा र २०६२/६३ को संयुक्त जनआन्दोलन, जनविद्रोह जनक्रान्तिमा नेतृत्व गर्दै जेल पर्दा प्रतिकृयावादी शासकहरूसँग वहाँ कहिलै झुक्नु भएन - वहाँको दृढता र संघर्षशीलता हाम्रो प्रेरणा बनेको थियो र छ ।

कामरेड साहना सानै उमेर देखि मेहनती परिश्रमी हुनुहुन्थ्यो युवा अवस्था देखि वृद्धा अवस्था सम्म वहाँको सृजनशीलता लगनशीलताबाट पनि हामी धेरै सिक्न सक्छौ - प्रेरणा प्राप्त गर्न सक्छौं । कामरेड साहनाले नेकपाको केन्द्रीय सचिव, नेकपा (एमाले) स्थायी कमिटी सदस्य र नेकपा (माले) को अध्यक्ष जस्तो गरिमामय पार्टी जिम्मेवारी कुशंलता पूर्वक समाल्नुभएको थियो । पार्टी जीवनमा साहनाले एक अनुशासित, इमान्दार र स्पष्ट-वक्ताको पहिचान -छाप छाडनु भएको थियो ।

कामरेड साहना नेपाल सरकारको मन्त्री दुईतीन पटक सम्म हुनुभयो त्यस जिम्मेवारीमा रहेर पनि वहाँले नेपाल र नेपालीहरूको हितमा नै कार्यहरू गर्नुभएको थियो । कम बोल्ने, बोलेको वचन पूरा गर्ने बानी वहाँको थियो । वहाँ एक कुशल वार्ताकार पनि हुनुहुन्थ्यो । कामरेड साहनाको जीवनको अधिकांश समय नेपालको लोकतान्त्रिक एवं कम्युनिष्ट आन्दोलनमा र नेपाली जनताको सेवामा साथै नयाँ नेपाल निर्माण गर्ने गोरेटो बाटोहरू कोर्दैमा बित्यो । अन्त्यमा एक सच्चा देशभक्त लोकतन्त्रवादी कम्युनिष्ट नेतृलाई श्रद्धासुमन - सम्मान अर्पण गर्दछु । आजलाई पाठकहरू, कलम रोक्छु ।

*२०७२ साल भदौ २९ गते, शंखमुल, पाटन*

# पशुपति चौलागाईको तेस्रो स्मृति दिवसको सन्दर्भमा

दिवंगत पशुपति चौलागाई (वि.सं. २०१६-२०७८) नेपालको लोकतान्त्रिक एवं कम्युनिष्ट आन्दोलनमा दोलखा जिल्लाबाट प्रतिनिधित्व गर्ने एक इमान्दार अनुशासित जनसेवी प्रेरणादायी व्यक्तित्व हुनुहुन्थ्यो ।
नेपालमा निरङ्कुस राजतन्त्र र निर्दलीय पञ्चायती व्यवस्था अन्त्य र बहुदलीय लोकतन्त्र स्थापनासँगै संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाका लागि उहाँको योगदानहरू स्मरणीय छन् । नेपालको कम्युनिष्ट आन्दोलनमा नेकपा (माले) र नेकपा (एमाले) बाट प्रतिनिधित्व गर्ने एक असल प्रेरणादायी नेताको छवि बनाउनुभएको दिवंगत कमरेड पशुपति चालगाईलाई २०४७ सालमा पार्टी प्रशिक्षण-भेला र पार्टी कमिटीको बैठकमा भेटेको र वहाँको जन्मघर मैनापोखरी काव्रेमा गएको स्मरण गर्न चाहान्छु । उहाँ तुल्सीलाल स्मृति प्रतिष्ठान सहकारी अध्ययन अनुसन्धान केन्द्रको सल्लाहकारको रूपमा हुनुहुन्थ्यो । गरिबी र बेरोजगारी माथि विजय प्राप्त गर्दै कसरी समृद्धी र समाजवादको यात्रा तर्फ सहकारी आन्दोलन अघि बढाउने ? सम्बन्धमा वहाँसँग भएका उपयोगी र व्यवहारिक सर सल्लाहको स्मरण गर्न चाहान्छु । २०७८ वैशाख २८ गते कोभिड रोगबाट उहाँको दुःखद निधन हुँदा म धेरै दुःखी भएको थिए । आज फेरि २०८१ वैशाख २८ गते उहाँको तेस्रो स्मृति दिवसको सन्दर्भमा दोलखाको माटोले जन्माएको एक असल कम्युनिष्ट जनसेवि दिवंगत पशुपति चौलागाईंलाई श्रद्धा अर्पण गर्दछु परिवारजन र दोल्खाबासी जनतालाई संवेदना अर्पण गर्दछु ।

२०८१ बैशाख २८

# निर्मल लामाको २४ औं स्मृति सभामा मन्तव्य

नेपालको लोकतान्त्रिक एवं कम्युनिष्ट आन्दोलनका अग्रणी नेतृत्व दिवंगत निर्मल लामाको २४ औँ स्मृति दिवसको उपलक्ष्यमा आयोजना गरिएको यस कार्यक्रमका अध्यक्ष लिलामणि पोखरेलज्यू आदरणीय, सम्माननीय, माननीय नेताहरू तथा उपस्थित सम्पूर्ण साथीहरू ।

नेपालको कम्युनिष्ट एवं लोकतान्त्रिक आन्दोलनमा यस आन्दोलनलाई नेतृत्व गर्नेहरूमध्ये दिवंगत निर्मल लामा मार्क्सवाद लेलीनवादलाई नेपालीपनमा ढालेर सिर्जनात्मक ढङ्गले सोच्न सक्ने, नीति निर्माण गर्न सक्ने सङ्घर्ष र आन्दोलनलाई सन्तुलित रूपमा अघि बढाउन पहल गर्ने हाम्रो समयको योग्य र इमान्दार नेताहरूमध्ये अग्रणी पनि हुनुहुन्थ्यो ।

२०३२ साल नखुजेलमा निरंकुश राजतन्त्र र निर्दलीय पञ्चायती व्यवस्था विरुद्धको संघर्षमा हामी दुई जेल परेको र जेलमा नै राजनीतिक छलफल भएको र फेरी १० वर्षपछि २०४२ सालमा ललतिपूर पाटन शहरको पीया पोखरी स्थीत कमरेड चिरीकाजी मर्हजनको घरमा भूमीगत भेटघाट हुँदा मैले निरंकुश राजतन्त्र र निर्दलय पञ्चायती व्यवस्थाको अन्त्यको लागि शान्तिपूर्ण र सशस्त्र दुवै क्षेत्र ओगटेर संयुक्त जनआन्दोलन सँगठित गरी राष्ट्रिय जनवादी आन्दोलनलाई अघि बढाउने दोहोरो कार्यनीति पार्टीहरूले लिन जरुरी–आवश्यक छ भन्दा “अलग अलग पार्टीमा रहेर पनि हाम्रो कुरा ठ्याक्कै कसरी मिलेको कमरेड” । निर्मल लामा र मेरो विचार दृष्टिकोण पार्टी कार्यनीति निर्धारण गर्ने सवालमा मिलेको थियो । आज, त्यसबेलाको सम्झना आइरहेको छ ।

२०१९ साल बैशाखमा बनारसमा सम्पन्न नेकपाको तेस्रो महाधिवेशनले दुई महत्त्वपूर्ण प्रस्तावहरू पास गरेको थियो । त्यसको प्रस्तावक अग्रणी नेता कमरेडहरू तुलसीलाल, पुष्पलालहरूको थिए । नेपालमा सार्वभौम सत्ता सम्पन्न संसदको स्थापना गर्न र राजाबाट जनतामा शक्ति हस्तान्तरण यी दुवै प्रस्ताव र नारा नेपाली राजनीतिको व्यवहारमा आज पनि देख्न सक्छौं । २०६४ जेष्ठ १५ मा प्रथम संविधानसभाले राजाबाट शक्ति नेपाली जनताहरूमा हस्तान्तरण गर्‍यो, राजतन्त्र अन्त्य र गणतन्त्रको घोषणा भयो । आज तपाईं हामीले निर्माण गरेको संसद सार्वभौम सत्ता सम्पन्न संसद हो । आज, हामी नेपाली कम्युनिष्टहरू सिँगै लोकतान्त्रिक आन्दोलनको पनि नेतृत्व गरिरहेका छौं । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नेतृत्व गर्नुभएको आजको सरकार प्रगतिशील देशभक्त जनवादी समाजवादीको प्रतिनिधित्व गर्ने सरकार हो । सारमा यो सरकार देशभक्त जनतान्त्रिक शक्तिहरूको सरकार हो । देखिएका कमी कमजोरीहरू आलोचना–आत्मालोचना गरी सचाउने कमरेड निर्मल लामाले देखाएको बाटोमा अघि बढौं । यीनै शब्दहरूका साथ दिवंगत निर्मल लामालाई श्रद्धा अर्पण गर्दछु ।

गोपाल शाक्य
अध्यक्ष
तुल्सीलाल स्मृति प्रतिष्ठान
२०८१ बैशाख २७

# मेरो स्मृतिमा जननेता मदन कुमार भण्डारी

१. नेपालको लोकतान्त्रिक एवं कम्युनिष्ट आन्दोलनको अग्रणी नेता, नेकपा (माले) र नेकपा (एमाले) को महासचिव जननेता मदन कुमार भण्डारी (जन्म वि.सं. २००९ साल, आषाढ १४, - मृत्यु वि.सं. २०५० जेष्ठ ३) प्रति श्रद्धा अर्पण गर्दै यो स्मृति लेख प्रारम्भ गर्दैछु ।

१.१. मुक्ती मोर्चा समुहको नेता कमरेड मदन कुमार भण्डारीः २०३३ चैत्र १२ गते ललितपुर नंखु खोला किनारमा रहेको केन्द्रीय कारागारबाट ६५ हातको सुरुङ्ग खनी राजतन्त्र र निर्दलिय पञ्चायती व्यवस्था विरुद्ध विद्रोह गरी १५ जना राजबन्दीहरू फरार भएर जनता माझ आएका थियौं त्यी १५ जना नेताहरू कमरेड चन्द्र प्रकाश मैनाली, प्रदीप नेपाल, घनेन्द्र बस्नेत, गोपाल शाक्य, माधव पौडेल, नरेश खरेल, जीवन मगर, अशोक न्यौपाने, निमुसिंह राजवंशी, धर्म घिमिरे, सागर खड्का, भिस्म धिमाल, बीर बहादुर लामा, नारद, वाग्ले, कामेश्वर हलवाई थिए । म जेल विद्रोह पछि भारतको आसाम गुहारी पुगेको समयमा कमरेड मोदनाथ प्रश्रित र जीवराज आश्रितसँग २०३४ जेष्ठमा भेट भएको थियो । वहाँहरू नेकपा पुष्पलाल समूहसँग मतभिन्नता राखि मुक्ती मोर्चा समूह निर्माणको क्रममा हुनुहुन्थ्यो । म त्यस समय अखिल नेपाल कम्यूनिष्ट क्रान्तिकारी कोअर्डिनेशन कमिटी (मार्क्सवादी-लेनिनवादी) को प्रतिनिधित्व गर्दै असम, मणीपुर, नागालैण्ड, मेघालय तिर पुगी नेपाली साथीहरू माझ सम्पर्क संगठन विस्तारमा लागेको थिएँ । असमको राजधानी शहर गुहाटी नून-माट्टी तेल प्रशोधन-कारखानाको मजदुर क्वाटरमा प्रश्रित र आश्रितसँग एकता वार्ता सम्पन्न भएको थियो । एकता वार्ताको क्रममा कमरेड जीवराज आश्रितले मेची कोशीमा क. सागर (मदन भण्डारी) मुक्ती मोर्चाको नेताको हैसियतले काम गरिरहनु भएको जानकारी पाएँको थिए ।

२०३४ साल भाद्रमा मुक्ती मोर्चा समूह अखिल नेपाल कम्यूनिष्ट क्रान्तिकारी को-अर्डिनेशन कमिटी (माले) मा सामेल भएको घोषणा गरियो । दुई क्रान्तिकारी कम्युनिष्ट समूहको एकता सम्पन्न भएको थियो । दुवै समूहको नेता-कार्यकर्ता उत्साहित भएका थियौं ।

१.२. पहिलो भेटः मदन कुमार भण्डारीसँग मेरो पहिलो भेट धनुषाको कचुरी गाउँमा भएको थियो । अखिल नेपाल कम्युनिष्ट क्रान्तिकारी को-अर्डिनेशन कमिटी (मार्क्सवादी-लेनिनवादी) को तेस्रो राष्ट्रिय सम्मेलन-२०३५ श्रावण ४-९ मा जनकपुर अञ्चल, धनुषा जिल्लाको कचुरी गाउँमा भूमिहिन गरीब किसान-चमार परिवारहरूको, जोडिएको झोपडी घरहरू प्रयोग गरी भूमिगत सम्मेलन सम्पन्न भएको थियो । उक्त सम्मेलनमा कमरेड चन्द्र प्रकाश मैनाली, माधव नेपाल, अमृत बोहरा, मुकुन्द न्यौपाने, ईश्वर पोखेल, रत्न कुमार वान्तवा, प्रदीप नेपाल, वीर बहादुर लामा, जीवन मगर, मोदनाथ प्रश्रित, जीवराज आश्रित, मदन भण्डारी, माधव पौडेल, गोपाल शाक्य, सीता खड्का, बासु शाक्य, राम अवतार वासवान, रामचन्द्र यादव, असेश्वर यादव, डिल्ली मैनाली, सोभा कुँवर, भीम नारायण थारु आदी २५ जना थियौं । यसै राष्ट्रिय सम्मेलनमा मेरो कमरेड मदनसँग पहिलो भेट, परिचय भएको थियो । त्यस बखत मदन २५ वर्षको र म २३ वर्षको थिएँ । सम्मेलनमा उपस्थित प्रतिनिधिहरू मध्ये- मोदनाथ प्रश्रित सबै भन्दा जेष्ठ थिए । ३० वर्ष ननाघेका हामी युवाहरू उत्साहित क्रान्किारी कम्युनिष्ट नेताहरू नेपालको सामन्तवाद र साम्राज्यवाद विरोधी जनक्रान्तिलाई सशस्त्र कृषि क्रान्तिको बाटो, दिर्घकालिन जनयुद्ध- जन विद्रोहको बाटो इलाकाको आधारमा जन-सत्ता कब्जा र निर्माण गर्दै एक एरिया, एक यूनिट, एक एक्सनको संगठनात्मक नीति र जमिन्दार-दलाल खतम लाइन कसरी कार्यान्वयन गर्ने-नेपाल मजदुर किसान, उत्पीडीत जाती भूमिहीन गरीबहरू माथि शोषण-उत्पीडन-दमन अन्याय अत्याचारको विरुद्ध बर्ग संघर्षको राजनीति -रणनीति र कार्यनीति कसरी निर्माण गर्ने भन्नेमा केन्द्रीत हुँदै, राजनन्त्र र निर्दलीय पंचायती शासन व्यवस्थाको अन्त्य जनवादी जनगणतन्त्र स्थापना

लक्ष्य उद्देश्य कसरी पूरा गर्ने- नेपालको कम्युनिष्ट आन्दोलन भित्र देखा परेका दक्षिणपन्थी संशोधनवाद विरुद्ध कसरी वैचारिक संघर्ष अघी बढाउने विषयहरूमा नै छलफल केन्द्रीत थियो। हामी सबै युवाहरूमा देशभक्ति र आत्माविश्वास दरो थियो। देश, जनता र पार्टी प्रति समर्पित पूर्णकालिन इमान्दार र अनुशासित भूमीगत नेताहरूले यथाशिघ्र नेकपा (माले) को प्रथम राष्ट्रिय सम्मेलन बोलाउने समझदारी गरेका थियौं।

पहिलो भेटमा मदनको छलफल गर्ने तरिका शैली, विनम्रता, तार्किक प्रस्तुती र अडानमा स्पष्टताबाट म विशेष प्रभावित भएको थिए। हामी दुवैका चेतनाले उग्रबामपन्थी पार्टी नीतिमा कतै परिवर्तन खोज्दछ भने महसुस मेरो मन मस्तिष्कले त्यस बेला ठहराएको थियो। आज फर्किएर हेर्दा त्यस बखत हामी उपस्थित सबै नेताहरू उग्र क्रान्तिकारी सोच, दृष्टिकोण राख्ने उच्च क्रान्तिकारी वर्ग संघर्षको भावनाले लैस नेपालका शोषित, उत्पीडित, सर्वहारा, मजदुर-किसान आम श्रमिक जनताका सच्चा प्रतिनिधि थियौं।

१.३. नेकपा (माले) को प्रथम राष्ट्रिय सम्मेलन र क. मदनसँग दोस्रो भेट: अखिल नेपाल कम्यूनिष्ट क्रान्तिकारी को-अर्डिशन कमिटी (मार्क्सवादी-लेनिनवादी) को आव्हानमा मोरङ जिल्ला, इटहरा गाउँमा नेकपा (माले) को प्रथम राष्ट्रिय सम्मेलन २०३५ पौष ११ देखि १७ सम्म भएको थियो। यो भूमिगत सम्मेलनको व्यवस्थापन प्रमुख क. सागर ( मदन कुमार भण्डारी) हुनुहुन्थ्यो।

नेकपा (माले) को प्रथम सम्मेलनमा उपस्थित प्रतिनिधिहरू (१) क. चन्द्र प्रकाश मैनाली (२) क. माधव कुमार नेपाल (३) क. अमृत बोहरा (४) जीवराज आश्रित (५) क. मोदनाथ प्रश्रित (६) क. ईश्वर पोखेल (७) मुकुन्द न्यौपाने (८) क. मदन कुमार भण्डारी (९) प्रदीप नेपाल (१०) गोपाल शाक्य (११) क. वीर बहादुर लामा (१२) क. माधव पौडेल (१३) सीता खड्का (१४) क. शोभा कुँवर (१५) रत्न कुमार वान्तवा (१६) जीवन मगर (१७) क.

बासु शाक्य (१८) हरि नेपाल आदी थियौँ । क्षमा गर्नुहोस अहिले अरु नाम स्मृतिमा आएन ।

१.४ यो राष्ट्रिय सम्मेलनको विषय सूची निम्न थियो - (१) शहिदहरू प्रति श्रद्धाञ्जली (२) नेकपा (माले) को घोषणा (३) नेकपा (माले) राजनीनिक प्रस्ताव (४) नेकपा (माले)को अन्तरिम विधान (५) चिनिया कम्यूनिष्ट पार्टीको केन्द्रीय कमिटीलाई पत्र (६) वीर कम्पूचियाली जनताको न्यायपूर्ण प्रतिरोधलाई दृढ सर्मथन (७) नेपाल कम्यूनिष्ट पार्टी (माले) प्रथम राष्ट्रिय सम्मेलनको विज्ञप्ती । यस प्रथम राष्ट्रिय सम्मेलनमा व्यवस्थपक प्रमुख सागर (मदन भण्डारी) सुरक्षा मिलिसिया सबै स्वयम् सेवकहरू प्रति हार्दिक धन्यवाद प्रस्ताव पारित गरिएको  थियो । त्यस समय क. चन्द्र प्रकाश मैनाली, माधव नेपाल, मदन भण्डारी लगायत हामी सबैले दृढ समर्थन गरेको दस्तावेजहरूले हाम्रो त्यस समयको चेतना, आत्मा विश्वास बुझ्न सहयोग पुर्‌याउँदछ । सम्मेलनको विज्ञप्तीले सम्मेलनको शब्द चित्र नै प्रस्तुत गरेको छ यस लेखमा जस्ताको त्यस्तै समावेश गरेको छु ।

सम्मेलनको विज्ञप्ती

अखिल नेपाल कम्युनिष्ट क्रान्तिकारी को-अर्डिनेशन कमिटी (मार्क्सवादी लेनिनवादी) ले आयोजना गरेको नेपाल कम्युनिष्ट पार्टी (माले) को प्रथम राष्ट्रीय सम्मेलन देशको कुनै गाउँले इलाकामा किसान जनताको, खास गरी भूमिहीन, गरीब र निम्न-मध्यम किसानहरूको सक्रिय सहयोगमा २६ दिसम्बर १९७८ - १ जनवरी १९७९ (११-१७ पौष ०३५) मा सफलताका साथ सम्पन्न भयो ।

ऐतिहासिक तेस्रो सम्मेलनले को. के. गठनको चौथो वर्ष भित्रै पार्टी स्थापनाको केन्द्रीय कामलाई पूरा गर्ने निर्णय लिएको थियो । नेपालका तमाम संशोधनवादी गुटहरू, खासगरी मोहनविक्रम गद्दार गुटको संशोधनवादलाई पराजित गर्दै; संगठनभित्रैका मुट्ठीभर पार्टी विरोधी, फूटपरस्त तत्वहरूको पार्टी फुटाउने षड्यन्त्रपूर्ण दुष्प्रयासलाई चकनाचूर पार्दै र अनेकौं ग्र

'पहरूमा रहेका कम्युनिष्ट क्रान्तिकारीहरूलाई सही लाइनमा एकजुट गर्दै पार्टी स्थापनाको यो राष्ट्रीय सम्मेलन सफलताका साथ आयोजित हुन सकेको हो । त्यसैले यो सम्मेलन भित्री पार्टी जनवाद, एकता र विजयको सम्मेलन हो ।

अध्यक्ष माओको ८५ औं जन्मदिवसको महान् अवसरमा आयोजित सम्मेलनको कार्यक्रम २६ दिसम्बर ( ११ पौष ) मा देशका विभिन्न जिल्लाबाट आउनु भएका प्रतिनिधि कमरेडहरूको सौहार्दपूर्ण आपसी परिचयका साथ उल्लासमय वातावरणमा शुरू भयो। सम्मेलनमा लामो समयदेखि आ-आफ्ना कार्यक्षेत्रहरूमा संगठन, वर्ग-संघर्ष र विचारधारात्मक संघर्षमा लगनका साथ जुटेर समृद्ध अनुभव प्राप्त गरेका मजदूर, आधारभूत वर्गका किसान, महिला तथा बुद्धिजिवी क्रान्तिकारी कार्यकर्ताहरूको समुचित प्रतिनिधित्व थियो ।

विश्व सर्वहारा वर्गका पाँच अन्तरराष्ट्रीय महान् गुरुहरूका भव्य तस्वीरले सुस- ज्जित रातो झण्डा फहराइरहेको कक्षयमा जोशिलो अन्तरराष्ट्रीय गीत गुञ्जनको साथ सम्मेलन शुरू भएको उद्घोषणा गरियो ।

त्यसपछि तेस्रो को. के. को विघटन गरियो र सम्मेलनलाई सुचारु रूपले सञ्चालन गर्न सवै प्रतिनिधिहरूको एकमतबाट अध्यक्ष मण्डलको निर्वाचन गरियो ।

अध्यक्ष मण्डलका अध्यक्षले २६ दिसम्बरको ऐतिहासिक महत्वमाथि प्रकाश पार्दै अध्यक्ष माओका महान् योगदानहरूको चर्चा गर्नुभयो तथा अध्यक्ष माओवाट हामीले निरन्तर सिकिरहनु पर्ने कुरामा जोड दिनुभयो ।

त्यसपछि जनताका लागि शहीद हुने देश-देशका शहीदहरू, हाम्रा राष्ट्रीय जन- वादी तथा वर्गीय वीरहरू र प्रिय आदरणीय अमर शहीदहरूलाई सम्मानपूर्वक संझना गरियो र वहाँहरूप्रति हार्दिक र भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दै एउटा प्रस्ताव पारित गरियो ।

कार्यक्रम अनुसार अध्यक्षले नेपाल कम्युनिष्ट पार्टी ( मा० ले० ) को

स्थापनाको घोषणा सम्बन्धी वक्तव्य पढेर सुनाउनु भयो र प्रतिनिधिहरूको जोशिलो करतल ध्वनिको माझ 'नेपाल कम्युनिष्ट पार्टी ( मा० ले० ) को स्थापना, २६ दिसम्बर १९७८" अंकित पार्टीको अनावरण गर्नुभयो ।

चिर प्रतीक्षित आफ्नो आकांक्षा पूराभएकोमा प्रतिनिधिहरूले हर्षविभोर भएर कसिएका मुठी उठाउँदै पार्टीलाई लाल अभिवादन गर्नुभयो ।

घोषणा सम्बन्धी वक्तव्यमा पार्टी स्थापनाको ऐतिहासिक आवश्यकता, त्यसको महत्व, ऐतिहासिक झापा विद्रोहपछि को० के० को नेतृत्वमा सिद्धान्त, संगठन, विचार- धारात्मक संघर्ष र पार्टी एकताको क्षेत्रमा प्राप्त उपलब्धिहरूको चर्चा गरिएको छ । त्यसमा एउटा मा० ले० क्रान्तिकारी पार्टी स्थापना गर्नु नेपालका कम्युनिष्टहरूको लामो समयदेखिको प्रिय आकांक्षा, ऐतिहासिक झापा विद्रोहको उद्देश्य तथा को. के. को केन्द्रीय काम रहेको कुरा उल्लेख गरिएको छ । वक्तव्यमा को-अर्डिनेशन संगठनलाई हर- हिसाबले पार्टी संगठनमा रूपान्तरित गर्न, पार्टीप्रति कम्युनिष्ट क्रान्तिकारीहरू तथा जनताको आशा, विश्वास र भरोसालाई दृढ़ बनाउन क्रान्तिकारीहरूका बीच लौह दृढ़ अनुशासनलाई जगाउनु नै यस पार्टी स्थापनाको उद्द ेश्य रहेको कुरा व्यक्त गरिएको छ ।

त्यसपछि नेपाल कम्युनिष्ट पार्टी (मा. ले.) को राजनीतिक प्रस्ताव र त्यसको अन्तरिम विधान प्रतिनिधिहरूका अगाडि प्रस्तुत गरियो । विस्तृत जनवादी छलफलहरूका साथ तिनीहरूलाई पारित गरियो । राजनीतिक प्रस्तावमा झापा विद्रोहद्वारा जन्मेर विकसित भएका पार्टीका सिद्धान्त, लाइन र नीतिहरूका बारेमा उल्लेख गरिएको छ; ।

आधुनिक नेपाल राणाशासन विरोधी संघर्ष, सातसाल पछिको नेपाल संबन्धी धारणा प्रस्तुत गरिएको छ र नेपाली क्रान्तिको स्वरूप तथा लक्ष्यहरूलाई उल्लेख गरिएको छ ।

अन्तरिम विधानमा पार्टीको चरित्र, सिद्धान्त, कार्यक्रम र नीति तथा

पार्टीका आम नियमहरू अंकित गरिएका छन् ।

सम्मेलनमा प्रस्तावको रूपमा चीनियाँ कम्युनिष्ट पार्टीको केन्द्रीय कमिटीलाई लेखिएको चिट्ठी पारित गरियो । उक्त प्रस्तावमा अध्यक्ष माओका योगदानहरू, वर्तमान विश्वमा चीनको भूमिका, क. हुवाको फङ्को सही नेतृत्वमा महान् समाजवादी चीनले गरिरहेको चौतर्फी तीव्र प्रगति आदीको उल्लेख गर्नुका साथसाथै ती सबै कुरामा नेपाली क्रान्तिकारीहरू तथा जनताको दृढ समर्थन व्यक्त गरिएको छ ।

त्यसैगरी रूसी प्रभुत्ववाद र त्यसको कठपुतली भियतनामी विस्तारवादीहरूद्वारा दक्षिण-पूर्व एसियाको एउटा सानो देश जनवादी कम्पुचियामाथि भएको बर्बरतापूर्ण आक्रमणको तीव्र निन्दा गर्दै एउटा अर्को प्रस्ताव पारित गरियो । प्रस्तावमा क. पोल- पोतद्वारा अगुवाई गरिएको महान् कम्पुचिपाली कम्युनिष्ट पार्टीको नेतृत्वमा वीर कम्पूचियाली जनताले राष्ट्रीय अखण्डताका र सार्वभौमिकतालाई जोगाउने महान् प्रतिरोध संघर्ष तथा समाजवादी निर्माणमा अझै ठुलठुला विजय पाउनेछन् भन्ने नेपाली क्रान्ति- कारोहरू तथा जनताको दृढ विश्वास र समर्थन व्यक्त गरिएको छ ।

प्रतिनिधी कमरेडहरूले परस्पर संगठन तथा संघर्षका रूपहरूको बारेमा छलफल गर्नु भयो तथा नीतिहरू बारेमा स्पष्ट समझदारी प्राप्त गनुभयो ।

सम्मेलन जनवादो तथा उत्साहपूर्ण क्रान्तिकारो वातावरणमा चल्यो । सबै प्रति- निधि कमरेहरूने तमाम सवालहरूबारे एकएक गरी व्यापक छलफल तथा बहस चलाउनु भयो । साथै मुट्ठीभरिका पार्टी विरोधी, विदेशी चाकरीवादहरूका पागलपूर्ण प्रलापहरूलाई एक स्वर एक आवाजमा तीव्र भर्त्सना र निन्दा गर्नुभयो ।

यसरी पार्टी र क्रान्तिका विविध पक्षहरूमा गंभीर र विस्तृत छलफल

गरी महत्वपूर्ण विषयहरूमा सबै प्रतिनिधि कमरेडहरू एकमतमा पुग्नुभयो । पूर्ण जनवादी छलफलद्वारा प्रतिनिधिहरूले पार्टीको नेतृत्वदायी संस्था-केन्द्रीय कमिटीको निर्वाचन गर्नुभयो ।

सम्मेलनका कार्यक्रम अन्तिम चरण विसर्जन समारोहमा सम्मेलन कक्षमा उपस्थित इलाकाका क्रान्तिकारी किसान जनसमुदायका प्रतिनिधि तथा सम्मेलनका प्रतिनिधिहरूका बीच राजनीतिक छलफल तथा अनुभवहरूको आदान-प्रदान भयो । त्यसपछि उत्साहपूर्ण जोशिलो वातावरणमा पार्टी स्थापनाको प्रसंशामा बनेको अनेकौं भाषामा रचिएका कविताहरू पाठ गरिए तथा गीतहरू गाइए । पार्टी स्थापनाको महत्वलाई राम्ररी बुझेका क्रान्तिकारी किसान जनताका प्रतिनिधिहरूले आफ्नो प्यारो पार्टीलाई मुक्तकण्ठले प्रशंसा, हार्दिक स्वागत र लाल अभिनन्दन गर्नुभयो ।

अन्तमा १७ पुस ०३५ (१ जनवरी १९७९) मा समापन भाषणपछि जोशिलो अन्तरराष्ट्रीय गीत र लाल अभिवादनका साथ सम्मेलनको औपचारिक विसर्जन गरियो । १७ पुस २०३५ ( १ जनवरी १९७९)

१.५.यो राष्ट्रिय सम्मलेन पछि २०३५/३६/३७ तीन बर्षमा देशभरी पार्टी संगठन विस्तार सुदृढ गर्ने क्रममा-सशस्त्र संघर्ष गेरील्ला संगठन । जन मिलिसिया /दिर्घकालिन जनयुद्ध/ ईलाकाको आधारमा सत्ता कब्जा गर्ने नीति व्यवहारमा लागू गर्न सकिएन क्रमशः जन-संगठन, विद्यार्थी, शिक्षक, महिला, युवा, प्राध्यापक, कर्मचारी, मजदुर, किसान सबै जन संगठनहरू पूर्नगठन र निर्माण कार्य प्रारम्भ गरियो । नेकपा (माले) नेपाली कम्यूनिष्ट आन्दोलनको रेसमा नेकपा (चौंथो महाधिवेशन) मोहन विक्रम, निर्मल लामा ग्रुपलाई पछाडी पार्दै २०३८/३९/४० तीन वर्ष बिचमा जन-संगठन सँगसँगै संघर्षको लागि जनजीवीका, जनवाद र राष्ट्रियताका मागहरू शुत्रवद्ध गरियो र समग्रतामा नयाँ सैद्धान्तिक वैचारिक पुर्नगठनको मागले नेकपा (माले) भित्र नयाँ वैचारिक धार लोकतान्त्रिक कम्युनिष्ट आन्दोलनको धार विकास गर्न पार्टी भित्र र बाहिर गम्भिर वहस छलफल चल्यो । क्रमिक

रुपमा पार्टीले "उग्रबाम" गल्ती, कमी महसुस गर्दै समयको माग र आवाज सुन्न थाल्यो । त्यस समय कमरेड मदनले राजमोती र मैले विक्रम थापा नामले धेरैवटा लेख, रचनाहरू, पत्रपत्रिकाहरूमा छापिए पुस्तक आकारमा नै छापिएको थियो । २०४० देखि २०४६ विचमा लेखिएका रचनाहरूको मूल्याङ्कन गर्दा हामी दुवै को वैचारिक, सैद्धान्तिक अडानहरू धेरै समान थिए ।

२०३६-३७ सालको जनआन्दोलन/संघर्षको परिणाम स्वरूप "राष्टिय जनमत सँग्रह" को घोषणा र नेपाली जनताको मत २० र २४ लाखमा विभाजित भएर बहुदलवादी शक्तिहरूको हार र सुधारिएको पञ्चायती व्यवस्थाको जीतले नेकपा (माले) भित्र "उग्रबाम" कमी, गल्ती हटाउन, आत्मा आलोचना प्रारम्भ गर्ने, सन्तुलित राजनीतिक लाईन स्थापित गर्ने क्रममा कमरेड मदनको राजनीतिक नेतृत्व स्थापित हुँदै आएको थियो । परिणामस्वरूप २०४६ भदौमा सम्पन्न नेकपा (माले) को चौंथो महाधिवेशनमा सर्वसम्मतिले क. मदन नेकपा (माले) को पार्टी महासचिव निर्वाचित हुनुभएको थियो ।

१.६.नेपाल कम्युनिष्ट पार्टीको स्थापनाकाल र नेकपाको २०१० को ललितपुरमा सम्पन्न प्रथम महाधिवेशन २०१४ काठमाडौंमा सम्पन्न दोस्रो र २०१९ सालमा वनारसमा सम्पन्न तेस्रो पाटी महाधिवेशनको निरन्तरताको रुपमा नै २०४६ को नेकपा (माले) को चौथो महाधिवेशन सम्पन्न भएको थियो । "प्रथम" होइन पार्टीको चौथो महाधिवेशन नै गर्नुपर्छ भन्नेमा पनि कमरेड मदन र मेरो समान मत थियो । विगत पार्टीको नेतृत्व-महासचिवहरू कमरेड पुष्पलाल, क.मनमोहन अधिकारी, क. तुल्सीलाल अमात्यलाई कम्युनिष्ट क्रान्तिकारी समेत मान्न तयार नहुने नेकपा (माले) का नेताहरूमा वैचारिक परिवर्तन ल्याउन पार्टी भित्र र बाहिर मैले २०३९ सालदेखि गरेको संघर्षहरूमा पछी कमरेड मदन भण्डारीको साथ-सहयोग रहेको थियो । सत्य कुरा राख्न पनि कमरेड मदन समय अड्कलेर धैर्यतासाथ राख्न

सिपालु हुनुहुन्थ्यो । म अधैर्य नै थिए । अधैर्य नै सावित भएको छु । नेकपा (माले) कालमा मैले राखेका १४ मतभेदमा सैद्धान्तिक वैचारिक अडान नछाड्ने नाममा पार्टी पद्दती अनुशासन तोड्नु मेरो अधैर्यताकै रुप थियो - पछी मेरो सैद्धान्तिक वैचारिक अडानहरू कमरेड मदनको नेतृत्वमा पार्टीले अझ सुदृढ व्यवस्थीत रुपमा स्वीकार र ग्रहण गरेको म यहाँ स्मरण गर्न चाहन्छु ।

१.७. निरंकुश तथा निर्दलीय पंचायती व्यवस्था ३० वर्षे आयु समाप्ती चरणमा पुर्याउन नेकपा (माले) २०४६ मंसिर, पुष, माघ तीन महिना देशभरी संगठनहरू सुदृढ गर्ने- अन्य कम्युनिष्ट समूहहरूसँग पार्टी एकता, बाम एकताका लागि पहल कदमी लिएको थियो । महासचिव कमरेड मदनको नेतृत्वमा म राप्ती अञ्चलको पार्टी जिम्मेवारी थिए त्यहाँ ढाडदेउखुरी, सल्यान, प्यूठान, रुकुम, रोल्पा, चारै जिल्लामा नेकपा (माले) लाई जनता माझ स्थापित गर्दै लग्ने प्रयासहरू जारी थियो । नेपाली कांग्रेस अन्य बामपन्थी शक्ति मिलाएर पनि राजावादी पञ्चहरूको प्रभाव पनि कमजोर थिएन । राजनीतिक, शक्ति सन्तुलनको अनुमान गर्दा २०४६ माघको अन्त्यमा मैले नेकपा (माले) राप्ती पार्टी सचीवको हैसियतले महासचिव मदन भण्डारीलाई प्रतिवेदन बुझाउँदै कांग्रेस बामपन्थी पञ्च तीनै रााजनीतिक शक्ति हाराहारी रहेको बामपन्थीहरू र कांग्रेश मिलेर जाँदा जन-आन्दोलन सफलता तर्फ उन्मुख हुन सक्छ । भनेको स्मरण आज पनि आईरहेको छ ।

त्यस समय महासचिव मदनले अन्य बामपन्थी कम्युनिष्ट नेताहरूसँग सम्पर्क सम्बन्ध बढाएर बाम एकताका लागि वातावरण बनाउन विशेष पहल गर्न मलाई पनि निर्देशन गर्नु भएको थियो । त्यसबेला मनमोहन अधिकारी, साहना प्रधान, तुल्सीलाल अमात्य, शम्भुराज श्रेष्ठ, कृष्णदास श्रेष्ठ, शान्तदास मानन्धर, पद्मरत्न तुलाधर, लक्ष्मी भक्त उपाध्याय, विष्णु बहादुर मानन्धर, कृष्णराज बर्मा, सिद्धीलाल सिंह, भरतमोहन अधिकारी,

लक्ष्मी भक्त उपाध्याय अन्य देशभरिका धेरै बामपन्थी नेता, कार्यकर्ताहरूसँग भेटेर बामपन्थी एकताका लागि पहल गरेको आज पनि सम्झी रहेको छु ।

नेकपा (माले) बाट बामपन्थी एकताका लागि वार्ता गर्ने जिम्मेवारी क.राधा कृष्ण मैनाली, क. सुशील प्याकुरेललाई दिईएको थियो । कमरेड मदन भण्डारी महासचिव रहेको नेकपा (माले) बामपन्थी पार्टी मध्ये सबैभन्दा बढी प्रभावशाली थियो । नेकपा (माले) को पहलमा बामपन्थी नेता पद्मरत्न तुलाधरको घरमा २०४६ माघ २१ गते सात बामपन्थी पार्टीका प्रतिनिधिहरू केही स्वतन्त्र बामपन्थीहरूको उपस्थितिमा २१ सदस्यीय बाम मोर्चा घोषणा भएको थियो । बाम मोर्चामा सर्वसम्मतीले अध्यक्षमा श्रीमती साहना प्रधान मानार्थ अध्यक्षमा कमरेड तुल्सीलाल अमात्य चुनिएका थिए । सात-बामले नेपाली कांग्रेसका नेताहरूसँग भेटेर निरंकुश तथा निर्दलीय पञ्चायती व्यवस्था विरुद्ध बहुदलिय प्रजातान्त्रिक व्यवस्था प्राप्तीका लागि २०४९ फागुन ७ गते देखि देशव्यापी संयुक्त जन आन्दोलनमा जाने समझदारी बनेको थियो । देश व्यापी रुपमा फागुण ७ गते संयुक्त जन आन्दोलन प्रारम्भ भएर ४९ दिन चैत्र २६ गते निरंकुश तथा निर्दलीय पञ्चायती व्यवस्था अन्त्य र बहुदलिय प्रजातान्त्रिक व्यवस्था आगमन सँगै नेपाली जनताको ऐतिहासिक संयुक्त जनआन्दोलन सफलतामा टुंगियो ।

यो संयुक्त जनआन्दोलन सञ्चालन गर्न नेकपा (माले)ले पार्टी महासचिव कमरेड मदन कुमार भण्डारीको नेतृत्वमा केन्द्रीय संघर्ष समिति निर्माण गरेको थियो । हाम्रो पार्टीको कमाण्डर क. मदन थिए संयुक्त जन आन्दोलनको सर्वोच्च कमाण्डर श्री गणेशमान सिंह थिए आज यी दुई महान नेता, हामी बिच छैनन वहाँहरूको सम्झना सदा आईरहने छ ।

१.८. २०४७ साल वैशाखमा नेपालको राजनीतिक इतिहासमा धेरै कार्यहरू सम्पादन भएका थिए । अन्तरिम सरकार निर्माण र संविधान सुझाव आयोग निर्माण त्यसमा राजा, कांग्रेस र बाम शक्तिहरूको भूमिकामा नेकपा (माले) का महासचीव मदन र हामी ३५ जना पार्टी केन्द्रीय सदस्यहरूको

महत्वपूर्ण भूमिका रहेको थियो । नेकपा (माले) को आकस्मिक केन्द्रीय कमिटी वैठक काठमाडौंको टोखामा बोलाईयो त्यहाँ पार्टी पूर्ण रुपले खुल्ला गर्ने वा नगर्ने, अन्तरिम सरकारमा पार्टीले कस्लाई पठाउने - संविधान सुझाव आयोगमा कस्लाई पठाउने, केन्द्रीय नेताहरूले मुलुकको परिवर्तित परिस्थितिमा के कस्तो जिम्मेवारी लिने नयाँ कार्य विभाजन बारेमा समेत छलफल शुरु भएको थियो । नेकपा (माले) को महासचिव भनेर होइन ' प्रवक्ता' को रुपमा मात्र कमरेड मदन भण्डारी खुल्ला हुने काठमाडौंमा नेकपा (माले) को केन्द्रीय सम्पर्क कार्यालय खडा गर्ने निर्णय साथै अन्तरिम सरकारमा कमरेड झलनाथ खनाललाई पठाउने निर्णय गरियो । मेरो पहिलो मत क.राधा कृष्ण मैनाली पठाउने थियो । त्यो निर्णय गर्ने थलोमा राती अवेर सम्म पनि क. मैनाली आईपुग्नु भएन क. मदनले तपाईँको प्रस्ताव उचित नै भएपनि धेरै कमरेडहरूले कमरेड झलनाथ खनाललाई न पठाउने प्रस्ताव गर्नु भएको छ । तपाईँले पनि मानिदिनु होस् भनी आग्रह गर्नु भयो त्यसपछि मैले सहमती जनाए त्यो रात आज पनि स्मृति आईरहेको छ ।

कमरेड मदनले मलाई राप्ती अञ्चल पार्टीको जिम्मेवारीबाट मुक्त भएर युवा मोर्चाको जिम्मेवारी प्रस्ताव राख्नु भयो मैले स्वीकार गरिन त्यसपछि मलाई बागमतीको पार्टी जिम्मेवारी दिने निर्णय पार्टी केन्द्रीय कमिटीले गरेको थियो । त्यसमा नौ वटा जिल्ला तोकिएको थियोः ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, सिन्धुपालचोक, दोलखा, रामेछाप, धादिङ, नुवोकाट र रसुवा त्यसपछि कमरेड केपी शर्मा ओलीलाई लुम्बिनी पार्टी जिम्मेवारीबाट मुक्त गरेर युवा मोर्चा सञ्चालन जिम्मेवारी तोकिएको थियो । आज मेरो मनले भन्छ कमरेड मदनको त्यस दिनको प्रस्ताव उचित थियो मैले स्वीकार गर्नु पर्दथ्यो ।

संविधान सुझाव आयोगमा पठाउने नेता पार्टी केन्द्रीय सदस्य मध्येबाट चुन्ने तर अहिले निर्णय नगरौं यसको जिम्मा पोलिटब्युरोलाई दिनुहोस भनी महासचीव मदन भण्डारीको प्रस्ताव पार्टी केन्द्रीय कमिटीले

स्वीकार गरेको थियो ।

नेकपा (माले) को पार्टी सम्पर्क केन्द्रीय कार्यालय बागबजारमा २०४७ वैशाख तिर उद्‌घाटन गरियो मिति याद रहेन, उद्‌घाटन पछि एक दिन कार्यालय भवनको छतमा बसेर क. मदन र मेरो अन्तरंग छलफल भयो । मैले सोधे संविधान सुझाव आयोगमा कस्लाई उठाउँदै हुनुहुन्छ । वहाँले भन्नु भयो ‘कमरेड माधव नेपाललाई मैले पुनः प्रश्न गरें वहाँ उचित सहि पात्र हो ? मदनले जवाफमा भन्नु भयो मैले तपाईको मनसाय बुझें, कमरेड माधवको उग्रबाम कोण संविधान बनाएर फर्किंदा सम्म दक्षिणतिर मोडिने खतरा छ ।” वहाँलई सन्तुलित बनाउन नै हामीले वहाँलाई पठाउनु पर्छ । कानून बुझेको अध्ययन भएका नेताहरू मध्य कोही पार्टीले पठाए हुन्थ्यो भन्ने मेरो मनकुरा थियो । तर आज मेरो मनले भन्छ यहाँ मदनको निर्णय सही थियो । कमरेड मदन हामी नेताहरूको मनोविज्ञान बुझ्न सिपालु हुनुहुन्थ्यो । नेकपा (माले) तर्फबाट पोलिटब्यूरो सदस्य क.माधव नेपाल संविधान सुझाव आयोग सदस्य बन्नु भयो । अन्य बाम मोर्चाका प्रतिनिधिहरूमा कमरेड भरत मोहन अधिकारी, नेकपा (मार्क्सवादी) र नेकपा (एकताकेन्द्र) का कमरेड निर्मल लामा । तीन जना बाम नेता । तीन राजाको प्रस्तावमा तीन कांग्रेसको प्रस्तावमा र सर्वोच्च अदालतका प्रधान न्यायधिश विश्वनाथ उपाध्याको अध्यक्षतामा संविधान सुझाव आयोग १० सदस्य घोषणा भएको थियो ।

१.९ २०४७ सालको संविधान निर्माण क्रममा कमरेड मदन भण्डारीले नेकपा (माले) को प्रवक्ताको हैसियतले २०४७ आषाढ २० गते पठाएको सुझावहरूलाई यहाँ प्रस्तुत गर्ने अनुमति चाहन्छु । यस प्रस्तावको अध्ययनले नेपालको संविधान–२०४७ को निर्माणमा क. मदनको मार्गदर्शन बुझ्न सकिन्छ । नेकपा (माले) ले त्यस बखत संविधान सुझाव आयोगद्वारा

जारी संविधानलाई २८ बुँदे आलोचनात्मक फरक मतका साथ समर्थन गरेको थियो । समय र शक्ति सन्तुलन बुझी राजनीतिक कदम अगाडी बढाउनु भन्ने शिक्षा यस २८ बुँदाको सार हो ।

## नयाँ संविधानका लागि प्रस्तुत सुझावहरू

श्री सम्माननीय अध्यक्षज्यू,
संविधान सुझाव आयोग,
राष्ट्रिय सभागृह, काठमाडौं

आयोगले हाम्रो पार्टी नेकपा (माले) लाई भावी संविधानको सम्बन्धमा आफ्ना सुझाव र मान्यताहरू पठाउने जानकारी एवम् माग गरेको हुँदा हाम्रो पार्टीका निम्न लिखित अवधारणाहरू प्रस्तुत गरिएको छः

१. सर्वप्रथम यो आयोग पञ्चायती संविधानमा थपघट वा सुधार गर्न बनेको होइन भन्ने कुरा सर्वविदित नै छ र यसले नयाँ संविधानको मस्यौदा गर्नेछ, भन्ने कुरा पनि सार्वजनिक जानकारीमा आएकै छ । तर पनि यस आयोगका अगाडि सुझाव शब्द झुन्ड्याउनु आफैंमा एउटा बिसङ्गत एवम् आश्चर्यको विषय बनेको छ । यसबाहेक अझै पनि पञ्चायती संविधान खारेज गरिएको छैन । यसले जनआन्दोलनको भावनाअनुरूप आयोगको कार्यक्षेत्र फराकिलो छ र प्रजातान्त्रिक संविधान निर्माण गर्ने प्रक्रियामा कुनै षड्यन्त्र हुनेछैन भन्ने कुराप्रति हाम्रा पार्टी विश्वस्त हुन सकिरहेका छैन । पंचायती संविधान, जो निरङ्कुशतावादी, निर्दलीयतावादी र जाति, भाषा, धर्म, संस्कृति र भेषभूषाको क्षेत्रमा घोर सम्प्रदायवादी पनि छ । त्यसलाई पूर्णरूपमा उन्मूलन अथवा खारेज नगरी प्रजातान्त्रिक संविधान निर्माण गर्ने कुरामा निर्विवादरूपमा कार्य हुनसक्दैन । जनताको हातमा आन्दोलनले सार्वभौमसत्ता ल्याइसकेको कुरा पनि दस्तावेजीयरूपमा प्रमाणित हुन सक्दैन । आयोगलाई 'संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्र सुदृढ बनाउनका निम्ति भनिएको छ । संवैधानिक राजतन्त्र होइन,

बहुदलीय प्रजातन्त्रलाई सुदृढ बनाउन भनिनुपर्ने र अब पनि बहुदलीय प्रजातन्त्रलाई सुदृढ पार्ने काम गरिनुपर्छ । त्यसकारण हाम्रो पार्टी पञ्चायती संविधानको पूर्णरूपमा खारेजी गरी अन्तरिम शासन ऐन अविलम्ब जारी गरिनुपर्छ भन्ने पक्षमा छ । नेपालको संविधानको धारा २० मा उल्लिखित राजाका विशेष अधिकारहरूसहित संविधान खारेज गर्न र जनताको हातमा सार्वभौमसत्ता आएको सुनिश्चित गर्नका निम्ति आन्दोलनकारी राजनीतिक शक्तिहरूसँग राजाको सम्झौता वार्ता हुनुपर्छ र त्यसमार्फत् नै त्यसलाई खारेज गरिएको तथा अन्तरिम शासन ऐन जारी भएको घोषणा गरिनुपर्छ । अन्तरिम शासन ऐनले सुस्पष्टरूपमा जनतालाई सार्वभौमसत्तासम्पन्न सर्वशक्तिमान रूपमा स्थापित गर्नुपर्छ र प्रजातान्त्रिक संविधान निर्माण गर्नका निम्ति मुख्य र निर्णायक विषयहरूलाई निर्देशक सिद्धान्तका रूपमा स्थापित गर्नुपर्दछ । अन्तरिमकालको शासनसम्बन्धी सम्पूर्ण कार्यभारहरू सञ्चालन गर्ने पूर्ण अधिकार निर्वाधरूपमा अन्तरिम सरकारलाई प्रदान गर्नुपर्छ । यसो भएको खण्डमा मात्र वास्तविक रूपमा जनता सर्वशक्तिमान भएको प्रजातान्त्रिक संविधान बन्न सक्नेछ । यसका निम्ति आयोगले पनि आफ्नो कार्यविधिलाई पञ्चायती संविधान र त्यसअन्तर्गतका नियम, कानुनहरू तथा तीस वर्षे शासन प्रणालीका कार्य तरिकाहरूको मर्यादा उल्लङ्घन गर्न हिच्किचाउनु हुँदैन । सहिदहरू र आन्दोलनकारीहरूको भावना तथा जनादेशप्रति पूर्ण उत्तरदायी, वफादार र त्यसैको मर्यादाभित्र रहेर काम गर्ने आँट गर्नुपर्छ । अहिले पनि शक्ति सन्तुलन स्थिर भइसकेको छैन र आयोगले आफूलाई जनताको सङ्घर्षको पक्तिमा उभ्याउनुपर्छ । त्यसो भएमात्र साँचो अर्थमा जनभावनाअनुरूपको प्रजातान्त्रिक संविधान बन्न सक्नेछ ।

२. भावी संविधानको प्रस्तावनामा नै विगत शक्तिशाली जनआन्दोलनको चर्चा गर्नुपर्छ । त्यसै आन्दोलनले पञ्चायती संविधान खारेज गरी यो नयाँ प्रजातान्त्रिक संविधान निर्माण गर्ने जनादेश दिएको कुरा सुस्पष्ट

रूपमा उल्लेख गरिनु पर्छ । नयाँ संविधानलाई जनताद्वारा आदेश प्राप्त जनताले जनताको निम्ति स्वीकार गरी जारी भएको संविधान भनी उल्लेख गरिनुपर्छ । कुनै पनि हालतमा राजाको तथाकथित प्रजातान्त्रिक ईच्छा वा जनताप्रतिको अनुकम्पाद्वारा जनतालाई दिएको दानका रुपमा उल्लेख गरिनुहुँदैन । शक्तिशाली जनआन्दोलनको गौरवशाली विजय र जनताको सार्वभौमसत्तालाई प्रस्तावनादेखि नै सुस्पष्ट रूपमा अघि सार्नु र स्वीकार गरिनुपर्छ ।

३. संविधान देशको मूल कानुन हो र तात्कालिक राजनीतिक शक्ति सन्तुलनलाई प्रतिविम्बित गर्ने दस्तावेज पनि हो । जनताले राजाद्वारा दिइएको पञ्चायती संविधानलाई अस्वीकार गरिसकेका छन् र त्यसद्वारा निर्देशित ३० वर्षे शासन प्रणालीलाई समाप्त पारिसकेका छन् । त्यसकारण अब पूर्णरूपमा जनता नै संविधानको स्रोत बनेका छन् । जनतालाई संविधानको एकमात्र स्रोतका रूपमा सुस्पष्टतः किटान गरिनुपर्छ ।

४. संविधानको निर्माण गर्ने र त्यसलाई अन्तिम स्वीकृति दिने जनता हुन् र मुलुकको आवश्यकता तथा शक्ति सन्तुलनमा आएको परिवर्तनअनुरूप संविधानमा थपघट गर्ने एवम् संशोधन गर्ने अधिकार पनि केवल जनतामा मात्र रहनेछ । संविधान संशोधन गर्ने प्रक्रिया र विधि पूर्णरूपमा प्रजातान्त्रिक हुनुपर्छ । बहुदलीय प्रजातन्त्रलाई कुनै पनि ढङ्गले परिवर्तन गर्न नपाइने कुराको ग्यारेन्टी गरिनुपर्छ । सामान्य हेरफेर र संशोधनका निम्ति संसदको दुई तिहाई बहुमत हुनुपर्ने र विशेष संशोधनका निम्ति जनमत सँग्रहको प्रक्रिया अपनाउनुपर्ने अनिवार्यतालाई सुस्पष्ट किटान गरिनुपर्छ ।

५. देशको सार्वभौमसत्ता पूर्णरूपमा जनतामा सन्निहीत रहनेछ र जनताबाट निर्वाचित प्रतिनिधिका हैसियतले संसदले त्यसको सञ्चालन गर्नेछ । देशको शासन वा प्रशासन सञ्चालन गर्ने सम्बन्धमा संसदको निर्णयको

सर्वोपरिता र अनुल्लङ्घनीयतालाई सुस्पष्ट रूपमा स्थापित गरिनुपर्छ ।

६. मुलुकको जङ्गी सेवा सम्पूर्णरूपमा जनता र राष्ट्रको सेवा र सुरक्षाका निम्ति हो यसलाई कुनै पनि व्यक्ति वा संस्थामुखी होइन, जनता र राष्ट्रमुखी सेवा बनाएर सञ्चालन गर्नुपर्दछ । राज्यको एउटा महत्वपूर्ण एवम् निर्णायक अङ्ग जगी सेवालाई प्रजातान्त्रिक राज्यमा प्रजातान्त्रिक ढङ्गले नै सञ्चालन गरिनुपर्छ । त्यसकारण जगी सेवा निर्वाचित संसदको नै अधिनस्थ हुनुपर्छ । दैनिक कार्य सञ्चालनका निम्ति संसदबाट सर्वोच्च सैनिक कमिशन बनाउनुपर्छ । कमिशनले संसदको निर्णयको आधारमा कार्यसञ्चालन गर्नुपर्छ । वर्तमान स्थितिमा राजा होउन् वा अर्को परिस्थितिमा राष्ट्रपति होउन् कुनै पनि राज्य प्रमुखलाई संसद र कमिशनको फैसलाको आधारमा औपचारिकताका निम्ति मात्र सैनिक परिचालनमा सहभागी बनाउन सकिने व्यवस्था गरिनुपर्छ । शाही सेनालाई बदलेर नेपाली सेना भनिनुपर्छ ।

७. संविधान कुनै पनि व्यक्ति, परिवार र संस्थाभन्दा माथि हुनुपर्छ । त्यसलाई कसैले पनि उलंघन गर्न नपाउने र नसक्ने संवैधानिक प्रत्याभूति गरिनु पर्छ । प्रजातान्त्रिक जनमतको बीचमा क्रमशः विकसित र लोकप्रिय हुँदै गएको संविधानवादको अवधारणालाई हाम्रो भावी संविधानमा पनि संस्थागत गरिनुपर्छ ।

८. देशभित्र रहेका सम्पूर्ण जात जाति, भाषा र संस्कृतिको पूर्ण समानता सुनिश्चित गरिनुपर्छ, तिनीहरूलाई आफ्नो विकास र उन्नति गर्नका निम्ति पूर्णरूपमा प्रजातान्त्रिक अधिकार उपलब्ध गरिनुपर्छ । विगत तीस वर्ष र त्यसभन्दा वढी समयदेखि कायम रहेको असमानता, उत्पीडन, विशेषाधिकार र एकाधिकारलाई पूर्णरूपमा अन्त्य गरिनुपर्छ । नेपालका सबै जात, जाति र क्षेत्रका जनताले बोल्ने मातृभाषाहरू नेपालका राष्ट्रभाषाहरू हुन् र तिनीहरूमध्ये कुनै पनि एउटालाई विशेषाधिकार वा एकाधिकार दिइनु हुँदैन । कुनै पनि एउटा मात्र

क्षेत्रको भेषभूषा र पहिरनलाई मात्र एकाधिकार वा विशेषाधिकार दिइनु हुँदैन । विकासमा पछि परेका र लोप हुन लागेका जाति, भाषा र संस्कृतिको उत्थान, संरक्षण तथा सम्बर्द्धनका निम्ति विशेष ऐन एवम् नियम कानुनहरू बनाएर काम गर्ने व्यवस्था गर्ने कुरा संविधानमा उल्लेख गरिनुपर्छ । मातृभाषामा शिक्षा प्राप्त गर्न पाउने अधिकार र अवसरलाई सुनिश्चित गरिनुपर्छ । सरकारी कामकाजमा बहुसंख्यक जनताले बोल्ने र बुझ्नसक्ने विभिन्न क्षेत्रीय भाषा प्रयोग गर्न पाउने अधिकार र अवसर उपलब्ध गराइनुपर्छ ।

९. राज्यलाई धर्मनिरपेक्ष बनाउनुपर्छ । कुनै एउटा धर्मलाई राज्य धर्म बनाएर धर्महरूको बीचमा असमानता, विशेषाधिकार तथा एकाधिकार कायम गरिनु हुँदैन । धर्म व्यक्तिगत आस्थाको विषय भएको हुनाले कुनै पनि धर्म मान्ने वा नमान्ने व्यक्तिगत स्वतन्त्रता हुनुपर्छ । समाजलाई धार्मिक स्वतन्त्रता प्रदान गरिनुपर्दछ । विशेष नियम, कानुनहरू बनाएर बलपूर्वक वा प्रलोभन दिएर धर्म परिवर्तन गर्न गराउन नपाइने व्यवस्था गर्नुपर्ने कुरा सुस्पष्ट रूपमा उल्लेख गरि नुपर्दछ । धर्मनिरपेक्ष राज्यको तात्पर्य धर्मविरोधी राज्य हो भन्ने कुराको खण्डन गरिनुपर्दछ । बहुधार्मिक समाजमा एउटा धर्मलाई राज्य धर्म बनाउनु असमानता र विशेषाधिकार कायम गर्नु हो । यसले राष्ट्रिय एकता होइन, बिखण्डनलाई नै बल पुऱ्याउनेछ । कुनै पनि धर्मप्रधान राज्यलाई वास्तविक अर्थमा प्रजातान्त्रिक राज्य भन्न सकिन्न ।

१०. जनतालाई मौलिक प्रजातान्त्रिक अधिकारहरूका निवाधरूपमा उपयोग गन पाउने ग्यारेन्टी गरिनुपर्दछ । वाक् स्वतन्त्रता, प्रेस स्वतन्त्रता, सभा सगठन गर्न पाउने स्वतन्त्रता, राजनीतिक पार्टीहरू खोल्न पाउने स्वतन्त्रता, जाति, भाषा, वर्ष र लिङको भेदभावविना राजकीय कामकाजका निकायहरूमा चुन्न र चुनिन पाउने स्वतन्त्रताको ग्यारेन्टी गरिनुपर्छ । जातिवाद, धर्मवाद, भाषावाद र क्षेत्रीयताजस्ता साम्प्रदायिक

वैमनष्यता फैलाउनेजस्ता साम्प्रदायवादी, पृथकतावादी तथा निरङ्कुशता र निर्दलीयताको पुनःस्थापना गर्न चाहने पुनरुत्थानवादी सङ्गठन र गतिविधिमाथि रोक लगाउने विशेष नियम कानुनहरू बनाइनुपर्छ । मुलुकमा साम्प्रदायिक सद्भावना बढाउने, राष्ट्रिय एकता सुदृढ बनाउने र राष्ट्रको स्वाधीनता सुरक्षित गर्ने, जनताको आर्थिक समृद्धि बढाउने तथा प्रजातन्त्रलाई व्यापक र बलियो बनाउने उद्देश्यले खोलिएका कुनै पनि राजनीतिक वा सामाजिक, सांस्कृतिक सङ्गठनहरूले शान्तिपूर्णढङ्गले राजनीतिक गतिविधि गर्न पाउने अधिकारलाई निर्वाधरूपमा ग्यारेन्टी गरिनुपर्छ । कुनै पनि राजनीतिक आस्था, मान्यता र कार्यक्रमका कारणले प्रतिबन्ध लगाउन नपाइने कुराको ग्यारेन्टी गरिनु पर्छ । कुनै पनि व्यक्ति परिवार संस्था र कसैको पनि गतिविधिको टिकाटिप्पणी गर्ने, आलोचना खण्डन वा मण्डन गर्न पाउने स्वतन्त्रतालाई सुनिश्चित गरिनुपर्छ ।

११. संयुक्त राष्ट्रसङ्घको मानव अधिकारसम्बन्धी घोषणापत्रमा उल्लिखित अधिकारहरूलाई जनताले उपभोग गर्न पाउने अधिकारलाई संविधानले सुचारुरूपमा संरक्षित गर्नुपर्छ ।

१२ जनताले आफूमाथिको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रको शोषण, उत्पीडन, असमानता, अपमान र उपेक्षाका बिरुद्ध सामूहिकरूपमा सङ्गठितढङ्गले विरोध गर्न पाउने अधिकार, हड्ताल गर्ने र दबाब दिने अधिकारलाई सुनिश्चित गरिनुपर्छ । आफ्नो फर्मको स्वामित्वको सुरक्षा गर्ने, शेयरको सुरक्षा गर्ने, शोषणको विरोध गर्ने तथा रोजगारी प्राप्त गर्ने र आर्थिक अधिकारको संवैधानिक सुरक्षा हुनुपर्छ ।

१३. सङ्कटकालीन अधिकार विशेष अवस्थामा प्रयोग गरिने अधिकार हो । त्यसकारण विशेष अवस्था के हो भन्ने कुरा सुस्पष्ट रूपमा किटान गरिनुपर्छ । कुनै विदेशी मुलुकबाट देशमाथि फौजी हमला भएको

र गम्भीररूपमा गृहयुद्ध भड्किएको स्थितिलाई विशेष अवस्था भन्न सकिन्छ । त्यस्तो विशेष अवस्थामा पनि गर्नुपर्ने कामहरू संसदको दुई तिहाई बहुमतले निर्णय गरेर मात्रै सङ्कटकालीन अधिकार प्रयोग गर्न पाउने व्यवस्था गरिनुपर्छ । त्यसलाई अनिश्चितकालसम्म प्रयोग गर्न नपाउने र छ महिनाभन्दा बढी समयका निम्ति प्रयोग गर्नुपरे जनमत सङ्ग्रह गरी त्यसका निर्णय अनुरुप मात्र गर्न पाउने व्यवस्था गरिनुपर्छ ।

१४. संविधानमा राजाको स्थान कुनै पनि स्वतन्त्र, कार्यकारी वा विधायिकी अधिकार नभएको राज्य प्रमुखका रूपमा तोकिनुपर्छ । जुनसुकै काम पनि संसद तथा मन्त्रिपरिषद्को निर्णयअनुरूप मात्र गर्न पाउने व्यवस्था गरिनुपर्छ । राजाले सरकार र अन्य कार्यकारी निकायहरूलाई सुझाव र सल्लाह मात्र दिनसक्ने व्यवस्था गरिनुपर्छ ।

१५. सरकारलाई 'नेपाल सरकार' भनिनुपर्छ, 'श्री ५ को सरकार' होइन । राजपरिवार भन्नाले राजा, रानी र उनीहरूका छोराछोरीहरूलाई मात्र लिइनुपर्छ । श्री ५ को रूपमा राजा वा रानी र १८ वर्ष उमेर पुगेको उनको पहिलो छोरा वा छोरीलाई मात्र मान्यता दिइनुपर्छ । राजगद्दी उत्तराधिकारमा छोरा वा छोरीको भेदभाव नगरी जेठा सन्तानले पाउने व्यवस्था गरिनुपर्छ । राजाको पहिलो विवाहिता रानीबाट सन्तान नभएको खण्डमा राजतन्त्रको परम्परा स्वतः समाप्त हुने र गणतन्त्रको प्रक्रिया सुरु हुनसक्ने कुरालाई स्थापित गरिनुपर्छ ।

१६ संविधानमा दुई सदनको व्यवस्था गरिनुपर्छ । तल्लो सदन बालिग मताधिकारको आधारमा निर्वाचित जनप्रतिनिधिहरूको सदन हुनेछ र यो नै जनतामा रहेको सार्वभौमसत्ताको अधिकारलाई संविधानको प्रवाधानअनुरूप प्रयोग गर्ने निकाय हुनेछ । माथिल्लो सदन समाजमा रहेका विभिन्न जाति, भाषा, धर्म, संस्कृति विशेष र लिङ्गको आधारमा तल्लो सदनबाट मनोनित गरिनुपर्छ। तल्लो सदनमा विजयी राजनीतिक

पार्टीहरूले आफ्नो विजयको अनुपातमा मनोनित गर्ने व्यवस्था गरिनुपर्छ र तल्लो सदनले गर्ने कामहरूमा माथिल्लो सदनलाई पनि संलग्न र सहभागी बनाउने निश्चित संवैधानिक प्रावधानहरू निर्धारित गरिनुपर्छ ।

१७. संविधानमा व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको स्वतन्त्रताको प्रजातान्त्रिक सिद्धान्तलाई पूर्णरूपमा ग्यारेन्टी गरिनुपर्छ । एउटाको कार्यक्षेत्रमा अर्कोबाट कुनै पनि हस्तक्षेप हुनसक्ने कुरालाई सर्वथा अन्त्य गरिनुपर्छ । न्यायपालिकालाई संविधानको व्याख्या गर्ने अन्तिम अधिकार हुनुपर्छ, राजा वा कुनै पनि राष्ट्र प्रमुखका बिरुद्ध मुद्दा हेर्नसक्ने पूर्ण अधिकार हुनुपर्छ । राजाले संसदका सामु सपथग्रहण गर्नुपर्छ र न्याय निरूपण गर्ने सम्बन्धमा न्यायपालिकाको सर्वोच्च अदालतलाई कसैले पनि चुनौती दिन र उल्लङ्घन गर्न पाउनु हुँदैन ।

१८. महिलाहरूलाई लिङ्गको आधारमा हुने कुनै पनि संवैधानिक वा कानुनी असमानता र उत्पीडनको अन्त्य गरिनुपर्छ । राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक सवै क्षेत्रमा महिला र पुरुषबीच अधिकारको पूर्ण समानताको ग्यारेन्टी गरिनुपर्छ । पैतृक सम्पत्ति तथा संक्रमणशील अधिकारका निम्ति छोरा र छोरीको अधिकारमा पूर्ण समानता स्थापित गरिनुपर्छ । सरकारी सेवाको नियुक्ति र सामान्य कानुनको प्रयोगमा लिङ्गको आधारमा हुने कुनै पनि खाले भेदभावलाई सम्पूर्णरूपमा अन्त्य गरिनुपर्छ । महिलाहरूमाथि रहेको सामन्ती पितृसत्तात्मक शोषण, उत्पीडन र पुँजीवादी विकृतिको अन्त्य गर्ने संवैधानिक प्रावधान गरिनुपर्छ । शोषण र असमानताको कारणले विकासमा पछि परेको महिला क्षेत्रलाई अघि बढाउन विशेष नियम र ऐन कानुनहरू बनाएर महिला हक, अधिकारको सुरक्षा गर्ने व्यवस्था गरिनुपर्छ ।

१९. देशको वैदेशिक सम्बन्धलाई पञ्चशीलको सिद्धान्तका आधारमा स्थापित गर्ने र जुनसुकै मुलुकसँग गरिएको सन्धि सम्झौतालाई पनि

संसदद्वारा अनुमोदन गर्ने तथा विशेष स्थितिमा जनमत सँग्रहबाट समेत निर्णय लिने तरिका अवलम्बन गर्नुपर्ने संवैधानिक ग्यारेन्टी गरिनुपर्छ। विदेश सम्बन्धको सवालमा राष्ट्रिय सहमति कायम गर्ने प्रक्रियालाई ठोस रूप दिने सम्बन्धमा संवैधानिक प्रक्रिया निर्धारित गरिनुपर्छ।

२०. आमनिर्वाचनको निष्पक्षताका निम्ति स्वतन्त्र र निष्पक्ष निरीक्षण आयोग गठन गर्ने तथा संयुक्त राष्ट्रसङ्घ वा अन्य अन्तर्राष्ट्रिय संस्थाका निरीक्षकहरूको सहयोग लिने एवम् तिनीहरूको प्रतिवेदनमाथि अदालतले अविलम्ब फैसला गर्नुपर्ने कुरालाई संवैधानिकरूपमा संरक्षण गरिनुपर्छ।

२१. न्यायपालिका स्वतन्त्र र सर्वोच्च हुनुपर्छ। संसदद्वारा सर्वोच्च न्यायिक आयोग गठन गरिनुपर्छ।

२२. नेपाललाई 'अधिराज्य' भनेर उल्लेख कुरालाई हटाउनुपर्छ र 'राज्य' भनेर उल्लेख गरिनुपर्छ।

२३. १८ वर्ष पुगेको व्यक्तिले मतदानको अधिकार पाउनुपर्छ। एकलाख जनसंख्या भएको इलाकालाई एउटा चुनाव क्षेत्र बनाइनुपर्छ।

२४. कुनै पनि चुनाव क्षेत्रमा मतदाता संख्याको कम्तिमा ५१ प्रतिशत मत खसेको खण्डमा मात्र चुनाव सदर हुने नत्र बदर घोषणा गरी फेरि चुनाव गर्ने व्यवस्था सुनिश्चित गरिनुपर्छ।

२५. कुनै चुनाव क्षेत्रबाट जनताले आफ्नो प्रतिनिधि फिर्ता बोलाउन चाहेमा मतदाता संख्याको दुई तिहाई मतले फिर्ता बोलाउन सकिने व्यवस्था हुनुपर्छ। निर्वाचित भइसकेपछि प्रतिनिधिले दल बदल्न नपाउने र बदल्दा निर्वाचित पदबाट राजीनामा दिनुपर्ने व्यवस्था गरिनुपर्छ। निर्वाचित प्रतिनिधिमाथि उनको राजनीतिक पार्टीले कारवाही गरी निर्वाचित पदबाट हटाउन चाहेको खण्डमा हटाउन सकिने व्यवस्था गरिनु पर्छ।

२६. वातावरण संरक्षणको आवश्यकता, महत्व र त्यसका निम्ति काम गर्नुपर्ने सबै नागरिकको कर्तव्य बनाइनुपर्छ । त्यसका निम्ति विशेष कार्यक्रम सञ्चालन गर्न चाहेको खण्डमा स्वतन्त्रतापूर्वक गर्न पाउने व्यवस्था गरिनुपर्छ ।

२७. संविधानको निर्देशक सिद्धान्तमा सामन्ती निरङ्कुशता र पुँजीवादी एकाधिकारवादको विरोध गर्दै समाजको पूर्ण प्रजातान्त्रीकरणका निम्ति काम गर्नुपर्ने, कुनै पनि राजनीतिक पार्टीहरूको आन्तरिक जीवनमा प्रजातन्त्रलाई सुनिश्चित गरिनुपर्ने तथा नेपाली समाजको सामाजिक उन्नति र प्रगतिका निम्ति सामन्तवाद, दलाल, नोकरशाही पुँजीवाद र साम्राज्यवादको शोषण उत्पीडनलाई समाप्त पारी नयाँ समाज निर्माण गर्ने दिशामा अगाडि बढ्ने कुरालाई समावेश गरिनुपर्छ । व्यक्तिले आफ्नो कामको पूर्ण स्वामित्व प्राप्त गर्ने, रोजगारीलाई नागरिकको एउटा आधारभूत अधिकारका रूपमा स्थापित गर्ने र आफूमाथिको अन्यायविरुद्ध सङ्गठित र सामूहिकढङ्गले प्रतिवाद गर्न पाउनेजस्ता कुरालाई समावेश गरिनुपर्छ ।

२८. हाम्रो पार्टीले केही प्रमुख संवैधानिक अधिकार र व्यवस्थाको सम्बन्धमा मात्र आफ्ना सुझाव र टिप्पणीहरू प्रस्तुत गरेको छ । संविधान आयोगले संविधानको मस्यौदा गरी सार्वजनिक छलफलका लागि बाहिर ल्याउनुपर्छ । र, आम जनताबीचको व्यापक छलफलपछि मात्र त्यसलाई संशोधित, परिमार्जित गर्दै अन्तिम रूप दिने प्रक्रियामा लाग्नुपर्छ ।

१.१० नेकपा (माले) र नेकपा (मार्क्सवादी) बिचमा पार्टी एकता र एकिकरण नेकपा (एमाले) को घोषणाः

२०४७ साल माघमा नेकपा (माले) र नेकपा मार्क्सवादीको एकता र एकिकरण नेपालको लोकतान्त्रिक एवं कम्युनिष्टलाई सन्तुलित र सकारात्मक दिशा प्रदान गरेको थियो । २०४८ को निर्वाचनका लागि राजनीतिक शक्ति निर्माणमा योगदान गरेको थियो नेपालको कम्युनिष्ट

आन्दोलनमा नेकपा (एमाले) स्थान पहिलो एवं मूलधारको रुपमा स्थापित भएको थियो यस्तो महत्वपूर्ण उपलब्धी कमरेड मदनको नेतृत्व भएको थियो ।

कमरेड मदनले नेकपा (माले) र नेकपा (मार्क्सवादी) विच एकता हुँदा एकिकृत पार्टीको केन्द्रीय कमिटीमा स्थान अभावको जानकारी गराउँदा नेकपा (माले) केन्द्रीय कमिटी काठमाडौं कालिमाटी बैठकमा कमरेड प्रदीप नेपाल, गोपाल शाक्य, केशव बडाल, युवराज कार्की, केदार न्यौपाने आदीले हामीलाई राष्ट्रिय परिषदमा राखेर नै भएपनि पार्टी एकता गरौं । कुन व्यक्ति केन्द्रीय कमिटीमा रहने वा नरहने कुरा भन्दा ठूलो कुरा पार्टी एकता हो । भनेको स्मरण गर्न चाहन्छु । महासचिव मदन भण्डारीले त्यस समय हामीलाई संशोधन गरेर भन्नु भयो "पार्टी एकतामा तपाईँ कमरेडहरूको योगदान पार्टीले कहिल्यै भुल्ने छैन धन्यवाद ।" क. मदनको ........'धन्यवाद' आज पनि मेरो स्मृतिमा ताजा छ ।

१.११. २०४८ वैशाखमा सम्पन्न आम निर्वाचनमा नेकपा (एमाले) ले ६९ सीट प्रतिनिधि सभामा विजयी हुन सफल भएको थियो । नेकपा (एमाले) अध्यक्ष मनमोहन अधिकारी धरान-१ क्षेत्र साथै १ र ५ नम्बर निर्वाचन क्षेत्र काठमाडौंबाट नेकपा (एमाले) का महासचिव मदन कुमार भण्डारी विजयी भएका थिए बागमती अञ्चलबाट कमरेड सिद्धी लाल सिंह लगायत १६ सिट नेकपा (एमाले) को सूर्य चिन्हले विजयी प्राप्त गरेको थियो । बागमतीमा मेरै नेतृत्व जिम्मेवारीमा पार्टी निर्वाचनमा गएको थियो - निर्वाचन पछी पार्टीले कमरेड मनमोहन र मदन भण्डारीको प्रस्ताव र समर्थनमा मलाई राष्ट्रिय सभा–माथिल्लो सदनमा पठाउने निर्णय पार्टी केन्द्रले गरेको थियो । म पनि माननीय सांसद भएँ र राष्ट्रिय सभा सदस्य भएको थिए ।

काठमाडौं क्षेत्र नं. १ बाट नेपाली कांग्रेसका उम्मेदवार मुलुकका प्रधानमन्त्री सम्माननीय कृष्ण प्रसाद भट्टराईलाई हराएर कमरेड मदन

भण्डारी विजयी भएपछि राष्ट्रिय र अन्तराष्ट्रिय दुवै क्षेत्रमा व्यापक जन चर्चा भयो क. मदन हाम्रो मुलुकको लोकप्रिय नेता हुनुभयो- राजनेता हुनु भयो, हाम्रो जननेता हुनु भयो । विश्वका अनेकौं पत्रपत्रिकाहरूमा कमरेड मदन कुमार भण्डारीको बारेमा लेखे र चर्चा गरे । अमेरिकाको एक लोकप्रिय पत्रिकाले छाप्यो- "नेपालमा मार्क्स जीवित छ ।" नेपाल मात्र होइन विश्व भरका कम्यूनिष्ट आन्दोलनको गौरब बने कमरेड मदन भण्डारी । विश्वभरी लोकतान्त्रिक कम्यूनिष्ट धारका बाहक नेताका रुपमा परिचित भए र हुन थाले कमरेड मदन भण्डारी । विश्वको कम्यूनिष्ट आन्दोलन कमजोर र रक्षात्मक हुँदै गएको समयमा नेपालका कमरेड मदन भण्डारी विश्वभरीका कम्युनिष्टहरूको प्रेरणाको स्रोत भएका थिए ।

अब म, नेपालको संसदमा माननीय मदन कुमार भण्डारीको भूमिका सन्दर्भमा केही स्मृति राख्न चाहन्छु । माननीय मदन कुमार भण्डारीले नेपालमा आफ्नो समयको संसदमा नेपाल र नेपालीहरूको नयाँ इतिहास निर्माणका लागि मार्गदर्शन गर्नु भएको छ । त्यसको छुट्टै मुल्याङ्कन समिक्षा गरौंला । यस लेखमा एक दुई कुरा घटनाहरू उल्लेख गर्न गईरहेको छु - नेकपा (एमाले) को अध्यक्ष कमरेड मनमोहन अधिकारीलाई कमरेड मदनले नै नेकपा (एमाले) संसदीय दलको नेताका रुपमा प्रस्ताव गर्नु भयो - माननीय मनमोहन अधिकारी सर्वसम्मतीले संसदीय दलका नेता निर्वाचित हुनु भएको थियो । अवसर आउँदा आफैं स्वयम्लाई महत्वपूर्ण स्थानमा पुर्‍याउने व्यक्तिवादी स्वार्थमा सोच्ने नेताहरू विचमा क. मदनले गरेको त्यो निर्णय र सम्मान उचीत न्यायपूर्ण मूल्याङ्कन थियो । क. मदमोहन प्रति क. मदनको व्यवहारहरूबाट हरेक कम्युनिष्ट नेतृत्वले व्यक्ति अहम छोड्न र सामूहिक नेतृत्व निर्माणमा क. मदनसँग सिक्नु पर्दछ ।

१.१२. नेकपा (एमाले) को पाँचौं राष्ट्रिय महाधिवेशन २०४९ माघमा काठमाडौंको प्रज्ञा भवन कमलादीमा सम्पन्न भएको थियो । पार्टी महाधिवेशन हल बाहिर क.केशव लाल श्रेष्ठले एउटा नाम लिष्ट मलाई दिनु भयो हेरेर म छक्क परे पार्टी केन्द्रीय कमिटी सदस्यहरू निर्वाचित गर्न ग्रुप लिष्ट रहेछ । "लिष्ट"

लिँदै मैले केशवलाई भने "यसो गर्नु ठिक हुन्न" पार्टीमा गुटबन्दीको बीऊ रोपिन्छ सर्वसम्मत केन्द्रीय कमिटी निर्वाचन गरौं । - यत्ति भनेर त्यो लिस्ट लिएर म कमरेड मदन भण्डारी भएको ठाउँमा गएँ र वहाँलाई प्रश्न गरेँ " यो लिस्ट तपाईँले बाँड्न लगाएको हो"? वहाँ चुप बस्नु भयो मैले यो ठिक भएन पार्टीमा गुटबन्दीको बीउ रोपिन्छ यो लिस्ट फिर्ता लिनु पर्‍यो" भने वहाँले धेरै बेर सोचेर मलाई जवाफ दिनु भयो "विचार गरौंला" त्यही लिस्टलाई लिएर हल भित्र र बाहिर होहल्ला र हंगामा शुरु भयो । कमरेड मनमोहन, कमरेड साहना प्रधान, क. चन्द्र प्रकाश मैनाली, क. मोहन चन्द्र अधिकारी धेरै नेताहरूले लिस्ट बाँड्नु ठिक नभएको प्रतिक्रिया व्यक्त गरिरहेका थिए । अध्यक्ष मण्डलले केन्द्रीय कमिटी सदस्यका लागि नोमिनेशन फारम भर्न समय घोषणा गर्‍यो- कमरेड मनमोहनले सर्व सम्मतले लिस्ट तयार नपारे सम्म म नोमिनेशन भर्दिन भनेर अड्डी लिनु भयो- हामी सबैको आलोचना कमरेड मदनले समयमा सुन्न भयो, "लिस्ट" फिर्ता भयो सर्वसम्मत लिस्ट बनाउने काम भयो । त्यस समय कमरेड मदनले पार्टी पुनः फुट्नबाट जोगाउनु भयो । समयमा आत्मा-आलोचना गरेर पार्टीको सामूहिक नेतृत्व निर्माण गर्नु भयो ।

> नेकपा (एमाले) का महासचीव मदन कुमार भण्डारीले प्रस्ताव गरेको नेकपा (एमाले) को पार्टी कार्यक्रम जनताको वहुदलिय जनवाद पाँचौ पार्टी महाधिवेशनको वहुमतले पारित गरेको थियो । जबज- नेपाल कम्युनिष्ट पार्टीको कार्यक्रमिक विकास क्रमको इतिहासिमा १४ बुँदे विशेष विशेषताहरू जोडेर नेपालको लोकतान्त्रिक कम्युनिष्ट धारको प्रतिनिधित्व गर्ने कार्यक्रमको रुपमा हेरियो र हेरिने छ यसलाई कमरेड मदनले नै समाजवादको न्यूनतम कार्यक्रमको रुपमा प्रस्तुत गर्नु भएको थियो । जवज- सारमा क.पुष्पलालले प्रस्तुत नयाँ जनवाद क.मनमोहनद्वारा प्रस्तुत जनवादी कार्यक्रम, कमरेड तुल्सीलाल अमात्यद्वारा प्रस्तुत राष्टिय प्रजातन्त्रको कार्यक्रमहरूको सार र विकसित रुप हो । जवज हाम्रा पार्टी नेकपा (एमाले) को सामुहिक बुद्धिको देन हो, हाम्रो

राष्ट्रिय चिन्तन धारा निर्माणको स्रोत हो नेपालमा मार्क्सवादले लेनिनवादको सृजनात्मक प्रयोगबाट विकसित भएको जनताको जनवादी- समाजवादी राष्ट्रिय विकास र निर्माणको पहिचान गर्ने मार्ग र्दशक कार्यक्रम हो ।

पार्टी कार्यक्रम समय र परिस्थितिमा आउने परिवर्तन सँगसँगै परिवर्तित हुँदै जान्छ । अहिले नेकपा (एमाले) को दशौं पार्टी महाधिवेशन र जवजको मार्गदर्शनमा अधि बढी रहेको छ । हाम्रो देश, अहिले नेपालको संविधान- २०७२ को संविधानबाट निर्देशित छ- यस संविधानले "समाजवाद उन्मुख" बाटो देखाएको छ ।

जनताको जनवादी बाटो नछोडी लोकतान्त्रिक समाजवादको निर्माण नै राष्ट्र निर्माणको बाटो हो । जवजले देखाएको नयाँ भौतिक पूर्वाधार तयारी सँगै नयाँ सांस्कृतिक, नयाँ सामाजिक-आर्थिक रुपान्तरणहरू सँगसँगै राष्ट्रिय कार्यक्रमहरू तथा योजनाहरूलाई स्थानीय पालिकाहरूको विकास कार्यक्रम नीति योजनासँग जोडिएर नै क. मदनको सपना साकार बनाउन सकिन्छ । जवजको सफलताले नै समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय नारा व्यवहारमा रुपान्तरण हुँदै जानेछ ।

१.१३. नेकपा (एमाले) को पाँचौ महाधिवेशनबाट सर्वसम्मतीले निर्वाचित गरेको केन्द्रीय पार्टी कमिटीमा म पनि निर्वाचित भए । महासचिव मदनको आग्रह र प्रस्तावमा म धौलागिरी अञ्चलको पार्टी इन्चार्जको जिम्मेवारी लिएर २०४९ साल माघमा नै आफ्नो कार्यक्षेत्र गएँ पार्टी कार्यक्षेत्र धवलागिरीका चार जिल्ला पर्वत, बाग्लुङ, म्याग्दी, मुस्ताङमा पार्टी वैठक भेला प्रशिक्षणहरू गरि दुई महिना पछि काठमाडौं फर्किए पार्टी केन्द्रीय कार्यालय बागबजार पुग्दा त्यस दिन श्री पासाङ्ग ल्हामु शेर्पा सगरमाथा आरोहणमा जान पार्टी महासचिव मदनसँग भेट्न र विदा हुन आउनु भएको रहेछ - क. मदनले सगरमाथा चढ्नको लागि पासाङलाई सफलताको कामना गर्नु भयो - पासाङ्ग ल्हामु शेर्पासँगै बसेर फोटो खिच्नु भयो । त्यसपछि मैले महासचिवलाई मेरो पार्टी कार्यक्षेत्रका संगठन र राजनीतक अवस्थाहरू बारेमा रिपोटिङ्ग गरे छुट्टीने बेलामा कमरेड

मदनले भन्नु भयो “आज हातमात्र होइन गला नै मिलाऔं” क. मदनले मलाइ अँगालो हालेर गला मिलाएको पहिलो पटक थियो । त्यो भेटघाट अँगालो आजपनि मेरो स्मृतिमा छ । त्यसपछि कमरेड मदनसँग मेरो भेट हुन सकेन ।

२०५० साल जेष्ठ ३ गते राती ११ बजे रेडियो नेपालको समाचारबाट दासढुङ्गा दुर्घटना खबर पाए पर्वत कुस्माबाट राती ११:३० मा नेकपा (एमाले) केन्द्रीय कार्यालय फोन गरे कार्यालय सचिव क. प्रदीप नेपालले उठाउनु भयो- दुःखत समाचारको पुष्टी गर्नु भयो “क. मदन र जीवराज चढेको पजेरो जीप नदीमा खसेको खोजीकार्य जारी छ ।” भन्नु भयो । कमरेड प्रदीपले मलाई सिधै काठमाडौं पार्टी कार्यालय आउन निर्देशन गर्नु भयो । २०५० जेष्ठ ४ साँझ म काठमाडौं आइपुगे ।

अहिले मिति याद भएन, जेष्ठ महिना २०५० साल दशरथ चन्द्र रंगशाला त्रिपुरेश्वरमा क. मदन र क. जीवराज आश्रितको शव राखी श्रद्धाञ्जली अर्पणको कार्यक्रम पछि शव यात्रा काठमाडौंको वडा- वडा, टोल- टोल हुँदै नगर परिक्रमा गरि पशुपति आर्यघाट पुगेको थियो । लाखौ लाख जनताले दुखी भएर आफ्ना प्रिय, आदरणीय- श्रद्धेय दुवै नेताहरूलाई विदा गरे राजकिय सम्मानका साथ नेपालको सूर्य चन्द्र अंकित राष्ट्रिय झण्डा र हँसिया हतौडा अंकित नेकपा (एमाले) को रातो झण्डा- ओडेर दुवै देशभक्त सपूत पञ्चतत्वमा विलिन भए । कमरेड मदन कुमार भण्डारी र जीवराज न्यौपाने “आश्रित” अमर भए । नेपाल र नेपाली जनताले सदा सदा, युग युगसम्म सम्झीरहने छन् ।

२०८१ कार्त्तिक १५

शंखमुल, ललितपुर

# कमरेड सिद्धीनाथ ज्ञवाली मेरो स्मृतिमा

नेपालको लोकतान्त्रिक एवं कम्यूनिष्ट आन्दोलन साथै किसान आन्दोलनको एक इमान्दार, अनुशासित र निरन्तर उत्साहित, सकृय रहने नेता कमरेड सिद्धीनाथ ज्ञवाली (वि.सं. १९९१-२०६५) को स्मृति ग्रन्थ प्रकाशकको शुभ पहल समाचार साथै मलाई स्मृति लेख लेख्न अनुरोध भएकोमा धन्यवाद दिँदै २०३४ देखि २०४६ साल सम्म १२ वर्ष भूमिगत पूर्णकालिन पार्टी जीवन सँगसँगै बिताएका त्यी दिनहरूको स्मृतिका केही पानाहरू खोल्दैछु ।

**पहिलो भेटः** नेपाल कम्युनिष्ट पार्टीमा देखापरेका फुट र विभाजनलाई नयाँ ढंगले एकिकरण गर्ने र नेपालमा नयाँ जनवादी गणतन्त्र स्थापना गरि नेपालको मजदुर किसान र आम श्रमिक जनतालाई शोषण, उत्पीडन, दमन, अन्याय, अत्याचारबाट मुक्त गर्न वर्ग संघर्ष, जन संघर्ष/आन्दोलनहरू अघी बढाउने क्रममा ललितपुर जिल्लाको नखुंजेलबाट सुरुङ्ग खनेर जेल विद्रोह गरी १५ जना हामी कम्युनिष्ट क्रान्तिकारी नेताहरू जनता माझ आएका थियौं । त्यस मध्य कमरेड प्रदीप नेपाल र म अखिल नेपाल कम्युनिष्ट क्रान्तिकारी को-अर्डिनेशन कमिटी (माक्सवादी-लेनिनवादी) को एकता प्रस्ताव र पहल कदमीका साथ नेकपाको पुष्पलाल समूहबाट १३ बुँदे अन्तरविरोध घोषणाका साथ अघी बढीरहेको मुक्ती मोर्चा समुहका नेताहरू- कमरेड जीवराज आश्रित, मोदनाथ प्रश्रित, बामदेव गौतम, मदनभण्डारी,

देवेन्द्र घिमिरे, सिद्धीनाथ ज्ञवाली, शान्त मानवी, भीम नारायण चौधरी थारु, धर्म केसी लगायतका कमरेडहरूसँग पार्टी एकता वार्ता गर्ने क्रममा मेरो पहिलो भेट कमरेड सिद्धीनाथ ज्ञवालीसँग २०३४ श्रावण अन्त्यतिर रुपन्देही जिल्लाको छपिया गाउँमा भएको थियो ।

म कमरेड अमर जी.सी.को घर छपियामा सेल्टर लिएर "देशी हरूवा" को रुपमा भेष बदलिएर बसेको थिए। हलो जोत्न, हिंगा लगाउन र पाटा भिजाउने, पिट्ने काम गर्न सिकेको थिए। श्रम गरेर किसान हरूवाको भेषमा बस्दा मलाई गाउँमा देशीहरूवा नै भनेर चिन्दथेँ।

२०३४ श्रावण अन्त्यतिर मिति स्मृतिमा छैन कमरेड जीवराज आश्रित, देवेन्द्र घिमिरे, सिद्धीनाथ किसानको भेषमा लुंगी गन्जी लगाएर खेतको आली आली हिँड्दै क.अमर जि.सी.को घर तिर आउनु भयो म घर नजिकै एक सानो घोलमा (पानी जमाएको खाल्टो) भिजाएको पाटा पिट्दै थिए, पाटाबाट सनपाट बनाइन्थ्यो । वहाँहरू घर छिरेपछि क. अमरले मलाई घर आउने संकेत गर्नुभयो, म लुंगी गन्जी लगाएर खेतको आली आली घर आए, वहाँहरूसँग कोठामा गएर हात मिलाएर गुन्द्रीमा बस्यौं क. जीवराजसँग मेरो पहिला नै परिचय थियो क. सिद्धीनाथ र देवेन्द्रसँग मेरो पहिलो भेट नै थियो । क. जीवराजले परिचय गराउनु भयो हामीले हात मिलायौं, लाल सलाम गर्‍यौं । घर बाहिर चारै तिर गोरिल्ला दल र बाल रेड गार्डहरूले गार्डिङ, सुरक्षा गरि रहनु भएको थियो । सुरक्षा घेरा भित्र हाम्रो वार्ता प्रारम्भ भयो । म को-अर्डिनेशनको प्रतिनिधि र वहाँहरू मुक्ती मोर्चा समूहको प्रतिनिधि- एकता वार्ता पहिला देखि नै केन्द्रीय तहमा पनि चलिरहेको थियो यसै विचमा हामी बीच उठेका केही समस्या, केही असझदारीहरू हल गर्ने उद्देश्य राखेर वार्ता छलफल गर्‍यौं । मैले विषय राख्दै भने सिद्धान्तमा स्पष्ट भएर मात्र एकता सम्भव हुन्छ 'माओ विचारधारा' हाम्रो अडान हो- तपाईँहरू अहिले पनि 'माओवाद' भनीरहनु

भएको छ “वाद” जोड्न उपयुक्त हुन्न भन्ने वित्तिकै कमरेड जीवराजले भन्नु भयो अब हामी ‘माओ विचारधारा’ नै भन्नमा सहमत छौ, यसबारे केन्द्रमा कमरेड सुवास (सी.पी.) सँग पनि कुरा भएको थियो ।

मुक्ती मोर्चा को.के मा विलिन हुनुपर्ने प्रस्ताव को. के को थियो । कमरेड आश्रितको अडान ‘विलीन’ शब्द भन्दा ‘एकता’ वा ‘एकीकरण’ भन्नु ठिक होला भन्ने थियो । मैले पार्टी केन्द्रकै अडान राखे : विलीन हुनुपर्नेमा अडिक रहे । यस विच क. सिद्धीनाथ ज्ञवालीले भन्नु भयो ‘विलिन’ नै भन्दा के हुन्छ, के विग्रिन्छ” “शब्दको हलो अड्काएर एकता विलम्व गर्नु हुन्न” भनेपछि म र जीवराज दुवै सहमत भयौं ।

छलफल–वार्ताको प्रसँग बदल्दै कमरेड आश्रितले भन्नु भयो– “तपाईले सहयोग गर्नु पर्‍यो क. सिन्धु (प्रदीप नेपाल) ले तल तल हाम्रा साथीहरूलाई सम्पर्क गरी आफ्नै तरिकाले संगठन बनाउने, हामीलाई जानकारी सम्म पनि नगराउने कतै हामीलाई वाइपास गर्ने सोचाई त होइन?” एकता हुने प्रक्रियामा छौं हामीलाई जानकारी नै नदिई क. सिन्धुले यसो किन गर्दै हुनुहुन्छ?” मैले जवाफमा भने– म पनि भर्खरै आएको छु सबै कुरा थाहा छैन कमरेड सिन्धुसँग बुझ्नेछु वास्तविकता के हो ? तपाईँहरूबाट लुकाएर छुट्टै संगठन गर्नुपर्ने आवश्यकता म देख्दिन फेरी हामी विच सिघ्र एकता हुँदैछ । मैले पछि कमरेड सिन्धुसँग बुझ्दा थाहा भयो मुक्ती मोर्चा समूह भन्दा बाहेकका नयाँ नयाँ साथीहरू सम्पर्कमा आएका रहेछन् नयाँ सम्पर्कमा आएकाहरूलाई संगठनात्मक गोपनियताको नीति र शैली अनुसार गोप्य राख्नु भएको रहेछ यँही कुरालाई क. आश्रितले “शंका” गर्नुभएको रहेछ ।

केही दिनपछि रुपन्देही सितापुरका कमरेड रवी लाल र चुमकला बन्जाडेको घर सेल्टरमा क.सिन्धु, क. आश्रित, प्रश्रित, राघवेस, शान्त मानवी र म समेत भेला भएर आलोचना आत्मालोचना वैठक गरी को.के. र

मुक्ति मोर्चा विच एकता प्रकृयामा आएका समस्याहरूको बारेमा छलफल गरी असमझदारी हटाउने काम गरियो, त्यसपछि २०३४ साल भदौमा पुनः को.के र मुक्ती मोर्चा विच अन्तिम वार्ता भयो र एक आपसमा विलिन हुने निर्णय भएको थियो ।

२०३४ भदौ १४ गते को.के. र मुक्ती मोर्चा विचको एकताले नेपालको कम्युनिष्ट आन्दोलनलाई नयाँ उर्जा प्रदान गर्‍यो । संगठन विस्तार र सुदृढ गर्न ठूलो मद्दत पुग्यो । एकताले देश भरीका क्रान्तिकारी कम्युनिष्टहरूमा नयाँ उत्साह थपियो । त्यसको लगतै हाम्रो सम्पर्क दाङको सन्देश ग्रुपका नेताहरू कमरेड नेत्र लाल पौडेल 'अभागी', शीवराज गौतम, सोभा राम लगायतका कमरेडहरसँग एकता वार्ता भएर को के मा सामेल हुनुभयो । गण्डकी अञ्चलका क्रान्तिकारी कम्युनिष्ट नेताहरू जय प्रकाश वास्तौला, सोमनाथ प्यासी, रामचन्द्र अधिकारी लगायत साथीहरू, पूर्वको रातो झण्डा क.वासु शाक्य लगायतका साथीहरू चितवनका कमरेड नरवहादुर खाँड, विष्णु घिमिरे, ध्रुव घिमिरे, आदी नेतृत्वमा रहेका साथीहरू नवलपरासीका चौथो महाधिवेशन जिल्ला कमिटिका कमरेड विष्णु लामिछाने नेतृत्वमा रहेका साथीहरू पाल्पाका क.हिरामणी वस्याल, भुवेश्वरको नेतृत्व रहेका साथीहरू को.के.मा विलिन सामेल हुँदै जाँदा क्रान्तिकारी कम्युनिष्ट एकता अझ सुदृढ हुँदै विस्तार हुँदै गयो । यस काममा क. प्रदीप र म स्वयम तथा मुक्ती मोर्चा समूहबाट सामेल भएका साथीहरूको योगदान अविस्मरणीय रहेको छ ।

एकतापछि अखिल नेपाल कम्युनिष्ट क्रान्तिकारीको को.अर्डिनेशन कमिटी (मार्क्सवादी-लेनिनवादी) को पश्चिम दक्षिण क्षेत्रीय कमिटी गठन भएको थियो यो कमिटीले ६ जिल्ला समेटेको थियो- नवलपरासी, रुपन्देही, पाल्पा, गुल्मी, अर्घाखाँची र कपिलवस्तु । पार्टी कमिटीको सचिब क.प्रदीप नेपाल सदस्यहरूमा क.जीवराज आश्रित, मोदनाथ पाश्रित र गोपाल शाक्य

जम्मा चार जनाको कमिटी थियो । गठन लगतै २०३५ श्रावण महिनामा को.केको राष्ट्रिय भेला धनुषामा सम्पन्न भएको थियो । कमरेड जीवराज आश्रित को.के.को पोलिटब्युरोमा चयनहुनु भएपछि क्षेत्रीय कमिटीमा सचिवको जिम्वेवारी हेरफेर गरि कमरेड प्रदिपको सट्टा आश्रितलाई चयन गरियो र कमरेड प्रश्रितको जिम्मा कपिलबस्तु र अर्घखाची कार्यविभाजनमा आश्रितलाई पाल्पा, गुल्मीको जिम्वेवारी दिइएको थियो । प्रदीप नेपालको रुपन्देही र मेरो नवलपरासी थियो ।

क आश्रितले गुल्मी र पाल्पामा संयुक्त संगठन कमिटी निर्माण गर्नु भयो जसमा क. सिद्धीनाथ ज्ञवाली र देवेन्द्र घिमिरे सदस्य थिए । वहाँहरूको तीन सदस्य सयुक्त कमिटीको वैठक हाडथोक पाल्पामा म एक पटक पुगेको स्मरण आइरहेको छ । मेरो क. सिद्धीनाथ र देवेन्द्र दुवै सँग दोस्रो भेट थियो । वहाँहरू पाल्पा र गुल्मीको के को संगठन विस्तार कसरी गर्ने त्यसमा केन्द्रीत छलफलहरू भएका थिए हाम्रो वैठकको निष्कर्ष थियो । क. जीवराजले गुल्मीमा, क.प्रदीप ज्ञवालीलाई पूर्णकालिन निकाल्न “एकलाई विकास गर्ने कार्य प्रारम्भ गर्ने, क. युवराज ज्ञवाली गुल्मी भङ्कुवा निवासी- (त्यसबेला पाल्पा देउलेअर्चले मा.वि.मा हेडमास्टर) लाई पूर्णकालिन निकाल्न क. आश्रित सिद्धीनाथ र गोपाल शाक्यले भेटेर प्रस्ताव गर्ने पाल्पा गुल्मी सयंक्त कमिटीको योजना थियो क सिद्धीनाथलाई सचिव बनाएर कमरेड युवराज र प्रदीप समेत सामेल भएको गुल्मी जिल्ला संगठन कमिटी बनाउने त्यसबेला जिल्ला स्तरको कमिटी गठन गर्दा सदस्यहरू पूर्णकालिन भूमीगत काम गर्न तयार हुन पर्ने मापदण्ड नै थियो । पूर्णकालिन भएर काम गर्न तयार भए क.माधव पन्थ (दिमाम) र रागवेश ज्ञवाली (बलेटक्सार) लाई संगठन कमिटीमा समेट्ने योजनाका साथ कमरेड जीवराजले काम गर्नु भएको थियो ।

२०३५ पौष ११ गते मोरङ जिल्लाको इटहरामा को.के.ले आव्हान

गरेको नेकपा (माले) को प्रथम राष्ट्रिय सम्मेलन सम्पन्न भयो- उक्त सम्मेलनमा पश्चिम दक्षिण क्षेत्रिय कमिटी (लुम्विनी अञ्चल)बाट क. जीवराज आश्रित, मोदनाथ प्रश्रित, प्रदीप नेपाल र गोपाल शाक्यले प्रतिनिधित्व गर्नु भएको थियो । नेकपा -माले) प्रथम राष्ट्रिय सम्मेलन लगत्तै को.के.को पश्चिम दक्षिण क्षेत्रीय कमिटी नेकपा (माले) मा रपान्तरण गरियो त्यसमा एक जना कमरेड थप गरियो क.भीम नारायण चौधरी थारु-क. सिद्धीनाथ र क. देवेन्द्रलाई केन्द्रीय योजना अनुसार अन्तै जिम्मेवारी दिने सोच बनेको हुँदा रोकियो । क. सिद्धीनाथलाई किसान मोर्चा र कमरेड देवेन्द्रलाई बाँके बर्दिया तिर पठाउने बारे छलफल चरिरहेको थियो ।

## नेकपा (माले) पश्चिीम दक्षिण क्षेत्रिय कमिटीमा क. सिद्धीनाथ ज्ञवाली

२०३६ को देशव्यापी विद्यार्थी आन्दोलन २०३७ को जनमत सँग्रहको परिणाम पछि पार्टी कार्यनीति र संगठनात्मक ढाँचा सम्बन्धमा नेकपा (माले) भित्र नयाँ नयाँ सोचाईहरूको प्रयोग हुन सुरु गर्‍यो । कार्यकर्ता नेताहरूको योग्यता, क्षमता उनीहरूले पार्टीलाई दिने समय आदीलाई ध्यानमा राखेर नयाँ मापदण्डहरूको आधारमा जिल्ला संगठन कमिटी/ जिल्ला पार्टी सकृया दल (पूर्णकालिन, अल्पकालिन नेता कार्यकर्ता रहेको) त्यस्तै इलाका, गाउँ-टोल आदीमा सकृयदलहरू साथै विद्यार्थी, कर्मचारी, किसान, मजदुर महिलाहरू, शिक्षक, प्राध्यापक, डाक्टर, प्याराडीस, इन्जीनियर र ओभरसियर कर्मचारीहरू आदी सबै भित्र पार्टी फ्याक्सन, पार्टी सकृयदल क्रान्तिकारी बुद्धिजीवी संघ, क्रान्तिकारी युवासंघ निर्माण गर्ने अभियान नै चल्यो । कार्यकर्ता नेताहरूले सशस्त्र संघर्षको कार्यनीतिबाट विस्तारै शान्तिपूर्ण जनसंघर्ष र आन्दोलन तर्फ अघी बढाउन संगठनात्मक तयारी साथै पश्चिम दक्षिण पार्टी क्षेत्रिय कमिटीका नयाँ नयाँ योजना साथ अघि बढ्दै थियो यसै क्रममा क. सिद्धीनाथ ज्ञवालीलाई कस्तो जिम्मेवारी दिने भन्ने बारेमा क. जीवराज आश्रित र मैले धेरै पटक छलफल, गृहकार्य

गरेका थियौं त्यसबखत अखिल नेपाल किसान संघ केन्द्रीय तयारी समिति निर्माण गर्न हाम्रा क्षेत्रबाट क. सिद्धीनाथ ज्ञवालीलाई केन्द्रमा पठाउनु पर्छ वहाँ पूर्णकालिन मध्य किसान चरित्रका नेता हुनुहुन्छ मेरो प्रस्तावलाई त्यसबेला कमरेड आश्रितले भन्नु भयो । तपाईँको प्रस्ताव ठिकैछ पछि सोचौँ तर अहिले क. सिद्धीनाथलाई गुल्मी पाल्पाको जिम्मा दिएर यतै राख्नुपर्छ । त्यसपछि किसान मोर्चामा क. माधव पन्थलाई पठाउने निर्णय गरियो । महिला मोर्चामा क.शान्त मानवी पठाएका थियौँ । दुवै केन्द्रीय नेतृत्वको संयोजक नै बन्नु भएको थियो ।

२०३७ साल मंसीरमा मोदनाथ प्रश्रित रुपन्देहीमा गिरफ्तारीमा पर्नु भयो वहाँ त्यसबेला पश्चिम दक्षिण क्षेत्रीय कमिटी पार्टीको सचिव मोदनाथ र म उपसचिव थिए । २०३७ माघमा पार्टी केन्द्रको निर्देशन लिएर कमरेड आश्रित आएर नेकपा (माले) पश्चिम दक्षिण क्षेत्रीय कमिटीको संकटकालिन बैठक राखी मलाई पार्टी सचिवको जिम्मेवारीमा चयन गरियो । कमरेड आश्रितसँग सरसल्लाह गरी मैले सचिवको हैसियतमा नेकपा (माले) पश्चिम दक्षिण प्रथम क्षेत्रीय विस्तारित बैठक २०३७ फागुणमा पाल्पाको अर्गेलीमा बोलाएको थिए । पाटन सौगल घर भएका डिठ्ठा जोशीजी हाम्रो पार्टीको राम्रो समर्थक सहयोगी थिए, जुध्द शम्शेरको पुरानो दरवार वहाँले रेखदेख गर्ने वहाँको परिवार त्यही बस्ने गदथ्ये । क. सिद्धीनाथ ज्ञवाली र जोशीजी विच राम्रो मित्रता थियो । विस्तारित वैठक सम्पन्न गर्न पार्टीले क.सिद्धीनाथको नेतृत्वमा एक ब्यवस्थापन समितीनै बनाएको थियो । नेकपा (माले) पश्चिम दक्षिण क्षेत्रिय कमिटीको प्रथम विस्तारित वैठकले क्षेत्रीय कमिटी पुनर्गठन गरेको थियो उक्त पुर्नगठित कमिटीको सचिव- गोपाल शाक्य, सदस्यहरूमा क. भीम नारायण थारु, सिद्धीनाथ ज्ञवाली, धर्म के.सी., राघवेश ज्ञवाली चयन गरिएको थियो । क. जीवराजले केन्द्रीय कमिटीको तर्फबाट सपथ ग्रहण गराउने काम गर्नु भएको थियो । कमिटीको प्रथम वैठक बसी त्यहीँबाट कार्य विभाजन गरियो सचिव गोपाल शाक्य,

पाल्पा र सवै जनसंगठनहरू हेर्ने जिम्मेवारी तोकियो, क.भीम नारायण चौधरी थारु–रुपन्देही र कपिलवस्तु/सदस्य, क. सिद्धीनाथ ज्ञवाली गुल्मी सदस्य, क.धर्म के.सी. नवलपरासी/सदस्य, क. राघवेश ज्ञवाली–अर्घखाँची हेर्ने जिम्मेवारी तोकिएको थियो । यो विस्तारित वैठकपछि क. सिद्धीनाथ ज्ञवाली र सदस्य राघवेश ज्ञवाली साथमा गुल्मी अर्घाखाँचीका धेरै पार्टी सम्पर्कहरूमा पुगी इलाका इलाकामा पार्टी प्रशिक्षण कार्यक्रमहरू चलाईयो २०३७ फागुन चैत्र दुई महिने अभियान पार्टी सुदृढ र विस्तार अभियानका रुपमा सञ्चालन गरिएको थियो । यो अभियानमा क. जीवराज आश्रितले पनि केही महत्वपूर्ण इलाका र सम्पर्कमा पुग्नु भई पार्टी प्रशिक्षण दिनु भएको थियो ।

## क. सिद्धीनाथ ज्ञवाली मेरो विवाहमा

नेकपा (माले) पश्चिम दक्षिण क्षेत्रीय कमिटी र नवलपरासी जिल्ला संगठन कमिटीको संयुक्त आयोजनामा नवलपरासी जिल्लाको दुम्कीबास नजिकै डाडाजोर गाउँमा २०३८ वैशाख ३१ गते कमरेड शारदा कोइरालासँग मेरो विवहा समारोहमा पार्टी पश्चिम दक्षिण क्षेत्रिय कमिटीका विशेष प्रतिनिधिको रुपमा कमरेड सिद्धीनाथ ज्ञावलीले भाग लिनु भएको थियो । सानो व्यानरमा लेखिएको थियो विक्रम थापा र समाविचको शुभ विवाह कार्यक्रम राती ८ बजे कमरेड राम बहादुर तिमिल्सीनाको घरमा नवलपरासी पार्टी सचिव धर्म के.सी.ले उद्घोष गर्नुभयो । क.आश्रित/पार्टी केन्द्रको तर्फबाट प्रमुख अतिथि हुनुहुन्थ्यो । उक्त कार्यक्रममा क.सिद्धीनाथ र क.आश्रितले प्रगतिशील विवहा महत्व र आवश्यकता बारे बोलेर पार्टी केन्द्रीय कमिटी र पश्च्मि दक्षिण क्षेत्रीय कमिटिको तर्फबाट हामी वर वधुलाई संघर्षशील दाम्पत्य जीवनका लागि शुभकामना दिनु भएकोथियो ।

## अन्त्यमा भन्नुपर्ने केही कुराहरू

दिवंगत सिद्धीनाथ सँगसँगै पार्टीको काम गर्दाका धेरै स्मृतिका पानाहरू अझै पल्टाउन बाँकी छ यसै लेखमा सबै कुराहरू राख्न सम्भव छैन । पछि पछि अरु स्मृतिलेखमा लेख्दै जानेछु । अव यस लेखमा सामेल गर्नुपर्ने केही कुराहरू राख्दैछु–लेखदैछु ।

नेकपा (माले) पश्चीम दक्षिण क्षेत्रिय कमिटीले पार्टी निर्माणको क्रममा तीन नारा तीन आव्हानमा जोड दिएको थियौँ –

१. गरीव, भूमीहिन किसान, श्रमिक वर्ग विचमा पार्टीलाई बसोबास गराऔँ ।

२. जनता र पार्टी कार्यकर्ता विच पानी र माछाको सम्बन्ध बनाऔँ ।

३. पार्टीलाई जनता रुपीबाटो नै फल्न फुल्न सिकाऔँ । तीन नारा, तीन आव्हानलाई जनतामाझ कार्यन्वयन गर्ने–ब्यवहारमा उतार्ने काममा कमरेड सिद्धीनाथ अनुकरणीय हुनुहन्थ्यो । किसानहरूमाझ घुलमील हुने कुरामा वहाँ हामी भन्दा अगाडी हुनुहुनथ्यो । वहाँलाई विउ, विजन, मलखाद, किटनासक औषध, 'अन्न' लगाउने मौसम अन्न भण्डारण, यी सबै बारे राम्रो जानकारी राख्नुहुन्थ्यो । सामाजिक सम्बन्ध जोड्न विशेषताः विवाह जोड्न वहाँ सिपालु हुनुहुनथ्यो । कमरेड माया र आश्रित, जानकी र कृष्ण न्यौपानेको प्रगतिशिल विवाह सम्बन्ध जोड्न वहाँको पहल सफल रहेको उदाहरण हुन् । परिवार परिवारमा सामाजिक मात्र होइन पार्टी सम्बन्ध अरु बलियो, घनिष्ट बनाउन कमरेड सिद्धीनाथ सिपालु हुनुहुन्थ्यो । त्यस समयमा हामिले पार्टी जीवनमा खान, लगाउन र बस्न अनेकौँ समस्या कठिनाई भोग्नु परेको थियो । खाने समस्या हल गर्न एउटै परिवारलाई बढी बोझ नपरोस भनी क. सिद्धीनाथले परिवार परिवारमा घर घरमा 'मुठीदान' अभियान चलाउनु भएको थियो । खाना पकाउनु अगाडी एक भाडामा एक मुठी अन्न पार्टीका लागि छुट्याउने अभियान यसरी जम्मा भएका चामल/दाल/तरकारी आदीले खान नपुग्ने परविारहरू माझ बाड्ने र पार्टी बैठक भेलाहरू सञ्चालन गर्न संकलित सामग्रीहरू प्रयोग गरिन्थ्यो ।

क. सिद्धीनाथको यो अभियान धेरै गाउँ ठाउँमा सफल रुपमा प्रयोग र ब्यवहारमा आएको थियो । क.सिद्धीनाथ व्यक्तिगत र पारिवारिक स्वार्थ भन्दा पार्टी, जनता र देश प्रति समर्पीत एक आर्दश ब्यक्तित्व हुनुहुनथ्यो । वहाँको जीवन भरीको ब्यवहारहरूले यसै कुराको प्रमाणहरू दिएर गएकोछ । क. सिद्धीनाथ एक सच्चा, देशभक्त, इमान्दार, अनुशासित कम्युनिष्ट नेता हुनुहुन्थ्यो । यीनै शब्दका साथ अन्त्यमा “एक मुठी अन्न” सम्झदै मेरो प्रिय कमरेड सिद्धीनाथलाई श्रद्धाअर्पण गर्दछु । दिवंगत सिद्धीनाथ ज्ञवालीलाई नेपाली जनताले निरन्तर संझना गरिरहनेछन् । आजलाई कलम रोकैँ ।

२०८० असोज १९

# मेरो सम्झनामा जीवराज आश्रित

## १. सानो भूमिका

जीवराज आश्रित आफ्नो श्रम, लगन, अनुशासन, इमान्दारीता अध्ययनशीलता र सृजनशीलता कै कारण नेपालको कम्युनिष्ट आन्दोलनका नेताहरू मध्ये एक हुनुहुन्थ्यो । वहाँ नेपाली जनतामाझ त्यागी, इमान्दार र अनुशासित नेताको रूपमा स्थापित हुनुहुन्थ्यो । जननेता मदन भण्डार ीसँग चितवनको रहस्यमय दासढुङ्गा जीप दुर्घटना (२०५० जेष्ठ ३) मा परि निधन भएपछि नेपालको राजनीतिक इतिहासमा आश्रित एक अमरनाम बन्यो । जीवराज आश्रित स्मृति प्रतिष्ठानले उहाको स्मृतिमा ग्रन्थ प्रकासनको प्रयासलाई मेरो शुभकामना, २०३४ देखि २०५० सम्म २६ वर्ष मेरो आश्रितसँग राजनीतिक सँगत रहयो । तिनै स्मृतिका पानाहरूलाई छोटकरीमा खोल्दैछु ।

## २. पहिलो भेट

हामी १५ जना राजबन्दीहरू ललितपूर नंखुजेलबाट ४२ हातको लामो सुरूङ्खनेर निस्केपछि २०३४ को बैशाख महिनामा सबभन्दा पहिला साथीहरू भेट्न मेघालयको राजधानी शिलाङ पुगें । त्यहाँ दिल साहनी, धर्मलाल भूषाल, तिल कार्की, राधा ज्ञवाली, दुर्गा, भुवन, दिलु सुवेदी, रणबहादुर आदीसँग को. के. को राजनीतिक लाइनमा छलफल भयो । वहाँहरू सबै को के को राजनीतिक लाइनबाट प्रभावित हुनुभयो । त्यसपछि

गुहाटी पुगें त्यहाँ २०३४ बैशाखमा नेकपा पुष्पलाल समूहको पूर्वाअञ्चल सांस्कृतिक मोर्चाको भेला बोलाइएको थियो । उक्त भेलामा मेघालयबाट दिल साहनी, तिल कार्की, राधा ज्ञवाली, रणबहादुर, भुवन आदी त्यस्तै नागालेण्डबाट धर्म भूषाल, लालविन क्षेत्री अरूणाञ्चलबाट अमर असमबाट टिकाराम, मोहन शर्मा, ईश्वरी खनाल, रोहित क्षेत्री, तिलबहादुर आदि साथीहरू को. के. को राजनीतिक लाईनलाई आत्मसात गर्दै पूर्वाअञ्चल सांस्कृति मोर्चा विघटन गरी दिल साहनी र म नागलैण्ड मणीपूर तिर सांस्कृतिक साहित्यिक कर्मीहरूलाई भेट्न हिड्यौ । यसै बिच धर्मलाल भूसाले प्रश्रित र आश्रित शिलाङ्ग गुहाटी आएको थाह दिनुभयो । खबरपाउने बित्तिकै वहाँहरूलाई गुहाटीमा रोकिराख्न टेलीग्राम पठाएँ । आश्रित र मोदनाथ प्रश्रितसँग मेरो पहिलो भेट २०३४ जेष्ठको पहिलो हप्ता गुहाटीका मजदुर साथी मोहन र टिकाराम शर्माको क्वाटरमा भएको थियो ।

त्यस दौरानमा सि.पी. मैनालीसँग भेटभएको, मुक्तिमोर्चा र को के बिच एकतावार्ता भएको, प्रदीप नेपाल रूपन्देही गएर पार्टी काम शुरू गरेको दुवै संगठन विच एकताकालागि मुक्ति मोर्चाको १३ बुँदे घोषणामा यताका साथीहरूलाई सहमतीमा ल्याउन प्रयासभएको सुनेपछि खुसी भएं ।

नख्खुजेल विद्रोहपछि केन्द्रसँग सम्पर्क गर्ने प्रयास असफल भएपछि म भारत पूर्वाअञ्चल आएको जानकारीसँगै आफू देश फर्कन चाहेको कुरा सहयोग लागि अनुरोध पनि गरें । मैले प्रदीप नेपाल र सि.पी. मैनाली दुवैलाई पत्र लेखें वहांले पुऱ्याईदिने वचन दिनुभयो । आश्रितले पत्र पुऱ्याएपछि प्रदीप नेपालको गोरखपुर रेलवे स्टेसनमा आइपुग्नु भन्ने टेलीग्राम पाएंर त्यहाँ समयमा पुगें नेपालभित्रीए । जेलब्रेक पछि को के को सम्पर्कमा आउन आश्रितले नै मद्दतगर्नु भएको थियो ।

### ३. दोश्रोभेट रूपन्देहीको छपियामा

२०३४ श्रावणमा मुलुकभित्र आएपछि को. के. को निर्देशनमा एउटा

एरियाको जिम्मेवारी लिएर कामथाले । त्यसैत्रक्रममा छपिया अमरको घरमा आश्रित सिद्धीनाथ ज्ञवाली र देवेन्द्र घिमिरेसँग भेटभयो । मुक्ति मोर्चा र को. के वीच एकतावार्ता चलिरहेको थियो यसै प्रक्रियामा हामीहरूका वीच उठेका समस्याहरूमा केन्द्रीत भएर कुरागरेका थियौं ।

त्यसदौरानमा सिद्धान्तमा माओविचारधारामा ’वाद’ नजोड्नुको कारण र अर्थ खुलाउँदै ’बाद’ले युगको प्रतिनिधित्वगर्ने लेनिनवादले सर्वहारावर्ग र साम्राज्यवाद वीच अन्तरविरोधीको युगको प्रतिनिधित्वगर्दछ । यस विषयमा आश्रितले भन्नुभयो “अब हामी माओविचारधारा मै सहमत छौं । सुभाषसँग पनि यस बारे कुरा भैसकेको छ ।“

मुक्ति मोचालाई को के मा विलिन हुनुपर्ने प्रस्ताव को. के. को थियो त्यसमा आश्रित विलीन नभनी एकता वा एकीकरण शब्द प्रयोगगर्ने पक्षमा हुनुहुन्थ्यो । मैले को के मा विलीनहुने पक्षमा कुरोराखे । आश्रितले प्रश्नको उत्तरदिन न पाउदै बिचैमा सिद्धिनाथ ज्ञवालीले भन्नुभयो विलीन नै भन्दा के हुन्छ र कमरेड ? शब्दमा नै हलो अड्काउने कुराभएन ठीकैछ भनेर जीवराज मौन बस्नुभयो ।

छलफलको प्रसँग बदल्दै आश्रितले भन्नुभयो तपाईले सहयोगगर्न पन्यो सिन्धुले तलतल हाम्रो साथीहरूलाई सम्पर्कगरी आफ्नै तरिकाले संगठन बनाउने हामीलाई जानकारी पनि नगराउने कतै हामीलाई वाइपासगर्ने सोचाई त होइन ? एकताहुने -

प्रक्रियामा छौं । हामीलाई जानकारी नदिई सिन्धुले यसो किन गर्द हुनुहुन्छ ? मैले जवाफमा भने “म पनि भरखरै आएको छु । सबै कुरा थाहा छैन । सिन्धुसँग बुझ्नेछु । वास्तविकता के हो?“ तपाईहरूबाट लुकाएर छुट्टै संगठन गर्नुपर्ने आवश्यकता म देख्दिन, फेरि हामीबिच शीघ्रएकता हुँदैछ । पछि मैले सिन्धुसँग बुझ्दा थाहाभयो, मुक्तिमोर्चा बाहेक नयां नयां साथीहरू पनि सम्पर्कमा आएका रहेछन् । नयाँ सम्पर्कमा आएकाहरूलाई को. के. को

संगठनात्मक गोपनीयताको नीति अनुसार गोप्य राख्नु भएको रहेछ । यही कुरालाई आश्रितले शंका गर्नुभएको रहेछ ।

केहीदिन पछि रूपन्देही जिल्लाको सीतापुरभाटा रविलाल र चुमकला बञ्जाडेको घर आश्रित, प्रश्रित, राघवेश ज्ञवाली, शान्ता मानवी, सिन्धु र म पनि थियौं । मुक्तिमोर्चा र को के को एकता प्रक्रियामा देखिएका समस्याहरू बारेमा छलफल भयो । एकआपसमा आलोचना आत्मालोचनागर्ने र असमझदारीहरू हटाउने कुरा पनि भयो ।

२०३४ भदौमा सीतापूर भाटामा मुक्तिमोर्चा र को के का केन्द्रीय प्रतिनिधिहरू विच एकतावार्ता भयो । त्यसमा मुक्तिमोर्चा को के मा विलीनहुने निर्णयभयो । मुक्तिमोर्चा समूह हर्नैयाको कुरमार गाउँमा भेला बोलाईएको थियो । त्यसभेलाले सम्पुर्णरूपमा को के मा विलयहुने कुरा स्वीकार गरेन ।

२०३४ भदौ १४मा मुक्ति मोर्चासँग विलय भएपछि को-केले संगठनात्मक फडको मान्यो अझ तीव्रगतीले क्रान्तिकारी कम्युनिष्टहरूलाई गोलबन्दगर्ने काममा लाग्यो ।

आज फर्केरहेर्दा मुक्तिमोर्चा र को. के. को ऐतिहासिक भनिएको एकता क्रान्तिकारी कम्युनिष्टहरू बिचको उग्रबामपन्थी दृष्टिकोणमा आधारित एकता नै थियो । मुक्तिमोर्चाको १३ बुँदे घोषणा र को. के. को राजनीतिक लाइन उग्रवाम्पन्थी सावित हुनपुग्यो ।

### ४. जीवराज आश्रितसँग एउटै कमिटीमा

मुक्तिमोर्चा को. के. मा समाहितभए पछि त्यसको निर्णयअनुसार २०३४ को अन्त्यमा लुम्बीनी अञ्चललाई पश्चिम दक्षिणक्षेत्र नामाकरण गरियो । उक्त कमिटी सि.पी. को उपस्थितिमा सचिव प्रदीप नेपाल, सदस्यहरूमा आश्रित र म थियौं । १५ दिनपछि मोदनाथ प्रश्रित पकडिनु भयो । त्यस कमिटीको प्रदीप नेपालले रूपन्देही, आश्रितले पाल्पा र गुल्मी,

मोदनाथ प्रश्रितले अर्घाखाची- कपिलबस्तु र मैले नवलपरासी हेर्ने गरी कार्य विभाजन भएको थियो । यसै वीच २०३५ श्रावणमा भएको को. के. को तेश्रो धनुषा सम्मेलनले आश्रित केन्द्रीय सदस्य एवं पोलिटव्यूरोमा निर्वाचित हुनुभयो । सम्मेलनबाट फर्केपछि पश्चिम-दक्षिण क्षेत्रीय कमिटीको सचिव आश्रित हुनुभयो । उप-सचिव प्रदीप, सदस्यमा मोदनाथ प्रश्रित र म रह्यौं । कार्यविभाजन पहिला भै रहयो ।

## ५. नेकपा (माले) को प्रथम राष्ट्रिय सम्मेलन

को के को आयोजनामा मोरङ्ग जिल्लाको इटहरामा २०३५ पौष ११-१७ नेकपा (माले) को प्रथम राष्ट्रिय सम्मेलन सम्पन्न भयो । उक्त सम्मेलनमा पश्चिम-दक्षिण क्षेत्रबाट पांचजना प्रतिनिधि थियौं । क्षेत्रीयकमिटी बाहिरका प्रतिनिधिमा सिद्धनाथ ज्ञवाली र भीमनारायण थारू हुनुहुन्थ्यो ।

सम्मेलन पछि यो कमिटी नेकपा (माले) पश्चिम दक्षिण क्षेत्रीय कमिटीमा रूपान्तर भयो । त्यस कमिटिमा सचिव आश्रित, पाल्पा र गुल्मी, उपसचिव प्रदीप नेपाल- रूपन्देही, सदस्यहरू मोदनाथ प्रश्रित- अर्घाखाँची, म नवलपरासी, भीम नरायण थारू कपिलबस्तुको जिम्मेवारी रह्यो । कमिटी पुनर्गठन पछि नयाँ त्साहका साथ आश्रितको नेतृत्वमा पार्टीको भूमिगत संगठन विस्तार हुँदैगयो । २०३५ / ३६ को विद्यार्थी आन्दोलनमा लुम्बिनी पछि परेन । २०३७ जेष्ठको जनमत सँग्रहले नेपाली जनताको जनचेतनामा फड्को मान्यो । यस्ले नेकपा (माले) लाई आफ्नो उग्रवामपन्थी विचार, दृष्टिकोण र व्यवहारमा परिवर्तन गर्नुपर्ने भयो । सशस्त्र संघर्षको कार्यनीति मात्र होइन शान्तिपूर्ण जनआन्दोलनको कार्यनीति लिनुपर्ने र क्रान्तिकारी बुद्धिजीवी संगठन, युथलीग, क्रान्तिकारी र महिला संगठन, कान्तिकारी बालसंगठन आदी अर्धखुल्ला संगठनरू व्यापकरूपमा निर्माणगर्नुका साथै जिल्ला, ईलाका, गाउँ पार्टी सक्रियदलहरूको नाममा पार्टी सदस्य र गैरपार्टी सदस्य क्रान्तिकारीहरू समेटेर पार्टीसक्रियदलका रूपमा विस्तार

गरिएको थियो । विद्यार्थीहरूको अनेरास्ववियू र शिक्षकहरूको नेपाल राष्ट्रिय शिक्षक संगठन खुल्लारूपमा आफ्ना संगठनहरू विस्तारगर्दै थिएभने २०३७ मा अखिल नेपाल किसानसंघ पुनर्गठन गरियो । केन्द्रीयतदर्थ समितिको अध्यक्ष माधव पन्थ हुनुभयो । संक्रमकालीन संगठनात्मक नीति निर्माण र संगठन परिचालनमा आश्रितको महत्वपूर्ण योगदान थियो ।

यसैबिच २०३६ मा रत्नकुमार वान्तावाको शाहदत पछि प्रदीप नेपाल रूपन्देहीबाट विदाभएर इलाम जानुभयो । २०३७ मा आश्रित पनि पश्चिम दक्षिण क्षेत्रीय कमिटीबाट विदा हुनुभयो । त्यसपछि मोदनाथ प्रश्रित, सचिव हुनुभयो म उपसचिव भएं । भीमनारायण थारू सदस्य हुनुहुन्थ्यो । यसै बिच २०३७ मंसीरमा प्रश्रित गिरफ्तारभएर जेलपर्नु भयो । आश्रितले २०३७मा नेकपा (माले) पश्चिम-दक्षिण क्षेत्रीय कमिटी पुनर्गठन गर्नुभयो । उक्त कमिटीमा म सचिव, पाल्पा र सम्पूर्ण जनसंगठनहरू, सदस्यहरू सिद्धिनाथ ज्ञवाली - गुल्मी, राघवेश ज्ञवाली अर्घाखांची, भीमनारायण थारू - रूपन्देही र कपिलबस्तु धर्म के.सी - नवलपरासीमा थियौ ।

२०३४ देखि ०३७ का तीनवर्ष आश्रितको नेतृत्वमा मैले पश्चिम दक्षिण क्षेत्रीय कमिटीमा कामगरें । आश्रितसँग मेरो घनिष्टता रह्यो । उहाँबाट मैले धेरै कुराहरू सिक्नेअवसर पाएँ । एउटै कमिटीमा भएको र त्यसवखत प्रत्येक बैठकमा आलोचना आत्मालोचना अनिवार्य थियो । त्यसैबेला मैले वहांलाई बैठकमा गरेका आलोचना, वहाँमा रहेका औंलाएका कमीकमजोरीहरू र उहाँबाट सिक्नुपर्ने प्रेरणादायी कुरा छोटकरीमा बुँदागतरूपमा पेशगर्न चाहन्छु ।

**६. आश्रितबाट सिक्नुपर्ने कुराहरू :**

निरन्तर सैद्धान्तिक अध्ययनगर्ने वानी.

निरन्तर सूचनाहरू जम्मागर्न तथ्यबाट सत्यखोज्ने बानी

समस्यामा केन्द्रित भएर समाधानखोज्ने प्रवृत्ति,

अध्ययन गरेका विषयलाई सृजनात्मक ढंगले प्रस्तुतगर्ने शैली। विषयकेन्द्रित प्रशिक्षणगर्ने वानी।

रिर्पोटीलाई गंभीरतापूर्वक लिने र आएका समस्याहरूलाई प्राथमिकक्रममा नोटगर्ने गर्नेवानी।

सामूहिक निर्णयमा पुग्न कमिटी सदस्यहरू सबैलाई पालैपालो बोल्नदिएर अन्त्यमा निस्कार्षको रूपमा आफूले वोल्ने वानी।

पार्टी निर्णय कार्यन्वयनमा अनुशासित,

सादा जीवन शैली र सफा सुघ्घर भएरबस्ने वानी,

परिस्थिति अनुसार आफूलाई अनुकुलपार्ने वानी।

आफ्नो दुखकष्ट भन्दा अरूको दुखकष्टलाई महत्व दिने बानी।

आफ्नो जिम्मेवारीप्रति गम्भीर र इमान्दार, नीजि हितभन्दा पार्टी र देशको स्वार्थलाई आत्मसात गर्ने वानी।

आश्रित राम्रो पक्षहरूले जितेको असल मान्छे हुनुहुन्थ्यो तर पनि वहाँमा केही कमी कम्जोरीहरू पनि थिए। पार्टी कमिटीमा सँगसँगैहुँदा ती कमी कम्जोरी हटाउन वहाँकै अगाडि आलोचनागर्दा, स्वयम पनि आत्माआलोचित हुनुहुन्थ्यो।

**आश्रितका कमि कमजोरीहरू :**

खुल्ला खुल्न नहुने अन्तरमूखी स्वभाव।

आफूभन्दा माथिकालाई सेवा चाकडी, तलकालाई दबाउने नौकरशाही प्रवृद्धि केही हदसम्म रहेको, अलिक रिसाह स्वभाव।

वेला बेला अधैर्य हुने विशेष अपरझट संघर्षको समयमा।

आफ्नो भनाई र गराईले अरुलाई पर्ने प्रभाव र असरबारे विश्लेषण नगर्ने एकोरो स्वभाव।

बढी शंकालु बानी।

पार्टी पद्धति र अनुशासनको पक्षमा जोड दिँदा पार्टीलाई दिर्घकालिन असर पर्ने वैचारिक सैद्धान्तिक पक्षहरूमा कम ध्यान दिनेबानी ।

**७. आश्रितका परिवारजनसँगको भेट :**

२०३६ को शुरूतिर जीवराज र म रूपन्देहीको हंसनापूर गाउँ पुग्यौ । उहाले पिता प्रेमराज न्यौपानेसँग परिचय गराउनु भयो । अर्कामित्र शेषहरिसँग पनि । खानपीन र बस्न वहांकी आमाले राम्रो व्यवस्था गरिदिनुभया । हसनापूरमा दुईदिन नुहाई धुवाइ, कुराकानी गरेर वितायौं । त्यसबेला आश्रितले आफ्नो जीवनकथा नै बताउनु भएको थियो । सिद्धिनाथ ज्ञवालीकी भतिजीसँग विवाह प्रस्ताव पछि माया ज्ञवालीसँग विवाह गरेको, छोरी उषा जन्मिएको, आदी पारिवारीक कुरा सँगै २०२१ सालमा पार्टी सदस्यता लिएको, बुटवलमा रेलीमाई सांस्कृतिकमण्डल देखि बनारसको नयाँ जनवादी सांस्कृतिक संघ सम्मको सास्कृतिक र साहित्यिक यात्रा, पुष्पलालसँग १३ बुँदे मतभेद र विद्रोह आदी धेरै कुरा सुनाउनु भएको थियो । मैले पनि मेरो जीवन काथा आश्रितलाई सुनाएको थिएँ ।

२०३७ मा आश्रित र म सिद्धिनाथको घरमा पुग्यौं । त्यहाँ छोरी उषालाई भेट्नुथियो । आश्रित आफ्नी छोरी उषालाई धेरै माया गर्नुहुन्थ्यो । भूमिगत अवस्थामा पनि आश्रितले श्रीमति माया र छोरी उषालाई वारम्बार मौका समय मिलाएर भेट्नु हुन्थ्यो । परिवार प्रतिको जिम्मेवारी बोध आश्रितमा ममा भन्दा धेरै थियो । मैले वहाँबाट नै सिकेको छु । माया पाल्पा ख्याहा फूलबारी जनता प्रा.वि. मा पढाउँदा पनि आश्रितसँगै म त्यहाँ पुगेको थिएँ । अहिले म र माया । ज्ञवाली पार्टी केन्द्रीय सल्लाहकार परिषदका सदस्य छौ । उषासँग भेट्दा अहिलेपनि म आश्रितलाई सम्झन्छु । आश्रितका छोरा सागर चीनमा एम. डी. पछि पि.एच.डी गरिरहेको सुनेको छु । चीन आउने जाने हाम्रो कमरेड हिमबहादुर क्षेत्रीबाट उनको खबर बारम्बार पाइरहेको छु ।

**८. आश्रित मेरो विवाहका प्रमुख अतिथि :**

नेकपा (माले) पश्चीम दक्षिण क्षेत्रीय कमिटी र नवलपरासी जिल्ला संगठन कमिटीको संयुक्त आयोजनामा नवलपरासी जिल्लाको दुम्कीबास नजिकैको डाँडाजोर गाउँमा २०३८ बैशाख ३१ गते शारदा कोइरालासँगको हाम्रो विवाह समारोहमा पार्टी केन्द्रीय कमिटीको प्रतिनिधि तथा प्रमुख अतिथि आश्रित हुनुहुन्थ्यो । सानो व्यानरमा लेखिएको थियो - विक्रम थापा र समा विचको शुभविवाह कार्यक्रम । राती ८ बजे रामबहादुर तिमिल्सिनाको घरमा नवलपरासीको पार्टी सचिव शेखरले विवाह कार्यक्रमको उद्घोषण गर्नुभयो र सिद्धीनाथ ज्ञवालीले वर वधुलाई माला दिनुभयो । आश्रितले प्रगतिशील विवाहको आवश्यकता र महत्वबारे छोटो बोल्नुभयो । पार्टीकातर्फबाट वर बधुलाई सपथ गरापछि एक आपसमा माला लगाएपछि उपस्थित सबैले तालि पिटेर विवाहको अनुमोदन गरे । शुभकामनाहरू दिनेकाम भयो । आश्रितले आन्त्यमा पार्टी केन्द्रीय कमिटी र आफू स्वयंम्को तर्फबाट सुखद दाम्पत्य जीवनका लागि शुभकामना दिनु भयो । ८. पार्टीसँग सैद्धान्तिक वैचारिक मतभेद र आश्रितसँग वहसः

२०३७ देखि ०३८ का बिच पार्टी भित्र मैले १४ मतभेदहरू राखे । मेरा कमिटी सचिव र पार्टीका पोलिट्व्यूरो सदस्य आश्रित र पार्टी महासचिव सिपी मैनाली समक्ष राखेको थिए । त्यसबेला पत्रहरू मार्फत पनि सैद्धान्तिक वैचारिक बहस भएको थियो । वहाँ त्यस बखतको पार्टीको राजनैति लाइनकै पक्षमा उभिनुभएको र मलाई बारम्बार अनुशासन पद्धतिमा रहन र हतार नगर्न जोड दिनुभएको थियो । मैले त्यसबखत सैद्धान्तिक वैचारिक पक्षमा जोडदिएं । आज फर्केर हेर्दा पार्टी अनुशासन संगठनात्मक पद्धतिमा रहनुपर्नेकुरा उहां के जायज देखिन्छ । त्यस्तै नेपालको कम्यूनिष्ट आन्दोलनमा र नेकपा (माले) लाई उग्रवामपन्थी दृष्टीकोण र विचारबाट मुक्तपारेर सही क्रान्तिकारी राजनैतिक लाइनमा ल्याउने मेरो सैद्धान्तिक वैचारिक संघर्षलाई ढिलै भएपनि कमरेड आश्रितले साथदिनुभयो । त्यसको पुष्टिका लागि म यति भन्छु- २०४४ मा झापामा भएको पार्टीको

केन्द्रीय विस्तारित वैठकले सोभियतसंघलाई सामाजिक साम्राजवाद नभनी समाजवाद भन्ने निर्णयगयो। त्यसपछि २०४६ भदौमा सम्पन्न पार्टीको चौथो महाधिवेशनले मार्गदर्शक सिद्धान्तबाट माओ विचारधारा हटाउने निर्णयगर्यो। यी दुई महत्त्वपूर्ण पार्टी निर्णय हुनुमा आश्रितको महत्वपूर्ण योगदान छ। माओविचार हटाउने प्रस्तावित दस्ताबेज मार्गदर्शक सिद्धान्त बारे पार्टी महाधिवेशनमा आश्रितले नै पेश गर्नुभएको थियो। २०३७ पछि मैले बारम्बार बहुदलवादी शक्तिहरूलाई एकतावद्ध गरेर निरङ्कुश तथा निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्यगर्न संयुक्त जनआन्दोलनमा जोडदिएँ। २०४६ को कार्तिकपछि पार्टीलाई संयुक्त जनआन्दोलनमा लग्नेनिर्णय बनाउन आश्रितले पनि महत्वपूर्ण योगदान गर्नुभयो। आज फर्केरहेर्दा पार्टी अनुशासन र संगठनात्मक पद्धति पालनगर्ने गराउने कुरामा उहाँकोकुरो सही थियो भने सैद्धान्तिक वैचारिक अडान मेरो ठीक थियो। यसरी हामीले एक आपसबाट सिकेका थियौ।

**१०. पुनः एउटै पार्टी कमिटीमा :**

नेकपा (माले) को चौथो महाधिवेशनमा म केन्द्रीय कमिटीमा छानिएँ। त्यसपछि आश्रितसँग एउटै कमिटीमा बस्ने अवसर मिल्यो। निरंकुश तथा निर्दलीय पंचायती व्यवस्थाको अन्त्य भएर बहुदलीय व्यवस्था आगमनसँगै महेन्द्रनगर, धनगढी, नेपालगंज, घोराही दाङमा नेकपा (माले) द्वारा आयोजित विशाल जनसभाहरूलाई संवोधनगर्ने पार्टी नेताहरूको केन्द्रीयटिमलाई आश्रितले नेतृत्व गर्नुभएको थियो। त्यस टिममा आश्रित, मोहनचन्द्र आधिकारी, मोदनाथ प्रश्रित, युवराज ज्ञवाली, म र लक्ष्मी कार्की थियौं। त्यसबेला म राप्ती अञ्चलको पार्टीप्रमुख थिए। दाङ घोराहीमा भएको जनसभामा मलाई पार्टीले १४ वर्षपछि भुमिगत जीवनबाट खुल्ला गरेको थियो। उक्त आमसभाको प्रमुख अतिथि आश्रित ने हुनुहुन्थ्यो।

नेकपा (माले) र नेकपा (मार्क्सवादी) बिच २०४७ पुष २२ मा एकता भएपछि नेकपा (एमाले) को पांचौ राष्ट्रिय महाधिवेशनबाट बनेको पार्टी

केन्द्रीय कमिटीमा फेरि आश्रित सँगसँगै रहने अवसर मिल्यो । महासचिव मदन भण्डारीको विशेष आग्रहमा म वागमतीबाट धौलागिरि जानेभए । विदाहुन वागबजार पार्टी केन्द्रीय कार्यालय पुगें । यस भेटमा मदनले महासचिव कक्षमा भित्रपस्नासाथ उठेर आउनुहोस गला लगाउँ भन्नुभयो । हामीले गला लगायौं अंगालो हाल्यौं । मैले मनमनै सोचें- मदनको धवलागिरि जाने प्रस्ताव मैले स्वीकार गरेको हुँदा वहां खुसी भएर यस्तो व्यवहार गर्नुभएको होला । त्यसपछि म आश्रित बसेको डेरा चागल, विष्णुमती किनारमा पुगें । वहांसँग विदाभएँ । यो घटना २०४८ को हो । त्यसपछि थममाया थापासँग म धवलागीरिको पर्वततिर लागे । २०५० जेष्ठ ३ गते कृष्णप्रसाद भट्टराईको डेरा कुश्मामा राती ११ बजे रेडियो नेपालको समाचारमा चितवन दासढुङ्गामा जीप दुर्घटनामा नेकपा (एमाले) का महासचिव र संगठन विभाग प्रमुख आश्रित नदीमा वेपत्ता समाचार सुन्ने वित्तिकै मैले पार्टी केन्द्रीय कार्यालयमा फोनगरें । प्रदीप नेपालले दुखद घटना पुष्टी गर्नुभयो । २०५० जेष्ठ ४ गते साँझ म केन्द्रीय कार्यालय पुगें ।

मदनभण्डारी र आश्रितको अन्त्येष्टि व्यवस्थापन गर्नको निम्ति नेकपा (एमाले) का अध्यक्ष मनमोहन अधिकारीको अध्यक्षतामा १२७ सदस्य अन्येष्टि व्यवस्थापन समिति गठनभएको थियो । त्यसमा म पनि सदस्य थिएँ । आश्रित र मदनको शवयात्रा दाहसंस्कारमा नेपाली जनताहरू र विदेशी मित्रहरूको उपस्थितिले उहाँहरूको सम्मान प्रकट भैरहेको थियो । लाखौं लाख जनताको फूल, अविर, नमस्कार र लालसलामको विदाईले नेपालको राजनैतिक इतिहासमा, नेपाल कम्युनिष्ट आन्दोलनमा अविस्मरणीय नाम बने आश्रित र मदन भण्डारी । अन्त्यमा पुनः एकपटक आश्रितलाई लाल सलाम । श्रद्धाञ्जली !! आश्रित अमर रहुन !!

# नेत्र लाल 'अभागी' को ४० औँ स्मृति दिवस सर्न्दभमा

**(जन्म वि.सं. २००१ – निधन २०४१ जेठ ६)**

नेपालको लोकतान्त्रिक एंव कम्पयुनिष्ट आन्दोलनमा दाङदेउखुरी जिल्लाबाट निरंकुश शाहवंशीय राजतन्त्र र निर्दलीय पंचायती व्यवस्था विरोधी आन्दोलनको कालखण्डमा सामन्तवाद र साम्राज्यवाद विरोधी नेकपाको दाङदेउखुरी जिल्लाका विद्रोही अग्रणी कम्यूनिष्ट युवा नेता नेत्रलाल आज पनि मेरो स्मृतिमाआइरहन्छन् ।

कमरेड नेत्रलालको नाम नंखुजेलमा कमरेड सी.पि.मैनालीले २०३३ कार्तिक तिर सुनाउनु भयो "दाङको सन्देश ग्रुपको नेता नेत्रलाल, वहाँहरू क्रान्तिकारी कम्यूनिष्ट माझ सिद्धान्त निष्ट एकता चाहन्छन् – हामीले वहाँहरूसँग एकतामा पहल गर्नुपर्छ ।" जेलमा नै हामीले "झापालीलाई दंगालीको पत्र" कविता– गीत जेलमानै प्राप्त गर्‍यौ हामी क्रान्तिकारी एकताका लागि उत्साहित भयौँ ।

नंखुजेलबाट २०३३ चैत्र १२ गते ४२ हातको सुरुङ्ग खनी कमरेड चन्द्रप्रकाश मैनालीको नेतृत्वमा म लगायत १५ जनाले जेल विद्रोह गरी जनता माझ आयौं । नेकपा पुष्पलाल समूहसँग विद्रोह गरी निर्माण भएको मूक्ती मोर्चा ग्रुपको कमरेड जीवराज आश्रित, मोदनाथ प्रश्रित, मदन भण्डारी, बामदेव गौतमसँग भेटगरी २०३४ सुरुदेखि व्यवस्थीत एकता वार्ता भयो ।

ठीक त्यसैबेला सन्देश ग्रुपका नेत्रलाल, सोभाराम बस्नेत, शीवराज गौतम, अशोक चौधरी, महेश चौधरी आदीसँग भेटघाट एकता वार्ताको क्रममा मेरो भेट २०३४ को अन्त्य तिर बुटवल खस्यौलीको एक सेल्टरमा क. नेत्रसँग छोटो भेट भएको त्यसपछि २०३९ साल सम्म मेरो वहाँसँग लगातार भेट वार्ताहरू भइनै रह्यो । सन्देश ग्रुपलाई एकतामा ल्याउन २०३५ सालबाट कमरेड जीवराज आश्रित, बामदेव गौतम र मोदनाथ पाश्रितले पहल गर्नु भयो । नेकपा (मा.ले) प्रथम राष्ट्रिय सम्मेलन-इटहरा मोरङमा भाग लिन आउने सूचना समेत मैले पाएको थिए कमरेड प्रदिप नेपालबाट तर वहाँ पुग्नु भएन किन पुग्नु भएन, यसको जवाफ आजसम्म मैले पनि पाएको छैन (?)

महेन्द्र राजमार्गको उत्तर तत्कालिन चलाह्नी पंचाय सुकेखोलाको किनाराको जंगल भित्र हृदय घात भएरदुखद निधन भएको वहाँको खप्पर फेला पारेर फाटेको दाँतबाट पत्ता लाग्यो भनी कमरेड बामदेव गौतमले बताउनु भयो । कमरेड बामदेवकै नेतृत्वमा एउटा पार्टीको जाँच कमीसन बनेको थियो ।

कमरेड नेत्रलाल त्यसबेलाको नेतृत्व मध्य अध्ययनशील सृजनशिल, कुशल संगठनकर्ता, इमान्दार र अनुशासित नेता हुनुहुन्थ्यो । वहाँमा साहित्य सृजनाको खुबी थियो । राम्रो कविता लेख्नु हुन्थ्यो । क. नेत्रले मलाई धेरै पटक भन्नु भएको थियो । "नेपालमा कम्युनिष्ट आन्दोलन अघी लग्न सिद्धान्त स्पष्ट हुनु पर्दछ । सिद्धान्त अनुरुप व्यवहार मिल्नु पर्दछ । मजदुर, किसान, उत्पीडित जातीहरू माझ संगठन एवं कम्यूनिष्ट आन्दोलनलाई अघि बढाउनु पर्दछ ।" "स्थानीय भूमीहीन किसान, मजदुर वर्ग र आम जनताको संघर्षको स्तर जाँच गरि संघर्ष/आन्दोलनको योजना बनाउनु पर्दछ भन्नु हुन्थ्यो ।" भूमीहिन गरिव किसानबाट पार्टी नेतृत्व विकास निर्माणमा जोड दिनु पर्छ भन्ने हाम्रो समान धारणाको अडान थियो ।

गाउँ गाउँको बर्ग विश्लेशण गरि शत्रु र मित्र बर्ग छुटाएर शोषण अन्याय अत्याचार दमन आदीको अध्ययन गरि स्थानीय कार्ययोजना– कार्यक्रमहरू बनाएर काम गर्ने चलन थियो ।

संयोग मिल्यो, २०४६ भाद्रमा भएको नेकपा (माले) को चौंथो महाधिवेशनबाट निर्माण भएको केन्द्रीय पार्टी कमिटीले मलाई राप्ती अञ्चल जिम्मेवारी तोक्यो । वैठक सिध्एिपछि कमरेड मदन र जीवराज आश्रितले मलाई दाङको सम्पर्क ठेगाना दिँदै भन्नु भयो "कमरेड तपाईले राप्तीको पार्टी काम अवस्य अगाडी बढाउनु हुनेछ । म विस्वस्त छु राप्तीमा विशेषत दाङदेउखुरीमा कमरेड नेत्रको अभावलाई पुरा गर्न नै तपाईँलाई पठाउने निर्णय गरेको हो ।" कमरेड आश्रितको अभिव्यक्तिले म भावुक भए । कमरेड नेत्रलाल आगामीलाई मनमनै श्रद्धा अर्पण गरे, मनमा दृढ अठोट लिएर नेत्रको अधुरो काम पूरा गर्ने संकल्प गरे । मैले गरेको कामहरू बारे जन आन्दोलनको सेरोफेरोमा राप्ती अञ्चलमा पार्टी कामको अनुभवहरू स्मरण लेख २०६१ भद्र १५ मा लेखेको थिए राप्ती सन्देशमा छापिएको पनि छ । आशा छ त्यो लेख खोजेर पढ्नु हुनेछ ।

अन्त्यमा ४० औं स्मृति दिवसको सन्र्दभमा दिवंगत कमरेड नेत्रलाल पौडेल 'अभागी' लाई श्रद्धा अर्पण गर्दछु । परिवारजनहरू प्रति संवेदना- दाङ देउखुरी–राप्ती–लुम्बीनी प्रदेश मात्र होइन नेपाल राष्ट्र र नेपाली जनताले क. नेत्रको त्याग–बलिदान, निस्वार्थ जनसेवा र देश, जनता र पार्टी प्रतिको इमान्दारीता र अनुशासनलाई सदा सदा स्मरण गरि रहनेछन् ।

शंखमुल, ललितपुर

२०८०/०१/०६

# मेरो सम्झनामा डा. रबीन्द्र कुमार शाक्य

## १. पारिवारिक सम्बन्ध

दिवंगत डा. रवीन्द्र कुमार शाक्यसँग मेरो परिवारिक सम्बन्ध मेरो दिवंगत फूपु सानुमाया शाक्य र दिवंगत फुपाजु चिढी रत्न शाक्यको जेष्ठ पुत्र दिवंगत मोति रत्न शाक्यको जेष्ठ पुत्रको रुपमा काठमाडौं प्यूखामा वि. सं २००३ साल साउनमा डा. रबीन्द्र कुमार शाक्यको जन्म भएको थियो । उमेरमा उहाँ म भन्दा ७/८ वर्ष जेठो हुनुहुन्थ्यो ।

उहाँ २०२७ सालदेखि श्री ५ को सरकारको प्रशासन सेवा तर्फ लाग्नु भएको थियो भने, म २०२७ सालबाट जनसेवाको लागि निरंकुश राजतन्त्र र निर्दलिय पञ्चायती व्यवस्था विरुद्ध राजनीतिक संगठनहरू निर्माण तर्फ लागे । २०३१ सालसम्म पारिवारिक भोजमा हाम्रो भेटघाट हुने गर्दथ्यो । मलाई २०३२ साल जेठमा पञ्चायत सरकारले राजबन्दी बनायो । धरानमा गिरफ्तार गरी काठमाडौंको डिल्लीबजार खोर, केन्द्रीय कारागार त्रिपुरेश्वर हुँदै नक्खु जेलमा राखेको थियो । २०३३ चैत १२ गते राजा र राजतन्त्र विरुद्ध जेल विद्रोह गरी सुरुङ खनी जेलबाट भागेपछि १४ वर्ष डा. रवीन्द्रसँग भेट भएन र हुन सकेन । २०४६ सालको संयुक्त जनआन्दोलन पछि २०४८ सालमा राष्ट्रिसभा सदस्य भएपछि डा. रवीन्द्रको घरमा गएर मैले बारम्बार भेट्ने गरेको थिएँ । यसै दौरानमा म उहाँको बौद्धिक व्यक्तित्वबाट परिचित भएको थिएँ ।

## २. बौद्धिक व्यक्तित्व :

बौद्धिक व्यक्तित्त्वको रुपमा डा. रबीन्द्र कुमार शाक्यको सोच र दृष्टिकोण प्रगतिशिल, राष्ट्रवादी थियो । अर्थशास्त्रमा विद्यावारिधि गरेका डा. रवीन्द्र देश र जनताप्रति समर्पित थिए । राष्ट्र निर्माण र देश विकासको नयाँ मोडेल दिन चाहन्थे । डा. रवीन्द्रले आफ्नो समयमा नेपालमा रहेको गरिवी र बेरोजगारीलाई मुख्य समस्याको रुपमा लिएर क्रमशः गरिवी र वेरोजगारी कम गर्ने विकासको खाका चित्र उहाँको दिमागमा थियो । म सांसद र मन्त्री हुँदा उहाँले धेरै पटक सल्लाह सुझाबको रुपमा भन्नु भएको कुरा आज पनि सम्झन्छु । 'नेपालमा प्रजातन्त्रलाई सुदृढ र दिगो बनाउन तपाईहरूले आफ्नो पार्टीको प्रमुख नीतिको रुपमा गरिवी र बेरोजगारी क्रमशः हटाउँदै जाने, देशमा कृषि, जलश्रोत, पर्यटन, लगायत अन्य सेवाको क्षेत्रलाई उत्पादनशिल बनाउने आर्थिक नीति अवलम्बन गरी नीति कार्यक्रममा समावेश गर्नु पर्दछ ।' उहाँको सल्लाह सुझावमा मेरो सहमती थियो र छ । नेपालको विकासको बाटो र मोडेल सम्बन्धमा डा. रवीन्द्रसँग मेरो धेरै छलफल, बहस, कुराकानी भएका थिए । बास्तवमा डा. रबीन्द्र नेपालको आर्थिक एवं योजनाविद एवं विशेषज्ञ मध्ये एक हुनुहुन्थ्यो । उहाँले भनेका, लेखेका सल्लाह सुझाबको सन्दर्भ कता कता आज पनि उत्तिकै सान्दर्भिक छन् । नेपालको सामाजिक आर्थिक उन्नतिको लागि नेपालको संविधानले देखाएको बाटो समाजवाद उन्मूख बाटोतिर अग्रशर हुनु नै क्रमश गरिवी र बेरोजगारीबाट हाम्रो देशलाई मुक्त गर्दै लैजानु हुनेछ । डा. रवीन्द्रले देखाएको बाटो पनि यही नै हो ।

## ३. इमान्दार राष्ट्र सेवक :

डा. रबीन्द्र शाक्यलाई इमान्दार, अनुशासित, लगनशिल राष्ट्र सेवकको रुपमा नेपाल र नेपालीहरूले सदा-सदा सम्झना गरिरहने छन् । नेपालको कर्मचारी प्रशासनमा श्री ५ को सरकार पछि नेपाल सरकारको दुबै समय अवस्थामा उहाँले शाखा अधिकृतदेखि मन्त्रालयको सचिवसम्मको पदमा रहेर नेपालको प्रशासनिक संयन्त्रलाई जनमुखी सेवामुखी बनाउन

आफूले सक्दो प्रयत्न गर्नु भएको थियो । तर यस दौरानमा नेपाल सरकारले उहाँको उचित मुल्यांकन गरेर उचित समयमा उचित जिम्मेवारीहरू दिन सकेन । उहाँलाई अर्थ मन्त्रालयको सचिव बनाउनु पर्नेमा वातावरण मन्त्रालय तिर पठाउनु योग्यता क्षमताको राम्रो कदर हुन नसक्नु नै हो भन्ने मलाई लाग्दछ । वास्तवमा उहाँ भागवण्डे राजनीतिको सिकार हुनुभएको थियो । दलिय व्यवस्थामा राजनीतिक दलहरूको भागवण्डे खेलले इमान्दार, सक्षम, अनुशासित राष्ट्र सेवकहरू दुःखी एवं पीडित हुनु पयो । डा. रवीन्द्रले पनि अन्यायपूर्ण व्यवहार भोगे । आज पनि नेपाल सरकारले सचेतनापूर्वक यस तर्फ ध्यान दिनु पर्दछ । म नेपाल सरकारको मन्त्री रहँदा डा. रवीन्द्रले मलाई सुझाब सल्लाह दिएर जुन सहयोग गरे त्यसको लागि यी पंक्तिहरू लेखिरहँदा सम्झना आईरहेको छ । डा. रवीन्द्रलाई धन्यवाद र साधुवाद ।

**४. सहकारी विकास बोर्ड पुल्चोकमा भेटघाट :**

वि. सं. २०५१/०५२ तिर क. मनमोहन अधिकारीको नेतृत्वमा नेपाल सरकार चलिरहेको सन्दर्भमा राष्ट्रिय सहकारी विकास बोर्डको सह–अध्यक्षमा नियुक्त भएको थिएँ । त्यस बखत डा. रबीन्द्र पनि नेपाल सरकारको सचिवको हैसितयमा यस बोर्डको पदेन सदस्य हुनुहुन्थ्यो । राष्ट्रिय सहकारी विकास बोर्डका बैठकहरूमा नेपालको मुख्य समस्याको रुपमा रहेको गरिवी र बेरोजगारी हल गर्न सहकारीहरूलाई प्रयोग गर्ने नीति निर्माण र कार्यान्वयनमा मेरो र उहाँको समान धारणा र सोचहरू थिए । नेपाल सरकारको सहकारी नीति निर्माणमा उहाँले देखाएको अग्रसरता र योगदानहरू स्मरणिय रहेका छन् । दुग्ध विकास संस्थानलाई सहकारीकरण गरी नयाँ मोडेल (भारतको अमुल मोडेल जस्तै) मा लैजान हामी सहमत थियौं ।

**५. दिवंगत मेरो ठुलो बुबा तिर्थबहादुर शाक्य स्मृतीः**

डा. रवीन्द्र आफ्नो मामा बाजे तिर्थबहादुर शाक्यलाई धेरै आदर र माया गर्नुहुन्थ्यो । मेरो ठुलो बुबा, म र डा. रबीन्द्र मिलेर घनिष्ठ भएर काम

गरेको देख्न चाहनु हुन्थ्यो । कहिले डा. रबीन्द्रको घर कोपुण्डोल र कहिले मेरो घर संखमुलमा आएर भन्ने गर्नुहुन्थ्यो 'तिमीहरू मिलेर देश बनाउनु पर्छ । देश विकास गर्नु पर्छ । यो देशका भ्रष्ट र भ्रष्टाचारीहरूलाई खतम गर्नु पर्छ । देश बनाउन कालिगड श्रमिकहरूको साथ लिएर नै तिमीहरू सफल हुन सक्छौं । आज डा. रवीन्द्रलाई सम्झना गरि रहँदा ठुलो बुबा दिवंगत तिर्थबहादुर शाक्यलाई पनि श्रद्धा सुमन अर्पण गर्दछु ।

**६. अन्तमाः**

दिवंगत डा. रबीन्द्रकुमार शाक्य प्रति श्रद्धाञ्जली र परिवारजन प्रति समवेदना :

मान्छे जन्मेपछि मृत्युवरण गर्नु नै पर्छ मृत्यु पछि पञ्चतत्त्वले निर्माण भएको हाम्रो शरीर फेरी पञ्चतत्त्वमा नै विलिन हुन्छ । तर मानिसले सिर्जना गरेका अंस, वंश, विचार, दृष्टिकोण, दर्शनहरूका वाणीहरू गीतको रुपमा यी पृथ्वी ब्रह्माण्डमा रहिरहन्छ । त्यसरी नै डा. रवीन्द्र शाक्यको स्मृति सदा-सदा रहने छ ।

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरसले डा. रवीन्द्रलाई हमला गऱ्यो । २०७७ मंसिर ११ गते विहान ४:०० बजे मेडिसिटी अस्पतालमा डा. रबीन्द्र शाक्यले प्राण त्याग गर्नुभयो । निर्वाण प्राप्त गर्नु भयो । दिवंगत मोति रत्न शाक्य र प्राण शोभा शाक्यका जेष्ठ पुत्र डा. रवीन्द्र आफ्नो श्रीमती कृष्ण देवी शाक्यका साथ छोरा ३ र छोरी एक दिनेश रत्न, उमेश रत्न र लोकेश रत्न र छोरी रिना देवी शाक्यलाई अंस वंशको रुपमा छोडेर जानु भएको छ । उहाँको परिवारजन सबैमा समवेदना । शोक र दुःखलाई शक्तिमा बदलेर प्रगति पथमा अगाडि बढ्न आर्शिवाद दिन्छु । अन्तमा डा. रवीन्द्र कुमार शाक्य र शाक्य वंशका एक ज्योती नेपाल सरकारका सचिव एवं योजना आयोगका उपाध्यक्ष एक सच्चा देशभक्त राष्ट्र सेवकलाई अन्तिम बिदाई, मेरो श्रद्धाञ्जली ।

५ कार्तिक २०७८

# क. सूर्य कन्दङ्वालाई श्रद्धाञ्जलि

मान्छे जन्मिएपछि मर्छ यो सत्य र स्वाभाविक कुरा हो । कमरेड सूर्य कन्दङ्वा पनि जन्मिनुभयो र मृत्युवरण गर्नुभयो । मान्छे जन्मिएर मरे पनि उसका असल र खराब काम र कुराहरूले मानव समाजमा उसलाई बारम्बार सम्झिरहन्छन् कसैलाई थोरैले सम्झिन्छन् । कसैलाई धेरैले सम्झिन्छन्, सम्झिरहन्छन् । कमरेड सूर्य कन्दङ्वालाई नेपालका धेरै जनताले असल कामका कारण संझिरहन्छन् । नेपालका सामन्तवाद र साम्राज्यवाद विरोधी जनवादी क्रान्तिका पक्षधरहरूले सूर्य कन्दङ्वालाई आफ्नो मार्गदर्शक अगुवाका रूपमा युगयुगसम्म संझिरहने छन् । नेपालको कम्युनिस्ट आन्दोलन र कम्युनिस्ट पार्टीले कमरेड सूर्य कन्दङ्वालाई एक असल कम्युनिस्ट योद्धाका रूपमा संझिरहने छन् र प्रेरणा लिइरहनेछन् ।

कमरेड सूर्य कन्दङ्वा पूर्वी नेपालको नअस्ताउने सूर्य हुन् । उहाँको जीवन गाथाको अध्ययन गर्दै भावी पिढीँले उहाँका असल कामबाट प्रेरणा लिइरहनेछन् । उहाँ १९८८ वैशाख २० गते चुहानडाँडा बेतेनी गाउँमा जन्मिनुभयो र आफ्नै गाउँको चुहानडाँडा पाठशालाबाट विद्यार्थी जीवन सुरु गरी शारदा माविबाट एस.एल.सी. पास गरी त्यसै विद्यालयमा शिक्षण पेसा सुरु गर्दै जनसेवाका कामहरू थालनी गर्नुभयो । शोषित, उत्पीडित गरीब जनताका छोराछोरी पढाउने मात्र होइन, उनीहरूलाई शोषण उत्पीडन,

अन्याय, अत्याचार र गरिबीबाट मात्र मुक्त गर्न घर घरमा शिक्षा दिन पनि जान थाल्नुभयो । २०१६ सालमा कमरेड सूर्यको पहलमा चुहानडाँडामा (अनेकिसंघ ) अखिल नेपाल किसान संघ स्थापना गरियो आफ्नो गुरु चन्द्रमान कन्दङ्वाबाट मार्क्सवादी-लेनिनवादी कम्युनिस्ट पार्टीसम्बन्धी शिक्षा ग्रहण गर्दै २०१९ सालमा कमरेड सूर्य नेपाल कम्युनिस्ट पार्टीको पार्टी सेलमा सँगठित हुनुभयो । कम्युनिस्ट पार्टीको झन्डा आठराई चुहानडाँडामा फहराउन थाल्नुभयो । कमरेड सूर्य सृजनशील व्यक्तित्व हुनुहुन्थ्यो, उहाँले समाजमा रहेका शोषण, उत्पीडन, कुरीति, अन्धविश्वासविरुद्ध प्रगतिशील साहित्यको प्रचारमा अगुवाको भूमिका खेल्दै युवा अवस्थामा शारदा माविबाट हस्तलिखित पत्रिका निकाल्नुभयो । पछि 'प्रयास' नामक पत्रिका प्रकाशन गर्न थाल्नुभो । त्यसको पहिलो अंकमा कावेरीमा आश्रित उहाँको पहिलो कथा पनि छापिएको छ । साहित्य लेखनसँगै उहाँको रुचि चित्रकला र खास गरेर चोयाबाट विभिन्न उपयोगी सामग्री बनाउन निपुण हुनुहुन्थ्यो । आफूले जाने, बुझेको कुरा अरूलाई सिकाउने उहाँको बानी थियो । उहाँको फोटोग्राफीमा पनि रुचि थियो । फोटो खिच्ने र आफै धुने गर्नुहुन्थ्यो । उहाँ खेलकुदमा पनि रुचि राख्नुहुन्थ्यो । फुटवल र भलिबलमा उहाँको विशेष रुचि थियो । यी रुचिहरू बाहेक ठूलो र महत्त्वपूर्ण अर्कै रुचि थियो त्यो हो नेपालमा जनवादी क्रान्ति सम्पन्न गरी नेपाली धर्तीबाट मान्छेले मान्छेलाई गर्ने शोषण, उत्पीडन, अन्यायको अन्त्य गरी समाजवाद, साम्यवाद स्थापना गर्ने, उहाँ आफ्नो यस उद्देश्यमा स्पष्ट र दृढ हुनुहुन्थ्यो ।

क. सूर्यले २०२५ सालमा चुहानडाँडा वीरेन्द्र इन्टर कलेजबाट आई. ए. पास गर्नुभयो । २०२५ सालको वीरेन्द्र इन्टर कजेलको आन्दोलन, २०२६ को आठराई किसान आन्दोलन, २०२७ को विद्यार्थी आन्दोलनमा उहाँको सक्रिय एवं नेतृत्वदायी भूमिका रहेको थियो । २०२९ सालमा झापा किसान विद्रोह- आन्दोलनबाट प्रभावित हुँदै भूमिगत जीवन सुरु गर्नुभयो ।

प्रतिक्रियावादी दमनका विरुद्ध संघर्ष गर्दै २०३० साल मंसिरमा सुनसरीको चत्रघट्टीमा गिरफ्तार हुनुभयो । त्यसपछि राजविराज सिराहा विराटनगर कारागार सार्दै उहाँलाई नख्खु जेल ललितपुर पुयाइयो । २०३२ सालमा नख्खु जेलबाट नै उहाँले बी.ए. पास गर्नुभयो ।

२०३३ साल असोज महिना होला मिति थाहा भएन, मेरो प्रत्यक्ष पहिलो भेट क. सूर्य कन्दङ्वासित नख्खु जेलमा भयो । अग्लो कद, चौडा निधार, मिलेको अलिक बाहिर निस्केको दाँत, लामो अनुहार भएको मान्छे सादा कमिज सुरुवाल फेसन आजपनि मेरो मानसपटलमा ताजै छ । "उहाँ कमरेड सूर्य कन्दङ्वा हुनुहुन्छ । "कमरेड चन्द्रप्रकाश मैनालीले परिचय गराउँदै भनेको क्षण म सम्झिरहेको छु । यी पंक्ति लेख्दा पनि संझिरहेको छु । नख्खु जेलमा मसँग मिल्ने कमरेडमध्ये उहाँपनि हुनुहुन्थ्यो । उहाँ मिलनशील स्वभावको मान्छे हुनुहुन्थ्यो । व्यक्तिगत स्वार्थभन्दा माथि देश जनता र पार्टीको स्वार्थ राख्ने, आफ्नो भन्दा अरूको हितमा ध्यान दिने, अलिक गम्भीर स्वभावको मान्छे हुनुहुन्थ्यो क. सूर्य । उहाँ अल्छी बानीको विरोध गर्नुहुन्थ्यो र निरन्तर केही न केही गरिरहनु हुन्थ्यो । उहाँको जेलभित्र तरकारीवारी लगाउने, फूलवारी लगाउने, मेसको काम (सामूहिक भान्सालाई मेस भन्थ्यौं), लेख्ने, पढ्ने काम आदिमा सक्रिय सहभागिता रहन्थ्यो । उहाँ पुरानो लुगा टालटुल पार्नपनि सिपालु हुनुहुन्थ्यो । जेलमा धेरै कमरेड साथीहरूको लुगा उहाँले टालटुल पार्नुभएको मलाई सम्झना छ । पार्टी गोपनीयता भङ्ग नगर्ने एक अनुशासित कम्युनिस्ट योद्धालाई नख्खु जेलमा नै छाडेर हामी ४२ हातको लामो सुरुङबाट निस्कियौं तर उहाँलाई सुरुङ खन्ने योजनादेखि जाने दिनसम्मको सब योजना थाहा थियो । सुरुङ खन्ने र माटो लुकाउने काममा पनि उहाँ सहभागी हुनुहुन्थ्यो । उहाँ कानुनी आधारबाट नै छुट्ने स्थिति बनिसकेको हुँदा नख्खुजेलबाट हात्तीसार निस्कन सक्नुभएन । २०३३ चैत्र १३ राती निस्कने बेलामा म उहाँ

बसेको कोठा गएर लालसलाम साथ विदाइ भएको आज पनि झलझली संझिरहेको छु ।

हाम्रो जेल विद्रोहपछि म पश्चिम नेपालको पार्टी काममा खटिएँ । भेला सम्मेलन वा विशेष बैठकहरूमा पूर्वतिरबाट आउने क. रत्नकुमार वान्तवा र हरि नेपालमार्फत क. सूर्यबारे सोध्ने, बुझ्ने काम गर्थे । मेरो मनमा उहाँप्रति नख्खु जेलदेखि नै आदरणीय भावना रह्यो । त्यो भूमिगत काल अवधिभर नै रह्यो । २०३७ सालको अन्त्यतिर क. प्रदीपद्वारा क. सूर्य नेकपा (माले) इलाका पार्टी सक्रियदलमा सँगठित भएर काम गरिरहेको जानकारी पाएको थिएँ । क. प्रदीपका मनमा पनि त्यसबेला उहाँलाई अलिक जिम्मेदारी बढाउनुपर्छ भन्ने रहेको थियो । उक्त आशयको भावना मसँग राख्नुभएको थियो । मेरो मनमा क. सूर्य कन्दङ्वालाई पार्टी केन्द्रमा पूर्वबाट ल्याउनुपर्छ भन्ने थियो तर त्यसो हुन सकेन । त्यसको अलग मूल्याङ्कन गरिनुपर्छ । २०४७ सालमा उहाँ नेकपा (माले) तेह्रथुम जिल्ला पार्टी सक्रिय दलमा सँगठित भएको जानकारी पाएको थिएँ ।

२०४६ सालको जनआन्दोलनपछि २०४७ को संविधान अन्तरगत भएको संसदीय चुनावमा तेह्रथुम क्षेत्र नं. २ बाट प्रतिनिधिसभामा क. सूर्य कन्दङ्वा निर्वाचित हुनुभयो । निर्वाचित भएको खबरले पार्टीले जितेकोमा त्यसै खुशी थिएँ तर मनले माया गरेका एक साथी जितेकोमा पनि म खुशी थिएँ । २०४८ मा मलाई पनि पार्टीले राष्ट्रियसभामा लग्यो । क. सूर्यसँग संसदीय दलका बैठकहरूमा, घर कोठामा बारम्बार भेटघाट भइरहन्थ्यो । पार्टीभित्र व्यक्तिवादी औसरवाद हावी हुँदै दक्षिणतिर कोल्टे फेर्दै गएकामा हामी दुवै चिन्तित थियौं । समान दृष्टिकोण थियो । पार्टीभित्र आएको विकृति, विसँगति विरुद्ध दो लडाई लड्नुपर्ने कुरामा पनि हामीबीच समान धारणा र दृष्टिकोण थियो । एक दिन दिउँसै रक्सी खाएर ह्वास वास गराउने गरी

उहाँ संसदमा आउनुभयो। दलको कार्यालयमा मैले उहाँलाई आलोचना गर्दै भनेको कुरा संभिmरहेको छु “खान त हामी पनि खान्छौं दिउँसै यसरी खानु भएन कमरेड“ क. सूर्यले मेरो आलोचनाका जवाफमा यत्ति नै भन्नुभयो “के गरुँ कमरेड बानी बिग्रियो “ त्यसपछि उहाँसँग मेरो लामै समयसम्म भेट भएन । नेकपा (एमाले) को छैटौं महाधिवेशनपछि पार्टीको दुःखद् विभाजन भयो। क. सूर्य नेकपा (माले) का पक्षमा रहनुभयो। नेकपा (माले) राष्ट्रिय परिषद् सदस्य हुनुभयो। २०५६ सालको राष्ट्रिय सभाको चुनावमा पूर्वाञ्चलबाट नेकपा (माले) ले उहाँलाई टिकट दियो ठीकै मूल्यांकन गरेर टिकट दिएको थियो तर पार्टीले विजय श्री पाएन। यसका अलग कारणहरू छन् । उहाँको मृत्युको बेला काठमाडौंमा भएर पनि खबर नपाएर मैले श्रद्धाञ्जलि दिन पाइनँ।

हामी क्रान्तिकारी कम्युनिस्टहरूका निम्ति कमरेड सूर्य कन्दङ्वाको असल चरित्रबाट सिक्ने र प्रेरणा लिने धेरै कुरा छन् उहाँको साधा जीवन उहाँको पहिचान नै हो । देश, जनता र पार्टीप्रति समर्पणबाट हामीले प्रेरणा प्राप्त गर्न सक्छौं। एउटा कम्युनिस्ट सँगठकले उहाँबाट अनुशासन गोपनीयता कायम राख्ने मात्र होइन, जनतामाझ निस्वार्थ जनसेवा कसरी गर्ने, जनतासँग व्यवहारमा कसरी घुलमुल हुने, मिलनशील, सृजनशील उहाँका गुणहरूबाट सिकिरहन सक्छौं, सिकिरहन सकिन्छ । यिनै शब्दका साथ मेरो प्यारो कमरेड सूर्य कन्दङ्वालाई अन्तिम लालसलाम साथ श्रद्धाञ्जलि अर्पण गर्दछु।

२०५९ बैशाख २० गते

शंखमूल, ललितपुर

# मेरो स्मृतिमा–सृजनशील बौद्धिक व्यक्तित्व विनय कुमार कसजु

नेपालको लोकतान्त्रिक एंव कम्युनिष्ट आन्दोलनमा हामी हजारौँ लाखौँ आन्दोलनकारीहरूको विभिन्न कालखण्डमा आ–आफ्नै योगदानहरू विभिन्न क्षेत्रबाट रहेकोछ । अहिले पनि यी आन्दोलनहरू जारी छ । दिवंगत विनय कसजु ( वि.सं. २००४–२०७६) ले आफ्नो ७२ बर्षको जीवन कालमा निरंकुश शाहवंशीय राजतन्त्र, पञ्चायती व्यवस्था विरुद्धको जनआन्दोलन–जनसंर्घषहरूमा विविध क्षेत्रबाट योगदान गर्नुभएकोछ । समग्रतामा मूल्याङ्कन गर्दा विनय कसजु पत्रकारिता र आमसञ्चारको क्षेत्र, साहित्यः कथा, लघुकथाहरू, बालसाहित्यमा वहाँका सृजनाहरू विशेष रहेका छन् । विनय कसजु सृजनशील, बौद्धिक व्यक्तित्व हुनुहुन्थ्यो । सुचना, सञ्चार र प्रविधिको क्षेत्रमा वहाँको ज्ञान, सीप र श्रमलाई नेपाल सरकारले सम्मान गरेकोछ । नेपाली साहित्य र पत्रकारिता समाजमा वहाँलाई जनसम्मान प्राप्त भएको थियो र छ । फेरी पनी रहिरहनेछ । वहाँ साधा र सरल जीवनशैली रुचाउने बिवेकशील–प्रगतीशील र सृजनशील व्यक्तित्व हुनुहुन्थ्यो । नेपाली जनता र नेपाल राष्ट्रले दिवंगत विनय कसजुलाई एक सच्चा देशभक्त र बौद्धिक व्यक्तित्वको रुपमा सम्झना गरिरहनेछ ।

विनय कसजुसँग मेरो पहिलो भेट सीतलपाटी– ठाडो गल्ली तानसेन, पाल्पामा वहाँको घरमा २०३७ सालको फागुण–चैत्र तिर भएको

थियो । कमरेड जीवराज आश्रित र सिद्धीनाथ ज्ञवालीले परिचय गराउँदै भन्नुभयो "कसजु हाम्रो पार्टीको क्रान्तिकारी बुद्धिजीवी संघमा संगठित हुनुहुन्छ" । त्यसबखत पार्टीको संघठनात्मक नीति अनुसार ३ जना, जना, बढीमा ७ जनासम्मको क्रान्तिकारी बुद्धिजीवी संघ बनाउने चलन थियो । कसजुसँगै अरु ४ जना हुनुहुन्थ्यो । कमल मलेगु, शैलेन्द्र अरु दुई कर्मचारी साथीहरू हुनुहुन्थ्यो । अहिले सबैजनाको नाम पनि मेरो स्मृतिमा छैन, क्षमा गर्नुहोस् । २०३७ देखि २०३९ सालसम्म करीब दुई बर्षमा नियमित भेट भईनै रह्यो । पार्टीको नीतिअनुसार तानसेन बजार र पाल्पा जिल्लामा शिक्षक- बुद्धीजीवी, व्यापारीहरू र कर्मचारहिरूलाई पार्टी निकट ल्याउने, सँगठीत गर्ने निरंकुश तथा निर्दलीय पञ्चायती व्यवस्था विरुद्ध राजनितीक, सांगठानिक कार्यसँगै पार्टीलाई आर्थिक सहयोग पुऱ्याउनु भएको थियो ।

त्यसवेला हाम्रो पार्टी नेकपा (माले)-पार्टी सक्रिय दलमा २०३८ सालमा मैले संगठित गरेर उम्मेदवार पार्टी सदस्य समेत दिएको अधुरो सम्झना छ । त्यस बखत म पश्चिम दक्षिण क्षेत्रीय कमिटी (लुम्बिनी अञ्चल) नेकपा (माले) को पार्टी सचिवको जिम्वेवारीमा थिए । म पछि मैले कमरेड विष्णु पौडेललाई वहाँको घरमा लगेर परिचय गराए । विनय कसजु पत्रकार, साहित्यीक ब्यक्तित्व पनि भएको हुँदा खुल्ला वा भुमिगत रुपमा अन्य पार्टीका नेता, कार्यकर्ताहरूसँग पनि भेटघाट गर्ने सेल्टर दिने गर्नुहुन्थ्यो । विशेष कमरेड सहाना प्रधान, बलराम उपाध्याय, मनमोहन अधिकारीहरू पनि वहाँको घरमा जाने बस्ने गरेको मलाई जानकारी थियो । कमरेड विनय कसजुले मलाई वारम्वार निर्दलीय पञ्चायती ब्यवस्था विरुद्ध काँग्रेस, कम्युनिष्ट, बामपन्थी शक्तिहरू मिलेर संयुक्त जनआन्दोलन गर्नुपर्ने सुझाव सल्लाह दिने गर्नुहुनथ्यो । त्यस बखत वहाँले समय परिस्थिति बुझेर पार्टीलाई दिएका सुझाव, सल्लाहाहरू ठिक रहेका थिए ।

२०३७-२०३९ दुई बर्षको मेरो भेटघाट कुराकानीको दौरानमा धेरै विषयमा वहाँसँग छलफल बहस पनि भएका थिए वहाँले केही बालकथा, कविताहरू सुनाउनु भएको थियो। पत्रकारितामा आफ्नो अनुभव बताउनु भएको थियो। वास्तवमा म वहाँबाट प्रभावित भएको थिए। वहाँबाट हामीले विवेकशिलता, धैर्यशिलता, सरल-सादगी पना पनि सिक्न सक्छौँ।

नेपालको देशभक्तिपूर्ण आन्दोलन, लोकतान्त्रिक आन्दोलन एवं कम्युनिष्ट आन्दोलन तथा प्रगतिशील साहित्य एवं पत्रकारीताको आन्दोलनहरूले दिवंगत विनय कसजुको सृजनसील भूमिकालाई सदा सदा सम्झना गरी रहनेछन्। अन्त्यमा, वहाँको जीवन सँगीनी गंगा कसजुसँगको एक आपसी सहयोग, प्रेम, श्रीमान-श्रीमतिका रुपमा एक आपसी विश्वास प्रेरणादायी र सिक्न लायक छन्। यिनै शब्दहरूका साथ दिंवगत विनय कसजुलाई श्रद्धा अर्पण गर्दछु।

२०८० बैशाख १४ शंखमुल, ललितपूर

# खण्ड - ४
## दस्तावेज तथा प्रशिक्षण सामग्री

# नेपाली जनआन्दोलनमा संयुक्त मोर्चाको सवाल

श्रीमान् सभा अध्यक्ष महोदय उपस्थित आदरणीय मित्रहरू,

म सर्वप्रथम, हामीलाई निम्तो दिई यस विचार गोष्ठीमा बोल्ने सुअवसर प्रदान गर्नु हुने आयोजक अखिल भारत नेपाली स्वतन्त्र विद्यार्थी यूनियनको प्रगतीको कामना गर्दै धन्यवाद दिन चाहन्छु ।

अब म विचार गोष्ठी विषय, 'नेपाली जनआन्दोलनमा संयुक्त मोर्चाको सवाल' मा नेपाली बामपन्थी एकाता आन्दोलनका सहभागीहरूको प्रथम राष्ट्रिय भेला आयोजक समितिको तर्फबाट नेपाली जनआन्दोलनमा संयुक्त मोर्चाको सवाल : एक संक्षिप्त सिंहावलोकन पेश गर्न गई रहेको छु .

मित्रहरू,

नेपाली जन आन्दोलनमा संयुक्त मोर्चाको सवाल निकै पुरानो प्रश्न हो । ३५ वर्ष अगाडि नेपाली सर्वहारा वर्गको राजनीतिक प्रतिनिधि पार्टी नेपाल कम्युनिष्ट पार्टीको जन्म भएदेखि यस बारेमा सचेतनताका साथ बाद-विवाद चल्दै आईरहेको छ । आज ने. क. पा. विभिन्न ग्रुपहरूमा विभाजित रहेको दु:ख पूर्ण अवस्थामा हाम्रो नेपाली जनआन्दोलनमा संयुक्त मोर्चा निर्माणको विषयलाई लिएर निकै विवाद देखिएको छ । विवादबाट पन्छिएर होइन विवादमा सरिक भएर मित्रतापूर्ण छलफलद्वारा हामी बामपन्थीहरू बीच संयुक्त मोर्चा सम्बन्धी सही नीति तय गर्न राम्रो समझदारी बनाउन सक्छौं । यस्तै राम्रो समझदारी बनाईन् यस विचार गोष्ठीले सकारात्मक भूमिका खेल्ने आशा हामीले मनमा सजाएका छौं ।

मित्रहरू,

नेपाली जनवादी क्रान्तिको चरित्र अर्थात त्यसको प्रकृति अनुरूप नै संयुक्त मोर्चाको सिद्धान्त र नीतिहरू निर्धारण गरिनुपर्छ । नेपाल एक अर्ध-सामन्ती र अर्ध-औपनिवेशिक (नव-उपनिवेशिक) राज्य चरित्र भएको देश हुँदा यहाँको जनवादी क्रान्तिको चरित्र पनि सामन्तवाद र साम्राज्यवाद विरोधी नै रहिआएको छ । त्यसकारण हाम्रो विचारमा नेपाली जन आन्दोलनको मूल दिशा पनि सामन्तवाद र साम्राज्यवाद विरोधी हुनु पर्दछ । हाम्रो संयुक्त मोर्चाको सैद्धान्तिक आधार पनि सामन्तवाद र साम्राज्यवाद विरोधी नै रहनुपर्दछ, रहि आएको छ ।

नेपाली जनताले सामन्ती पृथकतावादीहरू र उपनिवेशवादको खतराको विरूद्ध राष्ट्रिय एकीकरण निम्ति गरेको संघर्ष-एक संयुक्त संघर्ष थियो । भारतमा ब्रिटिश उपनिवेशवादको विरुद्ध आजादीको संघर्षमा कैयौँ नेपालीहरूले ज्यानको बाजी लगाएर लडेको इतिहासले हामी नेपालीहरूमा रहेको साम्राज्यवाद विरोधी संयुक्त संघर्षको चेतनालाई उजागर गर्दछ । नेपाली जनताले सामन्ती शोषण उत्पीडन र दमनको विरूद्ध गरेको गौरवपूर्ण संघर्ष र आन्दोलनहरूको लामो इतिहास छ । निरंकुश जहानीया राणा शासनको विरुद्ध जनताको मौलिक अधिकार र प्रजातन्त्रको प्राप्तिको निम्ति भएका संयुक्त जनआन्दोलनको अनुभवले आज पनि हामीलाई धेरै प्रेरणा दिएको छ । राणा शासनको अन्त्य संयुक्त जन आन्दोलनकै फल थियो तर अन्त्यमा 'राजा, राणा र कांग्रेस' से घृणित दिल्ली सम्झौता गरी त्यो मीठो फलमा विष हालिदिए । नेपाली संघर्षशील जनताले एकपल्ट धोका खाए । वि.सं. २००७ को क्रान्तिले केही राजनीतिक परिवर्तन जरूर ल्यायो तर सामन्तवाद र साम्राज्यवादलाई जरैदेखि उखेलेर मिल्काउन सकेन । नेपाल कम्युनिस्ट पार्टीले समयमा नै नेपाली जनताको महान् आन्दोलनलाई सही दिशातिर लग्न संयुक्त मोर्चाको आवश्यकता औल्याएको थियो ।

ने. क. पा. को घोषणापत्रमा भनिएको छ– यसकारण नेपाली जनताले अर्कै बाटो लिनुपर्दछ । यो बाटो हो वर्तमान सामन्तवादी– प्रथा र नेपालमा फैलिएको साम्राज्यवादी तथा पूँजीवादी शोषणको जुवालाई सफाचट गर्ने बाटो । हामीले विश्वजनवादी खेमासङ्ग काँधमा काँध मिलाएर अगाडि बढ्नु पर्छ । अनि मात्र हामी मजदूर वर्गको नेतृत्वमा पसीना चुहाउने जनताको जनवादी राष्ट्र बडा गर्न सक्ने छौं । यस्तो राज्यको शासन व्यवस्थामा देशको धनजनको मालिक जनता हुनेछ । जनता हितको निम्नि सरकारले यस्तो धनजनहरूको उपयोग गर्नेछ । अतः नेपाली जनताले आखिरी साससम्म जनताको जनतन्त्र र समाजवादको निम्ति लड्नु पर्छ । समाजवादको विजय भूमि–सोभियत संघको अनुभव पूर्वी यूरोपिय जनवादी राज्यहरूको अनुभव, नयाँ चीन र उत्तर कोरिया, र उपनिवेशहरूका जनताको दिन–प्रतिदिन विकसित भइरहेको मुक्ति आन्दोनहरूका अनुभवहरूले विश्वका कुनै पनि कुनामा बसेका शोषित जनतालाई प्रेरणा र उत्साह प्रदान गरेको छ । त्यसरी नै नेपाली जनतालाई पनि आफ्नो महान् अन्दोलनका निम्ति उत्साहित पारेको छ । यसरी नै ने० क० पा० को घोषणा–पत्र भाग–४ मा संयुक्त मोर्चा निर्माणको सवाललाई लिएर भनिएको छः "धेरै दिनदेखि हाम्रो हृदयमा उठाएका इच्छाहरूलाई वास्तविकतामा सच्यााउन सबैको साझा बैरी सामन्तवादी निरंकुश सत्ताको विरुद्ध जनताको एकता कायम गर्नको निम्ति हामी नेपालका मजदूर किसान, सिपाही पसिना चुहाउने मध्यम वर्ग र समस्त प्रजातान्त्रिक पक्षधरहरू सँग अपिल गर्दछौ । नेपालका समस्त प्रजातान्त्रिक शक्तिहरू तपसीलका प्रजातान्त्रिक कार्यक्रमको आधारमा ठोस एकता कायम हुन सक्दछ ।

(१) सामन्तवादी निरंकुश राजसत्ता र विदेशी दमनलाई पूर्ण उन्मूलन गर्न र पूर्ण वास्तविक स्वतन्त्र प्राप्त गर्न,

(२) मजदूर, मेहनतकस किसान, शोषित उत्पीडित निम्न मध्यम वर्गलाई प्रतिनिधित्व गर्ने एउटा प्रजातान्त्रिक सरकारको जग बसाउने । अंग्रेज

अमेरिकन साम्राज्यवाद-हरू र तिनका भारतीय कठपुतलीसँगको संगत तोडी स्वतन्त्रता र शान्तिको निम्ति संघर्ष गरिरहेका राष्ट्रहरूसँग नाता जोड्ने ।

(३) सर्वसाधारण जनतालाई पूर्ण स्वतन्त्रता प्रजातन्त्र र मानव अधिकारहरू इत्यादिको ग्यारेण्टी दिने विधान बनाउने यो विधान बालिग मताधिकारमा आधारित हुनेछ,

विशेष अधिकार, जाति-पाति र साम्प्रदायिक भेदभाव-हस्वाई ऐन कानूनद्वारा खतम मरिदिने, ऐन कानूनहरूको विरुद्ध जानेलाई ऐन कानूनद्वारा सजाए दिने ।

(४) जमिन्दारी तथा सम्पूर्ण किसिमको सामन्ती शोषणको अन्त्य गर्नको साथै विना मुआब्जा जमीन जोत्नेलाई वितरण गरिनेछ शासकहरूले लगाएको ऋण चुक्ता गरिदिने तथा बढी व्याज उन्मूलन गरिनेछ । खेत मजदूरहरूलाई उचित ज्याला दिनेछ ।

५) राज्यले विदेशीहरूको बैंक, उद्योग, तथा यातायात, खेती, खानीहरू आदिमा लगानी गरेको ब्याज जफत गर्ने र राष्ट्रियकरण गरिनेछ ।

(६) ठूलठूला उद्योगहरू, ठूला व्याङ्कहरू र विमा कम्पनीहरूलाई राष्ट्रियकरण गर्ने । संस्थानहरूमा मजदूरद्वारा नियन्त्रणा गरिने कुराको ग्यारेण्टी दिने । मजदूरहरू-साई उचीत ज्यालादिने । दिनको ८ घण्टाको काम लागु गर्ने ।

(७) ठूलठूला पूँजीपतिहरूलाई उद्योगधन्दाहरूको खास खास ठाउँबाट हटाउन ८ देशका आर्थिक स्रोतहरूलाई विकसित तथा समृद्ध तुल्याउनको निम्ति एउटा आर्थिक योजना बनाउने । नीजि क्षेत्रका उद्योगहरूको नाफा नियन्त्रण गरिनेछ ।

(८) दमनकारी सम्पूर्ण ऐन, कानून, व्यवस्थापिका विघटन गर्ने ।

(९) नौकरशाही शासन प्रथा खत्तम गर्ने र त्यसको सट्टा जन समितिहरूको देखरेखमा रोजिएका प्रतिनिधिहरूलाई हाकिम नियुक्त गर्ने ।

(१० जनतालाई शस्त्र-अस्त्रले सुसज्जित गर्ने तथा जनसेनाको निर्माण गर्ने ।

(११) निशुल्क शिक्षा अधिकार दिने तथा प्राथमिक शिक्षा अनिवार्य गर्ने ।

(१२) महिलाहरूलाई समान जनवादी अधिकार र हक दिने ।

यस कार्यकम बमोजिम काम गर्दा प्रजातान्त्रिक मोर्चा र नेपाल कम्युनिष्ट पार्टी दुवै मिली नेपालका विश्वासघाती संस्था र नेताहरूसंग कम्मर कसी टक्कर लिनुपर्दछ । उनीहरूले देश र जनताप्रति गरेको विश्वासघातको पोल निर्दयतापूर्वक खोल्नुपर्छ । जति मात्रामा हामी यी बेइमानहरूसँग टक्कर लिनेछौ जति मात्रामा यिनीहरूलाई जनताबाट अलग्याउन सक्छौं उत्तिनै मात्रामा जनताको संघर्षमा वास्तविक क्रान्तिकारी उभार आउनेछ ।

हाम्रो ऐतिहासिक दस्तावेजबाट यी पङ्क्तिहरूलाई यहाँ उद्धरित गर्नुको अर्थ हो- हामीले विगतका अनुभवहरूबाट सिक्नु छ । आज पनि हामी माथि उल्लेखित भनाइहरूबाट धेरै सिक्न सक्छौं । हिजोको हाम्रो ठूलो कमजोरी के हो भने हामीले जे भन्यो त्यो गर्न सकेनौं । त्यसकारण आज जे भन्छौं त्यो गर्न सकिन खालको हुनुपर्छ र दृढतापूर्वक लाग्न पनि सक्नु परेको छ ।

मित्रहरू,

हाम्रो कम्युनिष्ट आन्दोलनको प्रारम्भदेखि नै संयुक्त मोर्चासम्बन्धी एकता र संघर्षको नीतिलाई राम्ररी व्यवहारमा बुझ्न नसक्दा कहिले दक्षिण तथा कहिले उग्रवाम भड्काउ देखिँदै आएको छ । दक्षिण प्रकृतिको भडकाउ जहिले पनि संयुक्तमोर्चाको नाममा प्रतिकृयावादी तत्वहरूसँग भित्री साँठ-

गाँठ या विलीनवादी नीतिमा देखियो भने उग्रन वाम भड्काउ जहिले पनि राजनैतिक संयुक्त मोर्चा (प्रमुख शत्रु विरोधी राजनीतिक पार्टीहरू बीचको एकता) को आवश्यकतालाई प्रत्यक्ष वा अप्रत्यक्ष इनुकार गर्ने संकीर्णबादी दृष्टीकोणमा देखियो । आजसम्म पनि हामीहरू यी भड्काउहरू बाट मुक्त हुन सकेका छैनौं । हिजो पनि बारम्बार संयुक्त मोर्चासम्बन्धी नीतिहरूलाई स्पष्ट र लचिलो बनाउने कोशिसहरू भएका थिए र जस्तै ने० क० पा० को प्रथम महाधिवेशन (१९५३ मार्च) मा कमरेड मनमोहन अधिकारीले पेश गर्नु भएको राजनीतिक रिपोर्टमा "संयुक्त मोर्चा आन्दोलन र हाम्रो कर्तव्य" उपशिर्षक अर्न्तगत निम्न कुराहरू भनिएका छन्- 'संयुक्त मोर्चा हामीद्वारा भएको भूलको जानकारी बिना सम्भव छैन । संयुक्त मोर्चा सम्बन्धमा हामीले विभिन्न गल्तीहरू गरेका छौं । अरु जनवादी शक्तिहरू प्रति संकीर्णवादी दृष्टीकोण लिनु, संयुक्त मोर्चाको नाममा विनिनवादी नीति लिनु, संयुक्त मोर्चाको प्रयत्नलाई माथिल्लो कमिटीको कुराकानी मात्र सम्झनु तथा संयुक्त मोर्चालाई क्रान्तिको आवश्यक सिद्धान्त नसम्झी चालवाजी सम्झनु आदि गल्ती रहेका छन् । फेरि संयुक्त मोर्चाको संघर्ष कसरी विकसित हुन्छ भन्ने कुराको स्पष्टता पनि हामीलाई थिएन । ३१ वर्ष बितिसक्दा पनि हामी ती गल्ती र कमीहरूबाट व्यवहारतः मुक्त हुन सकेनौं । यहीँ हामी वामपन्थीहरूको ठूलो कमजोरी हो ।

संयुक्त मोर्चा निर्माणको सम्बन्धमा ने० क० पा० को तृतीय महाधिवेशन (२०१९ वैशाख) मा कमरेड तुलसीलाल अमात्यद्वारा प्रेषित राजनीति रिपोर्टमा निम्न कुरा भनिएको छः "स्पष्ट संयुक्त मोर्चाको सवालमा तीन कुरा देखापरेको छ (क) देशको सबभन्दा क्रान्तिकारी वर्ग मजदूर वर्गको नेतृत्व (ख) देशको सबभन्दा क्रान्तिकारी वर्ग मजदूर वर्ग भए तापनि हाम्रो देशको जनसंख्याको सबभन्दा ठूलो अंश अर्थात् ९५ फीसदी जनता किसान नै भएको र यी किसानहरूमा अत्याधिक संख्या शोषित पीडित खेतहीन तथा गरीब किसान भएकोले हाम्रो क्रान्तिको तागत किसानहरू नै हुन् । सबभन्दा क्रान्तिकारी वर्ग मजदूर वर्ग तथा मूल तागत किसान

भएको हुँदा मजदूर-किसान एकता नै हाम्रो संयुक्त मोर्चाको मुख्य आधार बन्नु परेको छ । (ग) मजदूर, किसान, शहरिया मधम बर्ग क्रान्तिकारी बुद्धिषीषी तथा राष्ट्रिय पूँजीपतिहरू सहित तमाम कान्तिकारी वर्गहरूको व्यापक संयुक्त मोर्चा ।

त्यही रिपोर्टको अर्को उपशिर्षक: "संयुक्त मोर्चा एक प्रश्नमा भनिएको छ- (क) तमाम अन्तिकारी वर्ग-हरूको संयुक्त मोर्चा (ख) प्रजातान्त्रिक पार्टीहरू बीच संयुक्त मोर्चा ।"

तृतीय महाधिवेशनको राजनीनिक रिपोर्टमा फेरि जोड दिदै भनिएको छ.... "यस्तो स्थितिमा सामन्ती निरंकुए सत्ताको विरुद्ध संघर्ष नै प्रजातान्त्रिक पार्टीहरू बीचको एकताको बिन्दु हुनसक्छ । हाम्रो मूल राजनीतिक उद्देश्य र कार्यक्रममा धक्का नपुग्ने गरी जुन बुँदामा जोसँग जति समयमम्म मिल्न सकिन्छ मिलेर आन्दोलन तीव्र पार्दै लैजानु परेको छ ।" हामीलाई लाग्छ आज पनि हामीले जोड दिनुपर्ने कुरा यिनै हुन ।

२०१७ पछिको उकुस मुकुसको वातावरणबाट जनता प्रजातन्त्रको छहारी चाहन्थे । पञ्चायती सत्तासीनहरू झन् झन् जनविरोधी निरंकुश हुँदै गए । देशमा बढ्दै गएको राजनीतिक तनाव, तथा आर्थिक संकट, सामाजिक सांस्कृतिक भेदभावहरूको गर्भबाट सुस्तरी सुस्तरी जन असन्तुष्टी, जनसंघर्षहरू देखा परे, परिरहेका छन् । यही जनअसन्तुष्टी र संघर्षले २०३५।०३६ को विद्यार्थी संघर्ष पनि जन्माएको थियो । विद्यार्थीहरूसँग सीमित रूपमा भए पनि मजदूर, किसानहरू पनि जुर्मुराए, बुद्धिजीवीहरू, कर्मचारीहरू र केही ठाउँहरूमा महिलाहरू पनि उठे । २०३५।०३६ को जनसंघर्ष एक स्वतः स्फूर्त संयुक्त जनआन्दोलन नै थियो । राजनीतिक दलहरू माझ राम्रो समझदारी नभएको हुँदा यो स्वतः स्फूर्त संयुक्त जन-आन्दोलनलाई सशक्त रूपबाट अगाडि बढाउन सकिएन । कुनै एक राजनीतिक दलले मात्र अहिले नेपालमा आन्दोलन हाँक्न सक्दैन भन्ने राम्रो प्रमाण त्यस बेलाको अनुभवबाट पनि हामीले पाएका छौं । आखिर जनमत

संग्रह षड्यन्त्र टुंगियो । नेपाली जनता प्रतिक्रियावादी षड्यन्त्रको जालभित्र फेरि अल्झिए, फेरि धोका खाए । २०३५/०३६ पछि आजसम्म प्रजातन्त्र बहाली आन्दोलन चलिरहेको छ तर संयुक्त जनआन्दोलनको स्वरूप लिन सकेको छैन । संयुक्त जनआन्दोलन विना नेपालमा प्रजातत्र पुनः स्थापना गर्न सकिन्न । यो भनाई आज ठीक सावित भएको छ । कमरेड PL ले बारम्बार र अन्तिम दमसम्न पनि सामन्ती अधिनायकवादी व्यवस्थाको अन्त्यको निम्ति संयुक्त जनआन्दोलनमा जोड दिएर "एकता र संघर्षको नीतिको बीच एकतालाई लचिलो ढङ्गले निर्माण गर्ने ठूलो प्रयत्न गर्नुभएको थियो । कमरेड PL को सकारात्मक प्रयत्नहरूलाई होसियारीपूर्वक अगाडि बढाउछौँ भने हामी निश्चय पनि पंचायत व्यवस्था विरोधी राजनीतिक संयुक्त मोर्चाको निर्माण गर्न सक्नेछौं ।

मित्रहरू,

विगतमा हामीले संयुक्त मोर्चा सम्बन्धी हाम्रा विचारहरूलाई व्यवस्थित रूप दिन रुसी तथा चिनिया क्रान्तिका संयुक्त मोर्चासम्बन्धी अनुभवहरूताई ग्रहण गरेको तथ्य छिपेको छैन, यो वास्तविकता हो । हामी वामपन्थीहरूमा नक्कल गरेर सिक्ने प्रवृत्ति पनि हुर्केको हामीले नपाएका होइनौ । त्यो आज पनि छर्दैछ । केही बामपन्थीहरूमा यस्तो प्रवृति पनि हामीले हुर्केको पाएका छौं जस्तै रूसी अनुभवलाई नक्कल गरेर "यी सबै माओवादी अराजकतावादी विचार मात्र हुन्" भनी नकार्ने, अर्कोतिर चीनीया अनुभवलाई नक्कल गरेर रूसी अनुभवलाई "हाम्रो देशको परिस्थितिसँग बिलकुल मेल नखाने" भनी इन्कार्ने । यस्तो गर्नु राम्रो होइन दुवै देशका अनुभवहरूवाट हामी सिक्न सक्छौ प्रेरणा प्राप्त गर्न सक्छौ । यसै मौकामा हामी फेरी रूसी तथा चिनीया अनुभवलाई सारांशमा व्याख्या गर्नु सान्दर्भिक सम्झन्छौ ।

रूसी अक्टोवर क्रान्तिले मजदूर वर्गको नेतृत्वमा मजदूर किसान एकताको आधारमा सैनिक बुद्धीजिवी र अन्य वर्ग र तहका क्रान्तिकारी

जनताको संयुक्त मोर्चा बन्न सक्ने अनुभव मात्र संग्रह गरेको होइन, यस्तो संयुक्त मोर्चाको आधारमा प्रतिकृयावादी सत्ता कब्जा गर्न सकिने र सत्ता चलाउन समेत सकिने अनुभव विश्वमानव समुदाय अगाडि पहिलो पल्ट राखिदियो। कमरेड लेनिनले यस्तो अनुभव सङ्ग्रह गर्दा रूसको सामाजिक आर्थिक बनौटको आधारमा जन्मीएका वर्गहरू, वर्ग अन्तर्विरोधहरूको आधारमा जन्मिएका वर्गीय दृष्टिकोणहरू, वर्गीय दृष्टिकोणको आधारमा जन्मिएका राजनीतिक विचारहरूलाई गहिरिएर अध्ययन गर्नुभएको र यसै अध्यनको आधारमा रूसी क्रान्तिको शत्रु र मित्र शक्ति छुट्टयाउने कामले नै संयुक्त मोर्चाको आवश्यकता जन्माएको थियो । कमरेड लेनिनले किसानहरूको भूमिकालाई इन्कार गर्ने नारोदनिकहरू र मजदूरहरूको भूमिकालाई मात्र जोड दिएर किसानहरूको भूमिकालाई इन्कार गर्ने जोरस्कीपन्थीहरू विरुद्ध संघर्ष गर्दै मजदूर किसान एकताको आधार तयार पार्नु भएको थियो।

सामन्ती-साम्राज्यवादी निरंकुश जहानिया राणाशाहीको विरुद्ध उचित समयमा उपर्युक्त कार्यनीति अपनाउँदै, वर्गीय विचारहरूका प्रतिनिधि गर्ने दलहरूको तथ्यहरूको आधारमा ठीक विश्लेषण गर्दै प्रत्यक्ष वा अप्रत्यक्ष एकता र संघर्षको नीति बनाउँदै आफ्तो रणनीति उद्देश्यलाई नभूली दृढतापूर्वक वोलशेविक पार्टी अगाडि बढी रहेको हुनाले नै अक्टोवर क्रान्ति सफल हुन सक्यो। अक्टोबर क्रान्तिले जारशाहीको पूर्ण अन्त्य मात्र गरेको होइन विश्वमा प्रथम पल्ट सर्वहारा वर्गको सपनालाई वास्तविकतामा परिणत गरिदियो, कार्ल मार्क्स र फेडरिक एंगेलसको वैज्ञानिक समाजवादको सिद्धान्तलाई व्यवहारमा उतारीदियो । आज यसै अनुभवको प्रेरणा पाएर कैयौँ ठूला साना देशहरू प्रतिक्रियावादी शोषण, दमन र उत्पीडनको विरुद्ध संघर्ष गरेर कित मुक्तिको सास फेरेका छन् हित मुक्तिको बाटोमा अग्रसर छन् ।

चिनीया जनवादी क्रान्तिमा रूसी अक्टोवर क्रान्तिको ठूलो छाप परेको थियो । तर पनि चिनीया र रुसी क्रान्तिको फरक विशेषताहरू

रहेका थिए । त्यस मध्ये रूसी क्रान्तिमा मजदूर वर्गको भूमिका बढी थियो भने चिनीयाँ क्रान्तिमा किसानहरूको भूमिका बढी थियो । हुनतः कुनै देशमा मजदूर किसान एकता नै संयुक्त मोर्चाको प्रमुख आधार थियो । कमरेड माओत्से तुङ्गले रूसी अनुभवलाई सन्दर्भको रूपमा लिएर चिनीयाँ वास्तविकताको आधारमा एकातिर किसानहरू र शहरीया निम्न मध्यम वर्गको भूमिका बढी भएको मजदूर किसान एकताको आधारमा संयुक्त मोर्चा निर्माण गर्ने कुरामा जोड दिनुभयो । अर्कोतिर राष्ट्रिय पूँजीपति वर्गको क्रान्तिलाई समर्थन र विरोध गर्ने दोहरो चरित्रको उचित मूल्याङ्कन गर्दै चिनीया राष्ट्रिय पूँजीपति वर्गसँग एकता र विरोधको नीतिकै आधारमा संयुक्त मोर्चा गर्ने कुरामा पनि जोड दिनुभएको थियो । चिनिया दलाल पूँजीपति वर्ग क्रान्तिको आधारभूत शत्रुमध्ये के भएता पनि भिन्न-भिन्न साम्राज्यवादी शक्तिहरूको धाप आड पाएका दलाल पूँजीपति वर्गहरू बीचको अन्तरविरोधको उपयोग गर्दै प्रमुख दलाल पूँजीपतिको विरुद्ध अरु अपेक्षाकृत कम शक्तिशालिलाई खास स्थितिमा प्रमुख शत्रुको विरुद्ध संयुक्त मोर्चाभित्र ल्याउने नीति पनि चीनको कम्युनिष्ट पार्टीले लिएको थियो ।

चीनको कम्युनिष्ट पार्टीले शुरुदेखि नं सशस्त्र शक्तिको बलमा रहेको हुँदा अरु वर्गका राजनीतिक प्रतिनिधि दलहरूसँग संयुक्त मोर्चा निर्माणमा दवावको नीति पनि अपाउनु सकेको थियो तर पनि १९२४-२७ को महान् क्रान्ति र १९२७-३७ को भूमि क्रान्तिताका उपयुक्त संयुक्त मोर्चाको नौति अपनाउन सक्दा पहिलो महान् क्रान्तिमा दक्षिण र भूमि क्रान्तिमा विशेषतः उग्रवाम भडकाउहरूले गर्दा धक्का पनि बेहोर्नु परेको थियो । १९३७-४५ सम्मको जापान विरोधी राष्ट्रिय मुक्ति युद्धको समयमा संयुक्त मोर्चाभित्र स्वतन्त्रता र पहलकदमीको सवालमा उचित लचिलो नीतिहरू अपनाउँदा मुक्ति युद्धको समयमा प्रमुख प्रतिकृयावादी शत्रुको विरुद्ध सबै राजनीतिक शक्तिहरूसँग सही संयुक्त मोर्चाको नीति र विश्व साम्राज्यवादीहरूको विरुद्ध समाजवादी शक्ति खास गरेर सोभियत संघसँग

राम्रो मित्रताको नीतिले नै चिनीया क्रान्ति दोस्रो विश्वयुद्धले ल्याएको अनेकौ संकटको गर्भबाट मुक्तिको सास फेर्न सफल भयो ।

अन्तर विरोधको परिवर्तनहरू सँग सँगै संयुक्त मोर्चा निर्माणका नीतिहरूमा आएका परिवर्तनहरू, क्रान्तिको विभिन्न उप-चरणहरूमा अपनाएका संयुक्त मोर्चा नीतिहरूको चिनीयाँ अनुभवहरूबाट हामीले सिक्ने धेरै कुरा छन् । हामीले चिनीया अनुभवबाट सिक्दा हाम्रा नेपाली वास्तविकले र चीनसँगका हाम्रा फरक विशेषताहरूलाई बुझ्न सक्नुपर्दछ । नभए हाम्रो सिर्जनात्मकतामा बिर्को लाग्छ हामी कठमुलाबाद र नक्कलवादमा बल्झिएको संकीर्ण उग्रवाम भडकाउमा फस्न सक्छौं ।

हामीले चीन र रुसको अनुभवबाट मात्र होइन, भियतनाम, उत्तर कोरिया, कम्युचीया र निकारागुवा साथै सामन्तवाद र साम्राज्यवादको विरुद्ध जुधिरहेका अन्य देशका अनुभवबाट पनि धेरै प्रेरणा लिन सक्छौं-सिक्न सक्छौँ ।

हामीले विगतका राष्ट्रिय तथा आन्तर्राष्ट्रिय अनुभवलाई वर्तमानसँग जोडेर भविष्य को सही बाटो कोर्न परेको छ त्यस कारण हामीले विगतका हाम्रा अनुभवहरूलाई वर्तमानसँग जोड्न आवश्यक छ । हामीलाई लाग्छ संयुक्त मोर्चा सम्बन्धी स्पष्ट र लचिलो नीति निर्माण गर्न पनि यही तरीका अपनाउनु पर्दछ ।

मित्रहरू,

अब हामी वर्तमान परिस्थितिमा संयुक्त मोर्चा निर्माण सम्बन्धी हामी वामपन्थीहरू र अन्य प्रजातान्त्रिक समूहका साथीहरूमा रहेका भ्रमपूर्ण विचारहरूको बारेमा छोटो चर्चा गर्दै वर्तमान अवस्थामा संयुक्त मोर्चा निर्माण सम्बन्धी हामीलाई लागेका केही कुराहरू राख्ने छौं ।

हाम्रो राष्ट्रिय जनवादी क्रान्तिमा क्रान्तिकारी वर्गीय संयुक्त मोर्चा निर्माण गर्ने सवालमा धेरै वामपन्थीहरू बीच समान दृष्टिकोण रहेको छ ।

मजदूर वर्गको नेतृत्वमा मजदूर–कि–सान एकताको आधारमा शहरीया निम्न मध्यम, मध्यमवर्ग (राष्ट्रिय पूँजीपति वर्ग जसले क्रान्तिलाई समर्थन गर्दछन्) लगायत विभिन्न वर्ग र तहका प्रगतिवादी क्रान्तिकारी जनता बीचको संयुक्त मोर्चा। क्रान्तिकारी वर्गीय संयुक्त मोर्चाको नीति कम्युनिष्ट पार्टी निर्माण र त्यस्को नेतृत्वमा अगाडि बढ्ने राष्ट्रिय जनवादी क्रान्तिको अति आवश्यक सिद्धान्त हो। कम्युनिष्ट पार्टी निर्माण साथै राष्ट्रिय जनवादी क्रान्तिमा मजदूर वर्गको नेतृत्वको अग्रगामी भूमिकालाई प्रत्यक्ष वा अप्रत्यक्ष इन्कार गर्नु दक्षिण पन्थी भडकाउ हो। केही विदेशी एकेडमीसियनको भनाईलाई आधार बनाएर हाम्रो वास्तविकता अनुरुप सोच्न नसक्ने वा इन्कार गर्ने समूहका साथीहरू आज पनि त्यस्तै भड्काउमा फसेका छन्। अर्कोतिर हाम्रो जस्तो देश (जहाँ बामपन्थी शक्तिहरू भौतिक रुपमा त्यति दह्रो भैसकेको छैन) मा राष्ट्रिय जनवादी क्रान्तिको यस उप चरणमा राजनीतिक संयुक्त मोर्चा पञ्चायती व्यवस्था विरोधी बामपन्थी तथा प्रजातान्त्रिक शक्ति–हरू वीचको एकता हो। यस्तो संयुक्त मोर्चा भित्र वामपन्थी शक्तिको सकृय भूमिका आवश्यक पर्छ तर कम्युनिष्टहरूको मात्र नेतृत्वको कुरा उठाउनु संकीर्णवादी उग्रवाम भड़काउ हो। आज पनि हाम्रा केही बामपन्थी समूहका साथीहरू चिनीया अनुभवको नक्कल गरेर अफ्नो शक्तिको बढी मुल्याङ्कन गर्ने अतिवादी दृष्टि साथै क्रान्तिकारी वर्गीय संयुक्त मोर्चा र प्रमुख सत्रु विरोधी राजनीतिक पार्टी र रुसबीचको संयुक्त मोर्चालाई फरक नसम्झी एउटै सम्झिने गलत दृष्टिले गर्दा नै सङ्किर्णवादी उग्रवाम भड्काउमा अल्झिएका छन्।

केही बामपन्थी समूहका साथीहरू नेपाली जनताको आधारभूत र प्रमुख शत्रु किटान गर्ने सवालमा अस्पष्ट रहेको हुँदा संयुक्त मोर्चा निर्माण सम्बन्धमा पनि अस्पष्ट र भ्रमपूर्ण विचारहरू अभिव्यक्त गरिरहेका छन्। "भारतीय विस्तारवाद" र पंचायती सत्ता दुर्वलाई एकै पल्ट प्रमुख शत्रु देख्ने अनि आफ्नो दृष्टीकोणसंग मेल नखाने–हरूसँग एकता गर्न हिचकिचाउने

संकीण दृष्टिकोण, त्यस्तै समाजवादी सोभियत संघलाई “सामाजिक साम्राज्यवाद र “प्रभुत्ववाद” न देखि-समाजवादीभित्र देख्नेहरूलाई“ रूसी ताबेदारहरू” र “रूसी दलालहरू” सँग एकता नगर्ने, समाजवादी चीनमा प्रतिक्रान्ति भएर पुंजीवाद आएको देखि चीनलाई समाजवादी मित्र देख्नेहरूसँग संशोधनवादका पुच्छरहरूसँग” एकता नगर्ने, “संसारमा समाजवाद नै नरहेको देखि साम्राज्यवादसँग विश्वव्यापी रूपमा संघर्ष गर्नुपर्ने कुरामा जोड दिदै हाम्रो देशमा पनि सामन्तवाद होइन साम्राज्यवादसँग नै लड्नुपर्छ भनी सामन्तवादको विरुद्ध लडनेहरूसँग एकता नगर्ने अझै शत्रु नै देखि हाल्ने गलत दृष्टीकोण “माओवादीहरू माओवादी रहेसम्म उनीसँग एकता नगर्ने सबैलाई अछूत” देखि हाल्ने दृष्टि आदि संकिर्ण दृष्टिकोणहरूले गर्दा नै हामी वामपन्थीहरू माझ साझा सवालमा पनि एकता हुन सकेको छैन । हामीहरू बीच यी दृष्टिकोण र विचार बाधक भएको हामी पाउँछौं । केही वामपन्थी समूहहरू कार्यगत एकताको पातलो पर्दा अगाडि तेर्साएर साझा सवालहरूमा व्यापक राजनीतिक संयुक्त मोर्चा बनाउने विचारलाई अर्कोतिर पन्छाई दिन्छन् । राजनीतिक संयुक्त मोर्चाको आवश्यकता दृष्टिकोणमा भिन्नता रहनेहरू बीच मिल्न सकिने सवालमा मिलेर एकता र संघर्षको बाटोद्वारा आपसमा समझदारी र एकता कायम गर्नुपर्छ । बुझी नबुझी साँघुरा विचार बनाउने साथीहरूलाई हामी आग्रह गर्छौं त्यस्तो विचार त्यागौ ।

हामीले कोतिकारी वर्गीय संयुक्त मोर्चाको राजनीतिक अडानमा रहँदै देशमा रहेका सबै वामपन्थी तथा प्रजातान्त्रिक शक्तिहरू बीच नेपालमा प्रजातन्त्र बहालीको निम्ति निरंकुश सामन्ती पञ्चायती व्यवस्था विरोधी राजनीतिक संयुक्त मोर्चा अर्थात प्रजातान्त्रिक एकता मोर्चामा मञ्च बनाउने स्पष्ट दृष्टिकोण र लचिलो नीति लिन नसकेमा हाम्रो कार्यनीतिक दिशामा भ्रमहरू पैदा हुन सक्ने मात्र नभई मजदूर वर्गको नेतृत्वमा मजदूर किसानको संयुक्त अधिनायकत्व भएको गणतन्त्र स्थापना गर्ने रणनीति समेत पूरा गर्न नसकिने खतरा आइपर्छ ।

मित्रहरू,

हामीले हाम्रै देशको वस्तुगत परिस्थितिमा रहेर प्रतिकृयावाद विरोधी राजनीतिक संयुक्त मोर्चा बारेमा सोच्नुपर्छ । नेपालमा वस्तुगत रूपमा विश्लेषण गर्ने हो भने सामन्तवाद र साम्राज्यवाद विरोधी शक्तिहरू वामपन्थी समूहहरू नै हुन् । त्यसकारण वामपन्थीहरू बीच एकता नं पञ्चायत व्यवस्था विरोधी राजनीतिक संयुक्त मोर्चाको पहिलो चरण हो । हामीले बामपन्थी शक्तिहरू माझ निम्न एक मतमा पुग्न सकिने सवाललाई अगाडि सारी संयुक्त मोर्चा निर्माण गर्ने प्रयास गर्नु जरूरी छ–

(१) सामन्ती अधिनायकवादी पंचायती व्यवस्थाको अन्त्य र प्रजातन्त्रको बहाली जनताप्रति उत्तरदायी व्यस्थापिका र सरकारको निर्माणको लागि ।

(२) साम्राज्यवाद तथा एकाधिकार पूजीवादको विरुद्ध नेपालमा नव औपनिवेशिक शोषणको अन्त्यको लागि ।

(३) नेपाली जनताको न्योयोचित सामाजिक–आर्थिक मागको पूर्वी सँगै जीविका, जनवाद राष्ट्रिय एकताको ग्यारेन्टीको लागि ।

हामी यी तीन कुराको आधारमा एउटा निम्नतम कार्यक्रम बनाउन वामपन्थीहरू बीच राउन्ड डेवील कन्फ्रन्स गर्न प्रस्ताव पनि राख्दछौ ।

मित्रहरू,

हामी वामपन्थीहरूको संयुक्त शक्तिले अहिले अन्य पंचायती सत्ता र व्यवस्था–विरोधी प्रजातान्त्रिक शक्तिसँग । पार्टी तथा संगठन स्वतन्त्रता अर्थात बहुदलीय व्यवस्था प्राप्तीको लागि साथै अन्य मिल्न सकिने राजनीतिक, आर्थिक–सामाजिक मागहरूलाई लिएर पञ्चायत व्यवस्था विरोधी व्यापक–प्रजातान्त्रिक एकता मोर्चा निर्माण गर्न प्रयत्न गर्नुपर्छ । त्यसै प्रसङ्गमा, नेपालमा साँच्चे अर्थमा प्रजातन्त्र बहाली गराउने हो भने नेपाली कांग्रेस र अन्य प्रजातन्त्रिक शक्तिहरूले कम्पुनिष्टहरूसँग, त्यस्तै बामपन्थीहरूसँग

संयुक्त मोर्चा निर्माण गर्न तर्सने संकीर्ण दृष्टिकोण त्याग्न र पंचायत परास्त भडकाउको विरुद्ध अझ जोडदार संघर्ष चलाउन आग्रह गर्छौं ।

हामीले सामन्तवाद र साम्राज्यवाद अडानमा रहदै लचिलो भएर प्रजातान्त्रिक शक्तिहरूसंग मिल्न सकिने सवालमा मिलेर अगाडि बढनु "कांग्रेसी भडकाउ" हुन सक्दैन त्यस्तै यसै अडानमा रहेर कोही पञ्चहरूलाई संयुक्त जनआन्दोलनतिर ल्याउने नीति लिनु "पंचायती भडकाउ ठहरिदैन । नेपाली कांग्रेसको नेतृत्वमा मात्र प्रजातन्त्र लाउन सकिने ठहरमा कोही पुग्छ भने त्यो कांग्रेसवादी भडकाउ हुन सक्छ । त्यस्तै सामन्ती अधिनायकवादी पञ्चायतहरूसँग शत्रुतापूर्ण अन्तरविरोध नै नदेखि पंचायतभित्र नै प्रजातान्त्रिकरण गर्दै "राष्ट्रिय प्रजातान्त्रिक सरकार" गठन गर्न सकिने र त्यस मार्फत समाज-वादमा संक्रमण समेत गर्न सकिने भनी भन्नेहरू मात्र पंचा-यतवादी भडकाउमा जाकिएका हुन भन्न मिल्छ । जरूर पनि हामीले यी दुर्व भडकाउलाई दक्षिणपन्थी भडकाउ भन्न सक्छौं ।

हामीले संकीर्णतावादी, उग्रवाम भडकाउ र दक्षिण भडकाउको विरूद्ध संघर्ष गरेर नै सही संयुक्त मोर्चाको निर्माण गर्न सक्नेछौं । नेपालमा संयुक्त जन आन्दोलनको क्रान्तिकारी आँधीको सृष्टि गर्न सक्ने छौ । हाम्रा वीर अमर शहिदहरूको सपना पूरा गर्न सक्ने छौं ।

धन्यवाद ! ५-६ चैत्र २०४१

स्रोत : अभानेस्ववियुको मुखपत्र युगलहरमा छापिएको यो लेख विक्रम थापाको नामले छापिएको थियो । पार्टी प्रतिबन्धित अवस्थामा गोपाल शाक्यले विक्रम थापाको नामबाट लेखहरू प्रकाशित गर्नुहुन्थ्यो । *-सम्पादक*

# कम्युनिष्ट पार्टीमा नेतृत्व विकास गर्दा ध्यान दिनु पर्ने केही कुराहरू

**विषय प्रवेशः**

कम्युनिष्ट पार्टीको नेतृत्वले मार्क्सवादी लेनिनवादी दर्शन सिद्धान्तलाई आत्मसात गर्नुपर्छ । पार्टी नेतृत्वले गफ भाषण, मिठो मिठो क्रान्तिकारी कुरो मात्र होइन दैनिक जीवनको व्यवहार र क्रियाकलापहरूले आफूलाई क्रान्तिकारी कम्युनिष्ट सावित गर्नुपर्छ । पार्टी संगठित सदस्य, एउटा कम्युनिष्ट आफै पनि नेतृत्व हो र हुनु पर्दछ । पार्टी नेतृत्वको क्षमता योग्यता फरक फरक हुन सक्छ । क्रान्तिकारी कम्युनिष्ट नेतृत्व सामूहिक नेतृत्वको जगबाट नै निर्माण हुने गर्दछ र हुनुपर्दछ । सामूहिक नेतृत्व भित्र व्यक्तिहरूको विविध क्षमता र विविध क्षमता बीच एकता साथै व्यक्तिगत उत्तरदायित्व पनि हुनुपर्दछ ।

सामूहिक नेतृत्व कमजोर बनाउने काम व्यक्तिवादले गर्दछ । त्यसकारण व्यक्तिवाद सामूहिक नेतृत्वको शत्रु हो । हाम्रो कम्युनष्टि आन्दोलन भित्र व्यक्तिवादले धेरै क्षति पुऱ्याएको छ । व्यक्तिवादको जन्म निजी स्वार्थबाट हुने गरेको छ । व्यक्ति स्वार्थहरू धेरै तरिकाले अभिव्यक्त हुनसक्छ । व्यक्तिवादीहरू कमिटीगत प्रणाली र कमिटीको निर्णय भन्दा व्यक्तिगत निर्णय, व्यक्तिगत निर्देशन रुचाउँछन् । व्यक्तिवादीहरू आफूलाई कमिटीभन्दा माथि राख्न उचाउँछन् । उनीहरू व्यक्तिगत प्रसंशा, व्यक्ति पूजा रुचाउँछन् । उनीहरू आलोचना सुन्न चाहँदैनन् । आत्माआलोचना गर्न रुचाउँदैन । उनीहरू पार्टी भित्र आफ्नो प्रशंसा गर्ने व्यक्तिहरूको गुट

खडा गर्न मनपराउँछन् । त्यसकारण, व्यक्तिवादीहरू एउटा क्रान्तिकारी कम्युनिष्ट पार्टी निर्माणको निम्ति ठूलो बाधक हो । व्यक्तिवादीहरू सामुहिक ढंगले विचारधारा र नीति निर्माण गर्ने कुरोको पनि बाधक हुन्छन् । उनीहरू निजी स्वार्थको निम्ति शत्रुको प्रलोभनमा तुरुन्त फस्दछन् । व्यक्तिवाद हावी भएको नेतृत्व वर्ग दृष्टिकोण र अडानबाट पनि विचलित हुने गर्दछ । उ दाहिने र देब्रे भड्काउमा फस्दछ र उसले सही, सन्तुलित, क्रान्तिकारी मार्क्सवादी लेनिनवादी विचार, नीति निर्माण गर्न सक्दैन । वरु उल्टै उसले पार्टी भित्र अनेकौं विकृती र विसंगतिहरू मात्रै जन्माउँछ । आज हामीले व्यक्तिवादको विरुद्ध संघर्ष गर्दै असल र क्रान्तिकारी कम्युनिष्ट नेतृत्व निर्माण र विकसित गर्न तल उल्लेखित २० बुँदाहरू पार्टी कार्यहरूमा प्राप्त व्यवहार र अनुभवकै संकलनका केही नमूना मात्र हुन । यी बुँदाहरूमा थपघट गर्न सकिन्छ । आजको सन्दर्भमा क्रान्तिकारी दृष्टिकोण, नैतिकता, अनुशासन निर्माण गर्न केही न केही सहयोग पुग्ने अपेक्षा राखेर यी २० बुँदाहरू यहाँहरू समक्ष राखेको छु ।

**१. वर्ग दृष्टिकोण र अडान हुनु पर्दछ :**

नेपाल कम्युनिष्ट पार्टी (एमाले) नेपालको सर्वहारा वर्गको प्रतिनिधित्व गर्ने राजनीतिक पार्टी हो । यसले नेपालको सर्वहारा, श्रमजीवी शोषित उत्पीडित वर्ग समुदायको हितहरूको रक्षा गर्दछ । त्यसकारण हाम्रो पार्टीको वर्ग दृष्टिकोण भन्नाले सर्वहारा वर्गीय दृष्टिकोण नै हो र वर्ग अडान भन्नाले श्रमिक वर्गीय अडान नै हो । मजदूर, किसान, युवा, विद्यार्थी, महिला, विभिन्न जनजाति उत्पीडित जातिका भाषा/जातीय उत्थान आदिको समस्या समाधान गर्न जनसंघर्ष, वर्गसंघर्षलाई जोड दिन आवश्यक छ ।

वर्ग संघर्ष नगरी वर्ग चेतना विस्तार हुन सक्दैन । वर्ग चेतना नउठी पार्टीका सिद्धान्त नीति, विचारहरू निर्माण हुन सक्दैन । पार्टी यो वा त्यो भड्काउमा फस्न पुग्दछ । वर्ग संघर्ष अहिलेको अवस्थामा शान्तिपूर्ण संघर्षको सिमा भित्रै छ । हामीले शान्तिपूर्ण जनसंघर्षको दुई रुप संसदीय

वा गैर संसदीय दुवै रुपलाई उचित तालमेल मिलाएर लग्न जरुरी छ। यी दुई मध्ये चुनाव हुने अवस्थामा संसदीय संघर्ष वर्ग संघर्षको प्रमुख रुपमा अभिव्यक्त हुन्छ। अन्य समयमा आम रुपमा गैर संसदीय जनसंघर्ष वर्ग संघर्ष नै प्रधान रहन्छ। हाम्रो पार्टीको कार्यनीति संयोजन गर्दा हामीले विभिन्न वर्ग र समुदायको गैर संसदीय संघर्षलाई आम रुपले प्रमुखता दिनुपर्नेमा दिन नसक्नुले नै किसान मजदूर अन्य समुदायको वर्गसंघर्ष जनसंघर्ष व्यवस्थित ढंगले उठाउन सकेनौं। यसको परिणाम पार्टी भित्र नीति निर्माणमा भड्काउ उत्पन्न भयो। जनसंघर्ष, वर्गसंघर्षलाई सीमित संसदीय दायराभित्र बुझ्ने संसदीय संघर्षमा पनि त्यसलाई व्यवस्थित र तिखो ढंगले नउठाउने, आफ्नो अडान छाड्ने, सामन्त र वुर्जवाहरूसँग सम्झौता गर्ने, सम्झौता कार्यान्वयनमा श्रमिक जनताको हितमा गर्न गराउन नसक्ने श्रमिक वर्गीय दृष्टिकोणबाट विचलित हुने काम पनि भएका छन्।

सामन्त, सान्तवादको विरोध किताबमा लेखेर, भाषण गरेर मात्र भएन, त्यसको व्यवहारमा विरोध हुनुपर्छ। जालि फटाहा सामन्तहरूको शोषण उत्पीडिन विरुद्ध संघर्ष नगरी किसानहरूको वर्ग चेतनामाथि उठाउन सकिन्न। 'चुनाव जित्नुपर्छ' भन्ने नाममा सामन्तहरूलाई नै टिकट दिने काम भएका छन्। सामन्त जमिन्दारहरू पनि शोषण उत्पीडनको बाटो परित्याग गरी कम्युनिष्ट पार्टीमा आउन सक्छन्। तर किसान जनतालाई शोषण उत्पीडन पनि गर्ने र कम्युनिष्ट पनि बन्ने यी दुबै काम एक साथ हुन सक्दैन। यो छुटले वर्ग विसर्जनवादी दृष्टिकोण बोकेको स्पष्ट हुन्न र ? हुन्छ। दलाल पूँजीपति वर्गको विरोध एकातिर गर्ने, अर्को तिर त्यसैको कालोधनको थैली र खाम थाप्ने। कमिशन एजेन्टको एजेन्ट हुने। सरकारमा छँदा र राजस्व छल्नेहरूलाई छुट दिएर, उसको कालोधन लिएर, आफै 'नयाँ पूजीपति वर्ग' को रुपमा जन्म लिने, कम्युनिष्ट पार्टी भित्र लुकेको 'नयाँ वर्ग' जस्तो दलाल नोकरशाही पूँजीपति वर्गको ओठे विरोध गर्दछ, भित्र भित्र काला बजारिया तस्कर माफिया गुटको सेवामा हाजिर हुने पनि गर्दछ। वर्ग दृष्टिकोण अडानबाट चिप्लिने मात्र होइन

पूरै फेर्ने तर पनि आफूलाई 'कम्युनिष्ट क्रान्तिकारी हौं' भन्ने नेतामण्डली नेपाली कम्युनिष्ट आन्दोलनभित्र छन् । शत्रु एजेन्टको रुपमा रहेका यस्ता तत्वहरूले मजदूर किसानको वर्गसंघर्षलाई शिथिल बनाउने सुधारवादी संशोधनवादी नीतिहरू अघि सारेका छन् । मजदूर किसान महिलाहरूको ठूला ठूला जनसंगठनहरू, एजिओ, आएनजिओ भित्र कैद गरेर तिनीहरूको तथ्यांक संकलन गर्ने संगठनको रुपमा विकसित गराएका छन् । नेपालका शोषित गरिब, उत्पीडित मजदूर र किसानका नेताहरू पजेरो र कार नभई हिँड्दैनन् । केहीले महल बनाए, केहीले महलको सपना देख्दैछन् । हिजो संघर्ष गरेर आएका नेताहरूले पनि वर्गदृष्टिकोण अडान फेरेका छन्, जसले गर्दा नै उनीहरूमा पजेरो चढ्ने र महल बनाउने सोच आयो । त्यो त्यसै हावाबाट आएको होइन, उनीहरूभित्र रहेको निम्न पेटी-बुर्जवा ढुलमुले चिन्तनको परिणाम हो ।

मार्क्सवाद-लेनिनवाद भन्ने र देखाउने कुरा मात्र होइन त्यो त कम्युनिष्ट क्रान्तिकारीहरूले दैनिक जीवनको व्यवहारमा देखाउनु पर्ने कुरो हो । दैनिक जीवनमा व्यवहारमा पजेरो, प्राडो कार चढ्ने, महल बंगलामा नै बस्ने, मिठा मसिना नै खाने अझै दैनिक रेड लेवल र व्ल्याक लेवल नै पिउन, आफ्नो छोराछोरीलाई महंगा बोर्डिङ स्कूल र क्याम्पसमा पढाउने, सके विदेश मै लगेर पढाउने, महंगा विलासी सामानहरू प्रयोग गर्ने गराउने तर मुखले चाहिँ आफै 'असल कम्युनिष्ट नेता हुँ' भन्दै हिँड्नेहरूलाई कुनै पनि हालतमा क्रान्तिकारी कम्युनिष्ट नेता, मार्क्सवाद बुझेको नेता भन्न सकिन्न ।

आज हामीले एउटा मार्क्सवादी लेनिनवादी क्रान्तिकारी पार्टी निर्माणको निम्ति अघि बढिरहेको अवस्थामा आफूभित्रबाट जन्मिने सर्वहारा श्रमजीवी वर्ग विरोधी सुधारवादी, सुविधाभोगी, व्यक्तिवादी चिन्तन जसले कम्युनिष्ट पार्टी निर्माणमा बाधा पुऱ्याउँछ, पन्छाउँन सक्नु पर्दछ । तबमात्र हामी सर्वहारा वर्गीय दृष्टिकोण र श्रमजीवी वर्गीय अडानलाई आत्मसात

गरेर सामन्त, दलाल–नोकरशाही पूँजीपति वर्ग र प्रभुत्ववाद, साम्राज्यवादको विरुद्ध लड्न सक्ने क्रान्तिकारी- देशभक्तहरूको पार्टी निर्माण गर्न सक्छौं ।

**२. संघर्षशील र समर्पित हुनुपर्दछ :**

वर्ग शत्रुको विरुद्ध निरन्तर संघर्ष गर्ने, अवसरवाद विरुद्ध निरन्तर संघर्ष गर्ने, देश र जनताप्रति समपर्णको उच्च भावना राख्ने, आफ्नो सिद्धान्त र आस्थाप्रति मार्क्सवाद(लेनिनवादको सृजना विकास र रक्षा निम्ति, पाटी कार्यक्रम जनताको बहुदलीय जनवादआत्मसात गरी जनवादी वैज्ञानिक समाजवादी साम्यवादी व्यवस्थाप्राप्तिको लागि निरन्तर संघर्ष गर्नेहरू नै वास्तवमा संघर्षशील र समर्पित कम्युनिष्ट क्रान्तिकारी नेतृत्व हुनसक्छ । एउटा कम्युनिष्ट क्रान्तिकारीले शोषण, उत्पीडन, दमन, अन्याय, अत्यार विरुद्ध निरन्तर संघर्ष गर्दै आफ्नो क्रान्तिकारी व्यक्तित्व निर्माण गर्दछ, ती व्यक्तित्व अरु क्रान्तिकारीहरूको निम्ति प्रेरणाका स्रोतहरू हुन्छन ।

भ्रष्टाचार, तस्करी, महँगी, नियन्त्रण र अन्त्यको निम्ति संघर्ष गरिनुपर्दछ । गुणस्तर विनाको महँगो शिक्षा अन्त्य गराउन मा ।वि । सम्म निशुल्क अनिवार्य शिक्षाको व्यवस्था गराउन प्राथमिक तहमो स्व(भाषिक शिक्षा पद्धतिको विकास गराउन संघर्ष गरिनुपर्दछ । स्वास्थ्य सेवालाई जनताको अधिकार वनाउन, गाउँ गाउँमा स्वास्थ्य सेवा उपलव्ध गराउन, किसानहरूलाई जालि, फटाहा, सुदखोर, सामन्ती शोषण उत्पीडनबाट मुक्त गराउन क्रान्तिकारी भूमिसुधार लागू गराउन, सकुम्बासी समस्या समाधान गराउन, कमैया प्रथा खारेज गराउन, किसानहरूलाई जमिनको मालिक बनाउन, उन्नत मल बीउ तथा सुपथ मुल्यमा उपलव्ध गराउन, सिंचाई प्रवन्ध गराउन, गरिवि नियन्त्रण गर्न रोजगारीको ग्यारेन्टी गराउन, शैक्षिक वेबेरोजगारी भत्ता मिलाउत्त संघर्ष गरिनुपर्दछ ।

मजदूरहरूको बेतन वृद्धि र उनीहरूमाथि हुने शोषण उत्पीडन अन्याय अत्याचारकोविरुद्ध भू ।पू । सैनिकहरूको पेन्सन वृद्धि अन्य न्यायोचित

मागहरूको प्राप्तिका निम्ति, प्रवासी नेपालीहरूको हक हितको संरक्षणको निम्ति, कर्मचारी र विभिन्न पेशाकर्मीहरूको हक हितको संरक्षणका निम्ति, महिलाहरूलाई राष्ट्रिय जीवनको हर क्षेत्रमा पुरुष सरह समान अधिकार छोरीलाई पनि छोरा सरह अंशको अधिकार दिलाउन संघर्ष गरिनुपर्छ । जाति, भाषा, धर्म संस्कृतिमा रहेको सबै किसिमको विशेष मागहरू लिएर संघर्ष गर्दै साथै भारतका साना मुलुकप्रतिको प्रभुत्ववादी व्यवहार नीतिको विरोधमा पनि संघर्ष गर्नुपर्छ र अहिले हामीले महाकाली नदी एकीकृत विकास सम्बन्धी सन्धिलाई राष्ट्रिय हित अनुकूल बनाउन नत्र खारेज गराउन, कालापानीबाट भारतीय सेना हटाउन भारतसँग व्यापार घाटा घटाउन हाम्रो मुलुकको अर्थतन्त्र र राजनीतिमा भारतका शाकहरूको हस्तक्षेप विरुद्ध सन् १९५० को असमान सन्धी खारेज गरि नयाँ सन्धी गर्न देशभक्तिपूर्ण संघर्षमा नेपाली जनताको नेतृत्व कम्यनुष्टि क्रान्तिकारीहरूले गर्नु जरुरी र आवश्यक छ ।

विश्वका पूँजीबादी साम्राज्यवादको नेतृत्व यस बेला अमेरिकी साम्राज्यवादले गरिरहेको छ । अमेरिकी साम्राज्यवाद अन्तर्राष्ट्रिय वित्तिय संस्थाहरू विश्वक बैंक, अन्तर्राष्ट्रिय मुद्राकोष आदि साथै बहुराष्ट्रिय निगमहरू मार्फत विश्वभरि जालो फिजाएर उत्पीडित राष्ट्रको सस्तो श्रमको शोषण, खनिज र प्राकृतिक स्रोतमाथि हस्तक्षेप र शोषण, ऋण दिएर व्याजे शोषण, व्यापार र ठेक्का पट्टामा शोषण, एकलाई अर्कोसँग जुदाएर(युद्धमा होमेर, हतियार विक्रि गरी गर्ने शोषण, आफ्नो शैक्षिक बेरोजगारी, शर्त राखि अरु माथि जबरजस्ती थोपर्ने शोषण आदि शोषण उत्पीडन अमेरिकी साम्राज्यवादले गरिरहेको छ । नटेर्नेहरूलाई धम्कि, हस्तक्षेप, आक्रमण पनि गरिरहेको छ । नेपाल अमेरिकी साम्राज्यवादको शोषण उत्पीडनबाट मुक्त छैन । त्यसकारण हामी नेपाली कम्युनिष्ट क्रान्तिकारीहरू, सम्पूर्ण देश भक्त शक्तिहरू एकजुट भएर विश्वभरीका उत्पीडित राष्ट्रहरूसँग मिलेर अमेरिकी साम्राज्यवादको विरुद्ध संघर्ष गर्न अवाश्यक छ । नेपाली

जनताका आधारभूत शत्रु सामन्त दलाल नोकरशाही पूंजीपति वर्ग, भारतेली प्रभुत्ववाद र अमेरिकी साम्राज्यवाद विरुद्ध संघर्ष गरेर नेपाली क्रान्तिकारी कम्युनिष्टहरूले आफ्नो संघर्षशीलता र क्रान्तिप्रतिको समर्पणको परिचय दिन सक्नुपर्दछ ।

**३. निस्वार्थ हुनुपर्छ :**

व्यक्तिगत स्वार्थमा अल्मलिनेहरूले कम्युनिष्ट पार्टी भित्र राम्रो नेतृत्व प्रदान गर्न सक्दैन । व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर देश, जनता, पार्टीको स्वार्थमा हिड्न सिक्नेहरूले मात्र वास्तवमा निस्वार्थ नेतृत्व दिन सक्छ । महत्वपूर्ण नेतृत्वमा बसेका नेताहरू निस्वार्थताको परिक्षा उच्च ओहदामा बस्दा आफ्नो जीवनशैलीलाई सादा र कम खर्चिलो बनाउन सक्यो सकेन, आर्थिक प्रलोभनबाट मुक्त हुन सक्यो सकेन, उ आफूलाई ठूलो देखाउन अहमबाट मुक्त हुन सक्यो सकेन, उ आफ्नो मातहतका वा सहकर्मीहरूसँगको व्यवहारमा आफूप्रति आवश्यकता भन्दा वढी सम्मान खोज्ने दलाली चाहाने, प्रसंसा मात्र रुचाउने गर्छ कि गर्दैन, उ आफूबाट सबै थोक होस् भन्ने चाहान्छ कि सहकर्मीहरूसँग मिलेर महत्वपूर्ण निर्णयहरू गर्दछ कि एक्लै गर्दछ, यी यस्ता केही कुराहरू हुन जस्ले उस्को निस्वार्थ पनको परिक्षण गर्न मद्दत पुरयाउँछ ।

**४ नीतिमा स्पष्टता :**

कम्युनिष्ट क्रान्तिकारीहरूले आफ्नो पार्टीको आम नीति सिद्धान्तमा स्पष्ट भएर आफ्ना आफ्ना कार्यक्षेत्रको ठोस अवस्थाको ठोस विश्लेषण गरी नीति निर्माणमा कुशलता देखाउन सक्नुपर्छ । सिद्धान्त नीतिमा स्पष्ट नभई नेताहरूको पछि लाग्ने कुरा ठिक होइन । अहिले पनि नेपाली कम्युनिष्ट आन्दोलन भित्र व्यक्तिवाद हाबी छ । नीति भन्दा नेतालाई महत्व दिनेकुरा बारम्बार उठेको छ र देखिएको छ । सामन्त र पूँजीपति वर्गहरू नीति भन्दा नेतालाई महत्व दिन्छन् हामी कम्युनिष्ट क्रान्तिकारीहरू नेता भन्दा नीतिलाई महत्व दिन्छौं । हामी सही नीति सिद्धान्त समाउने नेतालाई

मात्र सम्मान गर्छौं । कमरेड पुष्पलालले यसै सन्दर्भमा हामीलाई शिक्षा दिँदै भन्नु भएको थियो 'हामीले नेता होइन नीतिलाई प्रधानता दिनुपर्दछ' यो कुरालाई कम्युनिष्ट क्रान्तिकारीहरूले हमेशा आत्मसात गर्नुपर्दछ ।

**५. सिर्जनशीलता हुनु पर्दछ :**

नेतृत्वमा सृजनशीलताको अर्थ हो समस्याको ठीक पहिचान गर्नसक्नु । हाम्रो अगाडि धेरै कामहरू र समस्याहरू हुन सक्छन्, ती कामहरूलाई क्रम मिलाएर गर्ने र समस्यालाई एक एक गरी हल गर्नु हो । अराएर यस्तो गर भनेपछि मात्र गर्ने वा अराएको मात्र गर्ने अन्य गर्नै पर्ने कामहरू छन् भने पनि नगर्ने, न नसोच्ने, एकोहोरो बानी सृजनशीलता होइन । सृजनशीलता अलग अलग व्यक्तिहरूमा अलग अलग हुन सक्छ । कामहरूमा कुशलताले पनि सृजनशीलताको परिचय दिन्छ । जस्तो कोही संघर्षको नेतृत्व गर्न कुशल हुन्छन्, कोही लेखेर बोलेर प्रशिक्षण गर्न कुशल हुन्छन्, कोही जनतामा गएर चाँडै भिज्न सक्ने र संगठन गर्न सक्ने कुशल हुन्छन् । त्यसकारण कम्युनिष्ट पार्टीको नेतृत्व भित्र कुशल संगठन हुन्छन् । कुशल नीति निर्माता हुन्छन् । कुशल संघर्ष परिचालनकर्ता, निर्वाचन परिचालनकर्ता हुन्छन् । यस्तै कुशल र सृजनशील व्यक्तिहरू मिलेर सामूहिक नेतृत्व बन्न आवश्यक पर्दछ ।

**६. संगठन कुशलता हुनुपर्दछ :**

नेतृत्वमा हुनुपर्ने महत्वपूर्ण गुणमध्ये संगठन कुशलता पनि हो । संगठन कुशलता भएका व्यक्ति नै कुशल संगठक हुन सक्छ । कुशल संगठक हुन कम्तिमा पनि निम्न कुरा हुन जरुरी छ

- मजदूर, किसान र आम श्रमिक जनताको दुख कष्ट पूर्ण जीवनलाई बुझेको, उनीहरूसँग संघर्षमा भाग लिएको व्यक्ति हुनुपर्दछ ।
- वर्ग चेतनाको स्तर खुट्ट्याउन सक्ने र वर्ग संघर्षको अवस्थाको ठीक पहिचान गर्न सक्ने हुनुपर्दछ ।
- कम्युनष्टि पार्टीको कमिटी प्रणाली, पद्धति शैलीलाई आत्मासात

गरेको हुनुपर्दछ ।

- संघर्षको विभिन्न मोर्चामा कार्यकर्ताहरूको उचित छनौट र विन्यास गर्न सक्ने हुनुपर्दछ ।
- आफ्नो मातहतको कार्यकर्ताहरूको मनोविज्ञान र कार्यक्षमता बुझेको हुनुपर्दछ ।
- कार्यकर्ता निर्माण र विकास गर्ने क्षमता हुनु पर्दछ ।
- योजनावद्ध ढंगले उद्देश्य प्राप्तिको निम्ति योजना कार्यक्रम बनाएर काम गर्ने क्षमता राख्नु पर्दछ ।
- आफूले जिम्मा लिएको ठाउँको भूगोलको राम्रो ज्ञान हुनुपर्दछ ।
- आफूले जिम्मा लिएको ठाउँको इतिहाससँगै भाषा संस्कृतिको ज्ञान राख्नु पर्दछ ।
- आफ्नो विरोधी र समर्थकहरूको ठिक विश्लेषण गर्ने क्षमता साथै आफ्नो विरोधी पार्टी संगठनहरूको संगठनात्मक अवस्था उनीहरूको शक्तिको मूल्यांकन गर्न सक्ने हुनुपर्दछ ।

यीनै कुराहरू सँगै आम नेतृत्वमा हुनु पर्ने गुणहरू भए झन राम्रो हुन्छ । अहिले हाम्रो पार्टीमा कुशल संगठक कार्यकर्ताको अभाव छ । कुलश संगठनक हुनु संगठन कुशलता बढाउँदै लग्नु पर्दछ । एकै पल्ट सबै गुण सम्पन्न भइदैन । विस्तारै विस्तारै लगनशील भएर लागिपरे अवश्य पनि हामी कुशल संगठक बन्न सक्छौं ।

**७. दृढता हुनु पर्दछ :**

नेतृत्व निर्णय क्षमताले दृढताको परिचय दिन्छ । नेतृत्व संघर्ष प्रतिको अठोटले पनि दृढताको परिचय दिन्छ । कसैले कसैलाई वा कसैले आफू स्वयम्लाई दृढ छु भन्दैमा दृढ हुने होइन । कुनै पनि समस्या र कार्यको बारेमा राम्ररी बुझेर सोचेर समाधान दिने, संघर्षका दौरानमा तुरुन्त निर्णयहरू नै दृढ हुन्छन् । दिएका निर्णयहरूलाई घरी घरी बदल्ने नेतृत्वलाई दृढ भएको नेतृत्व मानिन्न । निर्णय गर्ने कार्यान्वयन नगर्नेहरू पनि अदृढ मध्य नै पर्दछन् । ठूला ठूला संघर्षको गफ हाक्ने तर संघर्षको

मैदानमा नेतृत्व गर्न नजान्नेहरू पनि अदृढ नै हुन्छन् । संगठन बलियो बनाउन तिर नलाग्ने केही मानिसहरूको भीड जम्मा गरेर वा भेला गरेर केही कुरो राख्न पाएपछि संगठन बनेको र बलियो भएको सम्झने, मेहनत गरेर संगठन निर्माण गर्न र सञ्चालन गर्न तिर नलाग्नेहरू पनि अदृढ मध्ये नै पर्दछन् ।

**८. व्याख्याता हुनुपर्दछ :**

नेतृत्वले पार्टीको सामूहिक निर्णयबाट आएका सिद्धान्त कार्यक्रम नीतिहरूको इमान्दारी पूर्वक व्याख्या गर्नु पर्दछ । केन्द्रीयदेखि तलसम्म पार्टी सिद्धान्त कार्यक्रम नीतिहरूको व्याख्यामा एक रुपता हुन जरुरी हुन्छ । नत्र भ्रमहरू पैदा हुन सक्छ । प्रस्तुती अलग अलग भए पनि सारमा एउटै कुरा जानु पर्दछ ।

कुनै विषयवस्तुको व्याख्या गर्दा विषय केन्द्रीत भएर क्रम मिलाएर नै गर्नुपर्दछ । विषयवस्तुहरूको व्याख्या गर्दा उदाहरण प्रमाण मिलाएर दिन सके झन् राम्रो हुन्छ । विषयवस्तुको व्याख्या गर्दा बुझ्ने र सरल भाषा प्रयोग गर्न जरुरी पनि हुन्छ । नबुझी नजानी वा विषयवस्तुको राम्रो ज्ञान नराखी खुवै जान्ने भएर व्याख्या गर्नु नराम्रो कुरो हो, नेतृत्वमा रहेका कमरेडहरूले यस्तो गर्नु हुन्न । पार्टीको सामूहिक विचार धारणाबाट बाहिर गएर आफू खुसी व्याख्या गर्ने, बानी हानिकारक हुन्छ ।

**९. इमान्दारीता हुनुपर्दछः**

नेतृत्वले आफू स्पष्ट, इमान्दार र खुलस्त हुनुपर्दछ । षड्यन्त्र, बेइमानी नेतृत्वको दुर्गुण हुन् । क्रान्तिकारी कम्युनिष्टले पार्टी भित्र गरिने गुटबन्धी, षड्यन्त्र, बेइमानीको विरुद्ध संघर्ष गर्नुपर्दछ । अगाडि केही नभन्ने पछाडी कुरा काट्दै हिँड्ने, आफूले काम बिगार्ने र दोष अरु माथि थुपार्ने, वर्ग शत्रुसँग नजिक हुन खोज्ने, पार्टीको गोपनियता खोल्दै हिँड्ने व्यक्तिहरू इमान्दार होइनन् । उनीहरू पार्टीको निम्ति घातक हुन्छन् ।

**१०. लगनशीलता हुनु पर्दछ :**

आफूले लिएको वा पाएको जिम्मेवारीका कामहरू समयमा पूरा गर्ने नेतृत्व नै लगनशील हुन् । काम चाहि गर्ने तर आफ्नो जिम्मेवारी पूरा नगर्नेहरू एक दुई दिन खुव जोशिएर काम गर्ने तर पछि निरास हुने र थान्केहरू, गफ धेरै गर्ने अल्छीहरू लगनशील नेतृत्व मानिन्न ।

एक दुई दिन क्रान्तिकारी गफ हाकेर क्रान्तिकारी हुन सजिलो हुन्छ तर जीवनभर लगातार लागि रहने अठोट लिएर लगातार काममा लागि रहने, लगातार परिश्रम गरिरहने नेतृत्व नै लगनशील कम्युनिष्ट नेतृत्व हो ।

**११. खुल्ला ह्रदयको हुनुपर्दछ :**

क्रान्तिकारी कम्युनिष्ट नेतृत्व व्यक्तिमुखी, व्यक्तिवादी हुन सक्दैन । यो मेरो नजिकको, उ यसको नजिकको भनी सोच्ने र व्यवहार गर्ने नेतृत्वले गुट मात्र जन्माउँछ, गुटको मात्र नेतृत्व गर्छ, पार्टीको गर्न सक्दैन । नेतृत्व खुल्ला हृदयको हुनुपर्दछ भन्नु विशाल ह्रदयको हुनुपर्छ भन्नु नै हो । आफूसँग असन्तुष्ट, आफूलाई आलोचना गर्ने, आफूसँग मदभेद राख्ने वा आफू विरोधीहरूको समेत मन जित्न सक्ने नेतृत्व नै कुशल हुन्छन् । आफूसँग मतभेद राख्ने असन्तुष्टहरूलाई 'किनारा लगाई दिन्छु' भन्दै रिसइवी राख्ने नेतृत्व संकीर्ण गुट स्वार्थबाट प्रेरित हुन्छ । यस्तो नेतृत्व खुल्ला होइन, कप्टी नेतृत्व हो ।

**१२. योजना (कार्यक्रम) निर्माण गर्ने त्यसको परिधिभित्र रहेर काम गर्ने हुनुपर्दछ**

नेतृत्वले विना योजना काम गर्ने गर्नुहुन्न । दैनिक, मासिक, अर्धवार्षिक, वार्षिक योजना बनाएर योजनाको स्पष्ट लक्ष, उद्देश्य किटान गरेर काम गर्नु गराउनु पर्दछ । विना योजना संगठन निर्माण गर्नु, संघर्ष परिचालन गर्नु ठिक हुन्न । यसरी जाँदा ठूलो क्षति हुन सक्छ । मनमा कुरो उठ्ने बित्तिकै त्यसको सकारात्मक नकारात्मक पक्ष, प्रभाव सबै कुराको

राम्रो विश्लेषण - अध्ययन नगरी काम गर्ने बानि पनि राम्रो होइन । धान्न सक्ने योजना बनाएर काम गर्नुपर्दछ । योजना धेरै बनाउने, मिठा मिठा कुरो धेरै गर्ने काम भने कतैको पनि पूरा नगर्ने नेतृत्व पनि कुशल होइन ।

### १३. हिनताबोध हुनुहुँदैन :

हिनताबोधले नेतृत्व निर्माण र विकासमा बाधा पुऱ्याउँछ । मैले जानेको छैन भनेर भित्र भित्र गुम्सेर बस्ने, अध्ययन नगर्ने, जनता माँझ नजाने, संगठन नगर्ने र बोल्न हिचकिचाउने बानी त्याग्नुपर्दछ । मान्छे एकैपल्ट जान्ने हुँदैन । हिनताबोध त्यागेर मेहनत गर्नेहरू सफल हुन सक्छन् । 'त्यत्रो मेहनत गरेर बनाएको पार्टी त फुट्यो अब के गर्ने ?' भनेर निधारमा हात राखेर दिनरात चिन्ता गर्दैमा समस्या हल हुन्न- यो पनि एक प्रकारको हिनताबोध हो । त्यो नेता पनि स्वार्थी भयो यो नेता पनि बिग्रियो अब क्रान्ति हुन्न अब म पनि चुप लागेर बस्छु । यसप्रकारको अभिव्यक्ति पनि निराशाबाट जन्मिएको हिनताबोध नै हो । पहल कदमीद्वारा नेतृत्व नलिने तर म ठूलो नेता हुँ मलाई सबैले ठूलो नेता किन मान्दैनन् मान्नुपर्छ भनी अहं र आत्मकेन्द्रित सोच भित्र पनि हिनताबोध हुन्छ । क्रान्तिकारी कम्युनिष्टहरूले आफ्नो पार्टीभित्र पनि बर्बाद पनि लगातार गलत अन्याय, नसहने अवसरवाद विरुद्ध लगातार संघर्ष गरी रहनुपर्दछ । सही मार्क्सवादी लेनिनवादी अडानहरूमा रहेर निराशा र हिनताबोध विरुद्ध संघर्ष गरिरहनु पर्दछ ।

### १४. निर्भिकता हुनुपर्दछ :

क्रान्तिकारी नेतृत्व निर्भिक हुनु जरुरी हुन्छ । निर्भिकता, सिद्धान्त, विचार र राजनीतिक हुनुपर्दछ । निर्भिकता प्रतिक्रियावादीहरूको शत्रुहरूको पंजामा पर्दा वा जेलमा पर्दा हुनुपर्दछ । निर्भिकताको अर्को नाम भयबाट मुक्त हुन र लडाकू पनि हो । दलाली प्रवृत्ति अरुको मुख ताक्ने प्रवृत्ति चाकडी चाप्लुसे प्रवृत्ति ढुलमुलेपन कायरता र अनिर्भिकताको पहिचान

हो । निर्भिकहरू आफ्नो कुरा निर्धकतासाथ राख्दछन् । न्यायको पक्षमा दृढतापूर्वक उभिन्छन् । तथ्यहरूको आधारमा सत्य कुरो बोल्छन् ।

**१५. विनम्रता हुनुपर्छ :**

नेतृत्वले विनम्र हुनुपर्छ भन्नुको अर्थ समस्याहरूलाई सुन्न सक्ने धैर्यता हुनु हो । आफू मातहतका कार्यकर्तालाई नम्र व्यवहार गर्नु हो । विवेकशील हुनु हो । आफू मातहतका कार्यकर्ताहरूलाई कटु-व्यवहार, विवेकहीन कार्य नेतृत्वको दुरगुण हो । आफ्नो कुरा मात्र फतफताई रहने अरुको कुरा ध्यानपूर्वक नसुन्नेहरू अरुको आलोचना मात्र गर्ने आफ्नो गल्ती कमी नहेर्ने चिरचिरे प्रवृत्ति, कार्यकर्तालाई हुकुमवादी शैलीबाट काम लगाउने निरंकुशतावादी प्रवृत्ति आदि विनम्रता र विवेकशीलता भन्दा बाहिर पर्दछ ।

**१६. स-चरित्रता हुनुपर्दछ :**

चरित्रले मान्छेको व्यक्तित्वको परिचय दिन्छ । लतको रुपमा नसालु पदार्थ वा पिय पदार्थ नलिने, महिलाहरूप्रति खराब दृष्टिकोण नराख्ने, साधा रहनसहन जीवनशैली बिताउने, भड्किलो नहुने, खर्चिलो नहुने नेतृत्व नै वास्तवमा राम्रो चरित्र भएको वा सचिरत्र नेतृत्व हो । कमिशन एजेन्टको एजेण्ट हुने पार्टी पद उपयोग गरेर कालो धन आर्जन गर्ने, भ्रष्ट्राचार गर्ने, अन्य आर्थिक अनियमित कार्यहरू गर्ने नेतृत्व पनि सचरित्रता भित्र पर्दैन ।

**१७. अध्ययनशील हुनुपर्दछ :**

नेतृत्वले मेहेनतपूर्वक नियमित अध्ययन गर्नु अध्ययनलाई वस्तुगत स्थितिसँग जोडेर सृजनशील गर्ने बानी बसाउनुपर्छ । सरसर्ती राम्ररी नबुझ्ने तरिकाले, समस्यासँग नजोडी अध्ययन गर्ने बानी छ भने फेर्नुपर्छ । अध्ययन गर्दा नोट बनाउने (मुख्य मुख्य बुँदाहरू टिपेर) गर्नु राम्रो हुन्छ । नेतृत्वले अध्ययन गरेको कुरा स्पष्टसँग अरुलाई बुझाउने क्षमता पनि राख्नु पर्दछ ।

## १८. जनप्रिय हुनुपर्दछ :

पार्टी नेतृत्वले जनप्रिय हुनु निम्न कुरामा ध्यान दिनुपर्छ :

- जनसेवा, जनहित र जनकल्याणको निम्ति आफूलाई स्वयम् सेवकको रुपमा समर्पित गर्नुपर्दछ ।
- जनताका समस्याप्रति चासो राख्ने विकास निर्माणका कार्यहरूमा नथाकी लागि पर्ने हुनु पर्दछ
- आफ्नो मुलुकका सबै जाति जनजाति बीचको एकता उनीहरूको भाषा, संस्कृति र जातीय उत्थानको निम्ति समर्पित हुनुपर्दछ ।
- कम्युनिष्ट पार्टीलाई मजदूर किसान र आम श्रमिक जनताको बीचमा उभ्याउनु पर्दछ र यीनै वर्गलाई आफ्नो सिद्धान्त र विचारको स्रोत बनाउनु पर्दछ ।
- नेतृत्वले देशको माटो, पानी, प्रकृतिलाई माया गर्नु पर्दछ । राष्ट्र हित गर्न निरन्तर तत्पर रहनु पर्दछ ।
- देशभक्त क्रान्तिकारी भावनाले ओतप्रोत हुनुपर्दछ ।
- नेतृत्वले जनतासँग माछा र पानीको सम्बन्ध राख्न पर्दछ, जनतारुपी माटोमा फल्न र फूल्न जान्नु पर्दछ ।

## १९. अनुशासित हुनुपर्दछ :

पार्टी नेतृत्वले अनुशासित हुनु निम्न कुरामा ध्यान दिनुपर्छ

- पार्टी विधानको पालना गर्ने ।
- पार्टीको आफ्नो नेतृत्वलाई पालना गर्ने ।
- पार्टीको तल्लो कमिटीले माथिल्लो कमिटीको निर्णयलाई पालना गर्ने
- कमिटी निर्णय उल्लघन नगर्ने ।
- अल्पमतले बहुमतको निर्णय मान्ने र बहुमतले अल्पमतलाई कदर गर्ने कम्युनिष्ट पद्धतिलाई पालना गर्ने ।

- पार्टी कमिटीको गोपनीयता भंग नगर्ने ।
- पार्टी आचार संहिता पालना गर्ने ।
- समयको महत्व बुझी समयको पावन्दीभित्र काम गर्ने

**२०. विश्व वन्धुत्वको भावना हुनुपर्छ ।**

विश्वको कुनै पनि कुनामा रहने क्रान्तिकारी कम्युनिष्ट नेतृत्वले हाम्रो पार्टीको तलदेखि माथिसम्म नेतृत्वले उच्च विश्व बन्धुत्वाको अन्तर्राष्ट्रियतावादी भावनाको प्रतिक हुन निम्न कुरामा ध्यान दिनुपर्छ ।

- मान्छेले मान्छेलाई गर्ने शोषण उत्पीडनको विरुद्ध संघर्षमा एकता ।
- एक राष्ट्रले अर्को राष्ट्रमाथि गर्ने हस्तक्षेप, आक्रमण, उत्पीडन विरुद्ध संघर्षमा एकता ।
- आणविक र अन्य युद्ध विरुद्ध विश्वशान्ति प्रगति र विकासमा जोड दिनुपर्छ । प्रकृति, पृथ्वी, मान्छे अभिन्न हुन पृथ्वीमा बसोबास गर्ने हरेक प्राणीहरूको हितको रक्षा हुनुपर्छ ।
- पूँजीवादी, साम्राज्यवादको विरुद्ध वैज्ञानिक समाजवाद, साम्यवादको पक्षमा दृढतापूर्वक उभिनु पर्दछ ।
- यसरी हरेक कम्युनिष्टले संसार भरिका सर्वहारा जनता बीच एकताको प्रतिक हुनुपर्दछ ।

# भारतमा रहने नेपालीहरूको स्थिति, समस्या र समाधानका केही सुझावहरू

भारतमा नेपालीहरूको स्थिति भारतमा दुई खाले नेपालीहरू छन् । एक भारतीय नेपालीहरू जसले भारतीय नागरिकता लिएका छन् वा लिन चाहन्छन् र भारतमा नै बसी भारतीय समाजको एउटा अंश हुन चाहन्छन् । दोस्रो प्रवासी नेपालीहरू जसले नेपाललाई आफ्नो देश मान्दछन् र भारतको कुनै पनि खाले काम वा श्रम गरेर फेरि नेपाल फर्कन चाहान्छन् । (यी दुवै खाले नेपालीहरूलाई स्थायी वा अस्थायी नेपालीहरू पनि भन्न सकिन्छ) । को भारतीय नागरिक नेपाली र प्रवासी नेपाली भनी छुटाउँदा हामीले भावनामा बगेर होइन वस्तुगत यथार्थमा रहेर नै छुट्टाउनु पर्दछ ।

**दुईथरी नेपालीहरूको वर्गीकरण**

**भारतीय नेपालीहरू**

क असमान सुगौली सन्धी सन् १९१६ पछि नेपाली भूमि भारतमा गाभिदा भारतीय नागरिक भएका नेपालीहरू

ख प्रवासी नेपालीहरू लामो समयसम्म नै बसी स्वेच्छाले भारतीय नागरिकता ग्रहण गरेकाहरू वा जन्मसिद्ध नागरिक हक पाएकाहरू

ग नेपाली मूलका सेनाहरूलाई भारत सरकारले भारतीय भूमिमा कहीँकहीँ बसोबास गराएपछि स्वत भारतीय नागरिकता ग्रहण

गरेकाहरू

घ जमिनको स्वामित्व प्रयोगको निम्ति नोकरी संरक्षणको निम्ति मात्र नागरिकता लिएका वा भोट लिस्टमा नाम लेखाई नागरिक अधिकारको प्रयोग गरेकाहरू ।

ङ नेपालमा सामाजिक अपराध गरी त्यसबाट बच्न भारतीय नागरिकता लिई त्यहीँ बसेकाहरू

**प्रवासी नेपालीहरू**

क श्री ५ को सरकारले खटाएका कर्मचारीहरू जस्तै राजदूतावास र वाणिज्य दूतावासका कर्मचारीहरू

ख श्री ५ को सरकारले छात्रवृत्तिमा पठाएका विद्यार्थीहरू

ग स्वेच्छाले पढ्न गएका विद्यार्थीहरू

घ सेना वा पुलिसमा भर्ती भएकाहरू

ङ. नोकरी वा श्रमको खोजीमा गएकाहरू

च पशु पालन व्यवसायमा लागेकाहरू वा अधियामा जमिन कमाउनेहरू ।

छ धार्मिक तीर्थ भर्न बसेकाहरू

ज राजनीतिक कारणले प्रवासी भएकाहरू

ज नेपालमा सामाजिक अपराध गरेर जस्तै चोर,ी डकैती, तस्करी वा हडनातासँग अनैतिक सम्बन्ध कायम गरेर नेपाल बस्न नसकी अपराध छल्न भारत पसेकाहरू

ञ नेपाली नारीहरू बिक्री गरिएका बाध्यतावश भारतीय भूमिमा (विशेष गरेर विभिन्न सहरहरूमा) वेश्यावृत्ति गरिरहेकाहरू वा स्वेच्छाले वेश्यावृत्ति गर्नेहरू

ट कुनै पनि खाले अनुसन्धान कार्यमा लागेका नेपालीहरू ।

**भारतमा भारतीय नेपाली र प्रवासी नेपालीहरूको सामाजिक आर्थिक स्थितिहरू ।**

जरुर भारतमा पनि यी दुवै खाले करिब ८० लाख नेपाली वर्गहरूमा विभाजित छन् । कोही शोषक छन् कोही शोषित छन् । सामान्य अर्थमा धनी र गरिब दुवै छन् । भारतमा अधिकांश नेपालीहरू शोषण उत्पीडन बेइज्जती र हेला होचोको गरिबी जिन्दगी बिताइरहेका छन् नेपालमा सामन्तवाद र साम्राज्यवादको मिलेमत्तोबाट जन्मिएको असमान आर्थिक सामाजिक स्थितिहरूको शोषण उत्पीडन दमनमा परेर विदेशिन बाध्य भएका नेपालीहरू तावाबाट उफ्रेको माछा भुंग्रोमा परे झैँ भएका छन् ।

रहलपहल बासीखाना र साह्रै कम तनाखामा भारु ३० देखि १५० र २०० सम्ममा दिनरात होटल र रेस्टुराहरूमा भाँडा माझ्ने खाना पकाउने र व्यस्याको काम गर्ने श्रमिक नेपालीहरूले बेइज्जतीपूर्ण नाम कान्छा र बहादुर पाएका छन् । यो लेखक स्वयंलाई भारतको बिहार राज्यको नरकटियागंज रक्सौल र मजफरपुरमा यहि उपेक्षित नामबाट सम्बोधित भएर २०३३ सालमा दुई चार महिना होटलहरूमा भाँडा माज्ने र खाना पकाउने काम गरेको स्मरण यी पंक्तिहरू लेख्दा निकै आइरहेको छ । रातभरि सहरका मोहल्ला र टोलहरूमा नसुती चिच्याउने इमान्दार चौकीदारहरू कारखाना होटेल विद्यालय आदि ठाउँहरूमा चौकीदारी काम गर्नेदेखि सेट सेठनीहरूको महाजन महाजननीको खाना पकाउने बर्तन माज्ने यतिसम्म कि रातदिन खुट्टा र जिउ माडिदिने अर्धदासको जिन्दगी पनि नेपाली दाजुभाई दिदीबहिनीहरूले बिताउनु परेको छ । कोही नेपाली दिदीबहिनीहरू धाईको काम गर्नेहरू छन् भने कोही बेस्याको जिन्दगी पनि बिताइरहेका छन् । अधिकांश भारतीय शहरहरू जस्तै कलकत्ता बम्बई दिल्ली, मद्रास लखनौ कानपुर गोरखपुर गुहाटी सिलगुडी मजफरपुर पटनामा धेरै नेपालीहरूको पेशा यस्तै छ । डाईभर र हेन्डीलम्यान (खलासी) हरू पनि पाईन्छन् । फ्याक्ट्री र कारखानाहरूमा मजदुर पेशामा नेपालीहरू केही मात्रामा छन् भन्न सकिन्छ । खानीमा खनकको काम गर्नेहरू पनि भेटिन्छन् । कसैले

सरकारी नोकरी पाएका छन् । केही नेपालीहरू ससाना व्यापार व्यवसायमा पनि लागेको पाइन्छ ।

आसाम मणिपुर मेघालय नागाल्यान्ड त्रिपुरा मिजोरमा आदि ठाउँहरूमा धेरै नेपालीहरू पशुपालन र खेतीपातीमा लागेको पाउँछौं । जंगल फडान कार्यहरूमा पनि धेरै नेपालीहरू छन् । धेरै लामो समयदेखि यी व्यवसाय गरेर त्यस भेगको उन्नति र विकासको निम्ति नेपालीहरूले योगदान गरेको पाइन्छ आसामका चिया बगानहरू र भारतीय पूर्व भेगका यी राज्यहरूमा नेपालीहरूले घनघोर जंगल र मलेरियासँग अनि डरलाग्दा पशुहरूसँग जीवन मरणको संघर्षको लामो इतिहास कोरी सकेका छन् ।दार्जिलिङ कक्सु बेतिया र देहरादुनतिरका नेपालीहरू धेरैजसो भारतीय नागरिक छन् । उनीहरूले नेपाली भाषा र संस्कृतिको संरक्षणको निमित्त उल्लेखनीय काम गरेका छन् । अन्य क्षेत्रका नेपालीहरूले गरेका छैनन् भन्न खोजिएको होइन । नेपाली र भारतीय साहित्यको पुल बनेर भानुभक्त र रविन्द्रनाथ टाइगोर देवकोटा र बच्चनलाई साझा प्रतिभा मानेर नेपाली साहित्यका प्रतिभाहरू पनि यस क्षेत्रले जन्मायो । भारतीय संविधानको आठौं अनुसूचीमा नेपाली भाषालाई सम्मिलित गर्ने भारतीय नेपालीहरूको अधिकार पूर्ण न्यायचित संघर्षहरू यस भेगबाट थालनी भएको पाइन्छ ।

सिक्किमका नेपालीहरूको आफ्नो इतिहास छ सिक्किमको उन्नति र विकासको निम्ति र सिक्किमको इतिहासलाई नयाँ मोड दिन समेत त्यहाँका नेपालीहरूको ठूलो भूमिका देखिन्छ । सिक्किम भारतीय संघमा गाबिएपछि सिक्किमी नेपालीहरू स्वत भारतीय नेपाली बनेका छन् सिक्किमका अधिकांश नेपालीहरू त्यहीकै नागरिक छन् वा हुन चाहन्छन् हालै ३० हजार नेपालीहरूले भारतीय नागरिकता प्राप्त गर्न संघर्ष चलाइरहेको कुरा तपाईं हामीहरूलाई अवगत नै छ ।

नेपालीहरूको यस्तो स्थितिहरूले के स्पष्ट गर्दछ भने अलगअलग भेगका केही अलग अलग समस्याहरू छन् । केही समान छन् हामीले यी यथार्थहरूको अझ गहिरो अनुसन्धान गरेर तथ्यहरूको आधारमा वास्तविक

सत्य खोज्नुपर्छ हामीले यस बारेमा अझ विस्तृत अनुसन्धान कार्य गर्न आवश्यक छ ।

**भारतमा नेपालीहरूको समस्याहरू**

भारतमा नेपालीहरूको समस्याहरूको अध्ययन गर्दा हामीले भारतीय नेपाली र प्रवासी नेपालीहरूको अलगअलग साथै समान समस्याहरू बारेमा दृष्टि पुऱ्याउनुपर्छ । एकलाई छाडेर अर्कोको मात्र कुरा उठाउनु समस्याहरूको बारेमा आंशिक जानकारी मात्र ठहरिन सक्छ ।

भारतीय नेपालीहरूको समस्या विशेष गरेर भाषा संस्कृतिको संरक्षणको समस्याहरू नागरिकता प्राप्ति र समान नागरिक अधिकारको उपभोग गर्न पाउने हकहरू प्राप्त गर्ने समस्याहरू त्यस्तै इज्जत साथ संगठित भएर बाँच्न पाउने समस्याहरू पनि उठेको देखिन्छ प्रवासी नेपालीहरूको समस्याहरूमा नेपाल र भारत सरकार बीचको वैध सन्धिहरूले प्रदान गरेको हक अधिकारहरूको पूर्ण प्रयोग गर्न नपाएका समस्याहरू अन्तर्राष्ट्रिय कानुनहरू श्रम कानुनहरूले प्रवासीहरूलाई दिएको अधिकार प्राप्त गर्ने वैजती र उपेक्षासँग जुध्ने अन्याय अत्याचार र शोषणको विरुद्ध संगठित आवाज उठाउने प्रवासी नेपालीहरूको सामाजिक संगठनको ढाँचा रूप र नीतिहरू व्यवहारिक ढंगले निर्धारण गर्ने समस्या उठिरहेको देख्न सकिन्छ त्यस्तै अशिक्षित नेपालीहरूलाई शिक्षित बनाउने समस्याहरू पनि देखिन्छ ।

**समस्या समाधानका लागि केही सुझावहरू**

समस्याको समाधान खोज्दा नेपाल र भारतका वर्तमान व्यवस्थालाई मध्यनजर राख्नुपर्दछ । दुवै सरकारहरूको यस समस्याप्रतिको वर्तमान दृष्टिकोणलाई पनि राम्ररी बुझ्न आवश्यक छ । नेपाल र भारत सरकारहरू बीच भएका मैत्री सन्धिहरूलाई पनि दृष्टिगत गर्नुपर्छ । यी तीन कुराहरू सँगसँगै नेपाली र भारतीय जनता बीचको सदियौं पुरानो

राजनीतिक, आर्थिक, धार्मिक र सांस्कृतिक जगमा निर्मित ऐतिहासिक मैत्री सम्बन्धहरूलाई गहिरो दृष्टि दिनुपर्दछ ।

हामीले समस्याको समाधान खोज्न हाम्रो देशबीचको वास्तविकतातिर ध्यान केन्द्रित गरेर खोज्नुपर्छ । अन्तर्राष्ट्रिय अन्य अनुभवहरूलाई ध्यान नदिने भन्ने मेरो भनाइ होइन । ध्यान दिनुपर्छ तर नक्कल गरेर समस्या समाधानको बाटो खोज्नाले समाधान होइन अरु ठूलो समस्या जन्मन सक्छ ।

समस्या समाधानको निम्ति भारत र नेपालको सरकारहरूले व्यवहारिक ढंगले सोच्नुभन्दा आंशिक रुपमा आआफ्नो स्वार्थपूर्ण हितमा उग्र ढंगले सोचेको पाइन्छ सन् १९५० को शान्ति तथा मैत्री सन्धिलाई एकातिर थन्काएर व्यवहारिक ढंगले नवीकरण गर्ने हिम्मतसम्म नगरी एकातिर भारत सरकारले आफ्नो केन्द्रीय गृह मन्त्रालयबाट नेपालीको हुललाई नियन्त्रण गर्न जारी गरेको परिपत्रमा भारतमा नेपाली मूलका भारतीय नागरिक र नेपाली मूलका प्रवासी गरी दुई थरिका नेपाली भएता पनि सबै नेपालीलाई लखेट भनि लेखिएको छ । यस्तो परिपत्र सन १९७६ देखि गुप्त रुपमा बारम्बार भारत सरकारले पुर्वी भेगका राज्य सरकारहरूलाई पठाई रहेको छ अर्कोतिर नेपाल सरकारले आफ्नो दृष्टिकोणलाई अप्रत्यक्ष रुपमा हर्क गुरुङ प्रतिवेदनमा ल्याएर सीमा बन्द गर्ने जस्ता अहिलेको निम्ति अव्यवहारिक ढंगले समाधान खोज्न लागेको देखिन्छ । यी दुवै सोचाइहरू नेपाली र भारतीय जनताको सदियौं पुरानो मैत्रीलाई खल्बल्याउने प्रतिक्रियावादी सोचाई हुन् ।

नेपालमा ल्याइएको हर्क प्रतिवेदनले पञ्चायती व्यवस्थाप्रति बढ्दो जनअसन्तोषलाई अप्रत्यक्ष त भारततिर मोड्ने राजनीतिक चाल पनि खेल्न खोजेको छ भने अर्कोतर्फ तराईबासी र पहाडवासी नेपालीहरू बीच साम्प्रदायिक दंगाको बिउ रोप्न खोजेको छ । यसबाट नेपाली प्रगतिवादी जनताहरू सर्तक रहनुपर्छ ।

दीर्घकालीन रूपमा यस समस्याको समाधान नेपाल र भारतको व्यवस्थामा अर्थात् सामाजिक आर्थिक बनौटमा आधारित आधारभूत परिवर्तनबाट मात्र सम्भव छ । जरुर व्यवहारिक रुपमा समस्याको समाधान खोज्नु जटिल र गाह्रो छ । हामी तल उल्लेखित बुँदाहरूलाई समस्या समाधानको निम्ति सुझावसम्म भन्न सक्छौं ।

१ नेपाल र भारतका सरकारहरूले यस विषयलाई लिएर चरणचरण गरी वार्ता सुरु गर्नुपर्छ ।

२ दुवै सरकारहरूले आफ्नो देशका राजनीतिक समूह र सम्बन्धित सामाजिक संगठनहरूमासँग प्रत्यक्ष कुराकानी गरी सुझावहरू संग्रह गर्नुपर्छ ।

३ दुवै सरकारका बीचका वार्ताहरूमा आवश्यक पर्दा सम्बन्धित सामाजिक संगठनहरूको प्रतिनिधिहरू समेतलाई सामेल गर्ने वातावरण तयार गर्नुपर्छ ।

४ निश्चित अवधि तोकी नागरिकता लिन चाहनेहरूलाई नागरिकता दिने र प्रवासीहरूलाई आआफ्नो देशमा प्रवासी प्रमाणपत्र दिनुपर्छ ।

५ दुवै सरकारले व्यवहारिक र कानुनी रुपमा समस्यालाई हल गर्न प्रवासी ऐन बनाउनुपर्छ ।

६ प्रवासीहरूलाई अन्तर्राष्ट्रिय कानुनहरूद्वारा प्रदत्त अधिकार साथै दुवै देशको वैध सन्धी सम्झौताहरूले दिएको अधिकारलाई पूर्ण प्रयोग गर्नुपर्छ ।

७ माथि उल्लेखित सुझाव नम्बर ४ र ६ लाई पूरा गरी प्रवासीहरूलाई भोट दिई नागरिक अधिकार प्रयोग गर्नबाट रोक्नुपर्छ । उनीहरूलाई जमिन खानी वा कारखानाहरूमा निजी स्वामित्व प्राप्त गर्नबाट रोक लगाउनुपर्छ र कुनै पनि तरिकाले । बिक्री वितरण समेत गर्न नपाउने व्यवस्था गर्नुपर्छ दोहोरो नागरिकता लिनेहरूलाई चेतावनी दिने र कडा कारबाही समेत गर्ने नीति लिनुपर्छ ।

८ नेपाली मूलका भारतीय नागरिक र समसना भारतीय मूलका नेपाली नागरिकहरूलाई दुवै सरकारले आफ्नो देशको नागरिक सरह पूर्ण हक अधिकार दिनुपर्छ । उनीहरूको भाषा र संस्कृतिको संरक्षणमा सहयोगी भूमिका निभाउनुपर्छ ।

९ सन् १९५० को नेपाल र भारत सरकारबीच सम्पन्न भएको शान्ति तथा मैत्री सन्धिमा रहेका असमान बुँदाहरूलाई हटाएर न्यायचित ढंगले मैत्री सन्धिलाई नवीकरण गर्नुपर्छ ।।

१० नेपाल सरकारले असंलग्न सिद्धान्तको पुर्ण रूपमा पालना गर्न भारतीय सेनामा नेपाली नागरिक पठाउने काम क्रमिक रुपमा रोक्नुपर्छ र नेपालीहरूलाई रोजगारीको ग्यारेन्टी गर्ने आर्थिक कार्यक्रम सञ्चालन गर्नुपर्छ । भारत सरकारले पनि असंलग्न सिद्धान्तको संरक्षणको निम्ति यस काममा नेपाल सरकारलाई सहयोग पुर्याउनुपर्छ ।

११ दुवै सरकारहरूले राजनीतिक शरणार्थीहरूलाई सम्मान राख्नुपर्छ उनीहरूको विचार अभिव्यक्त गर्ने र सङ्गठित हुने अन्तर्राष्ट्रिय अधिकारहरूलाई हस्तक्षेप गर्नुहुन्न ।

१२ दुवै सरकारहरूले सामाजिक अपराधी चोर डाका तस्कर र हाडनातामा अनैतिक सम्बन्ध कायम गर्ने अपराधीहरूलाई प्रसय नदिने नीति लिनुपर्छ ।

१३ दुवै सरकारले शैक्षिक प्रमाणपत्रलाई मान्यता दिनुपर्छ कुनै पनि तरिकाले प्रवासी विद्यार्थीहरूलाई सताउने कार्यहरू गरिनुहुन्न कुनै पनि तरिकाले सताउनेहरूलाई कारबाही समेत गर्नुपर्छ तर चोरी शैक्षिक प्रमाणपत्र ल्याउनेहरूलाई कडा कारबाही गरिनुपर्छ ।

१४ भारतको खुल्ला वेश्व्यालयहरूमा नेपाली महिलाहरूलाई बिक्री गर्ने कार्यलाई रोक्न दुवै सरकारले प्रभावशाली कदम चाल्नुपर्छ नेपाल सरकारले केटी बेच्नेहरूलाई कडा भन्दा कडा कानुनी कारबाही गर्नुपर्छ ।

१५ प्रवासी प्रमाणपत्र लिएका प्रवासीहरूलाई निश्चित समयसम्म पशुपालन जमिन अधियाँ कमाउन र व्यापार, व्यवसाय गर्न दिने छुट प्रदान गर्नुपर्छ ।

१६ प्रवासी प्रमाणपत्र भएका श्रमिक प्रवासीहरूलाई आफ्नो नागरिक श्रमिकहरूसरह भारत सरकारले रासन कार्ड दिनुपर्छ जहाँ रासन कार्ड दिने चलन छ ।

१७ दुवै देशका सरकार र जनताले आफआफ्नो देशका जनतालाई प्रवासी नबन्न र आफ्नै देशमा रोजगारी गर्न जोड दिनुपर्छ । उनीहरूले आफ्नै देशका विकास कार्यमा संलग्न होउन भनि विशेष श्रम आपूर्ति केन्द्र खोल्नुपर्छ ।

१८ भारतका पुँजीपतिहरूद्वारा नेपाली बजारभित्र मनपरी मूल्य वृद्धि गर्ने र उनीहरूको नेपाली भ्रष्टाचारी प्रशासकीय ठालुहरूसँगको सम्बन्धलाई पूर्ण खतम गर्न प्रभावशाली कदम चाल्नुपर्छ ।

१९ धार्मिक तीर्थ भर्न आउने प्रवासीहरूलाई पनि सोही अनुरूपको प्रमाणपत्र दिई भारत र नेपालको सदियौं पुरानो धार्मिक सम्बन्धहरूको कदर गरी दुवै सरकारले केही सुविधा उपलब्ध गराइदिनुपर्छ ।

२० कुनै पनि खाले अनुसन्धानमा लागेका प्रवासीहरूलाई उसको अनुसन्धान कार्यहरू बुझी उचित सुविधा सहुलियत दिनुपर्छ ।

**भारतमा रहने नेपालीहरूलाई केही सुझावहरू**

भारतमा नेपालीहरू कोही संगठित छन् कोही असंगठित छन् संगठनको यस युगमा भारतमा नेपाली । हरूले संगठित भएर नै समस्याको समाधान खोज्न सकिन्छ भनी जुन विचारहरू पेश गरेका छन् ती प्रशंसनीय छन् । गोर्खा लीग गोर्खा दुःख निवारक समिति, अखिल भारत प्रवासी नेपाली संघ, अखिल भारत नेपाली एकता समाज, अखिल भारत नेपाली विद्यार्थी सङ्घ अखिल भारत स्वतन्त्र नेपाली विद्यार्थी युनियन त्यहाँका

केही प्रभावशाली संगठनहरू हुन त्यस्तै स्थानीय संघठनहरू पनि भारतमा प्रशस्त छन् । संयुक्त नेपाली महासङ्घ बम्बई, नेपाली जनसम्पर्क समिति बम्बई, लुम्बिनी सम्पर्क सदन कलकत्ता, नेपाली मानव अधिकार समिति दिल्ली आदि अनेकौं ठाउँमा नेपाली महिला समितिहरू र नेपाली साहित्य र सांस्कृतिक समितिहरू परिवारहरू पनि विभिन्न नामबाट संगठित भएका छन् । हामी आफ्ना केही सुझावहरूलाई राख्नु अगाडि यस संगठित कामको निम्ति धन्यवाद दिन चाहन्छौँ । जरुर काम गर्दा सकारात्मक र नकारात्मक पक्षहरू रहन सक्छन् त त्यस्तै तपाईंहरूको संगठित प्रयासहरूमा यी दुवै पक्षहरूले भारतीय नेपाली र प्रवासी नेपालीहरूलाई एकै ठाउँमा वा अलगअलग संगठित गरेर आफ्नो प्रकारले नेपालीहरूलाई शिक्षित बनाउने क्रममा ठूलो भूमिका निभाउनु भएको छ ।

तपाईंहरूले अवश्य पनि माथि उल्लेखित यस लेखमा हाम्रा सुझावहरूलाई अध्ययन गरी उपयुक्त सुझाव र सल्लाह दिन हुनेछ ताकि यस समस्याको समाधान गर्न अझ व्यवहारिक ढंगले सोच्न हामीलाई मद्दत मिलोस् । हाम्रो विचारमा तपाईहरूले दुवै सरकारहरूलाई अझ परिमार्जित तरिकाले सुझावहरू दिन जरुरी छ । तपाईहरू सबै संगठनका प्रतिनिधिहरू भेला भए राउन्ड टेबल कन्फ्रेन्स र सेमिनार वा कार्यशाला गोष्ठीहरू गरेर समस्या समाधानको बाटोतिर । अग्रसर हुन र साझा बाटोहरू खोज्न हामी जरुरी देख्छौं । यदि व्यवहारिक हुनसक्छ भने सबै संगठनहरूको अखिल भारत स्तरीय महासंघ बनाउन राम्रो हुन्छ । तपाईंहरूको संगठित शक्ति र आवाजलाई दरो र प्रभावशाली बनाउन यसो गर्न आवश्यक छ ।

यदि तपाईंहरूको संगठन कुनै राजनीतिक समूहसँग सम्बन्धित छ भने त्यस्तो राजनीतिक समूहहरूले भारतमा नेपालीहरूको संगठनलाई एउटा सामाजिक संगठनकै रुपमा हुर्काउन सैद्धान्तिक र व्यवहारिक प्रयत्न गर्नु राम्रो हुन्छ । सिद्धान्तमा भने एउटा सामाजिक संगठन भन्ने तर व्यवहार

भने समूहकै जनसंगठन झैँ सञ्चालन गर्ने नीतिहरूले सामाजिक संगठनको स्वरूपलाई भङ्ग गर्न सक्छ । नेपालीहरूको एकतालाई कमजोर पार्न सक्छ । यस्तो भइ पनि रहेको छ हामी तपाईहरूसँग यस सम्बन्धमा व्यवहारिक ढंगले सोच्न आग्रह गर्छौं ।

अन्तमा हामी भारतीय नेपाली बन्धुहरूलाई आफ्नो समस्या समाधानको निम्ति भारतीय जनतासँग संगठित भएर आफ्नो अधिकारको निम्ति संघर्ष गर्न सुझाव राख्दछौं । त्यस्तै प्रवासी नेपालीहरूलाई पनि किताबी सैद्धान्तिक ज्ञानमात्र होइन भारतकै मजदुर किसान र श्रमिक जनतासँग मिलेर व्यवहारिक र सैद्धान्तिक ज्ञानबाट शिक्षित हुँदै नेपालको सामन्तवाद र साम्राज्यवाद विरोधी राष्ट्रिय जनवादी क्रान्तिमा एउटा फलामे मान्छेको रुपमा भाग लिन आग्रह गर्छौं । हामी दुवैथरी नेपालीहरूलाई क्रान्तिको निम्ति नैतिक तथा भौतिक सहयोगको माग गर्दछौं ।

*(अरुणेदय वर्ष १ अंक ७ मा विक्रम थापाको नामबाट २०४१ असारमा छापीएको मेरो यो लेख भारतका नेपाली, भारतमा रहने प्रवासी नेपालीहरूका बारेमा अध्ययन गर्नेहरूका लागि सान्दर्भिक हुनसक्छ ।*

सन् १९८४ जुलाई

# मार्क्सवाद र यसको सिर्जनात्मक प्रयोग

## १. विषय प्रवेश

मार्क्सवाद विश्व दृष्टिकोण हो, समाजलाई हेर्ने र फेर्ने वैज्ञानिक दृष्टिकोण निर्माण गर्न समेत यसले सहयोग पुर्याउँछ । त्यसकारण नेपालको सामाजिक क्रान्तिको लागि नेकपा एमाले) ले मार्क्सवाद–लेनिनवादलाई मार्गदशक सिद्धान्त मानेको छ । नेपाली क्रान्तिको कार्यक्रम जनताको बहुदलीय जनवाद, मार्क्सवाद लेनिनवादको नेपाली धर्तीमा सृजनात्मक प्रयोग गर्न तयार पारिएको कार्यक्रम हो । सृजनात्मक प्रयोग भनेको हामीले हाम्रो मुलुकको वास्तविकता, विशिष्टता र विशेषताहरूलाई आफ्नो चेतना र बुद्धि, व्यवहारले सिंगारेर आफ्नै मौलिक कार्यक्रम निर्माण गर्नु हो । हाम्रो व्यवहारहरूले नै हाम्रो सिद्धान्तहरूको पनि निर्माण गर्छ । हाम्रो व्यवहार भनेको यँहीको मान्छे, माटो, हावा पानी समग्र प्रकृति, भौतिक उन्नती, सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक मूल्य, मान्यता, नैतिकता, हामीले व्योहोरेको वर्ग संघर्ष र आन्दोलनहरूबाट नै जन्मछन् । अरुको सिद्धान्त सापट लिएर होइन आफ्नो व्यवहारबाट सिद्धान्त निर्माण गर्न सक्नेहरू नै सफलताका भागिदार हुन सक्छन् । मार्क्सवाद लेनिनवादले यँही कुराको शिक्षा दिएको छ । सिद्धान्तलाई व्यवहारको कसीमा घोट्नु फेरि पुनः खारिएको सिद्धान्तलाई व्यवहारमा लग्नु यस्तै प्रकृयाबाट जनताको क्रान्तिको सिद्धान्त र कार्यक्रमहरू निर्माण हुन्छ ।

मार्क्सवाद कसरी निर्माण भयो, यस्को स्रोत के हो ? यसबारे थोरै चर्चा गरौं । जर्मन दार्शनिकहरू हेंगेल र फायरबाख युरोपमा सामन्तवाद

पूंजीवादमा संक्रमण भइरहेको सयममा पूँजीवादी चिन्तन प्रणाली विकसित गर्ने चर्चित विचारकहरू हुन् । कार्लमार्क्सले हेगेल्स र फायरवाख दुबै पदार्थको अस्तित्व द्वन्द्वलाई स्वीकारेका हुन् तर द्वन्द्वका नियमहरू, परिवर्तन नियमहरूलाई उनीहरूले राम्ररी वुझ्न् नसक्नुले नै 'कुनै रहस्यमय शक्तिको हात होला' भनी भावनाको सागरमा दौडिने यी भाववादी दार्शनीकहरूको कमिकमजोरीको खण्डन आलोचनाबाट नै मार्क्सवादी दार्शनिक दृष्टिकोण द्वन्द्वात्मक भौतिकवाद एवं ऐतिहासिक भौतिकवादको निर्माण हुन महत्वपूर्ण योगहरू हरेको हुँदा यो मार्क्सवादी दर्शनको स्रोत हो ।

सोह्रौ शताब्दीवाट शुरु भएको इंगलैण्डको औद्योगिक क्रान्तिले प्रमुख दुई नयाँ वर्गहरूलाई अगाडि ल्यायो । त्यो थियो पूँजीपति वर्ग र सर्वहारा मजदूर वर्ग । सामन्तवादको ठाउँ पूँजीवादले लिदै गयो । पूँजीवादी आर्थिक सम्बन्धका सिद्धान्तहरू एडम स्मित, वेडिव रिकार्डो लगायत नयाँ नयाँ पूँजीवादी आर्थिक सिद्धान्तहरूले अगाडी ल्याए पछि त्यस्को अध्ययन आलोचना - खण्डनबाट कार्लमार्क्सले श्रम मूल्यका नयाँ सिद्धान्त, अतिरिक्त मूल्यको सिद्धान्तको खोज गर्नुभयो । इंगलैण्डको सर्वहारा मजदूर मार्क्सको नयाँ राजनीतिक आर्थिक सिद्धान्तका निम्ति प्रेरणा स्रोत हो ।

त्यस्तै मार्क्सवादको तेस्रो स्रोत सन् १७८९ मा फ्रान्सको राज्य क्रान्ति, सामन्तवाद विरुद्ध फ्रान्सको जनताको कान्ति जस्ले विश्वमा पहिलो पल्ट समानता, स्वतन्त्रता र भातृत्वको नारा अगाडि सारेको थियो । सत्तामा आएपछि फ्रा'न्सका पूँजीपति वर्गले मजदूर किसान लगायत फ्रान्सका जनतलाई धोका दिएपछि समानता, स्वतन्त्रता र भातृत्वको नारालाई रर्वट ओरवेन, चाल्स फूरिए जस्ता काल्पनिक समाजवादीहरूले व्यवहारमा लागु गर्न खोजे तर उनीहरू असफल भए । कार्लमार्क्सले फ्रान्सको राज्य क्रान्तिबाट वैज्ञानिक समाजवादी सोच र दृष्टिकोण निर्माण गर्न धेरै कुरा सिक्नु भएको थियो । त्यसकारण मार्क्सवाद निर्माणमा फ्रान्सको राज्य क्रान्ति महत्वपूर्ण स्रोत मानिन्छ ।

सन् १८४८ मा कार्लमार्क्स र फेड्रिक एंगेल्सले कम्युनिष्ट घोषणा

पत्र विश्व सामू राख्नु भएको १५५ वर्ष वितिसकेका छन् । विश्वमा ठूला ठूला परिवर्तनहरू भएका छन् । भ.ई. लेनिनले सन् १९१४ मा पूँजीवादको चरम अवस्था साम्राज्यवाद भन्ने राजनीतिक अर्थशास्त्रमा खोजपूर्ण सिद्धान्त अघि सार्नुभएको थियो । 'पूँजीवाद' एकाधिकारवादबाट कसरी पूँजीवाद 'साम्राज्यवाद' विकसित भयो त्यस्को खोज अनुसन्धान गर्दै तीन प्रमुख कुराहरू लेनिनले अघि सारेका थिए :-

- वितिय पूँजीको केन्द्रीकरणले आर्थिक–साम्राज्यवाद जन्माउँछ ।
- पूँजीको केन्द्रीकरणले सामाजिककरण पनि अघि ल्याउँछ ।
- पूँजीवादको चरम अवस्था साम्राज्यवाद हो यस्को अन्त्यको शुरुवात पनि यहीबाट हुन्छ । साम्राज्यवादको पतन र समाजवादको उदय अनिवार्य छ ।

आजको विश्वमा वित्तिय पूँजीको केन्द्रीकरण, विश्व बैंक, अन्तर र्िष्ट्रिय मुद्राकोष, वहुराष्ट्रिय निगमहरूमा रहेको छ । करिव ७० प्रतिशत भन्दावढी वित्तिय पूँजी यिनै संस्थाहरूमा छन् । अमेरिकी साम्राज्यवादको औजारको रुपमा यी संस्थाहरू देखापरेको तथ्य दिनको घाम भै छलंग छ । अमेरिका, जर्मन, फ्रान्स, वृटेन, स्पेन, क्यानडा, जापान लगायतको पूँजीपतिहरूको शेयर यी संस्थाहरू छन् । करिव ४५ प्रतिसत शेयर अमेरिकाको छ । साम्राज्यवादलाई प्रतिनिधित्व गर्ने मुलुकहरूबाट गरिव देशहरूलाई आउने अनुदान सहयोग, ॠण माफि, भिन्न भिन्न अन्तर्राष्ट्रिय मानव अधिकार, वातावरण शान्तिसँग सम्बन्धित संस्थाहरू साथै मानवीय एवं सामाजिक सहयोय आउने रकमहरू सामाजिकरणका उदाहरण हुन । यस्ले सामाजिकिकरणका केही तस्वीर अगाडि ल्याएको छ । लेनिनले भन्नु भएको तेस्रो कुराको विवेचना समिक्षा गर्दा के देखिदैछ भने पूँजीवादीले समाजवादीहरूबाट खास खास कुरा सापट लिएको देखिन्छ र पूँजीवादले आफ्नो लाज ढाँक्न आर्थिक जीवनका निश्चित क्षेत्रहरूमा सरकारी हस्तक्षेप, उपभोक्ताहरूको हित, राज्यद्धारा संरक्षण, श्रमिकलाई वेतन सुविधाहरूको

ग्यारेन्टी, व्यवस्थापनमा मजदूर सहभागिता, बेरोजगारी भत्ता, वोनस, लोककल्याणकारी कार्यहरू, मजदूरहरूलाई कारखानामा हिस्सा, शेयर विकी आदि प्रयोगमा ल्याएर वर्ग संघर्ष मत्थर पार्ने काम समेत गरेका छन् । मजदूर आन्दोलन, समाजवादी आन्दोलन र कम्युनिष्ट आन्दोलनको प्रहारहरूबाट पूँजीवादी - साम्राज्यवाद दिन प्रतिदिन घाइते भइरहेका छन् ।

सन् १९१७ अक्टुवरमा सोभियत रुपमा सर्वहारा क्रान्तिद्धारा सर्वहारा श्रमजीवी मजदूर किसानको सत्ता, समाजवादी सत्ता समाजवादको ७० वर्षको प्रयोगपछि विघटन भएको छ । सोभियत मोडेलको समाजवाद आफ्नो आन्तरिक कमजोरीहरू र साम्राज्यावादी षड्यन्त्रको कारण विघटन भएको छ । पूर्वी युरोपका समाजवादी मुलुकहरूले सोभियत संघको आड पाएका थिए । तिनीहरू विघटन भएका छन् । कम्युनिष्ट र समाजवादी शक्तिहरूले यस्को गम्भीर समिक्षा गर्नै पर्छ । नकारात्मक शिक्षा ग्रहण गर्नुपर्दछ ।

चीनको समाजवादले नयाँ नयाँ प्रयोग गर्दै अघि वढ्दै, उत्तर कोरिया साम्राज्यवादी षड्यन्त्रको मोहडामा परेको छ । त्यस्को सुरक्षा रक्षा गर्नु र समाजवादको विकासमा रहेका अवरोधहरू हटाउन, साथै क्युवा, भियतनाम लाओसको समाजवादको रक्षा गर्दै विश्वका धक्काहरूबाट सिकेर सर्वहारा वर्ग, कम्युनिष्टहरू र समाजवादी आन्दोलनलाई नयाँ उचाईमा लग्नु पर्ने गम्भीर चुनौती खडा भएको छ ।

सर्वहारा वर्ग र साम्राज्यवाद दुबै अस्तित्वमा छ । पूँजीवादी प्रणाली र समाजवादी प्रणाली वीच, पूँजी र श्रम वीच, उत्पीडित राष्टहरू र साम्राज्यवाद वीच, साम्राज्यवाद साम्राज्यवाद वीच आधारभूत अन्तरविरोध कायम नै छ । विश्वका केही मुलुकहरू मध्यगुगिन सामन्ती शोषण, लिंग, जाती, भाषा, धार्मिक भेदभावको अन्तरविरोध पनि छन् । कम्प्युटर विज्ञानका नयाँ नयाँ पिढीहरू, रोवटीकरण, वहुआयामिक टेक्नोलोजी, आणविक एवं

अन्तरिक्ष विज्ञान, विज्ञानका विविध क्षेत्रहरूमा भएका नयाँ नयाँ खोज अनुसन्धान, वैज्ञानिक आविष्कारहरूले नयाँ नयाँ उत्पादनका ढाँचा संरचना आदि जन्मिरहेका छन् । यो सँगसँगै नयाँ नयाँ उत्पादक शक्तिहरू अगाडि देखा परेका छन् । जस्को कारण नयाँ नयाँ उत्पादन सम्बन्धहरू देखा पर्दै गईरहेका छन् । नयाँ नयाँ वर्ग समुह, तहहरू देखा पर्दैछ । यसको पहिचान, किटान गर्नु परेको छ । आएका परिवर्तन, आउने परिवर्तनको गतिमा हिड्न सक्ने मार्ग दर्शक सिद्धान्तको विकास गर्नु परेको छ । परिवर्तनको गतिसँगसँगै मार्क्सवादका आधारभूत सिद्धान्तहरूको अध्ययन निरन्तर भइरहनेछ ।

## २. मार्क्सवाद भनेको के हो ?

मार्क्सवाद भनेको तल उल्लेखित ती कुराको योग हो ।

२.१. द्वन्द्वात्मक एवं ऐतिहासिक भौतिकवादी दर्शन
२.२. राजनीतिक अर्थशास्त्रको सिद्धान्त : अतिरिक्त मूल्यको सिद्धान्त
२.३. वैज्ञानिक समाजवाद साम्यवाद ।
मार्क्सवादका महत्वपूर्ण तीन खम्वाहरूको एक एक गरि विवेचना गरौं ।

### २.१. द्वन्द्वात्मक भौतिकवाद :

जीवन र जगतलाई बुझ्नें र अभिव्यक्त दिने दुई दार्शनिक दृष्टिकोण अध्यात्मवाद र भौतिकवाद अझै हाम्रो सामू मौजुत छ । विवाद चलिरहेको छ । अध्यात्मवादका धेरै रुप रंगका छन् । इश्वरवाद र रहस्यवाद यसको मुख्य आधार हो । भौतिकवाद पनि भाववाद, यन्त्रवाद र द्वन्द्ववादका स्वरुपमा देखा परेको छ । भौतिकवादको विकसित रुप हो - द्वन्द्ववाद ।

हजारौं वर्षदेखि मान्छे मान्छे वीचमा पदार्थ अगाडि कि चेतना अगाडि भन्ने विवाद रहेको छ, अध्यात्मवादले चेतनालाई अगाडि मान्दछ । भौतिकवादीहरूले पदार्थलाई अगाडि मान्दछ । इश्वरको चेतनाले यो पृथ्वी,

मान्छे, ब्रमाण्ड सबै सृष्टि र सृजना गरेको तर्क अध्यात्मवादीहरू दिन्छन् भने भौतिवादीहरू प्रकृतिमा रहेका पदार्थहरू वीचको द्वन्द्वको गतिले चेतना चन्मछ, पदार्थ, चेतना, पुन पदार्थ यसरी नै सृजना, निर्माण, विकास अगाडि आएको हो। आमाको काखको अनुभवले मेच, सोफा वन्ने चेतनाको विकास, गुफाहरूबाट हाम्रो घर, वंगला निर्माण गर्ने चेतनाको विकास, चरा, चील उडेको देखेर हवाइजहाज बनाउने चेतनाको विकास । यसरी पदार्थबाट चेतनाको निर्माण भयो। यो कही उदाहरण हो। पदार्थ र चेतनाको अन्तर सम्बन्ध वारेमा लेनिन भन्नु हुन्छ - 'पदार्थ एउटा दार्शकिन प्रवर्ग हो यसले वस्तुगत यथार्थता वुझाउँछ । मानिसहरूलाई पदार्थको ज्ञान उनीहरूको चेतनाको माध्यमबाट हुन्छ तर पदार्थ चेतनाबाट स्वतन्त्र रुपमा अस्तित्वमा रहेर पुन चेतनालाई प्रभावित गर्दछ । त्यसमा पदार्थको अनुकृति छाया प्रतिविम्बका रुपहरू प्रकट हुन्छ।'

क्वान्टमको सिद्धान्तले पदार्थको अस्तित्व गतिमा हुन्छ भन्ने पत्ता लागाएको छ। फ्रेडरिक एंगेल्सले भनेका छन्- 'गतिशुन्य पदार्थको अस्तित्व हुँदैन । यसको अभिव्यक्ति फरक फरक वस्तुमा फरक फरक किसिमले हुन्छ। अन्तरिक्षीय ब्रहमाण्डको गतिसँग सौर्यमण्डलका आकाशीय पिण्डहरूको गति, सौर्यमण्डलको आकाशीयपिण्डहरूको गतिसँग तिनका खण्डहरूका गतिमा त्यसभित्रका अणुहरूको गति, अणुहरूको गतिमा पनि तापको कम्पन, चुम्बकीय ।'वीकरण, रासायनिक विच्छेदन र एकिरण अभै त्यस्को उच्च गतिमा जैविक जीवन गति चिन्तनको गतिसँग सम्बन्धित हुन्छ । यसरी हरेक क्षण ती अणु परमाणुहरूको गतिविनाको कुनै पनि पदार्थको अस्तित्व संभव छैन।'

द्वन्द्वात्मक भौतिकवाद अध्यात्मवादसँग संघर्ष गर्दै अघि वढ्छ । त्यसरी नै भौतिकवाद भित्र द्वन्द्वको नियम वुझ्न नसक्ने भावचाद र यन्त्रवादसँग पनि संघर्ष गर्नु परिरहन्छ ।

२.१.१. भौतिकवादी भाववादले तीन कुरामा जोड दिएको छ :-

- भौतिक संसार अध्यात्मिक संसारमा निर्भर गर्दछ ।
- कुनै कुराको वोध अनुभव विज्ञानबाट वुझिन्छ त्यसको वरपर अघि पछि कुनै रहस्यम् अज्ञेय हुन्छ ।
- चित्त वा विचार पदार्थबाट भित्र अस्तित्व हुनसक्छ ।

२.१.२. भौतिकवादी द्वन्द्ववाद माथि उल्लेखित तीन कुराको खण्डनमा

- यो संसार प्राकृतिक हिसावले नै भौतिक छ हरेक वस्तुको अस्तित्व छ त्यो भौतिक कारणले नै अस्तित्व छ यस्को विकास पनि प्राकृतिक कै गतिमा हुन्छ ।
- संसार र यस्को सबै नियम हरहिसावले ज्ञेय छ, वोध गम्यछ ।
- पदार्थको अस्तित्व चित्तबाट स्वतन्त्र र बाहिर छ ।

२.१.३. यन्त्रवादी भौतिकवादले चार कुरामा जोड दिएको छ :-

- विश्व केही स्थायी कण र स्थीर वस्तुहरू मिलेर बनेको छ जस्को निश्चित गुण हुन्छ ।
- पदार्थको कण स्वभाविक किसिमले निस्किय हुन्छ । यसमा वाहिरबाट हुने परिवर्तनलाई छोडेर कुनै अरु परिवर्तन हुन्न ।
- सबै किसिमको गति र परिवर्तन पदार्थको विभिन्न कणहरू वा हुने यान्त्रिक प्रकृयाहरू वदल्न सकिन्छ ।
- प्रत्येक कणको आआफ्नै निर्धारिक स्वाभव हुन्छ ।
- हरेक वस्तुबाट स्वतन्त्र हुन विभिन्न वस्तुहरू वीचको सम्बन्धवाट बाहिरको सम्बन्धमा हुन्छ ।

२.१.४. यन्त्रवादी भौतिकवाद खण्डनमा द्वन्द्ववादी भौतिकवाद

- विश्व वस्तुहरूको जटिल संरचना नभई प्रक्रियाहरूको संरचना हो ।
- पदार्थलाई गतिवाट अलग गर्न सकिन्न ।
- पदार्थको गतिको असंख्य रुप हुन सक्छ ।
- पदार्थ वा कण द्वन्द्ववाट उत्पन्न हुन्छ एउटा वा अर्कोमा वदल्छि ।

रुपान्तरण हुन्छ वस्तुको अलग अलग अस्तित्व हुँदैन वास्तवमा त्यो एक अनिवार्य सम्बन्धमा वाँधिएको हुन्छ ।

## २. २. द्वन्द्वात्मक भौतिकवादका तीन नियम :

२.२.१. विरोधी तत्वहरू वीच एकताको नियम

२.२.२ मात्रात्मकबाट गुणात्मक परिवर्तनको नियम

२. २.३. निषेध पछि निषेधको नियम

अब द्वन्द्वात्मक भौतिकवाद तीन नियमलाई एक-एक गरि वुभ्न्न तिर जाऔँ :-

२.२.१. विरोधी तत्वहरू बीचको एकताको नियम :

’एकको विभाजन र त्यसका अन्तरविरोधी पक्षहरूको ज्ञान नै द्वन्द्ववादको सार हो । द्वन्द्ववाद त्यो विज्ञान हो जसले विरोधी तत्वहरू कसरी एक हुन सक्छन् । एक हुन संभव छ । कुन अवस्थामा पनि एक तिनले एकले अर्कोलाई आफूलाई फेर्दछ । किन मानवीय मन ले ती विरोधी पक्षहरूलाई मृत अपरिवर्तनशील रुपमा होइन, वरु सजीव शर्तवन्द गतिशील आफूलाई एक अर्कोमा फेर्ने रुपमा लिनपर्छ भनने कुरो देखाउँछ ।’ लेनिनका यी भनाईहरूले द्वन्द्ववादको विरोधी तत्वहरूको एकता र संघर्ष नियम वुभ्न्न सहयोग पुर्याउँछ ।

मार्क्सवादी द्वन्द्ववादले परिवर्तन भित्री करणले हुने वाहिरी कारण चाहि गौण हुने, वाहिरी कारण भित्री कारण मार्फत् क्रियाशील रहने कुरा स्पष्ट पादर्छ ।

वस्तुहरू वीच अन्तरविरोधमा दुई पक्ष हुन्छ, विरोधी पक्ष र एकता पक्ष जसलाई विरोधी तत्वहरू वीचको एकता भनिन्छ । अन्तरविरोध दुई पक्ष एउटाको अभावमा अर्कोको अस्तित्व हुन्न जस्तै जीवन र मृत्यु, विकास र विनास तल र माथि, शोषक -शाषित, सर्वहारा पूँजीपति, जमिन्दार-किसान, क्रान्ति- प्रतिक्रान्ति, पूँजीवादी प्रणाली समाजवादी प्रणाली, प्रगतीशिल-प्रतिकृयावादी, अणु- परमाणु, इलेक्टोन- प्रोटोन, उत्तर-दक्षिण,

धनात्मक - ऋणात्मकक, संघर्ष र एकता आदि ।

२.२.२. मात्रात्मकबाट गुणात्मक परिवर्तन नियम :

भौतिक जगतका समग्र वस्तुहरू मात्रात्मकबाट गुणात्मक परिवर्तनको नियम अनुसार परिवर्तन हुन्छ । गुणमा परिवर्तन हुने वित्तिकै अस्तित्वमा परितर्वन हुन्छ ।

पानी उमालेर वाफ वन्नु, पूँजीवाद समाजवादमा फेरिनु, मान्छे वच्चा, युवा, वुढा हुनु, वीउ, विरुवा र रुख आदि ।

मात्रात्मकबाट गुणात्मक परितर्वन हुँदा आस्कमिक ढंगले हुनसक्छ । यस नियम अनुसार परिवर्तन दुई प्रकार हुन्छ । विकास शील र क्रान्तिकारी । विकासशील परितर्वतन सुधार, मात्रा, क्रमिक, संख्यात्मक हुन्छ भने क्रान्तिकारी परितर्वन छलाङ्ग फड्को, विद्रोहद्वारा हुन्छ ।

२.२.३. निषेध पछि निषेधको नियम :

समाज, प्रकृति, विश्व, ब्रह्माण्डमा जुन परिवर्तन र विकास हुन्छ त्यो सानोबाट ठूलो तिर, साधारणबाट जटिलता तिर, पुरानोबाट नयाँ, नयाँको गर्भ धारण पूरानोबाट नै हुन्छ । यो गति र विकासको प्रगतिउन्मूख चरित्र हो । एउटा निषेध हुन्छ तुरुन्त त्यसको ठाउँमा अर्को जन्म हुन्छ । निशेषको अर्थ नष्ट हुनु, ध्वंस हुनु, अन्त्य हुनु, मृत्यु हुनु मात्र होइन विकास हुनु, निर्माण हुनु, शुरु हुनु र जन्म हुनु पनि हो । सामन्तवादी युगको अन्त्य पछि पूँजीवादी युगको शुरुवात पूँजीवादी युगको अन्त्य पछि समाजावादी युगको शुरुवात ।

निषेधपछि निषेधको नियमलाई विकासको वैज्ञानिक नियमपनि भन्न सकिन्छ । यस सम्बन्धमा फ्रेडिरक एंगेल्सले एउटा रोचक उदाहरण दिनुभएको छ- जौको उदाहरण जौको एक दाना सुहाउँदो मोटामा पर्दा हावापनीको प्रभावमा परेर उम्रन थाल्छ, अनि दानाको अस्तित्व समाप्त

हुन्छ अर्थात् त्यस्को निषेध हुन्छ त्यसको ठाउँमा विरुवा देखा पर्छ। विरुवा हुर्कन्छ, वढ्छ र आखिरमा जौका दानाहरू उम्रेर पाकेपछि मरेर जान्छ अथवा त्यस्को निषेध हुन्छ। यस दोम्वर निषेधबाट पहिलेको जौका दाना पैदा हुन्छ तर एउटा दाना होइन दश विस तिस दाना अर्थात् पहलिकै रुपमा वढी विकसित र उच्च रुपमा देखा पर्छ। यो द्वन्द्वको तेश्रो नियमले तल उल्लेखित परिवर्तनका नियमहरूलाई अघि ल्याउँछ।

- नयाँले पूरानोको ठाउँ लिन्छ।
- विकास एउटा अवस्थाबाट अर्को विकसित अवस्थामा पुग्छ।
- पूरानोबाट नयाँमा संक्रमण हुन्छ।

२.२.४. द्वन्द्ववादका प्रवर्गहरू :

द्वन्द्ववादको नियमले वस्तुहरूको सारतत्व प्रकट गर्दछ भने प्रवर्गहरूले सार तत्वका ठोस अभिव्यक्तिहरूको विविधताहरूलाई प्रकट गर्दछ। प्रवर्ग भनेको अवधारणा हो यसले वस्तु प्रकृया र विशेषताहरूलाई व्यक्त गर्दछ। प्रवर्गहरूको विकास दर्शनसँग सँगै हुँदैजान्छ। केही दार्शनिक प्रवर्गहरू

२.२.४.१ कारण र प्रभाव

२.२.४.२ आवश्यकता र आकस्मिकता

२.२.४.३ संभावना र वास्तविकता

२.२.४.४ सार र रुप

२.२.४.५ सामान्य र विशिष्ट

२.२.४.६ ज्ञान र व्यवहार

२.२.४.१ कारण र प्रभाव

कुनै प्रकृया र घटनाको कारण भन्नाले त्यो स्रोत जस्ले कुनै कुरा जन्म दिन्छ वा निर्माण गर्दछ। जस्तै आगोले घिउ पगाल्छ। घिऊ पग्लिनुको कारण 'आगो' हो आगोले मान्छेलाई पोल्छ, पोल्नुको कारण 'आगो' हो।

घामले न्यानो दिन्छ, विरुवा हुर्काउन मद्दत गर्छ, किटाणु मार्दछ, घामको कारण त्यी वस्तुहरूका प्रभाव देखियो, रातपछि दिन आउँछ, त्यस्को कारण रात वा दिन होइन, पृथ्वी सूर्यको ओरिपरी घुम्नु त्यस्को 'कारण' हो । कारण र प्रभावलाई कारण र कार्य रूपमा प्रस्तुत गर्न सकिन्छ ।

२.२.४.२. अवाश्यकता र आकस्मिकता :

वर्षा याममा पानी पर्नु आवश्यकता हो । कुनै दिन कम पर्नु कुनै दिन धेरै पर्नु आकस्किता हो । मान्छे जन्मछ मर्छ यो आवश्यकता हो तर कुन दिन जन्मछ कुन दिन मर्छ यो आकस्मिकता हो । अवश्यकता वास्तविकता हो भने संयोग आकस्मिकता हो ।

२.२.४.३. वास्तविकता र संभावा :

मान्छेले मान्छेलाई जन्माउँछ, पशुले पशु जन्माउँछ, आलुको वीउबाट आलु फल्दछ, मकै वीउबाट मकै फल्दछ, यो वास्तविकता हो । सूर्यको वरिपरि पृथ्वी घुम्छ, मान्छे जन्मछ- मर्छ, यी सबै वास्तविकता, यथार्थता हो । संभावना छोरा वा छोरी जन्मछ । नेपालमा लोकतन्त्र वा लोकतान्त्रिक गणतन्त्र आउँछ यो संभावना हो । चीनमा समाजवाद छ यो वास्तविकता हो । अमेरिकाले साम्राज्यवादको प्रतिनिधित्व गर्छ यो वास्तविकता हो । नेपालमा पंचायती निर्दलीय व्यवस्था थियो यो वास्तविकता हो ।

२.२.४.४. सार र रुप :

कुनै पनि वस्तुको दुई पक्ष हुन्छ । भित्री पक्ष र वाहिरी पक्ष । आन्तरिक भित्री पक्षलाई सार र वाहिरी पक्षालाई रुप भनिन्छ । देखिने रुप, सारतत्व आफैमा दिग्दर्शन हो । सार तत्वको परिवर्तनले रुपमा पनि परितर्वन जन्माउँछ । सामन्तवादी युगको रपमा परिवर्तन हुन सारतत्वमा पूँजीवादी प्रकट हुनु हो । पूँजीवादी सारतत्वमा परिवर्तन हुन भनेको समाजवाद प्रकट हुनु हो ३

२.२.४.५. सामान्य र विशिष्ट

ब्रह्माण्ड सामानय हो भने पृथ्वी विशिष्ट । पृथ्वी सामान्य हो भने प्राणी प्राकृति विशिष्ट । सामान्य प्राणी हो भने विशिष्ट मान्छे । सामान्य मानिस हो विशिष्ट पुरुष वा महिला । हरेक सामान्यबाट विशिष्ट र विशिष्टवाट सामान्य प्रकट हुन्छ ।

२.२.४.६. ज्ञान र व्यवहार

ज्ञानको स्रोत भौतिक जगत हो । भौतिक जगतसँग जोडिएर हुने मान्छेको सम्बन्ध कृयाकलाप र व्यवहारले ज्ञान प्राप्त हुन्छ । प्राप्त ज्ञान प्रयोगमा ल्याएर व्यवहारद्वारा फेरि ज्ञान प्राप्त गरिन्छ । ज्ञान नै सिद्धान्तमा परिणत हुन्छ । अध्ययन विना ज्ञानको विकास हुँदैन, अध्ययन स्वयं व्यवहार हो ।

२.१.२. ऐतिहासिक भौतिकवाद

पृथ्वीमा मानव सभ्याताको इतिहासलाई वैज्ञानिक, व्यवस्थित र द्वन्द्वात्मक भौतिवादी ढंगले विश्लेषण गर्ने तरिकालाई ऐतिहासिक भौतिकवाद भनिन्छ । विश्वमा विकसित भएको अहिलेसम्मको मानव सभ्यताको इतिहासलाई द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादी दृष्टिकोणबाट पाँच चरणमा विभाजन गरिएको छ ।

२.१.२.१ आदिम साम्यवादी युग

२.१.२.२. दास युग

२.१.२.३ सामन्ती युग

२.१.२.४. पूँजीवादी युग

२.१.२.५. समाजवादी युग

पाँच चरणमा विभाजन गरिएका मानव सभ्यताको संक्षिप्त विवेचना गरौं ।

२.१.२.१. आदिम साम्यवादी युग :

करिव २० लाख वर्ष अगाडि प्राचिन मानवको विकास भएको थियो । आजका वाँदरहरूबाट नै हाम्रो पूर्खाहरूको उत्पत्ति भएको कुरा डार्विनले वैज्ञानिक खोजद्वारा सिद्ध गरिसकेका छन् । ल्यूहस मोर्गनले मानव सभ्यताको अध्ययन पछि जंगल युग, वर्वर युग र सभ्यताको युगमा विभाजन गरेका छन् । जंगल युग मावन जातिको शैयवकाल हो । पृथ्वीको अलिक गर्मी भएका भागहरूमा केही रुखमा केही गुफाहरूमा वास वस्दै कन्दमूल फलफुल आदि खाएर हिंस्रक पशुहरूसँग जीवनका निम्ति संघर्ष गर्दै हजारौं वर्ष विताएपछि मान्छेले आफ्नो जीवन रक्षाका निम्ति पशुसँग जुध्न ढुंगाको हतियारहरू बनाउन सिके । मानव सभ्यताको यस चरणलाई ढुंगे युगपनि भन्ने गरिन्छ । जंगल युगको मध्यकालमा मानिसले पानीमा रहेका धोगी- किरा, पाहा भ्यागुता, माछा खान सिके । विजुली चम्किने, वज्र खस्ने, ज्वालामुखी विस्फोटन हुने ढुंगा ढुंगा जुधेर, सुकेको वास वास जुधेर आगो निस्कने वन जंगलमा आगो लाग्ने पशु पंक्षी ढडेर मोर्ने, डढेको मासु स्वादिलो मिठो लागेपछि मानिसले आगोको अविस्कार दर्शन ढुंगा जुधाएर गरे । आगोको आविष्कार मानव सभ्यताको ठूलो फड्को सावित भयो । आगो बालेर पशु पंक्षिहरूको आक्रमणबाट बच्न सजिलो भयो र गुफामा एक ठाउँमा लामो समयसम्म वस्ने चलन चल्यो । रुसमा वस्ने चलन अन्त्य हुँदै गयो । हिंस्रक जनावर- आफ्नो शत्रुलाई लखट्न आगो, ढुंगे हतियारहरूको प्रयोगसँगसँगै भयो । खाने कुरा संचय कम हुने हुँदा पहिला मानिसहरू स-साना झुण्डमा हिड्ने गर्दथे । जंगल युगको अन्त्य तिर आएर धुइत्रो र मालाको आविस्कार, त्यसपछि धनु वाणको अविस्कारले ढुंगे हतियारले रुख कोपेर काठको भाँडाहरू वनाउँने, छाला, वेदको प्रयोग, माटोको भाडा पनि वनाउन सिके । यसरी मानव सभ्यताले जंगल युगबाट वर्वर युगतिर प्रवेश गरेको थियो । माटोको भाँडाको प्रयोग सँगसँगै मानव सभ्यताले वर्वर युग प्रवेश गर्यो । वर्वर युगमा पशुपालन खोरीया फाँडेर खेती गर्न सिके । खाने कुराको संचय बढाएको हुँदा मानिसहरू सानो झुण्ड बाट ठूलो झुण्डमा वस्न शुरु गरे । गोत्र प्रथा शुरु भयो । तामा र फलामको अविष्कार र

त्यस्को हतियारहरू वनाउने सिपको विकाससँग सँगै कविला समूहहरू देखा पर्यो । पृथ्वीमा जंगल युग, वर्वर युग विकास पनि असमान ढंगले भएको अनुमान गर्न सकिन्छ ।

मानव सभ्यता शुरुमा वर्ग, जाती, धर्म, राष्ट्र राज्यको अस्तित्व नै थिएन । मानिसको शुरुको सभ्यताको युगलाई एंगेल्सले 'आदिम साम्यवादी युग' भनेका छन् । मानिसहरूको समूह- समूह वस्दथो । खोजेर ल्याएको खाने कुरा मात्र भाग लगाएर खाइन्थो । एक पुरुष र एक स्त्री वीच सम्बन्ध नभई अनेक पुरुष र स्त्री वीचको सम्बन्ध : सामूहिक रहन-सहन, मातृसत्ता - आमा कै नामबाट छोराछोरी चिनिने स्थिति रह्यो । पछि कविला, गणहरूमा युथ विवहा, एकनिष्ट हुँदै परिवारको उत्पत्तिको समाज । त्यसपछि नारी पुरुष वीच श्रम विभाजनको अन्तरविरोधबाट पित्तृसत्ता अगाडि आयो । फ्रेडेरिक एंगेल्सले परिवार, नीजि सम्पत्ती र राज्यको उत्पति भन्ने पुस्तमा यस वारे विस्तृत विवेचना र विश्लेषण र व्याख्या गर्नुभएको छ । यस पुस्तकको अध्ययन गर्नु राम्रो हुनेछ । पछि गएर गण र कविलाहरू, सरदार र राजाहरू पनि देखा परे, सामूहिक सम्पत्ति विस्तारै सरदारको- राजाको वंशको नीजि सम्पत्तिमा फेरिन लाग्यो । नीजि व्यक्ति स्वार्थका अनेक रुप देखिन लाग्यो । शोषण उत्पीडनका वीउहरू देखा परे । सन्तानको सुखको निम्ति लोभ र स्वार्थले जन्म लियो । त्यसवेलाको समाजमा यस्को विरुद्ध कस्ता कस्ता संघर्षहरू भएका थिए । वास्तवमा खोज अनुसन्धान कै विषय हो ।

२.१.२.२. दासयुग

तामा र फलामको अविष्कार सँगसँगै कृषि उत्पादनमा हलो प्रयोग, गोत्र, गण, कविलाहरू विस्तार हुँदै पृथ्वीको विभिन्न भागमा मानिसहरूको संख्या बढ्दै थियो । हिजो मान्छे हिंस्रक पशुसँग जीवन रक्षाका निम्ति लड्दै थियो भने आज आफ्नो ठूलो झुण्डका निमित खाने वस्ने स्थान जुटाउनका निम्ति संघर्षमा केन्द्रीत हुन थाले । एउटा गोत्र गण, अर्को गोत्र गणसँग,

एउटा कविला अर्को कविलासँग युद्धहुन शुरु भयो । युद्धमा एउटा झुण्डले अर्को झुण्डलाई जित्ने कुराले दासप्रथा जन्मायो । जितेका झुण्डले हारेका झुण्डहरूलाई ल्याएर जर्वजस्ती काममा लगाए । आज्ञा नमाने मार्ने धम्की दिए । प्राण रक्षाको निम्ति एउटा मान्छे अर्को मान्छेको दास भए । दासदासी मध्ये आफूलाई मनपरेकाहरूलाई गणनायक र गण नायिकाहरूले आफ्नो निम्ति राख्ने चलन पनि चल्यो । मातृसत्ता रहेका ठाउँमा गण नायिका र पितृसत्ता रहेको ठाउँमा गण नायकले आफ्नो नीजि स्वार्थका निम्ति दासदासीको प्रयोग गर्ने चलन पनि चल्यो । कविला सरदारहरूले आफ्नो वंश आफूबाट जन्मेका छोराछोरीहरूलाई जवर्जस्ती धाकधम्कीका आधारमा सरदार, राजा बनाउने चलन चल्न थाल्यो । मातृसत्ता र पितृसत्ता वीच हजारौं वर्ष संघर्ष चलेको थियो ।

दास युगमा मान्छे र पशुलाई सँगै नारेर जोत्ने चलन थियो । मान्छेले मान्छेलाई विक्रि गर्ने चलन थियो । घोडा, गाईसँग मान्छे साट्ने चलन पनि थियो । पशु र मान्छेको मूल्यमा कहिले कहिल काँही पशु वढी मूल्यवान हुने कुरा त्यसवेला सामान्य थियो ।

दास युगमा वर्ग, राज्य, जाति, धर्मको उदय तिव्र रुपमा भयो । दास युगमा राज्य विस्तारको निम्ति युद्धहरू धेरै भएका थिए । मान्छेले मान्छेलाई गर्ने निर्मम शोषण उत्पीडन दमन दास युगिन समाजको प्रमुख विशेषता थियो । राजा र धर्म गुरुको निम्ति ठूला-ठूला भवन, मन्दिर, प्रिय पदार्थ, खानेकुराको परिकार र लगाउने वस्तुहरूका प्रयोग निमित कलात्मक वस्तुहरू, युद्ध सामाग्रीहरूको निर्माण दासहरूले गर्दथे । दासहरूले भोक भोकै मालिकहरूका निम्ति काम गर्नु पर्दथ्यो । दास दासीहरूको श्रम मेहनत ले यस युगको विकास भएको तथ्य धाम भै छर्लङ् छ । विश्वका विभिन्न भागमा दास र मालिकहरू वीचको वर्ग संघर्ष हजारौं वर्ष चलेको थियो । दास विद्रोहको रोमन इतिहास घत लाग्दो छ ।

दास दासीहरूलाई नियन्त्र राख्ना राजा र दास मालिकहरू

मिलेर राज्यको अदालत, सेना बनाए तर समाजका दासदासी र स्वतनत्र मानिसहरूको ठूलो हिस्सा मालिकहरूको विरुद्ध विद्रोहमा देखा पर्दै गए । दास दासीहरूले आफूले मिहेनत र श्रमको फल पाएन वरु दुखकष्ट, शोषण उत्पीडन अन्याय अत्याचार पाए । जंगल पसेका विद्रोहीदास दासीहरू र स्वतन्त्र मानिसहरूले दास मालिकहरूको विरुद्ध संगठित आवाज उठाउन शुरु गरे । त्यसवेला एउटा प्रमुख नारा थियो 'आफ्नो स्वतन्त्रका निम्ति लड' । जर्वजस्ती काम लगाउनु पर्ने अवस्था, उत्पादन कम हुनु, नाफा कम हुनुले दास मालिकहरू वीचपनि अन्तरविरोध देखा पर्यो । उत्पादन र जमिनको केही अंश दिने प्रगतिशील दास मालिकहरू पनि देखा पर्दै थिए । दासहरू किसानमा रुपान्तरण पनि हुँदै गए । मालिकहरू जमिन्दारमा रुपान्तरित भए ।

२.१.२.३. सामन्ती युग

दास युगको अन्त्य सँगसँगै सामन्ती युगको जन्म भयो । सामन्ती युगमा भू दासलाई जमिनको एउटा टुक्रा र उत्पादनको एउटा सानो हिस्सा स्वामित्वमा दिने प्रचलन जमिन्दारहरूले चलाएका थिए । यसै सुधारको जालमा धेरै दासहरू परे । दासहरूले श्रम मेहनेत वढाए । सामन्ती युगमा भूदास विक्री गर्ने, किन्ने चलन थियो । अहिलेसम्म पनि यो चलन देख्न पाइन्छ ।

अन्य देशबाट आएर दास राज्यहरू जित्ने युद्ध सरदार, फिरन्ते नायकेहरू राजाहरूले जमिनको ठूलो हिस्सा आफ्नो अधिनमा राख्न सफल हुनेहरू विशेष गरेर उत्पादनशील जमिन, कब्जा गर्नेहरू ठूला सामन्तका रुपमा देखा परेका थिए ।

जमिन थोरै भएपछि सामन्तहरूको जमिन कमाउन, किसानहरूको वाध्यता वन्यो । विश्वमा सामन्ती शोषणका अनेक रुपहरू छन् । धार्मिक गुरुहरू पनि सामन्ती शोषका प्रमुख हिस्सेदार वनेका धेरै धेरै उदाहरण

छन् । वालिको हिस्सा लिएर, वीउ पानी औजार दिएर, त्यस वापत शोषण, वालीकर, सामन्तले भनेको वेला जोत्न काममा गएर ज्याला विना काम गर्ने, खान नपाएर विरामी हुँदा औषधि आदि नभएर ऋण सापट लिदा ब्याजे शोषण, भेटी ठेक्की शोषण, देवी देउताको मन्दिर गुम्वाको जमिन जोताएर, भेटी चडाउन लगाएर गर्ने शोषण, मन्दिर गुम्वा, महल आदि वनाउन विना ज्याला, काम लगाएर शोषण गर्ने प्रचलन पनि धेरै ठाउँमा पाइएको छ ।

जन्मिदार वर्ग र किसान वीचको वर्ग संघर्षको लामो इतिहास छ । हजारौं वर्ष सामन्ती शोषण उत्पीडनबाट किसानहरूको संगठन निर्माण र विद्रोह पनि देखा परेका थिए । अर्कोतिर जमिन्दारहरू भित्र कर उदारपन्थीहरू देखा परे । किसानहरूले भूमिमा आफ्नो स्वामित्वका निम्ति भुमिसुधार आन्दोलनहर चलाए जमिनको हदवन्दीहरू कायम हुँदै जाँदा किसानहरू, गरीव किसानहरू जन्मिए । यस्को अर्को कारण गाउँ विस्तार शहरमा विकास हुनु पनि थियो । सामन्ती शोषण उत्पीडनको कारण गाउँका मौजा छोडेदै शहर पस्नेहरू ताती नै लाग्न थाल्यो । राज्यसत्तामा सामन्ती पकड कम्जोर हुँदै गए । सामन्ती युगमा दर्शन, धर्म, साहित्य कला, केही वैज्ञानिक अविस्कारहरू नयाँ नयाँ शिक्षा पद्धितहरूले जन्म लियो । सामन्ती युगमा हैकमवाद, अहंकारवाद रुडीबाद कुरीति अन्य विश्वासले समाज जरा गाडेको थियो र छ ।

विश्वको विशेष गरेर युरोपमा सामन्ती शोषण उत्पीडन विरुद्धको संघर्षमा पूँजीपति वर्गको सहयोगले त्यहाँका जनताले सामन्तवदालाई हराएका थिए । सन् १६४० इंगलेण्डको जनताले कामवेलको नेतृत्व सामन्तवादलाई हराए का थिए । सन् १६४९ मा वेलायतको राजा चार्ल्सलाई जनताले ज्यान सजाए दिए । सन् १६७४ कृषिमा नयाँ सुधार सँगै इङ्लैण्डमा पूँजीवादी युग शुरु भयो । त्यस्को प्रभाव यूरोप भरी पर्यो । एकपछि अर्को सामन्ती सत्ता ढल्दै गयो । फ्रान्स, जर्मन, स्पेनमा ठूला–ठूला सामन्तवाद विरोधी संघर्ष र युद्ध भए । त्यहाँ पनि पूँजीवाद आयो । विश्वमा विभिन्न भागमा सामन्ती सत्ता

समाप्त भएर पूँजीवाद र जनवादी सामाजवाद पनि आएका छन् ।

२.१.२.४. पूँजीवादी युग :

विश्वमा सवभन्दा पहिला १६७४ मा कृषिमा नयाँ सुधार सन् १६८९ मा बैंक स्थापना त्यस भन्दा अगाडि वाफ इन्जीन र कपडा बुन्ने मेशिन र अन्य मेशिनहरूको आविष्कारहरूले उत्पादनका नयाँ नयाँ रुपहरू अगाडि आए । एउटा मुलुक भित्रमात्र होइन नयाँ नयाँ वजारको खोजिमा विश्वका अन्य मुलुकहरू पत्ता लगाउने, व्यापार गर्ने प्रचलन वढेर गयो । सूती र उनीका लुगा, धातु काँचका समानहरू, शस्त्रअस्त्र खाद्य सामग्री तयारी र प्याकिङ्ग उद्योगहरू सँगसँगै जन्मिएका व्यपारीहरू, सुधारवादी सामन्तहरू नै शुरुमा पूँजीपति वर्गमा रुपान्तरित भएका थिए । आफ्नो घर गोठ वस्तु सबै गुमाएका गाउँबाट शहर पसेका गरिव किसानहरू, ज्यालादारी श्रमिकहरू नयाँ सर्वहारा मजदूर वर्गका रपमा देखा परे । उनीहरूसँग श्रम गरेर खाने दुई हात वाहेक केही थिएन ।

इङ्गलैण्ड, स्पेन, फ्रान्स, जर्मन आदि यूरोपबाट ३५५-४०० वर्ष अगाडि पूँजीवादी युग शुरु भएको थियो । पूँजीपति वर्गले सर्वहारा वर्ग, आम श्रमिक मजदूरहरूलाई शोषण उत्पीडन गरेर उनीहरूको श्रमबाट धनी बने अर्कोतिर सर्वहारा - मजदूर आफ्ना श्रीमति र वालवालिकाहरू सबैलाई जोताएर पनि ( वाध्य भएर कम ज्यालामा काम लगानु परेको छ । खाना लगाउन वस्न नपुग्ने पारिश्रमिक पाउँछन् । करीव ४०० वर्ष मजदूर र पूँजीपति विचमा वर्ग संघर्ष चलिसकेको छ । त्यस्को समग्र समिक्षा गर्न आवश्यक छ । पछिसमय मिल्दा यसवारे पनि प्रशिक्षण सामाग्री तयार पार्नेछु ।

वैज्ञानिकहरूले धेरै क्षेत्रमा खोज अनुसन्धान गरेर मानव सभ्यताको विकासलाई अगाडि अगाडि लगिरहेका छन् । वैज्ञनिकहरूद्धारा विद्युत् शक्तिको खोज, रेल, पानी जहाज हवाई जहाज, टेलिफोन, कम्प्युटर, रोवट रोवटीकरण, वायोटेक्नोलोजी आदिको विकास-अन्तरिक्ष विज्ञान, नयाँ

आणविक शक्ति विकास, भौतिक उन्नतीहरूले करिव ४०० वर्षको पूँजीवाद, एकाधिकार पूँजीवाद हुँदै अन्तर्राष्ट्रिय पूँजीवाद - साम्राज्यवादमा रुपान्तरण हुँदै गएको छ। अव एउटा कारखाना मात्र एउटा शहर मात्र होइन एउटा महादेश मात्र होइन विश्वभरी एकपटक शोषण उत्पीडन हुकुम चलाउने सक्ने अन्तर्राष्ट्रिय पूँजीवाद - साम्राज्यवादको विकास भइसकेको छ। साम्राज्यवादहरूको लुछाचुडी उपनिवेशको विस्तारका निम्ति दुई विश्व युद्ध पनि भइसकेका छन्। पूँजीवाद - साम्राज्यवाद कुर अनुहार अमानवीय कार्य पनि देखिसकिएको छ।

सन् १९१७ मा रुसमा अक्टुवर क्रान्ति गरी सर्वहारा वर्ग, मजदुर किसान आम श्रमिक जनताको सत्ता देखा पर्यो। विशौं शताव्दीमा पूँजीवाद र समाजवाद दुई प्रणाली विच संघर्ष तिव्र अघि वढ्यो। सोभियत संघ, पौण्ड, हँगेरी, पूर्वी जर्मनी, चेकोस्लाभिया, वुल्गेरिया, रोमानिया, युगोस्लाभिया, अल्वानिया, क्युवा, भियतनाम, चीन, उत्तर कोरिया, लावस १४ वटा देशहरू, समाजवादी - देशका रुपमा देखा परे। एसिया, अफ्रिका, लेटिन अमेरिका धेरै मुलुकहरू उपनिवेशवादको सांग्लो चुडाँलेर राष्ट्रिय मुक्ति प्राप्त गरे। नव उदित स्वतन्त्र राष्ट्र र समाजवादी मुलुकहरूलाई भित्र- वाहिरबाट प्रहार गर्ने नीति नव उपनिवेशवादी साम्राज्यवादीहरूले लिइरहेका छन्। यस वीच ९ वटा समाजवादी देशहरूमा आफ्नो आन्तरिक कमजोरी र साम्राज्यवादी षड्यन्त्रद्धारा पूँजीवादको पुन स्थापना भएको छ। प्रतिक्रान्ति भएको छ।

उत्पीडित राष्ट्र र साम्राज्यवाद वीचको अन्तर - विरोध तिव्रछ। समाजवाद पूँजीवाद वीच, पूँजी र श्रम वीचको अन्तरविरोध चलिरहेको छ। सर्वहारा वर्ग पूँजीपति वर्ग अझै अस्तित्व छ। साम्राज्यवादीहरू माझ पनि अन्तरविरोध चलिरहेको छ। साम्राज्यवादी मुलुक भित्र सर्वहारा मजदूर वर्गको शक्ति विस्तार हुँदै गइरहेको छ।

२.१.२.५. समाजवादी युग :

विश्वका सम्पूर्ण सर्वहारा वर्ग, मजदुर किसान आम श्रमिक एवं उत्पीडित जनता अन्तर्राष्ट्रिय पूँजीवाद - साम्राज्यवाद विरुद्ध संघर्ष गरिरहेका छन् । क्रान्ति गरिरहेका छन् । विश्व क्रान्तिको मूल चरित्र पूँजीवादी क्रान्तिपछि समाजवादी क्रान्ति नै हो ।

परिस्थिति नपाकि हुने क्रान्ति असफल पनि हुनसक्छ । कुनै नेता वा पार्टीको मनोगत धारणाले समाजवाद आउँदैन । समाजवाद कुनै मुलुक, महादेश र विश्वमा आउन भौतिक परिस्थिति निर्माण हुँनै पर्छ । विश्वका धेरै देशहरू, महादेशहरू समाजवादतिर उन्मूख छन् ।

करिव ४०० वर्षमा पूँजीवादले अन्तर्राष्ट्रिय पूँजीवाद साम्राज्यवादमा विकास गरेको छ । एक्लै धनी हुने पूँजीपति वर्गको चाहना पूँजीवाद स्वयंमले निषेध गर्दै लगिरहेको छ । शोषण पनि बढ्दै छ । शोषणको कमाई खाने हिस्सेदारहरू वढ्दै छन् । साम्राज्यवादी शक्तिले निर्माण गरेका औजारहरू विस्तारै उस्कै विरुद्ध फर्किदैछ । साम्राज्यवादले साम्राज्यवाद विरुद्ध आउनु अनिवार्य छ । समाजवादको भविष्य फेरि पनि सर्वहारा वर्ग र श्रमिक जनताले नै निर्माण  गर्नेछ ।

मार्क्सवादको पहिलो संघटक अंग द्वन्द्वात्मक एवं ऐतिहासिक भौतिवादको व्याख्या समाप्त भएको छ । अव मार्क्सवादको दोस्रो संघटक अंग बारे वुभ्न तिर जाऔँ ।

२. २. राजनीतिक अर्थशास्त्र : अतिरिक्त मूल्यको सिद्धान्त

'पूँजी' मा कार्ल मार्क्सले राजनीतिक अर्थशास्त्रको पूँजीवादी सिद्धान्त र दृष्टिकोण सविस्तार अध्ययन अनुसन्धान गरेर एडम स्मीत र रिकार्डो जस्ता पूँजीवादी अर्थशास्त्रीहरूको आलोचना खण्डन गर्दै पूँजीवादी व्यवस्थाको वैज्ञानिक विश्लेषण समेत गरि पूँजीवादको उत्पत्ति, विकास र पतनको वास्तविक नियमहरू खुलस्त पारिएको छ । 'पूँजी' सर्वहारा वर्गको राजनीतिक अर्थशास्त्रको वैचारिक हतियार हो । लेनिन भन्नु हुन्छ- 'पूँजी हाम्रो युगको राजनीतिक अर्थशास्त्रको महानतम् कृति हो ।'

‘पूँजी’ अध्ययनपछिको संक्षिप्त नोट यहाँ प्रस्तुत गरेको छु। अतिरिक्त मूल्यको सिद्धान्त र पूँजीवाद कसरी एकाधिकार पूँजीवादसम्म पुग्यो । त्यसपछि लेनिनको खोजपूर्ण कृति ’साम्राज्यवाद पूँजीवादको चरम अवस्था’ को सार प्रस्तुत गरेको छु - यसरी प्रस्तुत गर्नुको उद्देश्य पूँजीवाद कसरी महाएकाधिकार साम्राज्यवादमा रुपान्तरण भएको छ । वास्तवमा आजको राजनीतिक अर्थशास्त्र- मार्क्सवादी लेनिनवादी राजनीतिक अर्थशास्त्र वुझ्न सहयोग पुगोस् भन्ने नै हो ।

२.२.१. ‘पूँजी’ भनेको के हो ?

पूँजी शोषण र मुनाफाबाट आर्जित सम्पत्ति हो। श्रम शोषण नगरी पूँजीको निर्माण विकास हुन सक्दैन ।

२.२.३. ‘वस्तु’ का दुई तत्व उपयोग मूल्य र विनिमय मूल्य वस्तुमा रहने श्रम दोहोर चरित्र मूर्त र अमूर्त श्रम हुन्छ ।

२.२.३. विनियम मूल्यको सामाजिक सारतत्व श्रम हो। मूल्य वस्तुको रुपमा

लिएको अमूर्त श्रम हो । वस्तुको मूल्य श्रम समयबाट निर्धारित हुन्छ । पहिलो पटक कार्लमार्क्सले पत्ता लगाउनु भयो । २.२.४. वस्तु विनियमको विकास सँगसँगै ‘मुद्रा’ को विकास ’मुद्रा’ कसरी मूल्यको मापदण्ड परिचालनको साधन, भुक्तानिको माध्यम, अन्तराष्ट्रिय मुद्रा रुपमा मुद्रा कसरी आयो स्पष्ट पार्नु भएको थियो। अहिले थप अध्ययन गर्नु पर्ने अन्तराष्ट्रिय मुद्राकोषको हो।

२.२.५. ’मुद्रा’ विनिमय विकासको अन्तिम रुप हो भन्ने ’पूँजी’ पहिलो हो। मुद्रा पूँजीमा रुपान्तर हुने प्रकृया मुद्रा रुपमा मुद्रा परिचालन हुँदा वस्तु - मुद्रा वस्तु पूँजीका रुपमा परिचालन हुँदा मुद्रा - वस्तु- मुद्रा। पहिलो प्रक्रिया वस्तु उपयोका लागि किनिन्छ। दोस्रो प्रकृयामा वस्तु वेच्नको निम्ति किनिन्छ। पहिलो उपयोग मूल्य र दोस्रो विनियम मूल्य हो।

२.२.६. वजारमा त्यस्तो विशेष खालको वस्तुको उपस्थितिले मुद्रा पूँजीमा रुपान्तरण हुन्छ जसमा उपयोग मूल्यमा विनिय मूल्यको स्रोत वन्ने गुण पनि रहेको हुन्छ । मार्क्सले त्यस्तो वस्तु देखाउनु हुँदै भन्नुहुन्छ - त्यो हो र्सवहाराको श्रम शक्ति । मजदूरहरूले वजारमा श्रम शक्ति मलिकहरूलाई बेचेर पूँजी निर्माणमा सहयोग पुर्याउँछन् ।

पूँजीवादी उत्पादनको सारतत्व पूँजी र श्रम वीचको पूँजीपति वर्ग र मजदूर वर्ग विचको सम्बन्धहरू हो । जो स्पष्ट रुपमा अन्तरविरोधपूर्ण छ ।

२.२.८. मजदूरको श्रम शक्ति किनिसकेपछि पूँजीपतिले त्यसलाई काममा लगाउँछ । पूँजीवादी उत्पादन प्रणाली अन्तरगत श्रम प्रकृयाको दोहोर स्वरुप हुन्छ । एकातिर यो उयोग मूल्य हो भने अर्को मूल्य विस्तार गर्ने अर्थात् अतिरिक्त मूल्य सृजना गर्ने प्रकृया पनि हो । मजदूरको श्रम - ज्याला- मूल्यमा रुपान्तरण हुन्छ । ज्यालाको रुपमा उस्ले पाएको मूल्य भन्दा बढी मूल्य पूँजीपति वर्गले आर्जन गर्दछ, त्यँही मुनाफा भित्र अतिरिक्ति मूल्य पनि समावेश रहन्छ ।

२.२.९. पूँजीको अन्तरनिहित प्रवृत्ति धेरैभन्दा धेरै पूँजी आर्जन गर्नु, पूँजीको यस प्रवृत्ति निरपेक्ष र सापेक्ष अतिरिक्त मूल्यको उत्पादनद्वारा अभिव्यक्ति हुन्छ ।

२.२.१०. स्वयंमूलाई धनि बनाउन पूँजीपतिहरू अतिरिक्त मूल्यलाई वढाउन मजदुर श्रमिकहरू शोषणलाई अझ तिव्र पार्न चाहन्छन् । वास्तवमा श्रम समय लम्बाएर निरपेक्ष अतिरिक्त मूल्य बढ्नु हो र अर्को तिर श्रम शक्ति (मजदूरहरूको जीविका निर्धारणको आधार ) घट्नु पनि हो ।

२.२.११. कम ज्यालामा महिला तथा वालवालिकाहरूलाई काममा लागएर निकै बढी अतिरिक्त मूल्य हड्ने कुरालाई छोडेर पूँजीपति ले तीन मुख्य उपायद्धारा अतिरिक्त मूल्यको मात्रालाई बढाउँछ ।

- कामको समय लम्बाएर ।

- श्रमको उत्पादन शक्ति वढाएर ।
- श्रमलाई तीव्रतर पारेर ।

पहिलो उपायद्धारा निरपेक्ष अतिरिक्त मूल्य प्राप्त हुन्छ भने दोस्रो र तेस्रो उपायद्धारा सापेक्ष अतिरिक्त मूल्य प्राप्त हुन्छ । निरपेक्ष अतिरिक्त मूल्यको सम्बन्ध कार्य दिनमा वृद्धिसँग छ भने सापेक्ष अतिरिक्त मूल्यको सम्बन्ध श्रम उपादकत्व र तीव्रतरकरण सित रहन्छ ।

२.२.१२. पूँजी संचयको अर्थ मजदूरहरूको विना ज्यालाको श्रमबाट पैदा गरिएको अतिरिक्त मूल्यलाई पूँजीमा फेर्नु हो ।' उत्पादन साधन र श्रम शक्ति खरिददेखि वजारबाट उत्पादन मुद्रालाई फेरि पूँजीमा परिवर्तन गरि क्रमागत चरणहरूबाट अघि बढेर पूँजी संचय गर्नु भनेको सामाजिक धनको संसार जित्नु हो । उबाट शोषित मानिसहरूको संख्या बढाउनु हो ।'

२.२.१३. पूँजीको बनौट (Organic Csposition) : स्थीर पूँजी र अस्थीर पूँजी । पूँजीको अतिरिक्त मूल्य, पूँजीमा परिणत हुँदा अस्थीर पूँजी बढ्ने गर्दछ । कम्जोर सानो पूँजी टाट पल्टदै जान्छ । ठूलो पूँजी विस्तार हुन्छ । ठूलो पूँजीले सानो पूँजीलाई निल्दै जानु - पूँजीको केन्द्रीकरण हो

पूँजीको एकिकरण र केन्द्रीकरणले ससाना कालिगढ गरीव किसान ससाना उत्पादकहरू सम्पत्ति हिन मजदूरमा रुपान्तरण गरिदिन्छ र समाजमा वेरोजगारहरू जन्मदै वढ्दै जान्छ ।

२.२.१५ पूँजी संचयसँग सँगै स्थीर पूँजी बढेदै जान्छ । मेशिन आदि प्रयोग वढी र ज्यालादारी श्रममा कम खर्च गरिन्छ । यसरी वेरोजगार संख्या बढ्दै जान्छ यो पूँजीवाद क्यान्सर नै हो ।

२.२.१६ पूँजी संचयको सामान्य नियमको सार - जत्ति जत्ति सामाजिक धन, पूँजीको शक्ति श्रमको उत्पादकत्व बढ्दछ । त्यत्ति त्यत्ति औद्योगिक क्षेत्रका सेना (वेरोजगार) वृद्धि हुन्छ । त्यत्ति नै मात्रमा दरिद्रता पनि वृद्धि हुन्छ ।

(एकातिर धन कुँवेर जन्माउँछ अर्को तिर वेराजगारी, गरिवी, वेश्यावृत्ति अपराधिक र हरकत र अभाव बढ्दै जन्छ ।)

२.२.१७ शोषकहरू माझ अतिरिक्त मूल्यको भागवण्डा, औद्योगिक पूँजीपति वर्ग, व्यापारिक पूँजीपति वर्ग,, जमिन्दार वर्ग, अन्य ऋण दाता पूँजीपति वर्ग वीच हुने गर्दछ ।

व्यापारीले आफ्नो कार्यकारी वा ज्यालादारी श्रमको प्रयोग गरेको छ भने कर्मचारी वा ज्यालादारी श्रमले अतिरिक्त मूल्य पैदा गर्दैन । व्यापारीको नाफा भित्र चाहि अतिरिक्त मूल्य जम्मा हुन्छ । त्यस्तै ऋणदाता मालिकको व्याज भित्रपनि अतिरिक्त मूल्य जम्मा हुन्छ । जमिन्दारले जमिन प्रयोग वापत दिएको रकम कर आदि भित्रपनि अतिरिक्त मूल्य जम्मा हुन्छ ।

२.२.१८. ज्वाइन्ट स्टक कम्पनी जहाँ मूल मालिक मात्र होइन ठूला र साना शेयर पूँजी हुन्छ । ठूलोले साना मार्फत व्यक्तिगत पूँजीलाई जोडेर जुन विशाल पूँजी देखिन्छ । त्यहाँ सामाजिक पूँजी अर्थात् व्यक्तिहरूको सामूहिक पूँजी जुन कुरा व्यक्तिगत पूँजी भन्दा भिन्न छ । उनीहरू व्यवसाय व्यक्तिगत नभई सामूहिक व्यवस्थापन रुप लिन्छ उत्पादनबाट अलग भएका परजीवीहरूको एउटा जमात शेयरपूँजीको लाभांशमा बाचेका हुन्छ । यो पूँजीवादी वढ्दो परजीवी रुप हो । यसबारे मार्क्स भन्नुहुन्छ' स्टक कम्पनी अझसम्म पूँजीवादी सम्पत्ति सित जोडिएका पुन उत्पादन प्रकृयाका सवै कामहरूको संयुक्त उत्पादकहरूको काममा सामाजिक काममा रुपान्तरण तर्फको संक्रमण हो । यो पूँजीवादी उत्पादन प्रणाली भित्र पूँजीवादी उत्पादन प्रणालीको उन्मूलन हो यो एउटा आत्मा विघटनकारी अन्तरविरोध हो । यसले प्राथमिक रुपमा उत्पादनको नयाँ रुप तर्फ संक्रमणको संकेत गर्दछ, केही क्षेत्र यस्ले एकाधिकार कायम गर्दछ त्यस्तो ठाउँमा सरकारी हस्तक्षेप र नियतन्त्र पनि आवश्यकता पर्दछ । वास्तवमा यस्ले नयाँ वित्तिय कुलिनतन्त्र लुट र ठगीको पूरै व्यवस्था पुनरुत्थान गर्छ । यो नीजि सम्पत्ति नियतन्त्र विनाको नीजि उत्पादन हो ।

२.२.१९. ऋण पूँजी (Redikt Capital) व्यापारिक ऋण र वैंक ऋण। एउटा पूँजीपतिले अर्कोलाई कुनै निश्चित समय अवधिको निम्ति दिने ऋणलाई व्यापारिक ऋण भनिन्छ। वैंकपतिहरू– मुद्रा पूँजीका सामान्य प्रवन्धकहरू हुन र ऋणदाता ऋणी वीच मध्यस्थको भूमिका निर्वाह गर्दछ। वैंकले व्याजदर किटान गरेर सापटी लिन्छ। लिएको भन्दा बढी व्याजदरमा पुन सापट दिन्छ। नाफा आर्जन गर्दछ। ऋण पूँजीले सामाजिक शोषकहरूको संख्या घटाउँछ नयाँ उत्पादन प्रणाली तर्फ सक्रमण गर्दै लग्छ।

२.२.२०. पूँजीपति वर्ग र सर्वहारा वर्ग पूँजीवादी समाजका दुई प्रमुख वर्ग हुन। यी वाहेक पूँजीवादी समाजमा अन्य वर्गहरू र तहहरू रहेका हुनछन् तिनमा एउटा मुख्य किसान हुन। किसानका पनि वर्ग र तह हुन्छन्। सामन्त जमिन्दारवर्ग र पूँजीपति वर्गको दोहोरो शोषणमा किसान पर्दछन्। विस्तारै विस्तारै उनीहरू सर्वहारा मजदूरमा परिणत हुन्छन्। पूँजीपति वर्गले जनसंख्याको ठूलो हिस्सालाई सर्वहाराकरण गर्दछ। पूँजीवादको विकास सँगसँगै मजदूर संघर्ष आन्दोलन पनि विकास हुन्छ। मजदूर संगठनहरू अनिवार्य रुपमा अगाडि आउँछ। पूँजीपति वर्गले आफ्नो चिहान खन्ने सर्वहारा वर्ग जन्माएको छ। त्यसकारण पूँजीपति वर्गको पतन र सर्वहारा वर्गको विकास अनिवार्य छ।

२.२.२१ विजुलीको अविस्कार र प्रयोग सँगसँगै उद्योगहरूको विकास र उत्पादन क्षमतामा विस्तार ठूलो औद्योधिक पूँजी र व्यापारिक पूँजीले आफ्नो विस्तारको निम्ति सुरक्षाका निमित कार्टेल/ सिन्डीकेट निर्माण सँगसँगै एकाधिकार संघहरू देखापरेका थिए। मार्क्स र एंगेल्स जीवित रहँदासम्म पूँजीवाद एकाधिकार पूँजीवादको प्राथमिक विकासको चरण थियो।

२.२.२२. लेनिनले एकाधिकारको इतिहास मुख्य तीन चरणहरू यसरी देखाउनु भएको छ –

- सन् १८६०–७० खुल्ला प्रतियोगिताको विकास सर्वोच्च चरण। यस

चरणमा कोपिलाको रुपमा एकाधिकार देखा पर्यो ।

- सन १८७३ को संकटपछि कार्टेलहरूको विकास एक लामो अवधि शुरु हुन्छ । अस्थायी, ठोस रुप नलिई सकेको अवस्था ।
- १९ औं शताब्दीको अन्त्यको तेजी र सन् १९००१९०३ सम्मको संकटमा कार्टेलहरू सम्पूर्ण आर्थिक जीवनको एक आधार वन्न पुग्छ । पूँजीवाद साम्राज्यवादमा परिणत हुन्छ ।

(त्यसवेला कार्टेलहरू विक्रिका शर्तहरू र भुक्तानीका म्यादहरू वारेमा संझौता गर्दर्थे । उनीहरू खपतका क्षेत्रहरूमा आपसमा वाँडचुड गर्दछन् । कति सामान पैदा गर्ने आपसमा निर्णय गर्दछन् । उनीहरू मूल्य निर्धारण गर्दछन् । उनीहरू औद्योगिक संस्थाहरू वीच नाफा बाँडछन् आदि ।)

२.२.२३. साम्राज्यवादको प्रारम्भिक रुप महाएकाधिकार कसरी विकसित हुँदै कसरी पूँजी र उत्पादनको विश्व व्यापी संकेन्द्रको नयाँ खुड्किला जुन एकाधिकार अघिल्लो खुड्किला भन्दा कताको कता अग्लो थियो ।

शुरुको एकाधिकार जमानामा इङ्गलैण्ड जर्मन, फ्रान्स, स्पेनको पूँजीपतिहरू अघि थिए । महाएकाधिकारको जमाना शुरु भएपछि जर्मन त्यसपछि अमेरिकाका पूँजीपतिहरूको नेतृत्वमा पूँजी संकेन्द्र हुन थाल्यो । सन् १९१२-१३ सम्ममा आउँदा अमेरिकाको जनरल इलेस्टिक कम्पनी बीच्च प्रतिस्प्रर्धा । हैरिंगनले आफ्नो लेख 'विद्युत् ट्रष्टको मार्गमा' लेखेका छन्

'संसारभरि कुनै त्यस्तो विद्युत् कम्पनी छैन । जो यसबाट पूर्ण स्वतन्त्र होस् ।'

२.२.२४. साम्राज्यवाद - पूँजीवादको चरम अवस्था : मा लेनिनले राख्नु भएको विचार -दृष्टिकोण वास्तवमा मार्क्सवादको विकास थियो । सर्वहारा वर्ग र साम्राज्यवाद वीचको अन्तरविरोधको युगको मार्क्सवाद नै लेनिनवाद हो । मार्क्सवादको राजनीतिक अर्थशास्त्रको सिद्धान्तमा लेनिनवाद एक विकास हो ।

पूँजीवादको चरम अवस्था : साम्राज्यवादको तीन प्रमुख कुरा :

- वित्तिय पूँजीको केन्द्रीकरणले आर्थिक-साम्राज्यवादलाई जन्म दिन्छ ।
- पूँजीको केन्द्रीकरणले सामाजिकरणलाई पनि जन्म दिन्छ ।
- साम्राज्यवाद पूँजीवादको माथिल्लो र चरम अवस्था हो । यसपछि क्रमिक रुपमा अन्त्य हुनछ र समाजवादको उदय पनि हुँदै जान्छ ।

२.२.२५. आजको विश्वमा मार्क्सवाद लेनिनवादको सान्दर्भिकता छ :-

- वित्तिय पूँजीको केन्द्रीकरण - विश्व वैंक, अन्तराष्ट्रिय मुद्राकोषमा संकेन्द्रित छ ।
- भीमकाय वहुराष्ट्रिय निगमहरू आजको साम्राज्यवादको छाँया हो ।
- विश्वको चल पूँजीको ७० प्रतिशत भन्दा वढी भाग वहुराष्ट्रिय निगमहरू र यी वित्तिय संस्थाहरूले ओगटेको छ ।
- अमेरिकी साम्राज्वादको आर्थिक उदारिकरण र भूमण्डलीकरणको नीतिले विश्व प्रभावित छ । विश्वमा सर्वहारा वर्ग र साम्राज्यवाद दुवै मौजुत छ । पूँजी र श्रम वीच । पूँजीवादी प्रणाली र समाजवादी प्रणाली वीच आधारभूत अन्तरविरोध कायम नै छ ।

**२.२.२६. साम्रज्यवादसँग सामाजिककरण अघि वढ्दैछ :-**

- साम्राज्यवादी मुलुकहरू भित्र मजदूर र वेरोजगारी बढ्दैछ, वेरोजगारी भत्ता, अनेक सुधार नगरी पूँजीवादी साम्राज्यवादलाई टिक्न गाह्रो हुँदै गइरहेको छ ।
- गरीव राष्ट्रहरूमा साम्राज्यवादी धनी राष्ट्रहरूले गर्ने ऋण मिनाहा, पर्यावरण अन्य क्षतिपूर्तिमा सामाजिकीकरण लुकेको छ ।
- धनी देशहरूबाट गरीव देशहरूमा आउने मानवीय सहयोगमा सामाजिककरण कुरा पर्दछ । पूँजीवादी साम्राज्यवाद अन्तर्राष्ट्रिय पूँजीवादको नामले चिनिन्छ । यस्ले जन्माएका सर्वहारा वर्ग, श्रमिक जनता नै यस्को मृत्युको कारण वन्नेछ । यो विज्ञानको अनिवार्य

नियम हो ।

**२.२.२७. मार्क्सवादी लेनिनवादी राजनीतिक अर्थशास्त्रको अध्ययन क्षेत्र सम्बन्धमा**

- मानव-समाजको विकासको चरण वारे द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणबाट अध्ययन गर्दछ ।
- मार्क्सवादी लेनिनवादी राजनीतिक अर्थशास्त्रको चरित्र वर्गीय हुन्छ । वर्ग र वर्ग संघर्ष, वर्ग अन्तरविरोधहरूको अध्ययन गर्दछ ।
- समाजमा रहेको उत्पादन, वितरण, विनिमय, उपभोग र स्वामित्व सम्पूर्ण आर्थिक वर्गहरू एवं अवधारणाहरूका सम्वन्धमा अध्ययन गर्दछ ।
- विश्वमा भइरहेका नयाँ नयाँ वैज्ञानिक अविष्कारहरूलाई मानव हित र कल्याणसँग कसरी जोड्ने यसको अध्ययन गर्दछ ।
- प्रकृति - पृथ्वी - मानिस वीचको सन्तुलन, मान्छेले मान्छेलाई गर्ने शोषण उत्पीडनको अन्त्य, दुख- गरिवी -अभावबाट मुक्ति, प्रगति दुख - सम्वृद्धि शान्ति भएको मानव समाज, वैज्ञानिक समाजवाद साम्यवाद वारे अध्ययन गर्दछ ।

**२.३.१. वैज्ञानिक समाजवाद-साम्यवाद**

मार्क्सवादको तेस्रो महत्वपूर्ण अंग वैज्ञानिक समाजवाद साम्यवादको सिद्धान्तलाई मानिन्छ । द्वन्द्वात्मक भौतिकवाद एवं ऐतिहासिक भौतिकवाद र राजनीतिक अर्थशास्त्र - अतिरिक्त मूल्यको सिद्धान्तसँग यो तेस्रो अंगको धनिष्ट अन्तर सम्बन्ध छ ।

वैज्ञानिक समाजवाद पूँजीवादी - साम्राज्यवादको उन्मूलन कै क्रममा जन्मछ । समाजवाद निर्माणका लागि आवश्यक पर्ने केही महत्वपूर्ण कुराहरू तल उल्लेख गरेको छु । कार्लमार्क्स र फ्रेडरिक एंगेल्सले वैज्ञानिक समाज र साम्यवाद बारे भनेका कुरा नै मैले तल शुत्रवद्ध गरेको छु । केही नयाँ सन्दर्भका कुराहरू यसमा जोडेको छु ।

- वर्ग संघर्ष नगरी समाजवाद प्राप्त गर्न सकिन्न ।
- सर्वहारा वर्ग, श्रमिक जनताको नेतृत्वमा समाजवादी क्रान्ति गर्नुपर्छ ।
- सर्वहारा वर्ग श्रमजीवी शोषित उत्पीडित जनताको हित रक्षा गर्ने राज्यसत्ता निर्माण गरिनु पर्छ ।
- व्यक्तिगत नीजि स्वामित्व उन्मूलन, सामुहिक स्वामित्व स्थापना र विकास तिर उन्मुख हुँदै अघि बढ्नु पर्छ ।
- योग्यता अनुसारको काम, काम अनुसारको दाम समाजवादी वितरण प्रणाली लागु गर्ने सत्ता हुनुपर्छ ।
- योजनावद्ध आर्थिक सामाजिक विकासको योजना निर्माण गरिनुपर्छ ।
- गाउँ शहर वीच, अविकसित, विकसित क्षेत्र वीचको अन्तर छुट्याउन योजनावद्ध ढंगले लाग्ने प्रतिवद्धता हुनुपर्छ ।
- व्यक्तिको स्वतन्त्रता र प्रगति समष्टिको स्वतन्त्रता र प्रगतिको शर्त हुनु पर्छ । यसै शर्तमा प्रतिस्प्रर्धा र स्वतन्त्रता कायम गरिन्छ र गरिनेछ ।
- आ आफ्नो देशको विशेषता - विशिष्टताहरू समेटेर समाजवादी कार्यक्रम वनाउनु पर्छ ।
- विश्वका सर्वहारा - मजदूर आन्दोलन, कम्युनिष्ट र समाजवादी आन्दोलनसँग एक्यवद्धतामा जोड दिइरहनु पर्छ ।
- समाजवादको अधिकतम कार्यक्रम सामयवाद प्राप्तिको लागि वर्ग विहिन राज्य विहिन शोषण उत्पीडन विहिन मानव समाजको स्थापना तिर उन्मुख हुनु पर्दछ ।
- प्रकृति, मान्छे र पृथ्वी रक्षा सुरक्षा सन्तुलन । अन्तरिक्ष ब्रह्माण्डलाई मानव हितमा प्रयोग गर्दा अन्तरिक्ष - पृथ्वी प्राकृति वीचको सन्तुलनमा ध्यान दिनुपर्छ ।
- जैविक, आणविक युद्ध होइन विश्वमा शान्ति, समृद्धि कायम

गरिनुपर्छ ।

कात्पनिक समाजवाद - संक्षिप्त विवेचना :

निजि सम्पत्ति र समाजमा रहेका शोषण उत्पीडन असमानता आदिबाट मुक्त हुन जर्मनका थामस मोर (सन् १४७८ - १५३५) इटालिका काम्पानो रुला (१५६८-१६१९) फ्रान्सका सेन्ट सइमन (१७६०-१८२५) र चाल्स फूरिय (१७७२१८३८) साथै रोवर्ट ओवेन (१७७१-१८५८) हरूले मानवीयतामा आधारित काल्पनिक समाजवादीहरूले समाजवाद प्रयोगमा ल्याइएको थियो तर सफल हुनसकेन । द्वन्द्वात्मक भौतिकवादी ढंगले इतिहासको भौतिकवादी विश्लेषण र वर्गहरू वीचको अन्तरविरोधलाई राम्ररी वुभ्न्न सकेका थिएनन् । उनीहरूको मानवतावादी सकारात्मक सोंचहरूलाई मार्क्स एंगेल्सले वैज्ञानिक समाजवाद भित्र समेटेका छन् ।

३.२.३. वैज्ञानिक समाजवाद - सामयवादको लागि विश्वको कम्युनिष्ट एवं समाजवादी आन्दोलन : सन् १८४७ मा कार्लमार्क्स र फ्रेडेरिक एंगेल्सलाई कम्युनिष्ट लिंगले 'कम्युनिष्ट घोषणापत्र' तयार पार्ने जिम्मा दिएको थियो । त्यो जिम्मा पूरा गरि १८४८ मा कम्युनिष्ट घोषणापत्र प्रकासित भएको थियो । आज १५५ वर्ष वितिसकेका छन् । विश्वमा आजपनि समाजवाद-साम्यवादका लागि आन्दोलन जारी छ । कम्युनिष्ट आन्दोलन जारी छ ।

मार्क्सवादलाई सन् १९१४ मा लेनिनले अरु विकास गर्नुभयो । पूँजीवाद' को चरम अवस्था साम्राज्यवाद' हो भन्नु हुँदै कसरी एकाधिकार पूँजीवाद - साम्राज्यवादमा परिणत भएको तथ्य सत्य विश्व सामू राख्नु भयो । साम्राज्यवाद र सर्वहारा समाजवादी क्रान्तिको युगको मार्क्सवाद नै लेनिनवाद हो ।

सन् १८७१ मा पेरिस कम्युन खडा गरेर पहिलो सर्वहारा सत्ता भनेतापनि त्यो ७१ दिन पछि समाप्त भयो । त्यहाँ मजदूरहरूले वहादुरी पूर्ण ढंगले लडे तर क्रान्ति गर्ने परिस्थिति पाकि सकेको थिएन । असफल भए ।

सन् १९१७ अक्टुवरमा साम्राज्यवादको कम्जोर कडीमा सर्वहारा श्रमजीवी - मजदूर किसान, आमजनताले मिलेर अक्टुवर क्रान्ति सफल पारे रुसमा सर्वहारा वर्गको भ्कण्डा गाडियो । समाजवाद खडा गरियो । सोभियत संघ सोभियत समाजवाद विकसित भयो । सोभियत संघको सहयोगमा पूर्वी युरोपको पूर्वी जर्मन, हँगेरी, पोलैण्ड, वुल्गेरिया, चेकोस्लाभिया र युगोस्लाभियामा समाजवाद देखा पर्यो । त्यस्तै अलवानिया र रुमानियामा पनि समाजवाद देखापरेको थियो । चीनमा १९४९ अक्टुवर क्रान्तिद्धारा जनवादी समाजवाद कम्युनिष्ट पार्टीको नेतृत्वमा खडा भयो । भियतनाम, उत्तर कोरिया, लावस र क्युवामा पनि विशौं शताव्दीको मध्यमा त्यहाको कम्युनिष्टहरू र श्रमिक पार्टीहरूको नेतृत्वमा जनवादी समाजवाद खडा गरियो । सोभियत मोडेलेको समाजवाद - पूर्वी युरोपको समाजवाद आफ्नो आन्तरिक कम्जोरी गल्तीहरू र साम्राज्यवादी हस्तक्षेप र षड्यन्त्रको कारण असफल भएको छ । यसबाट समाजवादी आन्दोलन कम्युनिष्ट आन्दोलनले गम्भीर शिक्षा लिनु पर्दछ ।

नेपालमा सन् १९४९ मा कमरेड पुष्पलालको पहल र नेतृत्वमा कम्युनिष्ट पार्टीको स्थापना भएको ५७ वर्ष वितिसकेका छन् । कमरेड पुष्पलालको समाजवाद उन्मूख नयाँ जनवादी कार्यक्रमः सामन्त्वाद र साम्राज्यवाद विरोधी कार्यक्रम हो । यस कार्यक्रमको विकसित रुप नेपाली क्रान्तिको कार्यक्रम जनताको बहुदलीय जनवाद - सामन्तवाद र साम्राज्यवाद विरोधी जनवादी कार्यक्रम लिएर, मार्क्सवाद-लेनिनवादलाई पार्टीको मार्गदर्शक सिद्धान्तको रुपमा स्वीकारेर, हसियाँ हथौडा अंकित रातो भ्कण्डा लिएर हामी अघी वढ्दै छौं ।

महान सर्वहारा समाजवादी क्रान्ति - जिन्दावाद साम्राज्यवाद - मूर्दावाद ।

**सन्दर्भ सामाग्रीहरू :**


१. प्राचिन विश्व इतिहासका परिचय (हिन्दी) - प्रगति प्रकाशन मास्को

२. विश्वका संक्षिप्त इतिहास (हिन्दी) - प्रगति प्रकाशन मास्को

३. कम्युनिष्ट घोषणापत्र - कार्लमार्क्स फ्रेडेरिक एंगेल्स (हिन्दी)

४. परिवार, नीजि सम्पत्ती र राज्य उत्पत्ती - फ्रेडेरिक एंगेल्स

५. विश्वका प्रसिद्ध मजदूर आन्दोदनहरू - कमरेड रोहित

६. अतिरिक्त मूल्यको सिद्धान्त - मार्क्सको आर्थिक सिद्धान्तको आधारशिला - कृष्णदास श्रेष्ठ

७. पूँजी भाग १,२,३ (हिन्दी) - कार्लमार्क्स

८. का. मार्क्स, फ्रे. एंगेल्स संकलित रचनाहरू तीन खण्डमा - खण्ड १, भाग १ हिन्दी) खण्ड २, भाग १ (हिन्दी)

९. का. मार्क्स, फ्रे. एंगेल्स संकलित रचनाहरू

१०. द्वन्द्ववाद र द्वन्द्वात्मक प्रवर्गहरू बारे- कृष्णदास श्रेष्ठ

११. दर्शन शास्त्रको प्रारम्भिक ज्ञान - भिक्टर आफानासथेभ

१२. Fundamental of Dialectics – YU .A . Kharin

१४.ड्यूरक मत खण्डन- एंगेल्स

१४.अन्तरविरोध बारे - माओ त्सेतुङ्ग

१५.मार्क्सवादको आधारभूत सिद्धान्त - गोपीरमण उपाध्याय

१६. द्वन्द्वात्मक भौतिकवाद - मारिस कोनफोर्ड (खण्ड -१) - (हिन्दी)

१७. साम्राज्यवाद-पूँजीवादको चरम अवस्था भ्ला इ. लेनिन संकलित रचना भाग ३ (नेपाली) प्रकाशन १९८१